# मन्त्रालयगत प्रगति विवरण

## (आर्थिक वर्ष २०७९/८० को यथार्थ र आर्थिक वर्ष २०८०/८१ को चैतसम्मको विवरण)

नेपाल सरकार

## अर्थ मन्त्रालय

२०८१, जेठ

*www.mof.gov.np*

# प्राक्कथन

नेपालको संविधानको धारा ११९(२) बमोजिम प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठक समक्ष प्रस्तुत गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको रकम र त्यस्तो खर्चअनुसारको लक्ष्य हासिल भयो वा भएन, त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने व्यवस्था रहेको छ। सोही बमोजिम आर्थिक वर्ष २०७९/८० मा विनियोजित बजेट र सोको उपलब्धि तथा आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित बजेट र वि.सं.२०८० चैत मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति समेटेर **"मन्त्रालयगत प्रगति विवरण, २०८१"** तयार गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य एवम् प्राथमिकताबमोजिम क्षेत्रगत कार्यक्रम र बजेट विनियोजन गरिएको थियो। सम्बन्धित मन्त्रालय तथा निकायबाट वार्षिक कार्ययोजना बनाई तयार गर्दा आवधिक रूपमा हासिल गर्नुपर्ने नतिजा सूचकहरू, सञ्चालन गर्ने क्रियाकलाप र सोसँग सम्बन्धित प्रक्रियागत र नतिजामूलक माइलस्टोन निर्धारण गर्ने गरिएको छ।

विश्व आर्थिक परिदृश्यका साथै, कतिपय आन्तरिक कारणले गर्दा आर्थिक गतिविधिमा शिथिलता आई लक्ष्यअनुरूप राजस्व परिचालन हुन सकेको छैन। साथै, उत्पादन, व्यापार र निर्माण क्षेत्रमा सुस्तता आएकोले लक्ष्यअनुरूप आर्थिक वृद्धि हासिल हुन कठिन देखिएको छ। चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा गत वर्षको सोही अवधिको तुलनामा कुल खर्च वृद्धि भए तापनि लक्ष्यअनुसार पुँजीगत खर्च हुन सकेको छैन। आर्थिक वर्षको बाँकी अवधिमा सरकारी वित्त संरचनामा सुधार गर्दै बजेट कार्यान्वयनलाई तीब्रता दिइएको छ।

प्रस्तुत प्रगति विवरणबाट मन्त्रालयहरूको बजेट तथा खर्चको अवस्था एवम् सम्पादित महत्त्वपूर्ण कार्यहरूको सम्बन्धमा यथार्थ उपलब्धिको जानकारी प्राप्त हुने अपेक्षा गरेको छु। प्रस्तुत प्रगति विवरण सरकारको बजेट तथा खर्च व्यवस्थापनका बारेमा जानकारी हासिल गर्न र आगामी दिनमा सुधारको मार्गचित्र कोर्न चाहने सम्बन्धित क्षेत्रका विज्ञ एवं सरोकारवाला सबैलाई उपयोगी हुनेमा विश्वस्त छु। अन्त्यमा, यो विवरण तयार गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**वर्षमान पुन 'अनन्त'**
**अर्थ मन्त्री**

२०८१, जेठ

# प्रगति विवरणको सम्बन्धमा

प्रस्तुत “मन्त्रालयगत प्रगति विवरण” पुस्तिकामा नेपाल सरकारका सबै मन्त्रालयको संक्षिप्त परिचय, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिको साथै आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च र प्रगति एवं चालु आर्थिक वर्षको बजेट र चैत मसान्तसम्मको खर्च विवरण समावेश गरिएको छ। चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख भएबमोजिम सबै मन्त्रालयहरुसँग सम्बन्धित नीति तथा कार्यक्रमको सम्बन्धमा वि.सं. २०८० चैत मसान्तसम्मको वित्तीय र भौतिक प्रगति विवरण समावेश गरिएको छ। सम्बन्धित मन्त्रालयबाट सो अवधिमा सम्पादन भएका महत्त्वपूर्ण कार्य समेत संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत पुस्तिकामा आर्थिक ऐन, २०८० को दफा १८ बमोजिम चैत मसान्तसम्म प्रदान गरिएको राजस्व छुटको विवरण, आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारलाई प्राप्त भएको वैदेशिक सहायता र चालु आर्थिक वर्ष २०८०/८१ को चैतसम्म नेपाल सरकारलाई प्राप्त वैदेशिक सहायताको आयोजनागत प्रतिवद्धता विवरण समेत समावेश गरिएको छ।

प्रस्तुत पुस्तिका सम्बन्धित मन्त्रालयले उपलब्ध गराएका तथ्याङ्क, सूचना एवं प्रगति विवरण, महालेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापनसम्बन्धी सूचना प्रणालीमा आधारित तथ्याङ्क समेतका आधारमा तयार गरिएको छ।

**अर्थ मन्त्रालय**

# विषय-सूची


| क्र.सं. | मन्त्रालयको नाम | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| २. | अर्थ मन्त्रालय | २६ |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६४ |
| ४. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ८७ |
| ५. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ११८ |
| ६. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १२९ |
| ७. | खानेपानी मन्त्रालय | १६४ |
| ८. | गृह मन्त्रालय | १७८ |
| ९. | परराष्ट्र मन्त्रालय | २०१ |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २२५ |
| ११. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २४२ |
| १२. | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | २६७ |
| १३. | युवा तथा खेलकूद मन्त्रालय | २९० |
| १४. | रक्षा मन्त्रालय | ३०२ |
| १५. | वन तथा वातावरण मन्त्रालय | ३२२ |
| १६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ३३५ |
| १७. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३५७ |
| १८. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३७६ |
| १९. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ३९३ |
| २०. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४०९ |
| २१. | शहरी विकास मन्त्रालय | ४२४ |
| २२. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ४५० |
| अनुसूचीहरू | | |
| १. वैदेशिक सहायता प्राप्तिको विवरण | | |
| २. वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताको विवरण | | |
| ३. आर्थिक ऐन, २०८० को दफा १८ बमोजिम आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा दिइएको राजस्व छुटको विवरण। | | |

# संवैधानिक निकाय/मन्त्रालयगत व्यय विवरण

(रू.हजारमा)

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७९/८० | | आर्थिक वर्ष २०८०/८१ | |
|---|---|---|---|---|---|
| | | खुद बजेट | खर्च | खुद बजेट | खर्च |
| १०१ | राष्ट्रपति | १५४१०० | १३५७२६ | १५१७४९ | १००००२ |
| १०२ | उपराष्ट्रपति | ४८२०० | ४०७४५ | ५०४०० | ३१३६५ |
| १०३ | प्रदेश प्रमुखहरु | २१३१९५ | १५९९४५ | २११८४० | ११५१३० |
| २०२ | संघीय संसद | १२०११६८ | ११३०३०० | १२८६३९५ | ८०७३४८ |
| २०४ | अदालत | ७४२८४८४ | ६८६३१९९ | ७६८१४३१ | ४७८०८११ |
| २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १४११९७४ | १२०९०३२ | १५३०१०० | ८६४८०६ |
| २०८ | महालेखा परीक्षकको कार्यालय | ६०८८२७ | ५२१२६९ | ६३८४५४ | ३९७१७३ |
| २१० | लोक सेवा आयोग | ९८२१४४ | ८९७८५१ | १०००७६७ | ७०४४१८ |
| २१२ | निर्वाचन आयोग | ८९८४७६२ | ७२८१२५७ | ७४८५१९ | ३३६६९५ |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २५८४०० | २१४७९५ | २९६८१४ | १५७१०९ |
| २१८ | न्याय परिषद् | ५१२८१ | ४७९७३ | ५१९०० | ३२३९६ |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ९१५०० | ६१६१० | ९३००० | ३९८४९ |
| २२२ | राष्ट्रिय महिला आयोग | ९९४०० | ७२६०७ | ९३५५९ | ४२००७ |
| २२४ | राष्ट्रिय दलित आयोग | ३४५१७ | ३२७०३ | ३४२०० | २४०८५ |
| २२६ | राष्ट्रिय समावेशी आयोग | ३२४५१ | ३०९०७ | ३३००० | २१५८३ |
| २२८ | आदिवासी जनजाति आयोग | ३४०७८ | २८२१९ | ३४२०० | २२६२० |
| २३० | मधेशी आयोग | ३६७७९ | ३४७३० | ३५५५० | २३८६६ |
| २३२ | थारू आयोग | ४३९०० | ३७२४० | ४४००७ | २६३३२ |
| २३४ | मुस्लिम आयोग | ४०७६१ | २७६४० | ४२३०० | १६५३६ |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४८६१३९३ | ३९३४३७३ | ५६२२५६० | २९१४८६८ |
| ३०५ | अर्थ मन्त्रालय | ३५१९०२९३ | १२४७९९०१ | ३३६९९८४० | ५९३१८६० |
| ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १०५०४४६९ | ४८३४७०३ | ८११८६०९ | २९१४३५७ |
| ३०८ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ४१९६५६२९ | ३२९४९५८८ | ३१६०२००१ | १५८३६२२८ |
| ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५६०६७९ | २९९६२९ | ७७९३२७ | २२१४४५ |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५४९९८७२८ | ४५२२१७६३ | ५०२९११२८ | २४१७४७८७ |
| ३१३ | खानेपानी मन्त्रालय | २२२५३३३३ | १६४८८७७४ | १३४४८६१३ | ४०४९९१६ |
| ३१४ | गृह मन्त्रालय | २११४४६४४६ | २०४७७७७२४ | १९९७४५३२८ | १२९०७४०७५ |

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७९/८० | | आर्थिक वर्ष २०८०/८१ | |
|---|---|---|---|---|---|
| | | खुद बजेट | खर्च | खुद बजेट | खर्च |
| ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६९२६७९५ | ४९८७१२७ | ५३२२६०० | २१४०८५६ |
| ३२६ | परराष्ट्र मन्त्रालय | ६७१०७७१ | ५७०३२७४ | ७११३३६१ | ५८१७५१५ |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | १३०८९५६३ | १०४५६२९५ | १२०९९२१२ | ५७५२३६६ |
| ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७१६५८१६ | ५४९८१४९ | ७१५१७०३ | ३८३४९२२ |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १६८८७६८२२ | ११२२५६४४७ | १३५७७२८०९ | ५४२६७११५ |
| ३४० | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १३०८७५२ | ४७४२३१ | १५७६२०० | ३१८३८० |
| ३४३ | युवा तथा खेलकूद मन्त्रालय | ३०५८२०२ | १९२५३०७ | २२९२८८० | १०६७७६४ |
| ३४५ | रक्षा मन्त्रालय | ६१८३३७९७ | ६१०२६४२९ | ५८८४४६०० | ४१८४९८६६ |
| ३४७ | शहरी विकास मन्त्रालय | ५९९७६९७५ | ३५०२२२३४ | ४६४५७६०९ | १३१४८९०४ |
| ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ६५२३०४८८ | ५२८६९५४४ | ६२७८३६३२ | ३९००५९७७ |
| ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ८७५९७४१ | ६५७६१६४ | ८७०६७०० | ३१५७९१६ |
| ३६५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९१६०६४० | ३२३९९३६ | ५८८४२७६ | १४९४५६१ |
| ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ६४५१२६५४ | ३९७१५२९४ | ४८५५०४९३ | १७६३७९१८ |
| ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १९६२६८२ | १११७१८८ | १८६७७५५ | ५७७७०५ |
| ३९१ | राष्ट्रिय योजना आयोग | १०२३३५८ | ७३६४७८ | २३३९०० | १०५६६० |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ९०१७७६७३ | ४५४८२७४२ | ८२८७१९७२ | १५८४७७१५ |
| ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | १८३८१२६८६ | १७९७२५३७९ | २७५७८७४०० | १७५६२८२६० |
| ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ४११४७००० | ३५३२४१९५ | ४१२७०५०० | २५१८५३९७ |
| ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ११७८५५०० | ७६९२७०४ | १३५०२८०० | ८१५८६०४ |
| ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | १११८४०६६७ | ७३९३२६४५ | १०२३७२४३७ | ५४०६०३२३ |
| ६०२ | अर्थ मन्त्रालय- विविध | २८१०१८७३ | ३९०६७१ | ७१९००८१८ | १२००३४ |
| ७०१ | प्रदेश | ११८१५१२३९ | ९९६६४२५२ | १०५१९३०४३ | ५२९४९२६२ |
| ८०१ | स्थानीय तह | ३२५६८६७१६ | २९७६९६०६७ | २९६३८९८०८ | १९३९१२७५६ |
| | **जम्मा** | **१७९३८३७३००** | **१४२१३२६९५३** | **१७५१३१२१००** | **९०९७०१४४०** |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

प्रधानमन्त्री कार्यालय मुलुकको सर्वोच्च प्रशासनिक निकायको रूपमा रहेको छ। समग्र सार्वजनिक नीति तर्जुमाको संयोजन तथा नीति कार्यान्वयनको अनुगमनसम्बन्धी कार्य गर्दछ। नेपाल सरकारको नीति निर्धारण गर्ने, कार्यान्वयन गर्ने गराउने, राष्ट्र सञ्चालनसम्बन्धी दीर्घकालीन सोच निर्धारण गर्ने र तदानुरूप राष्ट्रिय लक्ष्य तय गरी सोको प्राप्तिका लागि योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यको नेतृत्व यस कार्यालयले गर्दछ। नीति तथा रणनीतिको तर्जुमा, कार्यान्वयन गर्ने गराउने, नेपाल सरकारका मन्त्रालय एवं निकायहरूबाट सम्पादन हुने कार्यको सहजीकरण, निरीक्षण, समन्वय, अनगुमन तथा मूल्याङ्कनको कार्य समेत यस कार्यालयले गर्दछ। संघीय राज्य प्रणालीमा अन्तर सरकार सम्बन्ध व्यवस्थापन, समन्वय र सहकार्य कायम गरी देशको समग्र राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक तथा शान्ति सुव्यवस्थाको लागि नेतृत्वदायी भूमिकाको निर्वाह समेत यसै कार्यालयबाट हुन्छ।

### १.२ दीर्घकालीन सोचः

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई नेपाल सरकारको नेतृत्वदायी निकायको रूपमा क्रियाशील गराई समग्र शासकीय नेतृत्व व्यवस्थापनको केन्द्रका रूपमा स्थापित गर्ने।

### १.३ उद्देश्यः

नेपाल सरकारको समग्र शासकीय व्यवस्थापनको नेतृत्वदायी निकायको रूपमा क्रियाशील रही सरकार सञ्चालनका आधारभूत कार्यसम्पादनमा क्रियाशील रहनु यस कार्यालयको मुख्य उद्देश्य रहेको छ। यस कार्यालयका अन्य उद्देश्यहरू निम्नानुसार छन्:

- प्रशासन संयन्त्रलाई विश्वसनीय, परिणाममुखी, जनउत्तरदायी र सक्षम बनाउनु,
- सार्वजनिक नीति तथा योजना कार्यान्वयनलाई नतिजामूलक बनाउनु,
- सार्वजनिक सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउनु,
- मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु,
- मन्त्रालय तथा निकायहरूको रेखदेख, नियन्त्रण तथा निरीक्षण गर्नु,
- विद्युतीय सुशासनलाई बढावा दिनु,
- विकास निर्माण कार्यलाई पारदर्शी तथा जनमैत्री बनाउनु,

- शून्य सहनशीलता मार्फत भ्रष्टाचार निवारण गरी सदाचार पद्धतिलाई प्रोत्साहन गर्नु।

### १.४ रणनीतिः

- कार्यसम्पादन सूचक मार्फत नतिजामूलक व्यवस्थापन पद्धति लागू गर्ने,
- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- मानव अधिकारको सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्ने,
- भौतिक पूर्वाधार विकासमा समन्वय एवं सुधार गर्ने,
- विद्युतीय शासन प्रणालीको विकास एवं विस्तार गर्ने,
- सुशासनको प्रवर्द्धनका लागि नेतृत्वदायी र प्रेरणादायी निकायको रूपमा स्थापित गर्ने,
- संघ, प्रदेश र स्थानीय सरकारको बीचमा सहकार्य, समन्वय एवं सहजीकरण गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १७२ | १७२ | - | ५६ |
| २ | महान्यायाधिवक्ताको कार्यालय | १५८ | १४४ | १४ | - |
| ३ | विशेष सरकारी वकील कार्यालय | ३९ | ३८ | १ | - |
| ४ | उच्च सरकारी वकील कार्यालयहरू | ३६३ | ३४१ | २२ | - |
| ५ | जिल्ला सरकारी वकील कार्यालयहरू | ९४४ | ८८७ | ५७ | - |
| ६ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ४६ | ४२ | ४ | - |
| ७ | नेपाल ट्रष्टको कार्यालय | ६८ | ३४ | ३४ | - |
| ८ | राष्ट्रिय सतर्कता केन्द्र | १४७ | १२१ | २६ | - |
| ९ | राजस्व अनुसन्धान विभाग र इकाइ कार्यालयहरू | १४५ | १३२ | १३ | - |
| १० | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ६८ | ५५ | १३ | ३ |
| ११ | राष्ट्रिय अनुसन्धान विभाग | २२६५ | १८३५ | ४३० | - |
| १२ | लगानी बोर्डको कार्यालय | ३० | २९ | १ | - |
| १३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | १२९ | १०७ | २२ | १ |
| १४ | तथ्याङ्क समन्वय कार्यालयहरू | २८५ | २१७ | ६८ | ८१ |
| १५ | नीति अनुसन्धान प्रतिष्ठान | ३५ | २३ | १२ | - |
| १६ | विद्युतीय सुशासन आयोग | १३ | ५ | ८ | - |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३९ | खरिद प्रक्रियामा देखिएका समस्या समाधान गरी सार्वजनिक खरिदलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन ऐन र नियमावलीमा आवश्यक परिमार्जन गरिनेछ। | • सार्वजनिक खरिद ऐन संशोधनको मस्यौदा तयार गरी मन्त्रिपरिषद्को विधेयक समितिमा पठाइएको।<br>• विद्युतीय खरिदप्रणाली सञ्चालन निर्देशिका, २०८० जारी भई २०८० श्रावण १ गतेदेखि कार्यान्वयमा आएको।<br>• विद्युतीय खरिद प्रणाली सञ्चालन तथा स्तरोन्नतिको कार्य भइरहेको।<br>• सार्वजनिक खरिद नियमावलीमा संशोधन भएको। |
| ४२ | निर्माण व्यवसायीलाई सक्षम, पारदर्शी र व्यवस्थित बनाइनेछ। निर्माण व्यवसायीले मुलुकभर लिएको ठेक्का सम्झौताको विवरण र कार्य प्रगतिको आवधिक विवरण एकीकृत रूपमा प्राप्त हुने गरी सूचना प्रणाली विकास गरिनेछ। यस प्रणालीको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले ठेक्का सम्झौताको प्रगति अनुगमन गर्नेछ। अनुगमनबाट गम्भिर प्रकृतिका लापरवाही देखिएमा सम्बन्धित आयोजनाले पेश गरेको प्रतिवेदन समेतका आधारमा निर्माण व्यवसायीको इजाजतपत्र रद्दसम्मका कारवाही गर्न सकिने गरी कानूनी व्यवस्था गरिनेछ। | • नेपाल निर्माण व्यवसायी महासंघसँगको सहकार्यमा बोलपत्रदाताहरूको सार्वजनिक खरिदसम्बन्धी क्षमता विकासका लागि ४ वटा जिल्लास्तरीय तालीम कार्यक्रम सञ्चालन गरिएको।<br>• विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० मा खरिद सम्झौताको चरणसम्मको खरिद कार्य विद्युतीय खरिद प्रणाली मार्फत गर्नुपर्ने व्यवस्था अनिवार्य गरिएको।<br>• विभिन्न सार्वजनिक निकायबाट सिफारिश भई आएबमोजिम १४९ वटा बोलपत्रदाता/प्रस्तावदाताहरूलाई कालो सूचीमा राखिएको। |
| ४६ | आयोजनाको अनुगमन प्रणालीमा सुधार गरी नतिजामा आधारित बनाइनेछ। एक अर्ब रुपैया भन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजनाको कार्यान्वयनको प्रभावकारिता | • आयोजनाको भौतिक प्रगतिको आधारमा नतिजामूलक अनुगमन गर्न सकिने गरी एकीकृत अनुगमन सूचना प्रणालीको विकास गरी कार्यान्वयनमा आएको। उक्त प्रणालीमा आयोजना अनुगमनसँग सम्बन्धित |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अभिवृद्धि गर्न राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयको पदाधिकारी रहेको अनुगमन समिति बनाइनेछ। अनुगमन समितिले दिएको सुझाव तथा मार्गदर्शनलाई एकीकृत अनुगमन सूचना प्रणालीमा आवद्ध गरी कार्यान्वयनको अनुगमन गरिनेछ। | विभिन्न सूचनाहरूको अभिलेखीकरण हुने गरी अनुगमन शुरू गरिएको।<br>• नतिजामा आधारित रही मन्त्रालयहरूको त्रैमासिक समीक्षा गर्ने गरिएको।<br>• कार्यालयको Action Room बाट ठूला आयोजनाको अनुगमन गर्ने गरिएको। |
| ५० | सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आर्थिक वर्ष नयाँ संरचना र दरबन्दी सिर्जना गरिने छैन। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरवन्दीको पुनरावलोकन गरी छरितो बनाइनेछ। सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिनाभित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्नेछ। | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विद्युतीय सुशासन आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको।<br>• सरकारी सेवामा साविकको दरबन्दी घटाउने गरी दरबन्दी पुनरावलोकनको कार्य शुरूवात भएको र नयाँ दरवन्दी सिर्जना नगरिएको। |
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका सामानहरू छ महिनाभित्र लिलाम गरिनेछ। | • कार्यालयमा रहेका पुराना र प्रयोग विहिन जिन्सी सामानहरूको लागत अद्यावधिक गरी लिलाम विक्रीको प्रक्रिया शुरूवात भएको। |
| ७८ | तेस्रो लगानी सम्मेलन २०८०/८१ आयोजना गर्ने। | • मिति २०८१ वैशाख १६ र १७ मा तेस्रो लगानी सम्मेलन सम्पन्न गर्न तयारी अन्तिम चरणमा रहेको। |
| ४०३ | संघ, प्रदेश र स्थानीय तहमा नीति तथा योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका लागि तथ्याङ्कको उपयोग बढाइने। तथ्याङ्कीय क्रियाकलापमा अन्तर तह र निकायगत समन्वय कायम गरी राष्ट्रिय तथ्याङ्क सूचना प्रणाली विकास गरिने। | • तथ्याङ्क ऐन, २०७९ को नियमावली स्वीकृत भएको। यसको कार्यान्वयनबाट संघ, प्रदेश र स्थानीय तहमा तथ्याङ्कीय क्रियाकलापमा अन्तर तह समन्वय कायम गर्न सहयोग पुग्ने।<br>• तथ्याङ्क ऐन, २०७९ बमोजिम साविकको केन्द्रीय तथ्याङ्क विभागलाई राष्ट्रिय तथ्याङ्क |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | कार्यालको रूपमा पुनर्संरचना गरिएको र जिल्लास्थित ३३ तथ्याङ्क कार्यालय खारेज भई १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरू कायम भएको।<br>• प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूलाई लक्षित गरी तथ्याङ्कीय क्षमता अभिवृद्धि कार्यक्रम, जनसंख्या साक्षरता, कृषि साक्षरता र तथ्याङ्कीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको।<br>• ४०० स्थानीय तहहरू र ४ ओटा मन्त्रालयहरूको तथ्याङ्क National Data Profile मा प्रविष्ट गरिएको।<br>• संघ, प्रदेश र स्थानीय तह राष्ट्रिय तथ्याङ्कको एकीकृत अभिलेख प्रणालीसम्बन्धी अध्ययन गरी प्रतिवेदन राष्ट्रिय समन्वय परिषद्मा पेश गरिएको। |
| ४२१ | आर्थिक तथा वित्तीय प्रणालीको स्थायीत्व र स्वच्छताको लागि सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ। | • सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०७६-२०८१ कार्यान्वयन भएको तथा तेस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) तर्जुमा गर्ने कार्य अन्तिम चरणमा रहेको।<br>• नेपाल सरकारको समन्वय र एशिया प्यासिफिक ग्रुप अन मनि लाउण्डरिङ्ग (APG) बाट खटिएका मूल्याङ्कनकर्ताहरूको पृष्ठपोषण र विश्लेषणका आधारमा तयार भएको "Nepal Mutual Evaluation Report, September 2023" मिति ८ सेप्टेम्बर २०२३ मा प्रकाशनमा आएको। |
| ४२७ | संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहजीकरणका लागि अन्तर-प्रदेश परिषद्, प्रदेश समन्वय परिषद्, अन्तर- | • सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा मिति २०८०/१०/२४ मा राष्ट्रिय समन्वय परिषद्को बैठक सम्पन्न भएको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सरकारी वित्त परिषद् र विषयगत समितिलाई सक्रिय र प्रभावकारी बनाइनेछ। | |
| ४३८ | संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तथा व्यवस्थित गरिनेछ। | • प्रशासनिक समन्वय परिषद्को एउटा बैठक सम्पन्न भएको।<br>• संघ र प्रदेशका सचिवहरूको संयुक्त बैठक, प्रशासनिक अन्तरसम्बन्ध सुदृढीकरणको लागि नियमित बैठक, छलफल र अन्तरक्रिया सम्पन्न भएको। |
| ४४० | कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिन नेपाल सरकारका सबै संघीय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइनेछ। सार्वजनिक सेवा बापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क क्यू आर कोड लगायतका विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्न सक्ने व्यवस्था मिलाइनेछ। | • एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा रहेको।<br>• राजस्व व्यवस्थापन सूचना प्रणाली र विद्युतीय भुक्तानी प्रणालीहरूबीच अन्तरआवद्धताको शुरूवात भएको। |
| ४४८ | राजस्व चुहावट नियन्त्रणका लागि आवश्यक कानूनी सुधार गर्दै जिम्मेवार निकायबीच प्रभावकारी समन्वय कायम गरी सबै प्रकारका ठगी, छली एवं चुहावट नियन्त्रण अभियानलाई सशक्त बनाउने। | • राजस्व चुहावट नियन्त्रणसम्बन्धी जनचेतनालाई Internet based (अनलाइन/सामाजिक सञ्जाल) को प्रयोग गरी सचेतनात्मक/सन्देशमूलक सामग्री प्रसारण गर्ने कार्यको शुरूवात गरिएको।<br>• राजस्व चुहावट नियन्त्रण र अनुसन्धानलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरूसँग निरन्तर सम्पर्क, समन्वय, साझेदारी र सहकार्य गरी संयुक्त रूपमा कार्य प्रक्रिया अगाडि बढाइएको। |
| ४७५ | आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबीच अन्तरआवद्धता कायम गरी स्वचालित रूपमा सूचना आदानप्रदान हुने व्यवस्था मिलाई कराधार विस्तार तथा राजस्व | • राजस्व अनुसन्धान विभाग, भन्सार विभाग, आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धीकरण विभागबीच राजस्व चुहावट नियन्त्रण तथा प्रभावकारी अनुसन्धान गर्ने सन्दर्भमा विद्युतीय सूचना प्रणालीबीच अन्तर |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइने। | आवद्धता गर्न समन्वयकारी बैठकहरू गरिएको। <br>• सूचना व्यवस्थापन प्रणाली तथा विभागमा प्राप्त सूचनाको विश्लेषण गरी भन्सार कार्यालयहरूबाट जाँचपास भई छुटेका मालवस्तुहरूका सम्बन्धमा नियमित चेकजाँच गरी राजस्व चुहावटलाई नियन्त्रण गरिएको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा /संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन | कैफियत |
|---|---|---|---|
| १ | हेलो सरकार गुनासो व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८० | संशोधन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | विद्युतीय खरिद प्रणाली सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८० | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ३ | सार्वजनिक खरिद (तेह्रौं संशोधन) नियमावली, २०८० | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ४ | ठूला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८० | नयाँ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५ | नीति अनुसन्धान प्रतिष्ठान, कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन निर्देशिका, २०८० | नयाँ | नीति अनुसन्धान प्रतिष्ठान |
| ६ | सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९ | नयाँ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७ | तत्काल समस्या समाधान निर्देशिका, २०७९ | नयाँ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८ | परामर्श सेवा खरिद गर्ने कार्यविधि, २०८० | नयाँ | नीति अनुसन्धान |

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन | कैफियत |
|---|---|---|---|
| | | | प्रतिष्ठान |
| ९ | नीति अनुसन्धान कार्यमा विज्ञको परामर्श सेवा खरिद गर्दा भुक्तानी गरिने पारिश्रमिक दर तथा विज्ञ छनोटको कार्यविधि, २०८० | नयाँ | नीति अनुसन्धान प्रतिष्ठान |
| १० | तथ्याङ्क ऐन, २०७९ | नयाँ | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ११ | तथ्याङ्क नियमावली, २०८० | नयाँ | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| १२ | राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ | संशोधन | राष्ट्रिय सतर्कता केन्द्र |
| १३ | राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१ | संशोधन | राष्ट्रिय सतर्कता केन्द्र |
| १४ | राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ | संशोधन | राष्ट्रिय सतर्कता केन्द्र |
| १५ | Standard Bidding Document, Procurement of Goods, NCB, Single Stage Two Envelope Bidding Procedure (Procurement Requiring Bidder's Qualification) | नयाँ | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १६ | Standard Bidding Document, Procurement of Goods, ICB, Single Stage: Two Envelope Bidding Procedure | नयाँ | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १७ | Standard Bidding Document, Procurement of Works, NCB, Single Stage Two Envelope Bidding Procedure Procurement of Value above NRs.20 million. | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १८ | Standard Bidding Document, Procurement of Works, NCB, Without Qualification Requirement, [For the use in NCB works up to NRs.20 million] | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १९ | Standard Bidding Document, Procurement of Works, NCB, With Qualification Requirement, [For the use in NCB works up to NRs.20 million] | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| २० | Standard Bidding Document, Procurement of Goods, NCB, Single Stage Single Envelope Bidding Procedure ( Procurement Without Bidder's Qualification ) | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| २१ | Standard Bidding Document, Procurement of Works, ICB, Single Stage Two Envelope Bidding Procedure | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| २२ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत अल्पकालीन | नयाँ | सार्वजनिक खरिद |

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन | कैफियत |
|---|---|---|---|
| | तालीमको पाठ्यक्रम तथा प्रशिक्षण निर्देशिका, २०७९ | | अनुगमन कार्यालय |
| २३ | सार्वजनिक खरिद अनुगमन निर्देशिका, २०७९ | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### क. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- हेलो सरकार कक्षमा प्राप्त गुनासाहरूलाई अध्ययन तथा विश्लेषण गरी १३ हजार १०४ ओटा गुनासाहरू आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा पठाइएको। उक्त अवधिमा फछ्र्यौट गर्न उपयुक्त देखिएका जम्मा ६ हजार २९७ गुनासा फछ्र्यौट गरिएको।
- हेलो सरकार कक्षलाई २०८०/०५/१७ गते देखि २४ सैं घण्टा सञ्चालनमा ल्याइएको।
- संवैधानिक निकायका पदाधिकारी, महान्यायाधिवक्ता, राष्ट्रपति तथा उपराष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू र प्रदेश प्रमुखहरूको सम्पत्ति विवरणको अभिलेखीकरण गरिएको।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम मुख्य सचिवको नेतृत्वमा बसेका सचिव बैठकका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।
- विभिन्न मन्त्रालयसँगको सहकार्यमा सेवा प्रवाहसम्बन्धमा सुधारका कार्ययोजना निर्माण गरिएको।
- नेपालको संविधानको धारा ५३ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको।
- Anti money Laundering and Counter Terrorism Financing (AML/CFT) National Reporting System Software मा तथ्याङ्कीय विवरण प्रविष्टसम्बन्धी अभिमुखीकरण सम्पन्न भई तथ्याङ्क प्रविष्ट गर्ने कार्य भइरहेको।
- नेपाल सरकारको समन्वय र एशिया प्यासिफिक ग्रुप अन मनि लाउण्डरिङ्ग (APG) बाट खटिएका मूल्याङ्कनकर्ताहरूको पृष्ठपोषण र विश्लेषणका आधारमा तयार भएको “Nepal Mutual Evaluation Report, September 2023” प्रकाशनमा आएको।

- व्यवसायिक वातावरण प्रवर्द्धन समन्वय समिति र उद्योग वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्को बैठक तथा Doing Business सम्बन्धी अन्तर्क्रिया गरी प्रतिवेदन तयार गरिएको।
- वैदेशिक लगानी प्रतिवद्धता र प्राप्ति बीचको अन्तर न्यूनीकरणसम्बन्धी अध्ययन समितिको बैठक बसी अध्ययन प्रतिवेदन तयार गरी प्रतिवेदन पेश गरिएको।
- पूर्वाधार निर्माणका लागि वातावरणीय अध्ययन र वनक्षेत्र उपयोगको प्रकृयालाई सहजीकरण, लागत न्यूनीकरण र समय घटाउन गर्नुपर्ने नीतिगत सुधारसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरी पेश गरिएको।
- मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) कार्यान्वयन सम्बन्धमा विभिन्न बैठकहरू सम्पन्न भएका।
- राष्ट्रिय मानव अधिकार आयोगबाट यस आर्थिक वर्षमा हालसम्म मानव अधिकार सम्बन्धमा कार्यान्वयनका लागि सिफारिश भई आएका ५५ सिफारिशलाई कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय/निकायमा पठाइएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अध्ययन गर्न अनुगमन गरी प्रतिवेदन तयार गरिएको।
- आर्थिक वर्ष २०८०/८१ का लागि सम्माननीय प्रधानमन्त्री र माननीय मन्त्रीहरू तथा मुख्य सचिव र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरूबीच वार्षिक कार्यसम्पादन सम्झौता सम्पन्न भएको।
- मन्त्रालय/निकायहरूको मासिक "रिपोर्ट कार्ड" तयारी गरिएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त ५५ वटा निवेदनउपर सूचना उपलब्ध गराइएको।
- नेपालका लागि विभिन्न ३ वटा मित्रराष्ट्रहरूका आवासीय तथा १९ वटा मित्रराष्ट्रहरूका गैरआवसीय राजदूत नियुक्तिका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट सहमति (एग्रीमो) प्रदान भई सोको जानकारी राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयमा पठाइएको।
- सूचनाको हकसम्बन्धी विषयमा यस कार्यालयलाई विपक्षी बनाई राष्ट्रिय सूचना आयोगमा दर्ता भई प्राप्त हुन आएका ७ वटा रिट निवेदनको लिखित जवाफ तयार गरी आयोगमा पठाइएको।
- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार (मन्त्रिपरिषद्), मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला

अदालतहरूबाट म्याद प्राप्त हुन आएका २७५ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

- सम्मानित सर्वोच्च अदालतबाट मिति २०७९/११/२७ मा कोशीटप्पु वन्यजन्तु आरक्षको जग्गा सट्टाभर्ना सम्बन्धमा भएको परमादेश कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारले गर्नुपर्ने कार्यहरू उल्लेख गरी सम्मानित सर्वोच्च अदालतमा प्रतिवेदन पेस गरिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट Action Room मार्फत राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरूको अनुगमन गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विद्युतीय सुशासन आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण स्वीकृत भएको।
- एकीकृत सूचना व्यवस्थापन प्रणाली (GIOMS) २०८० साउन १ गतेदेखि लागू गरिएको।
- खाद्यान्न आपूर्तिको सहज व्यवस्थापन, डेगीं, लम्पी स्किन नियन्त्रण र प्रतिकार्यसम्बन्धी केन्द्रीय अनुगमन मूल्याङ्कन समितिका बैठकका निर्णयहरू कार्यान्वयन भएको।
- प्रशासनिक समन्वय परिषद्को पहिलो बैठक मिति २०८०/०४/१४ मा र राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठक मिति २०८०/१०/२४ मा सम्पन्न भएको।
- कार्यविस्तृतीकरण परिमार्जन सिफारिश समितिले परिमार्जित कार्यविस्तृतीकरणको प्रतिवेदन सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष समक्ष पेश गरेको।
- सातवटै प्रदेशहरूको प्रगति विवरणहरू संकलन गरी प्रदेश प्रोफाइलको मस्यौदा तयार भएको।
- विश्व बैंकको प्राविधिक सहयोगमा सञ्चालित प्रदेशस्तरीय लगानी वातावरण मूल्याङ्कन गर्न Provincial Investment Climate Assessment (PICA) अध्ययनको प्रारम्भिक प्रतिवेदनउपर संघ, प्रदेश र स्थानीय तहका प्रतिनिधिहरू तथा विकास साझेदारहरूसँग उच्चस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।
- उखु किसानले भोगेको विद्यमान समस्या सम्बन्धमा २०८०/०९/०१ मा सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बन्धित मन्त्रालयलाई निर्देशन दिइएको तथा सो विषयमा अध्ययन गर्न गठित समितिबाट सो सम्बन्धमा सिफारिश एवं सुझाव पेश गरिएको।

**ख. सार्वजनिक खरिद अनुगमन कार्यालय**

- नमूना बोलपत्र कागजात नेपालीकरणका लागि समिति गठन भई कार्य अगाडि बढेको।
- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको।

- सार्वजनिक खरिद सम्बन्धमा विभिन्न २१ वटा सार्वजनिक निकायको अनुगमन कार्य सम्पन्न गरिएको।
- सार्वजनिक निकायका खरिद कार्यमा संलग्न कर्मचारीहरू ५२ जनालाई सार्वजनिक खरिदसम्वन्धी आधारभूत तालीम, २१७ जनालाई विद्युतीय खरिद प्रणाली (eGP system) सम्बन्धी तालीम, ४० जनालाई निर्माण कार्य खरिदसम्बन्धी विशेष तालीम, ४० जनालाई परामर्श सेवा खरिदसम्बन्धी विशेष तालीम र ७४ जनालाई मालसामान खरिदसम्बन्धी विशेष तालीम प्रदान गरिएको।

**ग. नेपाल ट्रष्टको कार्यालय**

- "नेपाल ट्रष्टको स्वामित्वमा रहेका ऐतिहासिक एवं साँस्कृतिक महत्वका सम्पदा अवलोकन तथा सञ्चालन कार्यविधि, २०८०" को अधीनमा रही भरतपुर महानगरपालिका वडा नं. १ आँपटारीस्थित नेपाल ट्रष्टको स्वामित्वमा रहेको दियालो बङ्गला दरबार तथा परिसर संग्रहालयका रूपमा सर्वसाधारणलाई खुल्ला गरी सञ्चालन गर्ने सम्वन्धमा नेपाल ट्रष्टको कार्यालय र भरतपुर महानगरपालिका बीच मिति २०८०/१२/०९ मा सम्झौता गरिएको।
- नेपाल ट्रष्टको स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका, लाजिम्पाटस्थित श्रीनिवास भवन र सोले चर्चेको जग्गा लिज भाडामा नलाग्दासम्म अल्पकालीन रूपमा मिति २०८१ असार मसान्तसम्म प्रयोग गर्ने गरी कार्यालय प्रयोजनका लागि केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) लाई भाडामा दिने निर्णय भए अनुसार सम्झौता गरी भाडामा लगाइएको।
- कमलादीस्थित जग्गा स्थाई रुपमा उपयोगमा नलाग्दा सम्म काठमाडौं महानगरपालिकाले सवारीसाधन पार्किङ गर्ने गरी भाडामा दिने निर्णय भए अनुसार भाडामा लगाइएको।
- नेपाल ट्रष्ट अन्तर्गत विभिन्न स्थानमा रहेका जग्गा जमिन/भौतिक संरचना तथा ऐतिहासिक सम्पदाहरूको रेखदेख/स्याहार-सम्भार तथा आवश्यकताअनुसार अनुगमन/निरीक्षण कार्य गरिएको।
- बैंक ब्याज/लिजभाडा/भाडा, धितोपत्र लाभांस, प्रवेश शुल्क लगायतबाट रु. २१,०२,६६,०७३.४७ ट्रष्ट कोषमा आम्दानी गरिएको।

**घ. राष्ट्रिय सतर्कता केन्द्र**

- गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका २७० वटा र नयाँ दर्ता भएका १ हजार ९ वटा गरी कुल १ हजार २७९ वटा उजुरीमध्ये ६९७ वटा फछ्यौंट भएका छन्।
- १५६ वटा सरकारी कार्यालयहरूको अनुगमन गरी समय पालना तथा तोकिएको पोशाक नलगाउने १ हजार ७० जना कर्मचारीहरूलाई कारबाहीका लागि सम्बन्धित निकायमा

लेखी पठाइएको छ भने १५० वटा कार्यालयहरूको नागरिक वडापत्र कार्यान्वयन अवस्था अनुगमन गरिएको।

- ४४ वटा आयोजनाहरूको प्राविधिक परीक्षण भइसकेको तथा ३६ वटा आयोजनाहरूको प्राविधिक परीक्षण भइरहेको।
- संघीय, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरूमा कार्यरत सार्वजनिक पद धारण गरेका कर्मचारी एवं पदाधिकारीहरूले आर्थिक वर्ष २०७९/०८० को सम्पत्ति विवरण बुझाए/नबुझाएको प्रतिवेदन तयार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गर्नका लागि तयारी भइरहेको।

**ङ. लगानी बोर्ड नेपाल**

- हालसम्म नौ वटा जलविद्युत परियोजनाहरूको रु.२९८.०३ अर्ब लगानी स्वीकृत भएको।
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन तथा नियमावली संशोधन मस्यौदा लगानी बोर्डबाट स्वीकृत भई संशोधन प्रक्रियामा रहेको।
- लगानी प्रवर्द्धन तथा तेश्रो लगानी सम्मेलनको Pre-events का रूपमा विभिन्न कार्यक्रमहरू भएका।

**च. राष्ट्रिय अनुसन्धान विभाग**

- ४ वटा कार्यालय भवनहरूको निर्माणकार्य सम्पन्न भएको तथा ६ वटा भवन निर्माणाधीन रहेका।
- प्रस्तावित इन्टेलिजेन्स शिक्षालय, साँखुको फिल्ड सर्भे लगायतका प्राविधिक कार्यहरू भइरहेको।

**छ. नीति अनुसन्धान प्रतिष्ठान**

- नीति अनुसन्धान र नीति समीक्षासम्बन्धी १२ वटा अनुसन्धान परियोजनाहरूको सञ्चालन गरी अधिकांशको प्रारम्भिक मस्यौदा प्रतिवेदन तयारीको क्रममा रहेको।
- नेपाल सरकारका विभिन्न मन्त्रालयहरूबाट अनुरोध भए बमोजिम ४ वटा सार्वजनिक नीतिको मस्यौदामा पृष्ठपोषण उपलब्ध गराइएको।
- १२ वटा सार्वजनिक नीति सम्वाद कार्यक्रम सम्पन्न भएको।
- ३ वटा समसामयिक विषयमा नीति प्रवचन कार्यक्रम सम्पन्न भएका।
- नीति अनुसन्धान प्रतिवेदनहरूको प्रकाशन, १० वटा अनुसन्धान प्रतिवेदनहरूको प्रकाशन गरिएको।

- "नीति अनुसन्धानमा हाम्रा प्रयासहरू" नामक पाक्षिक रेडियो कार्यक्रम रेडियो नेपालबाट १८ पटक प्रसारण गरिएको।

**ज. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग**

- ३१ जना अरोपितलाई प्रतिवादी बनाई रु.१ अर्ब ४२ करोड कुल बिगो रकम दावी लिई ७ थान मुद्दाहरू विशेष अदालतमा अभियोजन भएको। चार थान मुद्दा कुल बिगो रकम करिब रु.३ अर्ब १५ करोड सहित अभियोजनका लागि विशेष सरकारी वकील कार्यालयमा पेश भएको।
- विभागले विशेष अदालतमा दायर गरेका मुद्दाहरू मध्ये आर्थिक वर्ष २०८०/०८१ को चैत मसान्तसम्म १८ वटा फैसला भएका छन्। जसमध्ये ४ वटामा सफाइ, २ वटा मुद्दामा Non Conviction based Confiscation भएको र १२ वटा मुद्दामा पूर्ण र आंशिक रूपमा ठहरी फैसला भएको।
- विशेष अदालत, विशेष सरकारी वकील कार्यालय तथा सरोकारवाला अन्य सरकारी निकायहरूसँग गरी ५ पटक अन्तरक्रिया/गोष्ठी कार्याक्रम सञ्चालन गरिएको।

**झ. महान्यायधिवक्ताको कार्यालय**

- जिल्ला सरकारी वकील कार्यालय काठमाडौं र विशेष सरकारी वकील कार्यालयको संयुक्त भवन तथा जिल्ला सरकारी वकील कार्यालय पाँचथर, काभ्रेपलाञ्चोक, सुर्खेत र भवन निर्माण कार्य समाप्त भएको।
- विभिन्न १६ जिल्लामा समुदायमा सरकारी वकील तथा कानूनी सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- फौजदारी न्याय प्रशासन सुधारसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- फौजदारी न्याय प्रशासनका सरोकारवालाहरू बीच साइबर कसूर र संगठित अपराधसम्बन्धी दुई दिवसीय कार्यशाला सम्पन्न गरिएको।
- सरकारी वकील छलफल श्रृङ्खला सम्पन्न भएको।
- जातीय छुवाछुत तथा लैङ्गिक हिंसासम्बन्धी अनुसन्धानमूलक अध्ययन प्रतिवेदन तयार गरिएको।
- दाङ र पर्सा जिल्लामा लैङ्गिक तथा बाल न्यायसम्बन्धी तीन दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको।

- अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील तथा न्याय सम्पादन अधिकारीहरू बीच फौजदारी न्याय प्रशासनको अनुसन्धान र अभियोजनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सुर्खेतमा सम्पन्न भएको।
- सरकारी वकील दिग्दर्शनको परिमार्जित पाँचौं संस्करण, २०८० र महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवस विशेषाङ्क, २०८० प्रकाशन भएको।

**ञ. राजश्व अनुसन्धान विभाग**

- राजश्व चुहावट तथा विदेशी विनिमय अपचलनसम्बन्धी ८५ वटा मुद्दा दायर गरिएको।
- Vehicle Consignment Tracking System (VCTS) अनुगमनमा ७६९ वटा Consignment परीक्षणबाट ३ करोड ६ लाख ६४ हजार रकम जरिवाना गरिएको।
- १ हजार ३८५ वटा नियमित गस्ति परिचालन गरिएको।
- चोरी पैठारी गरी भित्र्याएको ६१.७१६ केजी सुन राजस्व अनुसन्धान विभागले बरामद गरेको।
- सूचना व्यवस्थापन प्रणाली तथा विभागमा प्राप्त सूचनाको विश्लेषण गरी भन्सार कार्यालयहरूबाट जाँचपास भई छुटेका मालबस्तुहरूका सम्बन्धमा नियमित चेकजाँच गरी राजस्व चुहावटलाई नियन्त्रण गरिएको।
- राजस्व चुहावट नियन्त्रणसम्बन्धी जनचेतनालाई Internet based (अनलाइन/सामाजिक संजाल)को प्रयोग गरी सचेतनात्मक/सन्देशमूलक सामग्री प्रसारण गर्ने कार्यको शुरूवात गरिएको।
- राजस्व अनुसन्धान विभाग, भन्सार विभाग, आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धीकरण विभागबीच राजस्व चुहावट नियन्त्रण तथा प्रभावकारी अनुसन्धान गर्ने सन्दर्भमा विद्युतीय सूचना प्रणालीबीच अन्तर आवद्धता गर्न समन्वयकारी बैठकहरू गरिएको।

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**क. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

- अनुगमनका लागि छनौट भएका विभिन्न ३० आयोजनाहरूको आ.व.२०७९/८० को प्रगति विवरण तयार गरिएको।
- तत्काल समस्या समाधान निर्देशिका, २०७९ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको।
- कार्यालयको डा. हर्क गुरुङ सभा हल सम्पन्न भई सो हल र मिडिया हल दुबै सञ्चालनमा आएको।

- ६० वटा मन्त्रिपरिषद् बैठकहरू बसी १ हजार ३०४ वटा निर्णयहरू तथा ३५ वटा मन्त्रिपरिषद् समितिका बैठकहरू बसी ७४ वटा निर्णयहरू भएको।
- मन्त्रिपरिषद्को विभिन्न बैठकबाट भएका ७०५ निर्णयहरूमध्ये ६९१ निर्णयहरूको विवरण प्रणालीमा अद्यावधिक भएको।
- राष्ट्रिय स्वास्थ्य संकट व्यवस्थापन समन्वय केन्द्र स्थापनाका लागि निर्देशिकाको मस्यौदा तयार गरिएको।
- जलविद्युत विकास नीति, २०५८ को अध्ययन विश्लेषण गरी नीति अनुसन्धान प्रतिष्ठानबाट प्रतिवेदन प्राप्त भएको।
- उद्योग वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्को गठन आदेश, २०७५ को परिमार्जन भएको र परिषद्को बैठक सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मा सम्पन्न भएको।
- EIA/IEE सम्बन्धी रोकिएका १६० भन्दा बढी आयोजनाको फाइलको आकस्मिक अनुगमन गरी प्रतिवेदन पेश गरिएको।
- राष्ट्रिय समन्वय परिषद्को बैठक एक पटक सम्पन्न गरिएको।
- राष्ट्रिय सुरक्षा नीति, २०७५ को एकीकृत कार्ययोजना, २०७७ को कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूबाट भएको प्रगति विवरण संकलन गरी एकीकृत गरिएको तथा राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा पठाइएको।
- हेलो सरकारमा प्राप्त गुनासोहरू आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा पठाइएको।प्राप्त १२ हजार ८५ गुनासा मध्ये ५ हजार २३२ गुनासाहरू फछ्र्यौट भएको।
- पारस्परिक मूल्याङ्कन अन्तर्गत Pre-Onsite Visit र On-site Visit तथा Face-to-Face कार्यक्रम सम्बद्ध सम्पूर्ण निकायहरूको सक्रिय सहभागितामा सफलतापूर्वक सम्पन्न भएको।
- क्यानडाको भ्यानकुभरमा आयोजना भएको Asia Pacific group on money laundering (APG) Annual Meeting मा नेपाल राष्ट्र बैंकका गभर्नरको नेतृत्वमा नेपाली टोली सहभागी भई नेपालको Status Update गरेको।
- नेपालको संविधानको धारा ५३ बमोजिमको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयन सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धिसहितको नेपाल सरकारको वार्षिक प्रतिवेदन तयारी गरिएको।

- यस कार्यालयसमेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएका आदेश (थान ६६) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको
- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, संवैधानिक परिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई विभिन्न अदालतहरूबाट परेका ४६६ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको र अदालतबाट भएका ६६ थान आदेश कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- विभिन्न ३१ वटा गठन आदेश, नियमावली, निर्देशिका, कार्यविधि, कार्यनीति र मापदण्ड नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम विधेयक समितिमा छलफल भई समितिमा भएको छलफलअनुसार परिमार्जन तथा स्वीकृत गरिएको।
- मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सुनिश्चितताको लागि संघीयस्तरमा मानव अधिकार राष्ट्रिय कार्ययोजना संघीय समन्वय समितिको २ वटा बैठकहरू सम्पन्न भएका।
- भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०७९ को मस्यौदा तयार भएको।
- राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएका १३९ वटा सिफारिशहरू कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम गठित समितिबाट सूचनाको वर्गीकरण गर्ने कार्य सम्पन्न भएको।
- पूर्वाधार विकास आयोजनाहरूको अनुगमनको लागि कार्य विभाजन सम्माननीय प्रधानमन्त्रीज्यूबाट स्वीकृत गराई Oversight Agencies समेत रहने गरी विकास आयोजना अनुगमन समिति गठन गरिएको।
- विशिष्ट श्रेणी एवं राजपत्रांकित प्रथम श्रेणीका निजामती कर्मचारीहरूको नेतृत्व मूल्याङ्कन समितिको बैठक आयोजना गरिएको।
- Anti money laundering and counter terrorism financing (AML/CFT) सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रणालीको सफ्टवेयर निर्माणको कार्य सम्पन्न भएको।
- आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सम्बन्धित मन्त्रालय निकायसँग समन्वय गर्न ८ वटा आयोजना सहजीकरण समितिको बैठक गरिएको।
- राष्ट्रिय गौरवका आयोजनाको Project Profile तयार गरी संघीय संसद दिगो विकास तथा सुशासन समिति समक्ष पेश गरिएको।

- पूर्वाधार विकास आयोजनाहरूको अनुगमनको लागि कार्यशर्त प्रधानमन्त्रीय स्तरबाट स्वीकृत गराई Oversight Agency हरू समेत रहने गरी विकास आयोजना अनुगमन समिति गठन गरिएको।
- "मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७७|७८-२०८१|८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-२०८२)" प्रकाशन गरिएको।

**ख. राष्ट्रिय तथ्याङ्क कार्यालय**

- तथ्याङ्क ऐन, २०७९ बमोजिम साविकको केन्द्रीय तथ्याङ्क विभागलाई (सहसचिव तहको महानिर्देशकले नेतृत्व गर्ने) राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारीले नेतृत्व गर्ने गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा रूपान्तरण गरिएको।
- राष्ट्रिय जनगणना २०७८ को राष्ट्रियस्तरको नतिजा तयार भई राष्ट्रिय प्रतिवेदन (अंग्रेजी), संक्षिप्त प्रतिवेदन (नेपाली) र मातृ मृत्युदरसम्बन्धी राष्ट्रिय प्रतिवेदन सार्वजनिक गरिएको।
- गाउँपालिका तथा नगरपालिकास्तरको नतिजा; जातजाति, भाषा तथा धर्मको नतिजा र गणना जाँच सर्वेक्षणको नतिजा सेन्सस् वेवपोर्टल मार्फत सार्वजनिक तथा प्रतिवेदनहरू प्रकाशन गरिएको।
- ७ प्रदेश र ५७ वटा जिल्ला गरी ६४ स्थानमा जनगणनाको नतिजा सार्वजनिक तथा अन्तर्क्रिया कार्यक्रम गरिएको।
- राष्ट्रिय कृषि गणना, २०७८ को Data Coding/Editing/Entry/Validation कार्यका साथै तथ्याङ्क विश्लेषण, तालिकीकरण र मस्यौदा प्रतिवेदन लेखन कार्य सम्पन्न भएको।
- प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानको सार्वजनीकरण भएको (५ वटा प्रदेशमा)।
- औद्योगिक सर्वेक्षण, २०७६ को राष्ट्रिय तथा प्रादेशिक नतिजा सातैवटा प्रदेशमा सार्वजनिक कार्य सम्पन्न भएको।
- सात प्रदेशमा रहेका तथ्याङ्क कार्यालयहरूको वेवपेज निर्माण गरी सञ्चालनमा ल्याएको।

**ग. महान्यायाधिवक्ताको कार्यालय**

- सरकारी वकीलको क्षमता विकासका लागि विभिन्न प्रशिक्षण, अनुशिक्षण कार्यक्रम सञ्चालन गरिएको।
- २२ वटा सरकारी वकील कार्यालयहरूको अभियोजन परीक्षण तथा कार्यालय अनुगमन गरी प्रतिवेदन प्राप्त भएको।

- २२ वटा जिल्लाका हिरासत तथा कारागार अनुगमन गरी प्रतिवेदन प्राप्त भएको।
- जिल्ला सरकारी वकील कार्यालय सर्लाही, पाँचथर र डोटीको भवन निर्माण सम्पन्न भई उद्घाटन भएको।
- सरकारी वकीलहरूको चौथो राष्ट्रिय सम्मेलन, काठमाडौंमा सम्पन्न भएको। (२०७९ पुस ८ देखि १० सम्म) (५६१ सहभागी)
- गण्डकी तथा कोशी प्रदेशमा वार्षिक समीक्षा तथा प्रादेशिक सम्मेलन सम्पन्न भएको।
- सरोकारवालाहरूबीच बालन्यायसम्बन्धी राष्ट्रिय कार्यशाला सम्पन्न भएको।
- सरकारी वकील दिग्दर्शन (परिमार्जनसहित), अभियोजन जर्नल, वर्ष ४, अंक २ र नजिर संग्रह, २०७९ प्रकाशन भएको।

## घ. राजश्व अनुसन्धान विभाग

- राजश्व चुहावटसम्बन्धी ३४ वटा र विदेशी विनिमय अपचलनसम्बन्धी ४३ वटा मुद्दा दायर गरिएको।
- Vehicle Consignment Tracking system (VCTS) अनुगमनमा Consignment परीक्षणबाट ४२७ कारोवारलाई २ करोड ५४ लाख रकम जरिवाना गरिएको।
- यस आर्थिक वर्षमा ७४२ वटा नियमित गस्ति परिचालन गरिएको।
- मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System – VCTS) पूर्णरूपमा कार्यान्वयनमा रहेको।
- सूचना व्यवस्थापन प्रणाली, वित्तीय फाइल सूचना प्रणाली (Financial File Information System) कार्यान्वयनमा रहेको।

## ङ. नेपाल ट्रष्टको कार्यालयः

- नेपाल ट्रष्ट सञ्चालक समितिको ७ वटा बैठक बसी नेपाल ट्रष्ट सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विभिन्न निर्णयहरू भएको।
- नेपाल ट्रष्टले वा नेपाल ट्रष्टलाई विपक्षी बनाई दायर मुद्दाहरूको नियमित बहस/पैरवी, प्रतिउत्तरका कार्यहरू भई सम्पति संरक्षण गर्ने कार्य भएको।
- नेपाल ट्रष्ट अन्तर्गत विभिन्न स्थानमा रहेका जग्गाजमिन, भौतिक संरचना तथा ऐतिहासिक सम्पदाको रेखदेख, स्याहार-सम्भार, संरक्षण तथा आवश्यकतानुसार अनुगमन, निरीक्षण कार्य गरिएको।

- आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमाससम्म बैंक ब्याज, धितोपत्रको लाभांश र लिजभाडा/भाडालगायत बापत करिब रु.२२.७९ करोड नेपाल ट्रष्ट कोषमा आम्दानी हुन आएको।

**च. सार्वजनिक खरिद अनुगमन कार्यालयः**

- Goods, NCB, Single Stage Two Envelope Bidding Procedure / Goods, ICB, Single Stage: Two Envelope Bidding Procedure गरी २ वटा नयाँ नमूना बोलपत्रसम्बन्धी कागजात (Standard Bidding Document) निर्माण गरिएको।
- सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौं संशोधनबमोजिम ५ वटा नमूना बोलपत्रसम्बन्धी कागजात (Standard Bidding Document) संशोधन गरी कार्यान्वयनमा ल्याइएको।
- सार्वजनिक खरिदसम्बन्धी आधारभूत अल्पकालीन तालीमको पाठ्यक्रम तथा प्रशिक्षण निर्देशिका, २०७९, सार्वजनिक खरिद अनुगमन निर्देशिका, २०७९ र विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।
- e-GP प्रणालीको नियमित मर्मत सम्भार, स्तरोन्नति तथा सञ्चालनका लागि अन्तर्राष्ट्रिय परामर्शदातासँग मिति २०७९/११/०४ मा ५ वर्षका लागि सम्झौता भई कार्य भइरहेको छ।
- १६२ वटा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई सम्बन्धित सार्वजनिक निकायको सिफारिशको आधारमा कालो सूचीमा राखिएको छ।
- सार्वजनिक खरिदसम्बन्धी बिषयमा २५ वटा तालीम सञ्चालन गरी ९२७ जना र विद्युतीय खरिद प्रणालीसम्बन्धी १७ वटा तालीम सञ्चालन गरी ४०१ जनालाई तालीम प्रदान गरिएको छ।
- e-GP System सँग सम्बन्धित सेवा प्रवाहका लागि कार्यालयमा बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म Help-Desk मार्फत् प्राविधिक सेवा उपलब्ध गराइएको।
- सार्वजनिक खरिद अनुगमन कार्यालयका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि सार्वजनिक खरिदसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।
- विभिन्न २१ वटा सार्वजनिक निकायको सार्वजनिक खरिदसम्बन्धी अनुगमन कार्य सम्पन्न गरिएको र ८७ वटा निकायको खरिद गुरुयोजना र वार्षिक खरिद योजनाको अनुगमन गरिएको।

**छ. लगानी बोर्डको कार्यालयः**

- पाँच वटा जलविद्युत परियोजनाहरूको रु १७०.६८ अर्ब लगानी स्वीकृत भएको।
- पश्चिम सेती तथा सेती रिभर ६ जलविद्युत परियोजनाहरूको अध्ययनका लागि समझदारिपत्र (MOU) मा हस्ताक्षर भएको।
- ADB को सहकार्यमा विभिन्न निकायमा कार्यरत २० जना कर्मचारीहरूका लागि Public Private Partnership (PPP) सम्बन्धी आधारभूत तालीम प्रदान गरिएको।
- माथिल्लो मर्स्याङ्दी-२ जलविद्युत परियोजनाको अध्ययनका लागि समझदारिपत्र (MOU) मा हस्ताक्षर भएको।
- डाबर नेपाल प्रा.लि.को पुँजी वृद्धि तथा क्षमता विस्तारमा परियोजना लगानीका लागि समझदारी सम्पन्न।
- रासायनिक मल कारखानासम्बन्धी परियोजना अध्ययनका लागि समझदारी सम्पन्न।
- तल्लो अरुण जलविद्युत परियोजना विकासका लागि परियोजना विकास सम्झौता सम्पन्न।

**ज. राष्ट्रिय सतर्कता केन्द्रः**

- आर्थिक वर्ष २०७८/७९ बाट जिम्मेवारी सरी आएका २३७ र आर्थिक वर्ष २०७९/८० मा प्राप्त ७०० गरी ९३७ उजुरी प्राप्त भएकोमा ६६७ वटा फछ्र्यौट भएको।
- जिल्लास्तरमा भ्रष्टाचार विरुद्धका सचेतनामूलक गोष्ठी ७ वटा र स्थानीय तहका पदाधिकारीहरू र कर्मचारीहरूलाई सदाचार शिक्षाका २१ वटा कार्यक्रम सम्पन्न भएका ।
- राष्ट्रिय गौरवका र अन्य आयोजनातर्फ २४ वटा आयोजनाहरूको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको।
- विकास आयोजनाको प्राविधिक परीक्षणका लागि दक्ष जनशक्ति तयार गर्न विविध क्षेत्रका २१ जना इन्जिनियरहरूलाई २१ दिने प्राविधिक परीक्षण तालीम प्रदान गरिएको।

**झ. राष्ट्रिय अनुसन्धान विभागः**

- २ कार्यालय भवनहरूको निर्माणकार्य सम्पन्न, ४ नयाँ भवनको निर्माण कार्य प्रारम्भ, ४ भवनहरूमा तलाथप तथा कार्यकक्ष थप कार्य गरिएको।

**ञ. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागः**

- Asian Development Bank (ADB) को प्राविधिक सहयोग र विभागको व्यवस्थापनमा विभिन्न १५ अनुसन्धानकारी एवं सरोकारवाला निकायहरूका गरी अनुसन्धानमा संलग्न ३५ जना अधिकृत कर्मचारीहरूलाई Capacity Building on asset Recovery and Money

laundering investigation Techniques Program तालीम सञ्चालन भएको। यसै गरी भारतको National Academy of Customs, Indirect Taxes and Nacrotics, Faridabad मा सञ्चालित Anti-money Laundering and Counter Financing of Terrorism विषयमा विभिन्न निकायका ३० जना कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको।

- विभागको १० वर्षको कार्य प्रगतिको तुलनात्मक अध्ययन सहितको वार्षिक प्रतिवेदन २०७९ र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला र विशेष अदालतबाट भएका निर्णयाधार सङ्ग्रह प्रकाशन गरिएको।
- यस अवधिमा ३७ जना अरोपितलाई प्रतिवादी बनाई ११ थान मुद्दाहरू विशेष अदालतमा अभियोजन भएको तथा कुल ६ अर्ब २३ करोड ४४ लाख ९५ हजार ४१५ रुपैयाँ बिगो दाबी गरिएको।

**ट. नीति अनुसन्धान प्रतिष्ठानः**

- १० वटा नीति अनुसन्धान प्रतिवेदन तयार तथा १० वटा नीति समीक्षा र ६ वटा नीतिको मस्यौदामा पृष्ठपोषणको कार्य सम्पन्न भएको।
- १६ वटा सार्वजनिक नीति सम्वाद सम्पन्न भएको।
- प्रतिष्ठानबाट २१ वटा नीति अनुसन्धान प्रतिवेदनहरू प्रकाशित भएको।
- रेडियो नेपालबाट नीति अनुसन्धानमा हाम्रा प्रयासहरू नामक साप्ताहिक रेडियो कार्यक्रम २४ पटक प्रसारण भएको।

**ठ. विद्युतीय सुशासन आयोग**

- विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ कार्यान्वयनमा आएको।
- आयोगको सचिवालय स्थापना गरिएको।
- आयोगका वार्षिक आयोजनागत कार्यक्रमहरू सम्पन्न गरिएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मन्त्रिपरिषद् | ७७००० | ६०९२९ | ७९.१३ |
| ३०१०००१२३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (नीति अनुसन्धान प्रतिष्ठान समेत) | ४००९९३ | ३५६२८५ | ८८.८५ |
| | विद्युतीय सुशासन आयोग | ३६८७ | २६२८ | ७२.०० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | नीति अनुसन्धान प्रतिष्ठान | ६३३६० | ६३३५९ | ९९.९८ |
| ३०१०१०११३ | महान्यायाधिवक्ताको कार्यालय | १५०५२२ | १४६७९६ | ९७.५२ |
| ३०१०१०१२३ | उच्च सरकारी वकील कार्यालयहरू | २४४३७८ | २१८६३१ | ८९.४६ |
| ३०१०१०१३३ | विशेष सरकारी वकील कार्यालय | ३५१०० | ३३१४२ | ९४.४२ |
| ३०१०१०१४३ | जिल्ला सरकारी वकील कार्यालयहरू | ६१६३३४ | ५५२२०८ | ८९.६० |
| ३०१०२०११३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १५६५१६ | ६०८६१ | ३८.८८ |
| ३०१०४०११३ | राष्ट्रिय सतर्कता केन्द्र | ११३३५९ | ९६००२ | ८४.६९ |
| ३०१०३०११३ | नेपाल ट्रष्टको कार्यालय | ४९५०० | ४७१४० | ९५.२३ |
| ३०१०७०११३ | राष्ट्रिय अनुसन्धान विभाग | १६६२७५८ | १५७१८२८ | ९४.५३ |
| ३०१०६०११३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७५७०० | ६१५०८ | ८१.२५ |
| ३०१०५०११३ | राजस्व अनुसन्धान विभाग | १६५७०४ | १५४४३५ | ९३.२० |
| ३०१३१०११३ | लगानी बोर्डको कार्यालय | २४२००९ | ८३२१५ | ३४.३८ |
| | **जम्मा** | **३९८९८७३** | **३४४२९८०** | **८६.२९** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००१२४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९५००० | ७२०७८ | ७५.८७ |
| | विद्युतीय सुशासन आयोग | ३०० | २९९ | ९९.६० |
| | नीति अनुसन्धान प्रतिष्ठान | ० | ० | ०.०० |
| ३०१०१०११४ | महान्यायाधिवक्ताको कार्यालय | २६४६३ | २५६६७ | ९६.९९ |
| ३०१०१०१२४ | उच्च सरकारी वकील कार्यालयहरू | १३३८७ | १०१४० | ७५.७४ |
| ३०१०१०१३४ | विशेष सरकारी वकील कार्यालय | २९३०० | ३३३३ | ११.३८ |
| ३०१०१०१४४ | जिल्ला सरकारी वकील कार्यालयहरू | २००१५० | १७५०७४ | ८७.४७ |
| ३०१०२०११४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | २१३४०० | २४६१ | १.१५ |
| ३०१०४०११४ | राष्ट्रिय सतर्कता केन्द्र | २२०० | ४९२ | २२.३५ |
| ३०१०३०११४ | नेपाल ट्रष्टको कार्यालय | ९०० | ८२५ | ९१.६५ |
| ३०१०७०११४ | राष्ट्रिय अनुसन्धान विभाग | २४९७२० | १८८१७८ | ७५.३६ |
| ३०१०६०११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १५०० | १४८ | ९.८७ |
| ३०१०५०११४ | राजस्व अनुसन्धान विभाग | ५४०० | ३३३५ | ६१.७६ |
| ३०१३१०११४ | लगानी बोर्डको कार्यालय | ३४१०० | ९६६० | २८.३३ |
| | **जम्मा** | **८७१५२०** | **४९१३९१** | **५६.३८** |

## ८. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मन्त्रिपरिषद् | ७७००० | ३९६१७ | ५१.४५ |
| ३०१०००१२३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (नीति अनुसन्धान प्रतिष्ठान समेत) | ४५४००० | २५२५२९ | ५५.६२ |
| | विद्युतीय सुशासन आयोग | १२३६५ | १३६८ | ११.०६ |
| | नीति अनुसन्धान प्रतिष्ठान | ७५००० | ३८०१२ | ५०.३८ |
| ३०१०१०११३ | महान्यायाधिवक्ताको कार्यालय | १४८२८३ | ९७५६० | ६५.७९ |
| ३०१०१०१२३ | उच्च सरकारी वकील कार्यालयहरू | २७०२६६ | १६९२९० | ६२.६४ |
| ३०१०१०१३३ | विशेष सरकारी वकील कार्यालय | ३५६६५ | २४११३ | ६७.६१ |
| ३०१०१०१४३ | जिल्ला सरकारी वकील कार्यालयहरू | ६६७२५० | ४३०१०७ | ६४.४६ |
| ३०१०२०११३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८६३०० | ३३३६९ | ३८.६७ |
| ३०१०४०११३ | राष्ट्रिय सतर्कता केन्द्र | ११७१०० | ७४७५५ | ६३.८४ |
| ३०१०३०११३ | नेपाल ट्रष्टको कार्यालय | ५४०१२ | २९७८२ | ५५.१४ |
| ३०१०७०११३ | राष्ट्रिय अनुसन्धान विभाग | १८३६९०० | ११०४८०२ | ६०.१४ |
| ३०१०६०११३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७८२०० | ४५४७१ | ५८.१५ |
| ३०१०८०११३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ५०४६०१ | १३३०२५ | २६.३६ |
| ३०१०८०१२३ | जिल्ला तथ्याङ्क कार्यालयहरू | ३३३७९९ | १६८७३० | ५०.५५ |
| ३०१०५०११३ | राजस्व अनुसन्धान विभाग | १७०४८४ | १०४६४७ | ६१.३८ |
| ३०१३१०११३ | लगानी बोर्डको कार्यालय | १९५००० | ४५९८७ | २३.५८ |
| | जम्मा | ५०२८८६० | २७५३७८४ | ५४.७६ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००१२४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १३४०० | ४०५९ | ३०.२९ |
| | विद्युतीय सुशासन आयोग | १८५० | ५०२ | २७.११ |
| | नीति अनुसन्धान प्रतिष्ठान | ० | ० | ०.०० |
| ३०१०१०११४ | महान्यायाधिवक्ताको कार्यालय | ८५०० | ० | ०.०० |
| ३०१०१०१२४ | उच्च सरकारी वकील कार्यालयहरू | ६१६०० | १००९२ | १६.३८ |
| ३०१०१०१३४ | विशेष सरकारी वकील कार्यालय | ३७४०० | २९७ | ०.७९ |
| ३०१०१०१४४ | जिल्ला सरकारी वकील कार्यालयहरू | १२६६०० | ४५४४४ | ३५.९० |

| | | | | |
|---|---|---|---|---|
| ३०१०२०११४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८०००० | १८४ | ०.२३ |
| ३०१०४०११४ | राष्ट्रिय सतर्कता केन्द्र | २९०० | ६९३ | २३.८८ |
| ३०१०३०११४ | नेपाल ट्रष्टको कार्यालय | १००० | ८९३ | ८९.३४ |
| ३०१०७०११४ | राष्ट्रिय अनुसन्धान विभाग | १९५९०० | ९६६२७ | ४९.३२ |
| ३०१०६०११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ८०० | २५२ | ३१.४७ |
| ३०१०८०११४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ३५९०० | २५३२ | ७.०५ |
| ३०१०८०१२४ | जिल्ला तथ्याङ्क कार्यालयहरू | ० | ० | |
| ३०१०५०११४ | राजस्व अनुसन्धान विभाग | ४८०० | १७२५ | ३५.९४ |
| ३०१३१०११४ | लगानी बोर्डको कार्यालय | २४९०० | २९८७ | १२.०० |
| | **जम्मा** | **५९३७००** | **१६५७८५** | **२७.९२** |

cc)(cc

# अर्थ मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकासका क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिको व्यवस्थापन अर्थ मन्त्रालयको प्रमुख जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायताको परिचालन तथा व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बिमा र पुँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा र कार्यान्वयन अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

### १.२ दीर्घकालीन सोचः

सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्यायसहितको विकासमा योगदान मार्फत सबल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

### १.३ उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

### १.४ रणनीतिः

- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास गरी प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।

- वित्तीय उत्तरदायित्वसम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने।
- निकासा, लेखाङ्कन र आन्तरिक लेखापरीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्वको नियमनको कार्य गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरू व्यापक रूपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वसर्त मानिने क्षेत्र र विषयमा केन्द्रित गर्ने।
- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त गर्ने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत स्रोत र साधनको उच्चतम् प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गरी सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालित संस्थानहरूको व्यावसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रलाई स्रोतको अभाव नहुने गरी राष्ट्रिय प्राथामिकता प्राप्त विकास कार्यक्रममा परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | अर्थ मन्त्रालय | १९६ | १९६ | - | १२ |
| २ | आन्तरिक राजस्व विभाग र अन्तर्गत निकायहरू | १७०१ | १५३९ | १६२ | १५ |
| ३ | भन्सार विभाग र अन्तर्गत निकायहरू | १२५७ | १०७४ | १८३ | ४९ |
| ४ | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्र | ३७ | २७ | १० | ३ |
| ५ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ३३ | २० | १३ | १ |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २९ | आर्थिक वर्ष २०८१/८२ का लागि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात फागुन मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संघीय संसदमा पेश गरिने र माननीय सदस्यहरूबाट प्राप्त मार्गदर्शन र सुझावका आधारमा यथार्थपरक बजेट तर्जुमा गर्न सघाउ पुग्ने। | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई मिति २०८०/१०/०४ मा अध्यादेशबाट संशोधन गरी बजेटको कार्यतालिका परिवर्तन भई उक्त विषय फागुन मसान्तभित्र पेश भई मार्गदर्शन र सुझाव प्राप्त भएको। |
| ३० | ठूलो संख्यामा आयोजना र कार्यक्रम समावेश गरी स्रोत साधन छर्ने प्रवृत्तिमा सुधार गर्न क्षेत्रगत प्राथमिकताभित्र पनि ठूला तथा रणनीतिक महत्त्वका, छिटो प्रतिफल दिने र बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई रकम विनियोजन गरिने। | • आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटको सीमासहित मार्गनिर्देशन भएको। |
| ३७ | वास्तविक स्रोतको उपलब्धता बिना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने अनियन्त्रित प्रवृत्ति अन्त्य गर्ने, स्रोत सहमतिका कारण स्रोत व्यवस्थापनमा देखिएका समस्या सम्बोधन गरी बजेट अनुशासन कायम गर्न स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरी नयाँ मापदण्ड तर्जुमा गरिने। | • यस सम्बन्धमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई मिति २०८०/०८/२८ मा नेपाल राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा रहेको। |
| ४० | आयोजना कार्यान्वयनका लागि कार्तिक महिनाभित्र ठेक्का व्यवस्थापन गर्ने, उक्त समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्ने र आगामी आर्थिक वर्षको असोज मसान्तसम्म एवं असार महिनामा रकमान्तर र कार्यक्रम संशोधन नगर्ने साथै दुर्गम र पिछडिएका क्षेत्रका आयोजना तथा कार्यक्रममा विनियोजित रकम अन्यत्र सार्ने प्रवृत्ति निरुत्साहित गरिने। | • उक्त विषय कार्यान्वयन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४४ | खर्च गर्ने क्षमता वृद्धि गर्दै वैदेशिक सहायतालाई उत्पादनशील क्षेत्रमा परिचालन गरिने एवं आन्तरिक ऋणको रकम विकास कार्यमा खर्च गरिने। सार्वजनिक ऋणको दिगोपना विश्लेषण गरी बढी प्रतिफल आउने क्षेत्रमा परिचालन गरिने। | • विनियोजन दक्षता कायम गर्न प्राथमिकता दिइएको साथै सार्वजनिक ऋणको दिगोपना विश्लेषणसम्बन्धी तालीम सञ्चालन भई Medium Term Debt Managemet Strategy अध्यावधिक गर्न प्रारम्भिक मस्यौदा तयार भई अन्तिम रूप दिने क्रममा रहेको। |
| ४६ | आयोजनाको अनुगमन प्रणालीमा सुधार गरी नतिजामा आधारित बनाइने। एक अर्ब रुपैया भन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजनाको कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा अनुगमन समिति बनाइने। अनुगमन समितिले दिएको सुझाव तथा मार्गदर्शनलाई एकीकृत अनुगमन सूचना प्रणालीमा आवद्ध गरी कार्यान्वयनको अनुगमन गरिने। | • राष्ट्रिय योजना आयोगबाट अनुगमन कार्यविधि मस्यौदा भई स्वीकृतिको चरणमा रहेको। |
| ४८ | स्रोतमा परेको चापलाई मध्यनजर गरी प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्न सबै प्रकारका प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता लगायतका भत्ता खारेज गरिने। नयाँ सवारी साधन र फर्निचर तथा फर्निसिङ खरिद नगरिने। आगामी आर्थिक वर्षमा अत्यावश्यक बाहेक नयाँ भवन निर्माण नगरिने। नेपाल सरकारबाट अनिवार्य रूपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक अन्य वैदेशिक भ्रमणलाई निरुत्साहित गरिने। | • उक्त विषय कार्यान्वयन भइरहेको। |
| ४९ | सरकारी सवारी साधनको सञ्चालन र व्यवस्थापनमा हुने बढ्दो खर्च नियन्त्रण गर्न सरकारी सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारी साधनको सट्टा तोकिएको मापदण्डको आधारमा एकमुष्ट रूपमा नगदै प्रदान गर्ने व्यवस्थाको शुरूवात गरिने। | • सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका मिति २०८०/०६/२५ मा स्वीकृत भई मिति २०८०/०७/०१ बाट कार्यान्वयनमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५० | सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाइने। सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिनाभित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्ने। | • आंशिक कार्यान्वयन भएको। यस मन्त्रालय र अन्तर्गत निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी प्रारम्भिक प्रतिवेदन उपर छलफल भई अन्तिम तयारीको चरणमा रहेको। |
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका सामानहरू छ महिनाभित्र लिलाम गरिने। | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ को उपनियम (८) बमोजिम प्रक्रियाको चरणमा रहेको। |
| ५७ | प्राथमिकीकरण नगरी साना आयोजनामा स्रोत साधन छर्ने प्रवृत्ति रोक्ने प्रयासका बाबजुद सीमित स्रोत तथा बढ्दो माग र अपेक्षाका कारण पूर्ण रूपमा रोक्न नसकिएको। आगामी आर्थिक वर्षमा कार्यक्रम र आयोजनाको औचित्य तथा आवश्यकताको सघन समीक्षा गरी बजेट प्रणालीमा थप सुधार र पुनर्संरचना गरिने। | • बजेट प्रणाली सुधारसम्बन्धी कार्यदल गठन भई कार्य भइरहेको। |
| ७८ | तुलनात्मक लाभका क्षेत्रहरूमा वैदेशिक लगानी आकर्षित गर्न सम्वत् २०८० मा लगानी सम्मेलन आयोजना गरिने। द्रुतमार्ग, शुरूङमार्ग, जलाशययुक्त जलविद्युत लगायतका सम्भाव्य ठूला परियोजनाको पहिचान तथा पूर्वतयारीका काम सम्पन्न गरी विदेशी लगानीका लागि प्रस्ताव आव्हान गरिने। | • सम्वत् २०८१ वैशाख १६ र १७ गते लगानी सम्मेलन हुने र उक्त सम्मेलनमा परियोजनाहरू पहिचान गरी वैदेशिक लगानीको लागि प्रस्ताव गरिने तय भएको। |
| ७९ | अन्तर्राष्ट्रिय वित्त बजारबाट दीर्घकालीन पुँजी परिचालन गर्न आवश्यक कानूनी पूर्वाधार तयार गरिने। ठूला तथा जलाशययुक्त जलविद्युत आयोजना, प्रसारण लाइन लगायतका पूर्वाधारमा लगानी गर्न स्थानीय मुद्रामा आधारित हरित बण्ड, ऊर्जा बण्ड जस्ता नवीन वित्तीय उपकरण मार्फत लगानीयोग्य पुँजी जुटाइने। | • विकास वित्तका नवीनतम् उपकरण मार्फत नेपालमा थप निजी पुँजी परिचालन गर्ने सम्बन्धी अवधारणापत्र स्वीकृत भई निर्देशन तथा कार्य समिति गठन भई कार्य अगाडि बढेको।<br>• संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका विशेषज्ञबाट अध्ययन गराई प्रतिवेदन प्राप्त भई प्रक्रिया अघि बढाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ८० | निजी क्षेत्रले विदेशी वित्तीय संस्था लगायतका संस्थाबाट ऋण प्राप्त गर्न सहजीकरण गरिने। सम्मिश्रित वित्त लगायतका वैकल्पिक र नवीनतम उपकरणको उपयोग गरी वैदेशिक पुँजीलाई उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा परिचालन गरिने। | • सहजीकरण भइरहेको।<br>• सम्मिश्रित वित्त लगायतका वैकल्पिक र नवीनतम् उपकरणहरूको सम्भाव्यता अध्ययन गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका विशेषज्ञबाट अध्ययन गराइएको प्रतिवेदन अन्तिम चरणमा रहेको। |
| ८१ | लगानीको वातावरणमा सुधार गर्न मुलुकको कन्ट्री क्रेडिट रेटिङ गर्ने प्रक्रिया अगाडि बढाइने। विदेशी लगानीकर्ताहरूका लागि विदेशी विनिमय जोखिम न्यूनीकरण गर्न हेजिङ गर्ने संस्था तोकी हेजिङ सेवा उपलब्ध गराइने। | • लगानीको वातावरणमा सुधार गर्न मुलुकको कन्ट्री क्रेडिट रेटिङ गर्ने प्रक्रिया अगाडि बढाइएको।<br>• क्रेडिट रेटिङ गर्ने कम्पनी तथा परामर्शदाता कम्पनी छनौट भई क्षमता विकास तथा अन्य पूर्वतयारी (तथ्याङ्क संकलन तथा विश्लेषण) का कार्य भइरहेको। |
| ३५९ | सुख्खा यामको विद्युत माग सम्बोधन गर्न र जलविद्युत निर्यात गर्न १ हजार २ सय मेगावाट क्षमताको बुढीगण्डकी र ६ सय ३५ मेगावाट क्षमताको दूधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण कार्य अघि बढाइने। | • ६३५ मेगावाट क्षमताको दूधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण कार्य अघि बढाउन एसियाली विकास बैङ्क लगायत विभिन्न दातृराष्ट्र र दातृसंस्थासँग लगानी ढाँचा यकिन गर्न प्रथम चरणको बैठक गरिएको।<br>• दूधकोशी जलाशययुक्त जलविद्युत आयोजना सम्बन्धमा एशियाली विकास बैङ्कको टोलीले फिल्ड भिजिट गरी आयोजना तयारीको समीक्षा गरेको। |
| ३६० | सङ्घ, प्रदेश र स्थानीय तहको सहलगानीमा १०६१ मेगावाट क्षमताको माथिल्लो अरुण, २१० मेगावाट क्षमताको चैनपुर सेती, १०६ मेगावाट क्षमताको जगदुल्ला, ९९.९ मेगावाट क्षमताको तामाकोशी पाँचौ, ७०.३ मेगावाट क्षमताको सिम्बुआ खोला तथा ७७.५ मेगावाट क्षमताको घुन्सा खोला जलविद्युत आयोजनाहरूको निर्माण शुरू | • १०६१ मेगावाट क्षमताको माथिल्लो अरुण कार्यान्वयन गर्नका लागि वित्तीय स्रोत जुटाउन विश्व बैङ्क लगायत विभिन्न दातृराष्ट्र र दातृसंस्थासँग समझदारी हुने क्रममा रहेको।<br>• विश्व बैङ्कको Safeguard सम्बन्धी टोलीले अध्ययन गरिरहेको।<br>• सन २०२४ को जुनसम्म Financial |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिने। | Closure गर्ने योजना रहेको । |
| ४०७ | वित्तीय क्षेत्रलाई स्वस्थ एवं सबल बनाई मुलुकमा उपलब्ध वित्तीय साधनलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिने। वित्तीय मध्यस्थता लागत कम गरी लगानीको लागि पुँजीमा पहुँच सहज बनाइने र नियामक निकायहरूको क्षमता विकास गरी वित्तीय क्षेत्रको नियमनलाई सुदृढ बनाइने। | • सुधारको प्रयास निरन्तर भइरहेको।<br>• नेपाल राष्ट्र बैङ्क मार्फत वित्तीय क्षेत्रको सुपरिवेक्षण तथा नियमन गरी वित्तीय प्रणालीलाई स्वस्थ र प्रतिस्पर्धी बनाउने कार्य निरन्तर भइरहेको। |
| ४०८ | अनलाइन बैङ्किङ, मोबाइल बैङ्किङ, विद्युतीय भुक्तानी प्रणाली लगायत नयाँ प्रविधि मार्फत वित्तीय कारोबारलाई प्रवर्द्धन गरिने। साना किसान, घरेलु तथा साना उद्यमी र स्टार्टअप व्यवसायीलाई सहज वित्तीय पहुँच पुऱ्याइने। | • वित्तीय कारोबारलाई प्रवर्धन गर्न सुधारको प्रयासलाई निरन्तरता दिइएको।<br>• स्टार्टअप व्यवसायीलाई ब्याज अनुदान दिने सम्बन्धी कार्यविधिको प्रक्रियामा रहेको। |
| ४०९ | वित्तीय क्षेत्रलाई आधुनिक एवं गतिशील बनाउन र नियमन प्रणालीलाई सुदृढ बनाउन नेपाल राष्ट्र बैङ्क ऐन, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन लगायत वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनमा समसामयिक सुधार एवं परिमार्जन गरिने। दोस्रो वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनमा ल्याइने। | • नेपाल राष्ट्र बैङ्क ऐन संशोधनको मस्यौदा छलफलको क्रममा रहेको।<br>• बैङ्क तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, सङ्घीय संसदमा पेस भएको।<br>• दोस्रो वित्तीय क्षेत्र विकास रणनीति निर्माणको लागि परामर्शदाता नियुक्ति गरी निर्माणको कार्य अघि बढाइएको। |
| ४१० | वित्तीय क्षेत्रको स्रोत साधन सीमित व्यक्ति, समूह वा भौगोलिक स्थानमा केन्द्रित हुन नदिन समावेशी वित्तको अवधारणाअनुसार बैङ्क, वित्तीय संस्था, बिमा र पुँजी बजारको सेवा बहुसंख्यक जनतासम्म पुऱ्याउने गरी आवश्यक नीतिगत सुधार गरिने। सरकारी स्वामित्वका बैङ्क तथा वित्तीय संस्थालाई पुनर्संरचना गरी थप सुदृढ बनाइने। | • बिमा नीति स्वीकृत भई कार्यान्वयनमा रहेको।<br>• राष्ट्रिय वित्तीय समावेशीकरण रणनीतिको मस्यौदा तयार भई छलफलको क्रममा रहेको। |
| ४११ | विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहित गरिने। बैङ्क खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक | • विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | प्रतिशत थप ब्याज दिने सुविधालाई निरन्तरता दिइने। औपचारिक माध्यमबाट विप्रेषण पठाउने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने। | • बैङ्क खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने सुविधालाई निरन्तरता दिइएको। |
| ४१२ | श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपालीलाई लक्षित गरी रेमिट्यान्स बन्ड जारी गरी औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउने र त्यसरी भित्र्याइएको रकमलाई पूर्वाधार विकासमा उपयोग गरिने। | • वैदेशिक रोजगारीमा गएका नेपालीले मात्र सेयर हाल्न पाउने गरी विभिन्न परियोजनामा सेयर जारी गर्ने व्यवस्था कार्यान्वयनमा आएको।<br>• वैदेशिक रोजगार बचतपत्रहरू निष्काशन गर्ने गरिएको। |
| ४१३ | उत्पादन अभिवृद्धि, आन्तरिक रोजगारी प्रवर्द्धन, उद्यमशीलता विकास लगायतका उद्देश्य राखी सहुलियतपूर्ण ब्याजमा प्रवाह भइरहेका कर्जाको प्रभावकारिता अध्ययनका आधारमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यक्रमलाई पुनर्संरचना गरिने। | • नेपाल राष्ट्र बैङ्कले अध्ययन गरेको प्रतिवेदन प्राप्त भएको।<br>• कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यक्रमलाई पुनर्संरचना गर्न नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नरको संयोजकत्वमा रहेको केन्द्रीय समन्वय तथा अनुगमन समितिले कार्य गरिरहेको। |
| ४१४ | सामाजिक बैंकिङ्गको अवधारणाअनुरूप काम गर्ने गरी लघुवित्त वित्तीय संस्थाहरूलाई बैंकिङ्ग पहुँच नभएका दुर्गम तथा ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुऱ्याउन परिचालन गरिने। लघुवित्त वित्तीय संस्थालाई विशिष्टीकृत प्रादेशिक वित्तीय संस्थाको रूपमा अगाडि बढाइने। साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत मुलुकका सबै स्थानीय तहमा क्रमशः साना किसान उद्यम विकास कार्यक्रम सञ्चालन गरिने। | • विभिन्न कार्यक्रम मार्फत लघु उद्यम कर्जा प्रवाह भइरहेको। |
| ४१५ | बिमा क्षेत्रको नियमन तथा सुपरिवेक्षणलाई सुदृढ र प्रभावकारी बनाइने। गुणस्तरीय बिमा सेवा विस्तार गर्नुका साथै बिमा दाबी प्रक्रियालाई सरलीकरण गरी भुक्तानी प्रणालीमा शीघ्रता ल्याइने। | • नेपाल बिमा प्राधिकरण मार्फत बिमा क्षेत्रको नियमन र सुपरिवेक्षणको कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४१६ | ग्रामीण र दुर्गम क्षेत्रमा बिमा कम्पनीको शाखा स्थापना गर्न प्रोत्साहन गरिने। बिमा प्राधिकरण, स्थानीय तह, बिमक लगायत सरोकारवालासँगको सहकार्यमा दुर्गम तथा ग्रामीण क्षेत्रमा बिमासम्बन्धी साक्षरता अभिवृद्धि गरिने। | • बिमा सेवालाई विस्तार गर्न लघु बिमाको अवधारणा कार्यान्वयनमा ल्याइएको।<br>• बिमासम्बन्धी सचेतनामूलक कार्यक्रमहरू स्थानीयस्तरसम्म क्रमशः विस्तार गरिदै लगिएको। |
| ४१७ | पुँजी बजारलाई पारदर्शी र प्रतिस्पर्धी बनाई लगानीकर्ताको हित सुनिश्चित गरिने। पुँजी बजारमा संस्थागत लगानीकर्तालाई प्रोत्साहित गरिने। गैरआवासीय नेपालीलाई धितोपत्र बजारमा सूचीकृत भएका जलविद्युत र अन्य वास्तविक क्षेत्रका कम्पनीमा लगानी गर्न खुला गर्ने व्यवस्था मिलाइने। धितोपत्र औजारहरूको विस्तार र विविधीकरण गरिने। | • अध्ययन तथा छलफलको क्रममा रहेको। |
| ४१८ | पुँजी बजारलाई सुदृढ र गतिशील बनाउन धितोपत्रसम्बन्धी विद्यमान कानूनी व्यवस्थामा समयानुकूल संशोधन गरिने। आवश्यक पूर्वाधार तयार गरी कमोडिटिज एक्सचेन्ज मार्केट तथा एसएमइज प्लेटफर्म सञ्चालनमा ल्याइने। | • धितोपत्रसम्बन्धी ऐन, २०६३ को संशोधित मस्यौदा स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाइएको।<br>• एसएमइज नियमावली स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाइएको। |
| ४१९ | नागरिक लगानी कोष मार्फत स्वरोजगारमा रहेका सबै नेपाली सहभागी हुने गरी नागरिक पेन्सन योजना सञ्चालन गरिने। | • नागरिक लगानी कोष मार्फत स्वरोजगारमा रहेका सबै नेपाली सहभागी हुने गरी नागरिक पेन्सन योजना सञ्चालनमा ल्याइएको। |
| ४२० | वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुऱ्याउने गैर व्यावसायिक तथा उच्छृङ्खल गतिविधि नियन्त्रण गर्न प्रभावकारी कदम चालिने। मिटरब्याज पीडितका गुनासो सम्बोधन गरिने। | • गृह मन्त्रालय, प्रहरी प्रशासन लगायतका विभिन्न निकायहरूसँगको समन्वयमा कार्य भइरहेको। |
| ४२८ | वित्तीय संघीयता कार्यान्वयनको हालसम्मको अनुभवका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई आवश्यक परिमार्जन गर्न गठित समितिले संशोधनको मस्यौदा तयार गरी राय, सुझाव तथा सहमतिका लागि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
| --- | --- | --- |
| | परिमार्जन गरिने। | सम्बन्धित निकायमा पठाइएको।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ लाई आवश्यक परिमार्जन गर्न समिति गठन भई राय तथा सुझाव सङ्कलन एवं छलफलबाट प्रारम्भिक मस्यौदाको कार्य भइरहेको। |
| ४३० | सरकारले संस्थानमा गर्ने शेयर तथा ऋण लगानीलाई व्यवस्थित र प्रतिफलयुक्त बनाउन लगानी नीति तर्जुमा गरी लागु गरिने। नेपाल टेलिकम, नेपाल वायुसेवा निगम लगायत सार्वजनिक संस्थानको निश्चित प्रतिशत शेयर विनिवेश गर्ने नीति लिइने। निरन्तर घाटामा गएका र कार्यसम्पादनस्तर कमजोर रहेका संस्थानमा रणनीतिक साझेदार भित्र्याई व्यवस्थापन सुधार प्रक्रिया शुरू गरिने। | • शेयर तथा ऋण लगानी नीतिको मस्यौदा तयार भएको। |
| ४३१ | सार्वजनिक संस्थानमा सञ्चालक तथा प्रमुख कार्यकारी नियुक्ति गर्दा पारदर्शी प्रक्रिया अवलम्वन गरी योग्य व्यक्ति छनौट गरिने। संस्थानको सञ्चालक तथा कर्मचारीको सेवा सुविधा लगायतका विषयमा एकरूपता कायम गरी व्यवस्थित र पारदर्शी बनाउन मापदण्ड बनाइने। | • कार्यकारी प्रमुख नियुक्तिमा खुला प्रतियोगिताको माध्यमबाट छनौट हुने व्यवस्था कार्यान्वयनमा ल्याइएको।<br>• सञ्चालक सदस्य नियुक्ति "अर्थमन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड" मा भएको व्यवस्थाबमोजिम गर्ने गरिएको। |
| ४३२ | सार्वजनिक संस्थानलाई कम्पनी ढाँचामा सञ्चालन गर्ने नीति लिइने। सरकारी स्वामित्वका संस्थानहरूको सञ्चालन र व्यवस्थापनमा एकरूपता ल्याई व्यावसायिक र परिणाममूखी बनाउन होल्डिङ कम्पनी स्थापनाको सम्भाव्यता अध्ययन र पूर्व तयारीका कार्य अगाडि बढाइने। बन्द तथा खारेजीमा गएका संस्थानलाई कानूनी रूपमा फरफारक गरी राफसाफ गर्ने प्रक्रिया सम्पन्न गरिने। | • राष्ट्रिय बिमा संस्थानलाई राष्ट्रिय जीवन बिमा कम्पनीमा परिणत गरिएको।<br>• सार्वजनिक संस्थानसम्बन्धी अध्ययन कार्यदल गठन भई प्रतिवेदन प्राप्त भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४३३ | निजीकरण गरिएका संस्थानमा लामो समयदेखि समाधान हुन नसकेका विवादको निरूपण गरिने। निजीकरण गर्दाका बखत स्वीकार गरिएका सम्झौताका शर्त कार्यान्वयनमा जोड दिइने। सम्झौताको पालना नगर्ने कम्पनीका सञ्चालक र लगानीकर्तालाई कारवाहीको दायरामा ल्याइने। | • निजीकरणलाई व्यवस्थित र प्रभावकारी बनाउने विभिन्न विषयमा निजीकरण समितिमा छलफल भइरहेको। |
| ४३४ | विकास सहायतालाई राष्ट्रिय हित, आवश्यकता र प्राथमिकताको आधारमा उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गरिने। विकास सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गर्दै लगिने। आन्तरिक स्रोतमा देखिएको न्यूनता परिपूर्ति गर्ने गरी अनुदान र सहुलियतपूर्ण ऋण परिचालनमा जोड दिइने। | • नयाँ आयोजनाको लागि सहायता सम्बन्धी वार्तामा सो पक्षलाई प्राथमिकता दिइएको।<br>• विकास सहायता नीतिको पुनरावलोकन गर्ने कार्य भइरहेको। |
| ४३५ | विकास सहायताको उपयोग मार्फत राष्ट्रिय क्षमता अभिवृद्धि गरी क्रमशः सहायता प्रतिको निर्भरता घटाइने। आन्तरिक क्षमता अभिवृद्धि गरी प्राविधिक सहायताको परिचालन कम गर्दै लगिने। | • नयाँ आयोजनाको लागि सहायता खोजी वा प्राप्ति गर्दा तथा सहायता स्वीकार गर्ने छलफल तथा वार्तामा बस्दा सो पक्षलाई प्राथमिकता दिइएको। |
| ४३६ | आयोजना विकासका सम्पूर्ण तयारी पूरा भएपछि मात्र विकास सहायताको सम्झौता गर्ने प्रणाली विकास गरिने। | • आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटमा भएको प्रावधान अनुसार आयोजना विकासका सम्पूर्ण तयारी पूरा भएपछि मात्र विकास सहायताको सम्झौता गर्ने प्रणालीको विकास गर्ने विषयमा पूर्व तयारी सुनिश्चित गर्न पूर्व तयारी परीक्षण सूची (Project Readiness Filter) सहितको निर्देशिकाको मस्यौदा तयार गर्न कार्यदल गठन भएको र उक्त कार्यदलले अन्य राष्ट्र र अन्तर्राष्ट्रिय विकास साझेदारहरूले गरेको अभ्यास अध्ययन गरिरहेको।<br>• Project Readiness Filter स्वीकृतिका लागि पेश गर्ने प्रक्रियामा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४३७ | जलवायु परिवर्तनको असर कम गर्दै हरित अर्थतन्त्र विकास गर्न उपलब्ध जलवायु कोष लगायतका वैदेशिक स्रोतको अधिकतम परिचालनका लागि आयोजनाको तयारीमा गुणस्तर कायम गरी प्रतिस्पर्धी परियोजनाको विकासमा जोड दिइने। | • जलवायु कोष लगायतका नवीनतम् विकास उपकरणहरूको अधिकतम परिचालनका लागि विकास साझेदार लगायत सम्बद्ध निकायहरूसँग अन्तर्क्रिया, छलफल, वार्ता तथा पैरवी गरिएको।<br>• आकर्षक आयोजना विकास गर्न तथा स्रोतमा पहुँच वृद्धि गर्न प्राविधिक सहायता परिचालन गरिएको।<br>• आयोजनाको तयारीमा गुणस्तर कायम गरी प्रतिस्पर्धी परियोजनाको विकासमा जोड दिन Project Readiness Filter तयारी र उपयोगसम्बन्धी निर्देशिका तयार गर्ने कार्य भइरहेको।<br>• COP २८ मा नेपाली प्रतिनिधिमण्डलले जलवायु परिवर्तनको विविध असरबाट नेपाल प्रभावित भएको सन्दर्भमा विकास साझेदारहरूले यस्तो सहायता परिचालन गर्दा नेपाल जस्ता देशको पक्षमा सहुलियतपूर्ण सहयोगको परिचालनमा वृद्धि गर्नुपर्ने धारणा राखेको र सोको लागि द्विपक्षीय तथा बहुपक्षीय बैठकहरूमा lobbying समेत गरिरहेको। |
| ४४४ | कर्मचारी सञ्चय कोषबाट सञ्चालित सञ्चयकर्ता स्वास्थ्योपचार कार्यक्रमको दायरा विस्तार गरी सञ्चयकर्ताको पति वा पत्नी समेतलाई समावेश गर्ने व्यवस्था मिलाइने। | • कर्मचारी सञ्चय कोषबाट सञ्चालित सञ्चयकर्ता स्वास्थ्योपचार कार्यक्रमको दायरा विस्तार गरी सञ्चयकर्ताको पति वा पत्नी समेतलाई समावेश गर्ने व्यवस्था कार्यान्वयनमा आएको। |
| ४४९ | विद्यमान कर प्रणाली सुधारका लागि उच्चस्तरीय समिति गठन गरिने। | • कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समिति गठन भई उक्त समितिबाट प्रतिवेदन प्राप्त भइसकेको। |
| ४५० | आर्थिक कारोबारका सूचनाहरूलाई एकीकृत गरी उपयोग गर्न निकायगत सूचना प्रणालीबीच अन्तर आवद्धता कायम गरी स्वचालित बनाइने। | • कार्यदल गठन भई कार्यप्रक्रियामा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४५२ | मूल्य अभिवृद्धि करमा दर्ता भई वार्षिक एक करोड रुपैयाँसम्मको कारोबार गर्ने करदाताले हाल हरेक महिना कर र सोको विवरण पेश गर्ने व्यवस्था रहेकोमा अबदेखि चार चार महिनामा पेश गर्ने व्यवस्था गरी कर सहभागिता लागत र समय घटाई साना करदातालाई सुविधा दिने व्यवस्था मिलाइएको। | • आन्तरिक राजस्व विभागको ITS प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको। |
| ४५३ | सूचना प्रणालीलाई थप सुदृढ बनाउँदै कारोबारको प्रकृतिअनुसार कारोबार रकमको न्यूनतम सीमा तोकी अनिवार्य रूपमा विद्युतीय प्रणाली मार्फत बीजक जारी गर्ने व्यवस्था मिलाई वार्षिक पच्चीस करोडभन्दा बढी रकमको कारोबार गर्ने करदातालाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा आवद्ध गरिने। | • सम्वत् २०८० चैत मसान्तसम्म १५४० करदातालाई केन्द्रीय बीजक अनुगमन प्रणाली (CBMS) मा आवद्ध गर्ने लक्ष्य रहेकोमा २२०६ थप करदाताहरूलाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा आवद्ध गरिएको। केन्द्रीय बीजक अनुगमन प्रणालीमा आवद्ध हुनुपर्ने बाँकी करदाताहरूलाई सो प्रणालीमा आवद्ध गर्न विभाग मातहत कार्यालयहरूलाई निर्देशन भई कार्य भइरहेको। |
| ४५५ | अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने समय र लागत घटाउन नेपाल राष्ट्रिय एकद्वार प्रणाली सम्वद्ध सबै निकायमा विस्तार गरी यसको दिगोपना सुनिश्चित गरिने। | • एकद्वार प्रणाली कार्यान्वयनका लागि MOU भएको निकायः २३<br>• एकद्वार प्रणाली लागु भएको निकायः १५<br>• हालसम्म एकद्वार प्रणालीबाट प्राप्त जम्मा अनुमतिः ४ लाख २८ हजार ६ सय ७ वटा<br>• प्रयोग भएका अनुमतिः २ लाख ३९ हजार २ सय ३६ वटा |
| ४५६ | लगानीमैत्री कर नीति अवलम्वन गरी स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण निर्माण गर्न एवं राजस्व परिचालनलाई प्रभावकारी बनाउन विद्यमान कर छुट सुविधाको प्रभावको आधारमा पुनरावलोकन गरिने। | • कार्यान्वयनमा रहेको। |
| ४५९ | मुलुकमा औद्योगिक एवं व्यवसायिक वातावरण निर्माण गर्न तथा व्यापार | • विश्व व्यापार संगठन (WTO) को व्यापार सहजीकरण सम्झौता र परिमार्जित क्योटो |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सहजीकरणका लागि भन्सार महसुल लगाउने, महसुल निर्धारणका आधार तोक्ने, भन्सार महसुल दर तोक्ने वा हेरफेर गर्ने लगायतका विषयलाई पारदर्शी, अनुमानयोग्य र अन्तर्राष्ट्रिय असल अभ्यास अनुकूल हुनेगरी नयाँ भन्सार ऐन तथा भन्सार महसुल ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने। | अभिसन्धिको सामान्य अनुसूचीका प्रावधानहरूसँग तादम्यता कायम हुने गरी एवं सरोकारवालाहरूसँग भएका छलफलमा उठेका विषयहरूलाई समेत समावेश गरी नयाँ भन्सार ऐनको मस्यौदा तयार भई संघीय संसदमा पेश गरिएको।<br>• विदेशी मुलुकबाट आयात गरिने वा विदेशी मुलुकमा निकासी गरिने वस्तुमा भन्सार महसुलका दरहरू तोक्ने, त्यसरी लगाइएको भन्सार महसुल आवश्यकताअनुसार पूरै वा आंशिक रूपमा छुट दिने, विदेशी मुलुकहरूसँग गरिएको सन्धि तथा सम्झौताअनुसार भन्सार महसुलमा सहुलियत वा छुट दिने, स्वदेशी उद्योगको संरक्षण एवं प्रवर्द्धनका लागि भन्सार दर समायोजन गर्ने जस्ता विषय समेटी भन्सार महसुल ऐनको मस्यौदा तर्जुमा सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। नेपाल पक्ष राष्ट्र भएका महासन्धि एवं सम्झौतामा भएका मापदण्डहरू कार्यान्वयनमा ल्याइएको। |
| ४६१ | मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क छुट भएका वस्तु उत्पादन गरी निकासी गर्ने उद्योगले कच्चा पदार्थ खरिदमा तिरेको मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क फिर्ता दिने व्यवस्था मिलाइएको। | • प्रणालीमा सुधार गरी कार्यान्वयन भइरहेको। |
| ४६२ | स्वदेशी मदिरा उत्पादकले गुणस्तरीय मदिरा उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली ब्राण्डका मदिरा निर्यात प्रवर्धन गर्न 'एक्स्ट्रा न्यूट्रल अल्कोहल' स्प्रिटलाई रिडिस्टिलेसन गर्नसक्ने व्यवस्था मिलाइने। | • कार्यविधि तयार भई कार्यान्वयनमा ल्याइएको। |
| ४६३ | वातावरण प्रदूषण नियन्त्रणमा सहयोग पुऱ्याउने हेतु गुट्खा तथा सूर्ती उद्योगले | • परिपत्र तथा अन्तर्क्रिया सम्पन्न भएको। केही उद्योगले कार्यान्वयनमा ल्याएको र |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अन्तःशुल्क लाग्ने वस्तु प्याकिङ्ग गर्दा प्रयोग गर्ने प्लास्टिकजन्य वस्तुको सट्टामा २०८१ वैशाख १ गतेदेखि अनिवार्यरूपमा जैविक रूपमा सडेर जाने 'बायो डिग्रेडेवल' जैविक वस्तुमा प्याकिङ गर्ने व्यवस्था मिलाइने। | सम्वत् २०८१ वैशाखदेखि पूर्णरूपमा कार्यान्वयनमा ल्याइने। |
| ४६४ | गैरकर राजस्वका दरमा समयानुकूल पुनरावलोकन गरी अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइने। गैरकर राजस्वलाई लागत प्रभावी, पारदर्शी, वैज्ञानिक र व्यवस्थित बनाउन गैरकर प्रशासनसम्बन्धी छाता कानून तर्जुमा गरी कार्यान्वयन गरिने। | • गैरकर राजस्वको दरमा समयानुकूल पुनरावलोकन गरी अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउने सन्दर्भमा गैरकरको प्रशासन गर्ने निकायहरूलाई सङ्कलन गरिने गैरकर राजस्वका दरमा समयानुकूल पुनरावलोकन गरी सहमतिका लागि यस मन्त्रालयमा पत्राचार गर्न र गैर कर राजस्वको लक्ष्य निर्धारण, सङ्कलन तथा अभिलेख व्यवस्थापन गरी नियमित अनुगमन, नियमन र आवधिक समीक्षा गर्ने गराउने व्यवस्थाका लागि गैरकरको प्रशासन गर्ने निकायहरूलाई जानकारी गराई कार्य अघि बढाइएको।<br>• गैरकर प्रशासनसम्बन्धी छाता कानून तर्जुमा गर्ने सन्दर्भमा गैर कर राजस्व सङ्कलनमा उच्च योगदान रहेका विषयगत मन्त्रालय, कानून मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतका निकायका प्रतिनिधि रहने गरी राजस्व व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन भई कार्य भइरहेको। |
| ४६५ | राजस्व प्रशासनलाई स्वच्छ, पारदर्शी, प्रविधिमैत्री, व्यावसायिक र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवं कर परिपालना अभिवृद्धि गरिने। | • सम्वत् २०८० चैत मसान्तसम्म ६७२ वटा करदाता शिक्षा कार्यक्रम सम्पन्न गरिएको। क्षमता विकासका लागि कर्मचारीलाई सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्रको सहकार्यमा तालीम प्रदान गरिएको। वार्षिक रूपमा सम्पन्न गर्नुपर्ने गरी लक्ष्य तोकिएको करदाता शिक्षा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | कार्यक्रम र तालीम कार्यक्रमको बाँकी लक्ष्य चालु आर्थिक वर्ष भित्र पूरा गर्ने गरी कार्ययोजना बनाई कार्य भइरहेको। |
| ४६६ | कर प्रशासनबाट प्रवाह हुने सेवालाई स्वचालित प्रणालीमा आवद्ध गर्दै लैजाने नीतिअनुरूप सबै करदातालाई क्युआर कोडसहितको कर चुक्ता प्रमाणपत्र स्वचालित रूपमा उपलब्ध हुने व्यवस्था मिलाइने। | • डे-०१, डे-०२ र डे-०३ आयविवरण पेश गर्ने करदाताहरूले QR Code सहितको करचुक्ता प्रमाणपत्र प्राप्त गर्ने प्रणालीको विकास भई कार्यान्वयनमा आएको।<br>• डे-०१ र डे-०२ आयविवरण पेश गर्ने करदाताको हकमा कर चुक्ता प्रमाणपत्र स्वचालित प्रणालीबाटै जारी हुने व्यवस्था भएको। |
| ४६७ | भन्सारमा पेश गर्नुपर्ने सबै किसिमका कागजात क्रमशः विद्युतीय माध्यमबाट पेश गर्न सक्ने व्यवस्था मिलाई भन्सार जाँचपास प्रणालीलाई सरल र पारदर्शी बनाइने। मालवस्तु तथा यात्रुको जाँचपासमा आधुनिक उपकरणको प्रयोग बढाउँदै लगिने। | • चरणवद्ध रूपमा कागजरहित भन्सार जाँचपास प्रणाली कार्यान्वयन गर्ने सिलसिलामा मेची, विराटनगर, जलेश्वर, वीरगञ्ज, सुक्खा बन्दरगाह, त्रिभुवन विमानस्थल, रसुवा, भैरहवा, महेशपुर, कृष्णनगर, कैलाली र नेपालगञ्ज भन्सार कार्यालयमा निकासीमा पेस गर्नुपर्ने सबै कागजात अनलाइन मार्फत सम्प्रेषण गर्ने गरी प्रणालीको स्तरोन्नति गरिएको।<br>• चिनियाँ सरकारको सहयोगमा तातोपानी भन्सार कार्यालयका लागि Container/ Vehicle Inspection System Loaded by vehicle र CT Baggage Scanning Inspection System प्राप्त भएको। |
| ४६८ | सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति, ओजोन तहलाई नष्ट गर्ने पदार्थ तथा वातावरणलाई प्रतिकूल प्रभाव पार्ने प्रतिबन्धित एवं हानिकारक वस्तु नियन्त्रणको लागि त्यस्ता वस्तु परीक्षण गर्न सक्ने गरी भन्सार प्रयोगशालाको क्षमता अभिवृद्धि गरिने। | • भन्सार प्रयोगशालाको क्षमता अभिवृद्धिका लागि प्रयोगशाला उपकरण खरिद गर्न Technical Specification तयार गरी पेश गर्नका लागि विशेषज्ञ छनोटको कार्य सम्पन्न भएको। विशेषज्ञबाट Technical Specification तयार गर्ने कार्य भइरहेको। |
| ४६९ | कूटनीतिक नियोगले प्राप्त गर्ने मूल्य अभिवृद्धि कर फिर्तासम्बन्धी व्यवस्थालाई थप सरलीकृत एवं प्रभावकारी बनाउन ग्रीन | • कूटनीतिक नियोगले प्राप्त गर्ने मूल्य अभिवृद्धि कर फिर्तासम्बन्धी व्यवस्थालाई थप सरलीकृत एवं प्रभावकारी बनाउन |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | च्यानलको माध्यमबाट स्वचालित रूपमा बैङ्क खातामा कर फिर्ता हुने व्यवस्था मिलाइने। | ग्रीन च्यानलको माध्यमबाट स्वचालित रूपमा बैङ्क खातामा कर फिर्ता हुने व्यवस्थाका सम्बन्धमा सम्वत् २०८० मंसिर ७ गतेका दिन माननीय अर्थमन्त्रीज्यूबाट उदघाटन गरी उक्त प्रणालीबाट करफिर्ता दिन शुरू गरिएको। |
| ४७० | स्वैच्छिक कर सहभागिता अभिवृद्धि तथा कर चुहावट नियन्त्रणका लागि कर परीक्षणलाई अन्तर्राष्ट्रिय अभ्यासअनुरूप विद्युतीय प्रणालीमा आधारित 'इ-एसेसमेन्ट पद्धति' को सुरूवात गरिने। | • मिति २०८०/०७/०१ देखि कर परीक्षणसम्बन्धी कार्य अनिवार्यरूपमा Audit Report Management system (ARMS) बाट गर्नेगरी कार्यान्वयनमा ल्याइएको। ई- एसेसमेन्ट कार्यविधि तयार गर्नका लागि विज्ञ छनौट भई कार्य भइरहेको। |
| ४७१ | शैक्षिक परामर्शदाता मार्फत विदेशमा अध्ययन गर्न नो अब्जेक्सन सर्टिफिकेट लिँदा र विदेशी विश्वविद्यालयमा बैङ्कबाट विदेशी मुद्रा पठाउँदा सम्बन्धित शैक्षिक परामर्श संस्थाको स्थायी लेखा नम्बर अनिवार्यरूपमा उल्लेख गर्नुपर्ने व्यवस्था मिलाइने। | • सार्वजनिक सूचना प्रकाशित गरिएको साथै सम्बन्धित निकायलाई पत्राचार गरिएको। |
| ४७२ | पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा सम्बन्धित नियामक निकायमा अनिवार्य रूपमा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिने। | • सार्वजनिक सूचना प्रकाशित गरिएको साथै सम्बन्धित निकायलाई पत्राचार गरिएको। |
| ४७३ | स्थायी लेखा नम्बरलाई राष्ट्रिय परिचय पत्रसँग आवद्धता गरी कराधार विस्तार गर्दै लगिने। बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थामा खाता सञ्चालन गर्दा स्थायी लेखा नम्बरलाई अनिवार्य गर्दै लगिने। | • राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र आन्तरिक राजस्व विभाग बीच छलफल तथा अन्तर्क्रिया भई बैङ्क खाताहरूमा हाललाई निश्चित रकमभन्दा माथि अनिवार्य गरिएको। साथै, उक्त विभागसँग अन्तर आवद्धता गर्ने प्रक्रिया अगाडि बढाइएको। |
| ४७४ | संङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले स्थायी लेखा नम्बर लिई विद्युतीय | • सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले स्थायी लेखा नम्बर लिई |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गरी सोको प्रभावकारी कार्यान्वयन गरिने। सरकारी भुक्तानी गर्दाकै बखत कर कट्टी भई दाखिल हुने स्वचालित प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइने। | विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको।<br>• सरकारी भुक्तानी गर्दाकै बखत कर कट्टी भई दाखिला हुने स्वचालित प्रणालीको विकास गरी परीक्षणको रूपमा रहेको। |
| ४७६ | भन्सार मूल्याङ्कनलाई कारोबारमा आधारित बनाई यथार्थपरक बनाउन अनलाइन मूल्याङ्कन तथ्याङ्काधार निर्माण गरी मूल्याङ्कन प्रणालीमा आवद्ध गरिने। | • Online Based Customs Valuation Database निर्माणका लागि भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखाका निर्देशकको संयोजकत्वमा कार्यदल गठन भई कार्य भइरहेको। साथै, अनलाइन मूल्याङ्कन तथ्याङ्कधार निर्माण गर्न पैठारी हुँदाका बखत ब्रान्ड/उत्पादक, मोडल, साइज/क्षमता अनिवार्य उल्लेख हुनुपर्ने मालवस्तुको प्रारम्भिक सूची तयार गरिएको। |
| ४७८ | भन्सार जाँचपास कार्यालयको पुनर्संरचना गरी जाँचपास पछिको परीक्षण कार्यलाई प्रभावकारी बनाइने। | • भन्सार जाँचपास परीक्षण कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी कार्य भइरहेको। |
| ४८० | ट्रान्सफर प्राइसिङ्गको माध्यमबाट कराधार क्षयीकरण, मुनाफाको स्थानान्तरण तथा आयको खण्डीकरणबाट हुन सक्ने कर छली नियन्त्रण गरिने। | • ट्रान्सफर प्राइसिङ्गसम्बन्धी निर्देशिकाको मस्यौदा तयार भई छलफलको चरणमा रहेको। |
| ४८१ | गुणस्तर कमसल भएका, नक्कली तथा अवैध रूपमा पैठारी भएका मालवस्तुको प्रयोगमा नियन्त्रण तथा निरुत्साहन गरी उपभोक्ताको हित संरक्षणका लागि सम्वत् २०८० साउन १ गतेपछि आयात भएका मालवस्तुको प्याकेजिङमा आयातकर्ता र बजार वितरकको लेबल लगाएर मात्र बजारमा पठाउन पाउने व्यवस्था मिलाइने। | • मिति २०८०/०४/०१ देखि पैठारी हुने मालवस्तु जाँचपास गर्दा प्रज्ञापनपत्रमा "प्रस्तुत मालवस्तुको प्याकेजिङ्गमा आयातकर्ता र बजार वितरकको लेवल लगाएर मात्र बजारमा पठाउन पाइनेछ।" उल्लेख भएको छाप लगाएर मात्र पठाउन भन्सार विभागको मिति २०८०/०३/०६ को निर्णयानुसार परिपत्र गरिएको र सोको कार्यान्वयन भइरहेको। अनुगमनको कार्य आन्तरिक राजस्व विभाग र मातहतका कार्यालय, भन्सार विभाग र मातहत |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | कार्यालय तथा वाणिज्य विभाग र मातहत कार्यालय समेतको समन्वयमा संचालन भइरहेको। |
| ४८४ | स्वदेशी उद्योगको उत्पादन प्रवर्द्धन गर्न सम्वत् २०८० श्रावण १ गतेपछि सम्झौता हुने आयोजनाका लागि आवश्यक पर्ने सिमेन्ट, फलामे डन्डी, फलामे पाइप तथा प्लाष्टिकका पाइप, जस्तापाता, विद्युतीय केवल जस्ता स्वदेशमा पर्याप्त उपलब्ध हुने वस्तुको पैठारीमा लाग्ने महसुल छुट दिने गरी सम्झौता नगरिने। स्वदेशी उद्योगले यस्ता वस्तु आयोजनालाई बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिएर बिक्री गर्न सक्ने व्यवस्था मिलाइने। | • सम्वत् २०८० श्रावण १ गतेपछि सम्झौता हुने आयोजनाका लागि महसुल छुट दिने गरी सम्झौता नभएको।<br>• स्वदेशी उद्योगले उक्त बुँदामा उल्लिखित स्वदेशमा उपलब्ध हुने वस्तुहरू आयोजनालाई बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिएर बिक्री गर्न सक्ने गरी कानूनी व्यवस्था भएको। |
| ४८६ | सम्वत् २०८० साल जेठ १५ गतेसम्म नेपालमा प्रयोगमा रहेका तर नेपाल दूरसञ्चार प्राधिकरणले कार्यान्वयनमा ल्याएको मोबाइल डिभाइस म्यानेजमेन्ट प्रणाली (MDMS) का कारणले दर्ता हुन नसकेका मोबाइल फोन सम्बन्धित प्रयोगकर्ताले एकपटकका लागि २०८० असार मसान्तसम्ममा तोकिएबमोजिमको एकमुष्ट महसुल बुझाइ दर्ता गर्न सक्ने। | • उल्लिखित व्यवस्थाको कार्यान्वयन गरी IPhone १६७० वटा, स्मार्ट फोन २२५१ वटा र सामान्य मोवाइल फोन १२५ वटाबाट जम्मा रु.२ करोड ३४ लाख ७८ हजार राजस्व संकलन गरिएको। |
| ४८७ | वार्षिक पचास लाख रुपैयाँभन्दा बढी आय भएका प्राकृतिक व्यक्तिलाई लाग्दै आएको आयकरको दरमा सामान्य वृद्धि गरिएको। | • प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको। |
| ४८८ | सूचना प्रविधिमा विजनेश प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङ जस्ता सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई विदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाइएको। | • प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको। |
| ४८९ | नेपालमा विद्युतीय सेवा बिक्री गर्ने गैरबासिन्दा व्यक्तिलाई करको दायरामा | • नेपालमा विद्युतीय सेवा बिक्री गर्ने गैरबासिन्दा व्यक्तिलाई करको दायरामा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | ल्याउन सम्वत् २०८० साल जेठ मसान्तसम्मको मूल्य अभिवृद्धि कर सम्वत् २०८० साल असार २५ गतेसम्म दाखिला गरेमा सोमा लाग्ने शुल्क, ब्याज र थप दस्तुर मिनाहा हुने व्यवस्था मिलाइएको। | ल्याउन सम्वत् २०८० साल जेठ मसान्तसम्मको मूल्य अभिवृद्धि कर सम्वत् २०८० साल असार २५ गतेसम्म दाखिला गरेमा सोमा लाग्ने शुल्क, ब्याज र थप दस्तुर मिनाहा हुने व्यवस्था मिलाएकोमा उक्त अवधिमा १० करदाता दायरामा आई ९ लाख ४० हजार दाखिला भएको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १ | सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ | नयाँ |
| २ | मूल्य अभिवृद्धि कर (पच्चीसौं संशोधन) नियमावली, २०८० | संशोधन |
| ३ | अन्तःशुल्क (पच्चीसौं संशोधन) नियमावली, २०८० | संशोधन |
| ४ | भन्सार (चौधौं संशोधन) नियमावली, २०८० | संशोधन |
| ५ | आयकर (चौधौं संशोधन) नियमावली, २०८० | संशोधन |
| ६ | मदिरा (तेस्रो संशोधन) नियमहरू, २०८० | संशोधन |
| ७ | कर्जा सुरक्षण (चौथो संशोधन) नियमावली, २०८० | संशोधन |
| ८ | धितोपत्र दर्ता तथा निष्काशन (सातौं संशोधन) नियमावली, २०८० | संशोधन |
| ९ | सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० | नयाँ |
| १० | मूल्य अभिवृद्धि कर (तेस्रो संशोधन) निर्देशिका, २०६९ | संशोधन |
| ११ | अन्तःशुल्क (चौथो संशोधन) निर्देशिका, २०६८ | संशोधन |
| १२ | ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८० | नयाँ |
| १३ | सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८० | नयाँ |
| १४ | वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्कसम्बन्धी कार्यविधि, २०८० | नयाँ |
| १५ | विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्तासम्बन्धी कार्यविधि, २०८० | नयाँ |
| १६ | आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० | नयाँ |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**बजेट प्रणाली, खर्च व्यवस्थापन र लेखा प्रणाली**

- आर्थिक वर्ष २०८१/८२ को बजेटको तयारीसम्बन्धी मार्गनिर्देशन तयार गरी सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरूमा मिति २०८०/११/१३ गते परिपत्रमार्फत जानकारी गराइएको।
- मन्त्रालयगत सूचना प्रणाली (LMBIS) मा क्रियाकलापको स्तरीकरण गर्ने कार्यदल गठन गरिएको र स्तरीकरणका प्रक्रिया शुरू गरिएको।
- २०८० श्रावणदेखि चैत्रमसान्तसम्ममा भए गरेका रकमान्तर, थप बजेट निकासा, स्रोत सुनिश्चितता सहमति, आर्थिक सहायता लगायतका विवरणहरू अर्थ मन्त्रालयको वेबसाइटमा राखी सार्वजनिकीकरण गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को बजेटको अर्धवार्षिक मूल्याङ्कन समीक्षा तथा पुस्तक प्रकाशन र सार्वजनिकीकरण गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन सबै मन्त्रालय/आयोग/कार्यालयहरूमा (सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा छुट्टा/छुट्टै) जारी गरी बजेट कार्यान्वयनका लागि सहजीकरण गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनका लागि (रकमान्तर, थप बजेट निकासा, स्रोत सुनिश्चितता सहमति, आर्थिक सहायता र रोक्का फुकुवा लगायतका) विषयगत निकायहरूलाई सहजीकरण गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को बजेट तयारीका लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त मन्त्रालयगत सिलिङ्गलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टि गरिएको।

**राजस्व व्यवस्थापनसम्बन्धीः**

**राजस्व सङ्कलनः**

- आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा कर राजस्व रु.६ खर्ब ७१ अर्ब ११ करोड ५५ लाख, गैरकर राजस्वतर्फ रु.७६ अर्ब ९२ करोड ५६ लाख र अन्य प्राप्ति २२ अर्ब २३ करोड ७४ लाख समेत गरी जम्मा रु.७ खर्ब ७० अर्ब २७ करोड ८५ लाख राजस्व सङ्कलन भएको छ। यस अवधिको राजस्व परिचालनको लक्ष्य रु.१० खर्ब ९ अर्ब ४१ करोड ८६ लाखको तुलनामा ७६ प्रतिशत राजस्व सङ्कलन भएको छ।

- राजस्व व्यवस्थापनका सन्दर्भमा सम्पादित प्रमुख कार्य तथा सूचकहरूः

आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्मको राजस्व सङ्कलनको विवरणः

| कर शीर्षक | लक्ष्य (रकम रु.लाखमा) | सङ्कलन (रकम रु.लाखमा) |
|---|---|---|
| **भन्सार महशुल** | **२,३४६,०४४** | **१,४३९,७०७** |
| पैठारी | १,८८२,८२१ | १,१५०,९०१ |
| निकासी | ५,२४३ | १,९१६ |
| पूर्वाधार कर | २२७,९८९ | १४२,६२५ |
| भन्सारको अन्य आय | ११,४७४ | २,८८१ |
| कृषि सुधार शुल्क | १०३,२३० | ५२,००१ |
| सडक मर्मत तथा सुधार दस्तुर | ७९,९०८ | ६०,६१० |
| सडक निर्माण तथा सम्भार दस्तुर | ३५,३७९ | २८,७७३ |
| **मूल्य अभिबृद्धि कर** | **३,०१२,२७५** | **२,१८१,४८२** |
| उत्पादन, विक्री, सेवा | १,०८७,१६३ | ८७२,१६३ |
| पैठारी | १,९२५,११२ | १,३०९,३१९ |
| **अन्तःशुल्क** | **१,४४९,२६०** | **१,०४४,१५७** |
| आन्तरिक उत्पादन | १,०७५,८८७ | ७७३,७०४ |
| पैठारी | ३७३,३७३ | २७०,४५३ |
| **शिक्षा सेवा शुल्क** | **१९,४३३** | **२३,७८१** |
| **आयकर** | **२,५०४,०८३** | **२,०२२,०२८** |
| आयकर | २,०९०,५४२ | १,७३८,३१८ |
| ब्याज कर | ४१३,५४१ | २८३,७०९ |
| **कर राजस्व जम्मा** | **९,३३१,०९५** | **६,७११,१५५** |
| **गैर कर जम्मा** | **७६३,०९१** | **७६९,२५६** |
| **कुल राजस्व** | **१०,०९४,१८६** | **७,४८०,४११** |
| **अन्य प्राप्ति** | | **२२२,३७४** |
| **जम्मा राजस्व/प्राप्ति** | **१०,०९४,१८६** | **७,७०२,७८५** |

- **करदाता दर्तासम्बन्धी विवरणः**

| क्र.सं. | दर्ताको प्रकार | २०८० साउनदेखि चैतसम्मको दर्ता | २०८० चैत मसान्तसम्मको जम्मा करदाता संख्या |
|---|---|---|---|
| १ | व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | ९०३०७ | १९६६६१२ |
| २ | करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं (WPAN) | ३९८७ | ३२०९४ |
| ३ | व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४५७२७३ | ४१०६८८७ |
| **जम्मा दर्ता** | | **५५१५६७** | **६१०५५९३** |
| ४ | मूल्य अभिवृद्धि कर (VAT) | २०४१२ | ३२८८८९ |
| ५ | अन्तःशुल्क (Excise) | ७४७७ | १२४१५२ |

- कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन मिति २०८०/१२/२० गते माननीय अर्थमन्त्रीज्यूसमक्ष पेस भएको।
- डे०१, डे०२ र डे०३ आय विवरण पेस गर्ने करदाताहरुले QR सहितको कर चुक्ता प्रमाणपत्र प्राप्त गर्ने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको।
- वीरगञ्ज भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय, कृष्णनगर भन्सार कार्यालय, महेशपुर भन्सार कार्यालय, रसुवा भन्सार कार्यालय, मेची भन्सार कार्यालय, विराटनगर भन्सार कार्यालय, जलेश्वर भन्सार कार्यालय, कैलाली भन्सार कार्यालय, त्रिभुवन विमानस्थल भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालयमा निकासीका लागि आवश्यक सबै कागजात अनिवार्य अनलाइन मार्फत पेस गर्नुपर्ने व्यवस्था लागु गरिएको।
- मिति २०८०/०७/०१ गतेदेखि लागु हुने गरी कर परीक्षणसम्बन्धी कार्य अनिवार्यरूपमा Audit Report Management system(ARMS) मार्फत गर्ने गरी कार्यान्वयनमा आएको।
- कूटनीतिक नियोगको मूल्य अभिवृद्धि कर ग्रीन च्यानलको माध्यमबाट स्वचालित रूपमा बैङ्क खातामा फिर्ता हुने प्रणालीको विकास गरिएको।
- पूर्वानुमानित र कारोबारका आधारमा आयविवरण दाखिला गर्ने करदाताले विद्युतीय माध्यमबाट कर चुक्ता प्रमाणपत्र प्राप्त गर्नसक्ने व्यवस्था गरी उक्त प्रमाणपत्रको आधिकारिकता विभागको वेबसाइटबाट जाँच गर्न मिल्ने गरी प्रणाली विकास गरिएको।

**प्रशासनिक तथा सङ्गठन सुधारः**

- मन्त्रालय र अन्तर्गत निकायहरूको संगठन तथा व्यवस्थापनको सर्वेक्षण प्रारम्भिक प्रतिवेदन उपर छलफल भई अन्तिम तयारीको चरणमा रहेको।

- वार्षिक कार्यक्रममा भएको ईमेल प्रणालीका लागि आवश्यक सुरक्षाका संयन्त्रहरू Secure Sockets Layer (SSL) र Endpoint Online Protection (EOP) को खरिद गरिएको, VMware को लागत अनुमान स्वीकृत भई खरिद प्रक्रियामा रहेको र Firewall लगायत IT उपकरणको TOR स्वीकृत भई खरिद प्रक्रियाको लागि अगाडि बढाइएको।
- मानव संसाधन अभिलेख व्यवस्थापनको लागि HRMIS software मा नियमित रूपमा अभिलेख अद्यावधिक गरिएको।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका नियामक निकायबाट प्राप्त उजुरीहरूका विषयमा छानविन तथा प्रतिक्रिया सम्बन्धमा समन्वय गरिएको।
- भन्सार ऐन बमोजिम भन्सार कार्यालयहरूबाट जफत भएका १५ (पन्ध्र) थान चारपाङ्ग्रे तथा ९४ (चौरानब्बे) थान दुइपाङ्ग्रे सवारी साधन विभिन्न निकायले प्रयोग गर्ने गरी हस्तान्तरण गरिएको।
- वार्षिक कार्यक्रममा भएको VMware र Firewall लगायत IT उपकरणहरूको APNIC, Power BI र Acrobat खरिद गरी सञ्चालन गरिएको TOR स्वीकृत भई खरिद प्रक्रियाको लागि अगाडि बढाइएको।
- यस मन्त्रालयमा सञ्चालनमा रहेका एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS), Microsoft Exchange Email System, Document Management System (DMS), Hall Booking and Display System लगायत अन्य विभिन्न सूचना प्रविधिसम्बन्धी प्रणालीहरूको व्यवस्थापन एवं सञ्चालन।
- NEPSAS मा आधारित एकीकृत केन्द्रीय आर्थिक विवरण तयार गरिएको।
- महालेखा परीक्षकको उनान्साठीऔं र साठीऔं प्रतिवेदनमा उठेका विषयहरूको लिखित जवाफ तयार गरी पेश गरिएको।

**२०८० चैत मसान्तसम्मको बेरुजुको अवस्थाः** **(रु.हजारमा)**

| **क्र.सं.** | **मन्त्रालय/निकाय** | **फछ्र्यौट हुन बाँकी बेरुजु** |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | ३७७४६ |
| २ | अर्थ मन्त्रालय निजिकरण इकाइ | ६१७६५१ |
| ३ | महालेखा नियन्त्रक कार्यालय | १८१४६२९ |
| ४ | आन्तरिक राजस्व विभाग | ७६०१४२४५ |
| ५ | भन्सार विभाग | ७४८८४१२ |
| ६ | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्र | ३३४ |
| ७ | ऋण असुली न्यायाधिकरण | ३ |
| ८ | सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय(पे.फा.) | १३२१ |
| ९ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ७९३८० |
| | **जम्मा** | **८६०५३७२१** |

**आर्थिक नीति विश्लेषण**

- Economic Lab सञ्चालनसम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमा गरी छलफलको क्रममा रहेको।
- आर्थिक सर्वेक्षणमा संशोधन गर्नुपर्ने विषय वस्तुका सम्बन्धमा (त्रिभुवन विश्व विद्यालय र काठमाडौं विश्व विद्यालयका प्राध्यापकबाट प्रस्तुतीकरण) अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको
- राजस्व सचिवज्यूको संयोजकत्वमा वित्त जोखिम समन्वय समिति गठन गरिएको।
- वित्त जोखिम रजिष्ट्रीसम्बन्धी निकायगत सम्पर्क व्यक्ति तोक्ने कार्य सम्पन्न भएको।
- आर्थिक वर्ष २०८०/८१ को आन्तरिक ऋण निष्कासनको वार्षिक कार्य तालिका र प्रथम ६ महिनामा उठाउने ऋणको निष्कासन र बोलकबोल तालिका स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।
- विश्व बैंक, दक्षिण एसिया क्षेत्रको प्रमुख अर्थशास्त्रीको टोलीसँग सार्वजनिक ऋणसम्बन्धी Policy Dialogue कार्यक्रम सम्पन्न गरिएको।
- आर्थिक वर्ष २०७९/८० को वार्षिक अर्थ बुलेटिन प्रकाशन गरिएको।
- Macro Economic Dash Board मासिक रूपमा अध्यावधिक गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को आन्तरिक ऋण निष्कासनको वार्षिक कार्य तालिका र प्रथम ६ महिनामा उठाउने ऋणको निष्कासन र बोलकबोल तालिका स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।
- आर्थिक वर्ष २०८०/८१ को चैत्र महिनासम्म रु.१ खर्ब ७६ अर्ब आन्तरिक ऋण परिचालन गरिएको।
- सार्वजनिक ऋण व्यवस्थापन रणनीति (MTDS) को मस्यौदा तयार गरी छलफलको क्रममा रहेको।
- Investing in Care Work and Care Work Economy विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।
- सार्वजनिक ऋण व्यवस्थापन नियमावली राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याइएको।
- सेयर तथा ऋण लगानी नीतिको मस्यौदा तयार गरी छलफलको क्रममा रहेको।
- विश्व बैङ्कको सहयोगमा Macro fiscal modal को जलवायु मोडलसम्बन्धी तालीम कार्यक्रम सम्पन्न भएको।

**योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा**

- आर्थिक वर्ष २०८०/८१ को बार्षिक बजेट कार्यान्वयन कार्ययोजना तयार भई एकीकृत अनुगमन प्रणालीमा समावेश गरी नियमित रूपमा प्रगति अद्यावधिक गरिएको।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनका लागि आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरिएका कार्यहरूको विवरण प्रत्येक त्रैमासिक अवधि समाप्त भएको १५ दिनभित्र यस मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरिएको।
- बिगुल तथा हेलो सरकारमार्फत प्राप्त गुनासोहरू नियमित रूपमा फछ्र्यौट भइरहेको।
- सूचना मागकर्तालाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नियमित रूपमा सूचना प्रदान भइरहेको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत अन्य विभिन्न मन्त्रालय/निकायहरूबाट माग भएको सूचना, जानकारी, सुझाव एवम् प्रगति विवरणहरू नियमित रूपमा पठाइएको।
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको प्रगति विवरण अद्यावधिक गरिएको।
- बैदेशिक सहायतामा सञ्चालित आयोजनाको कार्यान्वयन स्थितिको स्थलगत निरीक्षण, अनुगमन गर्ने  गरिएको।
- अर्थ मन्त्रालयका अर्थ सचिव तथा सचिव (राजस्व) र सम्बन्धित महाशाखा प्रमुख र विभागीय प्रमुख बिच आर्थिक वर्ष २०८०/८१ का लागि कार्य सम्पादन करार भएको।

**वित्तीय क्षेत्र व्यवस्थापन तथा सार्वजनिक संस्थान समन्वय**

- विभिन्न संस्थान, बोर्ड तथा प्राधिकरणहरूको सञ्चालक समितिमा सञ्चालकहरु मनोनयन गरिएको।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले Chartered Accountants Australia and New Zealand (CA ANZ) सँग Members Pathway को लागि गरेको समझदारी पत्र (MOU) मा परिमार्जनको सहमति प्रदान गरिएको।
- सार्वजनिक संस्थानहरूमा अर्थ मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक मनोनयन गर्ने, लाभांश वितरण, बोनस वितरण, कर्मचारी नियमावली तथा विनियमावली सम्बन्धमा राय परामर्श प्रदान गरिएको।
- राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको सञ्चालक समिति सदस्य पदमा ४ वर्षको लागि प्रा.डा. रामप्रसाद ज्ञवालीलाई नियुक्त गरिएको।
- नेपालको क्रेडिट रेटिङसम्बन्धी कार्यमा आवश्यक समन्वय र सहजीकरणको लागि Credit Oversight Committee मातहत रहने गरी वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको सहसचिवको संयोजकत्वमा कार्यदल गठन गरिएको।

- नेपाल सरकार, अर्थ मन्त्रालय र लघुवित्त तथा वित्तीय शोषण विरूद्धको संघर्ष समिति नेपाल बीच मिति २०८०/१२/०२ मा भएको ६ बुँदे सहमतिअनुसार लघुवित्त पीडितहरूको समस्या समाधानका लागि विकल्पसहितको प्रतिवेदन पेश गर्न नेपाल राष्ट्र बैंङ्कका डेपुटी गभर्नरको संयोजकत्वमा कार्यदल गठन भएको।
- राष्ट्रिय वाणिज्य बैङ्कको कर्मचारी सेवा शर्त विनियमावली (आठौं संशोधन २०८०),२०७० को मस्यौदा लोक सेवा आयोगमा परामर्शका लागि पठाइएको।
- वित्तीय क्षेत्रलाई सुदृढ, समावेशी, सबल एवं प्रभावकारी बनाउन तर्जुमा भएको दोस्रो वित्तीय क्षेत्र विकास रणनीतिको मस्यौदा सम्पादन तथा परिमार्जन गरी अन्तिमरूप दिन मस्यौदा सम्पादन समिति गठन गरिएको।
- साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पशुपालन (मासुजन्य र दुग्धजन्य) कर्जा तथा पशुधन कार्यक्रम अन्तर्गत दुग्धजन्य तथा मासुजन्य पशुपालन र तरकारी खेती कर्जा समेतका लागि विनियोजित ऋणको दोस्रो र तेस्रो किस्ता रकम निकासा उपलब्ध गराइएको।
- विभिन्न निकायबाट प्राप्त नियमावली तथा विनियमावलीको संशोधनसम्बन्धी मस्यौदामा राय, परामर्श तथा सहमति प्रदान गरिएको।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०५/१२ गतेको निर्णयानुसार निजीकरण समितिको बैठक बसी विभिन्न विषयमा छलफल गरिएको।

**अन्तर्राष्ट्रिय आर्थिक सहायता**

चालु आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा रू. ४१ अर्ब २२ करोड १८ लाख अनुदान सहायता र रू. ६० अर्ब ९१ करोड ९२ लाख ऋण गरी जम्मा रु. १ खर्ब २ अर्ब १४ करोड सहायता प्राप्त गर्ने सम्झौता सम्पन्न भएको। प्राप्त सहायता परिचालन हुने प्रमुख आयोजना/परियोजनाहरू निम्न बमोजिम रहेको छ।

- वातावरण परिवर्तनबाट हुने असरलाई न्यूनीकरण गर्दै स्थानीय रूपमा अनुकूलनका लागि युरोपियन युनियनबाट २२ मिलियन युरो (करिब रू. ३ अर्ब २५ करोड) अनुदान स्वीकार गर्ने २०८० साउन ५ मा सम्झौता सम्पन्न भएको।
- लखनदेही नदी आसपासका बिग्रदो जलाधार क्षेत्र र जीविकोपार्जनमा आएको ह्रासलाई दिगो भू व्यवस्थापनबाट पुनर्स्थापित गर्न हरित वातावरण कोषबाट १.५५ मिलियन अमेरिकी डलर (करिब रु. २० करोड २२ लाख) अनुदान सहायता स्वीकार गर्ने २०८० साउन ५ मा वित्तीय सम्झौता सम्पन्न भएको।

- ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट १०० मिलियन अमेरिकी डलर (करिब रु. १३ अर्ब २० करोड) सहुलियतपूर्ण ऋण स्वीकार गर्ने वित्तीय सम्झौता २०८० कार्तिक १४ मा सम्पन्न भएको।
- सबैका लागि गुणस्तरीय शिक्षा अन्तर्गत शिक्षा क्षेत्र सुधारका लागि युरोपियन युनियनबाट ५० मिलियन युरो (करिब रू. ७ अर्ब ३८ करोड) अनुदान स्वीकार गर्न २०८० साउन २७ मा वित्तीय सम्झौता सम्पन्न भएको।
- स्वीट्जरलैण्ड सरकारको अनुदान सहयोगमा सञ्चालित ENSSURE-Phase II कार्यक्रम कार्यान्वयनका लागि ४.४६ मिलियन स्वीस फ्र्यान्क (करिब रू. ६८ करोड ४० लाख) थप अनुदान सहायता स्वीकार गर्ने वित्तीय सम्झौता २०८० मंसिर १८ मा सम्पन्न भएको।
- खाद्य र पोषण सुरक्षा अभिवृद्धि आयोजना (दोस्रो) कार्यान्वयनका लागि विश्व बैकबाट २० मिलियन अमेरिकी डलर (करिब रु. २६ करोड ६० लाख) अनुदान सहायता स्वीकार गर्न २०८० मंसिर १५ मा वित्तीय सम्झौता सम्पन्न भएको।
- लगानी र उद्यम अभिवृद्धि मार्फत आर्थिक विकास गर्ने सम्बन्धी उदय आयोजना कार्यान्वयनका लागि स्वीस सरकारले प्रदान गर्ने ५.४५ मिलियन स्वीस फ्र्यान्क (करिब रु. ८२ करोड ५ लाख) अनुदान सहायता स्वीकार गर्ने वित्तीय सम्झौता २०८० कार्तिक २६ मा सम्पन्न भएको।
- ऊर्जा अन्तर्गत ट्रान्समिशन लाइन र सोलार तथा स्वास्थ्य र सामाजिक सुरक्षा क्षेत्र समेतमा सहयोग गर्ने गरी जर्मन सरकारसँग ३५ मिलियन युरो (करिब रु. ५ अर्ब ३९ करोड) वित्तीय अनुदान सहयोग र २१ मिलियन युरो (करिब रु. ३ अर्ब ५ करोड) प्राविधिक अनुदान सहायता गरी ५६ मिलियन युरो (करिब रु. ८ अर्ब ४४ करोड) सहायता स्वीकार गर्न २०८० माघ ९ मा वित्तीय सम्झौता सम्पन्न भएको।
- Green Growth Nepal (GGN) र Nepal in Business (NIB) आयोजना कार्यान्वयनका लागि बेलायत सरकारबाट करिब ७५ मिलियन स्टर्लिङ्ग पाउण्ड अनुदान सहायता परिचालन गर्ने सम्बन्धमा मिति २०८० फागुन ८ मा सम्झौता सम्पन्न भएको।
- Urban Resilience and Livability Improvement Project कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट अनुदान सहायताको रूपमा अमेरिकी डलर ६० लाख (करिब रु. ७९ करोड ५० लाख) र ऋण सहायताको रूपमा अमेरिकी डलर १६ करोड (करिब रु. २१ अर्ब २१ करोड ९२ लाख) प्राप्त गर्ने सम्बन्धमा मिति २०८० माघ ३ गते सम्झौता सम्पन्न भएको।
- Strengthening Public Financial Management and Devolved Service Delivery कार्यान्वयनका लागि एसियाली विकास बैङ्कबाट अमेरिकी डलर १० करोड (करिब रु.१३

अर्ब) बराबरको सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने सम्बन्धमा मिति २०८० मंसिर ८ मा सम्झौता सम्पन्न भएको।

- Nepal Quality Health Systems Program Operation कार्यान्वयनका लागि विश्व बैंकबाट अनुदान सहायताको रूपमा अमेरिकी डलर ३८ लाख (करिब रु. ५० करोड ६० लाख) र ऋण सहायताको रूपमा अमेरिकी डलर १० करोड (करिब रु. १३ अर्ब २० करोड) प्राप्त गर्ने सम्बन्धमा समझदारी पत्रमा मिति २०८० कार्तिक १६ मा सम्झौता सम्पन्न भएको।

**वित्तीय सङ्घीयता**

- आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश तथा स्थानीय तहलाई अन्तरसरकारी वित्त हस्तान्तरणसम्बन्धी व्यवस्था र मार्गदर्शन तयार गरी सबै प्रदेश तथा स्थानीय तहलाई पठाइएको।
- आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको अनुमानित हिस्सा एवं वित्तीय समानीकरण अनुदानको रकम उपलब्ध गराइएको।
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच आर्थिक वर्ष २०७९/८० मा संकलन भएको रोयल्टी रकम बाँडफाँट गरिएको।
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक संशोधन तथा परिमार्जन गर्नको लागि समिति गठन भई प्रारम्भिक मस्यौदाको कार्य भइरहेको।
- २०८० चैत्र मसान्तसम्म प्रदेश सरकारलाई रु.९४ अर्ब २५ करोड ६७ लाख र स्थानीय तहहरूमा रु.२ खर्ब ३५ अर्ब २९ करोड १७ लाख वित्तीय हस्तान्तरण गरिएको।

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल)**

**आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्मको प्रगतिः**

| मुख्य क्रियाकलाप | प्रगति |
|---|---|
| • लप्सिफेदी-रातमाटे - न्युहेटौडा सवस्टेसन-११८ किलो मिटर (Lot 1)<br>• रातमाटे-दमौली सवस्टेसन-९०किलो मिटर (Lot 2)<br>• न्युबुटवल - न्युदमौली सवस्टेसन - ८९ किलो मिटर/बुटवल सवस्टेसन-भारतको सीमासम्म-१८ किलो मिटर (Lot 3) | • ट्रान्समिसन लाईन निर्माणको ठेक्काका लागि प्राप्त भएका बोलपत्रहरू लागत अनुमानभन्दा निकै बढी रहेकोले सीमित बजेटभित्र रही उक्त ठेक्का अघि बढाउन सक्ने अवस्था नरहेको हुँदा उक्त बोलपत्रहरू रद्द गरी परिमार्जित डिजाइनअनुरूपको नयाँ बोलपत्र आह्वान गर्ने प्रक्रियामा रहेको। यसमध्ये न्यु बुटवल देखि नेपाल भारत सीमासम्मको करिब १८ किलो मिटर सेगमेन्टलाई |

| | |
|---|---|
| | प्राथमिकतामा राखी उक्त सेगमेन्टको बोलपत्र आह्वान भइसकेको र ठेक्का सम्झौता आउँदो असारमा गर्ने लक्ष्य रहेको। त्यसै अनुरूप उक्त सेगमेन्टमा जग्गा अधिग्रहणका लागि मुआब्जा निर्धारणको कार्य समेत अगाडि बढिरहेको। ट्रान्समिसन लाईनको बाँकी सेगमेन्टको हकमा आउँदो श्रावणमा बोलपत्र आह्वान गर्ने र माघ/फागुनमा सम्झौता गर्ने लक्ष्य रहेको।<br>• १० जिल्लामध्ये काठमाडौं बाहेक ९ वटा जिल्लामा मुआब्जा निर्धारण समितिको बैठकहरू बसी दफा ९ अनुसारको सार्वजनिक सूचना जारी भई जग्गाधनीहरूबाट निवेदन संकलनको कार्य भइरहेको। |
| • ट्रान्समिसन लाइन पुनर्वास कार्य योजना (RAP) र जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (LRP) | • १० जिल्लामध्ये काठमाडौं बाहेक ९ वटा जिल्लामा मुआब्जा निर्धारण समितिको बैठकहरू बसी दफा ९ अनुसारको सार्वजनिक सूचना जारी भई जग्गाधनीहरूबाट निवेदन संकलनको कार्य भइरहेको। |
| • रूख गणनाको लगत संकलन (Forest Census) | • रूख गणनाको काम उल्लेख्य रूपमा सम्पन्न भइसकेको। विद्युत प्रसारण लाइनको पुनःबोलपत्र आह्वान हुँदा परिमार्जित डिजाइन अनुसार रूख गणना पुनः गर्नुपर्ने अवस्था सिर्जना हुनसक्ने देखिएको। |
| • ३० किलो मिटर ट्रान्समिसन लाइन सर्भेको काम सम्पन्न | • काम सम्पन्न भइसकेको। |
| • ट्रान्समिसन लाइन तथा सबस्टेसनका लागि निर्माण कार्य सुपरिवेक्षण ईन्जिनियर/ परामर्श सेवा | • सम्झौता सम्पन्न भइसकेको। ट्रान्समिसन लाइनको ठेक्कामा देखिएको अन्यौलताका कारण यो कार्य समेत प्रभावित हुने अवस्था रहेको। |
| • रातमाटे सवस्टेसन Lot 1<br>• न्यू बुटवल सवस्टेसन निर्माण-Lot 2<br>• न्यू दमौली सवस्टेसन निर्माण-Lot 3 | • सवस्टेशन निर्माणका लागि प्राप्त बोलपत्रहरूको प्राविधिक तथा वित्तिय प्रस्तावहरुको मुल्याङ्कन सम्पन्न भइसकेको छ। आउँदो बैशाख/ जेष्ठभित्र ठेक्का सम्झौता गर्ने गरी कार्य अघि बढिरहेको। |
| • रातमाटे सबस्टेसनका लागि सीमामा पर्खाल (Boundry Wall) निर्माण | • रातमाटे सबस्टेसनका लागि सीमामा पर्खाल (Boundary Wall) निर्माण कार्य सम्पन्न भइसकेको। |

| | |
|---|---|
| • रातमाटे सबस्टेसन - जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (LRP) | • रातमाटे सबस्टेसन जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम करिब सम्पन्न भइसकेको। |
| • रातमाटे सबस्टेसनका लागि मुआब्जा वितरण | • एक घरधुरीको तीन कित्ता जग्गा अदालतमा विचाराधीन रहेकोबाहेक अन्य सम्पूर्ण जग्गा अधिग्रहण भई मुआब्जा वितरण भइसकेको। |
| • सडक ईन्जिनियरिङ डिजाइन र सुपरिवेक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन (IEE), पुनर्वास कार्ययोजना (RAP) | • वातावरणीय प्रभाव मूल्याङ्कन, पूनर्वास कार्ययोजना र ईन्जिनियरिङ डिजाइनको प्रतिवेदन प्राप्त भई पुनरावलोकन भइरहेको। |
| • सडक मर्मत कार्य | • पूर्वतयारीको काम भइरहेको। |
| • सडक आवधिक मर्मत सम्भार इन्जिनियरिङ डिजाइन परामर्शदाता छनोट | • पूर्वतयारीको काम भइरहेको। |
| • सडक आवधिक मर्मत सम्भार इन्जिनियरिङ निर्माण व्यवसायी छनोट | • पूर्वतयारीको काम भइरहेको। |

**आयोजना शुरू भए देखी २०८० चैत मसान्तसम्मको वित्तीय प्रगतिः**

**(अमेरिकी डलरमा)**

| आयोजना | एमसिसी | नेपाल सरकार | जम्मा |
|---|---|---|---|
| विद्युत प्रसारण आयोजना | ११,३१३,९८५।०० | १७,२०९,३२९।४९ | २८,५२३,३१४।४९ |
| सडक मर्मत आयोजना | २,०४८,०५९।८३ | ५७२,४०९।९८ | २,६२०,४६९।८१ |
| अन्य | १३,३९६,८७७।८२ | ६,०२२,७९१।६२ | १९,४१९,६६९।४४ |
| **कुल खर्च** | २६,७५८,९२२।६५ | २३,८०४,५३१।०९ | ५०,५६३,४५३।७४ |

## ६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**आर्थिक वर्ष २०७९/८० को समग्र बजेट खर्चको स्थिति (रु.करोडमा)**

| शीर्षक | आ.व. २०७८/७९ को असार महिनासम्म | आ.व. २०७९/८० को असार महिनासम्म | गत आ.व. को तुलनामा वृद्धि % | २०८० असार मसान्तसम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|
| कुल सरकारी खर्च | १३१,०००.०८ | १४१,८७४.३१ | ८.३० | ७९.०९ |
| चालु खर्च | ९५,४३१.६८ | ९९,४३१.६० | ४.१९ | ८४.७० |
| पुँजीगत खर्च | २१,६२१.३१ | २३,४१९.३८ | ८.३२ | ६३.२३ |
| वित्तीय व्यवस्था | १३,९४७.१० | १९,०२३.३४ | ३६.४० | ७६.२५ |

- बजेट तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउन प्रयोग भई रहेका विभिन्न प्रणालीहरू (LMBIS, TSA र CGAS) बिच अन्तर आवद्धता कायम गरी तथ्य र प्रमाणमा आधारित नीति निर्माणमा सहजीकरण गरिएको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र विनियोजन ऐन, २०७८ को दफा ८(७) को व्यवस्थाबमोजिम बजेट कार्यान्वयनलाई सहज, सरल र प्रभावकारी बनाउन चालु खर्चतर्फ २५ प्रतिशतसम्म रकमान्तर सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाटै हुने व्यवस्था कार्यान्वयनमा आएको।
- बहुवर्षिय ठेक्का/स्रोत सुनिश्चितताको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा (LMBIS) प्रविष्टि गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको।
- चालु खर्चतर्फका केही खर्च शीर्षकहरूमा २० प्रतिशत बजेट रोक्का र पुँजीगततर्फ २०७९ माघ १७ गतेसम्ममा दायित्व सिर्जना नभएका शीर्षकहरूमा पूरै बजेट रोक्का राखि स्रोत व्यवस्थापन गरिएको।
- नेपाल सरकारको नगद प्रवाह योजना तर्जुमा समिति तथा उपसमिति गठन गरी दीर्घकालीन रूपमा नगद कोषलाई व्यवस्थित गर्ने कार्य शुरू गरिएको।
- रकमान्तर, थप निकासा र आर्थिक सहायताको विवरण सार्वजनिक गर्न शुरू गरिएको।

**राजस्व परिचालनको अवस्था:**

**राजस्व सङ्कलन**

- आर्थिक वर्ष २०७९/८० मा कर राजस्व रु.८ खर्ब ६५ अर्ब ६१ करोड ९६ लाख र गैरकर राजस्वतर्फ रु. ९१ अर्ब ५३ करोड ४१ लाख र अन्य प्राप्ति रु.५३ अर्ब २४ करोड ५ लाख सहित जम्मा रु.१० खर्ब १० अर्ब ३९ करोड ४२ लाख राजस्व सङ्कलन तथा प्राप्ति भएको छ। यस अवधिको रु.१४ खर्ब ३ अर्ब १४ करोड ७० लाख लक्ष्यको तुलनामा ७२ प्रतिशत राजस्व सङ्कलन तथा प्राप्ति भएको थियो।

**करको दायरा विस्तार**

- **२०८० असारसम्मको जम्मा करदाता सङ्ख्या देहायनुसार रहेको छ:**

| करदाताको प्रकार | २०८० असार मसान्तसम्मको जम्मा करदाता सङ्ख्या |
|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १८७६३०५ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ३६४९६१४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | २८१०७ |
| **स्थायी लेखा नम्बर प्राप्त गर्ने जम्मा करदाता सङ्ख्या** | **५५५४०२६** |
| मूल्य अभिवृद्धि कर | ३०८४७७ |
| अन्तःशुल्क | ११६६७५ |

### आर्थिक नीति विश्लेषण

- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ जारी भएको।
- Macro-economic Indicator र Macro-Economic Dashboard नियमित रूपमा अद्यावधिक गरिएको।
- Fiscal Risk Register तयारीसम्बन्धी IMF SARTTAC बाट भौतिक उपस्थिति र भर्चुअल दुबै किसिमका तालीम सम्पन्न भई Macro-economic Risk, SOEs Risk, Natural Disaster Risk र Government Guarantee Risk सहितको Fiscal Risk Register तयार गरिएको।
- Medium Term Fiscal Framework सम्बन्धी तालीम कार्यक्रम सम्पन्न भएको।
- Economic Lab को स्तरोन्नति गरिएको।

### वित्तीय क्षेत्र व्यवस्थापन

- सेयर तथा ऋण लगानी नीति,२०७९ को मस्यौदा तयार गरिएको।
- सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न मस्यौदा तयार भएको।
- Ease of Doing Business अन्तर्गत Paying Taxes सूचकका सुधारका लागि अल्पकालिन (Short Term Reform) र मध्यमकालिन सुधारको कार्ययोजना तर्जुमा गरिएको।
- दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (२०७८/०७९-२०८२/८३)को मस्यौदालाई अन्तिम रूप दिने कार्य भएको।

### अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- अनुदानतर्फ रू. ४२ अर्ब ३० करोड ६० लाख र ऋण सहायतातर्फ रु. १ खर्ब ७५ अर्ब ७४ करोड गरी जम्मा रू. २ खर्ब १८ अर्ब ४ करोड ६० लाख अन्तराष्ट्रिय आर्थिक सहायता प्राप्त भएको।
- विकास सहायताको प्रभावकारिताको लागि विश्व साझेदारी (Global Partnership for Effective Development Cooperation) को नेपालमा कार्यान्वयनको अवस्थाको अनुगमन Multi-Stakeholder Development Dialogue मार्फत औपचारिक रूपमा प्रारम्भ गरिएको।

### वित्तीय सङ्घीयता व्यवस्थापन

- नेपाल सरकार, मन्त्रिपरिषद्को २०७९ माघ ४ गतेको निर्णयअनुसार आर्थिक वर्ष २०७८/०७९ मा प्राकृतिक स्रोत (पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज) को परिचालनबाट प्राप्त भएको रोयल्टी रकम रु. ६ अर्ब २८ करोड ३३ लाख ९७ हजार अन्तर्गतको बाँडफाँट हुने रकम रु. ५ अर्ब ७२ करोड २७ लाख ९५ हजारमध्ये राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिश भई आएको सूत्रको आधारमा नेपाल सरकारलाई रु. ३ अर्ब ४२ करोड १९ लाख ९९ हजार, सात प्रदेशलाई रु. १ अर्ब ४३

करोड ६ लाख ९८ हजार र स्थानीय तहलाई रु.१ अर्ब ४३ करोड ६ लाख ९८ हजार बाँडफाँट गरी पठाइएको।

- अन्तर-सरकारी वित्त परिषद्को आठौं बैठक आयोजना गरी निर्णय कार्यान्वयनका लागि सम्बन्धित सबै प्रदेशहरूमा पठाइएको।
- प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदानको उपयोगसम्बन्धी मापदण्ड र आधार तयार गरी मार्गदर्शन पठाइएको।
- आर्थिक वर्ष २०७९/८० मा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी प्रदेशमा रु.९९ अर्ब ६८ करोड र स्थानीय तहहरूमा रु.२ खर्ब ९८ अर्ब १५ करोड गरी कुल रु.३ खर्ब ९७ अर्ब ८४ करोड हस्तान्तरण भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा प्रदेशमा रु.१ खर्ब ९ अर्ब ४ करोड र स्थानीय तहलाई रु.२ खर्ब ९७ अर्ब २ करोड गरी यस्तो अनुदान कुल रु.४ खर्ब ६० अर्ब ६ करोड हस्तान्तरण भएको थियो।

**योजना, अनुगमन तथा मूल्याङ्कन**

- आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि १४१ वटा माइलस्टोन्ससहितको कार्ययोजना तयार गरी मन्त्रालयहरूबाट भइरहेको कार्य प्रगतिको एकीकृत विद्युतीय अनुगमन प्रणाली मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मासिक प्रतिवेदन गर्ने गरिएको।
- सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नियमित रूपमा सूचना उपलब्ध गराइएको।
- आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको नियमित रूपमा समीक्षा गरिएको।
- सूचनाको हकसम्बन्धी ऐन बमोजिम अर्थ मन्त्रालयसँग सम्बन्धित विवरण त्रैमासिक रूपमा सार्वजनिकीकरण गरिएको।
- मन्त्रालयहरूबाट भइरहेको कार्य प्रगतिको एकीकृत विद्युतीय अनुगमन प्रणाली मार्फत प्रतिवेदन तथा अनुगमन गर्ने कार्य भएको।

**प्रशासनिक तथा साङ्गठनिक सुधार**

- मानव संशाधन अभिलेख व्यवस्थापनका लागि HRMIS Software मा नियमित रूपमा अभिलेख अद्यावधिक गरिएको।
- मन्त्रालय परिसरमा सञ्चालनमा रहेको Networking and Monitoring System लाई स्तरोन्नति गरिएको।

- सूचना प्रविधि विभागवाट निर्माण भएको GIOMS प्रणाली आंशिक रूपमा प्रयोगमा ल्याइएको।
- यस मन्त्रालयको २०७९/८० मा फछ्र्यौट गर्नुपर्ने बेरुजु रु.५८ अर्ब ३३ करोड ८८ लाख ५० हजार रहेकोमा २०८० असार मसान्तसम्म रु.४ अर्ब २३ करोड ७० लाख ५५ हजार फछ्र्यौट भई ७.३२ प्रतिशत प्रगति हासिल भएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | अर्थ मन्त्रालय | १४१४४०० | १३८९८५६ | ९८.२६ |
| ३०५०००१२३ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | १९७०० | १५४०० | ७८.१७ |
| ३०५०००१३३ | ऋण असुली न्यायाधिकरण | ३६७६२ | ३२९८३ | ८९.७२ |
| ३०५०००१४३ | अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५००३०० | २८४७०७ | ५६.९१ |
| ३०५००१०१३ | साना किसान विकास बैङ्क (वित्तीय संस्था), विविध | ४०००० | ३९९५१ | ९९.८८ |
| ३०५००१०२३ | लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य) | ३५९४०० | ३३९४६६ | ९४.४५ |
| ३०५००१०५३ | बजेट सुधार आयोजना | १७८०० | ७१३० | ४०.०६ |
| ३०५००१०८३ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ७८१००० | ४८९०९३ | ६२.६२ |
| ३०५००११३३ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | १५५९६००० | ३०००००० | १९.२४ |
| ३०५०१०११३ | महालेखा नियन्त्रक कार्यालय | १४३८६५ | १३४९७० | ९३.८२ |
| ३०५०१०१२३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५६८०० | ४७००७ | ८२.७६ |
| ३०५०१०१३३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १६४७८ | १३३१७ | ८०.८१ |
| ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ७६०८६९ | ६६३९७३ | ८७.२७ |
| ३०५०११०१३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | २६७८७५ | १५३३८२ | ५७.२६ |
| ३०५०२०११३ | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्र | ६८६०४ | ५४४१८ | ७९.३२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०३०११३ | भन्सार विभाग | १५६७०९ | १२०९१५ | ७७.१६ |
| ३०५०३०१२३ | भन्सार कार्यालयहरू | १०४४१२६ | ९४४६६१ | ९०.४७ |
| ३०५०३१०१३ | भन्सार सुधार कार्यक्रम | १४६३०० | ९४६१५ | ६४.६७ |
| ३०५०४०११३ | आन्तरिक राजस्व विभाग | १३९०३९८ | १३३३२२२ | ९५.८९ |
| ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरू | १६९६५०१ | १४१७७९१ | ८३.५७ |
| ३०५०५०११३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ४६६०० | ३९१२२ | ८३.९५ |
| | जम्मा | २४५६०४८७ | १०६१५९७७ | ४६.८१ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११४ | अर्थ मन्त्रालय | २०८१४ | १४४५२ | ६९.४३ |
| ३०५०००१२४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ८०० | ३१८ | ३९.७६ |
| ३०५०००१३४ | ऋण असुली न्यायाधिकरण | १६९७ | १३०० | ७६.५८ |
| ३०५००१०५४ | बजेट सुधार आयोजना | ८६४०० | ९१६ | १.०६ |
| ३०५००१०८४ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ८१७३७६५ | २२८३७४ | २.७९ |
| ३०५०१०११४ | महालेखा नियन्त्रक कार्यालय | ५८०० | ४७५२ | ८१.९३ |
| ३०५०१०१२४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | १५०० | ११९६ | ७९.७६ |
| ३०५०१०१३४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ८०० | ६९१ | ८६.३५ |
| ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | १७५५६६ | १४७६८२ | ८४.१२ |
| ३०५०११०१४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १९३०२५ | १४३५०४ | ७४.३४ |
| ३०५०२०११४ | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्र | ७००० | १३०२ | १८.६० |
| ३०५०३०११४ | भन्सार विभाग | ३५११ | १६२९ | ४६.४० |
| ३०५०३०१२४ | भन्सार कार्यालयहरू | ७१५८०० | ६३६३२४ | ८८.९० |
| ३०५०३१०१४ | भन्सार सुधार कार्यक्रम | ७९४३०० | ४२००१७ | ५२.८८ |
| ३०५०४०११४ | आन्तरिक राजस्व विभाग | १४३५३७ | ४२९८१ | २९.९४ |
| ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरू | २९९८९२ | २१५६८९ | ७१.९२ |
| ३०५०५०११४ | सार्वजनिक ऋण व्यवस्थापन | ५६०० | २७९८ | ४९.९६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | कार्यालय | | | |
| | जम्मा | १०६२९८०७ | १८६३९२४ | १८.५ |

## ८. आर्थिक वर्ष २०८०/८१ को बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरण

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | अर्थ मन्त्रालय | ४३५०९० | २७०३२४ | ६२.१३ |
| ३०५०००१२३ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | २१८०० | १४०१२ | ६४.२८ |
| ३०५०००१३३ | ऋण असुली न्यायाधिकरण | ३९६७१ | २८५१२ | ७१.८७ |
| ३०५०००१४३ | अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५००३०० | ४१५४०४ | ८३.०३ |
| ३०५००१०१३ | साना किसान विकास बैङ्क (वित्तीय संस्था), विविध | ८०००० | ४०००० | ५० |
| ३०५००१०२३ | लघु बीमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य) | ३५९४०० | ८२५६५ | २२.९७ |
| ३०५००१०५३ | बजेट सुधार आयोजना | २०८९३४ | ६०८७ | २.९१ |
| ३०५००१०८३ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ७१३००८ | ३५००९८ | ४९.१ |
| ३०५००११३३ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | २११४६००० | ० | ०.०० |
| ३०५०१०११३ | महालेखा नियन्त्रक कार्यालय | १३७४१२ | ९००७२ | ६५.५५ |
| ३०५०१०१२३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५७८०० | ३८९७४ | ६७.४३ |
| ३०५०१०१३३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७१०० | ८२७४ | ४८.३८ |
| ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ८५२५६० | ५०४०३५ | ५९.१२ |
| ३०५०११०१३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १७०६६ | १०८७० | ६३.६९ |
| ३०५०२०११३ | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्र | ७९००० | ४२८८४ | ५४.२८ |
| ३०५०३०११३ | भन्सार विभाग | १५२९०० | ८६१७४ | ५६.३६ |
| ३०५०३०१२३ | भन्सार कार्यालयहरू | ११९२२४२ | ७२४९५१ | ६०.८१ |
| ३०५०३१०१३ | भन्सार सुधार कार्यक्रम | १६४१५० | ७७९२५ | ४७.४७ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०४०११३ | आन्तरिक राजस्व विभाग | ११३७९०० | ८०८४३७ | ७१.०५ |
| ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरू | १८९८९२८ | १४९१९८२ | ७८.५७ |
| ३०५०५०११३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ७२५०० | २८८५३ | ३९.८ |
| | जम्मा | २९२८३७६१ | ५१२०४३२ | १७.४६ |

पुंजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११४ | अर्थ मन्त्रालय | ५८०० | ५५२६ | ९५.२८ |
| ३०५०००१२४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ३०० | २९९ | ९९.५६ |
| ३०५०००१३४ | ऋण असुली न्यायाधिकरण | ७०० | ४४० | ६२.९१ |
| ३०५००१०५४ | बजेट सुधार आयोजना | ७०६३० | ४७९ | ०.६८ |
| ३०५००१०८४ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | २५२१६९१ | ८५८८२ | ३.४१ |
| ३०५०१०११४ | महालेखा नियन्त्रक कार्यालय | ८८०० | ८६३ | ९.८ |
| ३०५०१०१२४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ९०० | ८९४ | ९९.३५ |
| ३०५०१०१३४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ५०० | १७० | ३३.९ |
| ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | १७०७६९ | ६०४७४ | ३५.४१ |
| ३०५०११०१४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | २०० | ० | ० |
| ३०५०२०११४ | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्र | ५४०० | १२५८ | २३.३ |
| ३०५०३०११४ | भन्सार विभाग | २९५००० | ७४ | ०.०३ |
| ३०५०३०१२४ | भन्सार कार्यालयहरू | ५५०१०० | ४६९७३७ | ८५.३९ |
| ३०५०३१०१४ | भन्सार सुधार कार्यक्रम | ४८६५३० | १२१९१६ | २५.०६ |
| ३०५०४०११४ | आन्तरिक राजस्व विभाग | ९९८०० | ३८२८ | ३.८४ |
| ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरू | १५५५३६ | ५९२०३ | ३८.०६ |
| ३०५०५०११४ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | २१०० | ३८६ | १८.३९ |
| | जम्मा | ४३७४७५६ | ८११४२८ | ७.२९ |

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, औद्योगिक नीति, वाणिज्य नीति, नेपाल व्यापार एकीकृत रणनीति, आवधिक योजनाहरू लगायत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षणसँग सम्बद्ध ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रको विकास र प्रवर्द्धन गर्ने कार्यमा यस मन्त्रालय संलग्न रहँदै आएको छ। मन्त्रालयले उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रसँग सम्बद्ध आवश्यक नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने, तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरूलाई सरोकारवाला निकायसँग समन्वय गरी कार्यान्वयन गर्ने, सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने लगायतका कार्य गर्दै आएको छ। मन्त्रालय औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्था जस्ता मुख्य कार्यमा संलग्न रहँदै आएको छ।

### १.२ दीर्घकालीन सोचः

- आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास गर्ने,
- आयात व्यवस्थापन, निर्यात प्रवर्द्धन र आर्थिक समृद्धिका लागि व्यापार सन्तुलन कायम राख्ने,
- प्रभावकारी, सहज, स्वचालित र जिम्मेवार आपूर्ति प्रणाली तथा उपभोक्ता हकको संरक्षण गर्ने,

### १.३ उद्देश्यः

- औद्योगिक उत्पादन वृद्धि गरी कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु,
- उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्नु,
- लगानीमैत्री वातावरण सृजना गरी उद्योग क्षेत्रमा स्वदेशी र वैदेशिक लगानी बढाउँदै रोजगारीका अवसर बढाउनु,
- पेटेन्ट, डिजाइन, ट्रेडमार्क लगायतका औद्योगिक बौद्धिक सम्पत्तिको नीति, कानून, मापदण्ड कार्यान्वयन र प्रवर्द्धन गर्नु,
- खाद्यान्न तथा आधारभूत उपभोगका वस्तुहरू तथा तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्नु,

- आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार लागत कम गर्नु,
- नेपाली वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय मूल्य श्रृंखलामा आवद्धता अभिवृद्धि गर्नु,
- उपभोग्य वस्तु, अत्यावश्यक वस्तु तथा सेवा, अत्यावश्यक औषधि तथा उपकरण, पेट्रोलियम पदार्थ लगायतका वस्तु तथा सेवाको देशव्यापी रूपमा सर्वसुलभ आपूर्ति सुनिश्चित गर्नु,
- बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउनु।

### १.४ रणनीतिः

- औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने,
- लगानीमैत्री वातावरण तयार गर्न प्रविधि प्रयोग, एकद्वार प्रणालीको विकास र औद्योगिक पूर्वाधार विकास निर्माण गर्ने,
- खानी तथा खनिजजन्य उद्योगको विकास गर्ने,
- प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा सार्वजनिक निजी-सहकारी साझेदारीमा लगानी परिचालन गर्दै आयात व्यवस्थापनमा जोड दिने,
- उद्योगको विकास र विस्तारका लागि क्षमता विकास, वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपायहरू अवलम्वन गर्ने,
- खाद्यान्न तथा आधारभूत उपभोगका वस्तु तथा तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको पहिचान, विकास, विविधिकरण तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने,
- व्यापारजन्य प्रविधि र पूर्वाधारको विकास र उपयोग, सुशासन र प्रभावकारी नियमन, व्यापार सहजीकरण र संस्थागत सुदृढीकरण गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार लागत कम गर्ने,
- औद्योगिक बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार संरक्षण र प्रवर्द्धन गर्ने,
- आर्थिक कूटनीतिकलाई सुदृढ तुल्याउँदै व्यापार सम्बद्ध द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रको माध्यमबाट व्यापारजन्य क्षमता बढाउँदै अन्तर्राष्ट्रिय मूल्य श्रृखंलामा आवद्धता र नेपाली वस्तु तथा सेवाको बजार विस्तार गर्ने,
- आपूर्ति व्यवस्था र उपभोक्ता हितसँग सम्बन्धित नीति, ऐन कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | १५२ | १५० | २ | १ |

| क्र.सं | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| २ | उद्योग विभाग | ५६ | ५५ | १ | |
| ३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ७० | ६७ | ३ | |
| ४ | वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभाग | ९३ | ८८ | ५ | |
| ५ | नेपाल गुणस्तर तथा नापतौल विभाग | २३२ | २०० | ३२ | |
| ६ | खानी तथा भूगर्भ विभाग | १५५ | १०० | ५५ | ७ |
| ७ | लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | २६ | १७ | ९ | |
| ८ | केन्द्रीय कारागार कारखाना | १९ | ८ | ११ | |
| | **जम्मा** | **८०३** | **६८५** | **११८** | **८** |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४७ | सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले दिएका सुझावहरूलाई क्रमशः कार्यान्वयन गरिनेछ। सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा आवश्यक नरहेका २० वटा संस्थाहरू खारेज गरिनेछ। उस्तै प्रकृतिका कार्यक्षेत्र रहेका निकायहरूलाई एक अर्कामा गाभिनेछ। | • नेपाल इन्टरमोडल यातायात विकास समितिलाई पारवाहन तथा गोदाम व्यवस्थापन लिमिटेडमा गाभी एकीकृत संरचना बनाउने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएको,<br>• विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभी एकीकृत संरचना बनाउन नयाँ कानून तर्जुमा गर्नुपर्ने भएकोले कानून आयोगमा पठाउने प्रकृयामा रहेको। |
| ५० | सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आर्थिक वर्ष नयाँ संरचना र दरबन्दी सिर्जना गरिने छैन। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरवन्दीको पुनरावलोकन गरी छरितो बनाइनेछ। सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिना भित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्नेछ। | • संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट सहमति प्राप्त भई प्रारम्भिक प्रतिवेदन तयार भएको। |

| | | |
|---|---|---|
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका सामानहरू छ महिनाभित्र लिलाम गरिनेछ। | • प्रतिवेदन स्वीकृत भई सूचना प्रकाशनको चरणमा रहेको। |
| ६७ | प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम मार्फत आन्तरिक उत्पादन र उपभोगलाई प्रोत्साहन गरिनेछ। स्वदेशी कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना र मझौला उद्योगलाई प्रशोधन र प्रविधि स्तरोन्नतिका साथै भण्डारण र बजारीकरणमा सहयोग गरिनेछ। कृषि, तयारी पोशाक, औषधि, फुटवेयर लगायतका उच्च आन्तरिक खपत भएका उद्योगलाई प्रोत्साहन गरिनेछ। सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। | • कार्यविधिको मस्यौदा तयार भई सरोकारवाला निकायको राय सुझाव समावेश गरी अन्तिम रुप तयार हुँदै,<br>• सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्ने निर्देशिका, २०७१ को संघीय संरचना अनुकूल हुनेगरी संशोधन मस्यौदा तयार भएको। |
| ६९ | मुलुकमा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप ईको सिस्टम विकास गरिनेछ। उद्यमशील सोच र संस्कृतिको विकास एवं उद्यमशील सोचलाई व्यवसायमा रूपान्तरण गर्न काठमाडौंमा इन्क्युवेसन सेण्टर सञ्चालन गरिनेछ। | • स्टार्टअप कर्जा उद्यम कोष कार्यविधिअनुरुप कर्जाका लागि प्रस्ताव आव्हान भएको।<br>• कुल १ हजार ६५८ प्रस्ताव प्राप्त भएकोमा प्रारम्भिक स्क्रिनिङ्गबाट ३९४ वटा प्रस्ताव मूल्याङ्कनको चरणमा रहेको।<br>• औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, त्रिपुरेश्वरमा इन्क्युवेसन सेण्टर स्थापना भएको। |
| ७० | नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी वृद्धि गर्दा शुल्क लाग्दै आएकोमा अबदेखि कुनै पनि शुल्क वा दस्तुर नलाग्ने व्यवस्था मिलाइनेछ। न्यूनतम एक सय रुपैयाँमात्र अधिकृत पुँजी घोषणा गरेर पनि कम्पनी खोल्न सक्ने कानूनी व्यवस्था गरिनेछ। अनलाइनबाट नै कम्पनी दर्ता र खारेजी गर्न सकिने गरी प्रक्रियालाई सरल र पारदर्शी बनाइनेछ। विदेशी लगानीमा सञ्चालित उद्योगका लगानीकर्ता तथा | • नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी वृद्धि गर्दा शुल्क नलाग्ने व्यवस्था कार्यान्वयन भएको।<br>• विदेशी लगानीमा सञ्चालित उद्योगका लगानीकर्ता तथा सीपयुक्त जनशक्तिको भिसा प्राप्ति प्रक्रियालाई उद्योग विभागस्थित एकल विन्दु सेवा केन्द्रबाट सहजीकरण भएको। |

| | | |
|---|---|---|
| | सीपयुक्त जनशक्तिको भिसा प्राप्ति प्रक्रियालाई सरल र लचिलो बनाइनेछ। | |
| ७१ | उद्योग दर्ता, लगानी स्वीकृति लगायतका सेवालाई एकल विन्दु सेवा केन्द्रबाट विद्युतीय प्रणाली मार्फत प्रदान गर्ने व्यवस्था मिलाइनेछ। उत्पादनमूलक तथा निर्यातजन्य उद्योग स्थापनाका लागि आवश्यक पर्ने जग्गाको सहज उपलब्धताको लागि लिज र हदवन्दीसम्बन्धी कानूनी व्यवस्थामा पुनरावलोकन गरिनेछ। | • उद्योग दर्ता, लगानी स्वीकृति लगायतका सेवा विद्युतीय प्रणाली मार्फत भइरहेको। |
| ७२ | लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुने गरी राष्ट्रिय पोर्टल तयार गरिनेछ। यस पोर्टलमा लगानीका क्षेत्रहरू, अवसर, कानूनी तथा नीतिगत व्यवस्था, प्रोत्साहनसम्बन्धी व्यवस्था, लगानी फिर्ताका प्रावधान र प्रक्रिया लगायतका सम्पूर्ण सूचना समावेश गरिनेछ। | • लगानीकर्ताका लागि आवश्यक सबै सूचना तयारी गर्ने सन्दर्भमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीमा उल्लिखित विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसायको क्षेत्र बाहेकका क्षेत्रमा लगानी गर्दा सम्बन्धित निकायमा पेश गर्नुपर्ने कागजात तथा अन्य सूचना र जानकारी संकलन भइरहेको। |
| ७३ | सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्वन गर्ने गरी श्रम कानूनमा संशोधन गरिनेछ। उद्योगमा स्वच्छ ऊर्जा तथा हरित प्रविधिको उपयोगलाई प्रोत्साहन गर्न प्रविधि विकास कोष मार्फत अनुदान प्रदान गरिनेछ। | • प्रविधि विकासमा सहयोग गर्ने उद्देश्यसहित औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश भएको। |
| ७५ | सूचना प्रविधि उद्योगमा वैदेशिक लगानीको सीमा हटाइनेछ। | • सूचना प्रविधिमा आधारित उद्योगको लगानीको सीमा पुनरावलोकन गर्न नेपाल सरकारबाट विदेशी लगानी तथा प्रविधि हस्तान्तर ऐन, २०७५ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन भएको। |
| ७६ | प्रचलित कानूनबमोजिम अनुमती लिनुपर्ने उद्योग बाहेक विदेशी लगानी खुला गरिएका उद्योगमा लगानी भित्र्याउँदा स्वचालित | • स्वचालित प्रक्रियालाई पूर्णरूपमा कार्यान्वयनको लागि तयार भएको प्रणाली लगानी सम्मेलनका क्रममा |

| | | |
|---|---|---|
| | प्रक्रियाबाट स्वीकृति प्राप्त हुने व्यवस्था मिलाइनेछ। विदेशी लगानीबाट आर्जित आयलाई पुनः लगानी गर्दा स्वीकृति लिनु नपर्ने व्यवस्था गरिनेछ। विदेशी लगानी भित्र्याउन तोकिएको समय सीमा पुनरावलोकन गरी व्यवहारिक बनाइनेछ। | वैशाख १७ गतेबाट शुरूवात हुने।<br>• विदेशी लगानीबाट आर्जित आयलाई पुनःलगानी गर्दा अभिलेखीकरण गर्ने गरिएको। |
| ८२ | विदेशी लगानीको सुरक्षाको प्रत्याभूति दिइनेछ। विदेशी लगानीकर्ताले लाभांश फिर्ता लैजाने प्रक्रियालाई सरलीकृत गरिनेछ। वैदेशिक लगानी आप्रवाह हुन सक्ने मुलुक पहिचान गरी द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता र दोहोरो कर मुक्ति सम्झौता गर्ने प्रक्रिया अघि बढाइनेछ। अन्तर्राष्ट्रिय कर प्रणालीका स्थापित मान्यतालाई राष्ट्रिय कर कानूनमा समावेश गरी विदेशी लगानीकर्ताको विश्वास आर्जन गरिनेछ। | • विदेशी लगानीको सुरक्षाको प्रत्याभूति दिइने र विदेशी लगानी कर्ताले लाभांश फिर्ता लैजाने प्रक्रियालाई सरलीकृत गर्न उद्योग विभागस्थित एकल विन्दु सेवा केन्द्रमार्फत समन्वय भइरहेको<br>• नेपाल सरकार र अन्य मुलुकबीच गरिने द्विपक्षीय लगानी सम्झौता (Bilateral Investment Agreement/BIA) को नमूना ढाँचा (Model Text) नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको। |
| १४८ | नेपालभित्र खानीजन्य उद्योगको प्रवर्द्धन गर्न दैलेखमा पेट्रोलियम पदार्थ, नवलपरासी र पर्वतमा फलाम, मकवानपुरमा ग्रेनाइट, स्लावस्टोन र सेरामिक्स, अर्घाखाँचीमा चुन ढुङ्गा तथा धादिङमा डोलामाइटको अन्वेषण र उत्खनन कार्य अगाडि बढाइनेछ। | • नेपालको उच्च पहाडी र हिमाली क्षेत्रको भौगर्भिक नक्शाङ्कन गर्न gfz र Geological survery of China सँग पहल भएको<br>• दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण तथा ड्रिलिङ्ग कार्यका लागि जग्गा प्राप्त भएको।<br>• रूकुम जिल्लाको झुलावाङ्ग क्षेत्रमा फलामको अन्वेषण कार्य सम्पन्न भई प्राविधिक अध्ययन प्रतिवेदन तयार भएको। |
| १४९ | चौथो पुस्ताको औद्योगिकरण अवधारणाको आन्तरिकीकरणका लागि प्रविधि सहयोग, सचेतना र तालीमका कार्यक्रम सञ्चालन गरिनेछ। उद्योगहरूमा चौथो पुस्ताको औद्योगिक अवधारणा कार्यान्वयन गर्न प्रोत्साहन तथा सहजीकरण गरिनेछ। | • चौथो पुस्ताको औद्योगिकरण अवधारणाको आन्तरिकीकरणका तालीम तथा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सेवा खरिद प्रकृयामा रहेको। |
| १५० | औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण र | • औद्योगिक बौद्धिक सम्पत्तिसम्बन्धी |

| | | |
|---|---|---|
| | विकास गर्न टेक्निकल नो हाउ, फ्रेन्चाइज फर्मुला लगायतका विषय समेटेर बौद्धिक सम्पत्तिसम्बन्धी कानून तर्जुमा गरिनेछ। | कानूनको परिमार्जन गर्न कानूनको मस्यौदा तयार भएको। |
| १५१ | निर्यात सम्भावना भएका वस्तु र सेवाको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी निर्यात प्रवर्द्धन गरिनेछ। व्यापार पूर्वाधारको विकास र स्तरोन्नति गरी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गरिनेछ। अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन सम्बद्ध द्विपक्षीय र वहुपक्षीय संयन्त्रहरूलाई सक्रिय र प्रभावकारी बनाइनेछ। | • निर्यातमा नगद प्रोत्साहनलाई निरन्तरता दिने र भुक्तानी प्रक्रियालाई सरलीकरण गर्न अध्ययन भइरहेको,<br>• नेपाल चीनको तिब्वत व्यापार सहजीकरण समिति तथा सम्वद्ध कार्यदलको बैठक सम्पन्न भएको,<br>• नेपाल भारत IGC/IGSC बैठकको आयोजना भएको,<br>• अष्ट्रेलियासँग TIFA सम्पन्न भएको। |
| १५२ | नेपालगञ्जस्थित एकीकृत जाँच चौकीको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। भैरहवाको एकीकृत जाँच चौकी र रसुवाको टिमुरेमा सुक्खा बन्दरगाहको निर्माण कार्यलाई तीव्रता दिइनेछ। वीरगञ्ज र विराटनगरको एकीकृत जाँच चौकीमा गोदाम घर तथा पार्किङ्ग स्थल निर्माण गरिनेछ। कञ्चनपुर जिल्लाको दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण कार्य प्रारम्भ गरिनेछ। एकीकृत जाँच चौकी, सुक्खा बन्दरगाह, कन्टेनर यार्ड निर्माण, प्रयोगशाला स्तरोन्नति लगायतका व्यापार पूर्वाधार निर्माण र सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु। | • एकीकृत जाँच चौकीको निर्माण कार्य भइरहेको।<br>• रसुवाको एकीकृत जाँच चौकी ५५% सम्पन्न भएको।<br>• वीरगञ्ज र विराटनगरको एकीकृत जाँच चौकीमा गोदाम घर तथा पार्किङ्ग स्थल निर्माणका लागि वातावरणीय अध्ययनको चरणमा रहेको।<br>• कञ्चनपुर जिल्लाको दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण कार्यका लागि डीपीआर सम्पन्न भई जग्गा प्राप्तिको चरणमा रहेको। |
| १५३ | नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तुहरूको उत्पादन तथा निर्यात प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। कृषि क्षेत्रमा अलैची, अदुवा, जुट, चिया र जडिबुटी, वन क्षेत्रमा जडिबुटी तथा सुगन्धित वनस्पति, लोक्ताजन्य उत्पादन, रोजिन एण्ड टर्पेन्टाइन, ठूला उद्योगमा स्टिल, धागो तथा कपडा, जुत्ता र तयारी पोसाक र घरेलु तथा साना उद्योगमा | • नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तुहरूको उत्पादन तथा निर्यात प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय निर्देशक समितिबाट विभिन्न सरोकारवाला निकायमार्फत कार्यान्वयन हुने क्रियाकलापमा बजेट बाँडफाँटको निर्णय भई रकमान्तरका लागि अर्थ मन्त्रालय पेश भएको, |

| | | |
|---|---|---|
| | गलैंचा, गहना र पस्मिनाको प्रवर्द्धनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। | • लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रमार्फत लघु, घरेलु तथा साना उद्योगलाई प्रविधि सहयोगका लागि आवेदन माग भई प्राप्त प्रस्तावहरू मूल्याङ्कनको चरणमा रहेको। |
| १५४ | निर्यात प्रवर्द्धनका लागि नयाँ गन्तव्य पहिचान गरिनेछ। निर्यात व्यापार प्रोत्साहन गर्न देशगत र वस्तुगत रणनीति तर्जुमा गरिनेछ। निर्यात हुने वस्तुहरूको गन्तव्य मुलुकमा सामुहिक व्यापार चिन्ह दर्ता गर्न प्रोत्साहन गरिनेछ। सूचना प्रविधि, सिमेन्ट, छुर्पी, मह लगायत उदीयमान र भविष्यमा निर्यात सम्भावना भएका वस्तु वा सेवाको उत्पादन बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। | • नेपालका प्रमुख व्यापार साझेदार मुलुकहरूसँगको व्यापारको स्थिति देखिने गरी Trade Profile तयार भएको,<br>• निर्यात सम्भावित वस्तुको परीक्षण स्तरीकरण गर्ने सम्बन्धमा निर्यात व्यवसायीसँगको समन्वयमा क्षेत्र पहिचान भइरहको। |
| १५५ | चिया लगायत कृषिजन्य वस्तुको निर्यात अभिवृद्धि गर्न आवश्यक प्रविधि, उपकरण, अर्गानिक सर्टिफिकेसन स्किम जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। चिया, कफी लगायत निकासीजन्य कृषि उत्पादनको परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न रकम विनियोजन गरेको छु। | • अर्गानिक चिया उत्पादनमा आवद्ध चिया किसान तथा उद्योगलाई चिया किसानको लागि गोठ सुधार कार्यक्रममार्फत तथा अर्गानिक सर्टिफिकेशनको लागि सहयोग गर्ने प्रोत्साहन गरिएको। |
| १५७ | वातावरणलाई नकारात्मक असर नपर्ने गरी मापदण्ड बनाई वातावरणीय अध्ययनबाट उपयुक्त देखिएका स्थानबाट ढुङ्गा र गिट्टी निकासी गर्न आधार तयार गरिनेछ। | • खानीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको पुनर्मूल्याङ्कन गरी प्रवर्द्धनको लागि प्रतिवेदन तयार भइरहेको। |
| १५८ | विभिन्न ३६ प्रकारका वस्तुको निर्यातमा प्रदान गर्दैं आएको नगद अनुदानलाई निरन्तरता दिन रु. ९० करोड विनियोजन गरेको छु। निर्यातमा प्रदान गरिने नगद अनुदानलाई तीन तीन महिनामा भुक्तानी हुने व्यवस्था मिलाइनेछ। | • विनियोजित रु.९० करोड निकासा भएको।<br>• निर्यातमा प्रदान गरिने नगद अनुदानलाई तीन-तीन महिनामा भुक्तानी हुने व्यवस्थाका लागि निर्यातमा नगद अनुदान प्रदान गर्ने कार्यविधि २०७५, संशोधन मस्यौदा तयार भएको। |
| १५९ | नेपाल सन् २०२६ पछि अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति | • अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि सुविधाको निरन्तरताको लागि |

| | | |
|---|---|---|
| | हुँदा हाल पाइरहेको व्यापार सहुलियत कायम नहुने अवस्था रहेको छ। अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि सिर्जना हुने चुनौतीको सम्बोधन र अवसरको उपयोग गर्ने नीतिगत व्यवस्था गरी क्षेत्रगत कार्यक्रम तय गरिनेछ। युरोपियन युनियन र अमेरिका लगायत अन्य राष्ट्रसँग द्विपक्षीय वार्ता गरी निर्यातलाई प्रोत्साहन र सहुलियतका लागि पहल गरिनेछ। | विश्व व्यापार संगठन SAARC/SAFTA मा अनुरोध भएको। |
| १६२ | दुर्गम तथा ग्रामीण क्षेत्र लगायत मुलुकभर अत्यावश्यक वस्तुको सहज र निर्वाध आपूर्ति सुनिश्चित गर्न उत्पादन, भण्डारण र वितरण प्रणालीमा सुधार गरिनेछ। सबै प्रकारका सिण्डिकेट, कार्टेलिङ, कृत्रिम अभाव र कालोबजारीलाई अन्त्य गरी बजारमा स्वस्थ प्रतिस्पर्धा कायम गरिनेछ। शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार, यातायात लगायत आधारभूत सेवाको गुणस्तरीयता सुनिश्चित गरिनेछ। | • तोकिएका दुर्गम जिल्लामा नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड मार्फत खाद्यान्न ढुवानी गरिएको,<br>• साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड मार्फत १७ दुर्गम जिल्लाहरूमा नून ढुवानी भएको। |
| १६३ | उपभोक्ताको हित संरक्षण गर्न सम्वन्धित निकायलाई सशक्त बनाई बजार अनुगमन तथा नियमनलाई सुदृढ गरिनेछ। देशभर उपलब्ध अत्यावश्यक खाद्य पदार्थ उत्पादन, मौज्दात तथा आपूर्तिको अद्यावधिक सूचना प्राप्त हुने प्रणाली विकास गरिनेछ। सहुलियत मूल्यमा खाद्य वस्तु विक्री वितरण गर्ने पसल सञ्चालन गर्न सहकारी संस्थालाई प्रोत्साहित गरिनेछ। | • चालु आ.व. को चैत मसान्तसम्ममा ३ हजार ६२६ वटा व्यवसायिक फर्मको अनुगमन गरिएको। चैत महिनामा ३१७ वटा अनुगमन गरिएको। ८७३ वटा फर्मलाई रु. ३ करोड ३८ लाख ४८ हजार जरिवाना गरिएको। ७४ वटा फर्मको रु. १ करोड १९ लाख ३७ हजार ९८१ रकम बराबरको वस्तु नष्ट गरिएको। |
| १६४ | सार्क खाद्य सुरक्षा भण्डारमा ८ हजार मेट्रिक टन र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५ हजार मेट्रिक टन खाद्यान्न वर्षभरि नै मौज्दात राख्ने व्यवस्था मिलाइनेछ। | • नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड मार्फत चामल खरिद भइरहेको छ।(१२ हजार ३४८ मे.टन. चामल खरिद भएको) |
| १६५ | न्यूनतम तीन महिनाको पेट्रोलियम पदार्थको | • पोखरामा हवाई ईन्धन भण्डारण गृह र |

| | | |
|---|---|---|
| | मागलाई धान्न सक्ने गरी भण्डारण क्षमता वृद्धि गरिनेछ। पोखरामा हवाई ईन्धन भण्डारण गृह र अमलेखगञ्जमा थप दुईवटा ईन्धन भण्डारण गृह निर्माण सम्पन्न गरिनेछ। | अमलेखगञ्जमा थप दुईवटा ईन्धन भण्डारण गृह निर्माण भइरहेको। |
| १६६ | दुर्गम तथा हिमाली जिल्लाहरूमा खाद्यान्न तथा नूनको आपूर्ति नियमित, सरल र सहज बनाउन दिइदैं आएको ढुवानी अनुदानलाई निरन्तरता दिएको छ। | • नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड मार्फत खाद्यान्न ढुवानी गरिएको।<br>• १७ दुर्गम जिल्लाहरूको ६१ स्थानमा नून ढुवानी कार्य भइरहेको। |
| १६७ | आपूर्ति व्यवस्थालाई सहज र सरल बनाउन प्रत्येक प्रदेशमा लागत साझेदारीमा एक एक वटा आधुनिक गोदामघर निर्माण प्रारम्भ गरिनेछ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीको मौजुदा गोदामहरूको मर्मत सम्भार गर्न बजेटको व्यवस्था गरेको छ। | • खाद्य व्यवस्था तथा व्यापार कम्पनी थापाथलीको गोदामघर मर्मतका लागि ल.इ, ड्रईङ डिजाईन ईस्टिमेटको कार्य भइरहेको। |
| ४४० | कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिन नेपाल सरकारका सबै संघीय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइनेछ। सार्वजनिक सेवा बापत बुझाउनुपर्ने सवै दस्तुर र सेवा शुल्क क्यू आर कोड लगायतका विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्न सक्ने व्यवस्था मिलाइनेछ। | • GIOMS प्रणाली कार्यान्वयनमा रहेको।<br>• मन्त्रालय मातहतका वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका विभागहरूबाट दस्तुर र सेवा शुल्क विद्युतीय माध्यमबाट राजश्व खातामा जम्मा गर्ने व्यवस्था मिलाइएको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १ | औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची संशोधन | संशोधन |
| २ | एजेन्सी (संसोधन र एकीकरण) (पहिलो संसोधन) नियमहरू, २०८० | संशोधन |
| ३ | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, २०८० | संशोधन |
| ४ | प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली (पन्ध्रौ संसोधन), २०८० | संशोधन |
| ५ | व्यापार लजिष्टिक्स नीति, २०७९ | नयाँ तर्जुमा |

| | | |
|---|---|---|
| ६ | नेपाल व्यापार एकीकृत व्यापार रणनीति (NTIS), २०८० | नयाँ तर्जुमा |
| ७ | नेपाल सरकार र अन्य मुलुकबीच गरिने द्विपक्षीय लगानी सम्झौता (Bilateral Investment Agreement/BIA को नमूना ढाँचा (Model Text) | नयाँ तर्जुमा |
| ८ | व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०८० | नयाँ तर्जुमा |
| ९ | कम्पनी निरीक्षक निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| १० | स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| ११ | औद्योगिक संरचना तथा सोधभर्नासम्बन्धी कार्यविधि २०७९ संशोधन स्वीकृत | संशोधन |
| १२ | निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन) | संशोधन |
| १३ | लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| १४ | कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| १५ | व्यापार लजिष्टिक्स नीतिको कार्यान्वयन कार्ययोजना | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- विद्युतीय व्यापारसम्बन्धी विधेयक, २०८० राष्ट्रिय सभाबाट स्वीकृत भएको,
- एजेन्सी (संसोधन र एकीकरण) (पहिलो संसोधन) नियमहरू, २०८० स्वीकृत भएको,
- विदेशी लगानी तथा प्रविधि हस्तान्तर ऐन, २०७५ बमोजिम स्वचालित मार्गबाट विदेशी लगानीको माथिल्लो सीमा र उद्योग व्यवसायको क्षेत्र तोकिएको (नेपाल राजपत्रमा मिति २०८०/०६/१५ गते प्रकाशित),
- औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-८ मा क्रमसंख्या ६६ थप गरी राइड सेयरिङ्ग सेवा थप गरिएको,
- वाणिज्य नीति, २०८०; स्टार्ट उद्यम नीति, २०८०; लघु, घरेलु तथा साना उद्यम प्रवर्द्धन नीति, २०८०; पेट्रोलियम विधेयक, २०८०; खानी तथा खनिज पदार्थ विधेयक, २०८०; स्टयाण्डर्ड नापतौल नियमवाली, २०८०; कम्पनी ऐन, २०६३ को दोस्रो संशोधन विधेयक, २०८०; बौद्धिक सम्पत्ति विधेयक, २०८०; व्यापार लजिष्टिक विधेयक, २०८० र प्राइभेट फर्म एजेन्सी (नवीकरण) ऐन, २०८० को मस्यौदा तयार भएको,
- Business Incubation Center स्थापना तथा सञ्चालन कार्यविधि, २०८०, औद्योगीक ग्राम सञ्चालनसम्बन्धी कार्यविधि (दोश्रो संसोधन), २०८० औद्योगिक तथा लगानी प्रवर्द्धन कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेश भएको,

- प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम निर्देशिकाको मस्यौदा उपर सरोकारवाला निकायको राय सुझाव संकलन भई अन्तिम रूप दिने प्रकृयामा रहेको,
- स्थानीय तहको समन्वयमा निर्माणाधिन औद्योगिक ग्रामको कामलाई तीव्रता दिई कार्यप्रगतिका आधारमा ८ वटा स्थानीय तहलाई रु.६ करोड ४८ लाख निकासा गरिएको,
- निजी क्षेत्रसमेतको सहभागितामा कार्यस्थलमा आधारित रोजगारमूलक कार्यक्रम ४ वटा उद्योगमा १३१ जनालाई तालीम र रोजगारी दिने गरी सञ्चालनमा रहेको,
- चैते धानको समर्थन मूल्य तोकिएको,
- विश्व व्यापार संगठनको १३ औं मन्त्रिस्तरीय सम्मेलनमा मा.मन्त्रीज्यूको नेतृत्वमा प्रतिनिधिमण्डल सहभागी भएको,
- Aid for Trade, बोर्ड अफ ट्रेड, व्यापार सहजीकरण राष्ट्रिय समिति, विश्व व्यापार संगठनको सम्पर्क विन्दु, Trade Policy Advisory Committee लगायतका बैठक नियमित रूपमा भएको,
- नेपाल भारत IGSC बैठक र नेपाल चीन (चीनको तिब्बत) बीचका द्विपक्षीय संयन्त्रहरूको बैठक सम्पन्न भएको,
- वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिमा केन्द्रीत रही विभिन्न ३ वटा प्रदेशमा अन्तरक्रिया सम्पन्न भएको,
- यस अवधिमा कुल उद्योग दर्ता २८६ मध्ये ठूला ३६, मझौला २७ र साना २२३ रहेको जसमा कुल रु.१ खर्ब ६५ अर्ब लगानी प्रस्तावित छ। त्यसैगरी, २६९ वटा विदेशी लगानीका परियोजना स्वीकृत भएका जसमा रू.३०.१० अर्ब लगानी प्रस्तावित छ। औद्योगिक बौद्धिक सम्पत्तितर्फ २ वटा पेटेन्ट, ७ वटा डिजाइन र ४ हजार २०९ वटा ट्रेडमार्क दर्ता छन्। त्यसैगरी, १७ हजार ८५५ वटा कम्पनी दर्ता भएका छन्।

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**नीतिः**

- व्यापार लजिष्टिक्स नीति, २०७९ मन्त्रिपरिषद्बाट मिति २०७९/०६/०७ मा स्वीकृत भई कार्यान्वयनमा रहेको,
- नेपाल व्यापार एकीकृत व्यापार रणनीति (NTIS), २०८० नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/०१/२६ को निर्णयानुसार स्वीकृत भई कार्यान्वयमा रहेको,
- स्टार्ट अप नीति, २०७९ को मस्यौदा रायका लागि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाइएको,
- वाणिज्य नीति, २०८० को प्रारम्भिक मस्यौदा तयार भई सरोकारवालासंग छलफल भइरहेको,

- आपूर्ति नीति, २०८० को मस्यौदा राय/सुझावको लागि प्रदेश तथा सम्वद्ध मन्त्रालयमा पठाइएको,
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनसम्बन्धी नीति, २०८० को मस्यौदा तयार गरी सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफलको क्रममा रहेको,
- राष्ट्रिय गुण नीतिको प्रारम्भिक मस्यौदा तयार गरिएको,

**ऐन तर्जुमा तथा संशोधन**

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/२/२४ को निर्णयानुसार विद्युतीय व्यापार (E-Commerce) सम्बन्धी विधेयक मिति २०८०/३/१२ मा राष्ट्रिय सभामा दर्ता भई छलफल भइरहेको,
- कम्पनी ऐन, २०६३ को दोस्रो संशोधन मस्यौदा तयार गरिएको,
- औद्योगिक बौद्धिक सम्पत्ति दर्तालाई थप सहजीकरण गर्न औद्योगिक बौद्धिक सम्पत्ति (ट्रेडमार्क, पेटेन्ट र औद्योगिक डिजायन) दर्तासम्बन्धी विधेयक, २०८० को मस्यौदा तयार गरिएको,
- साझेदारी ऐन, एजेन्सी ऐन र फर्म रजिष्ट्रेशनसम्बन्धी ऐनलाई एकीकृत गर्न बनेको फर्म दर्ता तथा व्यवसाय नियमन गर्ने विधेयकको मस्यौदा तर्जुमा भएको,
- निकासी पैठारीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धी विधेयकको मस्यौदा तर्जुमा भएको,
- खानी तथा खनिज पदार्थसम्बन्धी विधेयकको मस्यौदा तयार भई मन्त्रिपरिषद्मा पेश गर्ने चरणमा रहेको,
- प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लाई संशोधन गर्न वनेको विधेयकको मस्यौदा तर्जुमा भएको,
- नेपाल पेट्रोलियम ऐनको अन्तिम मस्यौदा तयार भई छलफलको क्रममा रहेको।

**नियमावली, कार्यविधि, निर्देशिका तथा कार्ययोजना**

- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गरिएको,
- व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०८० नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/१२/२८ गतेको निर्णयअनुसार स्वीकृत भई कार्यान्वयनमा रहेको,
- कम्पनी निरीक्षक निर्देशिका, २०७९ स्वीकृत गरी कार्यान्वयन भइरहेको,
- स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०७९ स्वीकृत भएको,

- औद्योगिक संरचना तथा सोधभर्नासम्बन्धी कार्यविधि २०७९ संशोधन स्वीकृत भई कार्यान्वयन भइरहेको,
- औद्योगिक तथा लगानी प्रवर्द्धन कोष कार्यविधि, २०८० को मस्यौदा तयार गरी राय/सहमतिको लागि अर्थ मन्त्रालयमा पेश गरिएको,
- निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९ को (दोश्रो संशोधन) स्वीकृत भई कार्यान्वयन भइरहेको,
- लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा रहेको,
- उद्यम सम्बर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को मस्यौदा तयार गरी राय/सहमतिको लागि अर्थ मन्त्रालयमा पठाइएको,
- प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को मस्यौदा तयार गरी राय/सहमतीका लागि अर्थ मन्त्रालय पठाइएको,
- व्यापार लजिष्टिक्स नीतिको कार्यान्वयन कार्ययोजना स्वीकृत भई कार्यान्वयन चरणमा रहेको।

अन्यः

- औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न विलम्ब शुल्क लिई म्याद थप,
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम विदेशी लगानीको न्यूनतम सीमा रु.२ करोड तोकिएको,
- नेपाल राजपत्रमा सूचना प्रकाशन गरी इन्भेष्टमेन्ट कम्पनीको शर्त तोकिएको।

**औद्योगिक तथा व्यापार पूर्वाधार विकासः**

- १५ वटा स्थानीय तहमा नयाँ औद्योगिक ग्राम घोषणा गरिनुका साथै थप ६ वटा औद्योगिक ग्राम घोषणाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको र हालसम्म १२० वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरिएको,
- पाँचखालमा रहेको औद्योगिक ग्रामलाई महिला उद्यमी विशेष औद्योगिक ग्राममा रूपान्तरण गर्ने घोषणा गरिएको,
- भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा चाँदनी-दोधारा सुख्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माणको लागि भारत सरकारसँग समझदारी पत्रमा हस्ताक्षर गरिएको,
- चोभारमा निर्मित सुख्खा वन्दरगाहको आन्तरिक टर्मिनल सञ्चालन गरिएको,

- रसुवाको टिमुरेमा निर्माणाधीन सुख्खा बन्दरगाहको ४० प्रतिशत निर्माण कार्य सम्पन्न गरिएको,
- विराटनगर एकीकृत जाँच चौकीसम्म कार्गो रेल सञ्चालनमा आएको,
- नेपालगञ्ज एकीकृत जाँचचौकीको उद्घाटन सम्पन्न भएको र सञ्चालनको तयारी भइरहेको,
- भैरहवा एकीकृत जाँचचौकी निर्माणको लागि खरिद प्रक्रिया सम्पन्न गरी निर्माण कार्यको शिलान्यास गरिएको,
- पाँचखाल विशेष आर्थिक क्षेत्र भित्रको रूख छपानको कार्य र प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरिएको,
- नमूना औद्योगिक ग्राम निर्माणका लागि सुनसरीको वराहक्षेत्रमा निर्माण कार्यको खरिद सम्झौता सम्पन्न भएको, नवलपरासीको वर्दघाटको बोलपत्र मूल्याङ्कन भइरहेको र डोटीको जोरायल गाउँपालिकाको DPR र IEE सम्पन्न गरिएको,
- दैजी औद्योगिक क्षेत्रको जग्गामा रहेको रूखहरूको छपान, नम्बरिङ्ग र नापजाँचको कार्य सम्पन्न भएको,
- भैरहवा र सिमरा विशेष आर्थिक क्षेत्रमा कुल ४१ वटा उद्योगमा रु ११ अर्व लगानी प्रस्ताव भई उद्योगहरू स्थापनाको क्रममा रहेको र सञ्चालनमा रहेका उद्योगहरूबाट चालु आ.व.मा रु १.४ अर्वको निर्यात भएको,
- भैरहवा विशेष आर्थिक क्षेत्रमा ७ वटा उद्योग सञ्चालनमा रहेका, १० वटा पूर्वाधार निर्माणको चरणमा रहेको र थप १४ वटा उद्योगहरूलाई उद्योग स्थापनाको लागि अनुमति प्रदान गरिएको,
- सिमरा ब्लक "ए" को सम्पूर्ण प्लट (६९ वटा) मा उद्योग स्थापनाको लागि अनुमति प्रदान भई उद्योग स्थापनाको कार्य अघि बढेको,

**खानी तथा भू-गर्भः**

- दैलेखको पेट्रोलियम अन्वेषण कार्य अन्तर्गतको अन्वेषणात्मक ड्रिलिङ्ग कार्यको लागि ४५ रोपनी जग्गा प्राप्तिको लागि मुआब्जा निर्धारण सम्पन्न गरिएको,
- पेट्रोलियम अन्वेषण स्थलसम्मको पहुचमार्गको स्तरोन्नतिका कार्य भइरहेको,
- किमति, सेरामिक्स, डोलोमाइट, ग्रेनाइट, सिलिका, फलाम लगायतका खनिजहरूको अन्वेषणका लागि सम्भावित क्षेत्रहरूमा फिल्ड कार्य सम्पन्न गरिएको,
- खानी तथा भूगर्भ विभागबाट ७३ वटा खनिज खोजतलास र ९ वटा उत्खनन् सम्बन्धी नयाँ अनुमतिपत्र जारी गर्नुका साथै सञ्चालित १०० वटा खानीको अनुगमन सम्पन्न भएको।

**गुणस्तर तथा नापतौलः**

- गुणस्तर तथा नापतौल विभागबाट Road Safety Management सम्वन्धी ISO/TC241 नेपालमा सम्पन्न गरिएको,
- Product Certification, System Certification र Calibration प्रयोगशालाको अन्तर्राष्ट्रिय मान्यताको निरन्तरताका लागि Audit कार्य भारतीय संस्था NABL र NABCB बाट सम्पन्न भएको,
- Calibration प्रयोगशालाका उपकरणहरूको NPL India बाट जाँच गराई Traceability Maintain गरिएको,
- २९ वटा नेपाल गुणस्तरहरु प्राविधिक समितिबाट सिफारिश गरिएको र १८ वटा गुणस्तर चिन्ह नेपाल गुणस्तर परिषद्बाट स्वीकृत गरिएको,
- ३६ विभिन्न वस्तु, सेवा र प्रक्रियामा नेपाल गुणस्तर इजाजत र प्रमाण चिन्ह प्रदान गरिएको।

**वाणिज्य तथा आपूर्तिः**

- नेपाल-अमेरिका व्यापार तथा लगानी कार्यढाँचा सम्झौता (Trade and Investment Framework Agreement-TIFA) अन्तर्गत TIFA Council को छैटौं बैठक मिति २०८० जेठ ५ गते काठमाडौंमा सम्पन्न भएको,
- नेपाल-भारत पारवहन सन्धि, १९९९ को पुनरावलोकन भई सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको अवसरमा सन् २०२३ को जुन १ मा हस्ताक्षर भएको र उक्त सन्धिमा बल्क कार्गो ढुवानीका विन्दुहरू थप गरिएको र भारतको आन्तरिक जलमार्ग नेपालको ट्रान्जिट ढुवानीमा प्रयोग हुनसक्ने व्यवस्था थप गरिनुका साथै विगतदेखिका पारवहनसम्बन्धी Letter of Exchanges लाई सन्धिको अंग बनाइएको,
- सन् २०२३ को जुन १३-१५ मा भारतको कोलकातामा आयोजना भएको BIMSTEC Business Conclave मा माननीय मन्त्रीज्यूले Guest of Honor को रूपमा सहभागिता जनाउनुभएको,
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा बोर्ड अफ ट्रेडको बैठक मिति २०८०/०३/१९ मा सम्पन्न भई नेपालको निर्यात व्यापार प्रवर्द्धन सम्बन्धमा महत्त्वपूर्ण निर्णयहरू भएको,
- नेपालका प्रमुख व्यापार साझेदार मुलुकहरूसँगको व्यापारको स्थिति देखिने गरी Trade Profile तयार भएको,
- कोभिड १९ को महामारी पश्चात बन्द भएका नाका सञ्चालनमा पहल भई केरुङ-रसुवा नाका जुन १ बाट र तातोपानी नाका जुलाई १ बाट सञ्चालनमा आएको,

- ११ औं NTTFC को वैठक सम्पन्न भई तातोपानी नाकामा दुईतर्फी मानव आवागमनका लागि सेप्टेम्वर १ बाट खोल्ने र सन २०२३ डिसेम्वरबाट काठमाडौं-ल्हासा सिधा हवाई उडान गर्ने समझदारी भई नियमित उडान भएको,
- दार्चुला र रुकुम पूर्वमा नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको शाखा कार्यालय विस्तार गरी सेवा प्रवाह भइरहेको,
- अमलेखगञ्ज-चितवन पाइपलाईन विस्तार, सिलिगुडि-झापा नयाँ पाइपलाईन निर्माण र ग्रीन फिल्ड टर्मिनल निर्माण गर्न नेपालको तर्फबाट मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री र भारतको तर्फबाट Ministry of Petroleum and Natural Gas; Housing and Urban affairs का मा. मन्त्रीज्यूहरुबाट सम्झौतापत्रमा हस्ताक्षर भएको,
- पोखरामा ५/५ हजार किलोलिटर क्षमताका २ वटा डिजल टैङ्क निर्माण कार्य सम्पन्न गरिएको,
- सार्क खाद्य सुरक्षा भण्डार र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा गरी कुल २६ हजार ६ सय ८३ मे.ट खाद्यान्न मौज्दात कायम गरिएको,
- आर्थिक वर्ष २०८०/८१ को लागि धानको न्यूनतम समर्थन मूल्य स्वीकृत भएको (मोटा धान प्रतिक्विन्टल रु ३ हजार १ सय ९८ र मध्यम धान प्रतिक्विन्टल रु ३ हजार ३ सय ६२),
- कर्णाली प्रदेश र सुदूरपश्चिम प्रशेका ३ जिल्लाका ७ स्थानीय तहसँग रैथाने बाली खरिदको लागि सम्झौता गरिएको। हुम्ला जिल्लाको सर्केगाड, अदानचुली र सिमकोट गा.पा बाट हालसम्म कागुनो १ हजार २ सय ६३ केजी, चिनो २ हजार २ सय २३ केजी, फापर १ हजार ९ सय ५ केजी तथा सिमी १ हजार ८८ केजी खरिद गरी विक्री वितरण गरिएको,
- कर्णाली प्रदेशका कालीकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पामा शिशु जन्मदा मातृपोषणको लागि र मृत्यु संस्कारमा सामाजिक संस्कार पूरा गर्न ६२.१० मे.टन खाद्यान्न निःशुल्क वितरण गरिएको,

**सेवा प्रवाह, सुशासन तथा अनुगमनः**

- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजम तीन तहवीच नीति तथा योजना कार्यान्वयन र उद्योग प्रशासनवीच समन्वय कायम गर्न विषयगत समितिको वैठक सम्पन्न गरिएको,
- एकल विन्दु सेवा केन्द्रबाट सम्पन्न हुने कार्यहरुलाई Full Automation मा लैजान सफ्टवेयर विकास र अभिलेख डिजिटाईजेशन गर्ने कार्य भइरहेको,

- उद्योग विभागमा विदेशी लगानीका ३ सय २७ वटा परियोजना मार्फत कुल रु.३३ अर्व १४ करोड लगानी र १७ हजार १२ जनाका लागि रोजगारी प्रतिवद्धता प्राप्त भएको,
- समग्र लगानी प्रतिवद्धताको हिसावले ३ सय २२ वटा उद्योग दर्ता भई रु २ खर्व १४ अर्वको लगानी र २३ हजार ३ सय २४ जनाका लागि रोजगारी प्रस्तावित भएको,
- ३ हजार २ सय ५४ वटा ट्रेडमार्क, ५ वटा प्याटेन्ट र १८ वटा औद्योगिक डिजायन दर्ता गरिएको,
- कम्पनी रजिष्ट्रारको कार्यालयबाट उद्योग क्षेत्रमा ३७२, शिक्षा क्षेत्रमा ३४५, स्वास्थ्यमा २४९ तथा अन्य क्षेत्र गरी कुल ६ हजार ८९ वटा कम्पनी दर्ता गरिएको र सो मध्ये ५ हजार ८ सय १७ कम्पनी प्रा.लि.को रूपमा रहेका छुन,
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट ५६७ नयाँ फर्म/कम्पनी दर्ता गरिएको छ भने २ हजार ३४ वटा आयात-निर्यात अनुमती प्रदान गरिएको छ,
- बजार अनुगमनका लागि १ हजार २ सय ७२ जनाको टोली परिचालन गरी ३ हजार ६ सय ९५ वटा व्यवसायिक फर्म/कम्पनीहरूको अनुगमन गरी ७ सय ९९ फर्मलाई कारवाही गरिएको,
- पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू गरिएको,
- बढी प्रदूषण हुने ३ वटा उत्पादनमूलक उद्योगहरूमा वातावरण व्यवस्थापन प्रणाली कार्यक्रम कार्यान्वयनको गरिएको,
- स्वच्छतर उत्पादनसम्बन्धी ५ वटा उत्पादनमूलक उद्योगमा Cleaner Production को विस्तृत कार्यक्रम कार्यान्वयन गरिएको,
- सार्वजनिक संस्थानका रिक्त नेतृत्व तथा सञ्चालक समितिमा मन्त्रालयको तर्फबाट मनोनयन गरी नीतिगत कार्यसम्पादनमा सहजता ल्याइएको,
- मन्त्रालय र मातहत निकायबाट हुने प्रतिवेदन प्रणालीलाई व्यवस्थित बनाउन अनुगमन सफ्टवेयर विकासको काम अन्तिम चरणमा रहेको,
- मन्त्रालयतर्फ रु.१ अर्व १६ करोड र समितितर्फ रु.४५ करोड बेरूजु रहेकोमा बेरूजुको सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको।

**अध्ययन प्रतिवेदनः**

- नेपाल सरकारको ढुवानी अनुदानमा खाद्यान तथा नून ढुवानी गर्ने जिल्ला तथा स्थानहरूको पुनरावलोकनसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको,
- उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा सौर्य ऊर्जा प्रयोगसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको,

- धौवादी खानीमा आधारित फलाम/स्टिल उद्योग स्थापनार्थ विस्तृत सम्भाव्यता अध्ययन कार्यको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको,
- बजारको तह निर्धारण सम्बन्धमा अध्ययन प्रतिवेदन तयार गरिएको,
- पेट्रोलियम पदार्थमा वायोडिजल मिश्रण गर्ने सम्बन्धी प्रतिवेदन तयार गरिएको,
- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको पुनःसंरचना तथा व्यवसायीकरण गर्ने सम्बन्धमा अध्ययन प्रतिवेदन तयार गरिएको,

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९७०४४८ | १७३९७५ | १७.९३ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | १०१०० | ६१७२ | ६१.११ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १३२४०० | ११८१२३ | ८९.२२ |
| ३०७०००१४३ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५८६१०० | ५८६१०० | १०० |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २९३०० | २५५२५ | ८७.१२ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | २६२०० | ६६८३ | २५.५१ |
| ३०७००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेड) | १४१८०० | १४१८०० | १०० |
| ३०७००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना- बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ३७५१५ | ९०७१ | २४.१८ |
| ३०७००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | ७९४२०० | ५९११५५ | ७४.४३ |
| ३०७००११०३ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | १७९०० | १००४० | ५६.०९ |
| ३०७००१११३ | नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपना | ३४९०० | १४८९८ | ४२.६९ |
| ३०७०१०११३ | उद्योग विभाग | १०८९६४७ | १०६६४४७ | ९७.८७ |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | ११२९३९ | ९४६६० | ८३.८२ |
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ७९६१ | ७०१३ | ८८.०९ |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | ९९५२ | ९१७० | ९२.१४ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान | ८६०० | ७९८७ | ९२.८७ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | आयोजना | | | |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ९७०२७ | ७३६६१ | ७५.९२ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ८९८७३ | ७७५६७ | ८६.३१ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ६१९१९ | ५८८४५ | ९५.०३ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ५८४१५ | ४९३९९ | ८४.५७ |
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ४६७१० | ३८८६८ | ८३.२१ |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १६००० | १३५६७ | ८४.७९ |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १४८५०० | ८९४९१ | ६०.२६ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ६२६१६३ | ८२०१९ | १३.१ |
| | **जम्मा** | **५१५४५६९** | **३३५२२३६** | **६५.०३** |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २२५०० | ११०५३ | ४९.१२ |
| ३०७०००१२४ | केन्द्रीय कारागार कारखाना | १६०० | ४३० | २६.८७ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १९०१०० | १६४८९३ | ८६.७४ |
| ३०७०००१४४ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | १५००० | १५००० | १०० |
| ३०७००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | ३७३७३०० | ११०९६७९ | २९.६९ |
| ३०७००१०२४ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ० | ० | |
| ३०७००१०३४ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेड) | ० | ० | |
| ३०७००१०४४ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना-बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ० | ० | |
| ३०७००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | १८०० | ७७२ | ४२.९१ |
| ३०७००११०४ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | ८८४१०० | २१०७४ | २.३८ |
| ३०७००१११४ | नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपना | ९९२०० | ५२०६५ | ५२.४८ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०१०११४ | उद्योग विभाग | १९७०० | ६७६४ | ३४.३४ |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | १४९०० | ७९६१ | ५३.४३ |
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | ६६२०० | १२८०८ | १९.३५ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | २०१०० | २१७८ | १०.८३ |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | २१२०० | ६७२० | ३१.७ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६१५०० | ११५४३ | १८.७७ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ३०००० | ३६६६ | १२.२२ |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | ८९३०० | ३९१४० | ४३.८३ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | २४८०० | ८२५७ | ३३.३ |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | १४६०० | १६३२ | ११.१८ |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५०० | १२ | २.४९ |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ३१००० | ५१४४ | १६.५९ |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ४५०० | १६७७ | ३७.२७ |
| | **जम्मा** | **५३४९९००** | **१४८२४६८** | **२७.७१** |

**८. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः**

**चालु तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७६७२०७ | ११५४५१ | १५.०५ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | ११८०० | ५१६२ | ४३.७४ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १३१८०० | १८९१० | १४.३५ |
| ३०७०००१४३ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५५२४०० | ४५९४५२ | ८३.१७ |
| ३०७०००१५३ | एक्सिस आयोजना (पहिलो चरण) | ३५२०० | २०३ | ०.५८ |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २७२९८ | १८९५३ | ६९.४३ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ११९०० | ४०९३ | ३४.३९ |
| ३०७००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम (साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड) | १६०००० | १२७७०६ | ७९.८२ |
| ३०७००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग | ६३७८१ | ७९४७ | १२.४६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | आयोजना-बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | | | |
| ३०७००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | ५४९८०० | ३१३१०९ | ५६.९५ |
| ३०७००११०३ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | ३५५०० | १०२५५ | २८.८९ |
| ३०७००१११३ | नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपना | २०९०० | ११६५९ | ५५.७८ |
| ३०७०१०११३ | उद्योग विभाग | ९९१९०० | ९४५२६९ | ९५.३ |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | ११३९०० | ७०६३५ | ६२.०२ |
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ९५०० | ४३२९ | ४५.५७ |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | १२६०० | ७३०१ | ५७.९५ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | ९७०० | ५४०५ | ५५.७२ |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | १०६००० | ५८६९६ | ५५.३७ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ११२८०० | ६३४१७ | ५६.२२ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ६२९०० | ४६३२६ | ७३.६५ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ६१००० | ३९६६० | ६५.०२ |
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ५३९०० | ३११६६ | ५७.८२ |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | २७०४०० | ९६८२ | ३.५८ |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १६८८८५ | ६१२९८ | ३६.३ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ५१२३८८ | ७०९२१ | १३.८४ |
| | **जम्मा** | **४८५३४५८** | **२५०७००५** | **५१.६५** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १२७९०९ | ५०७४ | ३.९७ |
| ३०७०००१२४ | केन्द्रीय कारागार कारखाना | १६०० | ३४८ | २१.७७ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १९४८०० | १२६४५४ | ६४.९१ |
| ३०७०००१४४ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५००० | ५००० | १०० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००१५४ | एक्सिस आयोजना (पहिलो चरण) | ७०३०० | ० | ० |
| ३०७००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १६०२३९१ | १३४४७३ | ८.३९ |
| ३०७००१०२४ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ० | ० | |
| ३०७००१०३४ | कण्ठरोग नियन्त्रण कार्यक्रम (साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड) | ० | ० | |
| ३०७००१०४४ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना- बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ० | ० | |
| ३०७००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | ५०० | ० | ० |
| ३०७००११०४ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | ९१८२०० | ४५३०० | ४.९३ |
| ३०७००१११४ | नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपना | ५३००० | ३९८२५ | ७५.१४ |
| ३०७०१०११४ | उद्योग विभाग | ५५०० | १८२६ | ३३.२ |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | ३०७०० | ५४४७ | १७.७४ |
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | ३१८०० | १०६३७ | ३३.४५ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | ३२००० | १०७३७ | ३३.५५ |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १९६०० | ३८८६ | १९.८२ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ४८१०० | ६२६५ | १३.०३ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ३०००० | ३०२१ | १०.०७ |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | २२९५१ | ९०८० | ३९.५६ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | २०६०० | १०४२ | ५.०६ |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ८००० | २८९५ | ३६.१९ |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ७०० | ६३ | ९.०६ |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | २४२०० | १९८२ | ८.१९ |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | १७३०० | २४८ | १.४४ |
| | **जम्मा** | **३२६५१५१** | **४१३६०३** | **१२.६७** |

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार साविकको ऊर्जा मन्त्रालय र सिँचाइ मन्त्रालय तथा सो मातहतका निकायहरूका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभागसमेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएको हो।

### १.२ दीर्घकालीन सोचः

- जलविद्युत्को दिगो र भरपर्दो विकास मार्फत देशलाई आर्थिकरूपले समृद्ध गराउने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विस्तार र दक्षता मार्फत स्वच्छ ऊर्जाको दिगो विकास गर्ने,
- सम्पूर्ण कृषियोग्य जमिनमा दिगो एवं भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने तथा कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुर्‍याई, देशलाई आर्थिकरूपले समृद्ध बनाउने,
- जल उत्पन्न प्रकोपबाट सृजना हुने मानवीय, भौतिक तथा आर्थिक हानी-नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गरी नागरिकको सुरक्षित जीवनको प्रत्याभूति गराउने,
- विश्वसनीय र भरपर्दो जल तथा मौसमको अग्रिम जानकारी मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका अन्य क्षेत्रको दिगो विकास एवं जलवायु समयानुकुलित समाजको निर्माण गर्ने।

### १.३ उद्देश्यः

- जलविद्युत्को उत्पादनमा वृद्धि गर्दै स्वच्छ ऊर्जाको उपलब्धता सुनिश्चित गर्ने,
- ऊर्जा दक्षतासहित गुणस्तरयुक्त, भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्ने,
- क्षेत्रीय ऊर्जा निर्यात व्यापार अभिवृद्धि गरी पेट्रोलियम पदार्थको आयात क्रमशः प्रतिस्थापन गर्दै भुक्तानी सन्तुलनलाई अनुकूल बनाउन योगदान पुर्‍याउने,
- विद्युतको राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दिगो, भरपर्दो, सर्वसुलभ, किफायती र गुणस्तरीय स्वच्छ ऊर्जाको पहुँच वृद्धि गर्ने,
- ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपत घनत्व बढाई उत्पादकत्व बढाउने,

- जलस्रोतको बहुआयामिक तथा समन्यायिक उपयोगमार्फत आर्थिक र सामाजिक क्षेत्रको विकास तथा वातावरणीय क्षेत्रको संरक्षण गर्ने,
- जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद् न्यूनीकरण एवं व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षतिको न्यूनीकरण गर्ने,
- जल तथा मौसम सेवालाई समयानुकूल विकास र विस्तार गर्न आवश्यक नीति निर्माण तथा संरचनागत सुधार गरी जल तथा मौसम जन्य वहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचना प्रवाहबाट नागरिकको जीउधनको सुरक्षा गर्ने,
- उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्ने,
- ठूला, जलाशययुक्त तथा जलस्थानान्तरण बहुउद्देश्यीय आयोजनाको विकास गरी सम्पूर्ण कृषियोग्य भूमिमा वर्षै भरी भरपर्दो रूपमा सिँचाइ सुविधा उपलब्ध गराउने,
- सम्पन्न सिँचाइ प्रणालीको मर्मत-सम्भार एवं व्यवस्थापनलाई सुदृढ तुल्याई भरपर्दो एवं दिगोपन बढाउने।

**१.४ रणनीतिः**

- जलविद्युतमा आन्तरिक एवं बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने,
- आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा विस्तार गरी विद्युत आपूर्ति प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउने,
- ऊर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवं भरपर्दो बनाउने तथा विद्युत पहुँच वृद्धि गरी खपत बढाउने,
- जलविद्युत उत्पादनसहित सबै प्रकारका ऊर्जाको समिश्रण र क्षेत्रीय ऊर्जा व्यापारको माध्यमबाट ऊर्जा सुरक्षा कायम गर्ने,
- जलविद्युत क्षेत्रको संस्थागत संरचनाको सुदृढीकरण गर्ने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्त्वपूर्ण अंशको रूपमा विकास र वहुउपयोग प्रवर्द्धन गर्ने,
- प्रदेश र स्थानीय तहमा सरोकारवालासँगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिँदै आधुनिक, भरपर्दो र पर्याप्त ऊर्जा सेवा उपलब्ध नभएका क्षेत्रसम्म वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- नवीनतम, दिगो तथा ऊर्जा दक्ष प्रविधिहरूको प्रयोगमा जोड दिने,
- वैकल्पिक ऊर्जाको क्षेत्रमा वैंकिङ तथा वित्तीय क्षेत्रको संलग्नता वृद्धि गर्ने तथा वैकल्पिक ऊर्जा प्रविधिहरूलाई उपयुक्त कार्वन परियोजना तथा कार्यक्रमको रूपमा विकास गरी अन्तर्राष्ट्रिय कार्बन बजारको साथै आन्तरिक कार्बन बजार संयन्त्र स्थापना गर्ने,

- कृषि तथा पशुपन्छी पालनमा संलग्न कृषक, व्यावसायिक समूह, फार्म र सहकारी संघसंस्था समेतको सहकार्यमा ठूला क्षमताका बायोग्यास प्लान्ट स्थापना गरी एल.पी. ग्यासको प्रयोगलाई न्यूनीकरण गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्ने,
- सिँचाइ विकासको गुरूयोजना र कृषि विकास रणनीतिअनुसार जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ योजनाहरूको विकास एवं विस्तार गर्ने,
- नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्नुका साथै सिँचाइ दक्षता वृद्धि गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सिँचाइ प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि ठूला बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने,
- भूमिगत सिँचाइ योजनाको विस्तारसहित उपयोगमा जोड दिने,
- सिँचाइ प्रणालीको मर्मत-सम्भार एवं दिगो व्यवस्थापनका लागि स्रोतसहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने,
- नीतिगत सुधार एवं विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने,
- जलस्रोतको बहुआयामिक तथा समन्वयात्मक विकासको लागि नीतिगत तथा संरचनागत सुधार गर्ने,
- अन्तरदेशीय नदीको द्विपक्षीय लाभ हुने गरी व्यवस्थापनमा जोड दिने,
- जलस्रोत सम्बन्धी अनुसन्धान र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास र विभिन्न अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्दै सिँचाइ क्षेत्रको अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने,
- जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै बाढी पहिरोजन्य विपद्को दिगो एवं भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैरसंरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धिका कार्य गर्ने,
- विश्व मौसम संगठनको मापदण्डअनुसारको भरपर्दो, विश्वसनीय, गुणस्तरीय जल तथा मौसम सेवा उपलब्ध गराउन नीति तथा कानून निर्माण गर्ने,
- जल तथा मौसम मापन केन्द्रलाई क्रमशः नवीनतम् प्रविधिसहितको आधुनिक स्वचालित केन्द्रमा रूपान्तरण र आवश्यक्तानुसार विस्तार गर्ने,
- नदी बेसिन योजनाबमोजिम विकासका पूर्वाधारहरूको लागि जल उपलब्धतामा हुने भिन्नता, बेसिनहरूको पानीको सन्तुलन, थेग्रान अध्ययन तथा आकलन गर्ने,
- मौसम तथा जल प्रवाहको भरपर्दो तथा गुणस्तरीय पूर्वानुमान गर्ने,
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी सेन्डाई फ्रेमवर्कले तय गरे अनुरूप विभिन्न संघ-संस्थासँग समन्वय गरी जल तथा मौसमजन्य बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने,

- विश्व मौसम संगठन, जलवायु परिवर्तनसम्बन्धी अन्तर सरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठन र अन्य सरोकारवाला संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ११७ | ९९ | १८ | १ |
| ३ | जलस्रोत तथा सिँचाइ विभाग | ६२३ | ५७४ | ४९ | १९ |
| ४ | विद्युत विकास विभाग | १२७ | १०५ | २२ | ० |
| ५ | जल तथा मौसम विज्ञान विभाग | १२८ | १०३ | २५ | १ |
| ६ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २५ | १७ | ८ | ० |
| ७ | भूमिगत जलश्रोत विकास समिति | २४४ | | | |

## ३. आर्थिक वर्ष २०८०/८१ को वजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३५६ | आगामी दुई वर्षभित्र शतप्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुऱ्याउने गरी राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम क्षेत्रका घरधुरीमा लघु तथा साना जलविद्युत र सौर्य तथा वायु जस्ता नवीकरणीय ऊर्जा प्रविधिको विस्तार गरिने छ। आयातित इन्धनको परिमाणलाई उल्लेख्य रूपमा घटाउने गरी प्रतिव्यक्ति विद्युत् खपत वृद्दि गरी ४५० किलोवाट घण्टा पुऱ्याइनेछ। | ऊर्जा खपत विशेष योजना बनाई कार्यान्वयन गरिएको छः<br>• चालु आ.व को आठ महिनामा प्रतिव्यक्ति विद्युत खपत ३५१ किलोवाट घण्टा बाट ३८० किलोघण्टा पुऱ्याइएको।<br>द्विपक्षीय/बहुपक्षीय व्यापार तथा सम्झौताको लागि वार्ता/ छलफलः भारतसँगः<br>• अक्टुबर, २०१४ मा नेपाल - भारत बीच विद्युत व्यापार सम्झौता कार्यान्वयनसम्बन्धी गठित सविचस्तरीय Joint Steering Committee (JSC) र सह-सचिवस्तरीय Joint Working Group (JWG) को दशौं बैठक 18 Feb, 2023 मा भारतमा सम्पन्न भएको।<br>• नेपाल एवं भारतका लगानी सञ्चालन हुने जल विद्युत आयोजनाहरूबाट आन्तरिक माग पूरा गरी दश वर्षमा दश हजार मे.वा. विद्युत निर्यात गर्ने दीर्घकालीन विद्युत व्यापार (Long Term Power Trade) सम्झौतामा मिति २०८०/०२/१९ मा प्रारम्भिक सहमतिमा हस्ताक्षर भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • दुई देशका प्रधानमन्त्रीज्यूहरूको उपस्थितिमा बुटवल-गोरखपुर प्रसारण लाइन ४०० के.भी.को मिति २०८०/०२/१८ मा शिलान्यास भएको।<br>• सप्तकोशी उच्च बाँध बहुउद्धेशीय आयोजनाको सत्रौं बैठक सम्पन्न। बैठकमा बाँधको उचाइ घटाउने तथा ३० महिना भित्र आयोजनाको विस्तृत प्रतिवेदन तयार गर्ने सहमति भयो।<br>• नेपालको सबभन्दा ठूलो इनरुवामा सबस्टेसन-८०० एम.भि.ए.को निर्माण सम्पन्न भई सञ्चालनमा आएको।<br>• अक्टुबर, २०१४ मा नेपाल - भारत बीच विद्युत व्यापार सम्झौता कार्यान्वयनसम्बन्धी गठित सविचस्तरीय Joint steering Committee (JSC) र सह-सचिवस्तरीय Joint Working Group (JWG) को एघारौं बैठक 2 Jan, 2024 मा भारतमा सम्पन्न भएको।<br>• दश वर्षमा दश हजार मेगावाट विद्युत निर्यात गर्न भारतसँग दीर्घकालीन विद्युत व्यापार सम्झौता गरिएको।<br>• **चाइनासँगः** गल्छी-रसुवागढी - केरुङ ४०० के.भि. क्षमताको अन्तरदेशीय विद्युत प्रसारण लाइनको निर्माणको लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र स्टेट ग्रिड कर्पोरेशन लिमिटेड चाइना को बैठक 21 Feb, 2023 मा काठमाडौंमा सम्पन्न भएको।<br>• **बङगलादेशसँगः** १६ मे, २०२३ बंगलादेशमा दुईदेश बीच वार्ता सम्पन्न तथा ४० मे.वा. विद्युत निर्यात गर्ने सम्झौता भएको।<br>• **विद्युत निर्यातः** एक हजार गिगावाट घण्टा भन्दा बढी विद्युत power exchange मार्फत भारत निर्यात गरी तेह्र अर्बभन्दा बढीको आम्दनी भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • **विद्युतीकरणः** आगामी दुई वर्षभित्र देशका विभिन्न जिल्लाका ग्रामीण क्षेत्रहरू पूर्ण विद्युतीकरण गर्न कुल २५ वटा प्याकेजहरू तयार गरी ३३/११ के.भि. सबस्टेशन निर्माण, ३३ के.भि. प्रसारण लाईन निर्माण तथा ११।०.४ के.भि.वितरण लाईन निर्माण गर्ने। |
| ३५७ | नेपाल विद्युत प्राधिकरणबाट प्रवर्धित १११ मेगावाटको रसुवागढी,१०२ मेगावाटको मध्य भोटेकोशी, ४२.५ मेगावाटको सान्जेन तथा निजी लगानीकर्ताबाट प्रवर्धित जलविद्युत र सोलार आयोजना सम्पन्न गरी आगामी आर्थिक वर्षमा करिब ९ सय मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिने छ।आगामी आर्थिक वर्षको अन्त्यसम्म कुल विद्युत उत्पादन ३ हजार ६ सय मेगावाट पुग्नेछ। | **१११ मेगावाटको रसुवागढी जलविद्युत आयोजनाः**<br>• हालसम्मको भौतिक प्रगति (Lot 1 and Lot 2)ः ९९.५% सम्पन्न,<br>• हालसम्मको वित्तीय प्रगतिः ८१.६ सम्पन्न,<br>• सिभिल एण्ड हाइड्रोमेकानिकल कार्यः ९९.५% सम्पन्न,<br>• इलेक्ट्रोमेकानिकल कार्यः ९९.५% सम्पन्न,<br>• १३२ के.भी. (१० कि.मी.) प्रसारण लाइन निर्माण कार्य सम्पन्न गरियो ।<br>**१०२ मेगावाटको मध्य भोटेकोशी जलविद्युत आयोजना**<br>• सिभिल निर्माण कार्यको बाँकी ०.७४ सम्पन्न गरियो,<br>• ईलेक्ट्रोमेकानिकल कार्यको बाँकी २८ प्रतिशत कार्य सम्पन्न गरियो,<br>• हाईड्रोमेकानिकल कार्यको बाँकी ५.५ प्रतिशत कार्य सम्पन्न गरियो।<br>**४२.५ मेगावाटको साञ्जेन जलविद्युत आयोजना**<br>• हालसम्मको भौतिक प्रगतिः९८% सम्पन्न,<br>• हालसम्मको वित्तीय प्रगतिः ९३.८% सम्पन्न,<br>• सिभिल एण्ड हाइड्रोमेकानिकल कार्यः ९९% सम्पन्न,<br>• इलेक्ट्रोमेकानिकल कार्यः ९४% सम्पन्न,<br>• ट्रान्समिसन लाईन कार्यको बाँकी १.५ प्रतिशत कार्य सम्पन्न गरियो।<br>**लघु तथा साना जलविद्युत**<br>• चालु आ.व.को हालसम्म(चैतसम्म) थप १.२७ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | मेगावाट जडान भई हालसम्म कुल ३९ मेगावाट जडान भएको।<br>**सौर्य तथा वायु ऊर्जा**<br>• चालु आ.व.को हालसम्म थप २४५ किलोवाटको सौर्य मिनिग्रिड जडान भई हालसम्म कुल ३ मेगावाट जडान भएको।<br>• चालु आ.व.को हालसम्म थप १४८ वटा सौर्य खानेपानी तथा सिँचाइ पम्प जडान सम्पन्न भई हालसम्म कुल ३२७८ वटा जडान भएको ।<br>• संस्थागत सोलार तथा रुफटप प्रणालीबाट चालु आ.व.को हालसम्म थप १ हजार ८२२ कि.वा. जडान कार्य सम्पन्न भई हालसम्म कुल १२ मेगावाट जडान भएको।<br>• चालु आ.व.को हालसम्ममा थप ५ हजार ३२७ वटा घरेलु सौर्य विद्युत प्रणाली जडान सम्पन्न भई हालसम्म कुल ९८३ हजार जडान भएको छ। |
| ३५९ | सुक्खायामको विद्युत माग सम्बोधन गर्न र जलविद्युत निर्यात गर्न १ हजार २ सय मेगावाट क्षमताको बुढीगण्डकी र ६ सय ३५ मेगावाट क्षमताको दूधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण कार्य अघि बढाइने छ। | **जलाशययुक्त १ हजार २ सय मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजनाः**<br>• आयोजनाको वित्तीय लगानीको प्रारुप(खाका) तयार भई अर्थ मन्त्रालयमा सहमतिको पेश भएको,<br>• जग्गा अधिग्रहण तथा मुवाब्जा निर्धारण सम्बन्धमा मुवाब्जाको दर रेट निर्धारण भइसकेको र सोही अनुसार मुवाब्जा वितरणको लागि तयारी कार्य भइरहेको।<br>**६३५ मेगावाटको दूधकोशी जलाशययुक्त आयोजनाः**<br>• दूधकोशी जलाशययुक्त आयोजनाको विस्तृत इन्जिनीयरिङ डिजाइनको कार्य अन्तिम चरणमा रहेको। |
| ३६० | संघ, प्रदेश र स्थानीय तहको सह लगानीमा १०६१ मेगावाट क्षमताको माथिल्लो अरुण, २१० मेगावाट क्षमताको चैनपुर सेती, १०६ मेगावाट | **१ हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरूण जलविद्युत आयोजनाः**<br>• हाईड्रोपावर Components को Tender Design, Tender Document र Construction |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | क्षमताको जगदुल्ला, ९९.९ मेगावाट क्षमताको तामाकोशी पाँचौ, ७०.३ मेगावाट क्षमताको सिम्बुआ खोला तथा ७७.५ मेगावाट क्षमताको घुन्सा खोला जलविद्युत आयोजनाहरूको निर्माण शुरू गरिनेछ। | Supervision को लागि परामर्शदाता नियुक्त भएको।<br>• अपर अरुण ज.वि.आ.को पहुँच मार्गसम्बन्धी डिटेल डिजाइन तथा निर्माण सुपरिवेक्षण कार्य र सोको निर्माणको लागि मुआब्जा तथा क्षतिपूर्ति रकम लगभग वितरण भइसकेको (कुनै छुट मात्रै बाँकी रहेको), रूख कटानी तथा सार्वजनिक जग्गाको भोगाधीकारको स्वीकृति प्राप्त भएको।<br>**२१० मेगावाटको चैनपुर सेती अर्धजलासययुक्त जलविद्युत आयोजनाः**<br>• आयोजना अडिट टनेल कार्यको निर्माणको थालनी गर्ने कार्य सम्पन्न गरियो (१५% कार्य सम्पन्न),<br>• आयोजनाको पहुँच मार्ग निर्माण सम्पन्न गरियो (२.२ कि.मि.खनियो),<br>• आयोजना क्याम्प क्षेत्रको निर्माण शुरू गरिएको (१०% कार्य सम्पन्न),<br>• आयोजनाको जग्गा अधिग्रहण कार्य सम्पन्न गरियो।<br>**१०६ मेगावाटको अर्ध-जलाशययुक्त जगदुल्ला जलविद्युत आयोजनाः**<br>• आयोजना निर्माण अगाडि चाहिने विद्युत उत्पादन अनुमतिपत्र लिइसकेको,<br>• वित्तीय (ऋण) व्यवस्थापन Financial Closing को कार्य अन्तिम चरणमा रहेको,<br>• निर्माण सुपरभिजनको लागि सूचना प्रकाशित गरी परामर्शदाता छनौट गर्ने कार्य २०% सम्पन्न गरियो,<br>• आयोजना पुल, पहुँच सडक तथा आवास निर्माणको कार्य ७५% सम्पन्न भएको।<br>**९९.९ मेगावाटको तामाकोशी ५ जलविद्युत आयोजनाः**<br>• स्थाई क्याम्प संरचनाहरुको निर्माण कार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | भइरहेको,<br>• Transmission Line को १८ ओटा Tower Pad को लागि जग्गा पहिचान कार्य सम्पन्न गरी मुआब्जा निर्धारण प्रक्रियामा रहेको।<br>• आयोजना निर्माणको लागि Lot-1 Civil Works and Hydromechanical Equipment को निर्माण सम्बन्धमा ठेक्का सम्झौता कार्य अन्तिम चरणमा रहेको।<br>• आयोजना निर्माणको लागि Lot-2 Electromechanical Equipment and Transmission Line सूचना प्रकाशन गर्ने प्रक्रियामा रहेको।<br>**१२६ मेगावाटको तल्लो सेती जलविद्यूत आयोजनाः**<br>• विस्तृत ईन्जिनियरिङ डिजाईन रिर्पोट तयार भइसकेको,<br>• वातारणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयार भई स्वीकृतिको लागि पेश भएको।<br>**१४० मेगावाट क्षमताको तनहुँ जलविद्यूत आयोजनाः**<br>• Dam को Right Bank and Left Bank खन्ने कार्य हालसम्म १६ लाख १२ हजार ९०० घ.मी खन्ने कार्य सम्पन्न भएको,<br>• Diversion Tunnel खन्ने कार्य १२९० मी. खन्ने कार्य सम्पन्न भएको,<br>• Diversion Tunnel ढलान गर्ने कार्य ८०१ मी. सम्पन्न भएको।<br>**इलेक्ट्रोमेकानिल र हाईड्रोमेकानिकलको निर्माण कार्यः**<br>• हेडरेश सुरुङ खन्ने कार्य १ हजार ३७५ मी. सम्पन्न भएको।<br>• Penstock Installation तथा ढलान कार्य १३१ मी. सम्पन्न भएको।<br>• Surge Tank खन्ने कार्य ९३ मी. सम्पन्न भएको।<br>**प्रशारण लाईन निर्माण कार्य**<br>• टावर फाउन्डेशन कार्य ७६ वटा सम्पन्न |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | भएको,<br>• टावर ईरेक्सन कार्य ६४ वटा सम्पन्न भएको,<br>• टावर पार्टस तथा हार्डवयर सप्लाई कार्य सम्पन्न गरियो।<br>**७०.३ मेगावाटको सिम्बुवा खोला जलविद्युत आयोजनाः**<br>• पूरक वातवरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्पन्न गरियो,<br>• प्रशारण लाइनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य ८०% सम्पन्न गरियो।<br>**७७.५ मेगावाटको घुन्सा खोला जलविद्युत आयोजनाः**<br>• साइट कार्यालय तथा आवास भवनहरूको निर्माण कार्य भइरहेको (१०%),<br>• आयोजनाको वित्तीय व्यवस्थापन गर्ने कार्य भइरहेको,<br>• आयोजनाको मुख्य ठेकेदार खरिदको पूर्व योग्यता निर्धारण प्रक्रिया सम्पन्न गरी बोलपत्र आह्वान गर्ने प्रक्रियामा रहेको।<br>**१०६१ मेगावाटको अपर अरुण जलविद्युत आयोजनाः**<br>• Test Adit Excavation कार्य सकियो,<br>• हाईड्रोपावर Components को Tender Design, Tender Document र Construction Supervision को लागि परामर्शदाता नियुक्त गरियो,<br>• आयोजनाको पहुँच मार्ग निर्माणसम्बन्धी मुआब्जा तथा क्षतिपूर्ति रकम वितरण कार्य सकियो,<br>• पहुँच मार्गसम्बन्धी डिटेल डिजाइन सकी निर्माण सुपरीवेक्षण कार्य भइरहेको र सोको निर्माणको लागि आवश्यक रुख कटानी तथा सार्वजनिक जग्गाको भोगाधिकार मन्त्रिपरिषद्बाट स्वीकृत भई प्रक्रिया अगाडि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | बढेको,<br>• आयोजनाको क्याम निर्माण कार्य २६ सम्पन्न भएको। |
| ३६१ | सन् २०४५ भित्र खुद शुन्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत ऊर्जा एवं आययातित इन्धनलाई निरुत्साहित गरी हरित ऊर्जा उपयोग र प्रवर्धनलाई जोड दिइने छ। बायोग्यास,बायो डिजेल, इथानोल, सौर्य ऊर्जा, विद्युतीय चुलो, सुधरिएको चुलोलगायतका स्वच्छ ऊर्जा प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिने छ। वैकल्पिक ऊर्जा प्रवर्धनका लागि रु.१ अर्ब ७४ करोड विनियोजन गरेको छु। | **वायोग्याँस**<br>• चालु आ.व.को चैतसम्म थप १२ वटा प्लान्ट जडान कार्य सम्पन्न भएको,<br>• चालु आ.व. को हालसम्म थप १ हजार २४७ वटा घरायसी वायोग्यास प्लान्ट जडान सम्पन्न भई हालसम्म कुल ४४४ हजार वटा जडान भएको।<br>**विद्युतीय तथा सुधारिएको चुलो**<br>• चालु आ.व. को हालसम्म थप ८ हजार ७५६ वटा विद्युतीय तथा सुधारिएको चुलो जडान जडान सम्पन्न भई हालसम्म कुल १४० हजार वटा जडान भएको।<br>**अन्यः**<br>• च्यालेन्ज फण्ड मार्फत नवीकरणीय ऊर्जा प्रविधि जडान गर्न ४१ आयोजनाहरु छनौट भई ११ ओटा सम्पन्न भैसकेको र ३० ओटाको निर्माणाधीन अवस्थामा रहेका। |
| ३६२ | विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरी निजी क्षेत्रसमेतको लगानीमा चार्जिङ स्टेसनहरुको विस्तार गरिने छ। | • विद्युतीय सवारी साधनको प्रयोग बढाउन नेपाल विद्युत प्राधिकरणले उपत्यका भित्र विभिन्न आठ(८) स्थान र उपत्यका बाहिर बयालीस(४२) स्थानहरुमा चार्जिङ्ग स्टेशनहरू सञ्चालन गरिएको छ। थप १२ चार्जिङ्ग स्टेशनहरू दुई (२) ओटा उपत्यका भित्र र दश (१०) ओटा उपत्यका बाहिर निर्माणको चरणमा रहेका। |
| ३६३ | राष्ट्रिय तथा अन्तर्देशीय विद्युत प्रसारण लाइनको सुदृढीकरण, विस्तार एवं स्तरोन्नति गरी वितरण प्रणालीलाई भरपर्दो र प्रभावकारी बनाइने छ। ४०० केभी क्षमताको न्यू बुटवल-गोरखपुर, इनरुवा-पूर्णिया र दोधार- | **४०० के.भी. न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रशारण लाइन आयोजनाः**<br>• नेपालतर्फको Design Approve कार्य सकियो,<br>• भारतीय खण्डको निर्माण कार्य शुरु गरी ६० स.कि.मी. सम्पन्न गर्ने सम्बन्धमा ६४ वटा टावरको फाउन्डेसन निर्माण सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बरेली अन्तर्देशीय प्रसारण लाइनको निर्माण कार्य प्रारम्भ गरिने छ। | **४०० के.भी. ईनरुवा-पूर्णिया र दोधारा-वरेली प्रशारण अन्तरदेशीय प्रशारण लाइन आयोजनाः**<br>• भारतसँग Construction छलफल भइरहेको। |
| ३६४ | नदी बेसिनमा आधारित ४०० केभी कर्णाली कोरिडोर प्रसारण लाइनको निर्माण कार्यलाई तीव्रता दिइने छ। भेरी कोरिडोर,पश्चिम सेती कोरिडोर र अरुण कोरिडोर प्रसारण लाइनको वित्तिय स्रोत व्यवस्थापन गरी निर्माण कार्य प्रारम्भ गरिने छ। ४०० केभी क्षमताका बुटवल-लमही-दोधारा,लप्सीफेदी-रातामाटे-हेटौंडा र रातामाटे-दमौली-बुटवल प्रसारण लाइनको निर्माण कार्य अघि बढाइने छ। | **कर्मदिव-फुकोट (कर्णाली कोरिडोर) ४०० के.भी. प्रसारण लाइन आयोजनाः**<br>• दोदोधारा-बेतन-फुकोट प्रसारण लाईन रुटको Check Survey कार्य सम्पन्न गरियो,<br>• प्रसारण लाईनको Engineering Design कार्य भइरेहेको।<br>**हाईटार-सितलपाती (अरुण कोरिडोर) ४०० के.भी. प्रसारण लाइन आयोजनाः**<br>• लगानी सुनिश्चित गर्ने कार्य भइरहेको,<br>• प्रसारण लाईन निर्माणको खरिद कार्यको लागि बोलपत्रसम्बन्धी कागजात तयार पार्ने काम सम्पन्न गरियो।<br>**भेरी कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाः**<br>• लगानी सम्बन्धमा भारतको Exim Bank सँग समन्वय भइरहेको,<br>• बोलपत्रसम्बन्धी कागजात तयार पार्ने काम सम्पन्न भएको।<br>**पश्चिम सेती कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाः**<br>• विस्तृत अध्ययन तथा Engineering Design कार्य सम्पन्न गरियो,<br>• वातावरण प्रभाव अध्ययन कार्य सम्बन्धमा बेसलाईन सर्वे सम्पन्न भई सार्वजनिक सुनुवाई कार्यको लागि आवश्यक तयारी भइरहेको।<br>**४०० के.भी. क्षमताका बुटवल-लमही-दोधारा प्रसारण लाइन आयोजनाः**<br>• प्रशारण लाईनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत भइसकेको,<br>• आयोजनाको बोलपत्र आव्हान गर्ने सम्बन्धमा cost estimate, bidding document हरु तयार |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | भइसकेको। |
| ३६५ | आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन र वितरण प्रणाली सुधार तथा विस्तारका लागि रु.३८ अर्ब ३२ करोड विनियोजन गरको छु। | • आ.व. २०७९/८० सम्म ग्रीडको क्षमता ८ हजार एम.भि.ए. रहेकोमा आ.व. २०८०/८१ मा ९ हजार एम.भि.ए. क्षमताभन्दा बढी सव-स्टेशनको निर्माण गर्न यस आ.व.मा इनरुवा सवस्टेशन-९४५, न्यू भरतपुर-३२०, वसन्तपुर सवस्टेशन-२३०, न्यू खिम्ती(थप)-२००, हेटौंडा (हेटौंडा- ढल्केवर-इनरुवा ४०० के.भी लाइन तथा सवस्टेशन)-५००+३३०, सुनवल १४८.५, कुशाहा-२२.५ थपिएको र १९३.५ एम.भि.ए. upgradation भएको।<br>• ६६ के.भी. भन्दा माथि थप ५८६ स.कि.मी. प्रसारण लाइन निर्माण भएको। |
| ३६६ | नेपाल विद्युत प्राधिकरणको पुनसंरचना कार्य अगाडि बढाइने छ। विद्युत विकास र प्रसारणका लागि नेपाल विद्युत प्राधिकरणले व्यावसायिक संस्थासरह ऋण परिचालन गर्न सक्ने गरी कानुनी व्यवस्था गरिने छ। हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीको पुनसंरचना गरी प्रभावकारी बनाइनेछ। | • ने.वि.प्रा.को प्रिमियमसहित प्राथमिक शेयर सर्व-साधारणमा जारी गर्न ने.वि.प्रा बोर्डबाट स्वीकृति प्राप्त गरी प्रकृया अघि बढाइएको,<br>• विद्युत ऐन सांसदमा पेश भई सकेको र विद्युत कार्यविधिको मस्यौदा तयार भइरहेको,<br>• हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीको पुनसंरचना गरी प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक मस्यौदा खाका कम्पनीको सञ्चालक समितिमा पेश भएको। |
| **जलश्रोत तथा सिँचाइतर्फ** | | |
| ३४० | "सिँचाइमा लगानी, खेतबारीमा पानी" भन्ने नाराका साथ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि दिगो र भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन ठूला, जलाशययुक्त र जलपथान्तरण गर्ने बहुउद्देश्यीय आयोजना निर्माणलाई जोड दिइनेछ। कृषियोग्य भूमिमा वर्षैभरि भरपर्दो सिँचाइ उपलब्ध गराउन सतह, भूमिगत र नयाँ प्रविधिको सिँचाइ | • समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रमको डिपट्युववेल निर्माण र संरचना निर्माण क्रमशः ६७१ र ३०७ वटा सम्पन्न,<br>• भेरी कोरिडोर सिँचाइ विकास आयोजनाको लिफ्ट सिँचाइद्वारा थप ५०० हेक्टर जमिनमा सिँचाइ सेवा उपलब्ध गराउने (गत आ.व. सम्ममा सिँचाइ पुगेको १ हजार ८५० हे.)मा २१५४ हेक्टर सम्पन्न तथा नदी व्यवस्थापन अन्तर्गत ८२ हेक्टर जग्गा उकास कार्य सम्पन्न, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | प्रणाली विकासलाई प्राथमिकतामा राखी आयोजना छनौट गरेको छु। | • पालुङटार- कुण्डुटार सिँचाइ आयोजना इन्टेक निर्माण १ वटा सम्पन्न। |
| ३४१ | सिक्टा सिँचाइ आयोजनाको पश्चिम मूल नहरको नियमित मर्मत गरी सञ्चालनलाई निरन्तरता दिइनेछ। पूर्वी मूल नहरतर्फको ३७ किलोमिटर नहर सञ्चालनमा ल्याई थप ५३ किलोमिटरसम्मको निर्माण कार्यको शुरूवात गरिनेछ। यस आयोजनाको लागि रु. ८० करोड विनियोजन गरेको छु। | • दायाँ मूल नहर तथा अन्य शाखा प्रशाखा नहर निर्माण गर्ने कार्य (९ कि.मि.) - (पश्चिम तर्फका अन्य शाखा तथा प्रशाखा नहर निर्माण कार्य कुल १५३.१ कि.मी. मध्ये ३९.६ कि मि सम्पन्न भई बाँकी मध्ये ९ कि. मी. को निर्माण कार्य गर्नेमा ४५ कि.मी. सम्पन्न,<br>• नदी नियन्त्रण कार्य १३ कि.मी. सम्पन्न। |
| ३४२ | रानी जमरा कुलरिया सिँचाइ आयोजना अन्तर्गत प्रथम चरणको १४ हजार ३ सय हेक्टर सिञ्चित हुने शाखा नहर सञ्चालन गरी बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराइनेछ। लम्की मूल नहरको शाखा तथा प्रशाखा नहरबाट थप १ हजार ५ सय हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ। यस आयोजनाका लागि रु. २ अर्ब ६३ करोड विनियोजन गरेको छु। | • शाखा/उपशाखा/प्रशाखा नहरमा संरचना निर्माण कार्यको नयाँ नहरका संरचनाहरूको निर्माण २०२ गोटा सम्पन्न भएको,<br>• संरचना निर्माण पथरैया नदीमा ३ वटा पुल निर्माण सम्पन्न गर्नुपर्नेमा ७६ प्रतिशत निर्माण कार्य सम्पन्न। |
| ३४३ | बबई सिँचाइ आयोजनाको पश्चिम मूल तथा शाखा नहरको विस्तार गरी थप १ हजार हेक्टर जमिनमा सिँचाइ सेवा पुऱ्याइनेछ। यस आयोजनाको लागि रु. ६३ करोड छुट्याएको छु। | • शाखा/उपशाखा/प्रशाखा नहर (संरचना निर्माण समेत) निर्माण कार्य मध्ये ३१७.८ कि.मि.मा ३१२ कि,मि. सम्पन्न,<br>• मूल नहर निर्माण कार्य ९१ कि.मि.मध्ये ८१.०८ कि. मि. रिमोडलिंग भइसकेको, बाँकी मध्ये ६०० मि.को निर्माण सम्पन्न। |
| ३४४ | महाकाली सिँचाइ आयोजना निर्माण कार्य तीव्र गतिमा अघि बढाइनेछ। कञ्चनपुर जिल्लाको ब्रम्हदेव क्षेत्रको २ हजार ९ सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन शाखा नहर | • जमिन अधिग्रहण कार्य (टनकपुर मूल नहर निर्माण कार्य) जम्मा १२०० हेक्टर मध्ये ९७ हेक्टर जमीन अधिग्रहण भइसकेको र बाँकी मध्ये टनकपुर मूल नहर, डिसिल्टिङ बेसिन जमिन अधिग्रहण गर्ने कार्य सम्पन्न, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | निर्माण कार्य अगाडि बढाइनेछ। यस आयोजनाका लागि रु. १ अर्ब १७ करोड व्यवस्था गरेको छु। | • मूल नहर (संरचना सहित) निर्माण गर्ने कार्य (टनकपुर मूल नहर निर्माण कार्य) ९९ प्रतिशत सम्पन्न,<br>• संरचना निर्माण गर्ने कार्य (टनकपुर मूल नहर निर्माण कार्य) ९९ प्रतिशत सम्पन्न,<br>• शाखा नहर निर्माण (संरचना सहित) (टनकपुर मूल नहर निर्माण कार्य) ११ कि.मी. सम्पन्न,<br>• लिफ्ट सिँचाइ प्रणाली निर्माण र सिञ्चित क्षेत्र तथा संरचना बचावट कार्य (दोधारा-चाँदनी मूल नहर निर्माण कार्य) ६६ प्रतिशत सम्पन्न। |
| ३४५ | मध्य तराईको १ लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सेवा उपलब्ध गराउन निर्माण भइरहेको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माण कार्य सम्पन्न गरिनेछ। आयोजनाको हेडवर्क्स तर्फको कार्य तीव्र गतिमा अघि बढाइनेछ। यस आयोजनाका लागि रु. ४ अर्ब १७ करोड विनियोजन गरेको छु। | • हेडवर्क्स र विद्युतगृह निर्माण कार्य ५ प्रतिशत सम्पन्न,<br>• TBM बाट सुरुङ निर्माण कार्य (१३.३ कि.मि. मध्ये बाँकी १३ कि.मि. निर्माण। |
| ३४६ | भेरी– बबई डाइभर्सन बहुउद्देशीय आयोजनाको हेडवर्क्स तथा पावर हाउसको निर्माण कार्य शीघ्र सम्पन्न गरी बर्दिया र बाँके जिल्लाको ५१ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ उपलब्ध हुने व्यवस्था मिलाइनेछ। यसका लागि रु. १ अर्ब ७४ करोड बजेट छुट्याएको छु। | • हेडवर्क्सको सिभिल निर्माण कार्य ६४ प्रतिशत, पावरहाउसको सिभिल निर्माण कार्य ३८ प्रतिशत, हाइड्रोमेकानिकलसम्बन्धी कार्य ३८ प्रतिशत, इलेक्ट्रोमेकानिकलसम्बन्धी कार्य ३२ प्रतिशत तथा विद्युत प्रशारण लाईनसम्बन्धी अध्ययन कार्य सम्पन्न। |
| ३४७ | भूमिगत जलस्रोतको उपयोग गरी सर्लाही तथा रौतहट जिल्लाको २२ हजार हेक्टर क्षेत्रका लागि नवीन यान्त्रिक सिँचाइ आयोजनाको निर्माण कार्य थालनी गरिनेछ। | • निर्माण कार्यको रेखदेख निरीक्षण तथा गुणस्तर नियन्त्रण कार्य PMDSC द्वारा १% सम्पन्न। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३४८ | दाङ जिल्लाको देउखुरी उपत्यकामा प्रगन्ना तथा वडकापथ सिँचाइ आयोजनाको मूल नहर विस्तारको कार्यलाई निरन्तरता दिइनेछ। बृहत दाङ उपत्यका सिँचाइ आयोजनाको सिँचाइ प्रणाली पुनर्स्थापना एवं पुनःनिर्माणबाट करिव ३ हजार हेक्टर तथा पोखरी र डिप ट्युववेल निर्माण बाट थप करिव ६ सय हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराइनेछ। | • बृहत दाङ उपत्यका सिँचाइ आयोजना क्रमागत र नयाँ गरी ८७ ओटा सतह सिँचाइ प्रणाली पुनस्थापना कार्य तथा क्रमागत र नयाँ गरी ४४ गोटा जलाशय निर्माण सम्पन,<br>• प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजनाको नहर निर्माण कार्य ९ कि.मी. र नहर lining कार्य ७ कि.मी. सम्पन्न। |
| ३४९ | कर्णाली प्रदेशका दशवटै जिल्लामा नदी उपत्यका र टारमा सतह तथा लिफ्ट मार्फत सिँचाइ सुविधा उपलब्ध गराउन एकीकृत कर्णाली सिँचाइ विकास आयोजना सञ्चालन गरिनेछ। यसबाट रैथाने बालीको संरक्षण र विस्तार गर्नुका साथै कर्णाली प्रदेशमा कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने विश्वास लिएको छु। | • एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रमको त्रिशुली नदी बेसिनका किनारका टार तथा फाँटमा लिफ्टिंग गरी ५ सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्ने कार्य ४० प्रतिशत सम्पन्न। |
| ३५० | सुनसरी-मोरङ, चन्द्र नहर, वागमती, नारायणी लगायतका ठूला सिँचाइ प्रणालीलाई पूर्ण क्षमतामा सञ्चालन गर्न मर्मत-सम्भार तथा पुनर्स्थापनाका लागि रकम विनियोजन गरेको छु। | • सुनसरी मोरंग सिँचाइ आयोजनाको कोशी नदीमा स्पर तथा रिभेटमेन्ट निर्माण/मर्मत ८० प्रतिशत सम्पन्न र बुढीखोला एक्वेडक्ट संरक्षण कार्य सम्पन्न। बृहत सरकारी सिँचाई योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण आयोजनाको कोशी पम्प, कमला, नारायणी तथा गण्डक सिँचाइ पुनर्स्थापना कार्य ४१, ६७, ८०, ४० प्रतिशत सम्पन्न,<br>• मर्मत सम्भार आयोजनाको नहर संरचना मर्मत सम्भार कार्य ७० प्रतिशत सम्पन्न। |
| ३५२ | प्रदेशसँगको सहकार्यमा जोखिमयुक्त नदी तथा पहिरोको प्रभावकारी नियन्त्रण तथा लेदो व्यवस्थापन, बहाव क्षेत्रको संरक्षण र ताल तलैया | • जलाधार क्षेत्रमा जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य (विभिन्न स्थान) अन्तर्गत १५ वटा चेक ड्याम/संरचना निर्माण, तटबन्ध निर्माण गर्ने ३३४ वटा कार्य सम्पन्न। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। नदी नियन्त्रण तथा संरक्षण कार्यक्रमबाट उकास भएको जमीनलाई उत्पादनशील कार्यमा उपयोग गरिनेछ। | |
| ३५३ | महाकाली, कर्णाली, नारायणी, कोशी, त्रियुगा, कमला, राप्ती, कयर, खाडो, बबई, मोहना, खुटिया, सुनसरी, कन्काई, रतुवा-मावा लगायतका जोखिमयुक्त नदी तथा पहिरोको नियन्त्रण तथा व्यवस्थापन गर्न रु १ अर्ब ६५ करोड विनियोजन गरेको छ। | • बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण आयोजनाको कोशी पम्प, कमला, नारायणी तथा गण्डक सिँचाइ पुनर्स्थापना कार्य क्रमशः ४१, ६७, ८०, ४० प्रतिशत सम्पन्न। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:

| क्र.स. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संसोधन | कैफियत |
|---|---|---|---|
| ऊर्जा तर्फ | | | |
| १ | विद्युत विधेयक | नयाँ तर्जुमा | संघीय संसदमा पेश भएको। |
| २ | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक | नयाँ तर्जुमा | नेपाल सरकार मन्त्रिपरिषद्मा पेश भएको। |
| ३ | ग्रीन हाइड्रोजन नीति, २०८० | नयाँ तर्जुमा | नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८०/१०/०३ मा स्वीकृत भएको। |
| ४ | बुढीगण्डकी जलविद्युत आयोजना पुर्नवास तथा पुर्नस्थापनासम्बन्धी कार्यविधि,२०८० | नयाँ तर्जुमा | माननीय मन्त्रिस्तरीय मिति २०८०/०१/२१ मा जारी भएको। |
| ५ | विद्युत नियमन आयोग कर्मचारी प्रशासन विनियामवाली, २०७९ | नयाँ तर्जुमा | माननीय मन्त्रिस्तरीय मिति २०८०/११/२३ मा जारी भएको। |
| ६ | नौमुरे प्रबन्धपत्र तथा नियमावली,२०७९ | नयाँ तर्जुमा | |
| ७ | सिँचाइ नीति,२०८० | नयाँ तर्जुमा | नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८०/०५/२७ |

| | | | |
|---|---|---|---|
| | | | मा स्वीकृत गरिएको। |
| ८ | नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति-२०८० | नयाँ तर्जुमा | नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०८०/०८/२८ मा स्वीकृत गरिएको। |
| ९ | जल तथा मौसम विज्ञान नीति | नयाँ तर्जुमा | मन्त्रालयमा ५ सदस्यीय समिति गठन भई कार्य भइरहेको। |
| १० | सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाहरूको कार्यान्वयनका लागि दररेट विश्लेषण नर्म्स - २०८० | नयाँ तर्जुमा | तयारीको अन्तिम चरणमा। |
| ११ | एकीकृत कर्णाली सिँचाइ तथा नदी नियन्त्रण आयोजना कार्यन्वयन निर्देशिका, २०८० | नयाँ तर्जुमा | नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०८०/०४/१५ मा स्वीकृत भएको। |
| १२ | जल तथा मौसम विज्ञान गुरूयोजना | नयाँ तर्जुमा | ४ सदस्यीय Technical Team गठन भई कार्य भइरहेको। |

**५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**ऊर्जा तर्फः**

- क्षेत्रगत मुख्य-मुख्य नीति तथा कार्यक्रम, लक्ष्य र लक्ष्य प्राप्तिको विद्यमान अवस्थाको सन्दर्भमा विद्युत उत्पादन ३१३९ मेगावाट पुगेको छ,
- विद्युतमा पहुँच जनसंख्या ९७% पुगेको छ। राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथि) ६२१२ स.कि.मि. निर्माण सम्पन्न भएको छ। वितरण लाइनमध्ये ३३ के.भी. स्तरको ७ हजार ७५१ स.कि.मि.निर्माण सम्पन्न भएको छ। प्रतिव्यक्ति विद्युत खपत ३८० किलोवाट घण्टा पुगेको छ भने विद्युत चुहावटलाई १३.४६% मा सिमित गरिएको छ,
- यस अवधिमा ३७२ मे.वा. विद्युत उत्पादन भई हालसम्म ३ हजार १३९ मेगावाट पुगेको छ,
- यस अवधिमा विद्युतको पहुँच हुने जनसंख्या ९३.५८% बाट ३.४२ प्रतिशत थप भई ९७% पुगेको छ,
- अवधिसम्म घरेलु सौर्य ऊर्जा प्रणाली जडान १००४ हजार, सौर्य विद्युत उत्पादन क्षमता ४८ मे.वा., संस्थागत, सामुदायिक र व्यवसायिक वायोग्यास प्लान्ट निर्माण ३६३, सुधारिएको फलामे चुलो १५३ हजार, घरायसी वायोग्यास प्लान्ट निर्माण ४७२ हजार निर्माण भएको छ,

- ने.वि.प्रा.द्वारा थप १२ वटा चार्जिङ स्टेसन निर्माणको कार्य सम्पन्न भई सञ्चालनमा आइसकेको,
- आन्तरिक बजारमा खपतबाट बचत भएको विजुली भारतीय बजारमा १४ करोड ७६ लाख (किलोवाट घण्टा) विद्युत युनिट भारतमा निर्यात गरी करिब रु.१३ अर्ब भन्दा बढीको विद्युत व्यापार गरिएको छ।

**जलस्रोत तथा सिँचाइ तर्फः**

- क्षेत्रगत मुख्य-मुख्य नीति तथा कार्यक्रम, लक्ष्य र लक्ष्य प्राप्तिको विद्यमान अवस्थाको सन्दर्भमा सिँचाइ सुविधा (संघीयस्तर मात्र) १५ लाख ६१ हजार ८०८ हेक्टर जमिनमा सिँचाइ पुगेको। यस अन्तर्गत सिँचाइयोग्य भूमिमध्ये वर्षैभरी सिँचाइ सुविधा पुगेको भूमि ५ लाख ४६ हजार ३०० हेक्टर र भूमिगत सिँचाइ सुविधा ५ लाख ३१ हजार ५०४ हेक्टर पुगेको,
- ठूला तथा मझौला नदीमा तटबन्धन निर्माण १४१२.४९ कि.मि. भएको,
- यस अवधिमा बबई सिँचाइ आयोजनाको मूल तथा शाखा /उपशाखा / नहर निर्माण थप १४.६ किलोमीटर सम्पन्न भएको,
- यस अवधिमा सिक्टा सिँचाइ आयोजनाको दायाँ मूल नहर तथा अन्य शाखा प्रशाखा नहर थप ५.४ कि.मी. निर्माण सम्पन्न भएको,
- यस अवधिमा रानीजमारा कुलरिया सिँचाइ आयोजना अन्तर्गतको विद्युत गृहको निर्माण कार्य सम्पन्न भएको।
- यस अवधिमा भेरी बबई diversion बहुउद्देशीय आयोजनाको headwork को सिभिल निर्माण कार्यको थप ६४ प्रतिशत, पावरहाउसको सिभिल निर्माण कार्यको थप ३८ प्रतिशत, हाइड्रोमेकानिकलसम्बन्धी कार्यको थप ३८ प्रतिशत र इलेक्ट्रोमेकानिकलसम्बन्धी कार्यको थप ३२ प्रतिशत सम्पन्न भएको।

**जल तथा मौसम विज्ञान विभागः**

- क्षेत्रगत मुख्य-मुख्य नीति तथा कार्यक्रम, लक्ष्य र लक्ष्य प्राप्तिको विद्यमान अवस्थाको सन्दर्भमा स्वचालित जलमापन केन्द्र स्थापना र सञ्चालन १७० वटा र स्वचालित मौसम मापन केन्द्र स्थापना र सञ्चालन २९० वटा पुगेको।

६. **आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**ऊर्जा तर्फः**

- क्षेत्रगत मुख्य-मुख्य नीति तथा कार्यक्रम, लक्ष्य र लक्ष्य प्राप्तिको विद्यमान अवस्थाको सन्दर्भमा विद्युत उत्पादन २ हजार ७६७ मेगावाट पुगेको,
- विद्युतमा पहुँच जनसंख्या ९५% पुगेको। राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथि) ५ हजार ४८४ स.कि.मि. निर्माण सम्पन्न भएको। वितरण लाइनमध्ये ३३ के.भी.स्तरको ७ हजार २३७ स.कि.मि.निर्माण सम्पन्न भएको। प्रतिव्यक्ति विद्युत खपत ३५१ किलोवाट घण्टा पुगेको थियो भने विद्युत चुहावटलाई १५.३८% मा सीमित गरिएको,
- घरेलु सौर्य ऊर्जा प्रणाली जडान ९९९ हजार, सौर्य विद्युत उत्पादन क्षमता ४५ मे.वा., संस्थागत, सामुदायिक र व्यवसायिक वायोग्यास प्लान्ट निर्माण ३६१, सुधारिएको फलामे चुलो १४४ हजार, घरायसी वायोग्यास प्लान्ट ४७१ हजार निर्माण भएको,
- ने.वि.प्रा.द्वारा ५१ वटा चार्जिङ स्टेसन निर्माणको कार्य सम्पन्न भई सञ्चालनमा रहेको,
- आन्तरिक बजारमा खपतबाट बचत भएको बिजुली भारतीय बजारमा १० करोड ५८ लाख (किलोवाट घण्टा) विद्युत युनिट भारतमा निर्यात गरी करिब रु. ९ अर्ब भन्दा बढीको विद्युत व्यापार गरिएको।

**जलश्रोत तथा सिँचाइतर्फः**

- भेरी बबई डाइभर्सन आयोजना अन्तर्गत हेडवर्क्सको सिभिल निर्माण कार्य ४४% सम्पन्न भएको। पावरहाउसको सिभिल निर्माण कार्यको थप ३२% सम्पन्न गर्ने कार्य लक्षित गरिएकोमा १०.५% सम्पन्न भएको। हाइड्रोमेकानिकलसम्बन्धी कार्य १९% सम्पन्न भएको। इलेक्ट्रोमेकानिकलसम्बन्धी कार्य ४% सम्पन्न भएको। भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका लिफ्ट सिँचाइ योजनाहरू निर्माण कार्य २४% सम्पन्न भएको। भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका सिँचाइ योजनाहरूको पुनर्स्थापना कार्य ४५% सम्पन्न भएको। भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका नदी व्यवस्थापन एवं जग्गा उकास कार्य १७.२ कि.मी. सम्पन्न भएको,
- रानी जमरा कुलरिया सिँचाइ आयोजना अन्तर्गत शाखा/उपशाखा/प्रशाखा नहरमा संरचना निर्माण २०० गोटा नयाँ नहरका संरचनाहरूको निर्माण लक्षित गरिएकोमा ४१.२ गोटा सम्पन्न भएको। संरचना निर्माण पथरैया नदीमा १.५ वटा पुल निर्माण कार्यमा १३% सम्पन्न भएको। कृषि सडक स्तरोन्नतिसम्बन्धी कृषि ग्रामिण सडक ३० किलोमीटर (कि.मी.) स्तरोन्नति कार्य ४३ कि.मी. सम्पन्न भएको। जलाधार क्षेत्र व्यवस्थापन सम्बन्धी कार्य भइरहेको छ,

- महाकाली सिँचाइ आयोजना अन्तर्गत मूल नहर (संरचनासहित) निर्माण गर्ने कार्य २७ कि.मी. सम्पन्न भएको। संरचना निर्माण कार्य ३९.८७ कि.मी. सम्पन्न भएको,
- एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम अन्तर्गत एकीकृत सिँचाइ विकास योजनाको गुरूयोजना तयारसम्बन्धी २ वटा नदी बेसिनहरूमा २०% सम्पन्न भएको। लिफ्ट सिँचाइ सुविधा विस्तार गर्ने कार्यसम्बन्धी त्रिशुली नदी बेसिनका किनारका टार तथा फाँटमा लिफ्टिंग गरी २ सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्ने कार्य २०% सम्पन्न भएको,
- सिक्टा सिँचाइ आयोजना अन्तर्गत नदी नियन्त्रण कार्यसम्बन्धी सिञ्चित क्षेत्र बचाव तथा संरक्षण ७ कि.मी. लक्षित गरिएकोमा १ कि.मी. सम्पन्न भएको। बायाँ मूल नहर निर्माण गर्ने कार्य ३७ कि.मी. सम्पन्न भएको। जग्गा अधिग्रहण कार्यसम्बन्धी जमिन अधिग्रहण गर्ने कार्य १५५ हेक्टर सम्पन्न भएको,
- सुनसरी - मोरङ्ग सिँचाइ प्रणाली अन्तर्गत स्पर निर्माण कार्यसम्बन्धी कोशी नदी चतरामा स्पर तथा रिभेटमेन्ट निर्माण/मर्मत लक्षित गरिएकोमा २.६९% सम्पन्न भएको। पुरानो संरचना मर्मत सुधार कार्य लक्षित गरिएकोमा १.५% सम्पन्न भएको। पुरानो संरचना मर्मत सुधार कार्य ०.३३% सम्पन्न भएको।नहर निर्माण कार्यसम्बन्धी नहर निर्माण कार्य ०.१५ कि. मी. सम्पन्न भएको। शाखा नहर निर्माण कार्य ०.३% सम्पन्न भएको। सिञ्चित क्षेत्र विकास कार्य ४०% सम्पन्न भएको,
| ९१ | धान र आलुमा आत्मनिर्भर हुन एक सय स्थानीय | • ६७ वटा स्थानीय तहमा धानबालीका |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | तहमा धान र आलु खेती विस्तार गरिनेछ। हाइब्रिड जातको धानको विकास र चैते धान खेतीको विस्तार गर्न उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ। | लागि र ८ वटा स्थानीय तहमा आलुबालीका लागि सर्शत वित्तीय हस्तान्तरण भई कार्यक्रम सञ्चालन भइरहेको,<br>• चालु आर्थिक वर्षमा पहिलो पटक चैते धानको न्युनतम समर्थन मूल्य प्रति क्विन्टलको रु.२७०७.२८ तोकिएको छ। |
| ९२ | प्राङ्गारिक कृषि उत्पादन कृषि उत्पादन र उपयोगलाई प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। प्राङ्गारिक र प्राकृतिक खेती गर्न किसानलाई उत्पादनमा अनुदान दिने व्यवस्था मिलाइनेछ। प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरण तथा ब्राण्ड प्रवर्द्धन गरी बजारीकरणमा सहयोग गर्नका साथै निर्यात गर्न प्रोत्साहन गरिनेछ। समदुायस्तरमा प्राङ्गारिक तथा गड्यौंले मल उत्पादन गर्न सहयोग गरिनेछ। | • कम्पोष्ट मल, भर्मिकम्पोष्ट लगायतका प्रांगारिक मल प्रवर्द्धनका लागि सर्शत वित्तीय हस्तान्तरण मार्फत कर्णाली प्रदेशमा प्रांगरिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको। प्रांगारिक मल उत्पादन तथा वितरण कार्यलाई प्रदेश सरकार मार्फत कार्यान्वियन गर्ने गरी व्यवस्था भएको। नार्क, कृषि विभाग अन्तर्गतका फार्म र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत प्रांगारिक मल प्रयोगसम्बन्धी प्रदर्शन क्रियाकलापहरू सञ्चालनमा रहेको। |
| ९३ | मल तथा किटनाशक विषादीको प्रयोग विना नै गरिने प्राकृतिक खेतीलाई प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। सरकारी कृषि फार्ममा नमूनाको रूपमा प्राकृतिक खेती शुरूवात गरिनेछ। यसबाट माटोको प्राकृतिक उर्वरा शक्ति ह्रास नहुने, गुमेको उर्वरा शक्ति पुनः प्राप्त हुने र न्यून उत्पादन लागतमा स्वस्थ कृषि उपज प्राप्त हुने विश्वास लिएको छु। | • प्राकृतिक खेतीलाई प्रवर्द्धन गर्न सरकारी कृषि फार्ममा नमूनाको रूपमा कार्यक्रम सञ्चालन गरिएको,<br>• गड्यौला मल उत्पादन प्रदर्शन सञ्चालनमा रहेको,<br>• रैथाने बालीहरूको प्रदर्शन ब्लक स्थापना गरिएको। |
| ९४ | माटो परीक्षणका लागि प्रदेश तहका प्रयोगशालाको स्तरोन्नति, जनशक्ति व्यवस्था र क्षमता विकास गर्न सशर्त अनदुान हस्तान्तरण गरिनेछ। खेतीयोग्य जमीनको अम्लीयपना | • माटो परीक्षणका लागि प्रदेश तहका प्रयोगशालाको स्तरोन्नति, जनशक्ति व्यवस्था र क्षमता विकास गर्न सशर्त अनुदान हस्तान्तरण गरिएको, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नियन्त्रणका लागि कृषि चुन र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहित गरिनेछ। | • केन्द्रीय कृषि प्रयोगशाला र प्रादेशिक प्रयोगशालाहरूबाट माटो जाँचको कार्य भई माटो गुणस्तरको यकिन तथा कृषकलाई आवश्यक सल्लाह सुझाव प्रदान गरिएको,<br>• चालु आ.व.को चैत मसान्तसम्ममा ३० हजार ५ सय ४२ वटा माटोको नमूना परीक्षणको विवरण प्रविष्ट गरी Digital Soil Map अद्यावधिक गरिएको। |
| ९५ | कृषि, फलफूल, तरकारी, पशुपालन लगायतका क्षेत्रमा उदाहरणीय काम गरेका अगुवा किसानको अनुभव र ज्ञान कृषि उद्यम गर्न चाहने व्यक्तिलाई हस्तान्तरण गर्न उत्प्रेरित गरिनेछ। कृषि ज्ञान केन्द्रले यस्ता किसानलाई गुरू किसानको पहिचान दिई कृषि प्रसार एजेन्टको रूपमा परिचालन गर्ने छन्। कृषि पेशालाई थप सम्मानित र आकर्षक बनाउन प्रदेश सरकारसँगको समन्वयमा राष्ट्रपति उत्कृष्ट किसान पुरस्कार प्रदान गरिनेछ। | • राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० मिति २०८०/११/२० मा स्वीकृत भई सो कार्यविधिबमोजिम मिति २०८०/१२/ ०५ मा सबै प्रदेशका कृषि हेर्ने मन्त्रालयहरूमा प्रत्येक प्रदेशबाट २ जना (१ जना महिला र एक जना पुरुष) उत्कृष्ट कृषक छनौट गरी सिफारिश साथ जेठ मसान्तभित्र पठाउनका लागि अनुरोध गरी पत्राचार गरिएको। |
| ९६ | उखु खेतीको प्रवर्द्धन र जातीय विकासलाई प्राथमिकता दिइनेछ। किसानलाई उखु उत्पादन प्रवर्द्धन खर्च उपलब्ध गराउन रु. ८० करोड विनियोजन गरेको छु। | • चालु आ.व. मा उखुको न्युनतम खरिद मूल्य प्रति क्विन्टल रू.५ सय ६५ र सरकारको प्रवर्द्धन खर्चवापत प्रति क्विन्टलको रु. ७० अनुदान सहित रु. ६ सय ३५ तोकिएको,<br>• उखु प्रवर्द्धन खर्च वापत गत आर्थिक वर्षमा कञ्चनपुर, सुनसरी, सिराहा, महोत्तरी, रौतहट, सर्लाही, नवलपरासी तथा बारा गरी ८ जिल्लाका ६५ हजार कृषकहरुबाट उत्पादन भएको १ करोड ८९ लाख ६७ हजार क्विन्टल उखुका लागि प्रति क्विन्टल रु. ७० का दरले चालु आर्थिक वर्षमा कुल १ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | अर्ब ३२ करोड ७७ लाख रकम अनुदान (गत आ.व. वापतको चालु आ.व.मा भुक्तानी भएको) प्रवाह भएको। |
| ९७ | "पोषणयुक्त घासँबालीको विकास गरी, पशुजन्य उत्पादन बढाऔं" भन्ने नाराका साथ एक सय वटा स्थानीय तहमा जै, नेपियर, मेन्डुला, वर्सिम लगायत जातका घाँसे बाली विकास तथा पोषण सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। स्थानीय तह मार्फत घाँसे बालीको बीऊ उत्पादनका कार्यक्रम सञ्चालन गरिनेछ। पशु आहारको गणुस्तर मापन तथा मूल्य नियमनलाई प्रभावकारी बनाइनेछ। | • ११० क्विन्टल वहुवर्षीय तथा वर्षे (डाले घास/भुई घास) घाँसको बीउ मुल विउ उत्पादन तथा बितरण-गरिएको,<br>• २ हजार ३८० वटा पशुपन्छीका दाना तथा आहाराका नमूना संकलन र परीक्षण गरिएको। |
| ९८ | कृषि एवं पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी उद्यमशीलता विकास गर्न स्थानीय तहसँगको सहकार्यमा युवा स्टार्ट अप अनुदान कार्यक्रम सञ्चालनका लागि रु. १ अर्ब २० करोड विनियोजन गरेको छु। साना किसान उद्यम विकास कार्यक्रमलाई सबै स्थानीय तहमा क्रमशः विस्तार गरी वित्तीय पहुँच र उद्यमशीलताको विकास मार्फत युवा जनशक्तिलाई कृषि क्षेत्रमा अभिप्रेरित गरिनेछ। | • REED आयोजना मार्फत उत्पादनशील साझेदारी कार्यक्रम अन्तर्गत Start-up अनुदान अन्तर्गत २२० वटा ब्यवसायिक योजना तयारी सम्पन्न भई ९४ वटा उप-आयोजना सम्झौता सम्पन्न भएको,<br>• साना तथा मझौला कृषि उद्यमीको क्षमता अभिवृद्धि तर्फ Pilot Phase अन्तर्गत कास्की जिल्लाका २५ जना SMEs लाई Business Incubation Services प्रदान गरिएको,<br>• ३८ वटा पालिका स्तर कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण कार्य अन्तिम चरणमा रहेको र बाँकी ३७ वाट सेवा केन्द्रको DPR मस्यौदा तयार भई टेण्डर प्रकाशन भई सकेको र ठेक्का मूल्याङ्कनको क्रममा रहेको। |
| ९९ | भूमिको चक्लावन्दी गरी खेती गर्न प्रोत्साहित गरिनेछ। करार खेतीका लागि कानूनी आधार तयार गरिनेछ। मुलुकभर रहेको बाँझो | • PMAMP मार्फत Land Consolidation र Crop Pooling गरी थप ७५३ हेक्टर जमीनमा चक्लाबन्दी मार्फत खेती |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | जमीनलाई स्थानीय तहको समन्वयमा मापदण्ड बनाई करार र सामुहिक खेती गर्न उपयोग गरिनेछ। यस कार्यक्रमका लागि रु. ३० करोड विनियोजन गरेको छु। | गरिएको छ। |
| १०० | आगामी आर्थिक वर्ष २ लाख भन्दा बढी किसानको बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउन रु. ६० करोड विनियोजन गरेको छु। | • बीमा प्रिमियममा दिइदै आएको ८० प्रतिशत अनुदान बापत चालु आर्थिक वर्षको हालसम्ममा बाली बीमातर्फ १२ करोड र पशुधन बीमातर्फ ४८ करोड गरी कुल ६० करोड रकम भुक्तानी भएको।<br>• चालु आ.व.मा हालसम्ममा १ लाख ७ हजार ९ सय पशुपन्छी तथा मत्स्य बीमालेख र ४ हजार ८ सय २० बीमालेख जारी गरिएको। |
| १०१ | कृषि बालीमा हात्ती, बाँदर, बदेंल, निलगाई जस्ता जङ्गली जनावरले पुर्याई रहेको क्षतिको रोकथाम तथा न्यूनीकरणका लागि प्रदेश र स्थानीय तहसँगको सहकार्यमा तारवार लगायतका उपाय अपनाइनेछ। | • बाँदरको बन्ध्याकरण प्रविधिको लागि प्रदेशमा कार्यरत पशु चिकित्सकहरूलाई भारत सरकारबाट तालीम प्रदान गरी क्षमता विकास गरिएको। |
| १०२ | कृषि उपजको बजार व्यवस्थाका लागि स्थानीय तहसँगको सहकार्यमा कृषि उपज बजारस्थल, शीत भण्डारण गृह र खाद्य भण्डारण गृह जस्ता संरचना निर्माण गर्न बजेट व्यवस्था गरेको छु। चोभारमा फलफूल तथा तरकारी बजारको निर्माण सम्पन्न गर्न बजेट छुट्याएको छु। रुपन्देहीको कर्साघाटमा कृषि उपज निर्यात बजारको पूर्वाधार निर्माण शुरू गरिनेछ। मोरङको रंगेली, कपिलवस्तुको वाँणगंगा, काठमाडौंको कागेश्वरी मनोहरा र बुढानिलकण्ठ तथा महोत्तरीको बर्दिवास लगायतका कृषि थोक बजार निर्माण सम्पन्न गर्न बजेट छुट्याएको छु। | • स्थानीय तहसँगको सहकार्यमा कृषि उपज बजारस्थल, शीत भण्डारण गृह र खाद्य भण्डारण गृह जस्ता संरचना निर्माणका लागि ६२ वटा स्थानीय तहमा बजेट हस्तान्तरण भएको,<br>• रुपन्देहीको कर्साघाटमा कृषि उपज निर्यात बजारको पूर्वाधार निर्माणका लागि प्रारम्भिक वातावरण मूल्याङ्कन भई जग्गा प्राप्तिको काम भइरहेको,<br>• चोभारस्थित निर्माणाधीन फलफूल तथा पुष्प बजारको मिति २०८०/१२/१३ गते सचिवस्तरीय निर्णयबाट उक्त बजारको २०८१ भाद्र मसान्त सम्म म्याद थप भई ठेक्काको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | सम्झौताबमोजिम बाँकी कार्य म्याद थपको निर्धारित समयावधिभित्र सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायी लाई निर्देशन दिइएको। |
| १०३ | किसानलाई आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्ने अवस्था सिर्जना गर्न धान, गहुँ लगायतका प्रमुख खाद्यान्न बाली भित्र्याउनु पूर्व नै समर्थन मूल्य तोकिनेछ। किसानले उचित मूल्य पाउने गरी कृषि उपजको उत्पादनदेखि बजारसम्मको आपूर्ति श्रृङखलामा सुधार गरिनेछ। | • बाली लगाउने सिजन अगावै धान र गहुँको न्यूनतम समर्थन मूल्य तोकिएको। उखुको खरिद मूल्य पनि तोकिएको,<br>• धानको न्यूनतम समर्थन मूल्य (मोटा धानः रु.३ हजार १९८।- प्रति क्वीन्टल र मध्यम धानः रु. ३ हजार ३६२।- प्रति क्वीन्टल) तोकिएको,<br>• गहुँको न्यूनतम सर्मथन मूल्य प्रति क्विन्टल रु. ३ हजार ६५०.१४ तोकिएको,<br>• उखुबालीका लागि सरकारी अनुदान प्रति क्विन्टलको रू ७० सहित खरिद मूल्य रु. ६३५ प्रति क्विन्टल तोकिएको,<br>• चालु आर्थिक वर्षमा पहिलो पटक चैते धानको न्युनतम समर्थन मूल्य प्रति क्विन्टलको रु.२७०७.२८ तोकिएको छ। |
| १०४ | कृषि उपजको सङ्कलन, भण्डारण र बजारसम्म पहुँचु विस्तारका लागि कृषि सहकारीलाई प्रवर्द्धन गरिनेछ। यस्ता सहकारीलाई ढुवानी साधन खरिदमा राजस्व छुट दिनुका साथै सङ्कलन केन्द्र निर्माणमा सहयोग उपलब्ध गराइनेछ। | • कृषि उपजको सङ्कलन, भण्डारण र बजारसम्म पहुँच विस्तारका लागि कृषि सहकारीहरू मार्फत करिब ४० वटा संरचना निर्माणका लागि सम्झौता भई निर्माण कार्य अघि बढेको। |
| १०५ | औषधिजन्य प्रयोगको लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिनेछ। | • गृह मन्त्रालयको संयोजकत्वमा गठित समितिबाट प्रारम्भिक सम्भाव्यता अध्ययन भई प्रतिवेदन तयार हुने क्रममा रहेको। |
| १०६ | धरान, सिन्धुली, धनुषा, कावासोती र सुर्खेत गरी | • कावासोती, सुर्खेत र लालवन्दीको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | थप पाँच स्थानका कृषि उपज थोक बजारस्थलमा विषादी अवशेष द्रुत परीक्षण प्रयोगशाला सेवा विस्तार गरिनेछ। खाद्य पदार्थमा हुन सक्ने विषादीहरूको अवशेष परीक्षणको दायरा विस्तार गरिनेछ। खाद्य प्रविधि, पशुपन्छी आहारा र पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरूलाई क्रमशः स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाइनेछ। | विषादी अवशेष द्रुत परीक्षण प्रयोगशाला निर्माण कार्य अघि बढी ६० प्रतिशत सम्पन्न भएको,<br>• ताजा तरकारी तथा फलफूलको ४७ हजार ४७४ वटा नमूनामा RBPR विधिबाट विषादी अवशेष परीक्षण भएको,<br>• २६ वटा नमूनाहरु उपभोग अयोग्य देखिएकोले नष्ट गरिएको छ भने १२ वटा नमूनाहरू ३-४ दिन सम्म Quarantine मा राखिए पश्चात पुनःपरीक्षण गरिएको,<br>• २ हजार ६६५ वटा खाद्य तथा दाना उद्योग सिफारिश तथा अनुज्ञापत्र जारी/नवीकरणको कार्य भएको,<br>• २९ हजार ८८३ वटा खाद्य आयात निर्यात गुण प्रमाणिकरणको कार्य भई मापदण्ड प्रतिकूल रहेका ९५ वटा उत्पादन व्यवसाय उपर मुद्दा दायर गरिएको। |
| १०७ | पशुपन्छीको महामारी नियन्त्रणका लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ। आगामी आर्थिक वर्ष विभिन्न रोगका करिव ५ करोड ६० लाख डोज भ्याक्सिन स्वदेशमै उत्पादन गर्न आवश्यक रकम विनियोजन गरेको छु। पशु नश्ल सुधार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न आगामी वर्ष उन्नत जातको राँगा, साँढे तथा वोयर बोकाको छ लाख डोज सिमेन उत्पादन गरी सबै स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा विस्तार गरिनेछ। | • २ करोड १५ लाख डोज पि.पि.आर./ एच.एस./ वि.क्यु. लगायत पशुपन्छीको संक्रामक रोग विरुद्धको खोप उत्पादन भएको,<br>• २ लाख ४ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा खरीद गरी वितरण गर्ने कार्य भएको,<br>• ७ लाख ४५ हजार डोज जमेको विर्य उत्पादन तथा खरीद गरी वितरण गरिएको,<br>• ५ लाख ४९ हजार पशुमा कृत्रिम गर्भाधान गरिएको। |
| १०८ | राष्ट्रिय कृषि अनुसन्धान परिषद्बाट धान, स्याउ, | • केराको पानामा रोग व्यवस्थापन |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | मकै , कोदो, जौ, सूर्यमूखी, जुनार र अदुवा लगायतका नयाँ जातका कृषि बाली र प्रविधि विकास गरिनेछ। | प्रविधि, तन्तु प्रविधि प्रयोग गरी स्याउको द्रुत गतिमा वेर्ना उत्पादन प्रविधि (वागवानी), मकैबालीमा संरक्षण कृषिमा आधारित जलवायु अनुकुलित खेती प्रणाली विकास (वाली), अक्सिजन नानो बबल प्रयोग गरी माछा भुरा ढुवानी प्रविधि विकास (मत्स्य), च्याउको पोस्ट हार्भेस्ट प्रसोधन प्रविधि विकास (खाद्य) गरिएको,<br>• विभिन्न वालीका जातहरू उन्मोचन/ पञ्जीकरणको लागि प्रस्ताब पेश हुने अनुसन्धान चालु रहेको,<br>• विभिन्न बाली तथा वागवानीसम्बन्धी प्रविधि विकास अनुसन्धान चालु रहेको,<br>• कृषि उद्यमीहरुलाई बिभिन्न विषयहरूमा आवासीय व्यवसायिक तालीम सञ्चालन गरिएको,<br>• SMS मार्फत कृषि सूचना प्रवाह ३८.३२ लाख भएको,<br>• साप्ताहिक कृषि मौषम सल्लाह बुलेटिन ३८ पटक प्रकाशन गरिएको,<br>• ३० पटक साप्ताहिक टोल फ्री सेवा सञ्चालन गरिएको। |
| १०९ | कृषि क्षेत्रको विकासका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गर्ने गरी संघीय कृषि ऐन तर्जुमा गरिनेछ। यसबाट कृषियोग्य भूमिको संरक्षण, कृषिको व्यावसायीकरण, बजार व्यवस्थापन र नियमन लगायतका कार्य व्यवस्थित हुनुका साथै अन्तर तह समन्वय थप प्रभावकारी हुने विश्वास लिएको छु। | • संघीय कृषि ऐनको मस्यौदा तयार भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय सुझावका लगि पेश गरिएको। |

४. आर्थिक २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १ | मत्स्य विकास नीति, २०७९ | नयाँ तर्जुमा |
| २ | बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरूको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ३ | बर्ड फ्लु नियन्त्रण कार्यका खटाइएका कर्मचारी वा व्यक्तिलाई उपलब्ध गराइने प्रोत्साहन सुविधासम्बन्धी मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ४ | खाद्य वस्तुहरूमा हेभीमेटलको अधिकतम मात्राको मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ५ | फलफूल तरकारीमा जीवनाशक विषादी अवशेषको मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ६ | पौष्टिक तत्व स्तरोन्नति गरिएको चामलको मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ७ | कुखुराको (लेयर्स र ब्रोईलर) दाना पदार्थको मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ८ | अन्नमा आधारित पूरक बाल आहारको मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ९ | धान र मकैका खुला सेचित/वर्णशंकर जातहरुको सिफारिश क्षेत्र विस्तार (Domain Expansion) सम्बन्धी मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| १० | आलुको मूल/श्रोत बीउ उत्पादनसम्बन्धी मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ११ | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०७९ | नयाँ तर्जुमा |
| १२ | स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०७९ | नयाँ तर्जुमा |
| १३ | निर्यातका लागि प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरण शुल्कमा अनुदान उपलब्ध गराउने व्यवस्थासम्बन्धी कार्यविधि,२०७९ | नयाँ तर्जुमा |
| १४ | डिजिटल स्वायल म्याप व्यवस्थापनसम्बन्धी कार्यविधि,२०७९ | नयाँ तर्जुमा |
| १५ | आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १६ | प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कृषि कार्यक्रमहरूको सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १७ | खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली, २०८० | नयाँ तर्जुमा |
| १८ | पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिश र बिक्री वितरण अनुमतिसम्बन्धी निर्देशिका, २०८० | नयाँ तर्जुमा |
| १९ | पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८० | नयाँ तर्जुमा |
| २० | संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वयसम्बन्धी कार्यप्रक्रिया २०८० | नयाँ तर्जुमा |
| २१ | स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०८० | नयाँ तर्जुमा |
| २२ | प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास | नयाँ तर्जुमा |

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| | कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८० | |
| २३ | हरित विद्यालय कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| २४ | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| २५ | व्यवसायिक कीट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | नयाँ तर्जुमा |
| २६ | कृषि उद्यमशिलता कार्यक्रम सञ्चालन कार्यविधि,२०८० | नयाँ तर्जुमा |
| २७ | गुनासो व्यवस्थापन कार्यविधि, २०८० (NAFHA Project) | नयाँ तर्जुमा |
| २८ | खाद्य पदार्थमा औद्योगिक ट्रान्स फ्याट (Industrial Trans Fat) को अधिकतम सीमासम्बन्धी मापदण्ड, २०८० | नयाँ तर्जुमा |
| २९ | खाद्य पदार्थको सिधा सम्पर्कमा आउने कागजको प्रयोगसम्बन्धी सम्बन्धी मापदण्ड, २०८० | नयाँ तर्जुमा |
| ३० | स्थानीय तहमा सञ्चालन हुने रबर खेति प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| ३१ | डिजिटल स्वायल म्याप व्यवस्थापन कार्यविधि, २०८० | संशोधन |
| ३२ | कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१ | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- कृषि क्षेत्रमा तीनै तहबीच समन्वय, सहकार्य र सहअस्तित्वलाई प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको विषयगत समितिलाई प्रभावकारी बनाई सो समितिबाट "संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वयसम्बन्धी कार्य प्रक्रिया, २०८०" स्वीकृत भई कार्यान्वयनमा ल्याइएको,
- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/१२/०८ को निर्णयानुसार खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली, २०८० स्वीकृत भएको,
- बीउ बिजन नियमावली (पहिलो संशोधन, २०८०), २०६९ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा छलफलको क्रममा रहेको,
- जीवनाशक विषादी व्यवस्थापन नियमावली २०८० मस्यौदा तयार भई विधेयक समितिमा छलफल क्रममा रहेको,
- खाद्य स्वच्छता तथा गुणस्तर विधेयक २०८० सम्मानित राष्ट्रिय सभा र प्रतिनिधि सभाबाट पारित भई प्रमाणीकरणको प्रकृयामा रहेको,

- पशु संक्रामक रोग नियन्त्रण विधेयकको मस्यौस्दा तयार भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिको लागि पठाइएको तथा पशु कल्याण विधेयकको मस्यौदा तयारीको कार्य भइरहेको,
- किसान सूचिकरण प्रणालीमा १६ लाख भन्दा बढी कृषक घरधुरीको विवरण सूचीकृत गरिएको। यससम्बन्धी तथ्याङ्क व्यवस्थित गर्न राष्ट्रिय सूचना प्रविधि केन्द्रमा आवश्यक उपकरण र सफ्टवेयर जडान गरी सम्पूर्ण प्राविधिक कार्यहरू कृषि सूचना तथा प्रशिक्षण केन्द्र (AITC) बाट सञ्चालन हुने व्यवस्था गरिएको। किसान सूचीकरणलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश तथा स्थानीय तहमा तालीम र गणक अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएको,
- खाद्य ऐन, २०२३ बमोजिम १८ हजार ४४८ वटा खाद्य तथा दाना नमूना संकलन भई विश्लेषण गरी संकलित नमूना मध्ये १०५ वटा प्रतिकूल नमूना उत्पादन गर्ने फर्महरूमाथि मुद्धा दायर गरिएको।७ हजार ५५४ पटक खाद्य तथा दाना बजार, उद्योग, होटल/रेष्टुरेन्ट, हाटबजार, मेला/महोत्सव रेपिड रेस्पोन्स मोडालिटीमा अनुगमन गरिएको।१० हजार ४५३ वटा आयात अनुमति जारी गरिएको। भन्सार विन्दुमा ३३ हजार ३७५ वटा खाद्य आयात निर्यात निरीक्षण तथा प्रमाणिकरण गरिएको,
- गहुँको सिन्दुरे रोगको प्रजाति TTKTT, केराको पानामा विल्टको TR4 प्रजाति नेपालमा भेटिएको भनी राष्ट्रिय विरुवा संरक्षण संगठनबाट पुष्टि भएको,
- चालु आर्थिक वर्ष २०८०/८१ मा बाली विकास तथा बीउ उत्पादन कार्यक्रम मार्फत कृषि विकास फार्म, चन्द्रडाँगी, झापा र सुन्दरपुर, कञ्चनपुरबाट धानबालीका विभिन्न जातहरूको मूल बीउ करिब ११५ मेट्रिक टन तथा प्रमाणित बीउ करिब १४ मेट्रिक टन उत्पादन कार्य भइरहेको,
- मकैबालीको मूल र प्रमाणित बीउ करिब १४.३४ मेट्रिक टन, गहुँबालीको मूल बीउ १५ मेट्रिक टन र प्रमाणित बीउ २३ मेट्रिक टन गरी कुल ३८ मेट्रिक टन उत्पादन भइरहेको। यस्तै तोरी र मुसुरोबालीको करिब २.५ मे.टन मूल बीउ उत्पादन कार्य भइरहेको,
- चालु आर्थिक वर्ष २०८०/८१ मा सरकारी, सहकारी तथा निजी संस्थाहरू मार्फत ४ हजार ८१० मे.टन श्रोत बीउ उत्पादन (खाद्यान्न, दलहन र तेलहन) भएको। यस्तै २८ हजार ९५४ मे.टन उन्नत बीउ उत्पादन भएको,

- चालु आर्थिक वर्ष २०८०/८१ मा तरकारी बालीको २३४.५७ मे.टन, मकै बालीको २४०५.३२ मे.टन, धान बालीको ७७०.०० मे.टन र घाँस (बर्सिम) को १३३ मे. टन गरी जम्मा ३५४२.८९ मे.टन (रु. १७३.०५ करोड) बीउ बिजन आयातका लागि अनुमतिपत्र जारी गरिएको।
- चालु आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय बीउ बिजन समितिको ६६ औं बैठकबाट धान बाली-१ वटा, लसुन-२ वटा, प्याज-१ वटा, रायो साग-१ वटा, आलु-२ वटा, बदाम-१ वटा, सुन्तला-१ वटा र जौ-१ वटा गरी जम्मा १० वटा जातहरू उन्मोचन/पञ्जीकरणका लागि अनुमोदन भएको,
- चालु आर्थिक २०८०/८१ मा DESES (Digitally Enabled Seed Management System) प्रणाली मार्फत धान र गहुँबालीको उन्नत बीउको आपूर्ति क्रमशः २३०३ मे.टन र २७००.५ गरी जम्मा ५००४.९ मे.टन भएको,
- चालु आर्थिक वर्ष २०८०/८१ मा हिउँदेबालीको बीउ उत्पादनका लागि यस प्रणाली मार्फत श्रोत बीउको माग गर्ने बीउ उत्पादकलाई गहुँ, तोरी, मुसुरो र मकै बालीको क्रमशः ११४७.५, ७.९५, ४.५२ र ३७.८८ मे. टन गरी ११९७.८५ मे. टन श्रोत बीउ आपूर्तिको सुनिश्चितताका लागि वासलात तयार भएको,
- चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्ममा कृषि विभाग अन्तर्गतका सरकारी फार्म केन्द्रहरूमा विभिन्न मौसमी तरकारी बालीका ३६ लाख ६३ हजार संख्यामा बेर्नाहरू उत्पादन भएको,
- चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा आलुबाली विकास केन्द्र, निगालेस्थित सरकारी फार्मबाट पूर्व मूल बीउ आलु (Pre-Basic seed) ५७ हजार दाना उत्पादन भएको,
- चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा कन्ये च्याउ, गोब्रे च्याउ, सिताके च्याउ, मिल्कि च्याउ, राजा च्याउ, ग्यानोडर्मा च्याउ लगायतका विभिन्न प्रजातिका गरी करिब १८ हजार मेट्रिक टन खाने च्याउ र १ हजार ५ सय मेट्रिक टन च्याउको बीउ उत्पादन भएको,
- चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा करिब ३ हजार ५ सय मेट्रिक टन मह उत्पादन भएको,
- कृषि विभाग अन्तर्गतको कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, धनुषाबाट भूमिगत सिँचाइ कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा ६ वटा डिप बोरिङ्ग निर्माण कार्य भइरहेको जसबाट थप ३०० हेक्टरमा सिँचाइ सुविधा विस्तार हुने,

- यस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत साना तथा मझौला सिँचाइ क्रियाकलापहरु मार्फत चालु आर्थिक वर्षमा थप ४७५ हे. सिंचित क्षेत्रफल विस्तार भएको,
- International Fund for Agriculture Development (IFAD) को सहयोगमा आगामी आर्थिक वर्षबाट Resilient High Value Agriculture Program (RHVAP) नामक नयाँ आयोजना सञ्चालनका लागि आवश्यक तयारी पूरा भई बजेट तर्जुमाको चरणमा रहेको।

## ६. २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

**व्यवस्थापन, नीतिगत प्रयास तथा सुधारहरू**

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/५/२७ को निर्णयअनुसार राष्ट्रिय मत्स्य विकास नीति, २०७९ स्वीकृत भएको,
- खाद्य तथा दाना पदार्थ ऐन बमोजिम अन्नमा आधारित पूरक बाल आहारको मापदण्ड, खाद्य वस्तुहरुमा हेभिमेटलको अधिकतम मात्राको मापदण्ड, कुखुराको (लेयर्स, ब्रोईलर) दाना पदार्थको मापदण्ड (तयारी तथा संशोधन), फलफूल तरकारीमा जीवनाशक विषादी अवशेषको मापदण्ड, पौष्टिक तत्व स्तरोन्नती गरिएको चामलको मापदण्ड जारी गरिएको,
- राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) को Accreditation Scope तर्फ National Accreditation Board for Testing and Calibration Laboratories (NABL) बाट हाल रहेको १०१ वटा पारामिटरबाट २८६ वटा पारामिटरहरुमा Scope extension भएको।

**मलखाद व्यवस्थापन**

- कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड मार्फत कृषकहरूलाई लागत सहभागिताको आधारमा अनुदानमा रासायनिक मलको बिक्री वितरण गरिएको,
- आ.व. २०७९/८० मा विनियोजित एवं स्रोत सुनिश्चित बजेटबाट युरिया २५३८७६.१ मे.टन, डिएपि १२१४१६.४५ मे.टन र पोटास  १५८२.२५ मे.टन गरी कुल जम्मा ३७६८७४.८ मे.टन रासायनिक मल आयात गरिएको,
- युरिया २२५९२२.९५ मे.टन, डिएपि ११००८४.३ मे.टन र पोटास ६४५५.०५ मे.टन गरी कुल जम्मा ३४२४६२.३ मे.टन रासायनिक मल बिक्री वितरण भएको।

**नश्ल सुधार**

- उन्नत नश्लका गाई, भैंसी, बाख्राबाट ९ लाख ८६ हजार डोज जमेको वीर्य उत्पादन तथा वितरण, २ लाख ८१ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण भएको तथा ७ लाख ११ हजार ४ सय १९ पशुमा कृत्रिम गर्भाधान गरिएको,

- खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट आयोजना कार्यक्षेत्रमा १५ वटा बोयर बाख्राको मल्टिप्लायर हर्ड स्थापना भएको,
- नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको सहयोगमा नश्ल सुधार गर्न कृत्रिम गर्भाधान सामग्री (LN2 कन्टेनर, सिमेन रेफ्री, गन आदि) सहयोग, राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरा र लहानमा बुल तथा बुल मदर सेड निर्माण, सिमेन, Semen sealing filling and printing मेसिन खरिद तथा जडान (रा.प.प्रजनन कार्यालय, लहान र बाँके), संयुक्त राज्य अमेरिकाबाट Jersey (४) र Holstein (२) साँढे खरिद, आधुनिक सिमेन प्रशोधन प्रयोगशाला निर्माण (रा.प.प्रजनन कार्यालय, लहान) कार्य गरिएको,
- यसैगरी नश्ल सुधारको लागि वंशावलीमा आधारित अभिलेख प्रणाली (PPRS) कार्यविधि स्वीकृत भई अभिलेख प्रणालीमा गाई, भैंसीहरूको रेकर्ड लिन शुरू गरिएको।

**कृषि बजार तथा पूर्वाधार निर्माण एवं सुधार**

- संघ अन्तर्गत रहेका कृषि उपज थोक बजार स्थलहरूको पूर्वाधार विस्तार तथा स्तरोन्नति अनुसार कृषि थोक बजारहरू माग संकलन तथा फिल्ड निरीक्षणको कार्य सम्पन्न तथा ४ वटा संघीय बजार अत्तरिया कैलाली, सिन्धुली, लालबन्दी, ढल्केबरलाई छनौट तथा लागत अनुमान तयार गरी सम्झौता भएको,
- संघीय ३ वटा कृषि फार्म/केन्द्रहरू निगाले, पाल्पा र सुन्दरपुरको पूर्वाधार विकासको गुरुयोजना तथा विस्तृत प्रतिवेदन तयारीका लागि RFP मूल्याङ्कन पछि सम्झौता भई अन्तिम प्रतिवेदन प्राप्त भएको,
- कृषि उपज थोक बजार, विर्तामोडको डि.पि.आर. तयारीका लागि RFP मूल्याङ्कन पछि सम्झौता भई अन्तिम प्रतिवेदन प्राप्त भएको,
- D2B परियोजना अन्तर्गत बुटवल उपमहानगरपालिकाको सेमलारमा बुटवल उपमहानगरपालिकाको वडा नं. १५ छनौट गरी Phase 2 अन्तर्गत Detail Feasibility Study तथा EIA प्रतिवेदन प्राप्त भई स्वीकृतिको चरणमा रहेको,
- कृषि यान्त्रीकरण केन्द्र नक्टाझिज मार्फत १५ वटा डिप ट्युबवेल जडान कार्य भई थप ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध भएको,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतबाट कृषि उपजको बजारीकरण सहयोग, भण्डारण पूर्वाधार, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना अन्तर्गत चिस्यान घर १५, सेलार स्टोर ६, केरा राईपेनिङ्ग च्याम्बर ३, गोदाम घर ३, भण्डारण घर तथा संकलन केन्द्र २७, रष्टिक स्टोर ११, धान मिल ५, चिउरा मिल २, तोरी मिल २, ढुवानी साधन ११, मकै च्याखला उद्योग ३, अदुवा प्रशोधन उद्योग २, अलैंची प्रशोधन उद्योग २,

दुध डेरी १, तरकारी प्रशोधन उद्योग १, जुस प्रशोधन मेशीन १, माछा दाना उद्योग २ र आलु चिप्स बनाउने मेशीन १ सहित प्याकेजिङ्ग लेबलिङ्गमा सहयोग गरिएको।

**बाली तथा पशुपन्छी बीमा**

- कृषि तथा पशुधन बीमालाई वैज्ञानिक, व्यवस्थित र रियल टाइममा आधारित बनाउन Real time fertilizer distribution system को कार्य अघि बढेको,
- बीमा कम्पनीहरूलाई पशुपन्छी बीमातर्फको (माछा बाहेक) आ.व. २०७९/८० साउन मसान्तसम्मको बीमा शुल्कमा दिइने अनुदान वापतको रकम भुक्तानी भएको र कृषि तर्फ आ.व.२०७९/८० को पुससम्मको आंशिक रकम भुक्तानी भएको। आ.व. २०७९/८० मा कुल रु.२,१२,२६,७९,७४४.४५ भुक्तानी भएको,
- बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० समयसापेक्ष परिमार्जन गरी मस्यौदा तयार गरिएको।

**न्यूनतम समर्थन मूल्य तथा कृषि उत्पादन प्रोत्साहन अनुदान**

- आर्थिक वर्ष २०७९/८० का लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु.२ हजार ९६७ र मध्यम धानको प्रति क्विन्टल रु.३ हजार १२८ निर्धारण भई खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट ११३ मे. टन. र PMAMP बाट २१ हजार मे.टन गरि कुल २१ हजार ११३ मे.टन धान न्यूनतम समर्थन मूल्यमा खरिद भएको,
- आ.व. २०७९/८० का लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्वीन्टल रु.३ हजार ३५१।- तोकिएको,
- गत आ.व. २०७९/८० का लागि उखुको न्यूनतम खरिद मूल्य प्रतिक्विन्टल रु. ५४०।- तोक्ने कार्य सम्पन्न भएको।

**पशु स्वास्थ्य नियमन तथा निदान**

- पशुपन्छीका संक्रामक रोगहरू नियन्त्रणका लागि विभिन्न किसिमका खोप गरी जम्मा ५ करोड ३८ लाख ७१ हजार ४ सय ५० डोज खोप उत्पादन भएको,
- केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट ५८ हजार नमूना परीक्षण र रोग निदान कार्य गरिएको,
- भेटेरिनरी गुणस्तर तथा औषधी नियमन प्रयोगशालाबाट २९ वटा औषधी तथा खोपको नमूना परीक्षण र १ हजार ६२३ वटा दूध तथा मासुको नमूनामा एन्टिबायोटिकका अवशेष परीक्षण गरिएको।

**चिया तथा कफी खेती प्रवर्द्धन**

- ट्रेडमार्क कार्यान्वयन कार्यक्रम Nepal Tea Quality from the Himalayas ट्रेडमार्क प्रयोग गर्नका लागि आवश्यक प्रक्रिया पूरा गरी पाँचवटा चिया प्रशोधक र दुई चिया प्याकेजर गरी जम्मा सातवटा प्रस्तावकहरूलाई मार्क प्रयोग अनुमतिपत्र प्रदान गरिएको,
- चक्लावन्दीमा कफी क्षेत्र विस्तार कार्यक्रम (५० रोपनी जग्गा चक्लाबन्दी गरी कफी क्षेत्र विस्तार गर्ने फर्मलाई) र ५० हजार विरूवा क्षमताको कफी नर्सरी स्थापना कार्यक्रम मार्फत ४००(८ वटा कफी फर्म) रोपनी क्षेत्रफलमा कफी विस्तार हुनुका साथै १ लाख (२ कफी नर्सरी) कफी विरूवा उत्पादन गर्न सहयोग पुगेको,
- आ.व. २०७९/८० को लागि कृषकस्तरमा उत्पादन हुने काँचो कफीको न्युनतम मूल्य (फ्रेस चेरी कफी ग्रेड A रू. ९५।- ग्रेड B रू. ८५।- प्रति केजी, पार्चमेन्ट कफी ग्रेड A रू. ४७५।- ग्रेड B रू. ४२०।- प्रति केजी र ड्राइ चेरी ग्रेड A रू. १७०।- ग्रेड B रू. ११५।- प्रति केजी) निर्धारण गरिएको।

**डिजिटल स्वायल म्याप**

- वि.सं.२०७७ फागुन १२ गतेबाट शुरूवात गरिएको डिजिटल स्वायल म्याप (Digital Soil Map-DSM) कार्यक्रम मार्फत ७ हजार २७५ थप नमूनाको विश्लेषणसहित हालसम्ममा ३० हजार ५४२ वटा नमूनाको विवरण DS मा अद्यावधिक गरिएको,
- माटोको अवस्था र गुणस्तर परीक्षणबाट प्राप्त विवरणलाई बाली/विरुवामा प्रयोग गर्ने मलखाद एवं सुक्ष्म पोषक तत्वको मात्रा सिफारिश गर्न तथा माटोको गुणहरूको पूर्वानुमान गर्नको लागि प्रयोग गरिएको।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

- परियोजना मार्फत Land Consolidation र Crop Pooling गरी २ हजार १ सय ७८ हेक्टरमा चक्लाबन्दी खेती भई हालसम्म करिब ६ हजार ९ सय ५९ हेक्टरमा चक्लाबन्दी खेती विस्तार भएको,
- विभिन्न बालीहरूको क्षेत्र विस्तार तथा बगैंचा स्थापना अन्तर्गत धान, गँहु, मकै लगायतका प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल ४ हजार ६५५ हेक्टर तथा फलफूल बालीको १ हजार १९८ हेक्टर विस्तार भएको। जसमा १२ हेक्टरमा उच्च घनत्व स्याउ बगैंचा स्थापना विस्तार भएको। यस्तै तरकारी बाली ६१० हेक्टर, आलुबाली २८३ हेक्टर, मसलाबाली १६८ हेक्टर, दलहन बाली १६५ हेक्टर र कफी २६.५ हेक्टरमा थप क्षेत्र विस्तार भएको,

- परियोजनाले १६ वटा (झापा १, मोरङ १, सिरहा १, सर्लाही ४, नुवाकोट २, कपिलवस्तु २, बाँके ५) कस्टम हायरिङ सेन्टरलाई विभिन्न मेसिनरी खरिदमा सहयोग गरिएको,
- परियोजनाले यान्त्रिकीकरण मार्फत कृषि यन्त्रको प्रयोगमा व्यापक विस्तार गरेको। ठूलादेखि साना यन्त्र/सामग्री गरी जम्मा १४ हजार ३६ वटा सामग्रीमा सहयोग गरिएको,
- परियोजनाबाट सञ्चालित गतिविधिहरूले बाली वस्तुहरूको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको छ। राष्ट्रिय उत्पादकत्वको तुलनामा स्याउ, केरा, आँप, सुन्तलाजात फलफूल, आलुबाली, तरकारी लगायतको उत्पादकत्व उल्लेखनीय रूपमा बढी रहेको छ भने प्रमुख खाद्यान्न बालीहरूको उत्पादकत्व समेत बढिरहेको,
- कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग ३३५ जना विद्यार्थी, जि.पी कोइराला कलेज अफ एग्रिकल्चर एण्ड रिसर्च सेन्टरसँग ३० जना विद्यार्थी र महेन्द्ररत्न बहुमुखी क्याम्पससँग १४ जना विद्यार्थी, सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय कैलाली टिकापुरसँग ५८ जना विद्यार्थी र नेपाल पोलिटेक्निक इन्स्टिच्युट चितवनसँग ५८ जना विद्यार्थी गरी कुल ४९५ जना विद्यार्थी परिचालन गरिएको,
- "सिक र कमाउ" मोडलमा ५६ प्राविधिक शिक्षालयसँग सहकार्य गरी अध्ययनरत ३ हजार २ सय २ जना विद्यार्थीहरूलाई कृषि व्यवसाय सञ्चालनको व्यावहारिक ज्ञान र सीपका साथै आयआर्जनको अवसरको सृजना गरिएको।

**किसान सूचीकरण**

- किसान सूचीकरण प्रणालीमा १४ लाख १५० कृषक घरधुरीको विवरण सूचीकृत गरिएको। यससम्बन्धी तथ्याङ्क व्यवस्थित गर्न राष्ट्रिय सूचना प्रविधि केन्द्रमा आवश्यक उपकरण र सफ्टवेयर जडान गरी सम्पूर्ण प्राविधिक कार्यहरू कृषि सूचना तथा प्रशिक्षण केन्द्र (AITC) बाट सञ्चालन हुने व्यवस्था गरिएको।

**दूध उत्पादन तथा व्यवस्थापन**

- कुल दूध उत्पादन २६ लाख १४ हजार मेट्रिक टन भएको थियो जसमा गाईबाट उत्पादन भएको दूधको हिस्सा ४३ प्रतिशत र भैंसीबाट उत्पादन भएको दूधको हिस्सा ५७ प्रतिशत रहेको,
- दुग्ध विकास बोर्डले दूधको मूल्य निर्धारणका लागि कच्चा दूधको लागत उत्पादन, प्रशोधित दूध उत्पादन व्यवस्थापन खर्च, श्रमिकको ज्याला (Social Security), मुद्रास्फीति, बैंकका ब्याजदर, ईन्धनको मूल्य वृद्धि, दाना चोकरको मूल्य वृद्धि लगायतलाई आधार मानी भौगोलिक क्षेत्रको आधारमा १७ जिल्लामा दूधको उत्पादन लागत अध्ययन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गरेको,

- नेपाल सरकार, मन्त्रिपरिषद्ले ४ प्रतिशत चिल्लो पदार्थ (प्रति फ्याट रु.७.७५) र ८ प्रतिशत एस.एन.एफ. (प्रति एस.एन.एफ.रु. ४.५५) को प्रतिलिटर न्यूनतम समर्थन मूल्य रु. ६५ तोकी चैत, २०७९ बाट लागू भएको,
- आम उपभोक्ता माझ स्वच्छ तथा सफा दूधको उपलब्धता सुनिश्चित गर्न No-Return System को अनुगमन गरिएको,
- गुणस्तरीय दूध तथा दुग्ध पदार्थ उपभोगको लागि जनचेतनामूलक विज्ञापनहरू टेलिभिजन, एफ.एम. तथा रेडियो मार्फत प्रचार प्रसार गरिएको।

**खाद्य स्वच्छता तथा गुणस्तर**

- खाद्य तथा दाना पदार्थको ३ हजार ११३ वटा ऐन बमोजिम नमूना संकलन गरिएको, खाद्य तथा दाना पदार्थ ऐन बमोजिम संकलित २ हजार ८८१ नमूना परीक्षण हुँदा १९८ वटा नमूना प्रतिकूल पाइएको तथा खाद्य तथा दाना ऐन प्रतिकूल रहेका उत्पादन/व्यवसाय उपर १२१ वटा मुद्दा दायर गरिएको,
- १० हजार ६८९ पटक खाद्य तथा दाना बजार, उद्योग, होटल/रेष्टुरेन्ट, हाटबजार, मेला/महोत्सवहरूको अनुगमन निरीक्षण गरिएको। साथै, १३ हजार ४६० वटा आयात अनुमति जारी गरिएको,
- भन्सार विन्दुमा ४१ हजार ४५५ वटा खाद्य आयात निर्यात निरीक्षण तथा प्रमाणिकरण गरिएको,
- खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट जम्मा ३१९ वटा होटल रेष्टुरेन्ट स्तरीकरण गरिएकोमा १९ वटा अति उत्तम, ५२ वटा उत्तम, १२१ वटा सन्तोषजनक, ६३ वटा सामान्यस्तरका रहेको र ६४ वटा स्तरीकरणमा नपरेका होटल रेष्टुरेन्टहरूलाई सुधारका लागि सुझाव तथा निर्देशन दिइएको।

**विषादी व्यवस्थापन तथा आयात निर्यात नियमन**

- विरुवा स्वस्थता नियमन तथा आयात निर्यात सहजीकरण कार्य अनलाइन प्रणाली मार्फत सञ्चालनमा ल्याइएको,
- कीर्तिपुरमा अवस्थित फ्युमिगेसन च्याम्बर सञ्चालनका लागि अन्तर्राष्ट्रिय परामर्शदाताको सुझाव अनुसार Methyl Bromide Fumigation Update गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य अघि बढेको,
- नेपालबाट पहिलोपटक चीनमा Haylage निर्यातको कार्य शुरूवात गरिएको,
- नेपालबाट प्रशस्त परिमाणमा संकलन भई निकासी गर्न सकिने सम्भाव्यता रहेको सालसीड भारतको Plant Quarantine Order मा समावेश भई पहिलो कन्साइन्मेन्ट निर्यात गरिएको,

- Detection Survey Protocol for Khapra Beetle (Trogoderma granarium Everts, 1898) in Nepal तयार गरेर राष्ट्रिय विरुवा संरक्षण संगठनबाट पारित भई प्रकाशन गरिएको,
- नेपालबाट चीनमा निर्यात गरिने सुन्तला, जुनार प्रोटोकलको कार्यान्वयनका लागि क्वारेन्टाइन शत्रुजीवहरु (fruit fly, citrus canker, citrus greening and citrus psylla) को Survey Protocols अद्यावधिक गरेर राष्ट्रिय विरुवा संरक्षण संगठनबाट परित गरी प्रकाशन गरिएको,
- ८७६ विषादी खुद्रा विक्रेता इजाजतपत्र नवीकरण, ५२० इजाजतपत्र नयाँ जारी भएको,१ हजार ८४४ विषादी पञ्जीकरण तथा नवीकरण भएको, ४ वटा विषादी छर्कने व्यवसायी, १ वटा विषादी सश्लेषण इजाजतपत्र नवीकरण तथा ३२ वटा विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापन तालीम सञ्चालन एवं ७५१ वटा विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापन प्रमाणपत्र जारी भएको,
- आ.व.२०७९/८० मा कुल ७७ हजार ६ सय पाँचवटा आयातित फलफूल तथा तरकारीका नमूनाहरूको जीवनाशक विषादी अवशेष परीक्षण (RBPR विधिबाट) गरिएकोमा फलफूल तरकारीका ५० वटा नमूना प्रतिकूल देखिएको।

**सूचना तथा प्रविधि सम्प्रेषण**

- डिजिटल प्रविधि मार्फत बीउ वीजन उत्पादन, विक्री वितरण, आपूर्ति र व्यवस्थापन कार्य प्रभावकारी रूपमा सञ्चालन भइरहेको,
- NTC सँगको सहकार्यमा कृषिसँग सम्बन्धित विभिन्न उपयोगी जानकारीरू (कृषि प्रविधि तथा मौसमसम्बन्धी जानकारी) Mobile SMS मार्फत २३ हजार ५०० कृषकहरूलाई ३५ लाख ६५ हजार ६ सय सूचना प्रवाह भएको,
- किसान कल सेन्टर मार्फत प्रत्येक हप्ताको आइतबारदेखि शुक्रबारसम्म बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म जम्मा १ हजार २७० जना कृषकहरूले विभिन्न विषयमा राखेका जिज्ञासा एवं कृषिमा भोगिरहेका समस्याहरूको सम्बोधन गरिएको।

**मत्स्य विकास कार्यक्रमतर्फ**

- व्यवसायिक खेतीका लागि, शुद्ध नश्लका र सौन्दर्य माछाका गरी जम्मा ५ करोड ९५ लाख १० हजार माछा भुरा उत्पादन वितरण गरिएको,
- मत्स्य रोग निदानको लागि कुल १७६ वटा माछाको नमूना संकलन गरिएको,
- सिराहा र कैलालीमा गरी ३२ पटक मत्स्य स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरी २२४ वटा पोखरीमा सेवा प्रदान गरिएको,

- १३ वटा व्यावसायिक दाना उद्योगहरूबाट उत्पादित माछाको दानाको ८६ वटा नमूना संकलन एवं विश्लेषण गरिएको।

**कृषि अनुसन्धानतर्फ**

- भान्टाको १, रायोको १, जौको १, बदामको १ र आलुको २ गरी ६ वटा जातहरू उन्मोचन/दर्ता भएको,
- आलुको ३, धानको ८, घैयाको २, सुन्तलाको २, गोलभेंडाको १ गरी १६ वटा जातको उन्मोचन/दर्ता प्रस्तावना पेश भएको,
- धानको खैरो फड्के किरा व्यवस्थापन प्रविधि, गोलभेंडाको जरामा गाँठो पार्ने जुकाको जैविक व्यवस्थापन प्रविधि, मेकाडेमिया नटमा खाद्यतत्व व्यवस्थापन प्रविधि, उन्सु सुन्तलामा खाद्यतत्व व्यवस्थापन प्रविधि, एभोकाडो ग्राफ्टिंग प्रविधि, सुन्तलाको जरा कुहिने रोग व्यवस्थापन प्रविधि, पंगास माछाको ह्याचलिंग मृत्युदर कम गर्ने प्रविधि तथा पंगास माछामा जीवाणुजन्य रोगको नियन्त्रणका प्रविधि विकास भएको।

**आयोजनागत थप उपलब्धिहरू**

- ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना अन्तर्गत Start up Grant Operating Manual तयारी, क्षमता विकास कार्यक्रमहरू सञ्चालन, उद्यमशील वातावरण निर्माणका लागि मध्यस्थकर्ता संस्था छनौट, प्राविधिक सहायता फर्म छनौट कार्यका साथै आयोजनाको कार्यक्षेत्र रहेका स्थानीय तहहरूमा पालिकास्तर कृषि तथा पशुपन्छी सेवा केन्द्र स्थापनाको लागि ४० स्थानहरु छनौट भई उक्त स्थानहरूमा निर्माण संरचनाको DPR तयारीको कार्य सम्पन्न भएको,
- खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना अन्तर्गत पूरक अनुदानतर्फ ३१४ वटा प्रस्ताव साथै साना अनुदानतर्फ २४९ वटा प्रस्ताव छनौट भई सम्पन्न भएको साथै ग्रामीण बजार, संकलन केन्द्र तथा हाटबजारहरूको सुधार/पुनर्स्थापनातर्फ १३ वटा एवं Handling & Processing संरचनाहरूको निर्माणमा सहयोग कार्यक्रमतर्फ १७ वटा पूर्वाधारहरू निर्माण कार्य सम्पन्न भएको,
- कृषि क्षेत्र विकास कार्यक्रम अन्तर्गत कृषि वस्तु, तरकारी उत्पादनका लागि ८३ कृषक समूह, खसीबोका उत्पादनका लागि २१६ कृषक समूह, दुग्ध उत्पादनका लागि ८३ कृषक समूह, बेसार उत्पादनका लागि २३ कृषक समूह, आलु बीउ उत्पादनका लागि ८ कृषक समूह, रैथाने वाली उत्पादनका लागि ५८ समूह गरी जम्मा ४९१ कृषक समूहसँग सह-लगानीका लागि सम्झौता गरिएको। सिँचाइका ७४ वटा सामुदायिक पूर्वाधार निर्माण गरिएको छ भने ५ वटा सार्वजनिक पूर्वाधार निर्माणका कार्य सम्झौता सम्पन्न भएको,

- नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना अन्तर्गत दूध, मासु र पश्मिना मूल्य श्रृंखलामा उत्पादनमूलक गठबन्धनका आधारमा छनौट भएका कृषक समूह/सहकारीहरूको २१३ उप-आयोजनाहरूमध्ये हालसम्म २१३ वटै उप-आयोजनाहरू सम्पन्न भएको। दूध, मासु र पश्मिना मूल्य श्रृंखलामा उत्पादनमूलक गठवन्धनका आधारमा छनौट भएका प्राइभेट फार्महरू र कम्पनीहरूको २२६ उप-आयोजनाहरूमध्ये हालसम्म २२६ वटै उप-आयोजनाहरू पहिलो किस्ता र ९५ वटा उप-आयोजनाको दोस्रो किस्ता र १०५ वटा उप-आयोजनाहरू सम्पन्न भएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २११००० | १५३७२५ | ७२.८६ |
| ३१२००१०१३ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १४३३३८ | १३२०२ | ९.२१ |
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | ३३४२०४५३ | ३१२०३७८४ | ९३.३७ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३८४०० | २५५६५ | ६६.५८ |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | १३३२५६ | ९१९६१ | ६९.०१ |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९४७०० | ६८१६८ | ७१.९८ |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २७२९२६३ | २३४३६०३ | ८५.८७ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | २८४०२०० | १६७३३३७ | ५८.९२ |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | १०६२४०१ | ९८२०६३ | ९२.४४ |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | १५२५६०० | ५४४०९६ | ३५.६६ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | ४४१८०० | २८१७६६ | ६३.७८ |
| ३१२००११८३ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ११७८९४० | १८६०९९ | १५.७९ |
| ३१२०१०११३ | कृषि विभाग | ११०५१६४ | ९६४४९५ | ८७.२७ |
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | १२००२७ | ९१९७१ | ७६.६३ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १८२८०० | १४४५४५ | ७९.०७ |
| ३१२०११०४३ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | १००८०० | ५५८०५ | ५५.३६ |
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम | ६४६४९ | ४५१३२ | ६९.८१ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना-प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | १९७६०० | ९२६४४ | ४६.८८ |
| ३१२०११११३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम (कृषि) | १०२०० | ६२६९ | ६१.४६ |
| ३१२०१११३३ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | १५८९५७ | २१५२१ | १३.५४ |
| ३१२०२०११३ | पशु सेवा विभाग | ७००९४० | ६७२८७५ | ९६ |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | १४१८७० | १०८७४५ | ७६.६५ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | ५१०४७७ | ४०७०४८ | ७९.७४ |
| ३१२०२१०३३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४५२९७८ | ३४९३५७ | ७७.१२ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ३२१५९ | २४९२२ | ७७.५ |
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २५१८५३५ | २०८५३११ | ८२.८ |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ४३६८०६ | ३२८४६५ | ७५.२ |
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ४६८०० | ३१६३५ | ६७.६ |
| ३१२०११०३३ | व्यावसायिक किट विकास कार्यक्रम | ८०१४५ | ५२३४१ | ६५.३१ |
| ३१२०११०५३ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ५१७३९ | ३८६४७ | ७४.७ |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ११८८०० | ९१७४८ | ७७.२३ |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ६०४५८ | ५०१८३ | ८३.०१ |
| ३१२८१०११३ | कपास विकास समिति | २८७०० | १७३३८ | ६०.४१ |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | १९००० | १५०४१ | ७९.१६ |
| | **जम्मा** | **५०९५८९५४** | **४३२६३४०७** | **८४.९** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ७१४०० | ६२४० | ८.७४ |
| ३१२००१०१४ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १२०१५०.७ | १५८२९ | १३.१७ |
| ३१२००१०२४ | विशेष कृषि उत्पादन कार्यक्रम | ० | ० | |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २७०० | २०८४ | ७७.१८ |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | १३००० | ८११६ | ६२.४३ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १०००० | २०२० | २०.२ |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २४७५१४.१४ | २१८९४२ | ८८.४६ |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ६६८८०० | ३०४८४२ | ४५.५८ |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ३०० | ० | ० |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | ११५०० | २६८८ | २३.३७ |
| ३१२००११२४ | नेपाल कृषि बजार विकास कार्यक्रम | १८०० | ३६९७ | २०५.३९ |
| ३१२००११८४ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ६८९७०० | १३०४६३ | १८.९२ |
| ३१२०१०११४ | कृषि विभाग | ६४०० | १३१७ | २०.५८ |
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ३३६०० | २६३७२ | ७८.४९ |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १५५९०० | ११४९९० | ७३.७६ |
| ३१२०११०४४ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | २३३०० | १३२७९ | ५६.९९ |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम | २४२४०० | १५६६८२ | ६४.६४ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना-प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | ६९०० | ३०८१ | ४४.६६ |
| ३१२०११११४ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम (कृषि) | ० | ० | ० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११११३४ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | २०१४०९.४ | ६४३२० | ३१.९३ |
| ३१२०२०११४ | पशु सेवा विभाग | ३३२०० | ११५८ | ३.४९ |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | ११३२०० | ४९८३५ | ४४.०२ |
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | १५८६०० | ८८९४६ | ५६.०८ |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १६६६०० | ११३२२१ | ६७.९६ |
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | १०७०० | ४७८९ | ४४.७६ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ८६८२०० | ५३८५०२ | ६२.०३ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | १३३३०० | ५५११६ | ४१.३५ |
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | २२०० | १९६० | ८९.११ |
| ३१२०११०३४ | व्यावसायीक कीट विकास कार्यक्रम | १४९०० | ११३६९ | ७६.३१ |
| ३१२०११०५४ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ६३०० | ३९३९ | ६२.५३ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ८७०० | ७६१० | ८७.४७ |
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ६४०० | ३०९६ | ४८.३८ |
| ३१२८१०११४ | कपास विकास समिति | ७८०० | ९५६ | १२.२५ |
| ३१२४१०११४ | नेपाल पशु चिकित्सा परिषद् | २९०० | २८९५ | ९९.८४ |
| | **जम्मा** | ४०३९७७४ | १९५८३५४ | ४८.४८ |

**८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः**

**चालु तर्फः** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ६६०२४५ | ११०३२३ | १६.७१ |
| ३१२००१०१३ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ९४३३६८ | ९७३६ | १.०३ |
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | २९४७३७५१ | १६२७३१६२ | ५५.२१ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३६५३५ | १९२१३ | ५२.५९ |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादी | १५८०३३ | ७२०२० | ४५.५७ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | व्यवस्थापन कार्यक्रम | | | |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९१२०० | ४४८१४ | ४९.१४ |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २५८८४८३ | ६८१२२९ | २६.३२ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ७५६९०७ | ३८६९२७ | ५१.१२ |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ८३२६०० | १६८७२१ | २०.२६ |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | १२३८४०० | २२८९३६ | १८.४९ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | ३७७५०० | ० | ० |
| ३१२००११८३ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | १५१६५०० | १६४८७९ | १०.८७ |
| ३१२०१०११३ | कृषि विभाग | १५५०१४९ | १४८४७७२ | ९५.७८ |
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ११७५०० | ६०७१६ | ५१.६७ |
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १६०७०० | ९०२४८ | ५६.१६ |
| ३१२०११०३३ | व्यावसायिक किट विकास कार्यक्रम | ७८४०० | ३७६५८ | ४८.०३ |
| ३१२०११०४३ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ९७२१० | ३८००० | ३९.०९ |
| ३१२०११०५३ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ६०७९२ | २६६३९ | ४३.८२ |
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम | ६०६०० | ३३८४५ | ५५.८५ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना-प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | १४८४०० | २७२४७ | १८.३६ |
| ३१२०१११३३ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | ४४५१०० | १३८३१ | ३.११ |
| ३१२०२०११३ | पशु सेवा विभाग | ६३०६०० | ५६७९४० | ९०.०६ |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | १३२३०० | ७१९८८ | ५४.४१ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | ५३७७०८ | ३०३०२७ | ५६.३६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०२१०३३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४२६३०० | २५७४३४ | ६०.३९ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ३२८०० | १७७५५ | ५४.१३ |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ४५४७१९ | २२७१८४ | ४९.९६ |
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ४२५२३ | २०४६५ | ४८.१३ |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | १२६१०० | ५९०१३ | ४६.८ |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५३७९२ | ३५३३७ | ६५.६९ |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | १७१०० | १०७०० | ६२.५७ |
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २६४८९०० | १५४१४५५ | ५८.१९ |
| ३१२४११०२३ | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | ७५०० | २४३८ | ३२.५१ |
| ३१२८१०११३ | कपास विकास समिति | २६२२१ | ९२३७ | ३५.२३ |
| | **जम्मा** | ४६५२८९३५ | २३०९६८८९ | ४९.६४ |

**पुँजिगत तर्फः** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ६००५२ | २७०६ | ४.५१ |
| ३१२००१०१४ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | २५३८०० | ० | ० |
| ३१२००१०२४ | विशेष कृषि उत्पादन कार्यक्रम | १००० | ० | ० |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २३०० | १५०१ | ६५.२६ |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | ८०२० | ५३६५ | ६६.८९ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ४३०० | ५४५ | १२.६७ |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २११४०५ | ४५२५९ | २१.४१ |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | १५७९९४ | ४९४९० | ३१.३२ |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार | २००० | ९९७ | ४९.८६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | आयोजना | | | |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | ५१०० | १३९४ | २७.३४ |
| ३१२००११२४ | नेपाल कृषि बजार विकास कार्यक्रम | १००० | ० | ० |
| ३१२००११८४ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | १२८८००० | ४६६७६६ | ३६.२४ |
| ३१२०१०११४ | कृषि विभाग | ४००० | १२१४ | ३०.३४ |
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | २६५०० | ९११७ | ३४.४ |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १४६१०० | ४४४२४ | ३०.४१ |
| ३१२०११०३४ | व्यावसायिक किट विकास कार्यक्रम | ११८०० | २०९७ | १७.७७ |
| ३१२०११०४४ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | १४८६० | ३४३७ | २३.१३ |
| ३१२०११०५४ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ३०८०० | ६४२ | २.०८ |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम | १९४६०० | ४३९९२ | २२.६१ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना-प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | २०० | ० | ० |
| ३१२०१११३४ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | १३४७०० | ० | ० |
| ३१२०२०११४ | पशु सेवा विभाग | १००० | ४९९ | ४९.८६ |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | ५७५०० | १२४४७ | २१.६५ |
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | १२०२३१ | ४५०७८ | ३७.४९ |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ९०८०० | ३९९०५ | ४३.९५ |
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ५६०० | ४९० | ८.७५ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | २०५८६२ | १७०७२ | ८.२९ |
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | १००० | ९७७ | ९७.७ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | १०००० | १०६८९ | १०६.८९ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ६०३० | ८२२ | १३.६३ |
| ३१२४१०११४ | नेपाल पशु चिकित्सा परिषद् | १४०० | ११९० | ८४.९९ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ७००१०० | ३६६९९९ | ५२.४२ |
| ३१२४११०२४ | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | २५०० | १९४२ | ७७.७ |
| ३१२८१०११४ | कपास विकास समिति | १६४० | १७२ | १०.४९ |
| | जम्मा | ३७६२१९४ | ११७७२२८ | ३१.२९ |

# खानेपानी मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र मानव विकास र जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकारको महत्त्वपूर्ण क्षेत्र भएकोले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ। संयुक्त राष्ट्र संघले सन् २०१० मा खानेपानी तथा सरसफाइलाई मानव अधिकारको रूपमा स्थापित गरेको छ। खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको महत्त्वलाई आत्मसात गर्दै दिगो विकास लक्ष्य नं.६ ले सन् २०३० सम्म सबैमा सुरक्षित खानेपानी तथा सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापनसहितको स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ। नेपालमा व्यवस्थित खानेपानी प्रणालीको शुरूवात वि.सं. १९५१ मा वीरधाराबाट शुरू भएको हो। हालसम्म आइपुग्दा करिब ४४ हजार खानेपानी प्रणालीहरूको निर्माण भई ९६.७५ प्रतिशत जनसंख्यालाई आधारभूतस्तरको र २७.७६ प्रतिशत जनसंख्यालाई सुरक्षितस्तरको खानेपानी सेवामा पहुँच पुगिसकेको छ। सरसफाइतर्फ हाल सबै जिल्लाहरूका सम्पूर्ण स्थानीय तह खुला दिसामुक्त घोषणा भई राष्ट्र नै खुला दिसामुक्त घोषित भइसकेको अवस्थामा यसको दिगोपनमा कमी हुँदा पछिल्लो जनगणनाअनुसार ४.५% को खाडल देखिएको छ।

### १.२ दीर्घकालीन सोचः

सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवाको माध्यमबाट समृद्ध समाज तथा प्रदुषणमुक्त वातावरण निर्माणमा टेवा पुऱ्याउने।

### १.३ उद्देश्यः

सुरक्षित खानेपानी तथा सरसफाइ सेवामा आमनागरिकको पहुँच पुऱ्याई संविधान प्रदत्त मौलिक हकको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्य प्राप्तिका लागि संघीय, प्रादेशिक तथा स्थानीय सरकारसँगको सहकार्य र समन्वयमा निम्नानुसारको राष्ट्रिय लक्ष्य निर्धारण भएको छ।

- दीर्घकालीन सोचअनुरूप वि.सं. २१०० सम्म ९५ प्रतिशत नागरिकलाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलब्ध गराउने,
- दिगो विकास लक्ष्यअनुरूप सन् २०३० सम्म सबै नागरिकलाई आधारभूतस्तरको खानेपानी र ९० प्रतिशत नागरिकलाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने,

- दिगो विकास लक्ष्यअनुरूप सन् २०३० सम्म सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ र ५० प्रतिशत नागरिकलाई प्रशोधनसहितको ढल प्रणाली सेवा उपलब्ध गराउने,
- दिगो विकास अन्तर्गतको उद्देश्य नं. ६ अन्तर्गतको १५ औं विकास योजना अन्तर्गत पर्याप्त, सुरक्षित र सर्वसुलभ पहुँच हुनेगरी आर्थिक वर्ष २०८०/८१ सम्ममा ९९ प्रतिशत नागरिकलाई आधारभूतस्तरको खानेपानी, ४० प्रतिशत नागरिकलाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलब्ध गराउने, सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ सेवा र २० प्रतिशत नागरिकलाई सुधारिएको सरसफाइ सेवा उपलब्ध गराउने,
- जलवायु परिवर्तन अनुकुल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्ने।

**१.४ रणनीतिः**

- आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बञ्चित रहेका समुदायहरूको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुर्‍याउने,
- निर्माणाधीन आयोजनाहरूको निर्माण सम्पन्न तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाहरूको उचित मर्मत सम्भार, पुनर्स्थापना तथा समय सापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने,
- उच्च तथा मध्यमस्तरको खानेपानी सेवा विस्तारको लागि मागको आधारमा लागत साझेदारी, लागत उठ्तीको सिद्धान्त अनुरूप खानेपानी आयोजनाहरू सञ्चालन गर्ने,
- फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी लाभ प्राप्त गर्ने,
- मानवजन्य फोहोर पानी प्रशोधनसहित व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापन गर्दै नदी नाला, जलाशय, जलाधार तथा ताल तलैयाहरूको पर्यावरणीय स्वच्छता तथा सौन्दर्यता कायम गर्ने,
- जलवायु अनुकुलन, विपद् जोखिम न्यूनीकरणलाई खानेपानी तथा सरसफाइ आयोजनाहरूमा प्राथमिकता दिई दिगोपना कायम गर्ने,
- खानेपानीका स्रोतहरू तथा जलाधार क्षेत्रहरूको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण, वर्षातको पानी सङ्कलन तथा जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | खानेपानी मन्त्रालय | ६८ | ६१ | ७ | १ |
| २ | खानेपानी तथा ढल व्यवस्थापन विभाग | २८४ | २५४ | ३० | |
| ३ | मेलम्ची खानेपानी विकास समिति | ६८ | ५८ | १० | |
| ४ | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | ५३ | ४८ | ५ | |
| ५ | आयोजना कार्यान्वयन निर्देशनालय | ८८ | ६६ | २२ | |
| ६ | नेपाल खानेपानी संस्थान | ८३४ | ५९२ | २४२ | |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २५३ | सबै नागरिकलाई आधारभूत खानेपानीको सेवाको पहुँच पुऱ्याई गुणस्तरीय खानेपानी सेवा विस्तार गर्दै लगिनेछ। एक घर एक धाराको लक्ष्य प्राप्त गर्ने गरी खानेपानी आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ। | • एक घर एक धाराको अवधारणामा सुरक्षित खानेपानी आपूर्ति गर्ने गरी विभिन्न कार्यक्रम/आयोजनाहरू संघ तथा प्रदेश स्तरमा निरन्तर रूपमा सञ्चालनमा रहेका छन्। |
| २५४ | आगामी आर्थिक वर्ष आधारभूतस्तरको खानेपानी सेवाबाट ९८ प्रतिशत, उच्च मध्यमस्तरको खानेपानी सेवाबाट ३० प्रतिशत र प्रशोधनसहितको ढल प्रणाली सुविधाबाट ४.५ प्रतिशत जनसंख्या लाभान्वित हुने गरी खानेपानी तथा सरसफाइ कार्यक्रम अघि बढाइनेछ। | • मन्त्रालय मातहतका निकायहरूबाट शहरी, अर्द्धशहरी तथा ग्रामीण केन्द्रित विभिन्न कार्यक्रम/आयोजनाहरू सञ्चालन भइरहेको र आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिइएका आयोजनाहरूमा निर्माण कार्य भइरहेको हुँदा सबै सूचकहरूमा प्रगति सकारात्मक हुने। |
| २५५ | पुराना र सञ्चालनमा समस्या रहेका खानेपानी आयोजनाको मर्मत र पुनर्स्थापना कार्यका लागि रु.१ अर्ब ३१ करोड बिनियोजन गरेको छु। | • संघीय तथा प्रदेशस्तरमा विभिन्न कारणले सञ्चालन हुन नसकेका आयोजनाहरूमा आवश्यकता अनुसार मर्मत तथा पुनर्स्थापना गरी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | आयोजनाहरू सञ्चालनमा ल्याउन कार्यक्रम कार्यान्वयनमा रहेको। |
| २५६ | मेलम्ची आयोजनाको अस्थायी हेडवर्क्सको स्तरोन्नति गरी बाह्रै महिना खानेपानी आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ। मेलम्ची जलाधारको भौगोलिक अध्ययन प्रतिवेदनको सुझावबमोजिम आयोजनाको दिगो सञ्चालन गरिनेछ। यस आयोजनाको दोस्रो चरण अन्तर्गत मेलम्चीमा याङ्ग्री र लार्के जोड्ने गरी संरचना निर्माण कार्य अघि बढाइनेछ। | • मेलम्ची खानेपानी आयोजनामा इन्टेक नयाँ स्थानमा स्थानान्तरणको प्रस्तावसहित परामर्शदाताबाट प्रतिवेदन (कन्सेप्ट डिजाइन) पेश गरेको। उक्त डिजाइनको पुनरावलोकनका लागि इन्जिनियरिङ अध्ययन संस्थानमा पठाइएको। इन्टेक स्थानान्तरण तथा थप पानी प्रशोधन केन्द्रको निर्माणका लागि आवश्यक लगानीका निम्ति एसियाली विकास बैंकसँग छलफल भइरहेको। |
| २५७ | काठमाडौं उपत्यकाको खानेपानी आवश्यकताको दिगो व्यवस्थापनका लागि मकवानपुरको सिस्नेरी र ठोस्ने खोला तथा भक्तपुरको महादेव खोलाबाट पानी आपूर्तिको सम्भाव्यता अध्ययन लगायत पूर्व तयारीका कार्य सम्पन्न गरिनेछ। | • सिस्नेरी खोलाको विस्तृत अध्ययन आगामी आ.व.मा सम्पन्न हुने। हाल वातावरणीय अध्ययनको कार्य शुरू गरिएको। ठोस्ने खोलाको अध्ययन कार्य भइरहेको।<br>• महादेव खोलाको विस्तृत अध्ययन सम्पन्न भई आवश्यक बजेट व्यवस्थापन कार्यका लागि दातृ निकायसँग छलफल भइरहेको। |
| २५८ | काठमाडौं उपत्यकाको चक्रपथ भित्र नयाँ वितरण प्रणाली मार्फत पानी वितरण गरिनेछ। दोस्रो चरण अन्तर्गत कीर्तिपुर, भक्तपुर, ठिमी, जोरपाटी, टोखा, कपन र पेप्सीकोला क्षेत्रमा पाइपलाईन निर्माण कार्य शुरू गरिनेछ। | • दोश्रो चरणको काठमाडौं उपत्यका खानेपानी सुधार आयोजनाको कार्यान्वयनका लागि एसियाली विकास बैंकसँग छलफल भइरहेको। |
| २५९ | सुख्खाग्रस्त क्षेत्रमा सञ्चालित जलवायु | • उल्लेख भएका आयोजनाहरूमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अनुकुलित खानेपानी आयोजना अन्तर्गत आगामी वर्ष धादिङको गजुरी, चितवनको दिव्यनगर र भण्डारा, सुर्खेतको पंचपुरी र दैलेखको महाबु लगायतका आयोजना निर्माण सम्पन्न गर्न रु. २ अर्ब ५ करोड बिनियोजन गरेको छु। सुख्खाग्रस्त क्षेत्रमा सामुदायिक उपभोक्ता समूहद्धारा सञ्चालित खानेपानी आयोजनामा प्रयोग हुने विद्युत महशुल तथा डिमाण्ड शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु। | सम्पन्न गर्ने गरी निर्माण कार्य भइरहेको।<br>• सुख्खाग्रस्त क्षेत्रमा सामुदायिक उपभोक्ता समूहद्धारा सञ्चालित खानेपानी आयोजनामा प्रयोग हुने विद्युत महशुल तथा डिमान्ड शुल्कमा ५० प्रतिशत छुट दिनका लागि कार्यविधि तयार गरी आवश्यक राय प्रतिक्रियाका लागि अर्थ मन्त्रालयको सहमति पश्चात् कानून मन्त्रालयमा पठाइएको। |
| २६० | धरान र भरतपुरमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना शुरू गरिनेछ। सुर्खेत उपत्यकामा भेरी पम्पिङ आयोजना अघि बढाइनेछ। नेपालगञ्ज, जनकपुर, धनगढी, लुम्बिनी लगायतका शहरमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापनको कार्य शुरू गरिनेछ। | • धरान र भरतपुरमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको लागि श्रोत सहमति माग गरिएको।<br>• अन्य शहरहरूका आयोजनाहरूमा केहीमा अध्ययन कार्य सम्पन्न भएको छ भने केही अध्ययन कार्य सम्पन्न हुने अवस्थामा रहेका छन्। |
| २६१ | शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तगर्त निर्माणाधीन काभ्रेको पाँचखाल, भक्तपुरको दधिकोट, सुनसरीको झुम्का, रौतहटको कटहरिया, भोजपुर बजार, सप्तरीको कञ्चनरुप र सप्तकोशी तथा काठमाडौंको डाँछी खानेपानी आयोजनाका लागि रु. २ अर्ब ८४ करोड बिनियोजन गरेको छु। | • काभ्रेको पाँचखाल, भक्तपुरको दधिकोट, सुनसरीको झुम्का, रौतहटको कटहरिया, भोजपुर बजार, सप्तरीको कञ्चनरुप र सप्तकोशी तथा काठमाडौंको डाँछी खानेपानी आयोजना चालु आ.व.भित्र सम्पन्न गर्ने गरी आयोजनाहरूको निर्माण कार्य भइरहेको। |
| २६२ | सहलगानी खानेपानी आयोजना | • संखुवासभाको चैनपुर, चितवनको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अन्तर्गत संखुवासभाको चैनपुर, चितवनको जुटपानी, बागलुङको बाग्लुङबजार, मोरङको टंकीसिनबारी र झापाको मेचीनगर लगायतका आयोजनाको निर्माण सम्पन्न गर्न रु.१ अर्ब २६ करोड विनियोजन गरेको छु। | जुटपानी, बागलुङको बागलुङ बजार, मोरङको टंकीसिनबारी र झापाको मेचीनगर लगायत सहलगानी खानेपानी आयोजना चालु आ.व.भित्र सम्पन्न गर्ने गरी आयोजनाहरूको निर्माण कार्य भइरहेको। |
| २६३ | पानीको सतह तथा भूमिगत स्रोतको संरक्षण गर्दै खानेपानी आपूर्तिको दिगो व्यवस्था मिलाइनेछ। स्थानीय तहसँगको सहकार्यमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ढुङ्गेधारा, इनार, पोखरी लगायत परम्परागत पानीको मूल संरक्षण गरिनेछ। | • काठमाडौं उपत्यकाभित्रका विभिन्न स्थानमा ढुङ्गेधारा, इनार, पोखरी लगायत परम्परागत पानीको मूल संरक्षण कार्य काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट भइरहेको। |
| २६४ | राष्ट्रिय अभियानको रूपमा सरसफाइ र स्वच्छता कार्यक्रम सञ्चालन गरिनेछ। पूर्ण सरसफाइयुक्त नेपाल निर्माणका लागि लेदो व्यवस्थापन, फोहोर पानी प्रशोधन र सार्वजनिक शौचालय निर्माण कार्य अघि बढाउन बजेटको व्यवस्था गरेको छु। काठमाडौंको धोबिघाट, हनुमानघाट तथा गोकर्णमा निर्माणाधीन फोहोर पानी प्रशोधन केन्द्रको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। झापाको दमक, भक्तपुरको कटुन्जे, ललितपुरको झिकुवा महालक्ष्मी र काठमाडौंको भत्केपाटी चिखुँ ढल निर्माण तथा प्रशोधन आयोजना | • सरसफाइ र स्वच्छता कार्यक्रमलाई राष्ट्रिय अभियानको रूपमा सञ्चालन गर्न अवधारणा पत्र तयार भई स्वीकृतिका लागि अर्थ मन्त्रालयको सहमति पश्चात् नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भएको।<br>• काठमाडौंको धोबिघाटमा आयोजनाको निर्माण कार्य सम्पन्न भई Commissioning हुने अवस्थामा रहेको, हनुमानघाट तथा गोकर्णमा निर्माण कार्य भइरहेको।<br>• झापाको दमक, भक्तपुरको कटुन्जे, ललितपुरको झिकुवा महालक्ष्मी र काठमाडौंको भत्केपाटी चिखुँ ढल निर्माण तथा प्रशोधन आयोजनाहरू |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सम्पन्न गरिनेछ। | सम्पन्न गर्ने गरी निर्माण कार्य भइरहेको। |
| २६५ | आगामी वर्ष थप एक सय स्थानीय तहको सरसफाइ गुरुयोजना तयार गरिनेछ। आगामी वर्षसम्म तीन सय स्थानीय तहको गुरुयोजना कार्यान्वयनमा लगिनेछ। | • स्थानीय तहको समन्वयमा WASH Plan तयार भइरहेको। हालसम्म १७० पालिकाले WASH Plan तयार गरेको।<br>• स्थानीय तहको सरसफाइ गुरुयोजनाको लागि परामर्श सेवा खरिदको कार्य अगाडि बढाइएको। |
| २६६ | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयको पुनर्संरचना गरी सम्पत्तिको दिगो व्यवस्थापन र सञ्चालन तथा प्रभावकारी नियमनको व्यवस्था गरिनेछ। काठमाडौं उपत्यका खानेपानी लिमिटेडको वित्तीय र प्राविधिक क्षमतामा सुधार गरी खानेपानी सेवा वितरणमा गुणस्तर वृद्धि गरिनेछ। | • खानेपानी मन्त्रालयका सचिवको संयोजकत्वमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, प्रधानमन्त्री कार्यालय, कानून मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, खानेपानी मन्त्रालयका सहसचिव सम्मिलित समितिबाट अध्ययन कार्य भइरहेको। यससम्बन्धी प्रतिवेदन छिट्टै तयार हुने। |

**४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः**

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशन/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन | कैफियत |
|---|---|---|---|
| १. | राष्ट्रिय खानेपानी सरसफाइ तथा स्वच्छता नीति, २०७९ | नयाँ तर्जुमा | |

**५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

- यस वर्षको वर्षाबाट क्षतिग्रस्त मेलम्ची हेडवर्क्ससम्मको सडक मार्गको मर्मत गरी हेडवर्क्सको पहुँच स्थापना गरिएको। हेडवर्क्सको अन्तर्गत संरचनाहरूको सफाइ कार्य

२०८० पुस ४ गतेबाट शुरू गरी पुस २५ बाट वैकल्पिक प्रणाली तथा शुरूङ्ग सञ्चालन गर्दै माघ १ गतेबाट सुन्दरीजल पानी प्रशोधन केन्द्रबाट प्रशोधन गरिएको दैनिक १७ करोड लिटर खानेपानी उपत्यकामा वितरण गरिदै आएको,

- मेलम्ची खानेपानी आयोजना दिगो तथा बाह्रै महिना सञ्चालनका लागि अन्तर्राष्ट्रिय परामर्शदाताबाट प्राप्त अध्ययन तथा कन्सेप्ट डिजाइनको इन्जिनियरिङ अध्ययन संस्थानको पुनरावलोकन (Review) सहित विभिन्न संसदीय समितिका सभापति, काठमाडौं उपत्यकाभित्रका निर्वाचित प्रतिनिधिहरू, काठमाडौं उपत्यकाभित्रका स्थानीय तहका प्रमुख/उपप्रमुखहरू माझ प्रस्तुत गरी आवश्यक सुझाव लिने कार्य गरिएको,
- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड लगायत काठमाडौं उपत्यकाभित्र खानेपानी व्यवस्थापनमा संलग्न निकायहरूको संरचनात्मक पुनर्संरचनाको अध्ययन कार्य भइरहको,
- मकवानपुरस्थित सिस्नेरी खोलाबाट करिव ११ करोड लिटर पानी काठमाडौं उपत्यकामा पथान्तरण गर्न सिस्नेरी खानेपानी आयोजनाको अध्ययन कार्य भइरहेको,
- करिब ६ करोड ८७ लाख लिटर प्रतिदिन प्रशोधन क्षमताको धोबिघाट, कोड्कु सल्लाघारी ढल प्रशोधन कार्यको खरिद प्रक्रिया अगाडि बढाइएको,
- ठूला शहर तथा पालिकाहरू धरान, वीराटनगर, जनकपुर, विरगन्ज, हेटौडा, भरतपुर, पोखरा, बुटवल, लुम्बिनी साँस्कृतिक, नेपालगञ्ज, धनगढी र भीमदत्तको एकीकृत खानेपानी तथा सरसफाइ आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन प्रतिवेदन तयार भएको। महादेव खोला, कन्के देउराली र कुलोबाँध जस्ता जलाशययुक्त खानेपानी आयोजनाहरूको अध्ययन कार्य सम्पन्न भएको,
- सुर्खेतको विरेन्द्रनगरमा खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनार्थ भेरी पम्पिङ खानेपानी आयोजनाको खरिद प्रक्रिया अन्तर्गत प्राप्त बोलपत्रहरूको मूल्याङ्कन भइरहेको,
- चालु आ.व. भित्र वर्षातको पानी संकलनसम्बन्धी कार्यक्रम सञ्चालनबाट काठमाडौं उपत्यकाभित्रका १० स्थानमा वर्षातको पानी संकलन प्रविधि जडान भएको, २० वटा पुराना ढुङ्गेधारा, सार्वजनिक इनार, कुवा आदिको श्रोत संरक्षण कार्य सम्पन्न भएको। भूमिगत जलको उपयोगमा नियमन गर्ने क्रममा २२ वटा डिप ट्युववेलहरुलाई अनुमतिपत्र जारी गरिएको। विभिन्न ३१ स्थानमा वाटर एटिएम जडान कार्य सम्पन्न भएको,

- मिति २०८०/४/१४ गतेका दिन माननीय खानेपानी मन्त्रीज्यूको अध्यक्षतामा प्रदेश सरकारका विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यूहरू, सचिवज्यूहरू र कौडेना गाउँपालिका, सर्लाहीका अध्यक्षज्यूको उपस्थितिमा संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको खानेपानी तथा सरसफाइ विषयगत समितिको बैठक बसी छलफल कार्यक्रम सम्पन्न गरेको। यस बैठकमा अधुरा आयोजनाहरू, आयोजना दोहोरोपना, संघीय ससर्त लगायत विभिन्न एजेण्डाहरूमा छलफल भई ७ वटा निर्णयहरूमा हस्ताक्षर भएको,
- "एक घर एक धारा" नीतिअनुसार कार्यक्रम/आयोजनाहरू कार्यान्वयन भइरहेका छन्। खानेपानी मन्त्रालय अन्तर्गत सञ्चालित सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) मा गत फागुन २०८० सम्म २७२ पालिकाहरूको खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी तथ्याङ्क प्रविष्टि भइसकेको छ भने १७६ पालिकाहरूले आफ्नो पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार पारेका।

## ६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- पानी प्रशोधन केन्द्र निर्माण अन्तर्गतका ठेक्काहरू सम्पन्न गरी प्रशोधन केन्द्र सञ्चालनका लागि काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको,
- मिति २०७९ मंसिर १२ देखि २०८० आषाढ २१ सम्म निरन्तर रूपमा मेलम्चीको पानी काठमाडौं उपत्यकामा वितरण गरिएको। २०८० आषाढ २२ बाट वर्षायामको जोखिमलाई मध्यनजर गरी सुरूङ सञ्चालन कार्य बन्द गरिएको,
- मेलम्ची खानेपानी आयोजना-उपआयोजना २ अन्तर्गत सञ्चालित दोश्रो चरणको थोक वितरण प्रणाली अन्तर्गत सुन्दरीजलदेखि चाबहिलसम्मको ११ कि.मी. मध्ये २.६३८ कि.मी. सम्पन्न (GoN) (१५.१४% भौतिक प्रगति) भएको। वितरण सञ्जाल सुधार (DNI) अन्तर्गत ३२ मध्ये १४ वटा District Metered Area (DMA) हरूको अन्तिम परीक्षण (Functional Guarantee Test, (FGT)) सम्पन्न गरी ४ वटा DMA हरू गौशाला (DMA २.४), सिनामंगल (DMA ३.५), नरेफाँट (DMA ९.१) र DMA TU को नियमित रूपमा पानी सञ्चालन गर्न काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गरिएको। यस आ.व.को अवधिभित्र विछ्याइएको पाइपमध्ये ४२९ कि.मि. पाइपको परीक्षण कार्य सम्पन्न भएको,

- दोश्रो चरणको DNI (GoN) (कलंकी, स्वयम्भु, सामाखुसी, बालुवाटार, धुम्बाराही, कपन, मन्डिखाटार) अन्तर्गत ७६० कि.मी. मध्ये ६०८ कि.मी. सम्पन्न, २५ हजार ३५६ House Connection (मिटर जडान बाहेक) को सम्पन्न भएको। यस आ.व.मा प्रस्तुत आयोजना अन्तर्गत २१४ कि.मि पाइपलाइन विछ्याइएको,
- प्रधानमन्त्री निवास र बालुवाटार आसपासका क्षेत्रमा वर्षाते पानी व्यवस्थापन कार्यको लागि १.२२ कि.मि. ढल निर्माण कार्य सम्पन्न भएको। त्यस्तै, ललितपुर महानगरपालिकाको दरबार स्क्वायर लगायतका क्षेत्रहरूमा Trunk Sewer Line निर्माणको कार्य सम्पन्न गरिएको,
- सहलगानी खानेपानी आयोजना अन्तर्गतका ५ वटा, केन्द्रीय खानेपानी आयोजना अन्तर्गतका ५ वटा, जलवायु खानेपानी आयोजना अन्तर्गतका ६ वटा र शहरी खानेपानी आयोजना अन्तर्गतका ६ वटा गरी जम्मा २२ वटा ठूला तथा मझौला आयोजनाहरू सम्पन्न भई करिब ३१२३७३ जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानीको पहुँच पुगेको,
- खानेपानी सेवा विस्तारतर्फका १५८ वटा आयोजना (स्किमसमेत) सम्पन्न भई करिव २ लाख ४२ हजार ६५ जनसंख्यालाई आधारभूतस्तरको खानेपानीको पहुँच पुगेको/सेवास्तर सुदृढीकरण भएको,
- सतही ढल, प्रशोधनसहितको ढल तथा सरसफाइका ५ वटा आयोजनाहरू सम्पन्न भई करिव ९४ हजार जनसंख्या आयोजनाहरूबाट लाभान्वित भएको,
- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड बोर्डबाट सञ्चालन गरिएका ३१ वटा Water ATM मध्ये बानेश्वर स्थित Water ATM बाट मौजुदा अन्य सुविधालाई यथावत् राखी मिति २०८१/१/५ देखि रू.१० मा २० लिटर गुणस्तरीय पानी उपलब्ध गराउने कार्यको शुभारम्भ गरिएको।
- प्रमुख नतिजा सूचकहरूको तथ्यगत विवरणः

| प्रमुख नतिजा सूचक | इकाइ | २०७९ पुस १० सम्मको स्थिति | २०८० कार्तिक मसान्तसम्मको स्थिति |
|---|---|---|---|
| आधारभूतस्तरको खानेपानी | प्रतिशत | ९४.९३ | ९६.४४ |
| उच्च तथा मध्यमस्तरको खानेपानी | प्रतिशत | २५.६९ | २६.९ |
| आधारभूतस्तरको सरसफाइ | प्रतिशत | १०० | १०० |
| प्रशोधन सहितको ढल प्रणाली | प्रतिशत | २.२८ | २.३४ |

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | ९४८०० | ६७८४६ | ७१.६ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ७७८०० | ६१२७८ | ७८.८ |
| ३१३०१०११३ | खानेपानी विभाग | ६९५६४ | ५३२१३ | ७६.५ |
| ३१३०१०१२३ | जनसाधन विकास कार्यक्रम | ३४४०० | १८३८३ | ५३.४ |
| ३१३०१०१३३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २७४३९० | २३२२८७ | ८४.७ |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ५८९८२ | ५४२८ | ९.२ |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ५९५० | ३९४९ | ६६.४ |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | १५३२१ | ९३८९ | ६१.३ |
| ३१३०११०५३ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ४१४९३ | ३५४५६ | ८५.५ |
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | २२५६७ | १५१११ | ६७.० |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | ४२१११ | ३७१६३ | ८८.३ |
| ३१३०११०८३ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | १४५२०० | ९५५०८ | ६५.८ |
| ३१३०१११३३ | केन्द्रीय खानेपानी आयोजना | ११७०५ | ८८२४ | ७५.४ |
| ३१३०१११४३ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | १०४६० | ७५८१ | ७२.५ |
| ३१३०१११५३ | कोभिड-१९ रेस्पोन्स आयोजना | ७२०० | ३०६८ | ४२.६ |
| ३१३०१११७३ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम | १७८१८ | ६७२९ | ३७.८ |
| ३१३५१०११३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १२८०० | १००८६ | ७८.८ |
| | **जम्मा** | **९४२५६२** | **६७१२९९** | **७१.२** |

पुँजिगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | ४८०० | ३०२५ | ६३.०२ |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | ७९९९०० | ५२१०४१ | ६५.१४ |
| ३१३००१०२४ | काठमाडौं उपत्यका थोक खानेपानी प्रशारण आयोजना (दोश्रो) | १६०५००० | ९२६८० | ५.७७ |
| ३१३०१०११४ | खानेपानी विभाग | ६०६८३ | २७२२९ | ४४.८७ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | ९५०० | २८६६ | ३०.१७ |
| ३१३०१०१३४ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | ३२००० | १९३११ | ६०.३५ |
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ६००० | १८१४ | ३०.२३ |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ३१५७४४५ | २६०३१४९ | ८२.४४ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ६५०२३५ | ४९०६६१ | ७५.४६ |
| ३१३०११०५४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ३४३३९३५ | ३२२३८२३ | ९३.८८ |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ११४७२६७ | १००३६११ | ८७.४८ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | २११२२०५ | १६३८४१९ | ७७.५७ |
| ३१३०११०८४ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ३७०४७१० | २३२७८७१ | ६२.८४ |
| ३१३०१११३४ | केन्द्रीय खानेपानी आयोजना | ३५१२४७१ | ३२८४००२ | ९३.५ |
| ३१३०१११४४ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | १५४२२० | १४४७४४ | ९३.८६ |
| ३१३०१११५४ | कोभिड-१९ रेस्पोन्स आयोजना | २५०००० | २३६१५७ | ९४.४६ |
| ३१३०१११६४ | दिगो सरसफाइ आयोजना | ३००००० | १४८८६९ | ४९.६२ |
| ३१३०१११७४ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम | ३७०४०० | ११६८८ | ३.१६ |
| | **जम्मा** | **२१३१०७७१** | **१५७८०९६०** | **७४.०५** |

## ८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | ३१९७७० | ४५९०७ | १४.४ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ६८४०० | ४७८२२ | ६९.९ |
| ३१३०१०११३ | खानेपानी विभाग | ७७२४२ | ३७०६३ | ४८.० |
| ३१३०१०१२३ | जनसाधन विकास कार्यक्रम | ३१८०० | ११६९६ | ३६.८ |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ३६१०० | ३६२७ | १०.० |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | २००० | ७१० | ३५.५ |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | १०००० | ५८४८ | ५८.५ |
| ३१३०११०५३ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ४०६०० | २३८२१ | ५८.७ |
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १२८०० | ५३५४ | ४१.८ |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | ४६१०० | २६७०२ | ५७.९ |
| ३१३०११०८३ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | २१७००० | ५८७३६ | २७.१ |
| ३१३०१११३३ | केन्द्रीय खानेपानी आयोजना | १२९०० | ६९८९ | ५४.२ |
| ३१३०१११४३ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ११४०० | ७६८७ | ६७.४ |
| ३१३०१११५३ | कोभिड-१९ रेस्पोन्स आयोजना | ७२०० | १६८९ | २३.५ |
| ३१३०१११६३ | दिगो सरसफाइ आयोजना | २१०० | २७ | १.३ |
| ३१३०१११७३ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम | १५६६०० | १४७५६ | ९.४ |
| | **जम्मा** | **१०५२०१२** | **२९८४३५** | **२८.४** |

पुँजिगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | ९६०० | ५५५.५४५ | ५.८ |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | ४३९९०० | १५८११६.४५५ | ३५.९ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३००१०२४ | काठमाडौं उपत्यका थोक खानेपानी प्रशारण आयोजना (दोश्रो) | १२९४३०० | ५१४८५.६३४ | ४.० |
| ३१३०१०११४ | खानेपानी विभाग | ३२१०० | ५५७९.९७९ | १७.४ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | ५९०० | १४८.०३ | २.५ |
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | २८०० | ४५३.१६३ | १६.२ |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ३३२३०० | ४०७६८.४१२ | १२.३ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ४६३१०० | ८४५६५.८५ | १८.३ |
| ३१३०११०५४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | २००९१०० | ७६२५१५.३२८ | ३८.० |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १०६२३०० | २९४१४१.८१ | २७.७ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | १२१३३०० | ३७२०१०.०५९ | ३०.७ |
| ३१३०११०८४ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | २६२५४०० | ७८५८१४.७८८ | २९.९ |
| ३१३०१११३४ | केन्द्रीय खानेपानी आयोजना | १७५१९०० | ८२०७११.०६४ | ४६.८ |
| ३१३०१११४४ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ३४४००० | ७४०.५४७ | ०.२ |
| ३१३०१११५४ | कोभिड-१९ रेस्पोन्स आयोजना | ३२२१०० | १३७४५६.५२६ | ४२.७ |
| ३१३०१११७४ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम | २३०२०० | ५५३६३.७०१ | २४.१ |
| | **जम्मा** | १२१३८३०० | ३५७०४२७ | २९.४ |

# गृह मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपालमा २००७ सालको राजनैतिक परिवर्तन पश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी वि.सं. २००८ सालमा गृह मन्त्रालयको स्थापना भयो। वि.सं. २०१७ सालको परिवर्तनपछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो र नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो। स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम कर्तव्य र अधिकार कानूनी रूपमा व्यवस्थित गरियो। वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायतसम्बन्धी काम छुट्याई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन भयो। वि.सं. २०७२ मा नेपालको संविधान जारी भई ७७ जिल्ला कायम भए बमोजिम मन्त्रालय अन्तर्गत ७७ जिल्ला प्रशासन कार्यालयहरू, ७७ ईलाका प्रशासन कार्यालयहरू र ७ सीमा प्रशासन कार्यालयहरू रहेका छन्।

“मलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु” गृह प्रशासनको मुख्य उद्देश्य हो। गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न हाल गृह मन्त्रालय मातहत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय तथा सुरक्षा निकायका रूपमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायतका निकायहरू केन्द्रदेखि स्थानीय तहसम्म क्रियाशील रहेका छन्।

### १.२ दीर्घकालीन सोचः

नेपालको प्रचलित संविधान तथा कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गृह प्रशासनको दृष्टिकोण हो।

### १.३ उद्देश्यः

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मूलभूत उद्देश्य रहेको छ। यसका अतिरिक्त गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको उद्देश्यहरू समग्रमा देहायानुसारको रहेका छन्।

- संघ, प्रदेश र स्थानीय तहमा रहने सबै सुरक्षा निकाय बीच शान्ति सुरक्षाका विषयमा सहयोग र समन्वय सुदृढ गर्दै विश्वसनीय र भरपर्दो सुरक्षा प्रणाली विकास गर्नु,
- सामाजिक विकृति, द्वन्द्व, अपराध र हिंसा नियन्त्रण गर्दै दिगो शान्ति प्रवर्द्धन गर्नु,
- शान्तिमैत्री विकास प्रणाली तथा संवेदनशील विकास प्रक्रियालाई अवलम्बन गर्दै सामाजिक-आर्थिक विकासका क्षेत्रगत विषयमा शान्ति सुरक्षाको विषयलाई आन्तरिकीकरण गर्नु,
- सबै सुरक्षा निकायलाई समयानुकूल चुस्त, दक्ष, व्यावसायिक र साधन-स्रोत सम्पन्न तुल्याउनु,
- अन्तर्राष्ट्रिय सीमाना र सीमा नाकाको सुरक्षा व्यवस्था र अध्यागमन प्रणालीलाई सुदृढीकरण गर्नु,
- विद्युतीय माध्यममा आधारित व्यक्तिगत घटना दर्ता र नागरिकको सबै प्रकारका सूचना र विवरणसहितको एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी राज्यबाट प्रवाह हुने सेवासुविधालाई समेत एकीकृत सूचना प्रणालीमा आवद्ध गर्नु,
- सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ्ग प्रणालीमा आवद्ध गरी एकीकृत सामाजिक लगत स्थापित गर्नु,
- सबै सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रय शान्ति स्थापनामा योगदान पुर्‍याउनु,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री शासन पद्धतिको सुदृढ़ीकरण गर्नु,
- तीन तहमा बहुप्रकोप जोखिम नक्साङ्कन/सूचनामा आधारित विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनःलाभ सम्बन्धी क्षमता विकाससँगै विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण प्रक्रिया सुनिश्चित गर्नु,
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरी समुदाय स्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्नु,
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि वृहत् सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनःलाभ, पुनःस्थापना, पुनःनिर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु,

- अभियुक्तहरूलाई कानूनबमोजिम थुनामा राख्ने र छिटो एवं उचित न्यायमा सबै बन्दीको पहुँचलाई सुनिश्चित बनाउने,
- अन्तरर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्डअनुसार सुरक्षित र मानवोचित वातावरणमा राखेर अपराधीहरूलाई आफ्नो सुधार र पुनःस्थापना गर्नको निम्ति सहयोग प्रदान गरी सार्वजनिक हित र सुरक्षाको प्रवर्द्धन गर्ने र बन्दीहरूको सामाजिक एकीकरणको प्रक्रियालाई सहज बनाउने,
- फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफत गर्ने।

**१.४ रणनीतिः**

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति, रणनीति र कानूनअनुसार सङ्गठनात्मक पक्षमा समसामयिक सुधार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने,
- कानूनको परिपालना, सामाजिक न्याय र द्वन्द्व व्यवस्थापन मार्फत दिगो शान्ति प्रवर्द्धन गर्ने, विकासका सबै आयामहरूमा सुरक्षा चासोलाई आन्तरिकीकरण गर्ने,
- शान्ति सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणका लागि आधुनिक प्रविधिको प्रयोग तथा गुप्तचर सुरक्षा सूचना प्रणालीको (Security Intelligence) संस्थागत एवं प्राविधिक सुदृढीकरण गर्ने,
- विकासका सबै आयाममा सुरक्षा चासोलाई सम्बोधन गर्दै सुरक्षा निकायको कार्यक्षमता अभिवृद्धि गर्ने,
- नागरिकमैत्री सुरक्षा व्यवस्था सुदृढ गर्नै तथा नागरिक र सुरक्षा अङ्गबीचको सम्बन्धलाई सुदृढ बनाउने,
- सबै सुरक्षा निकायलाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक तथा साधनस्रोत सम्पन्न बनाई सबै किसिमका सुरक्षा चुनौतीलाई सामना गर्न सक्षम बनाउने,
- सीमा सुरक्षा र अध्यागमन प्रणालीलाई द्विपक्षीय एवं बहुपक्षीय कूटनीतिक पहल तथा संस्थागत सुदृढीकरणका आधारमा व्यवस्थित र सुदृढ गर्ने,
- कारागारसम्बन्धी न्यूनतम मापदण्ड समयसापेक्ष रूपमा परिमार्जन गरी प्रविधिमैत्री सेवा सुविधा सहितको सुधार गृहको रूपमा विकास गर्ने,
- सरकारी निकाय लगायत अन्य निकायहरूबाट सञ्चालित सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमहरूको एकीकृत सामाजिक सुरक्षा लगत तयार गर्ने,
- बहुपयोगी तथा प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सबै नागरिकको विवरण र राज्यबाट प्रदान गरिने सेवा सुविधा समेतको अभिलेख एकीकृत रूपमा क्रमशः आवद्ध गर्दै लैजाने,

- व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रविधिमा आधारित आधुनिक प्रणालीमा पूर्णरूपमा रूपान्तरण गरी आन्तरिक रूपमा सुधार गर्ने,
- सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउने,
- विपद् जोखिम न्यूनीकरणमैत्री शासन पद्धति सुदृढ़ बनाउन आवश्यक नीतिगत, संस्थागत र कार्यपद्धतिमा सुधार गर्ने,
- संघ, प्रदेश र स्थानीय तहका विषयगत विकास प्रक्रियाहरूमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने र विपद् जोखिम न्यूनीकरण एवं उत्थानशीलता अभिवृद्धि गर्न सार्वजनिक तथा निजी लगानी, साझेदारी र सहकार्य अभिबृद्धि गर्ने,
- समुदायदेखि राष्ट्रियस्तरसम्म बहुप्रकोप जोखिम आङ्कलन/नक्शाङ्कनमा आधारित पूर्वतयारी, प्रतिकार्य, पुनःलाभ सम्बन्धी क्षमता विकास र पर्याप्त साधन स्रोतको व्यवस्थापन गर्ने,
- विपद् जोखिमको पूर्वानुमान, अनुगमन, पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिको विकास र सुदृढीकरण गर्ने,
- प्राकृतिक स्रोतबाट प्राप्त आयलाई समुदायको विपद् जोखिम व्यवस्थापनमा न्यायोचित रूपमा उपयोग गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | गृह मन्त्रालय | २२१ | २२१ | - | - |
| २ | अध्यागमन विभाग तथा अध्यागमन कार्यालयहरू | ३५९ | ३५९ | - | - |
| ३ | कारागार विभाग/कार्यालयहरू | ९२५ | ८८७ | ३८ | - |
| ४ | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग | ३३ | ३३ | - | - |
| ५ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ३८ | ३४ | ४ | - |
| ६ | नेपाल प्रहरी | ७९५४१ | ७६६०६ | २९३५ | - |
| ७ | सशस्त्र प्रहरी बल | ३७१५३ | ३५५७९ | १५७४ | - |
| ८ | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | २८ | २३ | ५ | - |
| ९ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना | १९८५ | १९८५ | - | - |
| १० | जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरू | २८४० | २६६८ | १७२ | - |
| ११ | भक्तपुर जुद्धवारुणयन्त्र कार्यालय | ३६ | २५ | ११ | - |

३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १०५ | औषधिजन्य प्रयोगको लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिने। | • मा. अर्थ मन्त्रीज्यूको उपस्थितिमा मिति २०८०/०७/२० मा गृह मन्त्रालयको सहसचिवको संयोजकत्वमा गाँजा खेतीको सम्भावना, गाँजा खेती एवं उपयोग सम्बन्धमा गर्नुपर्ने कानूनी एवं कार्यविधिगत व्यवस्थाका बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न ९ सदस्यीय कार्यदल गठन भई आवश्यक अध्ययन कार्यहरू गरिरहेको। |
| २८६ | चालु आर्थिक वर्षबाट ६८ वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई प्रदान गरिँदै आएको मासिक ४ हजार रुपैयाँ भत्तालाई निरन्तरता दिइएको। ६० वर्ष पूरा भएका दलित, एकल महिला, विपन्न, सीमान्तकृत वर्ग र समुदाय तथा बालबालिकालाई दिइदै आएको सामाजिक सुरक्षा भत्ताका लागि रकम विनियोजन गरिएको। छात्रवृत्ति, स्वास्थ्योपचार, स्वास्थ्य बीमा लगायतका क्षेत्रमा प्रदान गरिएको सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिइएको। ज्येष्ठ नागरिक भत्ता लगायत सामाजिक सुरक्षाका कार्यक्रमका लागि रकम विनियोजन गरिएको। | • सामाजिक सुरक्षाका ३७ लाख ४२ हजार ४३२ जना सक्रिय लाभग्राही रहेका।<br>• आ.व.२०८०/८१ को तेस्रो त्रैमासिकसम्ममा सामाजिक सुरक्षातर्फ रु.सतसट्ठी अर्ब उनान्नब्बे करोड पैंतीस लाख भुक्तानी भएको।<br>• चालु आ.व.को चैत मसान्तसम्म विद्युतीय भुक्तानी (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता वितरणबाट २८ लाख लाभग्राही लाभान्वित भएका। |
| २८७ | सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालनका लागि दिगो स्रोत व्यवस्थापनको नीति लिइने। हाल सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमलाई एकत्रित गरी दोहोरोपन हटाइने र लक्षित वर्गमा केन्द्रित गरी थप प्रभावकारी बनाउदै लगिने। स्रोतको विस्तारसँगै सामाजिक सुरक्षाको | • राष्ट्रिय योजना आयोगबाट एकीकृत सामाजिक सुरक्षाको ढाँचा तयार भई नेपाल सरकार(म.प.)बाट स्वीकृत भएको। सोही आधारमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले घरपरिवार लगत तयार गर्ने क्रममा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सुविधा र दायरा विस्तार गर्दै लगिने। | |
| २८८ | शहीदका परिवार एवं घाइतेलाई जीवन निर्वाह भत्ता र जन आन्दोलनका शहीदका सन्ततिलाई छात्रवृत्ति कार्यलाई निरन्तरता दिइएको। | • सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलनका घाईते/अपाङ्गता भएका व्यक्तिहरू र ऐतिहासिक जनआन्दोलनका शहीद परिवारलाई प्रचलित कानूनबमोजिम मासिक रूपमा जीवन निर्वाह भत्ता प्रदान भइरहेको। |
| २८९ | व्यक्तिगत घटना दर्तालाई वडास्तरबाटै विद्युतीय प्रणाली मार्फत पञ्जिकरण हुने व्यवस्था मिलाइने। सामाजिक सुरक्षा सूचना प्रणालीलाई विद्युतीय सरकारी लेखा प्रणाली र एकल खाता कोष प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको बैङ्क खातामा जाने व्यवस्था गरिने। | • हालसम्मको कुल अनलाईन घटना दर्ताः६२ लाख ४४ हजार ७५१<br>• हालसम्म अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा सङ्ख्याः ६ हजार ६९४ |
| ३८३ | विपद्को समयमा तत्काल उद्धार गर्न नेपाली सेना र सशस्त्र प्रहरी बलको क्षमता विकास गरिने। विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न स्थानीयस्तरमा स्वयंसेवक व्युरो गठन गरी परिचालन गरिने। विपद् प्रतिकार्यमा संलग्न निकायलाई अन्तर्राष्ट्रिय खोज तथा उद्धार सहयोगी समूहको मान्यता प्राप्त गर्न सहजीकरण गरिने। | • विपद् व्यवस्थापनसम्बन्धी १७ वटा उन्नत तालीम सम्पन्न भई कुल जम्मा ६१० जना सशस्त्र प्रहरी कर्मचारीहरुको दक्षता अभिवृद्धि गरिएको।<br>• विपद् व्यवस्थापनसम्बन्धी १ वटा उन्नत तालीम सञ्चालनमा रहेको जसमा ४९ जना सशस्त्र प्रहरी कर्मचारीहरू सहभागीता रहेको।<br>• विपद् व्यवस्थापनसम्बन्धी ६६ वटा अनुशिक्षण तालीम सम्पन्न भई कुल जम्मा २ हजार ३०० जना सशस्त्र प्रहरी कर्मचारीहरुको दक्षता अभिवृद्धि गरिएको।<br>• विपद् व्यवस्थापनसम्बन्धी २३ प्रकारका सामाग्रीहरू खरिदको सम्झौता भई सामान आपूर्तिको क्रममा रहेका। |
| ३८४ | विपद् जोखिम न्यूनीकरण गर्न बहुप्रकोपिय पूर्वचेतावनी राष्ट्रिय प्रणाली स्थापना तथा बहुप्रकोपीय जोखिम आकलन गर्ने प्रणाली स्थापना गरिने। सूचना प्रविधिको उपयोग गरी विपद् | • यस आ.व.मा सिन्धुपाल्चोक, चितवन, झापा, बर्दिया, जुम्ला, रसुवा, रुपन्देही, दोलखा र सुर्खेतका १२ विपद् जोखिमयुक्त स्थानहरूमा पूर्वचेतावनी प्रणाली स्थापना गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | जोखिम न्यूनीकरण गर्न पूर्वसूचना प्रणाली सञ्चालन गरिने। | |
| ३८५ | बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपबाट जोखिममा रहेका बस्तीको पहिचान गरी विस्थापित भएका परिवारहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने। | • रसुवा जिल्लाको उत्तरगया गाउँपालिकाको पहिरो र बाढीको प्रकोप क्षेत्रहरूको भौगर्भिक अध्ययन प्रतिवेदन तयार भएको।<br>• ओखलढुङ्गा जिल्लाको चम्पादेवी गाउँपालिका अन्तर्गत पलापु गाउँको पहिरोसम्बन्धी भौगर्भिक अध्ययन।<br>• दोलखाको तामाकोशी गाउँपालिकाको पहिरो प्रभावित क्षेत्रको अध्ययन प्रतिवेदन तयार भएको।<br>• पहिरोले दोलखाको कालिञ्चोक गाउँपालिका र गौरीशंकर गाउँपालिकाको प्रभावित बस्तीको भौगर्भिक अध्ययन प्रतिवेदन तयार भएको।<br>• बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका र जगन्नाथ गाउँपालिकाको पहिरो प्रभावित बस्तीमा भौगर्भिक अध्ययन प्रतिवेदन तयार भएको।<br>• पर्वतको जलजला गाउँपालिकाको पहिरो प्रभावित बस्तीमा भौगर्भिक अध्ययन प्रतिवेदन तयार भएको।<br>• मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको भू-जोखिम मूल्याङ्कन प्रतिवेदन तयार भएको। |
| ३९४ | शान्ति सुव्यवस्था कायम गर्न तथा अपराध अनुसन्धान प्रणालीलाई विश्वसनीय र भरपर्दो बनाउन सबै सुरक्षा निकायहरूलाई समयानुकूल, व्यावसायिक, दक्ष, आधुनिक र साधन स्रोत सम्पन्न बनाउँदै लगिने। | • उन्नत (सेवाकालिन) तालीम १२१ वटा सम्पन्न भई कुल जम्मा ५०८३ जना सशस्त्र प्रहरी कर्मचारीहरूको दक्षता अभिवृद्धि गरिएको।<br>• उन्नत (सेवाकालीन) २३ वटा तालीम सञ्चालनमा रहेको जसमा ८१५ जना सशस्त्र प्रहरी कर्मचारीहरु सहभागीता रहेको।<br>• ५९१ वटा विभिन्न पेशागत अनुशिक्षण तालीमहरू सञ्चालन गरी कुल जम्मा २० हजार ४८२ जना सशस्त्र प्रहरी कर्मचारीहरूको दक्षता अभिवृद्धि गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • ७ प्रकारका पोशाकका मालसामानहरू भुक्तानीको क्रममा रहेको।<br>• १२ प्रकारका सामानहरु आपूर्तिको क्रममा रहेको।<br>• ३ प्रकारका पोशाकसम्बन्धी सामग्रीहरूको सम्झौताको क्रममा रहेको।<br>• कम्प्युटरसम्बन्धी १९ प्रकारका सामग्रीहरू आपूर्ति भई चेकजाँचको क्रममा रहेको। |
| ३९५ | संगठित अपराध, वित्तीय अपराध, आत्महत्या, हिंसा, साइवर अपराध र लागुऔषधको अवैध ओसार पसार लगायत सबै प्रकारका अपराधजन्य गतिविधि नियन्त्रणमा नवीनतम् प्रविधिको उपयोग गरिने। डिजिटल फोरेन्सिक ल्याबलाई स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाउन आवश्यक बजेट व्यवस्था भएको। | • लागुऔषधको अवैध ओसारपसार र कारोबार लगायत लागुऔषध सेवन जस्ता अपराधजन्य गतिविधि नियन्त्रण गर्न लागुऔषध नियन्त्रण ब्युरोको लागि आवश्यक उपकरणहरू खरिद गरी प्रयोगमा ल्याउन मिति २०८०/०६/१९ गते बोलपत्र आव्हानको सूचना प्रकाशित गरी मिति २०८०/१०/२९ गते सम्झौता गरिएको।<br>• डिजिटल फोरेन्सिक ल्याबलाई स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाउन मूल्याङ्कन कार्य भई रहेको।<br>• आत्महत्या सम्बन्धमा विस्तृत अध्ययन अन्वेषण, सामाजिक अपराध र सार्वजनिक शान्ति व्यवस्थाको अन्तरसम्बन्धमा Research कार्य गरी अध्ययन गर्न शान्ति सुरक्षा, सामाजिक विकृती र अपराधसँगको अन्तरसम्बन्ध सम्बन्धमा प्रस्ताव निर्माण तथा सर्वेक्षण प्रश्नावली निर्माण भई रुपन्देही र प्युठान जिल्लामा Pilot Testing को कार्य सम्पन्न भएको।<br>• आत्महत्या सम्बन्धमा विस्तृत शोध अध्ययन सम्बन्धमा प्रस्ताव स्वीकृत भई Data Collection कार्य सम्पन्न भएको। |
| ३९६ | संघीय शासन प्रणाली अनूरूप संघ र प्रदेशमा प्रहरी समायोजन कार्य अगाडि बढाइने। | • प्रहरी समायोजन ऐन, २०७६, नेपाल प्रहरी, प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ का प्रावधानहरूलाई |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | समेत मध्यनजर गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सर्वेक्षण प्रतिवेदन स्वीकृत भएको।<br>• प्रहरी समायोजन ऐन, २०७६ मा संघीय कानूनबमोजिम हुने भनी उल्लेख गरिएका प्रावधानहरुलाई सम्बोधन गर्ने गरी नेपाल प्रहरीको गठन, सञ्चालन तथा सेवाको शर्तसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार भई राय/परामर्शको चरणमा रहेको।<br>• उपप्रधानमन्त्री एवं गृह मन्त्रीको मिति २०८०/०७/२४ को निर्णयानुसार गृह प्रशासन सुधार एकीकृत कार्ययोजना बनाई पेश गर्न संघीय संरचना अनुरूप नेपाल प्रहरीको कार्यवोझको विश्लेषण, जनशक्तिको प्रक्षेपण, प्रहरी समायोजनको खाका तयार गरी पेश गर्ने जिम्मेवारी दिइएको।<br>• समायोजनको सूचना प्रकाशन हुन बाँकी रहेको। आवश्यक मस्यौदा निर्माण भइरहेको तथा तालुक कार्यालयमा प्रतिवेदन गर्नुपर्ने तथ्याङ्क तयारी हालतमा रहेको। |
| ३९७ | सार्वजनिक स्थलमा हुने महिला हिंसा लगायतका सामाजिक अपराध नियन्त्रण गर्न विशेष सुरक्षा संयन्त्र परिचालन गरिने। | • २०८०/८१ चैत महिनासम्ममा सार्वजनिक स्थलमा हुने महिला हिंसा लगायतका सामाजिक अपराध नियन्त्रण गर्न समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गरिएको।<br>o सामुदायिक कार्यक्रमः- ६८ हजार ३६६<br>o विद्यालय केन्द्रित :- ८ हजार ७४५<br>o लाभान्वित संख्याः- २८ लाख ८९ हजार ४७१ जना।<br>o कार्यक्रम संख्या :- ७७ हजार १११ |
| ३९८ | नवीनतम् र आधुनिक प्रविधिको प्रयोग गरी अध्यागमन सेवालाई सरल, सहज र प्रभावकारी बनाइनेछ। अध्यागमनमा | • विदेशस्थित कूटनीतिक नियोगहरूबाट जारी हुने हस्तलिखित भिसालाई प्रतिस्थापन गरी ETA (Electronic Travel Authorization) |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
| --- | --- | --- |
| | ई-गेटको सम्भाव्यता अध्ययन गरी प्रक्रिया अघि बढाइने। | सञ्चालनमा ल्याइएको।<br>• प्रविधिमैत्री अध्यागमन प्रणाली निर्माणका लागि Visa Printer कम्प्युटर खरिद तथा जडान कार्य सम्पन्न गरिएको।<br>• Online Visa System (विद्युतीय भुक्तानीसहित) प्रकृया शुरूवात भएको। |
| ३९९ | केन्द्रीय कारागार नुवाकोटको तेस्रो चरणको पूर्वाधार निर्माण कार्य प्रारम्भ गरिने। क्षेत्रीय कारागार नौबस्ता बाँकेको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने। मोरङ, पाँचथर लगायत थप आठ वटा कारागार भवनहरूको निर्माण कार्यलाई निरन्तरता दिइने। पुराना कारागार भवनहरूको मर्मत सम्भार गरिने। कारागार भवनको निर्माण तथा मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन भएको। | • केन्द्रीय कारागार नुवाकोटको दोस्रो चरणको निर्माण सम्पन्न चरणमा रहेको साथै तेस्रो चरणको लागि श्रोत सुनिश्चितताको प्रोजनार्थ अर्थ मन्त्रालयसँग समन्वय भइरहेको।<br>• कारागार कार्यालय नौबस्ता बाँकेको निमार्ण सम्पन्न तथा O&M सर्भे स्वीकृत भई सञ्चालनमा ल्याउने निर्णय भएको।<br>• बालसुधार गृहमा रहेका १८ वर्ष भन्दा माथिका बालकलाई व्यवस्थापन गर्न मन्त्रालयबाट निर्णय भई ४ मध्ये १ वटा ब्लकमा बाल सुधार गृह सञ्चालन भएको।<br>• सर्लाही जिल्लामा नयाँ कारागार सञ्चालनमा आएको।<br>• धनकुटा कारागारको निर्माण अन्तिम चरणमा पुगेको।<br>• मोरङ र पाँचथर लगायत अन्य कारागारको निर्माण कार्य भइरहेको। |
| ४४१ | राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र लगायतका सेवा सहज रूपमा उपलब्ध गराउन आवश्कताअनुसार दुई शिफ्टमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइने। राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र अध्यागमन लगायतका सेवा प्रवाहका लागि सञ्चालित विद्युतीय प्रणालीहरूबीच अन्तरआवद्धता कायम गरी सेवा | • राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको राहदानी विभागसँग सेवा आवद्धता भई सेवा प्रवाह भइरहेको। अन्य निकायहरूसँग पनि सेवा आवद्धताको लागि समन्वय र सहकार्य भइरहेको।<br>• राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको राहदानी विभाग र VERSPMIS सँग सेवा आवद्धता भई सेवा प्रवाह भइरहेको।<br>• आन्तरिक राजस्व विभाग र नेपाल स्वास्थ्य बीमा बोर्डसँग सेवा आवद्धताको परीक्षण भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाइने। विभिन्न सरकारी सेवाहरूको सूचना प्रणालीलाई नागरिक एपसँग आवद्ध गरिने। | • अन्य निकायहरूसँग पनि सेवा आवद्धताको लागि समन्वय र सहकार्य भइरहेको।<br>• राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्तिः १ करोड २१ लाख १७ हजार (पहिलो चरणको १ लाख १७ हजार सहित)।<br>• राष्ट्रिय परिचयपत्रको लागि राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा दर्ता भएको विवरणः१ करोड ४३ लाख ८५ हजार ३५२<br>• छापिएका कार्डहरूः३ लाख १९ हजार ११४<br>• जिल्ला पठाइएका कार्डहरूः२१ लाख ७३ हजार ५०३<br>• वितरण भएका कार्डहरूः४ लाख २२ हजार ९२१ |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/ कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क्र.सं. | नीति/ कानून/ कार्यविधि/ निर्देशिका/ मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | फौजदारी कसूर (कैद कट्टा) (दोस्रो संशोधन) नियमावली, २०७९ | संशोधन | मिति २०७९/०५/२० |
| २ | सामाजिक सुरक्षा (दोस्रो संशोधन) नियमावली, २०७९ | संशोधन | मिति २०७९/०६/१० |
| ३ | कारागार ऐन, २०७९ | नयाँ तर्जुमा | मिति २०७९/०६/०९ |
| ४ | सशस्त्र प्रहरी नियमावली, २०७२ को अनुसूची- १५ मा हेरफेर गर्ने सूचना | संशोधन | मिति २०७९/०९/११ |
| ५ | कारागार (पन्ध्रौं संशोधन) नियमावली, २०७९ | संशोधन | मिति २०७९/०९/१८ |
| ६ | सशस्त्र प्रहरी नियमावली, २०७२ को अनुसूची- २ र ३ मा हेरफेर गर्ने सूचना | संशोधन | मिति २०७९/०९/२१ |
| ७ | सशस्त्र प्रहरी (तेस्रो संशोधन) नियमावली, २०८० | संशोधन | मिति २०८०/०१/२१ |
| ८ | विष्फोटक पदार्थ (दोस्रो संशोधन) नियम | संशोधन | मिति २०८०/०२/०२ |
| ९ | नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ | संशोधन | मिति २०८०/०२/१७ |
| १० | उमेर, नाम र जात सच्याउने (तेस्रो संशोधन) नियमहरू, २०८० | संशोधन | मिति २०८०/०५/१८ |

| क्र.सं. | नीति/ कानून/ कार्यविधि/ निर्देशिका/ मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| ११ | अपराधसम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र निर्देशिका, २०८० | नयाँ तर्जुमा | मिति २०८०/०६/०१ |
| १२ | नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० | संशोधन | मिति २०८०/०६/०४ |
| १३ | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८० | नयाँ तर्जुमा | मिति २०८०/०६/१८ |
| १४ | हातहतियार खरखजाना (बाह्रौं संशोधन) नियमावली, २०८० | नयाँ तर्जुमा | मिति २०८०/०९/१९ |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- संविधान दिवस, २०८० को उपलक्ष्यमा ६७० जना कैदी बन्दीहरूको बाँकी कैद सजाय माफी भएको,
- प्रमुख जिल्ला अधिकारीहरूले हेर्नुपर्ने मुद्दाहरूको कार्यविधिको मस्यौदा तयार भएको,
- प्रहरी कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, अवकाश, लगायतको वृत्ति पथ (Career Plan) पूर्वानुमान योग्य बनाउनको लागि "प्रहरी कर्मचारीको सरूवासम्बन्धी मापदण्ड २०७९, (प्रथम संशोधन २०८०)" सहित कार्यान्वयनमा ल्याइएको,
- आधारभूत तालीम आधारभूत, उन्नत, अनुशिक्षण र घुम्ती तालीम ५८५ समूहमा कुल जम्मा २१ हजार ६०६ जना प्रशिक्षार्थीको तालीम समापन भएको,
- समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ७७ हजार १११ वटा कार्यक्रम सञ्चालन भई २८ लाख ८९ हजार ४७१ जना लाभान्वित भएको,
- अपराध नियन्त्रण कार्ययोजना (CAP) को प्रभावकारी कार्यान्वयनको लागि नेपालगंज, बुटवल, पोखरा, जनकपुर, विराटनगरमा सञ्चालन भएको Technical Investigation And Analysis तालीममा १८८ जना प्रशिक्षार्थीलाई तालीम प्रदान गरिएको,
- ९३३ जना कैदीबन्दीको स्वास्थ्य बीमा गरिएको,
- सशस्त्र प्रहरी बल, तर्फ १२ वटा BOP को जग्गा प्राप्ति, BOP को भौतिक संरचना निर्माण कार्य शरू भएको तथा बाहिनी मुख्यालयको भवन, गणहरुको भवन, गुल्महरूको निर्माण कार्य, फिल्ड अस्पतालको भौतिक संरचना निर्माण कार्य शरू भएको र २ हजार १३५ वटा सीमा स्तम्भ मर्मत भएको,

- नागरिकता ऐन (संसोधन), २०६३ जारी भई देशभर जन्मका आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई, आमाको नागरिकताका आधारमा निजका छोराछोरीलाई र गैर आवासीय नेपालीका नाममा नागरिकता जारी गर्न शरू गरिएको। यसैबीच ऐन/नियमावली संसोधन पश्चात् देशभरका जिल्ला प्रशासन कार्यालयहरूबाट चालु आ.व.को चैत मसान्तसम्म २ हजार ३२७ वटा गैर आवासीय नेपालीका नाममा नागरिकता जारी भएको,
- गौरीबहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन भएपश्चात् जिल्ला प्रशासन कार्यालयले प्रभावकारी रूपमा कार्य गरी अनुचित लेनदेन (मिटर ब्याजी) मधेशका ८ जिल्लामा २१ हजार ५३५, पश्चिम नवलपरासीमा १ हजार ८६२ र बाँकी अन्य जिल्लामा ४ हजार ६०३ गरी कुल निवेदन २८ हजार परेकोमा मेलमिलाप तथा फछ्यौंट ५ हजार ३२ रहेको तथा मिति २०८०/०७/१५ गते सम्ममा २१२ बिगाह ४ कठ्ठा १७ धुर (७७४ कित्ता) जग्गा साहुबाट सम्बन्धित जग्गा धनीलाई फिर्ता गरिएको,
- कारागार व्यवस्थापनतर्फ प्रोवेशन र प्यारोल लागू गर्ने सम्बन्धमा मापदण्ड जारी भई प्रोवेशन र प्यारोल अधिकृत तोकी मिति २०८०/०७/०१ गतेबाट सो सम्बन्धमा विवरण संकलनको कार्य भइरहेको,
- नेपाल सरकार माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्रीस्तरको मिति २०८०/०७/२४ को निर्णयानुसार गृह मन्त्रालय अन्तर्गतका निकायहरूको कार्यसम्पादन सुधार तथा क्षमता विकाससम्बन्धी अध्ययन समिति गठन भई तोकिएको कार्यदेशअनुसार कार्य सम्पन्न गरी प्रतिवेदन प्राप्त भएको,
- बझाङ जिल्लाको तलकोट केन्द्र भई बझाङ जिल्लामा र जाजरकोट जिल्लाको रामीडाँडा केन्द्र भई जाजरकोट र रूकुम पश्चिमसहितका जिल्लामा गएको भूकम्प तथा त्यसपश्चात् गएका पराकम्पहरूका पीडितलाई तत्काल राहत, उद्धार र खोजीकार्य सम्पन्न भई अस्थायी आवास तथा दीर्घकालिन व्यवस्थापनको कार्य प्रारम्भ गरिएको,
- विपद् उत्थानशील शासन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विभिन्न निकायको भूमिका तथा जिम्मेवारी एवं अन्य विषयमा नीतिगत मापदण्ड तयार गर्ने सन्दर्भमा देहायका कार्यविधि/रणनीतिहरूको मस्यौदा तयार भएकोः
  - स्थानीय विपद् उत्थानशील कार्यढाँचा,
  - विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यविधि (Shock Responsive Social Protection SRSP Guidelines),

  - o विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना,
  - o स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF),
  - o विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि,
  - o राष्ट्रिय बहुप्रकोप पूर्वसूचना प्रणाली स्थापनाको लागि कार्ययोजना सहितको अवधारणापत्र।

- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, कास्की कार्यालयको पद दर्ताको लागि राष्ट्रिय किताबखाना (निजामती) मा पठाइएको,
- कारागार कार्यालय नौबस्ता, बाँकेको नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवेदनसहित पठाइएको,
- प्र.जि.अ.का लागि कानून तथा न्यायसम्बन्धी ३ (तीन) महिने तालीमको लागि ४० जना (रा.प.प्रथम र द्वितीय श्रेणीका) कर्मचारीहरूलाई स्वीकृत भएको,
- जिल्ला झापा गौरीगंज गाँउपालिका वडा नं. २, लालमाटीमा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट स्थापना गर्न स्वीकृति दिइएको,
- मिटरव्याजसम्बन्धी उजुरीहरूको संकलन, फछ्र्यौट आदि विवरण सम्बन्धित जिल्लाहरुबाट दैनिक रूपमा मिटरव्याजसम्बन्धी Software मा अद्यावधिक भइरहेको,
- अति विशिष्ट तथा विशिष्ट व्यक्ति तथा विदेशी राष्ट्रका विशिष्ट पदाधिकारी एवं कूटनीतिक नियोगका विशिष्ट पदाधिकारीको भ्रमणको समयमा त्रुटिरहित शान्ति सुरक्षाको आवश्यक व्यवस्था मिलाइएको,
- गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको वार्षिक प्रगति समेटिएको वार्षिक प्रगति पुस्तक प्रकाशन गरिएको,
- प्रमुख जिल्ला अधिकारी कार्यसम्पादन सम्झौताबमोजिम चालु आ.व.को दोस्रो त्रैमासिक कार्यसम्पादन मूल्याङ्कन गरिएको,
- CAPS, LMBIS, प्रविष्टि बजेट तथा योजना प्रणाली सुधारसम्बन्धी कोशी प्रदेश, मधेश प्रदेश, कर्णाली प्रदेश, र सुदूरपश्चिम प्रदेशमा रहेका जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालहरूका सम्बन्धित कर्मचारीहरूको लागि दुई स्थानमा अभिमुखीकरण तालीम सञ्चालन गरिएको,

- विश्वव्यापी आवधिक पुनरावलोकन (UPR) को (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-२०८२) कार्यान्वयनको प्रगति प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमा पठाइएको,
- P029 Protocol of 2014 to the Forced Labour convention, 1930 नेपालले अनुमोदन गर्ने सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट तयार गरिएको Gap analysis Report मा यस मन्त्रालयको राय उपलब्ध गराइएको,
- हातहतियार खरखजाना (बाह्रौं संशोधन) नियमावली, २०८० को सूचना मिति २०८०/०९/१९ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको,
- अल्पसंख्यक समुदायको सूचीको सूचना मिति २०८०/०९/१९ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको फैसला तथा आदेश कार्यान्वयनसम्बन्धी करिव ६० वटा फैसला/आदेश कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको,
- हुम्ला जिल्ला नाम्खा गाउँपालिका वडा नं. ५ को कि.नं. ७७ को फिल्डबुकमा भिट/पाखो/बारी जनिएको क्षेत्रफल २ हजार ६५१ व.मी. जग्गा सशस्त्र प्रहरी बल, नेपाल विओपी हिल्सा हुम्लालाई माग भई आएकोमा मिति २०८०/०८/१४ को निर्णयानुसार उपयोग स्वीकृतिका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पठाइएको,
- निषेधित क्षेत्रमा उद्धार उडान एवं चार्टर उडानको लागि निजी हेलिकप्टर कम्पनीहरूलाई जम्मा २५९ पटक अनुमति दिइएको,
- अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख र निर्धारणका लागि सम्बन्धित निकायहरूमा समन्वय गरिएको,
- नेपालमा गैरकानूनी रूपमा वसोवास गरेका विदेशी नागरिकलाई निष्काशन गर्ने निर्णय कार्यान्वयन गरी ३०१ जनालाई निष्काशन गरिएको,
- नागरिक एपमा नागरिकताको विवरण प्रयोग गरी दर्ता भएका भेरिफाइड प्रयोगकर्ताको संख्या ९ लाख ३७ हजार ५१३ रहेको,
- गृह प्रशासन अन्तर्गतका निकायहरूको कार्यसम्पादन सुधार र क्षमता विकास सम्बन्धमा सुझावहरू संकलन गर्न सुझाव मोडयूल तयार गरी वेवसाइटमा राखिएको,
- गृह मन्त्रालय र मातहतका सबै जिल्ला, इलाका, सीमा प्रशासन कार्यालयहरूको एकीकृत फ्रेमवर्कमा रहेको Website को सञ्चालन, युजर व्यवस्थापन तथा कार्यालयहरूलाई प्राविधिक सहयोग लगायतका कार्य गरिएको,

- CIMS प्रणालीमा कार्यालयहरूबाट भूलवश गलत प्रविष्ट भएका ५ हजार २३३ नागरिकता अभिलेखहरू प्रणालीमा अद्यावधिक गरिएको,
- लागुऔषध तथा मदिरा नियन्त्रणसम्बन्धी एक दिवसीय गोष्ठी बाँकेको नेपालगञ्जमा सम्पन्न गरिएको,
- १२ वटै OST केन्द्रहरूको अनुगमन गरिएको,
- २ वटा लागुऔषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई मन्त्रालयमा आवद्धता गरिएको,
- औषधी उत्पादनका लागि आवश्यक पर्ने औषधीजन्य विभिन्न कच्चा पदार्थ आयातका लागि २० औषधी उत्पादक कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको,
- उद्योग तथा व्यापारिक फर्मलाई आवश्यक विभिन्न रासायनिक पदार्थ आयातका लागि ३० वटा उद्योग तथा व्यापारिक फर्मलाई अनुमतिपत्र/आयात स्वीकृति प्रदान गरिएको,
- जलविद्युत आयोजना तथा अन्य विकास आयोजनाका लागि आवश्यक पर्ने विष्फोटक पदार्थ आयातको लागि २६ वटा विभिन्न निकायलाई इजाजतपत्र प्रदान गरिएको,
- Nepal Disaster Report, 2023 को मस्यौदालाई अन्तिम रूप दिई प्रकाशनको क्रममा रहेको,
- सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ (प्रथम संशोधन, २०७६) संशोधनको लागि कार्यदल गठन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाइएको।

## ६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- नागरिकता ऐन (संसोधन), २०६३ जारी भई देशभर जन्मका आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई आमाको नागरिकताका आधारमा निजका छोराछोरीलाई र गैरआवासीय नेपालीका नाममा नागरिकता जारी गर्न शुरू गरिएको,
- अनुचित लेनदेन (मिटरब्याजी पीडितहरूको) समस्या न्यूनीकरण गर्नका लागि मौजुदा कानूनमा संशोधन भई मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश मिति २०८०/०१/२० मा नेपाल राजपत्रमा प्रकाशन भएको। गौरीबहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९ गठन भएको र तत्पश्चात् जिल्ला प्रशासन कार्यालयले प्रभावकारी रूपमा कार्य गरी अनुचित लेनदेन (मिटरब्याजी) तर्फ मिति २०८०/०८/०४ सम्ममा मधेशका ८ जिल्लामा २१ हजार ५३५, पश्चिम नवलपरासीमा १ हजार ८६२ र बाँकी अन्य जिल्लामा ४ हजार ६०३ गरी कुल निवेदन २८ हजार परेकोमा मेलमिलाप तथा फछ्र्यौट ५ हजार ३२

रहेको तथा मिति २०८०/०७/१५ गते सम्ममा २१२ बिगाह ४ कठ्ठा १७ धुर (७७४ कित्ता) जग्गा साहुबाट सम्बन्धित जग्गा धनीलाई फिर्ता गरिएको,

- नेपाल प्रहरीबाट नक्कली भुटानी शरणार्थी, सहकारी ठगी, ललिता निवास प्रकरण जस्ता संगठित र वित्तीय अपराधहरूको अनुसन्धान गरी मुद्दा दायर गरी मुद्दा बिचाराधिन अवस्थामा रहेको,
- नेपाल सरकार (मन्त्रिपरिषद्)बाट विभिन्न मितिमा शहीद घोषणा भई नेपाल राजपत्रमा प्रकाशन हुन बाँकी रहेका ८ हजार ४७१ जना शहीदको नामावली नेपाल राजपत्रमा प्रकाशन गरिएको,
- कारागार व्यवस्थापनतर्फ प्रोवेशन र प्यारोल लागू गर्ने सम्बन्धमा मापदण्ड जारी भई प्रोवेशन र प्यारोल अधिकृत तोकी मिति २०८०/०७/०१ गतेबाट सो सम्बन्धमा विवरण संकलनको कार्य भइरहेको,
- बझाङ जिल्लाको तलकोट केन्द्र भई बझाङ जिल्लामा र जाजरकोट जिल्लाको रामीडाँडा केन्द्र भई जाजरकोट र रूकुम पश्चिमसहितका जिल्लामा गएको भूकम्प तथा त्यसपश्चात् गएका पराकम्पहरूका पीडितलाई तत्काल राहत, उद्धार र खोजीकार्य सम्पन्न भई अस्थायी आवास तथा दीर्घकालीन व्यवस्थापनको कार्य प्रारम्भ गरिएको,
- मन्त्रालयमा रहेका विगतमा वितरण भएका सबै अंगीकृत नेपाली नागरिकतासम्बन्धी अभिलेखहरूलाई CIMS मा अभिलेखीकरण गरिएको,
- गाँजाको औषधीय गुणको अध्ययन गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग सम्झौता भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको,
- कोशी प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा अनुचित लेनदेन (मिटरब्याजी) बिरुद्ध उजुरीका सम्बन्धमा स्थलगत अध्ययन गरिएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट लुकाई छिपाई गैरकानूनी रूपमा ल्याएको सुनसम्बन्धी विषयको सुनको अवैध पैठारी (तस्करी) सम्बन्धी छानविन आयोग, २०८० गठन भएको,
- आ.व. २०७९/०८० मा दार्चुलाको टिंकर सहित २३ वटा स्थानमा सीमा सुरक्षा पोष्ट (BOP) स्थापना भई हालसम्म २५२ वटा BOP स्थापना भएको,
- प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन मूल्याङ्कनको लागि CDO Performance Appraisal System (CPAS) को विकास गरी कार्यान्वयनमा रहेको,
- हस्तलिखित नागरिकता वितरण हुँदै आएका थप ४ कार्यालयहरूमा नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) मार्फत नागरिकता जारी, विवरण व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको,

- सशस्त्र द्वन्द्वकालका घाइते/अपाङ्गता भएका व्यक्तिहरूलाई राहत प्रदान गर्ने सम्बन्धमा विशिष्ट श्रेणी २८६ जनालाई मासिक रू.१८ हजारका दरले जम्मा ६ करोड १७ लाख ७६ हजार, प्रथम श्रेणी ४३४ जनालाई मासिक ४ करोड ६८ लाख ७२ हजार र दोस्रो श्रेणी ३५७ जनालाई मासिक रू.४ हजारका दरले जम्मा रू. १ करोड ७१ लाख ३६ हजार रकम वितरणको लागि निकासा भएको,
- पाँचथर, डडेलधुरा, डोटी, इलाम, सुनसरी, सप्तरी लगायत १३ जिल्लाका १४५ स्थानीय तहमा रहेका करीब १० हजार ८३३ वटा सार्वजनिक संरचनाहरूको Rapid Visual Screening Survey सम्पन्न गरी उक्त सर्भेबाट सार्वजनिक भवनको सवलीकरणका लागि लगानी प्राथमिकता सूची तयार गरिएको र Geo-referenced platform मा नक्शाङ्कन भएको,
- बाढी प्रभावित कञ्चनपुर, सप्तरी, वर्दिया, बाँके, कैलाली, रौतहट गरी ६ जिल्लाका १३ वटा पालिकाहरूका विभिन्न जोखिमयुक्त ३४ स्थानहरूमा Automatic Audio Emergency warning and notification System (Siren System) जडान कार्य सम्पन्न भएको,
- विदेशस्थित कूटनितिक नियोगबाट जारी हुने हस्तलिखित भिसालाई प्रतिस्थापन गरी ETA (Electronic Travel Authorization) सञ्चालनमा आएको,
- मानवसेवा आश्रम लगायत अन्य ३ आश्रम र सबै स्थानीय तह समेतलाई उपलब्ध गराइएको निकासासहित रू.१ खर्ब ८ अर्ब ४ करोड १४ लाख ७० हजार ८ सय १० रुपैंया सामाजिक सुरक्षा भत्ता पठाइएको। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको कुल संख्या ३८ लाख १ सय ९ जना रहेको,
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीमा (VERSP-MIS) संग्रहित नागरिकका सूचना तथा तथ्याङ्कको आन्तरिक तथा बाह्य जोखिमबाट सुरक्षा गर्न तथा गोपनीयता कायम गर्न VERSP-MIS प्रयोग गर्दा Virtual Private Network (VPN) अनिवार्य गरिएको। हाल ६ हजार ६४८ वटा वडा कार्यालय र ७५३ स्थानीय तहमा VPN जडान गरी कार्यान्वयन भइरहेको,
- राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन गर्ने कार्य विवरण दर्ता अभियान मार्फत ३० लाख ४८ हजार ५२९, इकाई मार्फत २० लाख ३१ हजार १६७ गरी कुल दर्ता ५० लाख ७९ हजार ६९६ भएको। राष्ट्रिय परिचयपत्रको लागि १ करोड ३१ लाख ५४ हजार ७४२ नागरिकको विवरण संकलन भएको,
- बन्दीहरूको स्वास्थ्य उपचारलाई थप व्यवस्थित गर्न स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत १ हजार ५४९ जना बन्दीको स्वास्थ्य बीमा बोर्डबाट नामनामेसी तयार गरिएको,

- विभिन्न व्यक्तिहरूले कसूरजन्य सम्पत्ति आर्जन गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा गरेको जम्मा मौज्दात रकम २ करोड ४६ लाख १६ हजार ७४५ रुपैयाँ कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | ५२८०२९ | ४६८३८४ | ८८.७ |
| ३१४००१०१३ | राहत तथा पुर्नस्थापना कार्यक्रम | ८६५५ | १४९६ | १७.२८ |
| ३१४००१०२३ | लागुऔषध नियन्त्रण कार्यक्रम | ६५०० | २०९५ | ३२.२३ |
| ३१४००१०३३ | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ४३१८७४ | १९९६६१ | ४६.२३ |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | १९७०५५६ | १७९३८२१ | ९१.०३ |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ११०३९३३८९ | १०८३३१६५७ | ९८.१३ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | २८७८५ | १९४८३ | ६७.६८ |
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | २२७२७२७ | २०५४९५८ | ९०.४२ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ६३८५५ | ६२०२२ | ९७.१३ |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | २४७५५४ | २२८५६१ | ९२.३३ |
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ५३५७७१८ | ५३०४४५४ | ९९.०१ |
| ३१४०४०१२३ | उपत्यका प्रहरी कार्यालय | ७४१४५९० | ७३८५९६८ | ९९.६१ |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ८३१३८० | ८१७२२० | ९८.३ |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ८३६८३६४ | ८३३०९५५ | ९९.५५ |
| ३१४०४०१५३ | नेपाल प्रहरी अस्पताल | ६७४१५७ | ६४७६०० | ९६.०६ |
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | ३४८८४५१६ | ३४७७८५७७ | ९९.७ |
| ३१४०४१०३३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६०० | ९४९८ | ९८.९४ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | १८१८४१० | १८०२३५८ | ९९.१२ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | २०५३६४०५ | २०४०२४१६ | ९९.३५ |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालीम केन्द्रहरू | १५०२८६३ | १४८९०२४ | ९९.०८ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ. अस्पताल | ३३४१७७ | ३३२४७५ | ९९.४९ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०६०११३ | प्रहरी किताबखाना | २५००० | २१२७७ | ८५.११ |
| ३१४०७०११३ | कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग | २५००० | २२४०२ | ८९.६१ |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १४६०० | ९०५१ | ६१.९९ |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १८२३११६ | १७०३२४७ | ९३.४३ |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | २९०७३ | २१८५४ | ७५.१७ |
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ४०६८५२ | ३५२२१९ | ८६.५७ |
| ३१४९३०११३ | जुद्ध वारुणयन्त्र कार्यालय | १६७४३ | १५६०४ | ९३.२ |
| | जम्मा | २०००२४४८८ | १९६६०८३३७ | ९८.२९ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | २८६४४१ | २६८३२५ | ९३.६८ |
| ३१४००१०२४ | लागुऔषध नियन्त्रण कार्यक्रम | १००० | ० | ० |
| ३१४००१०३४ | राष्टिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ११९४९०० | ४९१३४३ | ४१.१२ |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | ३६८८०० | २०३६५८ | ५५.२२ |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | २७४८५२ | २३५७९४ | ८५.७९ |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | १२३५४८ | ७४४९९ | ६०.३ |
| ३१४०३०११४ | अध्यागमन विभाग | १२८१०० | ८९७०९ | ७०.०३ |
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | १०५०० | ४००६ | ३८.१५ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | १७०८१५० | १६३६०१६ | ९५.७८ |
| ३१४०४०१२४ | उपत्यका प्रहरी कार्यालय | ४८३६१३ | ४४००४७ | ९०.९९ |
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | २९०८२५० | ९७२६०१ | ३३.४४ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | ३०६८२८ | २९९४३५ | ९७.५९ |
| ३१४०४०१५४ | नेपाल प्रहरी अस्पताल | २५७७९० | २१९३८३ | ८५.१ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | १११२२५० | १०५३३५४ | ९४.७ |
| ३१४०४१०३४ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७२७०० | ७२२८६ | ९९.४३ |
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | ४३९०४९ | ४३७००२ | ९९.५३ |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ८००७७७ | ७९३६२४ | ९९.११ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०५०१४४ | सशस्त्र प्रहरी बल तालीम केन्द्रहरु | १४२३०७ | १३८९६९ | ९७.६५ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ. अस्पताल | १०७६४१ | १०६७७६ | ९९.२ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | ३७०० | ३३८३ | ९१.४३ |
| ३१४०७०११४ | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | ४९०० | २५९९ | ५३.०४ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | १०० | ८० | ८० |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | ४६९७१५ | ४२८३३८ | ९१.१९ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | ७०० | ४१६ | ५९.४३ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | २१५२४४ | १९७६६६ | ९१.८३ |
| ३१४९३०११४ | जुद्ध वारुणयन्त्र कार्यालय | १०० | ८० | ८० |
| | जम्मा | ११४२१९५५ | ८१६९३८९ | ७१.५२ |

## ८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्म खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | ३९०९०५ | २२७३०० | ५८.१५ |
| ३१४००१०१३ | राहत तथा पुर्नस्थापना कार्यक्रम | ४७५१५ | ४८५ | १.०२ |
| ३१४००१०२३ | लागुऔषध नियन्त्रण कार्यक्रम | ६६०० | ७०७ | १०.७१ |
| ३१४००१०३३ | राष्टिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ११६०५०० | १०६८०२८ | ९२.०३ |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | ८५४४०० | ३०५७०० | ३५.७८ |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | १०९७१०००० | ६६७६६२५९ | ६०.८६ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | ३७४०० | १८५७९ | ४९.६८ |
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | २२३४७५० | १५७०९०४ | ७०.२९ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ७७९८८ | ४५२८० | ५८.०६ |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | २३१६१२ | १६४६२१ | ७१.०८ |
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ४८०८०८६ | ३३६८४३४ | ७०.०६ |
| ३१४०४०१२३ | उपत्यका प्रहरी कार्यालय | ६२०४७०५ | ५३०२००५ | ८५.४५ |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७२४४०० | ५२१९८९ | ७२.०६ |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ७१५८५६० | ५९९४४८५ | ८३.७४ |
| ३१४०४०१५३ | नेपाल प्रहरी अस्पताल | ७०७०९६ | ५३८२२७ | ७६.१२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | २६२३४२५८ | २१५५११२७ | ८२.१५ |
| ३१४०४१०३३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९२०० | ६२६१ | ६८.०५ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | १९९५३०० | ८३८५२२ | ४२.०२ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १८३४७८०० | १५१७५८८८ | ८२.७१ |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालीम केन्द्रहरू | १५८३४०० | ११४१३५१ | ७२.०८ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ. अस्पताल | ३९३४०० | २५८२३५ | ६५.६४ |
| ३१४०६०११३ | प्रहरी किताबखाना | २७८०० | १६४३८ | ५९.१३ |
| ३१४०७०११३ | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | ३१८०० | १६४८७ | ५१.८५ |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १५५०० | ७३३१ | ४७.३ |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १७६११७६ | ११७३२७२ | ६६.६२ |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | ३१७०० | १४४३८ | ४५.५५ |
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ४५११०० | २५६२२८ | ५६.८ |
| ३१४९३०११३ | जुद्ध वारुणयन्त्र कार्यालय | १७७०० | ११३४६ | ६४.१ |
| | **जम्मा** | **१८५२५४६५१** | **१२६३५९९२७** | **६८.२१** |

**पुँजीगत तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | ३६२२०० | १७३६८४ | ४७.९५ |
| ३१४००१०२४ | लागुऔषध नियन्त्रण कार्यक्रम | १००० | ० | ० |
| ३१४००१०३४ | राष्टिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | २७५०० | १११९ | ४.०७ |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | ४६१५०० | २२७६७४ | ४९.३३ |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | ५७०००० | ८३२०६ | १४.६ |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | १८११०० | ८०२५५ | ४४.३२ |
| ३१४०३०११४ | अध्यागमन विभाग | १४९६५० | १८८५६ | १२.६ |
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | ६५५० | ३५०९ | ५३.५७ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | १२२४४०० | ४६७६३९ | ३८.१९ |
| ३१४०४०१२४ | उपत्यका प्रहरी कार्यालय | ४५५१०० | १७११४३ | ३७.६१ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | १८४९५०० | १२०१३७३ | ६४.९६ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | २५८१०० | २१४८२२ | ८३.२३ |
| ३१४०४०१५४ | नेपाल प्रहरी अस्पताल | ३४४१०० | ८१९९४ | २३.८३ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | ९१०९०० | ७४०४७४ | ८१.२९ |
| ३१४०४१०३४ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ६७२०० | ८९६० | १३.३३ |
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | ५७८४०० | ५३२१२ | ९.२ |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ११५३४०० | ४५४४८८ | ३९.४ |
| ३१४०५०१४४ | सशस्त्र प्रहरीबल तालीम केन्द्रहरू | ९६६०० | ४६२८९ | ४७.९२ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ. अस्पताल | १०१५०० | १४५५७ | १४.३४ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | १९०० | ११२३ | ५९.११ |
| ३१४०७०११४ | कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग | ४१०० | ४४४ | १०.८३ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | १०० | ० | ० |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | ३४०६०० | १६३०३८ | ४७.८७ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | ११०० | ७३३ | ६६.६४ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | २०८३०० | ११०८६९ | ५३.२३ |
| ३१४९३०११४ | जुद्ध वारुणयन्त्र कार्यालय | २०० | १८३ | ९१.५ |
| | **जम्मा** | ९३५५००० | ४३१९६४४ | ४६.१७ |

༄༅

# परराष्ट्र मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपालको संविधान र परराष्ट्र नीति, २०७७ ले दिशानिर्देश गरे बमोजिम परराष्ट्र मन्त्रालयले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सबल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण गर्ने दूरदृष्टि सहित स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति सञ्चालन गर्दै आएको छ। यस क्रममा सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित बाह्य सम्बन्ध सुदृढ गर्दै समग्र राष्ट्रिय हितको जगेर्ना, सम्वर्द्धन प्रवर्द्धन गर्ने लक्ष्य सहित द्विपक्षीय, क्षेत्रीय एवं बहुपक्षीय कूटनीति, विधिमा आधारित विश्व व्यवस्था एवं क्षेत्रीय सहयोग प्रवर्द्धन, आर्थिक कूटनीति, प्राकृतिक तथा कानूनी व्यक्तिको हकहितको संरक्षण जस्ता विषयहरूलाई प्राथमिकतामा राखिएको छ। सक्रिय एवं प्रभावकारी कूटनीतिको सञ्चालनद्वारा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्ने, अधिकतम सद्भाव/सहयोग प्राप्त गर्ने, अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि र भूमिकालाई प्रभावकारी बनाउनेतर्फ परराष्ट्र नीति परिलक्षित रही मन्त्रालयले सोही अनुरूपका क्रियाकलापहरूमा जोड दिएको छ।

नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनका लागि केन्द्रीय निकायको रूपमा परराष्ट्र मन्त्रालय र यसको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रही विदेशस्थित ३० (तीस) वटा नेपाली राजदूतावासहरू, ३ (तीन) वटा स्थायी नियोगहरू र ७ (सात) वटा महावाणिज्यदूतावासहरूले नेपालको परराष्ट्र सम्बन्धको कार्यान्वयन गरिरहेका छन्। साथै, विभिन्न मुलुकहरूमा ५५ जना नेपाली अवैतनिक महावाणिज्यदूतहरू रहेका छन्। २०८० चैत मसान्तसम्म विश्वका १८२ मुलुकहरूसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको छ।

### १.२ दीर्घकालीन सोचः

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सबल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण।

### १.३ उद्देश्यः

राष्ट्रिय हित अनुकूल स्वतन्त्र, सन्तुलित र विश्वसनीय परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित द्विपक्षीय सम्बन्ध विस्तार एवं सुदृढ गर्ने, संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय/क्षेत्रीय सङ्गठन तथा मञ्चमा नेपालको पहिचान र प्रतिनिधित्व अभिवृद्धि गरी राष्ट्रिय हितको प्रवर्द्धन गर्ने, आर्थिक कूटनीतिद्वारा मुलुकको सामाजिक, आर्थिक

रुपान्तरणमा योगदान पुऱ्याउने तथा विदेशमा रहेका नेपालीको अधिकार र हितको संरक्षण मार्फत समृद्ध नेपाल निर्माणमा योगदान गर्ने।

### १.४ रणनीतिः

- अन्तर्राष्ट्रिय जगतमा नेपालको राष्ट्रिय हित, राष्ट्रिय छवि, राष्ट्रिय पहिचान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने।
- छिमेकी मुलुकहरूको सम्बन्धलाई संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलका सिद्धान्त तथा असल छिमेकीपनका मान्यताका आधारमा स्वतन्त्र र सन्तुलित ढङ्गबाट सञ्चालन गर्ने,
- उच्चस्तरका भ्रमणहरूको आयोजना गर्ने। विभिन्न संयन्त्रहरूको बैठक आयोजना गरी आपसी सम्बन्धको दायरा र घनिष्ठतामा अभिवृद्धि गर्ने,
- राष्ट्रिय हित अनुकुल हुने गरी सन्धि, सम्झौता र समझदारी सम्पन्न गर्ने र आवश्यकता अनुरुप विद्यमान सन्धि, सम्झौता समझदारी पुनरावलोकन गर्ने,
- संयुक्त राष्ट्रसंघ लगायतका अन्य बहुपक्षीय मञ्चमा साना जोखिममा परेका, अतिकम विकसित र भूपरिवेष्टित राष्ट्र तथा पर्वतीय मुलुकहरूको हक, हित रक्षाको लागि पैरवी एवं सहकार्य गर्दै प्रभावकारी भूमिका निर्वाह गर्ने,
- आर्थिक कूटनीतिलाई समग्र कूटनीतिको एक महत्त्वपूर्ण आयामको रूपमा सञ्चालन गरी नेपालको आर्थिक विकास, व्यापार प्रवर्द्धन, पर्यटन विकास तथा लगानी प्रवर्द्धन गर्ने गरी विदेशस्थित नेपाली नियोग एवं अवैतनिक महावाणिज्यदूतहरूलाई परिचालन गर्ने,
- आप्रवासी कामदारको हक, हित र सुरक्षा सुनिश्चित गर्दै वैदेशिक रोजगारीलाई पारदर्शी, मर्यादित र सुरक्षित बनाउन गन्तव्य मुलुक तथा सम्बद्ध निकायसँग सहकार्य गर्ने,
- परिवर्तित परिवेशअनुरूप राष्ट्रिय हितको सम्वर्द्धनका लागि प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्नसक्ने प्रतिस्पर्धी, व्यवसायिक र सक्षम जनशक्तिको विकास गर्ने।

## २. जनशक्ति विवरणः

| क्र. सं. | संगठनको नाम | स्वीकृत दरबन्दी | पदपूर्ति जम्मा | रिक्त/फाजिल |
|---|---|---|---|---|
| १ | राष्ट्रपतिको कार्यालय | २ | १ | १ |
| २ | प्रधानमन्त्री तथा म.प.को कार्यालय | १ | १ | ० |
| ३ | परराष्ट्र मन्त्रालय | १५० | १४० | १० |
| ४ | राहदानी विभाग | ४९ | ३९ | १० |
| ५ | प्रदेश प्रमुखको कार्यालय | ७ | ० | ७ |
| ६ | कन्सुलर सेवा विभाग | २० | १७ | ३ |
| ७ | सम्पर्क कार्यालय बीरगञ्ज | ३ | १ | २ |
| ८ | विदेशस्थित नेपाली कूटनैतिक नियोगहरू | २०८ | २०३ | ५ |
| | **जम्मा** | **४४०** | **४०२** | **३८** |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४०० | नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई थप सुदृढ तुल्याउन सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित स्वतन्त्र र सन्तुलित अन्तराष्ट्रिय सम्बन्ध सञ्चालन गरिनेछ। | • नेपालको संविधानले निर्दिष्ट एवं निर्देशित गरेका राष्ट्रिय हितका विषयहरू र अन्तर्राष्ट्रिय सम्बन्धका सिद्धान्तहरूको अनुकूल हुने गरी अन्तर्राष्ट्रिय मञ्चहरूमा आफ्नो मत/अभिमत प्रकट गरेको।<br>• उच्चस्तरमा भएका भ्रमण, भौतिक तथा भर्चुअल बैठकहरू, भेटवार्तामार्फत नेपालको राष्ट्रिय हित प्रवर्द्धन भएको।<br>• विभिन्न मुलुकहरूसँगका ८ वटा द्विपक्षीय परामर्श संयन्त्रका बैठकहरूमा राष्ट्रिय हित लगायत परराष्ट्र नीतिले मार्गदर्शन गरेका विषयमा छलफल भएको। |
| ४०१ | अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं उपक्षेत्रीय संगठनहरूसँग साझेदारी र सहकार्य प्रभावकारी बनाइनेछ । अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्न तथा समसामयिक विषयमा नीति निर्माण गर्न सघाउ पुऱ्याउने उद्देश्यले सगरमाथा सम्वाद र प्रोफेसर यदुनाथ खनाल प्रवचन श्रृङ्खला आयोजना गरिनेछ। | • अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं उपक्षेत्रीय संगठनहरूसँग साझेदारी र सहकार्य प्रभावकारी बनाउन संयुक्त राष्ट्रसंघ, सार्क, बिमस्टेक लगायतका अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं उपक्षेत्रीय संगठनहरूमा सहभागिता एवं बैठकहरूमा नेपालका एजेण्डा प्रस्तुत गरिएको।<br>• प्रोफेसर यदुनाथ खनाल प्रवचन श्रृङ्खला जेठ महिनामा सम्पन्न गर्ने गरी तयारी गरिएको।<br>• सगरमाथा सम्वादको कार्यक्रमलाई तयारी अगाडि बढाइएको |
| ४०२ | वैदेशिक लगानी, व्यापार सहजीकरण पर्यटन प्रवर्द्धन तथा वैदेशिक सहायता परिचालन, प्रविधि हस्तान्तरण जस्ता क्षेत्रमा आर्थिक कूटनीतिक परिचालन गरिनेछ। विदेशस्थित कूटनीतिक नियोगको संख्या पुनरावलोकन गरिनेछ। | • विदेशस्थित नेपाली नियोगहरूसँगको समन्वयमा विदेशमा मृत्यु भएका नेपालीको शव झिकाउन, क्षतिपूर्ति रकम लिने, अप्ठ्यारोमा परेका नेपालीलाई उद्धार तथा कानूनी परामर्श प्रदान गर्ने गरिएको।<br>• आर्थिक कूटनीतिलाई नेपालको परराष्ट्र नीति कार्यान्वयनको एक महत्त्वपूर्ण अवयवका रुपमा लिई विदेशस्थित नेपाली नियोगहरूमा आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राखी कार्य सञ्चालन गर्ने व्यवस्था मिलाइएको।<br>• नियोगहरूबाट पर्यटन प्रवर्द्धन, निर्यात तथा लगानी प्रवर्द्धन, श्रमिक सचेतना र साँस्कृतिक |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | कार्यक्रमसहितको राष्ट्रिय दिवस जस्ता कार्यक्रमहरू सम्पन्न गरिएको।<br>• चैत मसान्तसम्म विदेशस्थित नेपाली नियोगहरूद्वारा ४० वटा राष्ट्रिय दिवस, ४७ वटा पर्यटन प्रवर्द्धन, १९ वटा वैदेशिक लगानी, २५ वटा वैदेशिक व्यापार, ३५ वटा विप्रेषण सचेतना, ९७ वटा श्रमिक सचेतना तथा अन्य ५७ वटा गरी जम्मा ३२० वटा आर्थिक कूटनीति सम्बन्धी कार्यक्रम सम्पन्न भएका।<br>• भदौ, मंसिर, पुस र चैतमा गरी ४ पटक विभिन्न निकायहरूको सहभागितामा पर्यटन, निर्यात व्यापार तथा लगानीसम्बन्धी विदेशस्थित ४० वटै नेपाली नियोगहरूसँग भौतिक तथा भर्चुअल रूपमा छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको। तेस्रो लगानी सम्मेलन २०२४ को प्रभावकारिताको लागि नियोगहरूसँग भर्चुअल कार्यक्रममा विशेष जोड दिइएको।<br>• पोर्चुगलमा नेपाली राजदूतावास स्थापनाको काम अगाडि बढेको। |

**४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरुः**

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | विदेशस्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९ | नयाँ जारी गरिएको |

**५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः**

कूटनीतिक सम्बन्धको विस्तार र सुदृढीकरणको लागि उच्चस्तरीय भेटघाट, भ्रमण तथा द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय बैठकहरूमा सार्थक सहभागिता जनाउने कामलाई प्राथमिकतामा राखिएको।

**द्विपक्षीय भ्रमणको आदान प्रदानः**

- उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवले १६-२० अगष्ट २०२३ मा चीनको भ्रमण गर्नु भएको।

- प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डले २३-३० सेप्टेम्बर २०२३ सम्म चीनको औपचारिक भ्रमण गर्नु भएको। सो भ्रमणमा चीनियाँ राष्ट्रपति सी चिनफिङ, चीनियाँ समकक्षी लि छियाङसँग भेटवार्ता गर्नु भएको। भ्रमणका क्रममा नेपाल चीनबीच विभिन्न समझदारीपत्र तथा सम्झौताहरूमा हस्ताक्षर भएको।
- उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठले २५-३१ मार्च २०२४ मा चीनको भ्रमण गर्नु भएको। भ्रमणको क्रममा उच्च तहका चिनियाँ पदाधिकारीसँग द्विपक्षीय बैठक तथा भेटघाट भएको।
- परराष्ट्रमन्त्री श्री एन.पि. साउदले ३१ अक्टोबर देखि ५ नोभेम्बर २०२३ सम्म सँयुक्त राज्य अमेरिकाको भ्रमण गर्नु भएको। भ्रमणका क्रममा अमेरिकाका विदेशमन्त्री Antony Blinken लगायत अन्य अमेरिकी उच्च अधिकारीहरूसँग भेटवार्ता गर्नु भएको।
- परराष्ट्रमन्त्री श्री एन.पि. साउदले १०-११ डिसेम्बर २०२३ मा कतारमा आयोजित २१ औं दोहा फोरममा भाग लिने सिलसिलामा त्यहाँका प्रधानमन्त्री र परराष्ट्रमन्त्रीसँग भेटवार्ता गर्नु भएको।
- परराष्ट्रमन्त्री श्री एन.पि. साउदले ८-१२ फेब्रुअरी २०२४ मा अष्ट्रेलियाको र १३-१४ फेब्रुअरीमा न्यूजिल्याण्डको भ्रमण गर्नु भई ती मुलुकका समकक्षीसँग भेटवार्ता गर्नु भएको।
- नेपाल-श्रीलंका संयुक्त आयोगको पहिलो बैठकको सिलसिलामा श्रीलंकाका विदेशमन्त्री अली साब्रीले २०-२३ डिसेम्बर २०२३ सम्म नेपालको भ्रमण गर्नु भएको।
- नेपाल-भारत संयुक्त आयोगको सातौं बैठकको सिलिसलामा भारतका विदेशमन्त्री डा. एस जयशंकरले ४-५ जनवरी २०२४ सम्म नेपालको भ्रमण गर्नु भएको।
- दक्षिण कोरियाका कृषि, खाद्य तथा ग्रामीण मामिला मन्त्री Chung Hwang Keun ले १-३ नोभेम्बर २०२३ मा नेपालको भ्रमण गर्नु भएको।
- माल्दिभ्सका परराष्ट्र राज्यमन्त्री Ahmed Khalil ले २९ अक्टोबर २०२३ मा नेपालको भ्रमण गर्नु भएको।
- कतारका परराष्ट्र राज्यमन्त्री Soltan bin Saad Al-Muraikhi ले २३-२४ नोभेम्बर २०२३ सम्म नेपालको भ्रमण गर्नु भएको।
- जापानको संसदीय समूहले २१-२५ अगस्ट २०२३ मा, स्विडेनको संसदीय समूहले २८-३० अगस्ट २०२३ मा, अमेरिकन सिनेटर Chris van Hollen ले १-३ सेप्टेम्बर २०२३ मा, मंगोलियाको संसदीय प्रतिनिधिमण्डलले १७-२० डिसेम्बर २०२३ मा, आयरल्याण्डको संसदीय प्रतिनिधिमण्डलले ८-१२ जनवरी २०२४ मा नेपालको भ्रमण गर्नु भएको।
- छिमेकी मित्रराष्ट्र चीनबाट देहायअनुरूपका प्रतिनिधिमण्डलले नेपालको भ्रमण गर्नु भएको:

- o Mr. Yuan Jiajun, Member of the Political Bureau of the Central Committee of the CPC of the People's Republic of China, and Secretary of Chongqing Municipal Committee को नेतृत्वको प्रतिनिधिमण्डल २३-२५ जुलाई, २०२३।
- o Mr. Wang Junzheng, Party Secretary of Xizang Autonomous Region of the People's Republic of China ले ०८-११ नोभेम्बर २०२३।
- o Ms. Wu Zhongqiong, Vice Secretrary of the Standing Party Committee of Jiangxi Province को नेतृत्वको प्रतिनिधिमण्डल १९-२२ नोभेम्बर २०२३।
- o Mr. Shi Yugang, Deputy Secretary of the Standing Committee of CPC Yunan Province को नेतृत्वको प्रतिनिधिमण्डल ४-६ जनवरी २०२४।

**द्विपक्षीय सम्बन्धमा अन्य सहकार्यः**

- इन्डोनेशियाको परराष्ट्र मन्त्रालय र परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (Institute of Foreign Affairs) सँगको सहकार्यमा Dialogue for Democracy in Inclusive Society विषयक एक दिने कार्यक्रम काठमाडौंमा २० मार्च २०२४ मा सम्पन्न भएको।
- सन् १९२३ को नेपाल-बेलायत शान्ति तथा मैत्री सन्धिको शतवार्षिकीको अवसरमा २६ नोभेम्बर २०२३ मा काठमाडौंको हनुमानढोकामा र २१ डिसेम्बर २०२३ मा सिंहदरबारमा संस्मरणात्मक कार्यक्रमहरू आयोजना गरिएको।
- नेपाल र भारतबीचका विभिन्न द्विपक्षीय संयन्त्रका ६ वटा बैठकहरू सम्पन्न भएका।

**द्विपक्षीय परामर्श संयन्त्रका वैठकहरूः**

चालु आ.व.को चैत मसान्तसम्म देहायबमोजिमका विभिन्न ८ मुलुकहरूसँग द्विपक्षीय परामर्श संयन्त्रका बैठकहरू सम्पन्न भएका छन्:

- नेपाल-फिलिपिन्स द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठक ६ डिसेम्बर २०२३ मा फिलिपिन्सको मनिलामा सम्पन्न भएको,
- नेपाल-श्रीलंका परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको पहिलो बैठक २१ डिसेम्बर २०२३ मा काठमाडौंमा सम्पन्न भएको,
- नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको सातौं बैठक ४ जनवरी २०२४ मा काठमाडौंमा सम्पन्न भएको,
- नेपाल-न्यूजिल्याण्ड द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठक मिति १४ मार्च २०२४ मा न्यूजिल्याण्डको वेलिङ्गटनमा सम्पन्न भएको,
- नेपाल-युरोपेली संघ संयुक्त आयोगको १५औं बैठक १९ मार्च २०२४ मा काठमाडौंमा सम्पन्न भएको,
- नेपाल-जर्मनी द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक २० मार्च २०२४ मा काठमाडौंमा सम्पन्न भएको,

- नेपाल-फ्रान्स द्विपक्षीय परामर्श संयन्त्रको चौथो बैठक २९ मार्च २०२४ मा पेरिसमा सम्पन्न भएको,
- नेपाल-स्वीटजरल्याण्ड द्विपक्षीय परामर्श संयन्त्रको चौथो बैठक २ अप्रिल २०२४ मा स्विटजरल्याण्डको बर्नमा सम्पन्न भएको।

**कूटनीतिक सम्बन्धको स्थापनाः**

- २०८० फागुन १८ गते अफ्रिकी मुलुक टोङ्गासँग दौत्य सम्बन्ध स्थापना भएको। यससँगै नेपालसँग कूटनीतिक सम्बन्ध कायम भएका मुलुकको संख्या १८२ पुगेको।

**बहुपक्षीय तथा क्षेत्रीय कूटनीतिः**

- प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डले अमेरिकाको न्यूयोर्कमा आयोजना भएको संयुक्त राष्ट्रसंघको ७८ औं महासभामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै १७-२१ सेप्टेम्बर २०२३ सम्म सहभागिता जनाउनु भएको। यसअघि महासभाको दौरानमा परराष्ट्रमन्त्री श्री एन.पि. साउदले Group of 77 and China Summit र UN Peacebuilding Commission Meeting मा सहभागिता जनाउनु भएको,
- प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २४-२६ जुलाई २०२३ मा इटलीको राजधानी रोममा आयोजना भएको UN Food Systems Summit +2 Stocktaking Moment (UNFSS+२) मा सहभागिता जनाउनु भएको,
- नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजित United Nations Framework Convention on Climate Change को 28th Conference of the Parties (COP 28) को World Climate Action Summit मा २०८० मंसिर १३ देखि १७ सम्म सहभागी हुनु भएको। भ्रमणको अवसरमा उहाँले नेपाल उद्योग वाणिज्य महासंघ तथा दुबई च्याम्बर्सले संयुक्त रुपमा दुबईमा आयोजना गरेको Nepal-Dubai Business Forum लाई सम्बोधन गर्नु भएको,
- थाईल्याण्डको राजधानी बैंककमा १७ जुलाई २०२३ मा बिमस्टेक परराष्ट्रमन्त्रीहरूको रिट्रिटमा परराष्ट्रमन्त्री श्री एन पि साउद सहभागी हुनु भएको,
- २० सेप्टेम्बर २०२३ मा न्युयोर्कमा आयोजित Asian Cooperation Dialogue (ACD) को मन्त्रीस्तरीय बैठकमा परराष्ट्रमन्त्री श्री एन पि साउद सहभागी हुनुभएको,
- १२ डिसेम्बर २०२३ मा जेनेभामा आयोजना भएको "Human Rights ७५" High-Level Event मा परराष्ट्रमन्त्री श्री एन.पि. साउदले सहभागी हुनुभएको। २०२३ को डिसेम्बरसम्म नेपाल मानव अधिकार परिषद्को कार्यकारी सदस्य रहेको हुँदा परिषद्का नियमित तथा विशेष बैठक/सेसनमा सक्रिय सहभागिता जनाइएको,

- परराष्ट्रमन्त्री श्री एन.पि. साउदले १४-१५ डिसेम्वर २०२३ सम्म आर्मेनियाको राजधानी Yerevan मा आयोजित भूपरिवेष्ठित विकासोन्मुख मुलुकहरूको मन्त्रीस्तरीय सम्मेलनमा सहभागी हुनु भएको,
- सेप्टेम्बर १५-१६, २०२३ मा क्युवाको राजधानी हवानामा आयोजना भएको G-77 and China को शिखर सम्मेलनमा नेपालका तर्फबाट कृषि तथा पशुपन्छी विकास मन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सहभागी भएको,
- संयुक्त राष्ट्र संघका महासचिव श्री Antonio Guterres ले अक्टोवर २९ देखि नोभेम्बर ०१, २०२३ सम्म नेपालको औपचारिक भ्रमण गर्नु भएको। भ्रमणका बेला उहाँले जलवायु परिवर्तनको नकारात्मक असरबाट प्रभावित पर्वतीय मुलुकको स्थलगत अवलोकन गर्ने क्रममा सगरमाथा एवं अन्नपूर्ण क्षेत्रको अवलोकन गर्नुका साथै स्थानीय समुदायसँग पनि प्रत्यक्ष कुराकानी गर्नु भएको। नेपाल भ्रमणको क्रममा उहाँले लुम्बिनीको भ्रमण गरी विश्व शान्तिको लागि आफ्नो सन्देश प्रवाह गर्नु भएको,
- Asian Cooperation Dialogue (ACD) का महासचिव Dr. Pornchai Danivathana ले ३१ जुलाईदेखि २ अगष्ट २०२३ सम्म नेपालको भ्रमण गर्नु भएको,
- नेपालले जनवरी २०२४ देखि संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद्को सदस्यकोरूपमा तीनवर्षे कार्यकाल सुरु गरेको र यसका नियमित बैठक तथा गतिविधिहरूमा सक्रियतापूर्वक सहभागिता जनाउँदै आएको,
- २८-३० अगष्ट २०२३ मा UN Office for Disarmament Affairs सँगको सहकार्यमा काठमाडौंमा क्षेत्रीय कार्यशाला आयोजना गरिएको,
- BIMSTEC Expert Group on Tourism को दोस्रो बैठक १८ जनवरी २०२४ मा काठमाडौंमा आयोजना गरिएको,
- ६-७ मार्च २०२४ मा काठमाडौंमा SAARC को कार्यसमितिको बैठक सम्पन्न भएको,
- South Asian University (SAU) को एघारौं सञ्चालक समितिको बैठक १८-१९ डिसेम्बर २०२३ मा काठमाडौंमा सम्पन्न भएको,
- SAARC Tuberculosis and HIV AIDS Centre (STAC) को ३१ औं Governing Board बैठक भर्चुअल माध्यमद्वारा २२-२३ जनवरी २०२४ मा काठमाडौंमा आयोजना गरिएको,
- नेपाल सदस्य रहेको क्षेत्रीय संगठन South Asian Association for Regional Cooperation (SAARC) अन्तर्गत देहायका बैठकमा सहभागिता जनाइएको:
    - श्रीलंकाको कोलम्बोमा १४-१५ नोभेम्बर २०२३ सम्पन्न SAARC Agriculture Centre (SAC) को बैठक,
    - श्रीलंकाको कोलम्बोमा २८-२९ नोभेम्बर २०२३ मा सम्पन्न SAARC Cultural Centre (SCC) को तेह्रौं सञ्चालक समितिको बैठक,

- o भुटानको थिम्पुमा ०४-०५ डिसेम्बर २०२३ मा सम्पन्न SAARC Arbitration Council (SARCO) को बाह्रौं सञ्चालक समितिको बैठक,
- o श्रीलंकाको कोलम्बोमा ०७-०८ डिसेम्बर २०२३ मा सम्पन्न SAARC Energy Centre (SEC) को सोह्रौं सञ्चालक समितिको बैठक,
- o पाकिस्तानको इस्लामाबादमा १४-१५ नोभेम्बर २०२३ मा सम्पन्न SAARC Council of Experts of Energy Regulators (Electricity) को पाँचौ बैठक।

- नेपाल सदस्य रहेको क्षेत्रीय संगठन Bay of Bengal Initiative for Multi Sectoral Technical and Economic Cooperation (BIMSTEC) अन्तर्गत देहायका बैठकमा सहभागिता जनाइएको:
  - o बङ्गलादेशको ढाकामा २५ जनवरी २०२४ मा सम्पन्न Eminent Person's Group (EPG) on the Future Direction of BIMSTEC को पहिलो बैठक,
  - o भारतको नयाँ दिल्लीमा ५-१० फेब्रुअरी २०२४ मा सम्पन्न BIMSTEC Aquatics Championship 2024,
  - o १७ देखि २२ जनवरी २०२४ सम्म Asia Cooperation Dialogue (ACD) को Working Group Online Consultation बैठकहरू सम्पन्न भएको।

**आर्थिक कूटनीतिः**

- भदौ, मंसिर, पुस र चैतमा गरी ४ पटक विभिन्न निकायहरूको सहभागितामा पर्यटन, निर्यात व्यापार तथा लगानी सम्बन्धी विदेशस्थित सबै नेपाली नियोगहरूसँग भौतिक तथा भर्चुअल रूपमा छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको। तेस्रो लगानी सम्मेलन २०२४ को प्रभावकारिताको लागि भर्चुअल कार्यक्रममा विशेष जोड दिइएको।
- आर्थिक कूटनीतिका कार्यक्रमहरू अन्तर्गत नियोगहरूद्वारा हस्तकला लगायत निर्यात तथा लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, श्रमिक सचेतना र साँस्कृतिक कार्यक्रमसहितको राष्ट्रिय दिवस जस्ता कार्यक्रमहरू आयोजना भइरहेका,
- चालु आ.व.को चैत मसान्तसम्म विदेशस्थित नेपाली नियोगहरूद्वारा ४० वटा राष्ट्रिय दिवस, ४७ वटा पर्यटन प्रवर्द्धन, १९ वटा वैदेशिक लगानी, २५ वटा वैदेशिक व्यापार, ३५ वटा विप्रेषण सचेतना, ९७ वटा श्रमिक सचेतना तथा अन्य २८ वटा गरी जम्मा ३२० वटा आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका,
- परराष्ट्र मन्त्रालय र काठमाडौंस्थित विभिन्न मित्रराष्ट्रहरूको अवैतनिक वाणिज्यदूतहरूको समूह Honorary Consular Corps Nepal (HCCN) को सहकार्यमा लुम्बिनीमा मिति २०८० चैत ८ देखि १० (तदनुसार २१-२३ मार्च २०२४) मा Global Peace for Prosperity विषयमा Lumbini Conclave आयोजना भएको।

**द्विपक्षीय समझदारी/सम्झौताहरू लगायतः**

- प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'को जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा देहायका समझदारीपत्रहरू हस्ताक्षर भई आदानप्रदान भएको:
    - हिल्सा-सिमिकोट सडक परियोजना र नेपाल-चीन पावर ग्रीड इन्टरकनेक्सन परियोजनासम्बन्धी समझदारी पत्र,
    - शिक्षा, विज्ञान तथा नवीनताका क्षेत्रमा सहकार्यसम्बन्धी समझदारी पत्र,
    - नेपालको राष्ट्रिय योजना आयोग र जनवादी गणतन्त्र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच सहकार्यसम्बन्धी समझदारी पत्र,
    - कृषि, पशुपन्छी तथा मत्स्यपालनका क्षेत्रमा सहकार्यसम्बन्धी समझदारी पत्र,
    - शास्त्रीय महत्त्वका पुस्तकहरूको अनुवाद र प्रकाशनसम्बन्धी समझदारी पत्र,
    - हरित तथा न्यून कार्बन विकासका क्षेत्रमा सहकार्यसम्बन्धी समझदारी पत्र,
    - डिजिटल अर्थतन्त्रका क्षेत्रमा सहकार्य गर्ने सम्बन्धी समझदारी पत्र,
    - नेपाल चीन ब्यापार तथा भुक्तानीसम्बन्धी सहमतिको समीक्षा तथा परिवर्तनका लागि संयुक्त कार्यदल गठनसम्बन्धी समझदारी पत्र,
    - वनस्पतिमा आधारित औषधीजन्य सामग्री नेपालबाट चीनमा निर्यात गर्ने सम्बन्धमा बिरुवा स्वस्थता (फाइटोसेनेटरी) शर्तसम्बन्धी प्रावधान समेटिएको प्रोटोकल।
- नेपाल र गणतन्त्र कोरिया सरकारबीच कृषि क्षेत्रमा सहकार्य गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको,
- नेपाल र अष्ट्रेलियाबीच Trade and Investment Framework Arrangement (TIFA) मा हस्ताक्षर भएको,
- नेपाल-श्रीलंकाबीच विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको।
- नेपालले Agreement under the United Nations Convention on the Law of the Sea on the Conservation and Sustainable Use of Marine Biological Diversity of Areas beyond National Jurisdiction (BBNJ) मा हस्ताक्षर गरेको,
- संघीय संसद्बाट बिमस्टेक बडापत्रको अनुमोदन भई बिमस्टेक सचिवालयमा दाखिला गरिएको।

**शिष्टाचारसम्बन्धीः**

- आ.व. २०८०/०८१ मा चैत मसान्तसम्मको अवधिमा राष्ट्रपति श्री रामचन्द्र पौडेलसमक्ष नेपालका लागि विभिन्न मित्रराष्ट्रका राजदूतहरू (आवासीय/गैरआवासीय) संयुक्त अधिराज्य, भियतनाम कतार, पेरु, क्याम्बोडिया स्वीट्जरल्याण्ड, युरोपियन युनियन, स्वीडेन, हंगेरी,

चेक रिपब्लिक, श्रीलंका, बेल्जियम, पनामा, थाईल्याण्ड, पोर्चुगल, भेनेजुयला, मंगोलियाले आ-आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्नु भएको,

- **नेपाल सरकारको तर्फबाट Agreement प्रदानः** नेपालका लागि राजदूत (गैरआवासीय समेत) नियुक्त गर्न घाना, इस्टोनिया, श्रीलंका, भेनेजुयला, माल्दिभ्स, बोस्निया एण्ड हर्जेगोभिना, किर्गिज गणतन्त्र, आयरल्याण्ड, अल्जेरिया, ग्वाटेमाला, युगाण्डा, साइप्रस, अजरबैजान, बुल्गेरिया, माली, प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया, मौरिसस, जाम्बिया र लाओसबाट सहमति माग भई आएकोमा सम्बन्धित मुलुकको प्रस्ताव उपर प्रक्रिया पूरा गरी नेपाल सरकारको तर्फबाट सहमति प्रदान गरिएको,
- **विभिन्न मित्रराष्ट्रका लागि नेपाली राजदूतमा नियुक्तिसम्बन्धी कार्यः** नेपाल सरकारबाट संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, न्युयोर्कका लागि नेपालको राजदूत/स्थायी प्रतिनिधि, स्वीट्जरल्याण्ड र सयुंक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, जेनेभाका लागि नेपालको राजदूत/स्थायी प्रतिनिधि, फ्रान्स, संयुक्त अरब इमिरेट्स, कुवेत, थाईल्याण्ड र क्यानडाको लागि नेपालको राजदूत नियुक्ति उपर प्रक्रियागत कामकारवाही पूरा गरी सम्बन्धित मुलुकको सरकारकोतर्फबाट सहमति प्राप्त गर्न आवश्यक कार्य गरिएको,
- नेपाल सरकारबाट कोष्टारिकाको सानहोजे, साईप्रसको निकोसिया, अष्ट्रेलियाको साउथ अष्ट्रेलिया, जर्मनीको Bavaria and Saxonia (Munich), जर्मनीको Koln, फिलिपिन्सको मनिला, आइसल्याण्डको Reykjavik, लेबनानको वेरुत, पाकिस्तानको कराँची, संयुक्त राज्य अमेरिकाको सान डियागोमा कार्यरत अवैतनिक नेपाली महावाणिज्यदूत/वाणिज्यदूतको पदावधि थप र संयुक्त राज्य अमेरिकाको ओहायो राज्य कार्यक्षेत्र रहने गरी नयाँ अवैतनिक नेपाली वाणिज्यदूतको नियुक्तिसम्बन्धी आवश्यक कार्य गरिएको,
- नेपाल सरकारको सहमतिमा काठमाडौं शहर कन्सुलर क्षेत्र हुने गरी रुवाण्डा, कोष्टारिका, आइसल्याण्ड र किर्गिज गणतन्त्रको अवैतनिक वाणिज्यदूत नियुक्तिसम्बन्धी कार्य गरिएको।

**राहदानी तथा कन्सुलर सेवा प्रवाहसम्बन्धी प्रमुख क्रियाकलापहरूः**

- चालु आ.व. को चैत मसान्तसम्ममा कुल ११ लाख ६ हजार ९५२ थान विद्युतीय राहदानी जारी भएको,
- सिंगापुर तथा न्यूजिल्याण्डमा राहदानी घुम्ती सेवा सञ्चालन गरी त्यहाँ बसोबास गर्ने १ हजार ४८९ आवेदकलाई राहदानी जारी गरिएको। रोमानिया, ग्रीस र जापानमा घुम्ती सेवा सञ्चालन गर्ने तयारी गरिएको,
- राहदानी सेवा प्रवाहलाई थप सहज, सरल र सेवाग्राहीमैत्री बनाउनका लागि गण्डकी प्रदेशमा रहेका जिल्ला प्रशासन कार्यालयहरू, इलाका प्रशासन कार्यालयहरू, स्थानीय तहका प्रतिनिधि तथा सेवाग्राहीहरू समेतको सहभागितामा कास्की जिल्लाको पोखरामा

"राहदानीको आगामी कार्यदिशा" विषयक एक दिने प्रदेशस्तरीय अन्तर्क्रियात्मक कार्यशाला सम्पन्न गरिएको,

- सेवाग्राहीको बढ्दो चापलाई दृष्टिगत गरी छिटोछरितो एवं सहज ढङ्गले राहदानी उपलब्ध गराउन विभागको सर्भर क्षमतामा वृद्धि गरिएको, प्राविधिक समस्यालाई तत्काल समाधान गर्ने व्यवस्था मिलाइएको र सेवा ग्राहीको सङ्ख्या बढे सँगै कार्यालय समयका अतिरिक्त समय तथा सार्वजनिक बिदाका दिनमा समेत सेवा प्रवाह गरी हाल २ घण्टाभित्र राहदानी आवेदन दर्ता गराउने व्यवस्था गरिएको। सेवाग्राहीको चापलाई पूर्वानुमान गरी आवश्यक तयारी गर्ने गरिएको कारण विभागमा सेवाग्राहीले चाहेको मिति र समयमा आवेदन दिन सक्ने व्यवस्था मिलाइएको,
- सेवाग्राहीलाई सहज सूचना प्रवाह गर्ने उद्देश्यले विभागमा कल सेन्टरको स्थापना गरी सेवाग्राहीलाई चाहिने सूचना Virtual Receptionist(VR) द्वारा स्वचालित प्रवाह हुन सक्ने व्यवस्था मिलाइएको र त्यसरी उपलब्ध गराइने सूचना अपर्याप्त भएमा सहयोगीमा कल ट्रान्सफर गरी आवश्यक सबै जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइएको। यसका अतिरिक्त ईमेल, WhatsApp, Viber तथा च्याटको समेत माध्यमबाट सेवाग्राहीको गुनासो तथा जिज्ञासाहरूको तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाइएको,
- प्रमाणीकरण भएका सम्पूर्ण कागजातहरू सम्बन्धित निकाय वा व्यक्तिले कन्सुलर प्रमाणीकरण नम्बर र मितिका आधारमा विभागको वेबसाइटमा हेर्न मिल्ने व्यवस्था मिलाइएको,
- कन्सुलर सेवा सम्बन्धमा सूचना तथा जानकारीका लागि टोल फ्री टेलिफोन नं. ११५२ सञ्चालनमा ल्याइएको,
- विदेशस्थित नेपाली नियोगहरूसँगको समन्वयमा विदेशमा मृत्यु भएका नेपालीहरूको शव झिकाउने, क्षतिपूर्ति रकम लिने, अप्ठ्यारोमा परेका नेपालीहरूलाई उद्धार तथा कानूनी परामर्श प्रदान गर्ने गरिएको। चालु आ.व.को चैत मसान्तसम्म ३ हजार ३८६ जना विदेशमा समस्यामा परेका नेपालीहरूको उद्धारमा सहजीकरण, ७ हजार ९५० जना विदेशमा समस्यामा परेका नेपालीलाई कानूनी सहायता एवं परामर्श प्रदान र ५ हजार ९७७ जना विदेशमा समस्यामा परेका नेपालीलाई स्वदेश फिर्तिमा सहजीकरण गरिएको,
- विदेशस्थित कूटनैतिक नियोगहरूबाट प्रदान गरिने कन्सुलर सेवालाई समेत Consular Service System मा आवद्ध गर्ने र सञ्चालन सहजताका लागि अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- आ.व. २०८०/८१ फागुन मसान्तसम्ममा विदेशमा मृत्यु भएका १५२ वटा शव नेपाल झिकाउने तथा विदेशमा दाहसंस्कारको लागि समन्वय गरिएको। त्यसैगरी ५९३ जना नेपालीको खोज, तलास तथा उद्धार गरिएको,

- चालु आ.व.को फागुन मसान्तसम्म ३४४ जनाको क्षतिपूर्ति स्वरुप कुल रु.३५,५१,६७,६६१ रकम प्राप्त भई सम्बन्धित आफन्तलाई जिल्ला प्रशासन कार्यालयहरू मार्फत पठाइएको,
- आ.व.को फागुन मसान्तसम्म ४ लाख २९ हजार ७४५ विभिन्न प्रकारका कागजात प्रमाणिकरण गरिएको,
- कन्सुलर सेवालाई चरणवद्ध रुपमा अनलाईन प्रणालीमा लगिएको। शिक्षा मन्त्रालयलाई शैक्षिक प्रमाणपत्रहरू अनलाईन प्रणालीमा लैजान तयारी भइरहेको। स्थानीय तहबाट जारी हुने कागजातहरू अनलाईन प्रणालीमा लैजान राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग समझदारी पत्रमा हस्ताक्षर भएको,
- कन्सुलर प्रमाणीकरण गरिएका कागजातहरू मध्ये प्रहरी प्रतिवेदन विभागको वेबसाईटमा पूर्ण कागजात नै हेर्न मिल्ने व्यवस्था गरिएको,
- कन्सुलर सेवा प्रवाहसम्बन्धी जानकारी सबै सेवाग्राहीहरूमा सहज र सरल रुपमा गराउन कन्सुलर सेवा हाते पुस्तिका तयार गरी जारी गरिएको, विभागको वेबसाईटमा राखिएको साथै स्थानीय तहहरूमा वितरण गरिएको। विदेशस्थित नेपाली नियोगहरूबाट प्रदान गरिने कन्सुलर सेवामा एकरुपता ल्याउन, जानकारी गराउन नियोग कन्सुलर सेवा हातेपुस्तिका प्रकाशनको तयारीको क्रममा रहेको,
- कन्सुलर सेवा विभागले भदौ २५, २०७८ देखि स्थानीय तहसँग सहकार्यको शुरुवात गरी हाल ४१ जिल्लाका ४१ जिल्ला प्रशासन कार्यालयहरू र (जनसंख्या र कन्सुलर समस्याका आधारमा छनौट गरिएका) ११५ स्थानीय निकायहरूमा कन्सुलर अनलाईन प्रणालीमा Login प्रदान गर्ने गरी सहकार्यको सुरुआत गरिएको,
- स्थानीय तहबाट नै कन्सुलर सेवा प्रवाहमा सहजीकरण गर्न हुलाक सेवा विभागले द्रुत डाँक सेवाबाट कन्सुलर कागजात ल्याउन लैजान समझदारी पत्रमा हस्ताक्षर गरिएको। सोही अनुसार सेवा सञ्चालन गर्न हुलाक सेवालाई विभागमा स्थान समेत प्रदान गरिएको,
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँगको समझदारीको प्राविधिक तयारी पूरा भई सम्झौता भएको।

**अन्य महत्त्वपूर्ण कामहरूः**

- नेपालबाट हराएका श्रीधर विष्णुको प्रस्तर मूर्ति (Stone) र साधुमाथि उभिएको देवताको आकृति कुँदिएको टुँडाल (Wood) न्यूयोर्कस्थित Metropolitan Museum of Art को सहयोगमा मिति २० मंसिर २०८० (तदनुसार ६ डिसेम्बर २०२३) मा नेपाल फिर्ता भएको। नेपालबाट चोरी भई विभिन्न बाटोबाट विदेश पुगेका नेपाली पुरातात्विक महत्त्वको कलाकृति नेपाल फिर्ता भएको। नेपालको साँस्कृतिक सम्पदा संरक्षणमा मद्दत पुगेको,

- अक्टोबर ७, २०२३ मा दक्षिण इजरायलको किवुज अलुमिममा प्यालेस्टाइनको हमास समूहको आक्रमणमा परी निधन भएका नेपालीहरूको शव नेपाल ल्याउन तथा नेपाल फर्कन इच्छुक इजरायलस्थित नेपालीहरूको उद्धारका लागि समन्वय गरिएको,
- रुस-युक्रेन युद्धमा अलपत्र परेका नेपालीहरूको उद्धारका लागि विभिन्न तहमा छलफल, वार्ता र समन्वय भइरहेको। यस क्रममा रुसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकको शव यथाशीघ्र नेपाल पठाउन, घाइते लगायतका पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन, नेपालीहरूलाई रुसी सेनामा भर्ती नगराउन र भर्ना गरिएका नेपालीहरूको विवरण उपलब्ध गराउन तथा त्यस्ता नेपालीहरूलाई तत्काल नेपाल फर्काउन काठमाडौं स्थित रुसी राजदूत तथा मस्कोस्थित नेपाली राजदूतावास मार्फत रुस सरकारलाई अनुरोध तथा पहल गरिएको,
- वार्षिक कार्यक्रम अन्तर्गत नेपालको परराष्ट्र नीति तथा कूटनीतिको पछिल्लो अवस्थासम्बन्धी अन्तर्क्रिया मिति २०८० चैत ३ गते काठमाडौंमा सम्पन्न भएको।

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः**

**द्विपक्षीय परामर्श संयन्त्रका बैठकहरू तथा कूटनीतिक सम्बन्धको स्थापनाः**

यस अवधिमा देहायबमोजिमका विभिन्न १० मुलुकसँग विभिन्न बैठक सम्पन्न भएका छन्ः

- नेपाल र मोरक्कोको परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्रको प्रथम बैठक मोरक्कोको रबातमा २०-२१ जुलाई २०२२ मा सम्पन्न,
- नेपाल र अष्ट्रेलियाबीचको द्विपक्षीय परामर्श संयन्त्रको दोश्रो बैठक ३० अगष्ट २०२२ मा सम्पन्न,
- नेपाल-क्यानाडा द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक २०७९ असोज ३ गते क्यानेडाको ओटावामा सम्पन्न,
- नेपाल-फ्रान्स द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक १७ जनवरी २०२३ मा काठमाडौंमा सम्पन्न,
- नेपाल-युरोपेली संघ संयुक्त आयोगको १४ औं बैठक बेल्जियमको ब्रसेल्समा १ फेब्रुअरी २०२३ मा सम्पन्न,
- नेपाल-बेल्जियम द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठक २ फेब्रुअरी २०२३ मा बेल्जियमको ब्रसेल्समा सम्पन्न,
- नेपाल-चीन द्विपक्षीय कूटनीति संयन्त्रको १५ औं बैठक ७ अप्रिल २०२३ मा बेइजिङ्गमा सम्पन्न,
- नेपाल-गणतन्त्र कोरिया द्विपक्षीय परामर्श संयन्त्रको छैठौं बैठक १४ अप्रिल २०२३ मा सिउल, दक्षिण कोरियामा सम्पन्न,

- नेपाल-जापान द्विपक्षीय कूटनीतिक संयन्त्रको चौथो बैठक १८ अप्रिल २०२३ मा टोकियो, जापानमा सम्पन्न,
- नेपाल-बेलायत द्विपक्षीय कूटनीतिक संयन्त्रको छैठौ बैठक २६ अप्रिल २०२३ मा लण्डन, बेलायत सम्पन्न ।

**कूटनीतिक सम्बन्धको स्थापनाः**

यस आ.व.मा मलावी, नाउरु, क्यामरुन र मार्शल आइल्याण्ड गरी ४ मुलुकसँग नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेको। यससँगै संयुक्त राष्ट्र संघका १९३ सदस्य मुलुकहरू मध्ये जम्मा १८१ मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको।

**द्विपक्षीय समझदारी /सम्झौताहरूः**

- गणतन्त्र इटालीसँग द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने MOU मा हस्ताक्षर सम्पन्न भएको,
- EPS प्रणाली अन्तर्गत कोरिया सरकारले लैजाने नेपाली कामदारहरूको सम्बन्धमा भएको Memorandum of Understanding (MOU) को नवीकरण भएको,
- नेपाल र इटालीबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी समझदारी पत्रमा मिति १० अक्टोबर २०२२ मा हस्ताक्षर भएको,
- नेपाल सरकारको परराष्ट्र मन्त्रालय र काठमाडौं स्थित जर्मन राजदूतावासबीच GOETHE-ZENTRUM KATHMANDU सञ्चालन सम्बन्धमा संशोधित समझदारीपत्रमा १० फेब्रुअरी २०२३ मा हस्ताक्षर भएको,
- नेपाल सरकार र बेलायत सरकारकाबीच बेलायतको स्वास्थ्य सेवामा नेपालबाट स्वास्थ्य जनशक्ति भर्ना गर्ने बारेको समझदारीपत्रमा २२ अगस्ट २०२२ मा हस्ताक्षर भएको,
- नेपाल र बहराईनबीच द्विपक्षीय परामर्श संयन्त्रमा हस्ताक्षर गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/१०/१६ को बैठकबाट पारित भएको,
- नेपाल र गणतन्त्र कजाखस्थानबीच कूटनीतिक/सरकारी/सर्भिस राहदानी बाहकलाई प्रवेशाज्ञा उन्मुक्ति दिने सम्बन्धी सम्झौता हस्ताक्षर गर्ने प्रयोजनका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको।

**द्विपक्षीय भ्रमणको आदान प्रदानः**

- राष्ट्रपति श्री विद्यादेवी भण्डारीले ८-१० नोभेम्वर २०२२ सम्म Iceland मा सम्पन्न Reykjavik Global Forum-Women Leaders मा सहभागी हुनुभएको। उक्त कार्यक्रममा राष्ट्रपतिलाई WPL Trailblazer Award प्रदान गरिएको,

- मित्रराष्ट्र भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ले मिति २०८०/०२/१७ देखि २०८०/०२/२० सम्म भारतको औपचारिक भ्रमण गर्नु भएको। भ्रमणका अवसरमा प्रधानमन्त्रीले भारतका राष्ट्रपति तथा उपराष्ट्रपतिसँग शिष्टाचार भेटघाट गर्नु भएको। साथै, भारतका प्रधानमन्त्रीसँग प्रतिनिधिमण्डलस्तरीय बैठक गर्नु भएको। उक्त अवसरमा विभिन्न ७ वटा सम्झौता र समझदारीपत्रमा हस्ताक्षर भएको तथा ५ वटा विभिन्न परियोजनाको उद्घाटन र शिलान्यास सम्पन्न भएको। त्यस्तै, नेपाल-भारत सम्बन्धका राजनीतिक, आर्थिक, व्यापारिक, साँस्कृतिक लगायतका विविध पक्षहरूमा छलफल भएको,
- सभामुख श्री अग्निप्रसाद सापकोटाको निमन्त्रणामा जनवादी गणतन्त्र चीनका National People's Congress का Standing Committee का अध्यक्ष H.E. Mr. Li Zhanshu ले १२-१५ सेप्टेम्बर २०२२ मा नेपाल भ्रमण गर्नु भएको। उक्त अवसरमा दुई देशका संसदबीच आपसी सहकार्य र सहयोग र समन्वय गर्ने सम्बन्धमा MOU मा हस्ताक्षर समेत सम्पन्न भएको।
- ६ मे २०२३ मा सम्पन्न बेलायती राजा चार्ल्स तृतीयको राज्याभिषेकमा परराष्ट्रमन्त्री श्री एन.पि. साउद सहभागी हुनुभएको। वेस्टमिनिस्टर आबीमा राज्याभिषेक समारोह र बकिङघम दरबारमा भएको स्वागत समारोहका अवसरमा परराष्ट्रमन्त्रीले राजा चार्ल्स तृतीय, राजपरिवारका अन्य सदस्यहरू, बेलायती प्रधानमन्त्री, विदेश सचिव तथा ब्रिटिस क्याविनेटका मन्त्रीहरूसँग भेटघाट तथा नेपाल-बेलायत सम्बन्धका विविध पक्षहरूमा छलफल गर्नु भएको। दक्षिण एसियाली मित्रराष्ट्र श्रीलंकाका परराष्ट्र मन्त्रीको निमन्त्रणामा श्रीलंकाको ७५औं स्वतन्त्रता दिवसको अवसरमा आयोजित कार्यक्रममा परराष्ट्र मन्त्री डा. विमला राई पौड्यालले २०७९/१०/२० देखि २१ सम्म विशेष अतिथिका रूपमा सहभागिता जनाउनु भएको,
- बंगलादेशको ढाकामा १३ मे २०२३ (२०८०।०१।३०) मा सम्पन्न 6th Indian Ocean Conference मा परराष्ट्रमन्त्री एन.पि. साउद सहभागी हुनुभएको। सम्मेलनमा सहभागी हुने क्रममा परराष्ट्रमन्त्री साउदले जापानका Parliamentary Vice Minister H.E. Takagi Kei, सिंगापुरका Minister in the Prime Minister's Office and Second Minister for Foreign Affairs and Second Minister for Education H.E. Dr. Mohamed Maliki bin Osman तथा संयुक्त राज्य अमेरिकाका Deputy Assistant Secretary Ms. Afreen Akhter लगायतसँग भेटघाट विभिन्न विषयमा छलफल गर्नु भएको,
- परराष्ट्र मन्त्री डा. नारायण खड्का बेलायती महारानी Her Majesty Queen Elizabeth II को निधनमा १७-२१ सेप्टेम्वर २०२२ मा लण्डनमा आयोजना भएको State Funeral मा सहभागी हुनु भएको,

- जनवादी गणतन्त्र चीनका स्टेट काउन्सेलर तथा विदेशमन्त्री वाङ्ग यीको मैत्रीपूर्ण निमन्त्रणामा परराष्ट्र मन्त्री डा. नारायण खड्काले ९-११ अगष्ट २०२२ सम्म छिमेकी मित्रराष्ट्र चीनको भ्रमण गर्नु भएको,
- भारतका विदेश सचिव श्री विनय मोहन क्वात्राको निमन्त्रणामा परराष्ट्र सचिव श्री भरतराज पौड्यालले १३-१४ सेप्टेम्वर २०२२ मा भारत भ्रमण गर्नु भएको। त्यसैगरी, परराष्ट्र सचिव श्री भरतराज पौड्यालको मैत्रीपूर्ण निमन्त्रणामा भारतका परराष्ट्र सचिव श्री विनय मोहन क्वात्राले १३-१४ फ्रेबुअरी २०२३ सम्म नेपालको दुई दिने भ्रमण गर्नु भएको,
- UK Minister for Defense People, Veterans and Service Families H.E. Dr. Andrew Morrison MP ले २०७९/१०/२६ मा नेपाल भ्रमण गर्नु भएको। नेपाल र बेलायतले यस वर्षलाई Nepal-UK Friendship Treaty सम्पन्न भएको १०० वर्ष र सगरमाथा शिखरको प्रथम आरोहणको ७० वर्षको रूपमा मनाइरहेका,
- UK Minister of State in the Foreign Commonwealth and Development Office Ms. Anne-Marie Trevelyan ले २०७९/११/२६ मा नेपालको भ्रमण गर्नु भएको। Ms. Anne-Marie को प्रधानमन्त्रीसँगको भेटघाटका अवसरमा द्विपक्षीय सम्बन्धका विविध विषयमा छलफल भएको,
- US Under Secretary of State for Political Affairs Ms. Victoria Nuland ले २०७९ माघ २९-३० सम्म नेपालको भ्रमण गर्नु भएको। Ms. Victoria Nuland को प्रधानमन्त्री र परराष्ट्रमन्त्रीसँगको भेटघाटका अवसरमा नेपाल-अमेरिका द्विपक्षीय सम्बन्धका व्यापार, लगानी प्रवर्द्धन लगायतका विविध विषयमा छलफल भएको,
- European Commissioner for International Partnerships H.E Ms. Jutta Urpilainen ले २०७९।१०।२५ मा नेपाल भ्रमण गरी युरोपियन युनियनको सहयोगमा कार्यान्वयन भइरहेका कार्यक्रमहरूको अवलोकन र उच्चस्तरीय भेटघाट गर्नु भएको,
- नेपाल र छिमेकी मित्रराष्ट्र बंगलादेशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको अवसरमा अन्तरसंवाद, गोष्ठी  र साँस्कृतिक कार्यक्रमहरू आयोजना गरी मनाइएको,
- मित्रराष्ट्र पाकिस्तानमा आएको बाढी पहिरोको आपतकालीन मानवीय संकटको समयमा नेपाल सरकारले विमान चार्टर गरी १३ सेप्टेम्वर २०२२ मा राहत सामग्री उपलब्ध गराएको। त्यसैगरी, मित्रराष्ट्र टर्कीमा गएको विनासकारी भूकम्पमा सहयोग स्वरूप नेपालले २०७९/१०/२३ मा औषधि स्वास्थ्य उपकरण, न्यानो कपडा, बेबी फुड लगायतका २२ टन राहत सामग्री पठाइएको,
- USAID का Administrator H.E. Samantha Power ले २०७९/१०/२४ मा नेपाल भ्रमण गरी USAID को सहयोगमा सञ्चालित विकास कार्यक्रम र आयोजनाको अवलोकन एवं उच्चस्तरीय भेटघाट गर्नु भएको।

**क्षेत्रीय तथा बहुपक्षीय कूटनीतिः**

- १३ सेप्टेम्बर २०२२ देखि शुरू भएको संयुक्त राष्ट्रसंघको ७७ औं महासभामा परराष्ट्र सचिव श्री भरतराज पौड्यालको नेतृत्वको प्रतिनिधिमण्डलले सहभागिता जनाएको। साथै, सोही अवसरमा आयोजना भएका अन्य उच्चस्तरीय बैठक र द्विपक्षीय भेटघाटका कार्यक्रमहरूमा सहभागी हुनुभएको,
- संयुक्त राष्ट्रसंघको ७७ औं महासभाको लागि नेपाल Vice-President पदमा निर्वाचित भएको,
- नेपालले अतिकम विकसित मुलुकहरूको Global Bureau of the Least Developed Countries को अध्यक्षता ०६ अप्रिल २०२३ मा ग्रहण गरेको,
- सन् २०२३ जनवरी १ देखि दुई वर्ष अवधिका लागि Peacebuilding Commission मा निर्वाचित भएको,
- नेपाल संयुक्त राष्ट्रसंघको ६ मुख्य परिषद् मध्येको एक "आर्थिक तथा सामाजिक परिषद्"(ECOSOC)मा सन् २०२४ देखि २०२६ सम्मका लागि सदस्यमा निर्वाचित भएको। ८ जुन २०२३ मा राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा भएको मतदानमा नेपाल १४५ मतसहित एसिया प्रशान्त क्षेत्रका देशहरूको समूहमा सर्वाधिक मतका साथ विजयी भएको,
- AML-CFT को Pre-onsite visit र onsite visit for Nepal's 3rd Mutual Evaluation सहभागिता र प्रतिवेदनको तयारीमा सक्रिय भूमिका निर्वाह गरेको,
- विश्व स्वास्थ्य संगठनको दक्षिण पूर्व एशियाको क्षेत्रीय निर्देशक पदमा डा. शम्भु प्रसाद आचार्यको उम्मेद्वारीमा  समर्थन जुटाउन निरन्तर कूटनीतिक पहल गरिएको,
- ५१ औ, ५२औं तथा ५३ औं मानव अधिकार परिषद् बैठकमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको,
- इजिप्टको शार्म-अल-शेखमा ०६-१८ नोभेम्बर २०२२ सम्म सम्पन्न भएको 27th Session of the Conference of the Parties to the United Nations Framework Convention on Climate Change (UNFCCC COP २७) मा नेपालको सक्रिय सहभागिता रहेको,
- गत ८ डिसेम्बर २०२२ मा बाली, इण्डोनेशियामा आयोजना भएको Bali Democracy Forum को १५औं बैठकमा नेपालको सहभागिता भएको,
- अतिकम विकसित मुलुकहरूको ५ औं सम्मेलन ५-९ मार्च २०२३ मा कतारको दोहामा सम्पन्न भएको। उक्त संयुक्त राष्ट्र संघीय सम्मेलनमा नेपालको तर्फबाट उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री श्री नारायणकाजी श्रेष्ठले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नु भएको,

- बहराइनको मनामामा ११-१५ मार्च २०२३ मा सम्पन्न भएको 146th Inter-Parliamentary Union (IPU) Assembly मा प्रतिनिधि सभाका सभामुखज्यूको नेतृत्वमा संसदीय प्रतिनिधिमण्डलको सहभागिता रहेको र उक्त सभामा सहभागीताको लागि आवश्यक समन्वय तथा सहयोग उपलब्ध गराइएको,
- विमस्टेकको ०८ मार्च २०२३ मा २३ औं Senior Officials बैठक तथा ०९ मार्च २०२३ मा १९ औं मन्त्रीस्तरीय बैठक भर्चुअल रूपमा सम्पन्न भएका। उक्त दुबै बैठकमा नेपालको प्रतिनिधित्व परराष्ट्र सचिव श्री भरतराज पौड्यालले गर्नु भएको,
- विमस्टेक स्थापनाको २५औं वार्षिकोत्सवका अवसरमा १४ फ्रेबुअरी २०२३ मा भुटानको राजधानी थिम्पुमा "BIMSTEC Quiz Competition" सम्पन्न भएको। उक्त मैत्रीपूर्ण प्रतियोगितामा श्रीलंका प्रथम, नेपाल द्वितीय तथा भारत तृतीय स्थान प्राप्त गर्न सफल भएका,
- परराष्ट्र मन्त्री एन.पि. साउद असंलग्न राष्ट्रहरूको Ministerial Meeting of the Coordinating Bureau of the Non-Aligned Movement (CoB NAM) को ३-६ जुलाई २०२३ मा बाकु, अजरबैजानमा सम्पन्न बैठकमा सहभागी हुनुभएको,
- श्रीलंकाको कोलम्बोमा मिति २०७८ चैत १४-१६ (तदनुसार २८-३० मार्च २०२२) मा आयोजना भएको बिमस्टेक (BIMSTEC) सदस्य राष्ट्रहरूको पाँचौ शिखर सम्मेलन र सम्बन्धित बैठकहरूमा प्रधानमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डल सहभागी भएको,
- प्रधानमन्त्री शेरबहादुर देउवाबाट संयुक्त राष्ट्रसंघको ७६औं महासभाका अवसरमा आयोजित UN Food Systems Summit लाई सम्बोधन,
- परराष्ट्रमन्त्री डा. नारायण खड्काको नेतृत्वको प्रतिनिधिमण्डलबाट संयुक्त राष्ट्रसंघको ७६औं महासभामा सहभागिता एवं परराष्ट्र मन्त्रीबाट सम्बोधन,
- परराष्ट्र मन्त्रीबाट Antalya Diplomacy Forum र 14th Bali Democracy Forum लगायत विभिन्न उच्चस्तरीय बैठकहरूमा भौतिक तथा भर्च्युअल माध्यमबाट सहभागी,
- Seventy-fourth Session of the WHO Regional Committee for South-East Asia काठमाडौंमा सम्पन्न भएको,
- विश्व स्वास्थ्य संगठनका महानिर्देशक ले २१-२३ अप्रिल २०२२ मा नेपाल भ्रमण गर्नु भएको,
- मानवअधिकार परिषद्को ४८ औं, ४९औं र ५०औं सत्रमा संयुक्त सक्रियपूर्वक सहभागिता जनाई मानवअधिकार प्रवर्द्धन र संरक्षणमा नेपालको प्रतिवद्धता जनाइएको।

**आर्थिक कूटनीति कार्यक्रम सञ्चालनः**

- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले Confederation of Nepalese Industries (CNI) र China Council for the Promotion of International Trade (CCPIT) को संयुक्त

आयोजनामा २०७९/११/३० मा काठमाडौंमा आयोजित Nepal-China Business Forum लाई सम्बोधन गर्नु भएको,

- सरकारी र निजी क्षेत्रको समन्वयात्मक तथा क्रियाशील भूमिकाका आधारमा मुलुकभित्र आर्थिक कूटनीतिको कार्यक्रम सञ्चालन गर्नुका साथै विदेशस्थित नेपाली नियोगहरूलाई पनि सोही अनुरुप परिचालन गरिएको। नियोगहरूले निर्यात व्यापार, लगानी, पर्यटन प्रवर्द्धन एवं श्रमिक सचेतना अन्तर्गत औपचारिक माध्यमबाट रेमिटेन्स पठाउने तथा नेपाल सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई लक्षित गरी ल्याइएका स्कीम तथा सुविधा/सहुलियतका विषयमा जानकारीमूलक कार्यक्रम आयोजना गर्दै आएको,
- २०७९/०९/१३ देखि नेपाल सरकार र जनवादी गणतन्त्र चीनबीचको रसुवा-केरुङ्ग नाका द्विपक्षीय व्यापारका लागि खुला गरिएको। हिल्सा-पुराङ्ग नाका पनि एकातर्फी व्यापारका लागि खुला भएको। यसले नेपाल-चीन बीचको द्विपक्षीय व्यापार अभिवृद्धिमा सहयोग पुग्ने विश्वास गरिएको,
- २०७९/१२/१५ मा नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतबीचको कोभिड संयन्त्रको बैठक ल्हासामा सम्पन्न भएको। बैठकको निर्णयअनुसार २०७९/१२/१८ देखी चीनसँगको हिल्सा-पुराङ्ग र रसुवा-केरुङ्ग नाकाबाट यात्रुहरूको आगमन खुलेको,
- २०७९ भदौ २०-२१ गते पर्यटन प्रवर्द्धन सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, अध्यागमन विभाग र पर्यटन व्यवसायमा संलग्न निजी क्षेत्र/संस्थाका प्रतिनिधिको सहभागितामा विदेशस्थित ४० वटै नेपाली नियोगहरूसँग भौतिक तथा भर्चुअल रूपमा छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको,
- आर्थिक कूटनीतिका कार्यक्रमहरू अन्तर्गत नियोगहरूद्वारा हस्तकला लगायत निर्यात तथा लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, श्रमिक सचेतना र साँस्कृतिक कार्यक्रमसहितको राष्ट्रिय दिवस गरी ३२३ वटा कार्यक्रमहरू सम्पन्न गरेका,
- नेपालमा आयोजना भएको अन्तर्राष्ट्रिय Foot Wear मेला तथा विदेशमा आयोजना भएका व्यापार, लगानी तथा पर्यटनसम्बन्धी मेलामा सरोकारवाला निकायहरूको सहभागिताका लागि समन्वय गरिएको,
- यस अवधिमा बर्लिन, पेरिस र लण्डनस्थित नेपाली राजदूतावासहरूद्वारा गत आ.व. २०७८/७९ मा सञ्चालित आर्थिक कूटनीति कार्यक्रमहरूको अनुगमन कार्य सम्पन्न भएको,
- चालु आ.व.को फागुन मसान्तसम्म विदेशस्थित नेपाली नियोगहरूद्वारा २९ वटा राष्ट्रिय दिवस, ५४ वटा पर्यटन प्रवर्द्धन, ४१ वटा वैदेशिक लगानी, २६ वटा वैदेशिक व्यापार, २३ वटा विप्रेषण सचेतना, १३४ वटा श्रमिक सचेतना तथा अन्य १६ वटा गरी जम्मा ३२३ वटा आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएको।

**पुरातात्विक महत्त्वका मूर्ति एवं कलाकृतिहरू स्वदेश फर्काउने सम्बन्धमाः**

- नेपालबाट सन् १९८०-९० को दशकमा हराएको हनुमानढोकाको पूर्वपट्टी कुमारी बहाःमा रहेको सोह्रौं शताब्दीको काठको तोरण र सन् १९८० को दशकमा हराएको घुँडा टेकेर नमस्कार मुद्रामा रहेको १८औं शताब्दीको ढुंगाको मुर्तिहरू लन्डनस्थित नेपाली राजदूतावास मार्फत नेपाल फिर्ता ल्याइएको,
- नेपालबाट हराएका २ कलाकृतिहरू (हिमालयमा साधुहरूसँगको शिवको प्रस्तर मुर्ति र देवीको आकृति कुँदिएको काठको शालवृक्ष/सालभञ्जिका Metropolitan Museum of Art द्वारा नेपाललाई फिर्ता ल्याइएको,
- नेपालबाट विभिन्न मिति र कालखण्डमा चोरी भई विदेशमा पुगेका पुरातात्विक महत्त्वका मूर्ति एवं कलाकृतिहरूलाई कूटनीतिक पहल मार्फत स्वदेश ल्याउन निरन्तर पहल जारी राखिएको।

**सम्पादन भएका अन्य कामकारवाहीः**

- परराष्ट्र मन्त्रालयले शुरू गरेको प्रो. यदुनाथ खनाल प्रवचन श्रृखला अन्तर्गतको दोस्रो संस्करण २०८० जेठ २४ गते सम्पन्न भएको। उक्त कार्यक्रमको प्रमुख प्रवचनकर्ता मधुरमण आचार्य रहनु भएको,
- परराष्ट्र नीति तथा कूटनीतिको पछिल्लो अवस्था सम्बन्ध अन्तर्क्रिया मिति २०७९/१०/१४ मा सम्पन्न भएको,
- नेपाली राजदूतावास रियाद  र इस्लामावादको भवन निर्माणसम्बन्धी ड्रइङ्ग डिजाइनको तयारीका लागि मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग र उक्त नियोगहरूबीच छलफल भएको। नेपाली राजदूतावास अष्ट्रेलियाको भवन ड्रइङ्ग डिजाइन सम्पन्न भएको।

**राहदानी तथा कन्सुलर सेवाः**

- २०७८ मंसिर १ गतेदेखि अनलाइन प्रणालीमा आधारित विद्युतीय राहदानी वितरण शुरू गरिएको। सेवा सहज, सरल र व्यवस्थित गर्न माग र आपूर्तिको सन्तुलन पूर्वाधार र जनशक्तिको कमीका बावजूत पनि प्रभावकारी सेवा उपलब्ध गराइएको। २०७८ मंसिरदेखि २०८० असार मसान्तसम्ममा १९ लाख ४२ हजार ८३९ थान विद्युतीय राहदानी जारी भएको। आ.व. २०७९/८० (२०७९ श्रावण देखि २०८० असार मसान्तसम्म) मा कुल १४ लाख ६४ हजार ८४४ थान विद्युतीय राहदानी वितरण भएको,
- उपत्यका आसपासका जिल्ला र हवाई सेवा भएका जिल्लाहरूमा दुई हप्ताभित्र राहदानी प्राप्त हुने व्यवस्था मिलाइएको,
- राहदानी ढुवानीका लागि हुलाक सेवा विभागसँग सम्झौता भएको,

- विद्युतीय राहदानीसम्बन्धी जानकारीमूलक पुस्तिका प्रकाशन तथा वितरण गरिएको। जिल्ला तथा इलाका प्रशासन कार्यालयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- पोर्चुगलमा नेपाली राजदूतावास नभएकोले तहाँ रहेका नेपालीलाई राहदानी विभाग र नेपाली राजदूतावास पेरिससहितको एक टोली खटाई सेवा उपलब्ध गराइएको,
- विदेशस्थित नियोगहरूको सहप्रमाणित मुलुकहरूमा रहेका नेपालीहरूलाई सेवा प्रवाह गराउन घुम्ती सेवा तथा सूचना प्रविधिको अधिकतम प्रयोग गरिएको,
- वि.सं. २०७८ भदौ १३ गते देखि प्रहरी चारित्रिक प्रमाणपत्रको कन्सुलर प्रमाणीकरण गर्ने सिलसिलामा आवेदन गर्ने तथा राजस्व बुझाउने कार्यलाई पूर्णतः अनलाइन बनाइएको तथा सो लगायत अन्य कागजातहरूको प्रमाणीकरणलाई पनि क्रमशः अनलाइन प्रणालीमा लैजान गृहकार्य भइरहेको,
- प्रमाणीकरण भएका सम्पूर्ण कागजातहरू सम्बन्धित निकाय वा व्यक्तिले कन्सुलर प्रमाणीकरण नम्बर र मितिका आधारमा विभागको वेबसाइटमा हेर्न मिल्ने व्यवस्था मिलाइएको,
- ४१ जिल्लाका जिल्ला प्रशासन कार्यालय तथा ११५ स्थानीय निकायहरूमा कन्सुलर अनलाईन प्रणालीमा Login प्रदान गर्ने गरी सहकार्य गरिएको। यसबाट कन्सुलर सम्बन्धी समस्याहरू स्थानीय रुपमै निवदेन दिई त्यसको अद्यावधिक जानकारी स्थानीयस्तरमै पाउन सकिने व्यवस्था प्रभावकारी बनाउँदै आ.व. २०८०/८१ मा थप २० जिल्लामा सहकार्य स्थापना गर्ने कार्य योजना तयार भइरहेको,
- कन्सुलर सेवा सम्बन्धमा सूचना र जानकारीका लागि टोल फ्री नं. ११५२ सञ्चालनमा ल्याइएको,
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, नेपाल प्रहरी, अध्यागमन विभाग लगायतका निकायहरूसँग अन्तरसरकारी आवद्धता (API) गरिएको,
- विदेशस्थित नेपाली नियोगहरूसँगको समन्वयमा विदेशमा मृत्यु भएका नेपालीहरूको शव झिकाउने, क्षतिपूर्ति रकम लिने, अप्ठ्यारोमा परेका नेपालीलाई उद्धार तथा कानूनी परामर्श प्रदान गर्ने गरिएको,
- विदेशस्थित कूटनैतिक नियोगहरूबाट प्रदान गरिने कन्सुलर सेवालाई समेत Consular Service System मा आवद्व गर्ने र सञ्चालन सहजताका लागि अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- आ.व. २०७९/८० मा विदेशमा मृत्यु भएका १३२ वटा शव नेपाल झिकाउने तथा विदेशमा दाहसंस्कारको लागि समन्वय गरिएको।त्यसैगरी ३३२ जना नेपालीको खोज, तलाश तथा उद्धार गरिएको,

- वि.सं. २०७९ असोजदेखि गैरआवासीय नेपालीहरूलाई हस्तलिखित परिचयपत्रको सट्टा पोलिमर कार्ड दिन शुरू गरिएको। चालु आ.व. मा १ हजार ४६६ डिजिटल परिचयपत्र वितरण गरिएको।

## ७. आर्थिक वर्ष २०७९/०८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालुतर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ३७८८२८ | २९५००२ | ७८ |
| ३२६०००१२३ | विदेशस्थित नेपाली नियोगहरू | ३८९१२७६ | ३४९३४५३ | ९० |
| ३२६०००१३३ | सीमा नापी टोली | २९००० | ५२३८ | १८ |
| ३२६०१०११३ | राहदानी विभाग | १७७५६२१ | १७६६४८८ | ९९ |
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | ३९१८२ | ३०६४७ | ७८ |
| | **जम्मा** | **६११३९०७** | **५५९०८२८** | **९१** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | १४०५१५ | ३५३२ | ३ |
| ३२६०००१२४ | विदेशस्थित नेपाली नियोगहरू | २८८७०० | ७०५१७ | २४ |
| ३२६०००१३४ | सीमा नापी टोली | १७००० | ५३४ | ३१ |
| ३२६०१०११४ | राहदानी विभाग | ५८०० | ४१७१ | ७२ |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | ७५०० | २५८६ | ३५ |
| | **जम्मा** | **४५९५१५** | **८१३४०** | **१८** |

## ८. आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेट र २०८० चैतसम्मको खर्चको विवरणः

चालुतर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ३५१२०० | ६१ | ६०.७१ |
| ३२६०००१२३ | विदेशस्थित नेपाली नियोगहरू | ४०१८८०० | ८४ | ८३.५६ |
| ३२६०००१३३ | सीमा नापी टोली | ११८०० | १२ | ११.७२ |
| ३२६०१०११३ | राहदानी विभाग | ११७३२६१ | ९१ | ९०.८७ |
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | ३३५०० | ५३ | ५२.८८ |
| | **जम्मा** | **६६८९९६१** | **५६५७३८५** | **८४.५७** |

पुँजीगत तर्फ (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | १११५०० | ४९४९६ | ४४.३९ |
| ३२६०००१२४ | विदेशस्थित नेपाली नियोगहरू | २८६९०० | ११००११ | ३८.३४ |
| ३२६०००१३४ | सीमा नापी टोली | १३००० | १०१ | ०.७८ |
| ३२६०१०११४ | राहदानी विभाग | ५८०० | १४६२ | २५.२० |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | ६२०० | ६४६ | १०.४३ |
| | **जम्मा** | **४२३४००** | **१६१७१६** | **३८.१९** |

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

**भूमि व्यवस्था**

नेपालको संविधानमा व्यवस्था भएको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, महिलाको हक र भूमिहिन दलितको हक कार्यान्वयन गर्न तथा सन् २०३० सम्ममा हासिल गरी सक्नुपर्ने दिगो बिकासका लक्ष्य प्राप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमि स्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक  रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न, भूमि वर्गीकरण गरी भू-उपयोग योजना तयार गर्न, आधुनिक प्रविधिको प्रयोग मार्फत नापनक्सामा शुद्धता कायम गर्दै परम्परागत जग्गा प्रशासनको शैलीलाई समय सापेक्ष सुधार गरी भूमि व्यवस्थालाई सुरक्षित, पारदर्शी,  विश्वसनीय बनाउन र सम्पूर्ण भूमिलाई कित्ता नापी प्रणालीमा आवद्ध गर्दै भू-सूचना प्रणालीद्वारा अनलाइन सेवा प्रवाह तथा डिजिटल अभिलेख तयार गर्न आवश्यक नीति, कानून, पूर्वाधार तयारी तथा श्रोत साधन परिचालन अपरिहार्य देखिन्छ।

यसै सन्दर्भमा हालसम्म देशभरमा करीब ७ हजार नियन्त्रण विन्दुको राष्ट्रिय सञ्जाल स्थापना, देशको सम्पूर्ण भूभाग समेट्ने गरी ७०६ स्थलरूप नक्सा, ७ वटै प्रदेश, ७७ जिल्ला र सबै स्थानीय तहको प्रशासनिक नक्सा तयार भएको छ। कुल आवादी क्षेत्रको करिब ७५ प्रतिशत कित्तानापी नक्सा, सोको डिजिटल अभिलेख, जग्गा दर्ता तथा जग्गाधनी पूर्जा वितरण भइसकेको छ। नक्सामा आधारित जग्गा प्रशासन प्रणाली लागु भई सवै मालपोत कार्यालयहरूमा अनलाइन सेवा सञ्चालन गरिएको छ जसमा ९८ वटा कार्यालयमा सेवाग्राहीले नजिकको भू-सेवा केन्द्रबाट जग्गा सम्बन्धी कारोबार गर्न सक्ने किसिमको प्रविधिको विकास गरिएको।त्यसैगरी ५८ वटा नापी कार्यालयहरूमा अनलाइन सेवा लागू गरिएको छ। भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली,२०७९ लागू भई भूमिको वर्गीकरण गर्ने कार्य अन्तर्गत भू-उपयोग नक्सा र डाटा स्थानीय तहमा हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको छ।

**सहकारी**

सार्वजनिक र निजी क्षेत्रका साथै सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति राज्यले लिएको छ।सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्दछ। हाल देशमा ३१ हजार ४ सय ५० विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्था तथा जिल्ला सहकारी सङ्घ, विषयगत जिल्ला सहकारी सङ्घ, विषयगत केन्द्रीय सहकारी सङ्घ,

राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासङ्घ रहेका छन्। अन्तर्राष्ट्रिय रूपमा नेपालको सहकारी अभियानलाई जोड्न राष्ट्रिय सहकारी महासङ्घ अन्तर्राष्ट्रिय सहकारी महासङ्घमा समेत आवद्ध भएको छ। यस क्षेत्रले ९४ हजार जनालाई प्रत्यक्ष रोजगारी दिनुका साथै लाखौंको संख्यामा अप्रत्यक्ष रोजगारी सृजना गरेको छ। वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तीकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ। सहकारी संस्थाहरूले वित्तीय कारोबार गर्दा लिने ब्याजदरमा सीमा कायम गर्नका लागि सन्दर्भ ब्याजदर निर्धारण भएको छ तथा सहकारी सम्बन्धी एकीकृत तथ्याङ्कको लागि विकास गरिएको CoPOMIS प्रणालीमा हालसम्ममा २० हजार १ सय १९ वटा सहकारी संस्थाहरूलाई आवद्ध गराइएको छ।

**गरिबी निवारण**

नेपालको संविधानले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दै सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति अंगिकार गरेको छ। नेपालमा विगत दुई दशकदेखि गरिबी निवारणलाई विकास प्रयासको प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिएको छ। दशौं योजनामा गरिबीलाई आय आधारित गरिबी, मानवीय गरिबी तथा सामाजिक वञ्चितिकरण गरी मूलतः तीन आयाममा विभाजन गरिएको छ। यी कार्यक्रमहरू वास्तविक लक्षित वर्गमा मात्र केन्द्रित हुने सुनिश्चित गर्न गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालनमा रहेको छ। यद्यपि गरिबी निवारण र आर्थिक असमानता न्यूनीकरणको क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ। हाम्रो अपेक्षा दिगो विकास लक्ष्यमा उल्लेख गरिएअनुसार सबै ठाँउबाट सबै प्रकारको गरिबी अन्त्य गर्नु हो। यो लक्ष्य हासिल गर्न बहु-आयामहरूलाई सबोधन गर्दै गरिबहरूको प्रतिव्यक्ति आय वृद्धि गर्नुका साथै भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरूबीच विद्यमान रहेको आर्थिक असमानता न्यूनीकरण गर्न रूपान्तरणीय प्रयास आवश्यक देखिएको छ। त्यसैगरी गरिबी न्यूनिकरण अन्तरसम्बन्धित विषय भएकाले यसका लागि सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र एवं विकास साझेदारको एकीकृत र समन्वयात्मक भूमिका अपरिहार्य रहेको छ।

**१.२ दीर्घकालिन सोचः**

दिगो भूमि व्यवस्थापन र गुणात्मक सहकारी मार्फत गरिबी निवारण गर्ने।

**१.३ उद्देश्यः**

- भूमिको समुचित उपयोग मार्फत उत्पादन वृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्नु,

- योजना तर्जुमा र विकास निर्माणको लागि आवश्यक शुद्ध एवं विश्वसनीय नापनक्सा र भौगोलिक सूचना सर्वसुलभ बनाउनु,
- भूमि व्यवस्थालाई आधुनिक प्रविधियुक्त, सरल र पारदर्शी बनाउनु,
- सहकारी मार्फत लक्षित विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तीकरणको प्रक्रियामा सहभागी गराउनु,
- सहकारी मूल्य र सिद्धान्तहरूको अनुशरण तथा पारस्पारिकता र स्वावलम्वनको संस्कार विकास र सुशासन कायम गर्नु,
- सहकारी संस्थामा सुशासन कायम गर्नु,
- सहकारी संस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरण तर्फ उन्मुख गराउन ती संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु,
- गरिब पहिचान गर्नु एवं गरिब लक्षित कार्यक्रम सञ्चालन गर्नु,
- गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु,
- राज्यको स्रोत साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु।

**१.४ रणनीतिः**

- भू-उपयोग नीतिबमोजिम क्षमता उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन वृद्धि गर्ने,
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, मोही तथा गुठी किसान, अब्यवस्थित बसोबासी लगायत सीमान्तीकृत वर्गको भूमि माथिको अधिकार र पहुँच सुनिश्चित गर्ने,
- आधुनिक प्रविधिमा आधारित नापनक्साका लागि आवश्यक आधारभूत पूर्वाधारहरू तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू-सूचना सङ्कलन गर्ने,
- भौगोलिक सूचना पूर्वाधारको अवधारणाबमोजिम आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना तयार गरी उपलब्ध गराउने,
- कित्तानापी हुन बाँकी रहेका भू-भागमा नापनक्सा गरी सम्पूर्ण जमीनलाई जग्गा प्रशासन प्रणालीमा आवद्ध गर्ने र सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने,
- वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्ने र सबै सरोकारवालाहरूले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने ब्यवस्था गर्ने,
- आधुनिक प्रविधिमा आधारित भूमिसम्बन्धी अभिलेखहरूको व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवालाई सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने,
- सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रीत गर्न प्रोत्साहित गर्ने,

- सहकारीको माध्यमबाट गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यवसायिक आयोजनालाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने,
- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रवन्ध मजबुत बनाउने,
- सहकारी सङ्घसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवं व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने,
- सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने,
- कृषि बायोग्याँस प्लान्ट स्थापना र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने,
- सर्भेक्षण मार्फत गरिब घरपरिवार पहिचान गरी अद्यावधिक विवरण राख्ने
- पहिचान भएका गरिब लक्षित गरिबी निवारण कार्यक्रम तथा आयोजना तर्जुमा एवं कार्यान्वयन गर्ने,
- रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालीम तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गरी यसमा गरिबको पहुँच सुनिश्चित गर्ने,
- गरिबी निवारण नीति तर्जुमा गरी उत्पादनका स्रोत साधानमा गरिबहरूको पहुँच सुनिश्चित गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७८ | ७८ | | |
| २ | नापी विभाग र अन्तर्गत कार्यालय | ३०३१ | २६४८ | ३८३ | |
| ३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग र अन्तर्गत कार्यालय | ३२२२ | २९८३ | २३९ | |
| ४ | सहकारी विभाग | ३१ | २१ | १० | |
| ५ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ३९ | ३८ | १ | |
| ६ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | २४ | २२ | २ | |
| ७ | राष्ट्रिय भूमि आयोग | ५३ | | | |
| | **जम्मा** | **६४७८** | **५७९०** | **६३५** | |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगतिः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२३ | जग्गा प्रशासनमा सुशासन भन्ने नाराका साथ जग्गा प्रशासनसम्बन्धी कामलाई सूचना प्रविधिमा आधारित बनाइने, आगामी आर्थिक वर्ष सबै नापी, भूमिसुधार तथा मालपोत कार्यालयमा भू-सूचना प्रविधिमा आधारित अनलाइन सेवा प्रणाली कार्यान्वयनमा ल्याइने, सेवाग्राहीले विद्युतीय माध्यमबाट ट्रेस नक्सा, दृष्टिवन्धक, रोक्का लगायतका सेवा लिन सक्ने व्यवस्था मिलाइने। | • नापी कार्यालयहरूबाट प्रदान गरिने सेवा सञ्चालनमा Nepal Land Information System (NeLIS) र कार्यालयहरूबाट प्रदान गरिने नक्सा प्रिण्ट लगायतका सेवा अनलाइन प्रणाली(मेरो कित्ता) मार्फत जुनसुकै स्थानबाट प्राप्त गर्न सकिने गरी विकास गरिएको,<br>• मेरो कित्ता प्रणाली चालु आ.व. २०८०/८१ को चैत मसान्तसम्ममा ५८ नापी कार्यालयहरूमा लागू गरिएको,<br>• LRIMS तथा PAM प्रणाली सञ्चालनसम्बन्धी अभिमुखीकरण कार्यक्रम पर्वत, म्याग्दी, खोटाङ्ग, तौलिहवा, ओखलढुङ्गा, जलेश्वर, लमजुङ्ग, गोरखा, सिम्रौनगढ, धनकुटा, संखुवासभा, भोजपुर र भूमि व्यवस्थापन तथा अभिलेख विभागमा २ वटा गरी १४ पटक भू-सूचना प्रणालीसम्बन्धी तालिम सञ्चालन गरिएको,<br>• भूमि प्रशासन तथा नापनक्सासम्बन्धी छोटो समयावधिका सेवाकालीन, सेवा प्रवेश तथा क्षमता विकास तालीम २ हजार ९ सय जनालाई प्रदान गरिएको। |
| १२४ | जग्गा प्रशासनलाई मितव्ययी र व्यवस्थित बनाई एकद्वार प्रणालीबाट सेवा प्रदान गर्न नापी कार्यालय तथा मालपोत कार्यालयलाई क्रमशः एकीकृत गरिने, नापनक्सा क्षेत्रमा अत्याधुनिक लाइडर प्रविधिको प्रयोगलाई निरन्तरता दिइने, मालपोत र नापीसम्बन्धी आधारभूत सेवा स्थानीय तहबाट प्राप्त गर्न सक्ने गरी जग्गा प्रशासनसम्बन्धी कानूनलाई परिमार्जन गरिने। | • चालु आ.व.मा नापनक्सा हुने जिल्लाहरूमा Control Network सुदृढीकरणका लागि ५५ वडामा नियन्त्रण विन्दु स्थापना गरिएको र उक्त नियन्त्रण विन्दुहरूको Coordinate संगणना गरी नापी कार्यालयलाई उपलब्ध गराइएको,<br>• एकीकृत जग्गा प्रशासन सेवासम्बन्धी ऐनको मस्यौदा छलफलका क्रममा रहेको। |
| १२५ | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी | • भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रद्वारा ४ सय ३९ जना |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | एवं अव्यवस्थित बसोबासीहरूको पहिचान, लगत सङ्कलन, सत्यापन तथा नापनक्सा कार्य सम्पन्न गरिने, आगामी आर्थिक वर्ष भूमि आयोग मार्फत १ सय १० स्थानीय तहमा २५ हजार भूमिहीनलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिने। | प्रशिक्षार्थीहरूलाई अनौपचारिक भू-सम्बन्धसम्बन्धी तालीम प्रदान गरिएको,<br>• भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यबस्थित बसोबासीको पहिचान गरी लगत सङ्कलन, सत्यापन र अभिलेखाङ्कन कार्य गर्न राष्ट्रिय भूमि आयोग र यस आ.व.मा ३१ गरी हालसम्ममा ७ सय २८ स्थानीय तहबीच सम्झौता भएको,<br>• यस आ.व.मा ४० गरी हालसम्म ७२८ स्थानीय तहबीच लगत संकलनका लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको,<br>• भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचा गरी लगत सङ्कलन, सत्यापन र प्रमाणिकरण गर्ने कार्य यस अवधिमा २५ र हालसम्म १ सय ३९ स्थानीय तहमा सम्पन्न भएको,<br>• हालसम्म ५१ स्थानीय तहको जग्गाको पहिचान गरी नाप नक्साङ्कन भइरहेको,<br>• यस अवधिमा ८ सय ३८ र हालसम्म जम्मा ४ हजार ५ सय ८६ वटा जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको,<br>• आ .व.०८०/८१ मा ६८४ र स्थापनादेखि हालसम्म ३ हजार २ सय २७ अधुरा कार्य फर्छ्यौट भएको। |
| १२६ | नापजाँच गर्न छुट भएका गाउँ ब्लक जग्गा र दर्ता हुन छुट भएका बेनिस्साको स्वबासी जग्गाको नापजाँच तथा दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराइने, आगामी आर्थिक वर्ष गाउँ ब्लक क्षेत्रको जग्गा नाप जाँच कार्य सम्पन्न गरिने। | • यस अवधिमा २४.१४ हेक्टर गाउँ ब्लक नापी र ६१३२.५८ हेक्टर बिशेष नापी गरी कुल ६१५६.७२ हेक्टर नापनक्सा गरिनुका साथै, ५ हजार ४ सय ३२ जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको। |
| १२७ | वैज्ञानिक आधारमा जमिनलाई खेतीयोग्य र अन्य प्रयोजनको लागि वर्गीकरण गर्ने व्यवस्था मिलाइने, भूउपयोग योजन- तर्जुमा र - कार्यान्वयनमा स्थानीय तहलाई | • यस अवधिमा भू-उपयोग वर्गीकरण कार्य कार्यान्वयनका लागि २ सय ५९ स्थानीय तहहरूलाई नापी विभागबाट प्राविधिक सहयोग उपलब्ध गराइनुका साथै, ३ सय २४ जना प्रशिक्षार्थीहरूलाई भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रद्वारा स्थानीय तहका लागि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सहयोग एवं सहजीकरण गरी भूमिको वर्गीकरणलाई पारदर्शी र | भू-उपयोग/भूमि व्यवस्थापन तालिम प्रदान गरिएको। साथै भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका अर्थ मन्त्रालयमा सहमतिका लागि पठाइएको। |
| १२९ | घर जग्गाको खरिद बिक्री मूल्यलाई यथार्थपरक, व्यवस्थित र पारदर्शी बनाउन आगामी आर्थिक वर्ष महानगरपालिका र उपमहानगरपालिकाबाट भौगोलिक सूचना प्रणालीमा आधारित वैज्ञानिक मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याइने। | • भौगोलिक सूचना पूर्वाधार नीतिको मस्यौदामा सरोकारवालाहरूसँग छलफल सम्पन्न गरी प्राप्त राय/सुझावहरूलाई समेत समावेश गरी उक्त नीतिलाई अन्तिम रूप प्रदान गर्न नीति अनुसन्धान प्रतिष्ठान केन्द्रमा पठाइएको। |
| १३० | देशभरका सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापनका लागि एकीकृत अभिलेख तयार गरिने, स्थानीय तह र स्थानीय प्रशासनबीच समन्वय गरी सार्वजनिक जग्गाको संरक्षण गरिने। | • देशभरका सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापनका लागि एकीकृत अभिलेख तयार गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागलाई पत्राचार गरिएकोमा सम्बन्धित विभागबाट कार्यालयहरूसँग समन्वय गरी विवरण तयार गर्ने कार्य भइरहेको। |
| १३१ | राज्य सुविधा परिचयपत्र वितरण कार्य आगामी वर्ष सम्पन्न गरिने, सरकारबाट उपलब्ध गराइने सुविधाहरू प्रदान गर्दा उक्त परिचय पत्रलाई आधार लिइने र गरीबसँग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता दिइएको। | • यस अवधिमा १५ जिल्लाबाट प्राप्त तथ्याङ्क विश्लेषण र गुनासो सुनुवाई समेत गरी जम्मा २ लाख ७१ हजार ६ सय ४० गरिब परिवारको अन्तिम सूची तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नुका साथै, थप १३ जिल्लाबाट प्राप्त करिब १४ लाख ३३ हजार घर परिवारको तथ्याङ्क प्रशोधन तथा विश्लेषण गर्ने प्रयोजनको लागि परामर्श सेवा खरिदको कार्य अघि बढाइएको,<br>• तथ्याङ्क सङ्कलनमा छुट भएका विभिन्न ७ वटा स्थानीय तहहरूमा तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गराउन सहजीकरण गरिएको,<br>• गरिबसँग विश्वेश्वर कार्यक्रमका सामाजिक परिचालकहरूलाई गरिबी निवारणसम्बन्धी क्षमता अभिवृद्धिसम्बन्धी तालिम तथा गोष्ठी बर्दिवास, नेपालगञ्ज, चितवनमा सम्पन्न गरिएको। |
| १३२ | सहकारी क्षेत्रको बचतलाई उद्यम | • कोशी, मधेश र बागमती प्रदेशलाई समेटेर राष्ट्रिय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विकास तथा रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने, घरेलु तथा साना उद्योग सञ्चालन गर्ने सहकारी संस्थालाई उत्पादन, भण्डारण र बजारीकरणमा सहयोग उपलब्ध गराइने। | सहकारी नीति परिमार्जनका लागि उक्त नीतिको मस्यौदामा सरोकारवालासँग अन्तरक्रिया गोष्ठी सञ्चालन गरिएको र अन्तिम मस्यौदा तयारीको चरणमा रहेको,<br>• नियमनकारी निकायका कर्मचारीहरूको लागि सहकारी नियमन, प्रवर्द्धन, प्रशिक्षणका साथै, ६२३ जना प्रशिक्षार्थीहरूलाई सहकारी सङ्घसंस्थाका पदाधिकारी तथा कर्मचारीहरूको लागि सहकारी व्यवसाय प्रवर्द्धन, नेतृत्व विकास, प्रशिक्षक प्रशिक्षण लगायतका तालिम प्रदान गरिएको। |
| १३३ | बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइने, बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन विशिष्टीकृत नियामकीय निकाय स्थापना गरी सञ्चालनमा ल्याइने। | • बचत तथा ऋण सहकारी संस्थाको क्षेत्रसँग सम्बन्धित विषयहरूको अध्ययन अनुसन्धान गर्न सहकारी क्षेत्र सुधार सुझाव कार्यदल गठन गरी उक्त कार्यदलले अध्ययन गरी प्रतिवेदन पेश गरेकोमा सो मस्यौदा उपर सरोकारवालासँग छलफल समेत गरी स्वीकृतिका लागि पेश गरिएको,<br>• सहकारी नियमनका लागि Second Tire Institution (STI) वा अन्य नियामक निकाय गठन गर्न अवधारणापत्र तयार गर्ने कार्य भइरहेको,<br>• यस अवधिमा ५० सहकारी संस्थाको सम्पत्ति शुद्धिकरण परिपालनासम्बन्धी अनुगमन सम्पन्न गरिनुका साथै, ६० सहकारी सङ्घ संस्थाको सघन अनुगमन सम्पन्न गरी प्रतिवेदनमा छलफल र निर्देशन दिने कार्य गरिएको,<br>• यस अवधिमा कोपोमिस प्रणालीसम्बन्धी प्राविधिक प्रशिक्षक प्रशिक्षण (MToT) कार्यक्रम १२ पटक सञ्चालन गरिएको। |
| २३ | सार्वजनिक प्रशासनलाई व्यावसायिक, दक्ष र नतिजामूखी बनाई सरकारको उद्देश्य प्राप्तिमा प्रभावकारी रूपमा परिचालन गरिने। | • संवैधानिक निकायबाट प्राप्त पत्रको जवाफ तयारी, सुझाव र निर्देशनको कार्यान्वयन गर्न मातहतका निकायमा पत्राचार गर्ने, प्राप्त विवरणहरू सङ्कलन गर्ने तथा नियमनकारी निकायमा प्रतिवेदन पेश गर्ने कार्य निरन्तर गरिएको। |
| ५० | सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा | • एकीकृत कार्यालय सञ्चालनको सम्भावना, त्यसका पूर्वशर्त, सांगठनिक ढाँचा एवं कार्यालय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आगामी आर्थिक वर्ष नयाँ संरचना र दरबन्दी सिर्जना गरिने छैन। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरवन्दीको पुनरावलोकन गरी छरितो बनाइने, सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मङ्सिर महिना भित्र सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्ने। | विन्याससम्बन्धी अध्ययन गर्न प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखाका सहसचिवज्यूको संयोजकत्वमा समिति गठन भई कार्य भइरहेको। |
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका सामानहरू छ महिनाभित्र लिलाम गरिने। | • प्रयोगविहीन सवारी साधन तथा समाग्रीहरूको लिलाम गर्न लिलाम बिक्रीको लागि समिति गठन भई कार्य भइरहेको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन | कैफियत |
|---|---|---|---|
| १. | सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ (स्वीकृत मितिः २०७९/०८/१९) | नयाँ तर्जुमा | |
| २. | मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी निर्देशिका, २०८०(स्वीकृत मितिः२०८०/०२/३२) | नयाँ तर्जुमा | |
| ३. | हवाई सर्वेक्षण अनुमति कार्यविधि, २०७९ | नयाँ तर्जुमा | |
| ४. | Unmanned Aerial Vehicle (UAV) मार्फत डिजिटल कित्तानापीसम्बन्धी कार्यसञ्चालन विधि, २०७९ | नयाँ तर्जुमा | |
| ५. | सहकारीसम्बन्धी शैक्षिक क्रियाकलापको प्रमाणीकरण समितिको कार्यविधि, २०७९ (स्वीकृत, मितिः२०७९/०६/२६) | नयाँ तर्जुमा | |
| ६. | भू-उपयोग (पहिलो संसोधन) नियमावली, २०८० (२०८०/०४/३२) | संशोधन | |
| ७. | जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश (पहिलो संशोधन), २०७८ | संशोधन | |
| ८. | एकीकृत अनुगमन निर्देशिका, २०८० | संसोधन | |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- यस अवधिमा ९८ वटा भूमिसुधार तथा मालपोत कार्यालयहरूमा सेवाग्राहीले जुनसुकै स्थानबाट अनलाईन प्रविधि मार्फत जग्गा कारोबारको लिखतसम्बन्धी कार्य गर्न सक्ने प्रणाली Public Access Model (PAM) लागू गरिनुका साथै, ३ हजार ७३ वटा भू-सेवा केन्द्र सञ्चालनमा आई करिब ७ हजार जनालाई रोजगारी प्राप्त भएको।
- मालपोत कार्यालय जाजरकोट, खाँदबारी (संखुवासभा), बुटवल (रुपन्देही), चाबहिल(काठमाडौं) मा कार्यालय भवन निर्माण भइरहेको।
- नापी कार्यालय तेह्रथुम, धरान, रङ्गेली, लहान, बुटवल तथा मनाङको नयाँ कार्यालय भवन निर्माण सम्पन्न भएको तथा नापी कार्यालय बरथहवा, जाजरकोट र सल्यानमा नयाँ कार्यालय भवन निर्माण कार्य भइरहेको।
- भूमि व्यवस्थापन तथा अभिलेख विभाग मार्फत कुल रु ३२ अर्ब ०८ करोड ९० लाख ८३ हजार २ सय ३९ मात्र राजस्व सङ्कलन भएको। राजस्वमा छुट दिने प्रावधानबमोजिम महिलालाई रू २ अर्ब ६१ करोड ७२ लाख ८४ हजार, फरक क्षमता भएका महिलालाई १ करोड १९ लाख ४६ र अन्यलाई रु. ६ करोड ९५ लाख ८१ हजार ९ सय ३६ गरी चालु आ.व.को यस अवधिसम्ममा जम्मा राजस्वमा छुट २ अर्ब ६९ करोड ८७ लाख ७५ हजार ६६ दिइएको।
- बैंक, वित्तीय संस्था तथा सञ्चय कोषले मालपोत कार्यालयमा नगईकनै जग्गा रोक्का फुकुवा गर्न सक्ने प्रविधि विकास गरी लागू गरिएको हुँदा यस आ.व. २०८०/८१ मा कर्मचारी सञ्चय कोषबाट २१, मेघा बैंक लि. बाट ५ तथा प्राइम कमर्सियल बैंक लि. बाट १ रोक्कासम्बन्धी कार्य भएको।
- सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ बमोजिम लिज, उपयोग र दाखिल खारेज गर्न स्वीकृत दिएका जग्गा समेत गरी अस्पताल निर्माण, स्थानीय तहको भवन निर्माण, कृषि विश्वविद्यालय, बहुप्राविधिक शिक्षालय, स्मृति प्रतिष्ठान, स्वास्थ्य चौकी, मेडिकल कलेज लगायत २०० विभिन्न निकायहरूलाई जग्गा उपलब्ध गराइएको।
- भूमिसुधार तथा मालपोत कार्यालयमा सेवा प्रवाहका लागि प्रयोगमा रहेको Land Record Information Management System (LRIMS) र नापी कार्यालयमा प्रयोगमा रहेको Nepal Land Information System (NeLIS) प्रणालीबीचमा आवद्धता कायम गरी जग्गा प्रशासनसम्बन्धी सेवामा सहजता ल्याउन Application Programming Interface (API) तयार गरी परीक्षणको क्रममा रहेको।
- भूमि व्यवस्था तथा अभिलेख विभाग अन्तर्गतका कर्मचारीहरूको क्षमता विकास गर्न भू-सूचनासम्बन्धी १४ वटा तालीम सम्पन्न भएका।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई व्यवस्थापन गर्ने सन्दर्भमा राष्ट्रिय भूमि आयोगबाट थप ३१ स्थानीय तहसँग सम्झौता भई हालसम्म ७ सय २८ स्थानीय तहसँग कार्य सहमति पत्रमा हस्ताक्षर भएको र थप ४० स्थानीय तहमा

सूचना प्रकाशन गरी हालसम्म जम्मा ७ सय २८ स्थानीय तहमा लगत सङ्कलनसम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको।

- यस अवधिमा थप ६ वटा स्थानीय तहमा नापनक्साको कार्य शुरुवात गरी हालसम्म जम्मा ५१ वटा स्थानीय तहमा नाप नक्सा कार्य सञ्चालनमा रहेको छ। आ.व. २०८०/८१ मा थप ८ सय ३८ जग्गाधनी प्रमाणपूर्जा वितरण भई हालसम्म जम्मा ४ हजार ५ सय ८६ जग्गाधनी प्रमाणपूर्जा वितरण भएको छ भने राष्ट्रिय भूमि आयोग मार्फत यस आ.व. को चैत महिना सम्ममा ८३ हजार ५ सय ४९ भूमिहीन दलित, १ लाख ६० हजार ३ सय ७५ भूमिहीन सुकुम्बासी र १० लाख ४७ हजार १ सय २२ अव्यवस्थित बसोबासी गरी जम्मा १२ लाख ९१ हजार ४६ को लगत सङ्कलन भई National Land Commission Information System (NALCIS) प्रणालीमा निवेदन प्रविष्ट गरिएको।
- आ.व. २०८०/८१ को चैत महिनामा राष्ट्रिय भूमि आयोग अन्तर्गत जिल्ला समितिले छानविन गरी विगतका आयोग, समिति र कार्यदलका ६८४ वटा अधुरा कार्य सम्पन्न गर्नुका साथै आ.व. २०८०/८१ को चैत मसान्तसम्म रु.१३ करोड ८८ लाख १८ हजार ७ सय २१ राजस्व समेत सङ्कलन भएको।
- भूमिको वैज्ञानिक वर्गीकरण, समुचित उपयोग तथा दिगो व्यवस्थापनका लागि तयार भएको भू-उपयोग नक्सा/डाटा गत आ.व. मा ७५३ स्थानीय तहमा हस्तान्तरण गरिएको सन्दर्भमा चालु आ.व. २०८०/८१ को चैत महिनासम्मा भू-उपयोग कार्यान्वयनका लागि २ सय ५९ स्थानीय तहहरूलाई नापी विभागबाट प्राविधिक सहयोग उपलब्ध गराइएको।
- सरकारी, सार्वजनिक एवं व्यक्तिगत जग्गाहरूको नापनक्सा गरी कित्तामा आधारित भूमि लगत तयार गरी जग्गा प्रशासन कार्यमा सहयोग पुऱ्याउनु नापी कार्यालयहरूको जिम्मेवारी रही आएको सन्दर्भमा कार्यालयको भौतिक अवस्थामा समेत सुधार गरी नापी कार्यालयहरूबाट प्रदान गरिने सेवा सञ्चालनमा Nepal Land Information System (NeLIS) र कार्यालयहरूबाट प्रदान गरिने नक्सा प्रिन्ट लगायतका सेवा अनलाइन प्रणाली(मेरो कित्ता) मार्फत जुनसुकै स्थानबाट प्राप्त गर्न सकिने गरी विकास गरिएको मेरो कित्ता प्रणाली चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्ममा थप ३ नापी कार्यालयमा विस्तार गरी हालसम्म जम्मा ५८ नापी कार्यालयहरूमा लागू गरिएको।
- यस अवधिमा १ हजार ५ सय ९ नयाँ तालीम प्राप्त गर्ने प्रशिक्षार्थीहरू समेत गरी हालसम्ममा नापनक्सा तथा भूमि व्यवस्थापन तालिम प्राप्त व्यक्तिहरूको संख्या ११ हजार २ सय ७४ पुगेको।
- कोशी प्रदेश र लुम्बिनी प्रदेश अन्तर्गतका नाप नक्सा हुने जिल्लाहरूमा नियन्त्रण विन्दुहरू पूर्वेक्षण, Monumentation तथा Co-ordinate Computation कार्य सम्पन्न भइसकेको र बागमती प्रदेशमा कार्य सञ्चालनको तयारीमा रहेको। हाल सञ्चालनमा रहेका CORS (Continous Operating Reference Station) सञ्चालन, CORS Data Management, सुधार तथा व्यवस्थापन कार्य भइरहेको।Geoid को परिशुद्धता बढाउनका लागि gravity विन्दुहरूको स्थापना तथा समतलन सञ्जाल सुदृढीकरण भइरहेको।

- अद्यावधिक भएका स्थलरुप आधार नक्सा नापनक्सा समितिबाट स्वीकृत भई प्रकाशनको क्रममा रहेको तथा चितवनदेखि कञ्चनपुरसम्म पश्चिम तराईका जिल्लाहरूको जम्मा २० हजार वर्ग कि.मी. LiDAR डाटा Processing सम्पन्न भई वितरण योग्य भएको।
- सहकारी शिक्षा, सूचना तथा प्रशिक्षणसँग सम्बन्धित क्रियाकलापहरूका माध्यमबाट देशको सहकारी क्षेत्रको प्रवर्द्धन, जनशक्तिहरूको क्षमता अभिवृद्धि तथा सहकारी क्षेत्रमा केन्द्रीत रही अध्ययन, अनुसन्धान एवं विकासमा नेतृत्वदायी भूमिका निर्वाह र उद्यमशीलता विकासका लागि चालु आ.व.को यस अवधिमा ६ सय २३ जनालाई सहकारीसम्बन्धी तालीम प्रदान गरिएको।
- सहकारीको एकीकृत सूचना प्रणाली कोपोमिस (CoPoMIS) मा हालसम्म २० हजार १ सय १९ वटा सहकारी संस्थाहरूलाई आवद्ध गरिएको।
- हालसम्म सहकारी सङ्घ संस्थाहरूको शेयर पुँजी ९४ अर्ब ७२ करोड, सहकारी क्षेत्रबाट कर्जा प्रवाह ४ खर्ब ३४ अर्ब ५ करोड र सहकारी सङ्घ संस्थाको संख्या ३१ हजार ४५ रहेको।
- चैत महिनामा गौतम श्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड समस्याग्रस्त घोषणा भई चालु आ.व. २०८०/८१ को चैत्र महिना सम्ममा समस्याग्रस्त घोषित भएका सहकारी संस्था २० वटा रहेको।

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायहरूबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा वार्षिक स्वीकृत कार्यक्रमबमोजिमको क्रियाकलापलाई मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित तरिकाबाट सम्पादन गर्न, साधन श्रोतको दुरुपयोग, क्षति र नोक्सानी हुनबाट बचाउन, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाई प्रभावकारिता एवं जवाफदेहीता अभिवृद्धि गर्न, सम्बन्धित कानूनको परिपालनाद्वारा आन्तरिक कार्य प्रणालीलाई व्यवस्थित गरी आन्तरिक सुशासन कायम गर्न, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ बमोजिम मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी निर्देशिका, २०८० मिति २०८०/०२/३२ मा स्वीकृत भएको।
- यस आ.व. २०७९/८० मा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७९ र भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५९क. बमोजिम विभिन्न ७९ वटा संस्थाहरूलाई जग्गा लीज वा उपयोग गर्न स्वीकृति दिइएको छ।
- समग्रतामा आ.व.२०७९/८० मा मन्त्रालय र अन्तर्गत कार्यक्रमहरूको औसत भौतिक प्रगति ७०.५९ प्रतिशत तथा वित्तीय प्रगति अन्तर्गत चालु तर्फ ८६.०२ प्रतिशत र पुँजिगत तर्फ ४१.४० प्रतिशत गरी समग्रमा ७६.७३ प्रतिशत वित्तीय प्रगति हासिल भएको।

- गरिब घर परिवारको परिचयपत्र वितरण गर्न २३ जिल्लाका २१३ स्थानीय तहहरूमा प्रतिनिधिहरूलाई गुनासो सुनुवाइसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको। २३ जिल्लाका २१३ स्थानीय तह मार्फत २ लाख २३ हजार ३ सय ३० परिवारलाई परिचयपत्र वितरण गरिएको।
- गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत ७७ जिल्लाका ३३८ स्थानीय तहहरूमा १ लाख परिवार आबद्ध ४ हजार ८४ समूहहरू मार्फत कार्यक्रम सञ्चालन गरिएको।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको समस्याको दीर्घकालीन समाधानको लागि गठित राष्ट्रिय भूमि आयोगबाट सबै जिल्लामा (७७ वटा) जिल्ला समितिहरू गठन भएको।
- राष्ट्रिय भूमि आयोग मार्फत ६९७ स्थानीय तहसँग कार्य सहमति सम्झौता भई ३१.६३ वर्ग कि.मि. क्षेत्रफल नापजाँच गरिएको र जम्मा जम्मी ९ लाख १५ हजार ७ सय ७ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन सङ्कलन गरी कम्प्युटरमा प्रारम्भिक लगत प्रविष्टि गरिएको।
- करीब ३ हजार ३ सय ४० भूमिहीन परिवारहरूलाई जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गरिएको र कार्यसम्पादनलाई सहजीकरणका लागि विभिन्न विषयमा कार्यविधि, निर्देशिका, हातेपुस्तिका तथा मापदण्डहरू तयार गरिएको।
- सेवाग्राहीले जुनसुकै स्थानबाट अनलाईन प्रविधि मार्फत जग्गा कारोबारको लिखतसम्बन्धी कार्य गर्न सक्ने गरी हाल ८९ वटा भूमिसुधार तथा मालपोत कार्यालयमा Public Access Model (PAM) लागू भएको छ। उक्त प्रणालीको प्रयोगबाट बैंक, वित्तीय संस्था तथा कर्मचारी सञ्चय कोष समेतले मालपोत कार्यालयमा नगई जग्गा रोक्का फुकुवा गर्न सक्ने प्रविधि विकास गरी कर्मचारी सञ्चयकोष, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, प्राईम कमर्सियल बैंक र उपत्यकास्थित भूमिसुधार तथा मालपोत कार्यालयमा कार्यान्वयनमा रहेको।
- भूमिसुधार तथा मालपोत कार्यालयमा सेवा प्रवाहका लागि प्रयोगमा रहेको भूमिसम्बन्धी सूचना तथा व्यवस्थापन प्रणाली LRIMS र नापी कार्यालयमा प्रयोगमा रहेको नेपाल भू-सूचना प्रणाली Nepal Land Information System (NeLIS) बीचमा आवद्धता कायम गरी जग्गा प्रशासनसम्बन्धी सेवामा सहजता ल्याउन Integration Tool को API विकास भई परीक्षणको क्रममा रहेको।
- मालपोत कार्यालयहरूको गतिविधि तथा नापी र मालपोत कार्यलयको सेवा प्रवाहको अवस्था अनलाइन प्रणालीको माध्यमबाट मन्त्रालयबाटै नियमन गर्न सकिने प्रणाली सञ्चालनमा ल्याइएको।
- भूमि व्यवस्थापन तथा अभिलेख विभाग मार्फत आ.व. २०७९/८० मा कुल रु. ३९ अर्ब १७ करोड ६७ लाख १९ हजार ४ सयमात्र राजस्व सङ्कलन भएको। राजस्वमा छुट दिने प्रावधानबमोजिम महिलालाई रू ३ अर्ब १३ करोड ५३ लाख ४४ हजार ४ सय ९६ र अन्यलाई रु. ७ करोड ४३ लाख ३५ हजार ६ गरी जम्मा राजश्वमा छुट ३ अर्ब २० करोड ९६ लाख ७९ हजार ५ सय २२ दिइएको।

- मालपोत कार्यालय, हरिवन र जलेश्वरको भवन निर्माण सम्पन्न भएको।
- ७ प्रदेशका मालपोत कार्यालयमा कार्यरत ११४ कर्मचारीहरूलाई क्षमता विकास तालिम सम्पन्न गरिएको र १२ वटा LRIMS तथा PAM तालिम सम्पन्न गरिएको।
- नापी कार्यालयहरूबाट प्रदान गरिने सेवालाई सरल, सहज बनाउन नक्सा प्रिन्ट लगायतका सेवा अनलाइन मार्फत जुनसुकै स्थानबाट प्राप्त गर्न विकास गरिएको मेरो कित्ता (Merokitta) प्रणाली र नेपाल भू-सूचना प्रणाली (NeLIS) बाट ५५ नापी कार्यालयमा सेवा प्रवाह गरिएको छ।
- भू-उपयोग योजना कार्यान्वयनको लागि १३५ स्थानीय तहमा प्राविधिक सहयोग गरिएको।
- स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम अन्तर्गत अद्यावधिक भएका ४७५ स्थलरुप आधार नक्सा नापनक्सा समितिबाट स्वीकृत भएको।
- ४१ स्थानीय तहबाट माग भए बमोजिम Data Update को कार्यमा सहयोग गरिएको।
- कोशी, मधेश, बागमती, लुम्बिनी, गण्डकी र सुदूरपश्चिम प्रदेशका ४४ वडामा Control Network सुदृढीकरण गरिएको।
- सहकारी तथा गरिबीसम्बन्धी व्यबस्थापन सूचना प्रणाली (COPOMIS) मा तथ्याङ्क सम्पुष्टी, प्रविष्टि तथा प्रमाणीकरण गर्ने कार्य अन्तर्गत थप ४ हजार ९ सय ७२ सहकारी संस्थाहरूलाई आबद्ध गरी १५ हजार ८ सय १५ पुऱ्याइएको।
- सहकारी प्रशिक्षण केन्द्र मार्फत नियमनकारी निकायका कर्मचारीहरू, सहकारी सङ्घसंस्थाका पदाधिकारी तथा कर्मचारीहरू समेत गरी ८१२ जनालाई तालिम प्रदान गरिएको।
- सहकारीको दश वर्षे रणनीतिक सोच-पत्र (Vision Paper) को मस्यौदा तयार भएको।
- आ.व. २०७९/८० मा ४८ सहकारी संघसंस्थाहरूको सघन अनुगमन गरिएको। साथै, सहकारी संस्थाहरूमा कुल ७३ लाख ८१ हजार सदस्यहरू रहेकोमा सहकारी संघसंस्थाहरूको कूल शेयर पुँजी ९४ अर्ब १५ करोड र परिचालित बचत रु. ४ खर्ब ७८ अर्ब ८ करोड रहेको।
- सहकारी संघसंस्थाहरूबाट रु ४.खर्व २६ अर्ब ३५ करोड ऋण परिचालन भएको छ र यस क्षेत्रले ९३ हजार ७७ सय जनालाई प्रत्यक्ष रोजगारी दिनुका साथै लाखौंको संख्यामा अप्रत्यक्ष रोजगारी सृजना गरेको।
- २० जना विदेशी सहित १७० जना सहभागी रहेको भू-उपयोग सम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी आयोजना गरिएको।
- आ.व. २०७९/८० मा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रबाट विभिन्न विषय र तालीम समूहमा गरी करीब ६ सय ९६ जनालाई तालीम प्रदान गरिएको।
- समस्याग्रस्त घोषित १२ सहकारी संस्थाहरू मध्ये स्टान्डर्ड मल्टिपरपोज को-अपरेटिभ र कुवेर वचत तथा सहकारी संस्था लि. सहकारीको शत प्रतिशत माग दावी कर्ताको बचत फिर्ता गरिएको र अन्य समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको सम्पत्ति समस्याग्रस्त

सहकारी व्यवस्थापन समितिको तर्फबाट रोक्का राखी अचल सम्पत्ति लिलाम बिक्री प्रकृया शुरू गरिएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालुतर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २१०५११ | १११२७५ | ५२.८६ |
| ३३६००१०१३ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) | २८०१५ | ६३४२ | २२.६४ |
| ३३६००१०२३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | १८०९९९ | १५६०८७ | ८६.२४ |
| ३३६००१०३३ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम | ६१६१०० | ५१५८१७ | ८३.७२ |
| ३३६०१०११३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ७८५४० | ६७३८४ | ८५.८ |
| ३३६०१०१२३ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | १८९६५१० | १७०३६०५ | ८९.८३ |
| ३३६०११०१३ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १०९९४१ | ९९६५६ | ९०.६४ |
| ३३६०२०११३ | नापी विभाग | ५११२६ | ४६९८९ | ९१.९१ |
| ३३६०२०१२३ | नापी कार्यालयहरू | १८३१०३१ | १६५४७५३ | ९०.३७ |
| ३३६०२१०१३ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | १५३१४८ | १३२५१७ | ८६.५३ |
| ३३६०२१०२३ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १५३५३६ | १४८५१६ | ९६.७३ |
| ३३६०२१०३३ | खगोल तथा भू-मापन कार्यक्रम | ६८१६१ | ६७१७२ | ९८.५५ |
| ३३६०३०११३ | सहकारी विभाग | २८९९८ | २५६६६ | ८८.५१ |
| ३३६०३०१२३ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ३८१९५ | ३७०३५ | ९६.९६ |
| ३३६०३१०१३ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १०२३०० | १६६८४ | १६.३१ |
| ३३६०४०११३ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ९५७५७ | ८४०३७ | ८७.७६ |
| ३३६३१०११३ | राष्ट्रिय सहकारी विकास बोर्ड | ६२५० | २१०० | ३३.६ |
| ३३६५१०११३ | गरिवी निवारण कोष | २५७०० | ५२३३ | २०.३६ |
| | **जम्मा** | **५६७४८१८** | **४८८०८६७** | **८७.८१** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७३०० | २९४० | ४०.२७ |
| ३३६००१०१४ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) | ८५०० | ० | ० |
| ३३६००१०३४ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम | २७१०० | १६२३४ | ५९.९ |
| ३३६०१०११४ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | १६०० | ३६४ | २२.७६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०१०१२४ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | ९८१०० | ५६९९६ | ५८.१ |
| ३३६०११०१४ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | २०३७०० | १०२०८६ | ५०.१२ |
| ३३६०२०११४ | नापी विभाग | ३७०० | १९८९ | ५३.७६ |
| ३३६०२०१२४ | नापी कार्यालयहरू | ११६९३० | ७६३७२ | ६५.३१ |
| ३३६०२१०१४ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | २०१४७० | १६७६१३ | ८३.२ |
| ३३६०२१०२४ | स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | ७५९७०० | १५०२३० | १९.७७ |
| ३३६०२१०३४ | खगोल तथा भू-मापन कार्यक्रम | २४१०० | १६३२८ | ६७.७५ |
| ३३६०३०१२४ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | १६०० | १२४४ | ७७.७३ |
| ३३६०३१०१४ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १८००० | १००८९ | ५६.०५ |
| ३३६०४०११४ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १७२०० | १४७९७ | ८६.०३ |
| ३३६५१०११४ | गरिवी निवारण कोष | २००० | ० | ० |
| | जम्मा | १४९१००० | ६१७२८२ | ४१.५४ |

## ८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालुतर्फ (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १५३४०० | ८५११० | ५५.४८ |
| ३३६००१०१३ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) | १४९०० | ३४६६ | २३.२६ |
| ३३६००१०२३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | १७७४०० | ५५१८२ | ३१.११ |
| ३३६००१०३३ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम | ५५३२०० | २९७५४० | ५३.७९ |
| ३३६०१०११३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ७४८३६ | ३१४१२ | ४१.९७ |
| ३३६०१०१२३ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | २२१९८०० | १३२३६६४ | ५९.६३ |
| ३३६०११०१३ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | ९९२०० | ६७७०४ | ६८.२५ |
| ३३६०२०११३ | नापी विभाग | ६०५०९ | ४१२४३ | ६८.१६ |
| ३३६०२०१२३ | नापी कार्यालयहरू | २०२०७८४ | १२८३२०९ | ६३.५ |
| ३३६०२१०१३ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | १५९३०० | ८७९९२ | ५५.२४ |
| ३३६०२१०२३ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १६६१०० | १०९३२९ | ६५.८२ |
| ३३६०२१०३३ | खगोल तथा भू-मापन कार्यक्रम | ६४९०० | ४८४७६ | ७४.६९ |
| ३३६०३०११३ | सहकारी विभाग | ३०००० | १९१८५ | ६३.९५ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०३०१२३ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ३५००० | २३१४२ | ६६.१२ |
| ३३६०३१०१३ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | ५५४०० | ७०८७ | १२.७९ |
| ३३६०४०११३ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ८८५०० | ४८५१५ | ५४.८२ |
| ३३६३१०११३ | राष्ट्रिय सहकारी विकास बोर्ड | १४१०० | ९६७८ | ६८.६४ |
| | **जम्मा** | **५९८७३२९** | **३५४१९३४** | **५९.३** |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३००० | १६९० | ५६.३२ |
| ३३६००१०१४ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) | ७८०० | ० | ० |
| ३३६००१०३४ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम | ११०० | २२ | २.०४ |
| ३३६०१०११४ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ११०० | १५४ | १३.९६ |
| ३३६०१०१२४ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | ६२१०० | ३८५१३ | ६२.०२ |
| ३३६०११०१४ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १३४००० | ३७२२८ | २७.७८ |
| ३३६०२०११४ | नापी विभाग | २४०० | ० | ० |
| ३३६०२०१२४ | नापी कार्यालयहरू | ६३२०० | ४५६९५ | ७२.३ |
| ३३६०२१०१४ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | ३५११०० | १६५८८० | ४७.२५ |
| ३३६०२१०२४ | स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | ५०९९०० | ० | ० |
| ३३६०२१०३४ | खगोल तथा भू-मापन कार्यक्रम | १०००० | २४४१ | २४.४१ |
| ३३६०३०१२४ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ११०० | ८२५ | ७५.०३ |
| ३३६०३१०१४ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | ६१०० | ३०४७ | ४९.९६ |
| ३३६०४०११४ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १०४०० | ६६०४ | ६३.५ |
| | **जम्मा** | **११६३३००** | **३०२०९९** | **२५.९७** |

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन विविध भौगोलिक क्षेत्र तथा आर्थिक क्षेत्रहरूलाई आर्थिक विकासका पूर्वाधार, सडक, जल तथा रेलसँग आवद्ध गर्दै राष्ट्रिय यातायात प्रणालीको समुचित विकासगरी देशका ग्रामीण क्षेत्रका गाउँहरूलाई बजारसँग आवद्ध गरी आर्थिक क्रियाकलापहरूको अभिवृद्धि गर्ने र देशभित्र सञ्चालन हुने पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित विविध क्रियाकलाप र आयोजनाहरूमा टेवा पुऱ्याउने कार्यमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय प्रयासरत रहेको छ।

### १.२ दीर्घकालीन सोचः

राष्ट्रिय एकीकरण, आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि भौतिक पूर्वाधार विकास गर्ने।

### १.३ उद्देश्यः

सडक, रेल तथा जलमार्ग जस्ता पूर्वाधारको विकास गरी राष्ट्रिय रणनीतिक यातायात सञ्जाल मार्फत देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरूलाई एक अर्कासँग आवद्ध गरी मुलुकको आर्थिक एवं सामाजिक विकास अभिवृद्धि गर्नुका साथै देशका ग्रामीण क्षेत्रहरूलाई स्थानीय बजारहरूसँग आवद्ध गरी पर्यटन, कृषि, विद्युत, उद्योग लगायत विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित क्रियाकलाप एवं आयोजनाहरूलाई टेवा पुऱ्याउने।

### १.४ रणनीतिः

- देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरूलाई परिपूरक हुने गरी विभिन्न मार्गहरूलाई एक अर्कोसँग आवद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पुल, मूल बाटाहरू र जलमार्गहरूको समष्टिगत विकास, विस्तार, प्रवर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने,
- देशका ग्रामीण क्षेत्रका गाउँहरूलाई बजारसँग आवद्ध गर्नुका साथै पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय महत्त्वका र अन्य आर्थिक क्षेत्रको विविध क्रियाकलाप एवं आयोजनाहरूमा टेवा पुऱ्याई सन्तुलन कायम गर्ने,
- स्थल, जल तथा रेल्वे निर्माण र विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

- सडक तथा पुल निर्माण, मर्मत सम्भार एवं संरक्षणसम्बन्धी काम गर्ने,
- विभिन्न स्थलमार्ग, रेलमार्ग एवं जलमार्गहरूको निर्माण र ईन्जिनियरिङ्ग कल्सल्टेन्सी विषयक संस्थान तथा सङ्गठनहरू सम्बन्धी कार्य गर्ने,
- भौतिक योजना क्षेत्रहरूका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरूसँग सम्पर्क र सहयोगसम्बन्धी कार्य गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा यातयात मन्त्रालय | ७५ | ५१ स्थायी<br>२२ करार | २ | १ |
| २ | सडक विभाग | २५०५ | २३२४ | १८१ | ३५ |
| ३ | यातायात व्यवस्था विभाग | ११० | ९० | २० | ० |
| ४ | रेल विभाग | ३६ | २९ | ७ | ० |
| ५ | नेपाल पानीजहाज कार्यालय | १८ | १२ | ६ | ० |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | स्वीकृत भई कार्यान्वयन कार्ययोजना तर्जुमाको चरणमा रहेको,<br>• देशभर हराएका ४ हजार ६५९ जना बालबालिकाको बालबालिका खोजतलास सेवाबाट खोजतलास गरी सोमध्ये ३ हजार ९८७ जना फेला पारी परिवारमा पुनर्मिलन गरिएको,<br>• बेवारिसे फेला परेका २१७ जना बालबालिकाको उद्धार गरी अस्थायी संरक्षण, पारिवारिक पुनर्मिलन, पुनःस्थापना तथा व्यवस्थापन गरिएको,<br>• बालबालिका विरुद्धको हिंसा र जोखिममा परेका ६८९ जना बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गरी सञ्चालित बाल हेल्पलाइन सेवाबाट ६ हजार ८८४ जना बालबालिकालाई राहत, मनोविमर्श, परामर्श लगायतको कानुनी सेवा उपलब्ध गरिएको।<br>• बाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन तथा संरक्षण समेतको कार्य गर्न प्रत्येक स्थानीय तहमा हुनुपर्ने बाल अधिकार संयन्त्रहरूमध्ये यस चालु आ.व.मा थपः-<br>o ८७ वटा स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन गरिएको,<br>o ४७ वटा स्थानीय तहमा बाल कल्याण अधिकारी तोकिएको,<br>o ३७ वटा स्थानीय तहमा स्थानीय बाल कोष स्थापना गरिएको,<br>o ६१ वटा स्थानीय तहले बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनसम्बन्धी एकीकृत कार्यविधि निर्माण गरी लागू गरेको। |
| २७६ | महिलाको आर्थिक सशक्तीकरण बृद्धि गर्न उद्यमशीलता प्रवर्द्धन गरिनेछ। महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, | • सामाजिक कुरीति विरुद्ध अभियान कार्यक्रम सञ्चालन गरिएको,<br>• सरकारी क्याम्पसमा स्नातकोत्तर तहमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | शोषण, विभेद र दुर्व्यवहारको अन्त्य गरिनेछ। कुरीति, कुप्रथा र अन्धविश्वासबाट समाजलाई मुक्त गर्न सामाजिक जागरण अभियान एवं सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। | अध्ययनरत १० जना विद्यार्थीहरूलाई शोधपत्रको लागि सहभागी गराउनेसम्बन्धी सहयोग कार्यक्रम सम्पन्न गरिएको। |
| २७७ | राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी अवस्थामा महिलाको निःशुल्क आपतकालीन हवाई उद्धार गरिनेछ। यस कार्यक्रम अन्तर्गत विपन्न महिला लक्षित जीविकोपार्जन सुधार र उद्यमशीलता विकासका लागि प्राविधिक सहयोग लगायतका कार्यक्रमलाई निरन्तरता दिएको छु। | • मानव विकास सूचकाङ्कमा पछाडि परेका ५५ जिल्लाका कम्तीमा २ स्थानीय तह रहने गरी जम्मा १११ स्थानीय तहमार्फत जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहमा अख्तियारी हस्तान्तरण गरिएको,<br>• चालु आ.व.मा जम्मा १२४ जना गरी कुल ६७६ जना दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको। |
| २७८ | लैंगिक हिंसा पीडित तथा प्रभावित व्यक्तिका लागि प्रदान गरिने कानूनी सहायता, मनोसामाजिक परामर्श लगायतका सेवालाई गुणस्तरीय बनाइनेछ। हिंसा पीडित महिलाको पुनःस्थापना गर्न भक्तपुरको सूर्यविनायकमा मंगला साहना पुनःस्थापना केन्द्र निर्माण गरिनेछ। | • हिंसा पीडित महिलाको पुनःस्थापनाका लागि भक्तपुरमा मंगला साहना पुनःस्थापना केन्द्र निर्माण कार्य अगाडि बढाउन क्षेत्रीय शहरी विकास परियोजनालाई अख्तियारी प्रदान गरिएको,<br>• लैंगिक हिंसा निवारणका लागि राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार गरिएको,<br>• बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा ल्याइएको,<br>• बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०८० र सोही अनुसारको रणनीति कार्ययोजनाको मस्यौदा तयार भई प्रदेशगत रूपमा राय/सुझावको लागि परामर्श भइरहेको। |
| २७९ | सबै प्रकारका बालश्रम र शोषणको अन्त्य गरिनेछ। हाल सञ्चालनमा रहेका ८ वटा बालसुधार गृहको मर्मत सम्भार तथा संस्थागत क्षमता अभिवृद्धि | • शहरी विकास तथा भवन निर्माण विभाग बबरमहल, संघीय आयोजना कार्यान्वयन इकाइ कास्की, मोरङ र बाँकेलाई बाल सुधार गृह मर्मत सम्भारको लागि अख्तियारी प्रदान |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिनेछ। तनहुँको ढकालटारमा बालसुधार गृह निर्माण गरिनेछ। | गरिएको,<br>• १८ वर्ष माथिका बाल सुधार गृहमा रहेका किशोरहरूलाई ऐनले व्यवस्था गरेअनुसार अलग राख्नु पर्ने प्रावधानअनुसार बाँकेको नौवस्तामा बाल सुधार गृह स्थापना गरी सञ्चालनमा आएको,<br>• तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका वडा नं. ५ सत्रसय फाटँ, ढकालटारमा बाल सुधार गृह भवन निर्माणको लागि १० करोड ७६ लाख बजेट संघीय आयोजना कार्यान्वयन इकाई कास्कीलाई अख्तियारी प्रदान गरिएको,<br>• तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका वडा नं ५ सत्रसय फाँट ढकालटारमा बाल सुधार गृह भवन निर्माण सम्बन्धमा IEE भएको। |
| २८० | ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गराउन ज्येष्ठ नागरिक मिलनकेन्द्र मार्फत अन्तर पुस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ। काठमाडौंको गोठाटारमा १ सय ६५ क्षमताको वृद्धाश्रम र ४५ बेडसहितको ज्येष्ठ नागरिक अस्पताल निर्माण गर्न बजेट व्यवस्था गरेको छु। | • ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापनाका लागि स्थानीय तहबाट प्रस्ताव आव्हान गरी ४८ वटा स्थानीय तहहरूको छनौट गरी अन्तरसरकारी अख्तियारी प्रदान गरिएको,<br>• ज्येष्ठ नागरिकको अवस्था विश्लेषण, अध्ययन र अनुसन्धान गर्न प्रस्ताव आव्हान गरी परामर्शदाताको रूपमा जेराटिक सोसाइटी मार्फत सम्झौता गरी प्रारम्भिक प्रतिवेदन तयार भएको। |
| २८१ | सार्वजनिक सेवालाई अपाङ्गमैत्री बनाइनेछ। अपाङ्गता भएका व्याक्तिका लागि आवश्यक सहायक सामग्री वितरण गरिनेछ। कोशी, लुम्बिनी र कर्णाली प्रदेशसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिको पुनःस्थापनाको व्यवस्था मिलाउन बजेट छुट्याएको छु। | • अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको,<br>• चालु आ.व.मा ४ सहित जम्मा आठवटा संघीय मन्त्रालयहरूको पहुँचयुक्तता परीक्षणको कार्य सम्पन्न भएको,<br>• ३३७ वटा सहायक सामाग्री वितरण भएको र कार्यक्रम निरन्तर भइरहेको,<br>• अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (CRPD) को राष्ट्रिय प्रतिवेदनको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | मस्यौदा तयार भएको,<br>• कोशी प्रदेश र कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय मार्फत अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन भइरहेको। |
| २८२ | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रहरी र सम्बद्ध संघसंस्था सँगको समन्वयलाई प्रभावकारी बनाइनेछ। मानव बेचबिखन र महिला हिंसा विरुद्ध समूदायमा सञ्जाल निर्माण गरी परिचालन गरिनेछ। | • मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीतिको प्रारम्भिक मस्यौदा तयार भई प्रदेशस्तरको राय सुझाव संकलन कार्य भइरहेको। |
| २८४ | समाज कल्याण परिषद् मार्फत गैर सरकारी संस्थाको स्रोत र साधनलाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ। गैर सरकारी संस्थाको सञ्चालनलाइ व्यवस्थित र पारदर्शी बनाउन नियमनलाई सुदृढ गरिनेछ। अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ। | • एकीकृत सामाजिक विकास ऐन तर्जुमाका लागि समिति गठन भएको,<br>• संघ संस्थासम्बन्धी राष्ट्रिय नीति तर्जुमाको लागि निर्देशक समिति गठन भई नीति अनुसन्धान प्रतिष्ठानको सहकार्यमा कार्य भइरहेको,<br>• समाजकल्याण परिषद्बाट ३१७ राष्ट्रिय गैर सरकारी तथा ३५ अ.गै.स.स. संस्थाहरूद्वारा सञ्चालित परियोजनाहरूको मूल्याङ्कनको कार्य सम्पन्न भएको,<br>• अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित परियोजनाहरूको अनुगमन गरिएको। |
| ४४० | कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिन नेपाल सरकारका सबै संघीय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइने छ। सार्वजनिक सेवा वापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क क्यू.आर.कोड लगायतका | • डिजिटल हस्ताक्षर खरिद गर्ने कार्यका लागि निर्णय भएर खरिद प्रकृया अगाडि बढेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्न सक्ने व्यवस्था मिलाइनेछ। | |
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोगबिहीन सवारी साधन लगायतका सामानहरू छ महिनाभित्र लिलाम गरिनेछ। | • जिन्सी निरीक्षण प्रतिवेदन तयार भई मूल्याङ्कन समिति गठन गरिएको। |
| ४७ | सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले दिएका सुझावहरूलाई क्रमशः कार्यान्वयन गरिनेछ। सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा आवश्यक नरहेका २० वटा संस्थाहरू खारेज गरिनेछ। उस्तै प्रकृतिका कार्यक्षेत्र रहेका निकायहरूलाई एक अर्कामा गाभिनेछ। क्षेत्राधिकारका आधारमा प्रदेश तथा स्थानीय तहबाट सञ्चालन र व्यवस्थापन हुन उपयुक्त हुने विभिन्न पर्यटन प्रवर्द्धन विकास समितिहरू तत् तत् तहमा हस्तान्तरण गरिनेछ। खारेज गरिने, एक अर्कामा गाभिने, पुनर्संरचना गरिने र हस्तान्तरण गरिने निकायहरूको विस्तृत विवरण अनुसूचीमा संलग्न गरेको छु। यसरी खारेज भएका निकायहरूको सम्पत्ति तथा दायित्व व्यवस्थापनको कार्य सम्बन्धित मन्त्रालयले मंसिर मसान्तभित्र सम्पन्न गर्नुपर्नेछ। | • महिला तथा बालबालिका विभागको खारेज गर्ने कार्य अन्तर्गत संक्षिप्त O and M गरी कर्मचारीहरूको व्यवस्थापन गरिएको। |

**४. आर्थिक वर्ष २०७९/८० मा र २०८० चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/ कानून/ कार्यविधि/ निर्देशिका /मापदण्डहरू:**

| क्र. सं. | नीति/कानून /कार्यविधि/ निर्देशिका /मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित कानूनको सङ्ग्रह, २०७९ | नयाँ | |
| २ | महिला पहिला कार्यक्रम कार्यविधि, २०७९ | नयाँ | |
| ३ | राष्ट्रपति महिला समुन्नति पुरस्कार, २०७९ | नयाँ | |
| ४ | ज्येष्ठ नागरिक मिलन केन्द्रनिर्माण तथा सञ्चालन कार्यविधि,२०७९ | नयाँ | |
| ५ | ज्येष्ठ नागरिकसम्बन्धी पहिलो संसोधन ऐन, २०७९ | संशोधन | |
| ६ | अपाङ्गता भएका व्यात्तिको आवासीय पुनर्स्थापना सञ्चालन कार्यविधि, २०७९ | नयाँ | |
| ७ | बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ | नयाँ | |
| ८ | बाल अधिकार संरक्षण, सम्बर्धन तथा प्रवर्द्धनसम्बन्धी एकीकृत कार्यविधि, २०७९(स्थानीय तहको नमूनाका लागि) | नयाँ | |
| ९ | राष्ट्रिय बाल अधिकार परिषद्को पाँच वर्षीय रणनीतिक योजना(२०७९-२०८४) | नयाँ | |
| १० | सशर्त अनुदानसम्बन्धी कार्यविधि, २०८० | नयाँ | |
| ११ | राष्ट्रिय बालबालिका नीति, २०८० | नयाँ तर्जुमा | |
| १२ | अपाङ्गता भएका व्यक्तिको आवासीय पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०७९ को (प्रथम संशोधन, २०८०) | संशोधन | |
| १३ | अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०८० (मन्त्रिपरिषद्बाट स्वीकृत) | नयाँ | |
| १४ | लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजना, २०८० | नयाँ तर्जुमा | |
| १५ | राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८० | नयाँ तर्जुमा | |

**५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:**

**महिला तर्फ**

- लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला तथा किशोरीको संरक्षण गर्न स्थापित राष्ट्रिय स्तरको मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्रमा हाल १८ जनाले सेवा लिइरहेका र २८ जनालाई पारिवारिक पुनर्मिलन गराइएको,

- लैङ्गिक हिंसा निवारण कोषबाट चालु आ.व.मा २ जनासहित हालसम्म ७४ जना हिंसा पीडित तथा प्रभावित महिलाहरूलाई राहत रकम प्रदान गराइएको,
- Male Leaders Networking पुनर्गठन गरी लैंगिक हिंसा निवारणको क्षेत्रमा परिचालन गरिएको,
- लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार भएको,
- CEDAW/BPFA कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार भएको,
- अनलाइनबाट हुन सक्ने बेचविखनबाट जोगिन साइबर क्राइमसम्बन्धी जानकारी तथा मानव बेचविखन विरुद्ध अभियान कार्यक्रम सम्पन्न भएको,
- मन्त्रालयबाट प्रदेशस्तर/स्थानीयस्तरमा सशर्त अनुदान प्रदान गरिएका कार्यक्रमको एकीकृत रूपमा अभिमूखीकरण कार्यक्रम २ प्रदेशमा सञ्चालन गरिएको,
- १०० स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन गर्न २ करोड अख्तियारी हस्तान्तरण गरिएको,
- नमूना बस्तीका दलित, अल्पसङ्ख्यक, अतिसीमान्तकृत, सीमान्तकृत समुदायका, लैङ्गिक हिंसा र मानव बेचविखनबाट पीडित तथा कोभिड प्रभावित र विपन्न महिलाहरूका लागि रोजगारमूलक तालिम सञ्चालन गर्न विभिन्न ७ वटा स्थानीय तहलाई ७७ लाखको अख्तियारी हस्तान्तरण गरिएको,
- प्रत्येक प्रदेशका महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशिलता प्रवर्द्धनका लागि प्राविधिक सहयोग अन्तर्गत ३ करोड १५ लाख अख्तियारी हस्तान्तरण गरिएको,
- महिला समुत्थान परियोजना अन्तर्गत सबै PMU र PIU टिमलाई अभिमुखीकरण तथा योजनासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको,
- महिला समुत्थान परियोजनाको परामर्शदाताहरूको छनौट भएको।

**ज्येष्ठ नागरिक तर्फ**

- ज्येष्ठ नागरिक संरक्षणका लागि यस आ.व.मा ४८ सहित हालसम्म २७३ स्थानीय तहमा दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन भएको,
- पशुपति वृद्धाश्रममा ७० जना ज्येष्ठ नागरिकहरू (पुरुष २५ जना र महिला ४५ जना) लाई आवास, भरणपोषण, स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको।

**अपाङ्गता अधिकार प्रवर्द्धन तर्फ**

- अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको,
- १३० जना कुष्ठ प्रभावित व्यक्तिहरू र ८८ जना बेवारिसे, सहाराविहिन र विपन्न पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई आवासीय पुनर्स्थापना सेवा प्रदान गरिएको,

- सहायक सामाग्री उत्पादन तथा वितरण कार्यक्रम मार्फत चालु आ.व.मा ३३७ सहित आ.व. २०७७/०७८ देखि हालसम्म कुल ९२९३ जना अपाङ्गता भएका व्यक्तिलाई सहायक सामाग्री वितरण गरिएको।
- बेवारिसे, असहाय, सहाराविहिन र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति र कुष्ठ प्रभावित व्यक्ति गरी कुल २२८ जना व्यक्तिलाई आवासीय पुनःस्थापना सेवा निरन्तर प्रदान भइरहेको,
- सशर्त अनुदानमा बजेट विनियोजन भई दोभाषे सेवा तालिम, हेरचाहसम्बन्धी तालिम लगायत सीप विकास, क्षमता विकास, सचेतना एवं सशक्तीकरणसम्बन्धी कार्यक्रम सञ्चालन भएको,
- ७५ जना बौद्धिक, अटिजम र श्रवण दृष्टिविहिन भएका व्यक्तिका अभिभावक तथा संरक्षकलाई ५ दिने हेरचाहसम्बन्धी तालिम प्रदान भएको।

**बालबालिका तर्फ**

- बालबालिका नीति,२०८० मन्त्रिपरिषद्‌बाट स्वीकृत भएको,
- अशक्त वा अपाङ्गता भएका वा गम्भीर प्रकृतिको रोगका कारण परिवारबाट बेवास्ता भई कठिन अवस्थामा रहेका बालबालिकालाई आवासीय संरक्षण गर्ने संस्थामा रहेका ७४ जना (बालक ४२ र बालिका ३२)बालबालिकालाई पालन पोषण तथा बाल संरक्षण राहत सहयोग प्रदान गरिएको,
- भारतमा बेवारिसे भएर भारतीय प्रहरी र भारतीय बाल कल्याण समितिले उद्धार गरी भारतका विभिन्न राज्यका बाल गृहमा राखिएका २९ जना नेपाली बालबालिकालाई विभिन्न संघ संस्थाको समन्वय र सहकार्यमा नेपाल फिर्ता गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गरिएको,
- बालबालिकासम्बन्धी नियमावली, २०७८ तथा बाल गृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ बमोजिम १२६ वटा संस्थालाई बाल गृह सञ्चालन अनुमति प्रदान गरिएको र यस अवधिमा १६२ वटा बाल गृहको अनुगमन गरी पृष्ठ पोषण गरिएको। मापदण्ड पूरा नगरेका काठमाडौं उपत्यकाभित्र सञ्चालनमा रहेका ४ वटा बाल गृहहरूबाट २५ जना बालक र १९ जना बालिका गरी ४४ जना बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको,
- बाल गृह सञ्चालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन काठमाडौं उपत्यकाका ६७ वटा बाल गृहका १३४ जना सञ्चालक तथा कर्मचारीहरूलाई सम्बन्धित स्थानीय तहको सहकार्यमा वैकल्पिक हेरचार र बाल गृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कानून र मापदण्डबारे अभिमुखीकरण गरिएको,

- तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक भएका ६७ जना (बालक १० र बालिका ५७) बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रबन्ध गरी सोमध्येका ६३ जनालाई परिवारमा पुनर्मिलन गरिएको र बाल कल्याण अधिकारी, स्थानीय तह, बालबालिका खोजतलास सेवा १०४, बाल हेल्पलाइन सेवा १०९८ र नेपाल प्रहरीको सिफारिश तथा समन्वयमा बाल गृह बन्द हुँदा घरपरिवार नभएका सहित ६३ जना (बालक ३६ र बालिका २७) बालबालिकाको दीर्घकालीन संरक्षण व्यवस्थापन गरिएको,
- झापा, मोरङ र सुनसरी जिल्लाका प्रहरी कार्यालयका ५२ जना कर्मचारीलाई बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नम्वर १०४ र बाल संरक्षण सूचना प्रणालीबारे एक दिने अभिमुखीकरण गरिएको,
- बालबालिकासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८० प्रकाशन तथा सार्वजनिकीकरण गरिएको र यसलाई अंग्रेजी भाषामा समेत प्रकाशन गरिएको,
- कोशी, गण्डकी र कर्णाली प्रदेशमा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि केही स्थानीय तहमा स्थानीय र वडा स्तरीय जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बालमैत्री स्थानीय शासन प्रवर्धनात्मक अन्तर्क्रिया तथा समन्वय छलफल बैठक गरी सहजीकरण गरिएको,
- सशस्त्र प्रहरी बल महेश्वरी बाहिनी मुख्यालय वीरेन्द्रनगर सुर्खेतमा सञ्चालित प्रहरी तालीममा सहभागी प्रशिक्षार्थीहरू ३१ जनालाई बाल अधिकार, बाल न्याय र बालमैत्री व्यवहारबारे सहजीकरण तथा अभिमुखीकरण गरिएको ।

अन्य तर्फ

- सशर्त अनुदान कार्यक्रमको प्रगति समीक्षा कार्यक्रम दुई(बागमती र मधेश) प्रदेशमा सम्पन्न भएको,
- मन्त्रालयद्वारा सञ्चालित कार्यक्रमहरूको स्थलगत अनुगमनमा प्रयोग गरिने सूचकसहितको कार्यक्रमको विवरण तयार गरी यसलाई पुस्तिकाको रुपमा प्रकाशन गरिएको,
- सामाजिक सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनसम्बन्धी स्थानीय तहको क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको परियोजना सम्झौता २३ वटा र १८ वटा साधारण सम्झौताको सहमति प्रदान गरिएको,
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका साधारण परियोजना सम्झौताबमोजिम ४१ वटा कार्य सहमति र ३५ वटा गैर पर्यटकीय भिसाका लागि सिफारिश गरिएको,
- ३५ वटा श्रम स्वीकृति सिफारिश, १६ वटा आयात इजाजत सिफारिश र ५ वटा भन्सार महसुल छुट सिफारिश गरिएको,

- ८९९ राष्ट्रिय गैर सरकारी संस्थाको १४ अर्ब ५० करोड ९४ लाख रकमको परियोजना स्वीकृत गरिएको,
- ३५ अन्तराष्ट्रिय गैर सरकारी संस्थाको र ३१७ गैर सरकारी संस्थाको परियोजना मूल्याङ्कन गरिएको।

**६. आर्थिक वर्ष २०७९/२०८० मा मन्त्रालयबाट सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:**

**महिला तर्फ**

- लैङ्गिक समानता नीति कार्यान्वयन कार्ययोजना, २०७९ तयार भई स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको,
- महिला सुरक्षा सेवा कार्यक्रम अन्तर्गत महिला सुरक्षा सेवा अवधारणा पत्र तयार भएको,
- महिलाहरूको घरेलु कामको मूल्य निर्धारणसम्बन्धी अध्ययनको TOR तयार गरिएको,
- महिला पहिला कार्यक्रम कार्यान्वयनको लागि कार्यविधि निर्माण गरिएको,
- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको हवाई उद्धार कार्यक्रम अन्तर्गत आ.व.२०७९/८० मा १६७ जनाको उद्धार गरिएको,
- उद्यमशीलता विकास प्रशिक्षण कार्यक्रम अन्तर्गत सुनसरी, सिराहा, चितवन, म्याग्दी, नेपालगञ्ज, सुर्खेत, कैलालीमा १४० जनालाई प्रशिक्षण प्रदान गरिएको,
- सु.प.प्रदेश बाहेक राष्ट्रपति महिला समुन्नति पुरस्कार (प्रत्येक प्रदेशबाट १/१ जनाको दरले) ६ प्रदेशका ६ जना महिला उद्यमीलाई पुरस्कार प्रदान गरिएको,
- २०० जनाको सहभागितामा सामाजिक कुरीति, हिंसा, मानव बेचविखन विरुद्धको अभियान कार्यक्रम अन्तर्गत दैलेख, कञ्चनपुरमा कार्यक्रम सञ्चालन गरिएको,
- २ लाखका दरले १०० वटा स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन सशर्त अनुदान कार्यक्रममा वित्तीय हस्तान्तरण गरी प्रदेश तथा स्थानीय तहमा पठाइएको,
- ४५ लाखका दरले प्रत्येक प्रदेशका महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग सशर्त अनुदान प्रदान गरिएको।
- ८ लाख ९० हजारका दरले ५५ जिल्लाका कम्तीमा २ स्थानीय तह रहने गरी मानव विकास सूचकांकमा पछाडी परेका जम्मा १११ स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि वित्तीय हस्तान्तरण गरी सम्बन्धित स्थानीय तहमा पठाइएको,
- नमूना बस्तीका दलित, अल्पसंख्यक, अतिसीमान्तकृत, सीमान्तकृत समूदायका, लैंगिक हिंसा र मानव बेचविखनबाट पीडित तथा कोभिड प्रभावित र विपन्न महिलाहरूका लागि रोजगारमूलक तालीम सञ्चालन गर्न सशर्त अनुदान ७ प्रदेशको ७ स्थानीय तहमा प्रदान गरिएको,

- लैंगिक हिंसामा परेका पीडित तथा प्रभावितहरूलाई उद्धार, राहत, क्षतिपूर्ति, स्वास्थ्य उपचार मनोसामाजिक परामर्श दिई सामाजिक पुनर्मिलन कार्यक्रम सञ्चालन भएको।
- रामेछाप, पोखरा, नुवाकोट र रौतहट जिल्ला कारागार कार्यालयमा गरी ९५ जना विभिन्न आरोप तथा अपराधका कारण जेल सजाय भोगिरहेका महिला तथा किशोरीहरूलाई सामाजिक सचेतनासहितको सकारात्मक सोंच कार्यक्रम सञ्चालन गरिएको,
- विभिन्न प्रकारका लैंगिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि सुरक्षित पुनर्स्थापना केन्द्र सञ्चालनमा रहिरहेको,
- कोशिश नेपाल संस्थासँगको सहकार्यमा २० जना लैगिंक हिंसाबाट पीडित मानसिक समस्या भएका महिला तथा किशोरीहरू सुरक्षित रूपमा पुनर्स्थापन गरिएको,
- ३ जना लैंगिक हिंसामा परेका पीडितलाई तत्काल उद्धार तथा औषधि उपचार खर्च उपलब्ध गराइएको,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को संशोधन र मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति तथा कार्ययोजनाको मस्यौदा तयार भएको,
- कर्णाली प्रदेशको सुर्खेत, कोशी प्रदेशको विराटनगर, र सुदूरपश्चिम प्रदेशको कैलालीमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अभियान कार्यक्रम सञ्चालन गरिएको,
- नेपालगञ्ज र सिन्धुपाल्चोकमा पुनर्स्थापना केन्द्रमा रहेका मानव बेचविखन तथा ओसारपसार पीडित/प्रभावितहरूका लागि  मनोसामाजिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,
- रसुवा जिल्लामा अनलाइनबाट हुन सक्ने बेचविखनबाट जोगिन साइबरक्राइमसम्बन्धी जानकारी तथा मानव बेचविखन विरुद्ध अभियान कार्यक्रम सञ्चालन गरिएको,
- पुनर्स्थापना केन्द्र कास्कीको संरक्षणमा रहेका १० जना पीडित तथा प्रभावित महिला तथा किशोरीहरूलाई ३ महिने ब्यूटिसियन तालीम सञ्चालन गरिएको
- मानव बेचविखनबाट पीडित प्रभावितहरूको लागि सञ्चालित पुनर्स्थापना केन्द्रहरू सुर्खेत, दैलेख(सोसेक नेपाल), विरगंज, झापा, रुपन्देही, नेपालगञ्ज, कास्की र सिन्धुपाल्चोक जिल्लामा सञ्चालित पुनर्स्थापना केन्द्रहरूको अनुगमन गरिएको,
- अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप समय/समयमा पेश गर्नुपर्ने प्रतिवेदन मध्ये CEDAW को सातौं आवधिक प्रतिवेदन UN को CEDAW समितिमा पेश गरिएको,
- प्रदेश तथा स्थानीय तहका सरोकारवाला निकायकाहरूमा लैंगिक समानता नीति र कार्यान्वयन कार्ययोजनाबारे जानकारी गराइएको,
- लैंगिक परीक्षण निर्देशिका तयार भएको,
- रुपन्देही, बाँके, झापा र मकवानपुर जिल्लामा बालबालिकालाई लागु औषध, दुर्व्यसनी, बालविवाह नियन्त्रणसम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको,

- स्थानीय तहका कर्मचारीहरूलाई लैङ्गिक तथा बालअधिकार मूलप्रवाहीकरणसम्बन्धी तालिम प्रदान गरिएको,
- धादिङ्ग, प्यूठान, तेह्रथुम, पाल्पा, खोटाङ, सिराहा र ओखलढुङ्गामा सामाजिक कुरीति तथा हानिकारक अभ्यास विरुद्ध सचेतना कार्यक्रम सञ्चाल गरिएको,
- विश्वव्यापी महाव्याधी/स्वास्थ्य संकट लगायत विपद्मा आइपर्ने समस्या तथा समाधानसम्बन्धी (Protection Cluster) को विषय क्षेत्रगत भुमिका बारे २ दिने अभिमुखीकरण कार्यक्रम दाङ्ग, ताप्लेजुङ्ग, र मुस्ताङ जिल्लाको स्थानीय तहमा सञ्चालन गरिएको,
- अछाम र बाजुरा जिल्लाको स्थानीय तहमा जनप्रतिनिधि, कर्मचारी, धार्मिक अगुवा, धामीझाक्री, समूदायका ज्येष्ठ महिला/पुरुष, शिक्षक/शिक्षिका, पत्रकार लगायत सरोकारवालाबीच छाउपडी प्रथा विरुद्ध जनचेतनामूलक २ दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।

**ज्येष्ठ नागरिक तर्फ**

- गोठाटारमा निर्माण गर्ने ४५ वेडको ज्येष्ठ नागरिक अस्पताल र १६५ क्षमताको वृद्धाश्रम निर्माण गर्न LMBIS संशोधन गरी सघन शहरी विकास आयोजनालाई रकम हस्तान्तरण गरिएको,
- ज्येष्ठ नागरिकसम्बन्धी अन्तरनिकाय समन्वय समिति गठन भई बैठक सम्पन्न गरिएको,
- जेष्ठ नागरिक कोषमा रु. १५ लाख रकम थप जम्मा गरिएको,
- प्रदेश र स्थानीय निकायसँग समन्वय गरी वृद्ध अवस्था व्यवस्थापनको लागि वृद्धा स्याहार-सुसारसबन्धी प्रशिक्षण कार्यक्रम सातै प्रदेशमा सञ्चालन गरिएको,
- राष्ट्रिय ज्येष्ठ नागरिक नीतिको प्रारम्भिक मस्यौदा तयारी भई सरोकारवाला निकायहरूको राय सुझाव संकलनको काम भइरहेको,
- प्रदेश स्तरमा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाइ उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम अन्तर्गत प्रदेश नं १ को धनकुटामा, बागमती प्रदेशको काठमाडौं र कर्णाली प्रदेशको सुर्खेतमा कार्यक्रम सञ्चालन गरिएको,
- पशुपति वृद्धाश्रम मार्फत ८४ जना ज्येष्ठ नागरिकहरू (पुरुष ३० जना र महिला ५४ जना) लाई आवास, भरणपोषण, स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको।

**अपाङ्ग अधिकार प्रवर्द्धन तर्फ**

- राष्ट्रिय अपाङ्गता नीति, २०७९ तयार भई स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको,
- कुल ३ हजार ८६ जना अपाङ्गता भएका व्यक्तिलाई सहायक सामाग्री वितरण गरिएको,
- राष्ट्रिय अपाङ्गता नीति, २०७९ तयार भई स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको,

- दोभाषे सेवा सञ्चालन सम्वन्धी कार्यविधिको प्रारम्भिक मस्यौदा तयार गरिएको,
- अपाङ्गता पुनस्थापना केन्द्र संचालक, हेरचाह तथा स्याहारकर्ताहरूलाई Care Giver तालीम सञ्चालनको लागि हेरचाहसम्बन्धी आधारभूत तालिम सञ्चालन स्रोत पुस्तिका, २०८० तयार भई कार्यान्वयनमा रहेको,
- अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८० (नमूना) को प्रारम्भिक मस्यौदा तयार भएको।
- १३५ जना कुष्ठरोग प्रभावित व्यक्तिहरूलाई आवासीय सेवा कार्यक्रम र समूदायमा बसोबासमा गएका ६८ जनालाई मासिक कुष्ठरोगी जीवन यापन वृत्ति भत्ता वितरण कार्य सञ्चालन भइरहेको,
- २८ जना सहारा विहिन पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई ४ वटा पुनःस्थापना केन्द्र नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र जोरपाटी, जिल्ला शाखा धनुषा, जिल्ला शाखा झापा र अपाङ्गता सशक्तीकरण एवं सञ्चार केन्द्र (डेक) नेपाल बाँके, नेपालगंजमा पुनर्स्थापित गरिएको,
- पूर्ण दृष्टिविहिन भएका व्यक्तिहरूलाई पूर्ण अशक्त अपाङ्गतामा वर्गीकरण गरी 'क' वर्गको अपाङ्गता परिचयपत्र दिने विषयमा मन्त्रालयमा प्रतिवेदन पेश गरेको,
- हेरचाहसम्बन्धी आधारभूत तालिम सञ्चालन स्रोत पुस्तिका, २०८० र अपाङ्गता स्रोत पुस्तिका, २०७८ प्रकाशन भएको,
- दोभाषे सेवा सञ्चालनसम्बन्धी कार्यविधिको प्रारम्भिक मस्यौदा तयार गरिएको,
- ३ वटा सङ्घीय मन्त्रालयहरू (अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) को भौतिक संरचनाको पहुँचयुक्त परीक्षण गर्ने कार्य सम्पन्न भएको,
- १७ वटा जिल्ला ३० वटा भन्दा बढी अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूको अनुगमन गरिएको,
- नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र, मार्फत सहाराविहिन तथा पूर्ण अशक्त अपाङ्गता भएका ८२ जना व्यक्तिहरूलाई पूर्ण आवासीय पुनर्स्थापना सेवा कार्यक्रम सञ्चालन भइरहेको,
- अपाङ्गता भएका व्यक्तिहरूका अधिकार एवं विद्यमान ऐन कानूनका सम्वन्धमा सचेतनामूलक अन्तर्क्रिया कार्यक्रम ४ वटा प्रदेशको ४ वटा जिल्लामा सञ्चालन गरिएको,
- अपाङ्गता पुनस्थापना केन्द्र सञ्चालक, हेरचाह तथा स्याहारकर्ताहरूलाई Care Giver तालीम सञ्चालनको लागि हेरचाहसम्बन्धी आधारभुत तालीम सञ्चालन स्रोत पुस्तिका, २०८० तयार भई कार्यान्वयनमा रहेको,

- अपाङ्गता पुनर्स्थापना केन्द्र सञ्चालक, हेरचाह तथा स्याहारकर्ताहरूलाई Care Giver तालीम ३ वटा प्रदेशका अभिभावक/संरक्षक तथा पुनर्स्थापना केन्द्रका सञ्चालकहरू(२५/२५ जनाको दरले ७५ जना) लाई तालीम दिइएको।

**बालबालिका तर्फ**

- तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका वडा नं ५ ढकालटारमा बाल सुधार गृह भवन निर्माणका लागि शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई कास्की पोखरा मार्फत कार्यान्वयन गर्न बजेट अख्तियारी दिई निर्माण प्रकृयामा रहेको,
- राष्ट्रिय बालबालिका नीति, २०७९ स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको, दश वर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा तर्जुमा भएको र सरोकारवाला निकायको राय सुझाव संकलनको क्रममा रहेको,
- नेपालगञ्जमा बालसुधार गृहको थप कार्य सम्पन्न भएको,
- सिंहदरबार परिसर र ललितपुरमा दिवा शिशु स्याहार केन्द्र सञ्चालनमा रहेको,
- पर्सा, मकवानपुर, रुपन्देही र मोरङका बालसुधार गृहका कर्मचारीहरू तथा पदाधिकारीहरूलाई बाल अधिकार तथा बाल संवेदनशीलतासम्बन्धी अनुशिक्षण कार्यक्रम प्रदान गरिएको,
- डोटी, सुर्खेत, पोखरा, भैरहवा र विराटनगरमा बालबालिकाको अधिकार सम्बन्धमा भएका नीतिगत व्यवस्थाहरूको सम्बन्धमा प्रदेशस्तरीय प्रचारात्मक एवं अभियानमूलक कार्यक्रम सञ्चालन गरिएको,
- रुपन्देही, मोरङ,कास्की र भक्तपुरको बाल सुधार गृह अनुगमन गरिएको,

**बालबालिका खोजतलास नं. १०४ सञ्चालन तथा व्यवस्थापन**

- देशभर हराएका ५ हजार ८ सय २६ जना बालबालिका खोजतलास गरिएकोमा सोमध्ये ५ हजार १ सय ५० जना र गत आ.व.२०७८/७९ मा समेत हराएर खोजतलास जारी रहेकामध्ये थप १२८ जना गरी कुल ५ हजार २ सय ७८ जना बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको,
- वेवारीस फेला परेका ३६२ जना बालबालिका मध्ये २११ जनालाई परिवारमा पुनर्मिलन गरिएको र बाँकी १५१ जना लाई अस्थायी संरक्षणका लागि बाल गृहमा राखिएको,
- १५८ जना बालबालिकालाई अस्थायी संरक्षणका लागि बाल गृहमा पुनःस्थापना गरिएको। यसरी ५ हजार ६ सहय ४७ जना बालबालिकाको उद्धार, पुनर्मिलन र पुनःस्थापना गरी संरक्षण व्यवस्थापन गरिएको,

- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन अन्तर्गत,
- आ.व. २०७९/८० को असार मसान्तसम्म जम्मा ४८६ जना सडक बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिकोमा ६९ जनालाई परिवारमा पुनर्मिलन गरिएकोले अस्थायी संरक्षण सेवा केन्दमा बाँकी ४१७ जना रहेका,
- १२६ जना सडक बालबालिकाको उद्धार गरी उद्धार गरिएको।

**बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन तथा व्यवस्थापन**

- जोखिममा परेका ८७५  जना बालबालिकालाई उद्धार गरिएको,
- यस महिनासम्ममा ९ हजार ४ सय १० जना बालबालिकालाई आवश्यक राहत, मनोविमर्श लगायतका सेवाहरू तथा सहयोग उपलब्ध गराइएको,
- २०८ जना बालबालिकालाई विभिन्न संस्था/बाल गृहमा पुनःस्थापना गरिएको,
- आ.व. २०७९/८० मा अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका समेत गरी ६१४ जना बालबालिकालाई परिवारमा पुनर्मिलन गरिएको।

**अन्य तर्फ**

- अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको परियोजना सहजिकरण समितिको ७४ वटा बैठक बसी साधारण र परियोजना प्रस्तावहरू उपर छलफल गरी आवश्यक सुझाबहरू दिइएको,
- २४ साधारण सम्झौता र ५६ वटा परियोजनाको सम्झौताका लागि सहमति दिइएको,
- २८ वटा अन्तराष्ट्रिय/राष्ट्रिय गै.स.स.को अनुगमन गरिएको,
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका साधारण/परियोजना सम्झौताबमोजिम ३ वटा कार्य सहमति, गैर पर्यटकीय भिसाका लागि सम्बन्धित निकायमा  सिफारिश गरिएको,
- झापा जिल्लाको दमक नगरपालिका र सुनसरी जिल्लाको गढी तथा बर्जु गाउँपालिकाका वडा प्रतिनिधिहरू लगायतको सहभागितामा यौनिक तथा लैंगिक अल्पसंख्यकसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको,
- तोकिएबमोजिम (महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यक) १० जना विद्यार्थीहरू छनौट गरी शोधपत्र कार्यका लागि प्रति व्यक्ति रु.२५०००/- का दरले सहयोग उपलब्ध गराइएको,
- सबै पालिकालाई तीन समूह बनाई भर्च्युअल र कास्की, लमजुङ्ग, तनहुँ, दोलखा र रामेछाप जिल्लाका १९ वटा सबै पालिकाहरूका सम्बन्धित कर्मचारीहरू एवं विभिन्न सरोकारलालाहरूलाई SIMS सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- कमर्चारीहरूको लागि सकारात्मक सोंच, नेतृत्व विकास जस्ता विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको,

- सशर्त अनुदान कार्यान्वयनको प्रगति समीक्षा प्रदेशस्तर कार्यक्रम कोशी प्रदेशको विराटनगरमा सम्पन्न गरिएको।

## ७. आर्थिक वर्ष २०७९/२०८० को खुद बजेट तथा खर्चको यथार्थ विवरण

चालु तर्फ (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११३ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय(P1) | ९६९०० | ७९९७५ | ८२.५३ |
| ३४००००१२३ | पशुपति वृद्धाश्रम(P1) | ३१६०० | २२२२१ | ७०.३२ |
| ३४०००१०१३ | लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम (P1) | ३६००० | १९१७८ | ५३.२७ |
| ३४०००१०२३ | सामाजिक विकास कार्यक्रम(P1) | १२८७०० | ६८५७१ | ५३.२८ |
| ३४०००१०३३ | बाल विकास कार्यक्रम (P1) | ७१४०० | ४५८१८ | ६४.१७ |
| ३४०००१०५३ | राष्ट्रपति महिला सशक्तीकरण परियोजना(P1) | २५८६०० | ४५४०३ | १७०५६ |
| ३४००११०१३ | महिला तथा बालबालिका विभाग(P1) | ३५८०० | २४६६४ | ६८.८९ |
| ३४०००१०६३ | महिला समुत्थान कार्यक्रम(P1) | ३७८००० | ० | ० |
| ३४०८१०११३ | राष्ट्रिय बालअधिकार परिषद(P2) | ७०८०० | ५३६३५ | ७५.७६ |
| | **जम्मा** | **११०७८००** | **३५९४६५** | **३२.४५** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००००११४ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय(P1) | ४३०० | २१५३ | ५०.०७ |
| ३४००००१२४ | पशुपति वृद्धाश्रम(P1) | १५०० | १३९४ | ९२.९२ |
| ३४०००१०१४ | लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम (P1) | ० | ० | ० |
| ३४०००१०२४ | सामाजिक विकास कार्यक्रम(P1) | २२५००० | ० | ० |
| ३४०००१०३४ | बाल विकास कार्यक्रम (P1) | १००२०० | १८१८२ | १८.१५ |
| ३४०००१०५४ | राष्ट्रपति महिला सशक्तीकरण परियोजना(P1) | २९०० | २१८९ | ७५.५ |
| ३४००११०१४ | महिला तथा बालबालिका | १७००० | ९८०६ | ५७.६९ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | विभाग(P1) | | | |
| ३४०००१०६४ | महिला समुत्थान कार्यक्रम(P1) | ७१०० | ० | ० |
| ३४०८१०११४ | राष्ट्रिय बालअधिकार परिषद(P2) | ३५०० | २४५३ | ७०.०८ |
| | जम्मा | ३६१५०० | ३६१७७ | १०.०१ |

८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००००११३ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय(P1) | २८६४७८.२ | ८६४९२ | ३०.१९ |
| ३४००००१२३ | पशुपती वृद्धाश्रम(P1) | ३२५०० | १९३०० | ५९.३८ |
| ३४०००१०१३ | लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम (P1) | २९४०० | १३१७९ | ४४.८३ |
| ३४०००१०२३ | सामाजिक विकास कार्यक्रम(P1) | १२९३०० | २५५०४ | १९.७२ |
| ३४०००१०३३ | बाल विकास कार्यक्रम (P1) | ७८१५८.८ | ३९६७० | ५०.७६ |
| ३४०००१०५३ | राष्ट्रपति महिला सशक्तीकरण परियोजना(P1) | २२३९०० | ३९४९५ | १७.६४ |
| ३४०००१०६३ | महिला समुत्थान कार्यक्रम(P1) | ३०३७०० | २३३३६ | ७.६८ |
| ३४०००१०७३ | नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको समावेशी सशक्तीकरण परियोजना | ९३०० | ० | ० |
| ३४०००१०८३ | लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना | ९००० | ० | ० |
| ३४०८१०११३ | राष्ट्रिय बालअधिकार परिषद(P2) | ८२०६३ | ४६००० | ५६.०५ |
| | जम्मा | ११८३८०० | २९२९७६ | २४.७५ |

पुँजीगत तर्फ (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३४००००११४ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय(P1) | ७२०० | ३०३९ | ४२.२ |
| ३४००००१२४ | पशुपती वृद्धाश्रम(P1) | ४५०० | ३०८० | ६८.४५ |
| ३४०००१०१४ | लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम (P1) | ० | ० | ० |
| ३४०००१०२४ | सामाजिक विकास कार्यक्रम(P1) | ९३७०० | ८०३ | ०.८६ |
| ३४०००१०३४ | बाल विकास कार्यक्रम (P1) | १३४००० | ५९०१ | ४.४ |
| ३४०००१०५४ | राष्ट्रपति महिला सशक्तीकरण परियोजना(P1) | ५०० | २८२ | ५६.३६ |
| ३४०००१०६४ | महिला समुत्थान कार्यक्रम(P1) | १४५९०० | ७४७० | ५.१२ |
| ३४०००१०७४ | नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको समावेशी सशक्तीकरण परियोजना | ११०० | ० | ० |
| ३४०००१०८४ | लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना | १००० | ० | ० |
| ३४०८१०११४ | राष्ट्रिय बालअधिकार परिषद(P2) | ४५०० | ४४०६ | ९७.०९ |
| | **जम्मा** | ३९२४०० | २४९८१ | ६.३७ |

# युवा तथा खेलकुद मन्त्रालय

## १. संक्षिप्त परिचय

### १.१ पृष्ठभूमिः

युवाको क्षमता अभिवृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरणमा उनीहरूको सक्रिय सहभागिता बढाउन र खेलकुद गतिविधि मार्फत नागरिकको शारीरिक तन्दुरूस्तीका साथसाथै सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकास गर्दै राष्ट्रिय एकता र गौरव अभिवृद्धि गर्न युवा तथा खेलकुद मन्त्रालय क्रियाशील रहेको छ। स्वरोजगार तथा रोजगार बन्नका लागि युवालाई सहयोग गर्नुका साथसाथै स्काउट अभियान मार्फत युवामा अनुशासन र स्वयंसेवकीय संस्कार अभिवृद्धि गर्न मन्त्रालय प्रयासरत छ।

### १.२ दीर्घकालीन सोचः

युवाको सर्वाङ्गीण विकास गरी राष्ट्र निर्माणको प्रमुख आधार बनाउनुका साथै स्वच्छ, व्यावसायिक र मैत्रीपूर्ण खेलकुद वातावरणको अभिवृद्धि गरिनेछ।

### १.३ उद्देश्यः

- युवामा दक्षता र क्षमताको विकास गर्ने,
- युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउने,
- शासकीय प्रक्रिया एवम् सामाजिक, साँस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्ने,
- युवालाई आत्मनिर्भर, स्वाबलम्बी, अनुशासित र चरित्रवान बनाउने,
- स्वयंसेवकीय कार्यमा युवालाई उत्प्रेरित गरी परिचालन गर्ने,
- खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्ने,
- खेलकुद क्षेत्रलाई प्रतिष्पर्धी र व्यवसायिक बनाउने,
- सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्ने।

### १.४ रणनीतिः

- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको अवसर सिर्जना गर्ने,
- युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने,
- युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने,
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने,
- तीन वटै तहको नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने,
- युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने,

- स्काउटको संरचनालाई विकास र विस्तार गर्ने,
- सबै तहसँगको समन्वय र सहकार्यमा खेलकुदका पूर्वाधारहरूको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने,
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,
- खेलकुद विकासमा आवद्ध निकाय, संघ संस्थाहरूको क्षमता विकास तथा संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्ने,
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको विकास गर्ने,
- समाजका प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्त्व स्थापित गर्दै सबै उमेर समूहका नागरिक सहभागी हुने अवसर सिर्जना गर्ने,
- आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | युवा तथा खेलकुद मन्त्रालय | ५७ | ५४ | ३ | ० |
| २ | राष्ट्रिय खेलकुद परिषद् | १००० | ७६८ | २३२ | ० |
| ३ | राष्ट्रिय युवा परिषद् | ३० | ३० | ० | ० |
| ४ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | ६८ | ५२ | १६ | ० |
| ५ | फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति | ८ | ४ | ४ | ० |
| ६ | नेपाल स्काउट | ५६ | ५६ | ० | ० |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २६८ | युवा जनशक्तिलाई मुलुकको आर्थिक तथा सामाजिक विकासमा परिचालन गरिनेछ। युवाको क्षमता विकास गरी रोजगारयोग्य बनाइनेछ। उद्यमशीलता विकास एवं वित्तीय स्रोत-साधनमा पहुँच अभिवृद्धि गरी युवालाई राष्ट्रिय उत्पादन प्रणालीमा आवद्ध गरिनेछ। खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम र अनुशासित जनशक्ति तयार गरिनेछ। | • राष्ट्रिय युवा नीति, २०७२ परिमार्जनको मस्यौदामा सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी सुझाव संकलन गरिएको,<br>• कर्णाली प्रदेशमा ७० जनालाई स्काउट विपद् व्यवस्थापन तालीम प्रदान गरिएको,<br>• ५०९ जनालाई स्काउट तालिम प्रदान गरिएको,<br>• ४१० जना युवाहरूलाई विज्ञद्वारा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | मनोपरामर्श, लागूऔषध विरुद्ध, उद्यमशीलता, उद्यम विकास तथा प्रवर्द्धन जस्ता विषयमा युवाहरूलाई परामर्श प्रदान गरिएको,<br>• अन्तराष्ट्रिय सम्मेलनहरूमा आफ्ना विषयवस्तु प्रस्तुत गर्ने सीप विकासका लागि १८० जना युवाहरूको सहभागितामा UN Mock Assembly सम्पन्न भएको,<br>• द्वन्द प्रभावित २० जना युवालाई परियोजना प्रस्ताव लेखन र AI (Artificial Intelligence) सम्बन्धी तालिम प्रदान गरिएको। |
| २६९ | आर्थिक वर्ष २०८०/८१ लाई युवा उद्यमशीलता प्रवर्द्धन वर्षको रूपमा मनाइनेछ। युवा पुस्तालाई उद्यमशीलता विकास र व्यवसाय सञ्चालनमा आकर्षित गर्न सीप, पुँजी र प्रविधिमा पहुँच वृद्धि गरिनेछ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानी मोडालिटी परिवर्तन गरी युवालाई व्यवसाय गर्न सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। खेलाडीलाई स्वरोजगार बन्न चाहेमा युवा स्वरोजगार कोष मार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। | • ४ हजार २५८ जना युवालाई स्वरोजगार व्यवसाय सञ्चालनका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत कर्जा लगानी गरिएको। त्यस्ता स्वरोजगार व्यवसाय मार्फत थप ३ हजार ३६२ जनाले रोजगारी प्राप्त गरेको,<br>• ३७१ जना युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको,<br>• दलित, अल्पसंख्यक तथा सीमान्तकृत वर्गका १ हजार २०० जना युवालाई अनलाइन माध्यमबाट लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गरिएको। |
| २७० | राष्ट्रिय युवा परिषद् मार्फत विकास निर्माण तथा समाज सेवामा युवा स्वयंसेवक परिचालन गरिनेछ। युवाको क्षेत्रमा कार्यरत संघ संस्था परिचालन गरी आर्थिक, सामाजिक र साँस्कृतिक जागरण अभियान सञ्चालन गरिनेछ। | • विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा ६०५ जना युवा स्वयंसेवक परिचालन गरिएको।<br>• युवाको क्षेत्रमा कार्यरत १४ वटा गैरसरकारी संस्थासँगको साझेदारीमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपान्तरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन सम्पन्न भएको,<br>• पथ प्रदर्शक र सहिद तथा वेपत्ता पारिएका परिवारका युवाको सञ्जालहरूसँगको सहकार्यमा समाजिक जागरण कार्यक्रम सञ्चालन गरिएको,<br>• आँखा शिविरमा, ट्राफिक व्यवस्थापन, स्वास्थ्य सचेतना सरसफाइ एवं वृक्षारोपण कार्य र स्थानीय मेला पर्वहरूमा गरी ३९ हजार १२५ जना स्वयंसेवक परिचालन गरिएको। |
| २७१ | त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशालाको रूपमा विकास गरिनेछ। यस रंगशालामा फ्लड लाईट राख्ने कार्य सम्पन्न गरिनेछ। मूलपानी क्रिकेट रंगशालाको निर्माण कार्य सम्पन्न गरिनेछ। विराटनगरको गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला, वैतडीको दशरथ चन्द क्रिकेट रङ्गशाला, कैलालीको फाप्ला क्रिकेट रङ्गशाला र काठमाडौंको सुवर्णशमसेर क्रिकेट रङ्गशाला निर्माण कार्य अघि बढाउन बजेट व्यवस्था गरेको छु। | • कीर्तिपुर क्रिकेट रङ्गशालामा फलड लाइट जडानमा Flood light ठेक्का सम्बन्धमा मिति २०८० चैत ११ गते पुनः बोलपत्र आह्वान भएको र Digital Scoreboard जडानका लागि मिति २०८० चैत ०९ गते बोलपत्र आह्वान गरिएको,<br>• मूलपानी रंगशालामा भीआईपी प्याभिलियन ब्लकमा ढलान र प्लाष्टरको कार्य सम्पन्न भएको। बाँकी नयाँ निर्माण कार्यका लागि प्रारम्भिक लागत अनुमान रु. ६ अर्ब को Preliminary Design तयार भई राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण अघि बढाउन प्रक्रिया सुरु गरिएको,<br>• गिरिजा प्रसाद कोइराला क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा निर्माण गर्ने प्रक्रिया शुरू गरिएको,<br>• पोखरा क्रिकेट रङ्गशालामा भीआईपी प्याभिलियन निर्माण कार्यको डिपिसीसम्म सम्पन्न भएको, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • भैरहवा क्रिकेट रङ्गशालामा प्यारापिट ब्लक वी को सम्पूर्ण कार्य सम्पन्न भएको,<br>• फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम निर्माणको DPR र EIA को लागि सम्झौता भएको। |
| २७२ | निर्माणाधीन धनगढी, इटहरी, पोखरा र नेपालगञ्जको प्रदेश रंगशाला र कभर्ड हल निर्माण सम्पन्न गर्न बजेट व्यवस्था गरेको छु। सार्वजनिक निजी साझेदारीमा हाइअल्टिच्युट ट्रेनिङ सेन्टरका साथै न्याफ्टिङ, क्यानोइङ, प्याराग्लाईडिङ्ग, रक क्लाईम्बिङ र अल्ट्रा म्याराथुन लगायतका साहसिक खेल पूर्वाधार निर्माण गरिनेछ। खेलकुद पर्यटनलाई प्रवर्द्धन गरिनेछ। खेलकुदका पूर्वाधार निर्माण, व्यवस्थापन र प्रतियोगिता सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। | • धनगढी रङ्गशाला निर्माणको कार्य ४९.२५% सम्पन्न भएको,<br>• पोखरा रंगशालामा पानी ट्याङ्की निर्माणको कार्य ८५% सम्पन्न भएको,<br>• नेपालगंज रङ्गशाला बाँकेमा सेन्थेटिक्स ट्र्याक निर्माणका लागि भित्री ड्रेन तथा बाहिरी ड्रेनको ढलान तथा ट्र्याकमा बेस हाल्ने कार्य सम्पन्न तथा ड्रेन कभर निर्माण कार्य भइरहेको,<br>• नारायणी कभर्डहल वीरगंजमा प्याराफिट ढलान कार्य सम्पन्न भएको,<br>• खेलकुदको सिलसिलामा १ हजार ५४९ विदेशी खेलाडी तथा पर्यटकले नेपाल भ्रमण गरेको,<br>• ४ वटा साहसिक तथा पर्वतीय खेलकुद प्रतियोगिता आयोजना गरिएको। |
| २७३ | उन्नाइसौं एसियाली खेलकुद, दक्षिण एसियाली खेलकुद र १० औं राष्ट्रिय खेलकुदको तयारीका लागि खेलाडीलाई आवश्यक प्रशिक्षण दिन बजेट व्यवस्था गरेको छु। अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीलाई प्रोत्साहन र सम्मान गरिनेछ। युवाहरूलाई अनुशासित र स्वस्थ बनाउन मार्शल आर्टस् खेललाई समुदाय स्तरसम्म विस्तार गर्न प्रोत्साहित गरिनेछ। | • २६४ जना विद्यालय शिक्षकलाई खेलकुद शिक्षक तालीम प्रदान गरिएको,<br>• १९ औं एशियाली खेलकुद प्रतियोगिताका लागि २५३ जना खेलाडीले स्वदेशमा र विदेशमा प्रशिक्षण प्राप्त गरेका,<br>• चीनमा आयोजना भएको १९ औं एशियाली खेलकुद प्रतियोगिताको २९ खेलमा नेपालले सहभागिता जनाएको। कराते व्यक्तिगत इभेन्टको महिलातर्फ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | एरिका गुरुङले १ रजत र कवड्डीको महिला टिमले १ काँस्य पदक हासिल गरेको,<br>• साउथ एशियन गेममा स्वर्ण र एशियाली गेममा पदक प्राप्त गर्ने १९६ जना, ओलम्पिकमा सहभागी ५४ जना र प्रथम ओलम्पियन ५ जना गरी जम्मा २५५ जनालाई मासिक रुपमा प्रोत्साहन भत्ता प्रदान गरिएको,<br>• मार्सल आर्टस खेलको विस्तारका लागि १३ वटा प्रतियोगिता आयोजना गरिएको। |
| २७४ | नेपाल ओलम्पिक कमिटी, अखिल नेपाल फुटबल संघ, नेपाल क्रिकेट संघ लगायतका विभिन्न खेल सम्वद्ध संघ संस्थाको क्षमता विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। स्थानीयस्तरमा खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ। | • राष्ट्रियस्तरको ५१ वटा खेलकुद प्रतियोगिता आयोजना गरिएको,<br>• अन्तर्राष्ट्रियस्तरका ५८ वटा खेलकुद प्रतियोगितामा सहभागिता जनाइएको,<br>• २७ वटा अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता आयोजना गरिएको,<br>• ३३ वटा राष्ट्रिय खेलकुद संघहरूलाई खेलकुद प्रतियोगिता आयोजना गर्न अनुदान सहयोग प्रदान गरिएको,<br>• स्थानीय तह, जिल्ला र प्रदेश विद्यालयस्तरीय प्रतियोगिताहरूबाट छनौट भई आएका बालबालिकाहरूका लागि १४ औं केन्द्रस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, २०८० आयोजना गरिएको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय खेलुकद विकास नियमावली, २०७९ | संशोधन भएको | |
| २ | घुम्तिकोषमा आधारित युवा उद्यम कार्यक्रम निर्देशिका | संशोधन भएको | |

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| ३ | राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७९ | संशोधन भएको | |
| ४ | खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७६ | संशोधन भएको | |
| ५ | फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७९ | नयाँ निर्माण | |
| ६ | राष्ट्रिय खेलकुद सम्मान कार्यविधि, २०८० | नयाँ निर्माण | |
| ७ | राष्ट्रिय एण्टिडोपिङ एजेन्सीको संयोजक सिफारिशसम्बन्धी कार्यविधि, २०८० | नयाँ निर्माण | |

**५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा सम्पादन भएका अन्य महत्त्वपूर्ण कार्यहरूः**

- विभिन्न सरकारी तथा गैरसरकारी संस्थासंगको सहकार्यमा ४०० युवाको सहभागितामा नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन सम्पन्न गरिएको,
- युवा नेतृत्व विकास र नीति प्रवर्द्धनका लागि राष्ट्रिय युवा परिषद् र नेपाल जेसिसबीच सहकार्यमा केन्द्रीय युवा सम्मेलन सम्पन्न,
- युवा मैत्री स्थानीय शासन प्रवर्दनका लागि ७ प्रदेशका विभिन्न स्थानमा अन्य संघ संस्थाहरूको सहकार्यमा कार्यक्रमहरू सम्पन्न गरिएको,
- सम्माननीय उपराष्ट्रपतिज्यूको उपस्थितिमा दक्षिण एशियाली क्षेत्रका युवाहरूको सहभागितामा जलवायुलाई असर नपर्ने गरी दिगो विकास गर्न जलवायु कार्य सम्मेलन सम्पन्न गरिएको,
- स्वरोजगार कोषबाट कर्जा लिई तोकिएको समयमा कर्जा तिर्ने ७६ जना व्यवसायीलाई व्याज अनुदान प्रदान गरिएको,
- नेपाल सरकारबाट क्रिकेट रङ्गशालाहरू (मूलपानी, विराटनगर र भरतपुर) लाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा निर्माण गर्ने निर्णय भई सो रङ्गशालाहरू निर्माणको लागि प्रक्रिया अघि बढाइएको।

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**युवा क्षमता विकास तथा सशक्तीकरणः**

- इनोभेटिभ आइडिया भएका १६ जना युवालाई इन्क्युवेशन सेन्टरमा राखी १० दिने इन्क्युवेशन तालिम प्रदान गरिएको।
- बाणिज्य बैंकहरू र सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा ९८० जना युवालाई सहुलियतपूर्ण कर्जामा पहुँच वृद्धि गर्न उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन गरिएको,

- स्वदेशमा नै उद्यम सञ्चालन गर्न चाहने १ हजार १०० जना युवालाई उद्यम सञ्चालनसम्बन्धी परामर्श सञ्चालन गरिएको।
- युवाको नेतृत्व क्षमता विकासका लागि प्रदेशबाट चुनिएर आएका ९५ जना युवा प्रतिनिधिहरूको सहभागितामा ५ दिने नमूना संसद अभ्यास सञ्चालन गरिएको।
- ११५ जना युवा विद्यार्थीलाई मानवता प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।
- विपद् व्यवस्थापनका लागि ७० जनालाई प्रशिक्षक प्रशिक्षण र २ हजार ३४७ जना स्काउटलाई स्काउट तालिम प्रदान गरिएको।

**युवा उद्यमशीलता:**

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत रु. १ अर्ब ४१ करोड ३४ लाख कर्जा लगानी गरी १२ हजार ३६ जना युवा तथा साना व्यवसायीहरूलाई स्वरोजगार बनाइएको, त्यस्ता स्वरोजगार व्यवसायमा थप १० हजार जनालाई रोजगारी सिर्जना भएको।
- रु. २ करोड ३ लाख ९६ हजार विमा प्रिमियम भुक्तानी गरी १० हजार १३० जना व्यवसायी र व्यवसायको बीमा गरिएको।
- युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट कर्जा लिई तोकिएको समयमा भुक्तानी गर्ने १ हजार ७ जना व्यवसायीलाई व्याज अनुदान स्वरुप रु. १ करोड ६४ लाख ४१ हजार रकम उपलब्ध गराइएको।

**युवा परिचालन:**

- सार्वजनिक शिक्षाको सवलीकरण, कृषि आधुनिकीकरण, लागू औषध दूर्व्यसन नियन्त्रण जस्ता विषयमा ८३३ जना युवा स्वयंसेवक परिचालन गरिएको।
- स्वास्थ्य, शिक्षा, कृषि, पशुस्वास्थ्य जस्ता विषय क्षेत्रमा सबै प्रदेशमा गरी १ हजार १२३ जना राष्ट्रिय विकास स्वयंसेवक सेवाका स्वयंसेवकहरू परिचालन गरिएको।
- विपद् व्यवस्थापन, स्वास्थ्य सम्बन्धी जनचेतना, वृक्षरोपण, रक्तदान विशिष्ट मेला पर्व र दिवसहरूमा ४३ हजार ७५८ जना स्काउट परिचालन गरिएको।

**युवा प्रोत्साहन:**

- विभिन्न क्षेत्रमा कार्यरत प्रतिभावन १० जना युवा र युवाका क्षेत्रमा कार्यरत ४ जना पत्रकारहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरी प्रोत्साहन गरिएको,
- सातै प्रदेशका १०/१० वटा सामुदायिक विद्यालयका स्काउट यूनिटका २ हजार २४० जनालाई स्काउट पोशाक तथा औजार वितरण गरिएको।

**खेलकुद प्रशिक्षण तथा क्षमता विकास:**

- सन् २०२३ को सेप्टेम्बर २३ देखि अक्टोवर ८ सम्म चीनको होन्जाउ शहरमा आयोजना हुने १९ औं एशियाली खेलकुद प्रतियोगितामा सहभागी हुनका लागि २९ खेलका २५३ जना खेलाडीलाई बन्द प्रशिक्षणमा राखी विशेष प्रशिक्षण प्रदान गरिएको।
- १ लाख ५५ हजार खेलाडीलाई निरन्तर आधारभूत तालिम प्रदान गरिएको।
- १० हजार जना खेलाडीलाई खेलुकदको राष्ट्रियस्तरको प्रशिक्षण प्रदान गरिएको।
- भलिबलका १ जना, क्रिकेटका १ जना, खोखोका २ जना, सोतोकान कराँतेका २ जना, फेन्सिङका ३ जना, जुडोका ३ जना, बक्सिङका ५ जना, तेक्वान्दोका १ जना, आइटीएफ तेक्वान्दोका ३ जना र कराँतेका २ जना गरी २३ जना प्रशिक्षकलाई अन्तर्राष्ट्रिय प्रशिक्षण प्रदान गरिएको।
- भलिबल, कबड्डी, खोखो र रग्वी खेलका गरी ७२ जना खेलाडी छनोट गरी छात्रवृत्तीमा खेलकुद प्रशिक्षण प्रदान गरिएको।
- १६५ जना खेलकर्मीहरूलाई खेलकुदमा प्रतिवन्धित औषधी सेवन विरुद्धको सचेतना प्रदान गरिएको।
- १०० जना खेलाडी तथा प्रशिक्षकलाई खेलकुदमा लैङ्गिक हिंसा विरुद्धको सचेतना प्रदान गरिएको।
- १३० जना खेलाडी र अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको।

**खेलकुद प्रतियोगिता आयोजना तथा सहभागिता:**

- नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना: गण्डकी प्रदेशको पोखरालाई केन्द्र बनाइ ८ वटा जिल्लामा २०७९ साल आश्विन २८ देखि कार्तिक ३ गतेसम्म नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गरिएको। कूल ३६ वटा खेलमा ७ वटै प्रदेश, ३ वटा विभागीय टोली र एनआरएनका खेलाडी टोली बीच ३९७ स्वर्ण, ३९५ रजत र ६०३ वटा काँस्य पदकका लागि प्रतिस्पर्धा भएको। उक्त प्रतियोगितामा २७१३ जना महिला र ३४१४ जना पुरुष खेलाडीको सहभागिता रहेको।
- राष्ट्रिय खेलकुद परिषदको समन्वय र सहकार्यमा खेलकुद संघहरू मार्फत राष्ट्रियस्तरका ४८ वटा र अन्तर्राष्ट्रियस्तरका २४ वटा खेलुकद प्रतियोगिता आयोजना सम्पन्न गरिएको ।
- राष्ट्रिय खेलकुद परिषदको समन्वयमा खेलकुद संघहरूले अन्तर्राष्ट्रियस्तरका ६३ वटा खेलुकद प्रतियोगितामा सहभागिता जनाएको।

**खेलाडी प्रोत्साहन:**

- दक्षिण एशियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने र एशियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने १९२ जना खेलाडीलाई मासिक रु. ६ हजार, प्रथम ओलम्पियन ५ जना खेलाडीलाई रु. १० हजार र ओलम्पिकमा सहभागी हुने ५९ जनालाई रु. ४ हजारका दरले निरन्तर मासिक भत्ता उपलब्ध गराईएको।
- नवौं राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने व्यक्तिगत स्पर्धाका खेलाडीलाई रु. २५ हजार र समुहगत स्पर्धाका खेलाडीलाई रु. १५ हजार नगद पुरस्कार प्रदान गरिएको। राष्ट्रिय रेकर्ड ब्रेक गर्ने खेलाडीलाई थप रु. ५० हजार प्रोत्साहन पुरस्कार प्रदान गरिएको।
- ८ जना खेलाडी र प्रशिक्षकलाई जनही रु. १ लाख नगदसहित खेलकुदको राष्ट्रिय प्रतिभा सम्मान प्रदान गरिएको।
- १० जना खेलकुद पत्रकारलाई प्रमाणपत्र सहित नगद पुरस्कार वितरण गरिएको।
- कुस्ती खेलका १ जना, कराँते खेलका २ जना र तेक्वान्दो खेलका २ जना गरी ५ जना खेलाडीलाई उपचार गर्न नगद सहयोग गरिएको।

**खेलकुद रङ्गशाला निर्माण:**

- सबै प्रदेशमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण गर्ने कार्य अन्तर्गत गण्डकी प्रदेशमा पोखरा रङ्गशाला निर्माण आयोजना सम्पन्न भएको। सुदुरपश्चिम प्रदेशमा धनगढी रङ्गशालाको ४६ प्रतिशत निर्माण कार्य सम्पन्न भएको। लुम्बिनी प्रदेशमा नेपालगंज रङ्गशालामा सेन्थेटिक ट्र्याक निर्माणका लागि ड्रेन ढलान कार्य सम्पन्न भई आयोजनाको ७७ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
- ललितपुरमा च्यासल रङ्गशाला निर्माण सम्पन्न भएको।
- दाङमा वेलझुण्डी रंगशाला निर्माण सम्पन्न भएको।
- बारामा सिमरा रङ्गशाला निर्माण आयोजनाको ४१ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
- पर्सामा नारायणी रङ्गशाला निर्माण आयोजनाको २० प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
- पाँचथरमा फिदिम रङ्गशाला निर्माण आयोजनाको १५.८५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
- सुनसरीमा धरान रङ्गशाला निर्माण आयोजनाको ५४ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।

**क्रिकेट मैदान तथा रङ्गशाला निर्माण:**

- मूलपानी क्रिकेट रङ्गशालाको भिआइपी प्यारापिट ब्लक ढलान भई प्लास्टर गर्ने कार्य चालू रहेको। आयोजनाको ३५ प्रतिशत कार्य सम्पन्न भएको।

- भैरहवा क्रिकेट रङ्गशालामा ब्लक बीको निर्माण कार्य भइ आयोजनाको २२.५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
- महिला क्रिकेट एकेडेमी निर्माण कोहलपुरको ब्लक एच र पोखरा क्रिकेट स्टेडियमको एउटा ब्लक निर्माण कार्य सुरु गरिएको।
- महेन्द्रनगर क्रिकेट रङ्गशाला निर्माणका लागि मैदान तयार गर्ने कार्य भएको।
- बुढानिलकण्ठ काठमाडौंमा सुवर्ण समशेर क्रिकेट रङ्गशालाको मैदानमा सेरवाल लगाउने कार्य सुरु गरिएको।

**खेलकुद कभर्डहल तथा अन्य पूर्वाधार निर्माण:**

- पर्सा जिल्लाको विरगंजमा नारायणी कभर्डहल निर्माणको ३० प्रतिशत, ललितपुर चुनिखेलमा कभर्डहल निर्माणको २० प्रतिशत र रामेछाप सुनापाती राष्ट्रिय स्मृति कभर्डहल निर्माणको २० प्रतिशत निर्माण कार्य सम्पन्न भएकोर
- हाइ अल्टिच्यूट ट्रेनिङ सेन्टर निर्माणका लागि मनाङको तिमाङमा खेलमैदान सम्याउने, घेराबार लगाउने र रिटेनिङ वाल निर्माण गर्ने कार्य भएको र जुम्लामा मैदान सम्याउने कार्य सम्पन्न भएको।
- पोखरा रङ्गशालामा पानी व्यवस्थापनका लागि बोरिङ निर्माण कार्य सुरु गरिएको।
- एक स्थानीय तह एक खेलग्राम निर्माणका लागि १७१ वटा पालिकामा खेलग्राम निर्माणका लागि बजेट व्यवस्था गरिएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

चालुतर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ६०९०० | ५४९९४ | ९०.३० |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | १५७०० | ६९८७ | ३८.०७ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | २४१०० | ४३४० | १८.०१ |
| ३४३००१०३३ | नेपाल स्काउट | ४३६०० | ४१४६९ | ९५.११ |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | १८२०००० | १४१०७८६ | ७७.५१ |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | ८६८०० | ७००२६ | ८०.६८ |
| ३४३५१०११३ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | १२१७०० | ९९७२३ | ८१.६८ |
| | जम्मा | २१७२८०० | १६८८३२५ | ७७.७० |

पुँजीगततर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | १५०० | २५४ | १६.९४ |
| ३४३००१०३४ | नेपाल स्काउट | ७००० | ३५० | ५.०० |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | ८६९६०० | २३७१५३ | २७.२७ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | ३३०० | २८०८ | ८५.०९ |
| ३४३५१०११४ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | १४०० | ५४८ | ३९.१४ |
| | जम्मा | ८८२८०० | २४१११३ | २७.३१ |

## ८. आर्थिक वर्ष २०८०/८१ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ६०९०० | ३८२७१ | ६२.८४ |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | ९७०० | १४२१ | १४.६५ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | २७२८० | २२३७७ | ८२.०३ |
| ३४३००१०३३ | नेपाल स्काउट | ४०००० | २२३६४ | ५५.९१ |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | १२११९०० | ७४६४९९ | ६१.६० |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | ६४१०० | ३३४९६ | ५२.२६ |
| ३४३५१०११३ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | ९१८०० | ५०५८५ | ५५.१० |
| | जम्मा | १५०५६८० | ९१५०१३ | ६०.७७ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | ११५०० | ३३४ | २.९० |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | ७१५००० | १३८२५९ | १९.३४ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | ९०० | ८९८ | ९९.७५ |
| ३४३५१०११४ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | ६०० | ४०० | ६६.६७ |
| | जम्मा | ७२२८०० | १३९८९२ | १९.२२ |

❧

# रक्षा मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

मुलुकलाई आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीहरूबाट स्वतन्त्र र सुरक्षित राख्दै नेपाली जनताको जीउ धनको सुरक्षा र संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न र नेपालको भौगोलिक अखण्डता र एकतालाई अटल र अक्षुण्ण राख्न रक्षा मन्त्रालय एवं नेपाली सेना सदैव क्रियाशील रही आएको छ। नेपालको संविधानको भाग २८ धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि संविधानप्रति प्रतिवद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने व्यवस्था रहेको छ। संविधान प्रदत्त दायित्वहरू निर्वाह गर्ने क्रममा हालका दिनमा नेपाली सेनाले मूलतः बाह्य सुरक्षा, प्रतिरक्षा, विपद् व्यवस्थापन, प्रकृति संरक्षण, नेपाल सरकारको निर्देशनबमोजिम राष्ट्रिय पहिचान बोकेका ठूला एवं रणनीतिक महत्त्वका विकास निर्माण, करिडोर तथा सडक खण्डहरू, मुलुकका महत्त्वपूर्ण ऐतिहासिक सांस्कृतिक संरचना तथा अति विशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षा एवं संयुक्त राष्ट्रसंघको आह्वानअनुसार विभिन्न देशमा शान्ति स्थापना जस्ता नेपाल सरकारले सुम्पेको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्दै आइरहेको छ। मुलुकमा संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनापश्चात् सेना माथि नागरिक नियन्त्रण, सेनाको आधुनिकीकरण र पुनर्संरचना, नागरिक-सैनिक सम्बन्ध जस्ता विषयहरू शासकीय प्रणालीभित्र प्राथमिकताका साथ कार्यान्वयन भइरहेका छन्।

### १.२ दीर्घकालीन सोचः

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र सामाजिक सद्भावको रक्षा एवं राष्ट्रिय मूल्य-मान्यता र गरिमामा आधारित रहेर राष्ट्रिय हितको पहिचान र प्रवर्द्धन गर्दै नेपाललाई सुरक्षित, शान्तिपूर्ण, सुशासित, समतामूलक, एकतावद्ध र समृद्ध राष्ट्रको रूपमा विकास गर्ने।

### १.३ उद्देश्यः

- रक्षा मन्त्रालय र नेपाली सेनाको भौतिक, मानवीय तथा प्राविधिक क्षेत्रमा क्षमता अभिवृद्धि गरी थप दक्ष, आधुनिक र व्यावसायिक बनाउनु,

- सुदृढ र सबल आन्तरिक तथा बाह्य सुरक्षा प्रणाली अवलम्बन गर्दै मुलुकलाई सुरक्षित बनाउनु,
- रणनीतिक महत्त्वका विकास निर्माण तथा विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिकालाई प्रभावकारी बनाउनु,
- आधारभूत राष्ट्रिय मूल्य मान्यता, राष्ट्रिय एकता तथा सामाजिक सद्भावलाई अभिवृद्धि गर्दै नागरिक-सैनिक सम्बन्धलाई सुदृढ गर्नु,
- सैनिक कूटनीतिलाई प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रिय स्तरमा मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्नु,
- संयुक्त राष्ट्रसंघको नेतृत्वमा विश्व शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउनु,
- मानव अधिकारको संरक्षण एवं प्रवर्द्धनमा योगदान पुऱ्याउनु।

### १.४ रणनीतिः

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति, रणनीति र कानून तथा संगठनात्मक पक्षमा समसामयिक सुधार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने,
- सरकारका तीनवटै तह तथा नेपाली सेनाबीच उचित संयन्त्र निर्माण र समन्वय सुदृढ गरी मुलुकमा विश्वसनीय र भरपर्दो सुरक्षा प्रणालीको विकास गर्ने,
- नेपाली सेनालाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक, प्रविधिमैत्री तथा साधनस्रोत सम्पन्न बनाउने एवं कर्मचारीको क्षमता अभिवृद्धि गर्ने,
- नेपाली सेनालाई मुलुकको अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा, नदी, खानी, वनजङ्गल र प्रकृति संरक्षण कार्यमा सहभागी गराउने तथा ठूला एवं रणनीतिक महत्त्वका विकास आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्दा राज्यको सुरक्षामा पर्ने प्रभावबारे सुरक्षा प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गर्ने।
- राष्ट्रिय स्वार्थ र हित विपरितका क्रियाकलापहरूलाई नियन्त्रण र निरुत्साहित गर्ने,
- नेपाली सेनामा वृत्ति विकासका नवीन पक्षहरूलाई समावेश गरी क्षमतावान् र उच्च मनोबलयुक्त जनशक्ति निर्माण गर्ने,
- नेपाली सेनाको सामरिक र रणनीतिक महत्त्वका विकास निर्माण कार्यहरू सम्पादन गर्ने तथा विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने,
- नेपाली सेनासम्बन्धी कानूनमा समसामयिक सुधार गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा थप योगदान पुऱ्याउने,
- आधारभूत राष्ट्रिय मूल्य मान्यताहरूको जगेर्ना तथा राष्ट्र र राष्ट्रिय हितप्रति समर्पित जनशक्तिको निर्माण गर्दै नागरिक-सैनिक सम्बन्धलाई सौहार्द्रपूर्ण तुल्याउने,

- नेपाली सेना र अन्य सुरक्षा निकायबीच समन्वय र सहकार्य विस्तार गर्दै विश्व शान्ति स्थापनामा नेपालको भूमिका वृद्धि गर्ने।

## २. जनशक्ति विवरणः

| सि.नं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | रक्षा मन्त्रालय | ८३ | ८० | ३ | १ |
| २ | राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय | ३४ | ३३ | १ | - |
| ३ | नेपाली सेना | ९६,४७७ | ८८,६९१ | ७,७८६ | कार्यालय सहयोगी-१३ जना<br>कालीगढ-३ जना |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ११२ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रममार्फत संघ, प्रदेश र स्थानीय तहको सहभागितामा चुरे संरक्षणको गुरुयोजना कार्यान्वयन गरिनेछ। यस अन्तर्गत जल र जमिन संरक्षण गर्न बाँस रोपण, रिचार्ज पोखरी, गल्छी पहिरो नियन्त्रण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका लागि रु. १ अर्ब ५ करोड विनियोजन भएको। | • कोशीटप्पु वन्यजन्तु आरक्षमा तटबन्ध निर्माण कार्य सम्पन्न,<br>• सुनसरीको बर्जु ताल संरक्षण तथा व्यवस्थापनको कार्य सम्पन्न,<br>• सिराहा जिल्लाको मिर्चैया न.पा. वडा नं. ६ को जय बजरङ्गबली सामुदायिक वनमा १६०० मिटर तारबार लगाउने कार्य सम्पन्न,<br>• नवलपरासी जिल्लाको बर्दघाट न.पा वडा नं. ५ को सयपत्री सामुदायिक वनमा तारबार सम्पन्न,<br>• दाङ जिल्लाको तुलसीपुर उ.म.न.पा वडा नं.१३ को नेवारीकोट लेरुवा पहाड सामुदायिक वनमा तारबार सम्पन्न,<br>• सिराहा जिल्लाको मिर्चैया न.पा. वडा नं. ७ को लक्ष्मी सामुदायिक वनमा तारबार सम्पन्न। |
| २९५ | सम्वत् २०८३ भित्र सम्पन्न गर्ने गरी काठमाडौं- तराई- मधेश द्रुतमार्गको निर्माण कार्य अगाडि बढाइएको छ। आगामी आर्थिक वर्ष ठेक्का लाग्न | **आयोजनाको खरिद व्यवस्थापन तथा समष्टिगत प्रगति**<br>• आयोजनाको २०८० चैत मसान्तसम्मको समष्टिगत भौतिक प्रगति ३३.२०% र समष्टिगत |

<table>
<tr><th>बुँदा नं.</th><th>बजेट वक्तव्यको संक्षिप्त व्यहोरा</th><th>प्रगति</th></tr>
<tr><td></td><td>बाँकी खण्डको ठेक्का व्यवस्थापन गरिनेछ। काठमाडौं-तराई मधेश द्रुतमार्ग आयोजनाका लागि रु. २२ अर्ब ५० करोड विनियोजन भएको।</td><td>
वित्तीय प्रगति ३३.०२% (मोविलाईजेशन सहित) रहेको,
<ul>
<li>आयोजनाको समष्टिगत कार्ययोजना (Holistic Plan) अन्तर्गत रहेका १३ वटा निर्माण प्याकेजहरू मध्ये हालसम्म प्याकेज नं. १, २, ३, ४, ५, ६ र ७ निर्माणाधीन रहेको,</li>
<li>प्याकेज नं. ८क, ८ख, ९क, ९ख र १० को ठेक्का व्यवस्थापन भई डिजाइन तथा पूर्व तयारीका कार्यहरू भइरहेको,</li>
<li>प्याकेज नं.११ अन्तर्गत पर्ने खोकना-बुङ्गमती खण्डमा जग्गा अधिग्रहणसम्बन्धी समस्या साथै द्रुतमार्गको सुरु बिन्दु र सवारी आवागमन व्यवस्थापनको विषयमा अध्ययन भइरहेका।</li>
</ul>
सुरुङ निर्माण कार्य प्रगति
<ul>
<li>आयोजनाको परिमार्जित DPR बमोजिम जम्मा ६ वटा सुरुङ्गमार्गको कुल लम्बाइ १०.०५५ कि.मि. रहेको। जसमध्ये निर्माणाधीन सुरुङहरूको प्रगति विवरण निम्नानुसार रहेकोः</li>
</ul>
<table>
<tr><th>सि. नं.</th><th>सुरुङ्ग</th><th>जम्मा लम्बाइ</th><th>निर्माण प्रगति</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>महादेवटार सुरुङ</td><td>३,३५५ मि.</td><td>२,१३८ मि.</td><td>प्याकेज नं.१</td></tr>
<tr><td>२.</td><td>धेद्रे सुरुङ</td><td>१,६३० मि.</td><td>१,३९८ मि.</td><td rowspan="2">प्याकेज नं.२</td></tr>
<tr><td>३.</td><td>लेनडाँडा सुरुङ</td><td>१,४३० मि.</td><td>१,३५० मि.</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६,४१५ मि.</td><td>४,८८६ मि.</td><td></td></tr>
<tr><td>४.</td><td>चन्द्राम भीर सुरुङ</td><td>२,२५० मि.</td><td rowspan="2">खरिद सम्झौता सम्पन्न भई डिजाइनको क्रममा रहेको</td><td>प्याकेज नं.१०</td></tr>
<tr><td>५.</td><td>देवीचौर सुरुङ, सिसौटार सुरुङ</td><td>१,३९० मि.</td><td>प्याकेज नं.८ख</td></tr>
</table>
</td></tr>
</table>

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | **पुल निर्माण कार्य प्रगति**<br>• जम्मा ८९ स्थानमा रहेका पुलहरू मध्ये ८५ स्थानका पुलहरू निर्माणको लागि खरिद सम्झौता सम्पन्न भएको,<br>• हालसम्म ५ वटा पुलहरूको निर्माण कार्य सम्पन्न भएको,<br>• निर्माणाधीन पुलहरूको कुल २ हजार ८०२ वटा Pile मध्ये १ हजार ७६० वटा Pile खन्ने कार्य सम्पन्न भएको।<br>• **रूख कटानः** हालसम्म ३० हजार ५९१ वटा रूखहरू कटान सम्पन्न भएको। मिति २०८०।०९।१२ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम कटान स्वीकृति प्राप्त भएका विभिन्न प्रजातिका ४ हजार ३४५ रुखहरू मध्ये हालसम्म २ हजार १८३ रूख कटान सम्पन्न भएको।<br>• **वृक्षारोपणः** कटान गरिएका रुखहरूको बदलामा हालसम्म जम्मा ७ लाख ५ हजार ५५२ विरुवा रोप्ने कार्य सम्पन्न भइसकेको। |
| २९६ | राष्ट्रिय सडक सञ्जालसँग जोडिन बाँकी हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटलाई ट्र्याक खोल्ने कार्य सम्पन्न गरी सडक सञ्जालमा जोडिनेछ। कर्णाली कोरिडोर अन्तर्गत खुलालु-सलिसल्ला खण्ड र हिल्सा-सिमिकोट खण्ड निर्माणका लागि रु. ९७ करोड विनियोजन गरेको छु। बाढी पहिरोबाट क्षतिग्रस्त कर्णाली राजमार्गलाई पुनर्स्थापना एवं स्तरोन्नति गरिनेछ। | **कर्णाली करिडोर (लालिबगर-दुल्लीकुन्ना, घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) सडक आयोजना (२२.०५ कि.मि.)**<br>• आ.व.२०८०/८१ को चैत मसान्तसम्ममा २.८ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भई कुल १२.३ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको। |
| २९८ | कोशी कोरिडोरको निर्माण तथा स्तरोन्नतिका लागि रु ८० करोड छुट्याएको छु। अरुण कोरिडोरको चतरा-लेगुवा खण्डको निर्माण कार्य | **उत्तर दक्षिण कोशी सडक खाँदबारी किमाथाङ्का (च्याम्ताङ्ग-घोङघप्पा खण्ड) सडक आयोजना (१०.५ कि.मि)**<br>• आ.व.२०८०/८१ को चैत मसान्तसम्ममा १.४ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अघि बढाउन बजेट व्यवस्था भएको। | कि.मि. नयाँ ट्रयाक निर्माण र २.४५ कि.मि. ट्रयाक स्तरोन्नति सम्पन्न भई कुल ७.९० कि.मि. नयाँ ट्रयाक निर्माण र ५.४५ कि.मि. ट्रयाक स्तरोन्नति भएको। |
| २९९ | महाकाली कोरिडोरको बम्हदेव-झुलाघाट-दार्चुला र दार्चुला-टिङ्कर सडक खण्डको स्तरोन्नतिका लागि रु ४५ करोड विनियोजन गरेको छु। सेती राजमार्गको टिकापुर- लोडे- चैनपुर र चैनपुर- तक्लाकोट खण्ड निर्माण गर्न रु. ३० करोड विनियोजन गरेको छु। खुटिया- दिपायल- चैनपुर- उरैभन्ज्याङ्ग सडकलाई प्राथमिकताका साथ अघि बढाउन रु २५ करोड बजेट व्यवस्था गरेको छु। दैजी-जोगबुढा-डडेलधुरा सडक स्तरोन्नतिको लागि रु ३० करोड रकम विनियोजन भएको। | **दार्चुला-टिङ्कर सडक आयोजना (७९ कि.मि.)**<br>• आ.व. २०८०/८१ को चैत मसान्तसम्ममा १.९२ कि.मि. नयाँ ट्रयाक निर्माण र १.४ कि.मि. ट्रयाक स्तरोन्नति सम्पन्न भई कुल १२.३२ कि.मि. नयाँ ट्रयाक निर्माण र २.९ कि.मि. ट्रयाक स्तरोन्नति भएको। |
| - | - | **बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक आयोजना (९२ कि.मि.)**<br>• आ.व. २०८०/८१ को चैत मसान्तसम्ममा १.७५ कि.मि. नयाँ ट्रयाक निर्माण र २.१ कि.मि. ट्रयाक स्तरोन्नति सम्पन्न भई कुल ३७.२५ कि.मि. नयाँ ट्रयाक निर्माण र १०.१ कि.मि. ट्रयाक स्तरोन्नति भएको। |
| ३८३ | विपद्को समयमा तत्काल उद्धार गर्न नेपाली सेना र सशस्त्र प्रहरी बलको क्षमता विकास गरिनेछ। विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न स्थानीयस्तरमा स्वयंसेवक व्युरो गठन गरी परिचालन गरिनेछ। विपद् प्रतिकार्यमा संलग्न निकायलाई अन्तर्राष्ट्रिय खोज तथा उद्धार सहयोगी | **जङ्गी अड्डामा केन्द्रीय "अभ्यास हातेमालो - छैटौं"**<br>• मिति २०८० माघ २४ गतेदेखि ऐ.२६ गतेसम्म सरकारी तथा गैर सरकारी निकायहरूका प्रतिनिधिहरूको सहभागितामा नेपाली सेनाले केन्द्रीय स्तरमा **"अभ्यास हातेमालो - छैटौं"** सञ्चालन भएको।<br>• मिति २०८० कार्तिक २० गतेदेखि ऐ.२४ गतेसम्म मित्रराष्ट्र अमेरिकासँगको सहकार्यमा संयुक्त तालीम अभ्यास Disaster Response Exercise and Exchange (DREE-२०२३) |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | समूहको मान्यता प्राप्त गर्न सहजीकरण गरिनेछ। | सञ्चालन भएको। |
| | | • International Search and Rescue Advisory Group (INSARAG) Guideline अनुसार 1 x Medium Urban Search and Rescue (USAR) Team तयार गरी उक्त टिमको National Accreditation Process (NAP) को कार्य पुरा गर्ने<br>• आ.व.२०८१/८२ को खरिद योजनामा उक्त टोलीलाई थप आवश्यक पर्ने सामग्रीहरू समावेश गरी प्रक्रिया अगाडि बढाइएको,<br>• १ X Medium Urban Search & Rescue Team नं. १ र २ विपद् व्यवस्थापन गणमा नियमित रूपमा तालीमरत रहेका,<br>• गृह मन्त्रालयबाट तयार हुनुपर्ने कार्यविधिको मस्यौदा तयार भइरहेको। |
| ३९१ | नेपाली सेनाको बंकरदेखि ब्यारेक कार्यक्रम, मास क्याजुयल्टी ट्रिटमेन्ट सेन्टर निर्माण र शैक्षिक पूर्वाधार निर्माण गर्न आवश्यक रकम विनियोजन भएको। | **राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माण**<br>मिति २०८०।०९।०८ गते स्रोत सुनिश्चित तथा बहुवर्षीय ठेक्का सहमति प्राप्त पश्चात् आयोजना कार्यान्वयनको लागि देहायमोजिमका कार्यहरू भइरहेका छन्:<br>• **<u>Package-1.</u> Administration Block, Academy Building-A and Academy Building-B**<br>o मिति २०८०/१०/२३ गते सूचना प्रकाशन,<br>o मिति २०८०/११/२४ गते प्राविधिक प्रस्तावको खोलुवा,<br>o मिति २०८०/१२/१६ गते आशयको सूचना दिइएको।<br>• **<u>Package-2</u>. Faculty Accommodation and Student Accommodation Buildings**<br>o मिति २०८०/१०/२८ गते सूचना प्रकाशन,<br>o मिति २०८०/११/२९ गते प्राविधिक प्रस्तावको खोलुवा, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | o मिति २०८०/१२/२३ गते आशयको सूचना दिइएको।<br>• **<u>Package-3</u>. VIP Accommodation (Faculty Residence), Central Mess, Medical Facilities and Gate & Information Center**<br>o मिति २०८०/१०/२८ गते सूचना प्रकाशन,<br>o मिति २०८०/११/२९ गते प्राविधिक प्रस्तावको खोलुवा,<br>o मिति २०८०/१२/३० गते आर्थिक प्रस्तावको खोलुवा भई मूल्याङ्कनको क्रममा रहेको। |
| | | **बंकरदेखि ब्यारेक कार्यक्रमः**<br>• ६० वटा संरचनाहरूको निर्माण कार्य भइरहेको र १ वटा स्थगन,<br>• ६४.०१% निर्माण कार्य सम्पन्न भएको। |
| | | **मास क्याजुयल्टी ट्रिटमेन्ट सेन्टर निर्माणः**<br>• Mass Casualty Treatment Centre अन्तर्गत Doctor's Accommodation & Cafeteria Building को ठेक्का सम्झौता भई निर्माण कार्य भइरहेको। |
| ३९२ | राष्ट्रिय सेवा दलमार्फत राष्ट्रिय हित प्रति समर्पित, अनुशासित र वफादार युवा जनशक्ति विकास कार्यलाई निरन्तरता दिइनेछ। विपद तथा प्रकोप व्यवस्थापन र मानवीय सेवाका क्षेत्रहरूमा राष्ट्रिय सेवा दलबाट दीक्षित युवा परिचालन गर्ने। | **राष्ट्रिय सेवादल तालीम**<br>• चालु आ.व. ०८०/८१ को चैत मसान्तसम्ममा ७ हजार ७०४ जनालाई राष्ट्रिय सेवा दल तालीम प्रदान गरी हालसम्म कुल जम्मा ७७ हजार ४८० जनालाई तालीम प्रदान गरी सकिएको। |
| ३९३ | संयुक्त राष्ट्रसंघको आह्वानमा विश्व शान्ति स्थापना कार्यमा नेपालको भूमिका बढाउँदै लगिनेछ। पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालीम केन्द्रलाई सेन्टर अफ एक्लिलेन्सको रूपमा विकास गर्दै लाने। | **अभ्यास शान्ति प्रयास- ४ सञ्चालन**<br>• नेपाली सेना सहित १९ राष्ट्रका १ हजार १२५ जना सैनिकहरूको सहभागितामा मिति २०८०/११/०८ गतेबाट ऐ.२१ गतेसम्म अभ्यास "**शान्ति प्रयास-४**" सञ्चालन भएको। |

४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| सि.नं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | लागु भएको मिति | कैफियत |
|---|---|---|---|
| १. | सैनिक सेवा नियमावली, २०६९ (पाँचौं संशोधन) | २०७९/०६/२४ | |
| २. | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन (चौथो संशोधन) कार्यविधि, २०७९ | २०७९/१०/२३ | |
| ३. | मानार्थ बढुवा र विशेष बढुवा व्यवस्थासम्बन्धी कार्यविधि, २०८० | २०८०/११/२० | |

५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

(क) सांगठनिक क्षमता अभिवृद्धिसम्बन्धीः

- राष्ट्रिय सुरक्षा नीति, २०७५ एवं कार्यान्वयन कार्ययोजना, २०७७ को समीक्षा गोष्ठी मिति २०८०/०९/२५ गते सञ्चालन भएको,
- अन्तर्राष्ट्रिय मानवीय कानून र मानवअधिकार संरक्षणसम्बन्धी कार्यक्रम इटहरी र धनगढीमा सञ्चालन भएको,
- मिति २०८० असोज १७ देखि १९ गतेसम्म नेपाल-भारत सुरक्षासम्बन्धी द्विपक्षीय परामर्श समूह (Nepal-India Bilateral Consultative Group on Security Issues-NIBCGSI) को पन्ध्रौं बैठक पोखरामा सञ्चालन भएको,
- मिति २०८० भदौ २४ देखि असोज १२ गतेसम्म छाउनी तथा नगरकोटमा नेपाली सेनाको ३० र अमेरिकी सेनाको ११ गरी जम्मा ४१ जना फौजको सहभागितामा EX-BALANCE NAIL सञ्चालन भएको,
- मिति २०८० असोज १९ देखि २८ गतेसम्म मित्रराष्ट्र बेलायतमा सञ्चालन भएको EX-CAMBRIAN PATROL मा नेपाली सेनाबाट १० जना सहभागी भई रजत पदक प्राप्त गर्न सफल भएको,
- मिति २०८० कार्तिक २० गतेदेखि ऐ.२४ गतेसम्म (तदनुसार ०६-१० Nov.२०२३) मित्रराष्ट्र अमेरिकासँगको सहकार्यमा संयुक्त तालीम अभ्यास Disaster Response Exercise and Exchange (DREE-2023) सञ्चालन भएको,
- मिति २०८० मंसिर ८ गतेबाट भारतको पिथौरागढमा नेपाली सेना र भारतीय सेनाको संयुक्त रूपमा तालीम अभ्यास "SURYA KIRAN-XVII" सञ्चालन भएको,

- मिति २०८० मंसिर १५ गतेबाट चैत २६ गतेसम्म सञ्चालन भएको सामूहिक तालीममा १२ हजार २८३ जना र पेशागत दक्षता अभिवृद्धि तालीममा ६ हजार १७ जना सहभागी भएका,
- उत्तरी सीमा क्षेत्रको भौगोलिक वस्तुस्थिति, विपद् व्यवस्थापन र प्रकृति संरक्षणबारे खबर सङ्कलन गर्न, सम्भावित आपराधिक गतिविधिलाई निरुत्साहित गर्न, स्थान विशेषको फौजलाई जिम्मेवारी क्षेत्रसँग परिचित गराउन दुई चरणमा नेपाली सेनाद्वारा "अभ्यास हिमाल दर्शन-९" सञ्चालन भइरहेको,
  - **पहिलो चरणः** मिति २०८० फागुन २० गतेदेखि मिति २०८० चैत ९ गतेसम्म ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, गोरखा, मनाङ, मुस्ताङ र बझाङ (१० जिल्लाहरू) मा अवस्थित गण तथा गुल्महरू,
  - **दोश्रो चरणः** मिति २०८० चैत २० गतेदेखि २०८१ बैशाख ९ गतेसम्म हुम्ला, मुगु, डोल्पा र दार्चुला (४ जिल्लाहरू) मा अवस्थित गण तथा गुल्महरू,
- मिति २०८० पुस १ गतेबाट तराईका जिल्लाहरूका राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूमा तैनाथ युनिटहरू र मिति २०८० फागुन १ गतेबाट पहाड र हिमाली क्षेत्रहरूमा रहेका राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूमा तैनाथ युनिटहरूमा "अपरेशन संरक्षण-१०" सञ्चालन भइरहेको।

**(ख) विपद् व्यवस्थापन कार्यसम्बन्धीः**

| विपद् व्यवस्थापन कार्य | संख्या |
|---|---|
| तटबन्ध निर्माण | काठमाडौं, धनुषा, म्याग्दी, रौतहट, सप्तरी, सर्लाही, सिन्धुपाल्चोक र सोलुखुम्बु जिल्लामा ३५२ जना फौज परिचालन – ३ हजार जना लाभान्वित |
| आगलागी नियन्त्रण | ५५ जिल्लाका २२४ स्थानहरूमा |
| सवारी दुर्घटना तथा अन्य दुर्घटनाहरूमा खोज तथा उद्धार | १९९ वटा घटनाहरूमा ८१७ जनाको उद्धार |
| हवाई उद्धार | • घाइते/विरामी-१३५ जना<br>• शव ढुवानी- १० (ईजरायलमा मृत्य भएका ९ जना र British Army का राइफलमेन सिपाही संगम राई)<br>• सुत्केरी-८१ जना (२९ जिल्ला) बाट |
| IED/HOAX डिस्पोजल | ११ स्थानमा |
| सर्पदंश उपचार | २२ स्थानका ४४३ जना |

| विपद् व्यवस्थापन कार्य | संख्या |
|---|---|
| भूकम्पमा खोज तथा उद्धार | (क) बाजुरा जिल्लामा ३ जना घाइते तथा १ जनाको शव उद्धारमा सहयोग<br>(ख) जाजरकोट/रुकुम पश्चिम<br>• फौज परिचालन-९१५ जना<br>• घाइते उद्धार-२८१ जना<br>• शव निकाल्न सहयोग-११४ जना<br>• हवाई उद्धार-७१ जना<br>• अस्थाई वासस्थान निर्माण-१२९ गोटा<br>• मेडिकल टिमबाट घाइते उपचार-३४१ जना |

**(ग) प्रकृति संरक्षणसम्बन्धीः**

- विभिन्न राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूमा चालु आ.व.२०८०/८१ को चैत मसान्तसम्म देहायअनुसारको कार्य सम्पादन भएको छः

| क्र.सं. | मुख्य कार्यहरूको विवरण | संख्या |
|---|---|---|
| १. | गैर कानुनी रूपमा प्रवेश गरेका व्यक्तिहरू पक्राउ गरी निकुञ्ज प्रशासनलाई बुझाइएको | ७ हजार ७७७ जना |
| २. | हातहतियार नियन्त्रण | ४८ नाल |
| ३. | जाल/पासो नियन्त्रण | ८१६ गोटा |
| ४. | घरेलु औजार नियन्त्रण | १ हजार ६७९ गोटा |
| ५. | ओखेटोपहार नियन्त्रण | ९ गोटा |

- **सफा हिमाल अभियानः**

  विगतका वर्षहरूमा जस्तै सफा हिमाल-२०२४ को लागि ३ वटा हिमालहरू (सगरमाथा, ल्होत्से, र नुप्से) छनौट गरी उक्त अभियानको लागि आवश्यक पर्ने इक्युपमेन्ट तथा ह्याण्डलिङ्ग एजेन्सीको छनौट, तालीम तथा तयारी लगायतका प्रक्रियाहरू पूरा भई मिति २०८०/१२/२९ गते जङ्गी अड्डामा Flag-off Ceremony आयोजना गरी अभियानमा खटिने टिम लिडरहरूलाई झण्डा हस्तान्तरण गरी सफा हिमाल अभियान, २०२४ को औपचारिक शुरुवात भएको छ। साथै, उक्त अभियानमा सगरमाथा, ल्होत्से, र नुप्से हिमालका विभिन्न स्थानहरूबाट फोहोर तथा मानव शव सङ्कलन गरी व्यवस्थापनको कार्य सञ्चालन भइरहेको छ।

(घ) **विश्व शान्ति स्थापनाका कार्यहरूः**

- २०८० चैत मसान्तसम्मको विवरणअनुसार विश्व शान्ति कार्यमा नेपाली सेनाको तर्फबाट कुल १ लाख ५१ हजार २८१ जना (२ हजार ६७८ महिला) सैनिक विश्व शान्ति कार्यमा सहभागिता जनाइसकेको,
- हाल ५ हजार ८९९ जना (६६२ महिला) शान्ति सैनिक विभिन्न मिसनहरूमा कार्यरत रहेको,
- संयुक्त राष्ट्र संघको Troops Contributing Country (TCC) मध्ये फौजको सहभागिताको आधारमा नेपाल पहिलो स्थानमा रहन सफल भएको छ भने महिला सैनिक परिचालनमा समेत पहिलो स्थानमा रहेको।

(ङ) **कल्याणकारी कार्यक्रमः**

आ.व. २०८०/८१ को फागुन मसान्तसम्ममा सैनिक कल्याणकारी कोषमा रु. ८२,१६,४०,९५,२९७।९७ कायम हुन गएको छ। उक्त कोषबाट हिताधिकारीहरूले प्राप्त गरिरहेको शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियतहरूलाई चार **"स"** को लक्ष्यअनुरूप थप प्रभावकारी एवं प्रतिफलमूलक बनाउनको लागि समयानुकूल विस्तार तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**(क) नव प्रवर्तनात्मक कार्यहरूः**

- नेपाली सेना तथा National Robotics & Research Center Pvt. Ltd. को संयुक्त पहलमा नेपाली सेनामा भएका बेसाबुद अवस्थामा रहेका OBM मध्ये गोटा-१ (एक) लाई Electric Out Board Motor (OBM) को रूपमा Conversion गरी मुगु जिल्लास्थित रारा तालमा सफलतापूर्वक परीक्षण गरिएको छ। साथै, नेपाली सेना तथा National Robotics & Research Center Pvt. Ltd. को संयुक्त पहलमा नेपाली सेनाका सकल दर्जाको Firing Skill विकास गर्ने कार्यको लागि Technology Based आधुनिक Remote Operated Multi Motion Moving Target System १/१ सेट निर्माण गरी थानकोटस्थित फायरिङ्ग रेञ्जमा सफल परीक्षण गरिएको।
- नेपाली सेनामा तालीम तथा अभ्यासको दौरान डेमोलेशन कार्यको लागि प्रयोग हुँदै आइरहेको ५०० ग्रामको TNT SLAB को विकल्पमा डाई ईम्प्रोभाईज गरी १०० ग्रामको TNT SLAB उत्पादन गरी सफल परीक्षण पश्चात् मिति २०७९/१२/२२ गतेबाट TNT SLAB उत्पादन गरिदैं आइरहेको,

- नेपाली सेना र श्री राष्ट्रिय आविष्कार केन्द्र (National Innovation Centre) बीच सम्झौता (MOU) गरी श्री राष्ट्रिय आविष्कार केन्द्र (National Innovation Centre) द्वारा निर्माण भएका तीन वटा Dual Stage रकेटहरू विगतमा भएका कमी कमजोरीहरूलाई निराकरण गरी चौथो चरणको परीक्षण मिति २०८०/०२/२९ गतेबाट ऐ.३२ गतेसम्म धनुषा भिमानस्थित आर्टीलरी फायरिङ्ग रेञ्जमा परीक्षण गरिएको।

**(ख) नागरिक - सैनिक सम्बन्ध, सहयोग र सहकार्य अन्तर्गत सम्पादित मुख्य कार्यहरूः**

नेपाली सेनाले नागरिक-सैनिक सम्बन्ध प्रगाढ बनाउन विशेष जोड दिँदै आइरहेको छ। यस अन्तर्गत स्वास्थ्य सेवा, स्थानीय सडक निर्माण तथा मर्मत, खानेपानी, स्थानीय बजारीकरण लगायत अन्य क्षेत्रहरूमा समेत नागरिक -सैनिक सहयोग र सहकार्यमा विभिन्न जनहितकारी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइँदै आएको छ। सोही बमोजिम आ.व. २०७९/८० मा देहाय बमोजिमका कार्यहरू सम्पन्न भएका छन:

- जमिनी खोज तथा उद्धार - ८९५ जना,
- हवाई खोज उद्धार - ३६८ जना,
- राहत वितरण र सहयोग - ४७ स्थान,
- स्वास्थ्य शिविर -(५५ स्थान)- १८ हजार ४०६ जना लाभान्वित,
- रक्तदान - २६८ जना,
- सर्पदंश उपचार (२२ स्थान) - २ हजार २६९ जना,
- सचेतनामूलक कक्षा सञ्चालन (२४९ स्थान) - ३४ हजार ५४३ जना,
- आवास गृह निर्माण - १ स्थान (पाँचथर जिल्ला),

**(ग) सैनिक हवाई सेवा तर्फः**

आवश्यक अपरेशन तथा बन्दोबस्ती कार्यमा सहयोग पुऱ्याउन सैनिक हवाई सेवाको व्यवस्था भए अनुरूप सैनिक हवाई सेवा अन्तर्गत मध्य एयर वेश, पश्चिम एयर वेश र विशिष्ट उडान सेवाद्वारा हवाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। आ.व.२०७९/८० मा अपरेशन, तालीम, उद्धार, चार्टर तथा राष्ट्रिय समारोहका लागि जम्मा १ हजार ३५६ उडान गरिनुका साथै देहायअनुसार हवाई सेवा कार्यहरू सञ्चालन गरिएको:

| सि.नं. | विवरण | उडान संख्या | उपलब्धि |
|---|---|---|---|
| १ | सैनिक अपरेशनल उडान | ४३९ | • विपद् व्यवस्थापन, सुत्केरी |

| सि.नं. | विवरण | उडान संख्या | उपलब्धि |
|---|---|---|---|
| २ | वायु सेवा अन्तर्गत तथा अन्य युनिटमा भएका तालीम उडान | २९७ | उद्धारको लागि विभिन्न समयमा सफलतापूर्वक उडान सम्पन्न गरेको, विशिष्ट व्यक्तिहरूको लागि उडान सञ्चालन गरेको,<br>• युद्ध तयारीको लागि अत्याधिक जहाजहरूको उपलब्धताको लागि जहाजहरूको मर्मत सम्भार गरेको,<br>• विशेष पर्वहरूमा हवाई साधनहरूको सफलतापूर्वक सहभागिता जनाएको,<br>• विभिन्न तालीमहरूको (जस्तै Para Basic, HDR) अभ्यासहरू सञ्चालन गर्नमा सहयोगी भूमिका निर्वाह गरेको,<br>• विकास निर्माणका सामग्रीहरू निर्माणस्थलसम्म समयमा नै ढुवानी हुँदा विकास निर्माणका कार्यहरू सम्पन्न गर्न सहज हुँदा राष्ट्र विकासमा टेवा पुगेको,<br>• पाइलट तथा इन्जिनीयर दक्ष जनशक्ति उत्पादन गर्दै संस्थागत आवश्यकता पुरा गर्दै आइरहेको। |
| ३ | भि.भि.आई.पी./भि.आई.पी. उडान | ६७ | |
| ४ | चार्टर उडान (साधारण, सुत्केरी, उद्धार) | १६१ | |
| ५ | अन्य उद्धार उडान | १०७ | |
| ६ | विकास निर्माण | ५१ | |
| ७ | सैनिक उद्धार उडान | ३५ | |
| ८ | चार्टर उडान (प्रतिनिधि सभा प्रदेश सभा सदस्य निर्वाचन) | १८८ | |
| ९ | विभिन्न राष्ट्रिय समारोहको उडान | ११ | |

**(घ) गोलीगट्ठा, सैनिक तथा विकास निर्माण प्रयोजनको लागि आवश्यक विष्फोटक पदार्थ लगायत सैनिक सरसामानहरू स्वदेशमा नै उत्पादन गरी आत्मनिर्भर हुने दीर्घकालीन योजनाः**

गोलीगट्ठा, सैनिक तथा विकास निर्माण प्रयोजनको लागि आवश्यक विष्फोटक पदार्थ लगायत अन्य सैनिक सर-सामग्रीहरू स्वदेशमा नै उत्पादन गरी आत्मनिर्भर हुँदै जाने दीर्घकालीन योजना अनुरूप स्मल आर्मस एम्यूनिशन, गोलीगट्ठा तथा नेपाली सेनालाई आवश्यक पर्ने पोशाक तथा ईक्युपमेन्टहरू (मण्डी, एण्टीफङ्गल मोजा, वालक्याप, ईनरभेष्ट ट्राउजर, जर्सी, किटव्याग, झुल, रुमाल, एक्रेलिक नेमट्याग, ईम्ब्रोईडेड दर्ज्यानी चिन्ह तथा नेमट्याग, टोपीको तारा, रिवन) स्वदेशमा नै उत्पादन गरिएको छ। आ.व. २०७९/८० बाट ORIGINAL S.W.A.T. बुट उत्पादन गर्नुको साथै, अन्य प्रयोजनका जुत्ताहरू ग्याठ बुठ, स्पोर्ट सुज तथा स्कूल सुज समेत उत्पादन गरिएको।

**(ङ) नेपाली सेनाबाट सञ्चालित स्वास्थ्य सेवा सुविधाको क्षमता अभिवृद्धिः**

नेपाली सेनामा कार्यरत सकल दर्जाहरूको स्वास्थ्य उपचारका लागि केन्द्रीय स्तरको सुविधा सम्पन्न वीरेन्द्र अस्पतालबाट बहालवाला, अवकाश प्राप्त तथा निजका आश्रित परिवारहरूलाई स्वास्थोपचार सेवा प्रदान हुँदै आइरहेको छ।

- वीरेन्द्र अस्पतालमा Magnetic Resonance Imaging (MRI) भवन, Central Sterile Service Department (CSSD) भवन, Ambulance Garage, Information Room, ३ तले Toilet र Waste Management भवनहरू निर्माण सम्पन्न भएको,
- सैनिक पुनर्स्थापना केन्द्रमा Outdoor Gait Training Area, Silicon Cosmetic Restoration Lab स्थापना गरिएको छ भने Hydrotherapy सेवा समेत सञ्चालनमा ल्याइएको,
- सैनिक अस्पताल पोखराको विद्यमान स्वास्थ्य सेवामा थप विस्तार गरी High Dependency Unit (HDU) र Intensive Care Unit (ICU) सेवा सञ्चालनमा ल्याइएको,
- आ.व.२०७९/८० मा वीरेन्द्र अस्पतालबाट ४ लाख ७५ हजार ८६७ जना हिताधिकारीलाई स्वास्थ्य सेवा प्रदान गरिएको थियो भने भु.पू. सैनिक सम्मेलन-२०७९ तथा नेपाली सेनाको अग्रसरतामा आवश्यकता तथा माग भएबमोजिम ताप्लेजुङ्ग जिल्लाको ओलाङ्गचुङ्गगोला सहित विभिन्न स्थानहरूमा मुटु, पेट, आँखा, सर्जिकल तथा गाईनो लगायतका मेडिकल क्याम्पहरू सञ्चालन गरिएको।

**(च) कोभिड -१९ व्यवस्थापनः**

कोभिड-१९ को जोखिमलाई न्यूनीकरण गर्न नेपाली सेनामा कार्यरत सकलदर्जा, भु.पू. तथा तिनका आश्रित परिवार र गैर सैनिक व्यक्तिहरूलाई दुई चरणमा गरी विभिन्न मितिमा "Vaccination तराईदेखि हिमालसम्म" Mission सञ्चालन गरी खोप लगाउने कार्य सञ्चालन गरिएको।

**(छ) तालीम तथा प्रशिक्षणः**

सैनिक व्यक्ति तथा सैनिक संगठनलाई पेशागत रूपमा दक्ष बनाई राख्न सैनिक तालीमको प्रमुख भूमिका रहेको छ। नेपाली सेनालाई व्यावसायिक तथा आधुनिकीकरण गर्ने क्रममा देशभित्र सञ्चालन गरिने विभिन्न तालीमहरूलाई प्रभावकारी बनाउन आवश्यक पर्ने भौतिक पूर्वाधारहरू (तालीम केन्द्र, तालीम सामग्री, तालीम इलाका, फायरिङ रेञ्ज इत्यादि)को विकास तथा विस्तार गर्ने योजनालाई नेपाली सेनाले निरन्तरता दिँदै आएको छ। नेपाली सेनाका विभिन्न शिक्षण संस्थाहरूलाई क्रमिक रूपमा क्षमता अभिवृद्धि गर्दै आत्मनिर्भर बनाई वार्षिक तालीम निर्देशिकाअनुरूप आ.व.२०७९/८० मा विभिन्न तालीमहरू सञ्चालन गरिएको। जसमध्ये स्वदेशमा सञ्चालित विभिन्न प्रकारका ९१६ वटा तालीमहरूमा ६५ हजार ५९ जना र विदेशमा ५१२ जना गरी कुल ६५ हजार ५७१ जनाले प्रशिक्षण प्राप्त गरेका। साथै, मुख्य-मुख्य तालीम तथा अभ्यासहरू निम्नानुसार सञ्चालन भएकाः

- आ.व. २०७९/८० मा युद्धक, युद्ध मद्दती र युद्ध सेवा मद्दतीका १८ हजार ३०७ जना फौजहरूलाई सहभागी गराई सामूहिक तालीम सञ्चालन गरिएको,
- मिति २०७९ असोज २१ गतेदेखि ३० गतेसम्म मित्रराष्ट्र बेलायतमा सञ्चालन भएको EX-Cambrian Patrol मा नेपाली सेनाबाट १० जना सहभागी भएको थियो भने उक्त प्रतियोगितामा नेपाली सेनाबाट रजत पदक (Silver Medal) प्राप्त गर्न सफल भएको,
- मिति २०७९ पुस १ गतेदेखि १४ गतेसम्म श्री नेपाली सैनिक व्याटल स्कूल सालझण्डीमा नेपाली सेनाको तर्फबाट ३३४ जना र भारतीय सेनाको तर्फबाट ३३४ जना गरी कुल ६६८ जना संयुक्त फौजको सहभागितामा Ex Surya Kiran-XVI सञ्चालन भएको,
- मिति २०७९ पुस २५ गतेदेखि माघ २० गतेसम्म छाउनी र नगरकोटमा नेपाली सेनाका ४५ जना र अमेरिकी सेनाका १६ जनाको टोलीबीच संयुक्त रूपमा Ex-Teak Balance Nail सञ्चालन भएको,

- मिति २०७९ माघ १४ देखि २९ गतेसम्म कपिलवस्तु जिल्ला, वुद्धभूमि न.पा.१ पत्थरकोटस्थित अभ्यास इलाका र बाग्लुङ्ग जिल्लाको हलहलेमा ५ हजार ५४५ जना फौज सहभागी भई कमाण्ड तहको Field Training Excise ( FTX) "अभ्यास रक्षा-२" सञ्चालन भएको,
- मिति २०७९ फागुन १४ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा श्री विशेष फौज बाहिनीको लिड रोलमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, नागरिक उड्डयन प्राधिकरण र नेपाल वायु सेवा निगमको सहभागितामा संयुक्त रूपमा त्रिभुवन विमानस्थलमा ALERT-4 अन्तर्गत ANTI-HIJACKING DEMONSTRATION सञ्चालन भएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालुतर्फ** (रू.हजारमा)

| ब.उ.शी. नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५००११३३ | रक्षा मन्त्रालय | ८३७०० | ६९०४४ | ८२.४९ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४५२०० | ३५१५४ | ७७.७७ |
| ३४५०१०११३ | जङ्गी अड्डा | ५०१३७३२१ | ४९७७०१७९ | ९९.२७ |
| ३४५०१०१२३ | सैनिक हवाई महा-निर्देशनालय | ६३७८७७ | ६०२४१४ | ९४.४४ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल | १८७२६५४ | १८६०४९६ | ९९.३५ |
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १४२२८८ | १३८८२५ | ९७.५७ |
| ३४५०१०१५३ | राष्ट्रिय सेवादल | ४३४१२० | ४२९१४४ | ९८.८५ |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | २६४७९८ | २६१९५५ | ९८.९३ |
| | **जम्मा** | **५३६१७९५८** | **५३१६७५३३** | **९९.१६** |
| ३३७००१०१३ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | ७८९०० | ५७४०४ | ७२.७६ |
| | विभिन्न ४ सडक करिडोरहरू निर्माण | २०१७६ | १६६५६ | ८२.५५ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | ४२७२८८३ | ४२५११५२ | ९९.४९ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १३२४०० | ११८१२३ | ८९.२२ |
| | **जम्मा** | **४५०४३५९** | **४४४३३३५** | **९८.६५** |

पुँजीगत तर्फ (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५००११४४ | रक्षा मन्त्रालय | ८००० | ३१२ | ३.९० |
| ३४५०००१२४ | राष्ट्रिय सुरक्षा परिषद् | ३००० | २००२ | ६६.७३ |
| ३४५०१०११४ | जङ्गी अड्डा | ७१४५५१५ | ६८३६०२१ | ९५.६७ |
| ३४५०१०१२४ | सैनिक हवाई महा-निर्देशनालय | ६५७४४५ | ६३८३२१ | ९७.०९ |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल | २३०२१८ | २१६३५४ | ९३.९८ |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १३२९५० | १३१३१८ | ९८.७७ |
| ३४५०१०१५४ | राष्ट्रिय सेवादल | २१४३१ | २०९५० | ९७.७६ |
| ३४५०१०१६४ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | १६२४१ | १३९३६ | ८५.८१ |
| | **जम्मा** | **८२१४८००** | **७८५९२१४** | **९५.६७** |
| ३३७००१०१४ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | २९९९९७०० | १४८८४४४१ | ४९.६२ |
| | विभिन्न ४ सडक करिडोरहरू निर्माण | ६९००५० | ६७७९०४ | ९८.२४ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | १८५१०० | १७०१९१ | ९१.९५ |
| ३२९००१०४४ | राष्ट्रिय चूरे तराई मधेश संरक्षण विकास समिति | ५९०७६ | ५२७०१ | ८९.२१ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १९०१०० | १६४८९३ | ८६.७४ |
| | **जम्मा** | **३११२४०२६** | **१५९५०१३०** | **५१.२५** |

**८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा चैत मसान्तसम्मको खर्च विवरणः**

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी. नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ९०५०० | ५५८०९ | ६१.६७ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४५४०० | २८३२६ | ६२.३९ |
| ३४५०१०११३ | जङ्गी अड्डा | ४९७८४१३८ | ३७१६५१०७ | ७४.६५ |
| ३४५०१०१२३ | सैनिक हवाई महा-निर्देशनालय | ६४५७९७ | ३८७४०४ | ५९.९९ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल | १८२६०६५ | १४६७०५८ | ८०.३४ |
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १३६३०० | ९९४७९ | ७२.९९ |

| ब.उ.शी. नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०१०१५३ | राष्ट्रिय सेवादल | ४११४०० | २९४८०७ | ७१.६६ |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | २३७८०० | १८९६४८ | ७९.७५ |
| | **जम्मा** | **५३१७७४००** | **३९६८७६३८** | **७४.६३** |
| ३३७००१०१३ | काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना | ७३७०० | ३८३५७ | ५२.०४ |
| | विभिन्न ४ सडक करिडोरहरू निर्माण | ८९०७ | ७५७९ | ८५.०९ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १३१८०० | १८९१० | १४.३५ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | ४३८६००० | ३२०४६२८ | ७३.०६ |
| | **जम्मा** | **४६००४०७** | **३२६९४७४** | **७१.०७** |

**पुँजीगततर्फ** (रु. हजारमा)

| ब.उ.शी. नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ४७०० | १३५७ | २८.८७ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ५००० | ७६० | १५.२० |
| ३४५०१०११४ | जङ्गी अड्डा | ४४९८८०० | २०३८१५२ | ४५.३० |
| ३४५०१०१२४ | सैनिक हवाई महा-निर्देशनालय | ८००००० | १३०८०० | १६.३५ |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल | ३५५२०० | ७४४९७ | २०.९७ |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | २००० | ० | ० |
| ३४५०१०१५४ | राष्ट्रिय सेवा दल | १००० | ० | ० |
| ३४५०१०१६४ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | ५०० | ० | ० |
| | **जम्मा** | **५६६७२००** | **२२४५५६६** | **३९.६२** |
| ३३७००१०१४ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | १७९१०१०० | १११८०९३८ | ६२.४३ |
| | विभिन्न ४ सडक करिडोरहरू निर्माण | ५३९६०० | ३४९०६४ | ६४.६९ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १९४८०० | १२६४५४ | ६५.०० |
| ३२९०३०१२४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | ६४२०० | ३८६७२ | ६०.२४ |

| ब.उ.शी. नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९००१०४४ | राष्ट्रिय चूरे तराई मधेस संरक्षण विकास समिति | २५००० | १३४५० | ५३.८० |
| | **जम्मा** | १८७३३७०० | ११७०८५७८ | ६२.५० |

# वन तथा वातावरण मन्त्रालय

१. संक्षिप्त परिचयः

१.१ पृष्ठभूमिः

वन तथा वातावरण मन्त्रालयका प्रमुख जिम्मेवारीमा वन, वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रहरू समावेश छन्। वन अन्तर्गत मूलतः वन, वन्यजन्तु, वनस्पति, जैविक विविधता र जलाधारहरूको दिगो, समावेशी र सहभागितामूलक व्यवस्थापन र तीनबाट प्राप्त वस्तु र सेवाको न्यायोचित उपयोग गर्ने विषय पर्दछन्। वातावरण कार्यक्षेत्र तर्फ तीनै तहका सरकार, समुदाय र निजीक्षेत्रको सहयोग र सहकार्यमा खासगरी प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, वातावरणीय मापदण्डको निर्धारण र वातावरणीय प्रभावको नियमन रहेका छन्। जलवायु परिवर्तन तर्फ मानव समाज र प्राकृतिक वातावरणमा जलवायु परिवर्तनले पारेका वा पार्न सक्ने प्रभावहरूबाट बच्न अनुकूलनका उपयाहरूको खोजी र विस्तार गर्नु, त्यसका निम्ति अन्तराष्ट्रिय वित्त, प्रविधि र ज्ञानमा पहुँच बढाउनु, जलवायु परिवर्तनको न्यूनीकरण हुने गरी स्रोतको व्यवस्थापन गर्नु र हरितगृह ग्याँसको उत्सर्जनको नियमित मापन गर्नु जस्ता क्रियाकलापहरू रहेका छन्। यी तीनवटै कार्यक्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण, अध्ययन-अनुसन्धान, क्षमता विकास र शासकीय सुधार प्रमुख अन्तरसम्बन्धित पक्षहरू हुन्।

१.२ दीर्घकालीन सोचः

वन क्षेत्रको दिगो व्यवस्थापन, सफा, स्वच्छ र हरित वातावरण तथा जलवायु समानुकूलित समाजको निर्माणबाट नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि र सुखमा योगदान।

१.३ उद्देश्यः

वन तथा वातावरण मन्त्रालयको नीतिगत उद्देश्य निम्नानुसार छन्:

राष्ट्रिय वन नीति, २०७५

- वन क्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्ने,
- वन पैदावरमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गर्ने,
- संरक्षित क्षेत्र सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरूबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने,
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण पुनर्स्थापना र दिगो उपयोग गर्ने,
- वन क्षेत्रको संरक्षण र सोको बहुआयामिक उपयोग गर्ने,

- फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रूपमा विकास गर्ने,
- हालको वन क्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुनर्स्थापना गर्ने,
- जलाधार क्षेत्रहरूको, व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने,
- कार्वन उत्सर्जन न्यूनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुऱ्याउने,
- वन क्षेत्रको शासकीय सुधार गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने,
- वन क्षेत्रको अध्ययन अनुसन्धान शैक्षिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने।

**राष्ट्रिय वातावरण नीति २०७६**

- जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक र रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम नियन्त्रण र न्यूनीकरण गर्ने,
- घरेलु औद्योगिक तथा सेवा क्षेत्र लगायत सबै स्रोतबाट सिर्जित फोहोरमैलाको व्यवस्थापन गर्ने,
- शहरी तथा नगर क्षेत्रमा उधान विकास तथा हरियाली विस्तार गर्ने,
- विकासका सबै आयामहरूमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने,
- प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चतता गर्ने,
- वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने,
- वर्तमान तथा भावी पुस्ताबीचमा न्यायोचित हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतहरूको उपयोग गर्ने,
- वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने,
- जमिनको प्रयोग भू-उपयोग योजनाबमोजिम गर्ने,
- सम्भव भएसम्म उपलब्ध स्रोत साधनको पुनःप्रयोग र पुनःप्रशोधन गर्ने।

**राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६**

- सङ्कटासन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गर्ने,
- जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका पारिस्थितीकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्ने,
- न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने,
- जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूको न्यायोचित परिचालन गर्ने,
- जलवायु परिवर्तनसम्बन्धी अनुसन्धान, प्रविधि विकास र सूचना सेवा प्रवाहलाई प्रभावकारी बनाउने,
- राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरूमा जलवायु

परिवर्तनका विषयहरूलाई एकीकृत गर्ने,

- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | करार | रिक्त | फाजिल |
|---|---|---|---|---|---|---|
| १ | वन तथा वातावरण मन्त्रालय | १२९ | ९८ | १८ | ३१ | |
| २ | वन तथा भू-संरक्षण विभाग | १२९३ | ४६२ | ३८८ | ६८३ | २४० (स.व.र., फरेष्टर, रेञ्जर, तथा अधिकृतहरू) |
| ३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | १९३९ | १३७१ | ३१३ | २५५ | |
| ४ | वनस्पति विभाग | २८९ | १३३ | ३८ | ११८ | |
| ५ | वातावरण विभाग | ५५ | ४८ | ७ | ७ | |
| ६ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ७३ | ४० | १९ | १४ | |
| ७ | रेड कार्यान्वयन केन्द्र | १४ | १० | ३ | १ | |
| | **जम्मा** | **३७९२** | **२१६२** | **७८६** | **११०९** | **२४०** |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५० | सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आर्थिक वर्ष नयाँ संरचना र दरबन्दी सिर्जना गरिने छैन। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरवन्दीको पुनरावलोकन गरी छरितो बनाइनेछ। सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिना भित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्नेछ। | • संगठन तथा व्यवस्थापन सर्भेक्षणको लागि मन्त्रालय अन्तर्गतका तीनवटा निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रारम्भिक छलफल सम्पन्न भएको। |
| १११ | वन, जैविक विविधता र जलाधार व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम गरिनेछ। वन सम्पदाको दिगो | • ५ लाख ५६ हजार ९ सय १४ जना आगन्तुकलाई वनस्पति उद्यानमा पर्यटकीय सेवा प्रदान भएको, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | उपयोग र वनजन्य उद्यम विकास गर्दै राष्ट्रिय अर्थतन्त्रमा यसको योगदान बढाइनेछ। संरक्षित क्षेत्र र सामुदायिक वनलाई पर्या-पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। | • १४० कि.मि. पर्यटक पदमार्ग निर्माण मर्मत तथा स्तरोन्नति सम्पन्न,<br>• ५९ वटा भ्यू-टावर (मचान) मर्मत सम्पन्न,<br>• भ्यू-टावर (मचान) मर्मत गर्ने,<br>• १६ वटा होमस्टेको प्रवर्द्धन भएको। |
| ११२ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम मार्फत संघ, प्रदेश र स्थानीय तहको सहभागितामा चुरे संरक्षणको गुरुयोजना कार्यान्वयन गरिनेछ। यस अन्तर्गत जल र जमिन संरक्षण गर्न बाँस रोपण, रिचार्ज पोखरी, गल्छी, पहिरो नियन्त्रण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका लागि रु. १ अर्ब ५ करोड विनियोजन गरेको छु। | • संरक्षण पोखरी, तालतलैया, सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्न २९ वटा स्थान छनौट भई प्रारम्भिक कार्य शुरू भएको र १२ वटामा सम्झौता भई काम भइरहेको,<br>• गल्छी नियन्त्रण तथा खोला किनारा संरक्षणको लागि ८० वटा स्थान छनौट भई ५४ वटा स्थानमा सम्झौता भई निर्माण कार्य भइरहेको,<br>• ७३ वटा गल्छी पहिरो खहरे रोकथाम तथा नियन्त्रण सम्पन्न भएको,<br>• ७ वटाको तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापन कार्य सम्पन्न भएको,<br>• ६० वटा भूमिगत जल पुनर्भरण/संरक्षण पोखरी निर्माण सम्पन्न,<br>• ५६ हेक्टर क्षतिग्रस्त भूमि पुनरुत्थान तथा अन्य संरक्षण कार्यको लागि प्रारम्भिक कार्य सम्पन्न भएको,<br>• विरुवा उत्पादन तथा वितरणको लागि ५ वटा नर्सरी मर्मत सम्पन्न भएको,<br>• ३६ कि.मी. नदी तथा खोला किनारा स्थिरिकरण/व्यवस्थापन भएको,<br>• ९८ वटा गल्छी पहिरो खहरे रोकथाम तथा नियन्त्रण भएको। |
| ११३ | माटो तथा पानीको दिगो स्रोत व्यवस्थापन गर्न कोशी, गण्डकी, कर्णाली र महाकाली लगायत वृहत जलाधार क्षेत्रमा गल्छी तथा पोखरी संरक्षण, सिमसार संरक्षण र जलपुनर्भरणका | • ७९ स्थानमा खोला नदी किनारा संरक्षण गर्ने कार्यको लागि उपभोक्ता/सेवा प्रदायकसंग सम्झौता भइसकेको,<br>• ५९ स्थानमा जम्मा ५.७२६ कि.मि. Embankment निर्माण भएको, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छ। | • दिगो वन व्यवस्थापन मापदण्ड तथा कार्यविधि तयार भएको।<br>• गल्छी/पहिरो रोकथामको लागि ४९ वटा गल्छी/पहिरो रोकथामको लागी उपभोक्ता/सेवा प्रदायकसँग सम्झौता भएको,<br>• ३२ स्थानमा गल्छी/पहिरो रोकथाम कार्य सम्पन्न भएको,<br>• १६८ वटा पानी मुहान संरक्षण गर्नको लागि उपभोक्तासंग सम्झौता भई काम सम्पन्न भएको,<br>• ६० वटा संरक्षण पोखरी, तालतलैया, सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापनका लागि उपभोक्ता/सेवा प्रदयाकसँग सम्झौता भएको,<br>• ६० वटा पोखरी निर्माण तथा सिमसार संरक्षण कार्य सम्पन्न भइसकेको। |
| ११४ | वनलाई नागरिकको जीवन तथा समृद्धिसँग जोड्न बाँझो, खाली, ऐलानी, पर्ती र हैसियत बिग्रेको वन क्षेत्र तथा नदी उकास जमिनमा जडिबुटी, फलफूल, घाँसेबाली लगायतका खेती गरी कृषि-वन विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशसँगको सहकार्यमा आगामी वर्ष करिव तीन करोड विरुवा वृक्षारोपण गरिनेछ। | • कृषि-वन विकास गर्ने स्थान छनौट गर्ने कार्य सम्पन्न भएको र सम्बन्धित स्थानमा सरोकारवाला छनौटको कार्य निरन्तर भइरहेको,<br>• सहरी वन विकास कार्ययोजना निर्माण भएको। |
| ११५ | जडीबुटीको व्यावसायिक खेती प्रवर्द्धन गर्न कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्भाव्य स्थानीय तहमा गुणस्तरीय विरूवा उत्पादन र पकेट क्षेत्र विकास गर्न बजेट छुट्याएको छ। जडिबुटीको प्रशोधन र सारतत्व प्रमाणीकरण गरी निर्यात प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ। | • जडीबुटीको गुणस्तरीय विरुवा उत्पादनको लागि ५ वटा नर्सरी तयार कार्य सम्पन्न भएको,<br>• १ लाख ४० हजार ६ सय ३५ जडिबुटीका विरुवा उत्पादन भएको,<br>• पकेट क्षेत्र प्रवर्द्धनका लागि ६ वटा समूह/सहकारी सँग सम्झौता भई व्यावसायिक खेती शुरु भई सञ्चालनमा रहेको, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • उद्यानमा नभएका वनस्पति प्रजातिहरूको पहिचान गरी ८२ प्रजातिको वनस्पतिहरू संकलन भएको,<br>• नियमित रूपमा वनस्पति उद्यानहरूमा १ हजार १९२ प्रजातिको वनस्पति संकलन भई परस्थानीय संरक्षण भएको,<br>• ७.७० टन सुगन्धित तेल तथा कच्चा पदार्थ उत्पादन भएको,<br>• १३ लाख ४२ हजार ११ थान जडीबुटीजन्य बस्तु Fast Moving Consumer Goods(FMCGs) को उत्पादन भएको । |
| ११६ | निकुञ्ज, जंगल तथा मध्यवर्ती क्षेत्रमा जैविक मार्ग निर्माण, घाँसै मैदान तथा सिमसार क्षेत्र व्यवस्थापन, वन्यजन्तुको वासस्थान व्यवस्थापन तथा वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि विद्युतीय तारवार लगायतका पूर्वाधारहरू निर्माण गरिनेछ। मध्यवर्ती क्षेत्रका बासिन्दाको जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। पर्सा प्राकृतिक चिडियाखानाको पूर्व तयारीको काम सम्पन्न गरी निर्माण कार्य अगाडि बढाइनेछ। | • १ हजार १०० हेक्टर घाँसे मैदान व्यवस्थापन भएको,<br>• वन्यजन्तुका लागि ९३ वटा खानेपानी पोखरी निर्माण तथा मर्मत सम्पन्न,<br>• २९ कि.मि. मेषजालीसहित तारवार निर्माण सम्पन्न,<br>• ८ कि.मि. सोलार फेन्स निर्माण सम्पन्न भएको। |
| ११७ | वन्यजन्तुबाट हुने क्षति बापत प्रदान गरिने राहत वितरण प्रकृयालाई सहज र सरल बनाइनेछ। निकुञ्ज तथा आरक्ष संरक्षणमा खटिएका कर्मचारीहरूको दुर्घटना वीमा गरिनेछ। संकटापन्न र दुर्लभ वन्य जन्तु संरक्षणका लागि कार्यक्रम सञ्चालन गरिनेछ। | • संरक्षणमा खटिने संरक्षित क्षेत्रका १ हजार १६४ जना कर्मचारीहरू र हात्तीसारे कर्मचारीको जोखिम वीमा गरिएको,<br>• वन्यजन्तुबाट हुने क्षतीको राहत स्वरूप ४६२.८५ लाख वितरण गरिएको। |
| ११८ | डढेलोको जोखिम नियन्त्रणका लागि प्रदेशसँगको सहकार्यमा सामग्री खरिद र तालीम कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु। | वन डढेलो नियन्त्रणका लागि आवश्यक औजार खरीद तथा वितरण भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२१ | इलाम, मुस्ताङ, दाङ र अछाममा वायु गुणस्तर मापन केन्द्र विस्तार गरिनेछ। प्लास्टिक झोलाको सट्टा कागज वा कपडाको झोलाको प्रयोगलाई प्रोत्साहन गरिनेछ। वातावरण संरक्षणका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। | • EIA स्वीकृत भएका ६ वटा आयोजनाहरुको वातावरणीय परीक्षण (Environmental Audit) सम्पन्न।<br>• ९० वटा वातावरणीय प्रभाव अध्ययन गरेका आयोजनाहरूको वातावरणीय अनुगमन सम्पन्न,<br>• प्लाष्टिक झोला प्रतिबन्धसम्बन्धी निर्देशिका तयार। |
| ३८० | संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसम्बन्धी राष्ट्रिय लक्ष्यहरू हासिल गरिनेछ। विभिन्न ४३ स्थानीय तहमा नेपाल जलवायु नमुना कार्यक्रम सञ्चालन गरिनेछ। | • २४७ वटा स्थानीय अनुकूलन योजना तयार भएको,<br>• १४ वटा संरक्षण पोखरी, तालतलैया, सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन भएको,<br>• ५८ हेक्टर गह्रा सुधार भएको,<br>• ७० हेक्टर वन क्षेत्र सुदृढीकरण र चरनक्षेत्र व्यवस्थापन भएको। |

**४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः**

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८० | संशोधन (२०८०/०१/२१) |
| २ | वन्यजन्तुबाट भएको क्षतिको राहत सहयोग निर्देशिका, २०८० | संशोधन (२०८०/०३/२२) |
| ३ | वन (पहिलो संशोधन) नियमावली, २०८० | संशोधन (२०८०/०४/२३) |
| ४ | वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८० | नयाँ तर्जुमा (२०८०/०८/११) |
| ५ | राष्ट्रिय बृहत जलाधार व्यवस्थापन रणनीति, २०८० | नयाँ तर्जुमा (२०८०/०८/२८) |
| ६ | संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० | नयाँ तर्जुमा (२०८०/०९/१२) |
| ७ | व्यवसायिक रूपमा वन्यजन्तुको पालन, प्रजनन तथा उपयोग सम्बन्धी मापदण्ड, २०८० | नयाँ तर्जुमा (२०८०/०५/१८) |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

| क्र.सं. | विवरण | उपलब्धि |
|---|---|---|
| १ | वन क्षेत्रवाट राजस्व संकलन (रू अर्बमा) | ४.२४ |
| २ | काठ उत्पादन (क्यू.फि.लाखमा) | २४३.५३ |
| ३ | दाउरा उत्पादन (चट्ट) | ४२३१८.७ |
| ४ | विरूवा उत्पादन, खरिद (संख्या, लाखमा) | ६०.७७ |
| ५ | बृक्षारोपण (हेक्टर) | १७७.९ |
| ६ | थप पानी मुहान पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन (संख्या) | ४२६ |
| ७ | गल्छी/खहरे/पहिरो नियन्त्रण तथा रोकथाम (संख्या) | ७३८ |
| ८ | वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५) (माइक्रोग्राम प्रति घनमिटर) | ७८.६ |
| ९ | रोजगारी सिर्जना (श्रमदिन) | १०१३७.११ |
| १० | विरूवा वितरण (गोटा-लाखमा) | ३६.७५ |
| ११ | उत्पादित काठ बिक्री (क्यू.फि.लाखमा) | २३२.३५ |

## ६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

| क्र.सं. | विवरण | उपलब्धि |
|---|---|---|
| १ | राजश्व संकलन (रू.लाखमा) | ४ अर्ब ७७ करोड ७३ हजार (प्रदुषण नियन्त्रण शुल्कः ३ अर्ब ९ करोड समेत) |
| २ | वन क्षेत्रको (कोष, समिति, संस्थान) आम्दानी | १ अर्ब ३९ करोड ४९ लाख ६७ हजार ६ सय ५४ |
| ३ | काठ उत्पादन (क्यु फिट) | ३ करोड १८ लाख ६१ हजार |
| ४ | दाउरा उत्पादन (चट्टा) | ४१ हजार ९ सय ९८ |
| ६ | बिरुवा उत्पादन (काष्ठजन्य संख्या) | १ करोड ५९ लाख ७३ हजार बिरुवा उत्पादन तथा २ हजार २४ हेक्टर वृक्षारोपण |
| ७ | रोजगारी सृजना (श्रमदिन) | ६७ लाख २५ हजार |
| ८ | वनमा आधारित उद्यम विकास (संख्या) | ३ हजार ३ सय ३ वटा |
| ९ | संरक्षित क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धन (संख्या) | ९ लाख ३५ हजार ८ सय ०६ |
| १० | चिडियाखाना तथा वनस्पति उद्यानमा पर्यापर्यटन प्रवर्द्धन (संख्या) | १८ लाख १० हजार ९ सय ३४ |
| ११ | राहत वितरण | ९,४३१ घटनाको लागि १२ करोड |
| १२ | वन क्षेत्र अन्य प्रयोजनका लागि प्रदान | ४१ वटा विकास आयोजनालाई ४४७.१० हेक्टर |

| क्र.सं. | विवरण | उपलब्धि |
|---|---|---|
| १३ | वातावरणीय नियमन | ३७ वटा EIA, ५ वटा SEIA, ४५ वटा SD/ToR र १ वटा कार्वाही |
| १४ | वेरुजु फछ्र्यौट (प्रतिशत) | २०.५७७ |
| १५ | गुनासो फछ्र्यौट (प्रतिशत) | ५८.१५ |
| १६ | हर्वल केयर उत्पादन (थान) | ५३,३७,०११ |
| १७ | सुगन्धित तेल उत्पादन (टन) | १९.६६ |

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११३ | वन तथा वातावरण मन्त्रालय | १७४६४७ | १४५९६६ | ८३.५८ |
| ३२९००१०१३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ३९१८०० | २४२८३२ | ६१.९८ |
| ३२९००१०२३ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ८४२१७ | ६८६२७ | ८१.४९ |
| ३२९००१०३३ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ४०८०० | ३५२९१ | ८६.५ |
| ३२९००१०४३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १२८६२१ | ९५७८६ | ७४.४७ |
| ३२९००१०५३ | सम्वृद्धिका लागि वन | १४२७०० | ७६६९४ | ५३.७४ |
| ३२९००१०८३ | जलवायु उत्थानशील चुरे कार्यक्रम | ४४०१७२ | ३७८७८ | ८.६१ |
| ३२९०१०११३ | वन तथा भू-संरक्षण विभाग | २००७३९ | १४८३०७ | ७३.८८ |
| ३२९०१०१२३ | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) | ७३८२२ | ४७४३० | ६४.२५ |
| ३२९०११०१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ३४१०० | १८५५२ | ५४.४ |
| ३२९०११०२३ | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम | २३०७६ | १३०६६ | ५६.६२ |
| ३२९०११०६३ | जलाधारमा आधारित जलवायु उत्थानशिल जीविकोपार्जन आयोजना | १६८८०० | ९६८३८ | ५७.३७ |
| ३२९०११०७३ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | ११७७९० | ५१९३२ | ४४.०९ |
| ३२९०२०११३ | वनस्पति विभाग | १७६३५० | १५५६३५ | ८८.२५ |
| ३२९०२१०१३ | जडिबुटी विकास कार्यक्रम | ४५३५३ | २९९९३ | ६६.१३ |
| ३२९०२१०३३ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ३९८०० | ३२८११ | ८२.४४ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०३०११३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | १८६६०७ | १७०७४२ | ९१.५ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना) | ४२७२८८३ | ४२५११५२ | ९९.४९ |
| ३२९०३०१३३ | हात्तीसारहरू | १८०७३५ | १६६२८५ | ९२ |
| ३२९०३१०१३ | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | १०९९६९३ | ९३६९२९ | ८५.२ |
| ३२९०४०११३ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ५२८५३ | ४११७२ | ७७.९ |
| ३२९०४१०१३ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ४०७०० | २८९०६ | ७१.०२ |
| ३२९०५०११३ | वातावरण विभाग | १०६६४४ | ६१५४४ | ५७.७१ |
| ३२९०६०११३ | केन्द्रीय वन तालीम तथा प्रसार केन्द्र | ५७०० | ३४०६ | ६० |
| | **जम्मा** | **८२२८६०२** | **६९५७७७४** | **८५** |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११४ | वन तथा वातावरण मन्त्रालय | ३७०० | २४२६ | ६५.५७ |
| ३२९००१०१४ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | २३०० | १०१२ | ४४ |
| ३२९००१०२४ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ५३७०० | १६१७७ | ३०.१२ |
| ३२९००१०३४ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | २०९००० | २०११७७ | ९६.२६ |
| ३२९००१०४४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०३८१०० | १८८०६४३ | ९२.२७ |
| ३२९००१०५४ | सम्वृद्धिका लागि वन | ९६३०० | ५३५११ | ५५.५७ |
| ३२९००१०८४ | जलवायु उत्थानशील चुरे कार्यक्रम | २६०८०० | ३७८४२ | १४.५१ |
| ३२९०१०११४ | वन तथा भू-संरक्षण विभाग | २७५०० | १२३१९ | ४४.८ |
| ३२९०१०१२४ | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) | ४९००० | १२०५३ | २४.६ |
| ३२९०११०१४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५१५०० | २७८०८ | ५४ |
| ३२९०११०२४ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | ३९११०० | ३०७३८६ | ७८.६ |
| ३२९०११०६४ | जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना | १४१७०० | ८१४४५ | ५७.४८ |
| ३२९०११०७४ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | ३३४९१० | ४०५५ | १.२१ |

| | | | | |
|---|---|---|---|---|
| ३२९०२०११४ | वनस्पति विभाग | १७७०० | १७२५८ | ९७.५ |
| ३२९०२१०१४ | जडिबुटी विकास कार्यक्रम | ४०७०० | ३००४९ | ७३.८३ |
| ३२९०२१०३४ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | १३२७०० | ८५६५२ | ६४.५५ |
| ३२९०३०११४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | ५१९०० | २८९२३ | ५५.७३ |
| ३२९०३०१२४ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना) | १८५१०० | १७०१९१ | ९१.९५ |
| ३२९०३०१३४ | हात्तीसारहरू | ३०००० | २२७७६ | ७५.९२ |
| ३२९०३१०१४ | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | ६२७९५० | ४६१३७९ | ७३.४७ |
| ३२९०४०११४ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | १७०० | ० | ० |
| ३२९०४१०१४ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ५९०० | २४८६ | ४२.१४ |
| ३२९०५०११४ | वातावरण विभाग | १०६१०० | ४१९५० | ३९.५४ |
| ३२९०६०११४ | केन्द्रीय वन तालीम तथा प्रसार केन्द्र | १६०० | ० | ० |
| | **जम्मा** | ४८६०९६० | ३४९८५१८ | ७२ |

**८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा २०८० चैत महिनासम्मको खर्चको यथार्थ विवरणः**

**चालु तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११३ | वन तथा वातावरण मन्त्रालय | ३७२०४२ | १०९३३३ | २९.३९ |
| ३२९००१०१३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | २७६५०० | ० | ० |
| ३२९००१०२३ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | २०२०० | १२०९३ | ५९.८७ |
| ३२९००१०४३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ११६१०० | ६४५९० | ५५.६३ |
| ३२९००१०५३ | सम्वृद्धिका लागि वन | ७५८०० | ३४१४७ | ४५.०५ |
| ३२९००१०८३ | जलवायु उत्थानशिल चुरे कार्यक्रम | ३३६००० | २८२७२ | ८.४१ |
| ३२९०१०११३ | वन तथा भू-संरक्षण विभाग | २०५५३६ | ११४०९२ | ५५.५१ |
| ३२९०१०१२३ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ७८८०० | २३३१८ | २९.५९ |
| ३२९०११०१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ४३३५८ | ८५४५ | १९.७१ |
| ३२९०११०२३ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | १६५०० | ३७४५ | २२.७ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११०६३ | जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना | १४९००० | ० | ० |
| ३२९०११०७३ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | ४८९९०० | १०४७८६ | २१.३९ |
| ३२९०२०११३ | वनस्पति विभाग | १९४३०० | १२०२३३ | ६१.८८ |
| ३२९०२१०१३ | जडिबुटी विकास कार्यक्रम | ३३७०० | १३७३७ | ४०.७६ |
| ३२९०२१०३३ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ३७५०० | २३२१८ | ६१.९१ |
| ३२९०३०११३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | २७१४०० | ११२३६७ | ४१.४ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना) | ४३८६००० | ३२०४६२८ | ७३.०६ |
| ३२९०३०१३३ | हात्तीसारहरू | २०८७०० | १२४७४२ | ५९.७७ |
| ३२९०३१०१३ | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | १२४०९०० | ६३८३६२ | ५१.४४ |
| ३२९०४०११३ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ५४७०० | २८९२४ | ५२.८८ |
| ३२९०४१०१३ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ३३७०० | १३२१ | ३.९२ |
| ३२९०५०११३ | वातावरण विभाग | ११०७०० | ३७६९९ | ३४.०६ |
| ३२९०६०११३ | केन्द्रीय वन तालीम तथा प्रसार केन्द्र | १०१०० | ३६३० | ३५.९४ |
| | **जम्मा** | ९५०४३३६ | ५१४३२५१ | ५४.११ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११४ | वन तथा वातावरण मन्त्रालय | ३२०० | ३६७ | ११.४७ |
| ३२९००१०१४ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | २००० | ० | ० |
| ३२९००१०४४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ९३४८०० | ४३०२०६ | ४६.०२ |
| ३२९००१०८४ | जलवायु उत्थानशील चुरे कार्यक्रम | ८०१५०० | १०४३५० | १३.०२ |
| ३२९०१०११४ | वन तथा भू-संरक्षण विभाग | ३०६०० | ९३१४ | ३०.४४ |
| ३२९०१०१२४ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ७२०० | २९८ | ४.१४ |
| ३२९०११०१४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | २२५०० | ७९१९ | ३५.२ |
| ३२९०११०२४ | जलाधार संरक्षण तथा सीमसार व्यस्थापन कार्यक्रम | ३०७१०० | १३०५६८ | ४२.५२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११०६४ | जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना | २३८००० | ० | ० |
| ३२९०११०७४ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | २६८७०० | ४०८३ | १.५२ |
| ३२९०२०११४ | वनस्पति विभाग | ८००० | ३७९३ | ४७.४१ |
| ३२९०२१०१४ | जडिबुटी विकास कार्यक्रम | २०४०० | १२७९१ | ६२.७ |
| ३२९०२१०३४ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ९७००० | ५३६५१ | ५५.३१ |
| ३२९०३०११४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | १५२०० | २६४८ | १७.४२ |
| ३२९०३०१२४ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना) | ६४२०० | ३८६७२ | ६०.२४ |
| ३२९०३०१३४ | हात्तीसारहरू | १९३०० | ८७१८ | ४५.१७ |
| ३२९०३१०१४ | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | ३९८१०० | १३७१३५ | ३४.४५ |
| ३२९०४०११४ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ८०० | ० | ० |
| ३२९०४१०१४ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ५००० | ० | ० |
| ३२९०५०११४ | वातावरण विभाग | ८३७०० | २२५२ | २.६९ |
| ३२९०६०११४ | केन्द्रीय वन तालीम तथा प्रसार केन्द्र | १६०० | ० | ० |
| | **जम्मा** | २५८६००० | ६१५२९६ | २४ |

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपालमा वि.सं. २००७ सालमा भएको राजनीतिक परिवर्तनपछि शिक्षा मन्त्रालयको स्थापना भएको हो। राष्ट्रको शिक्षासम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी मुलुकभरिको शिक्षा क्षेत्रको व्यवस्थापन र सेवा प्रदान गर्ने दायित्व र जिम्मेवारी यस मन्त्रालयको रहेको छ। वि.सं. २०७४ चैत १ मा शिक्षा मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालय गाभिएर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय गठन भएको हो।

### १.२ दीर्घकालीन सोचः

- सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास,
- समाजसँग विज्ञान र उत्पादनसँग प्रविधि तथा नवप्रवर्तन।

### १.३ उद्देश्यः

- सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु,
- प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु,
- पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु,
- सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु,
- सङ्घीय संरचनाअनुरुप सबै तहका शैक्षिक, प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु,
- जनताको गुणस्तरीय जीवन प्राप्ति र विज्ञानमा आधारित सोच निर्माण र विश्लेषण गर्न विज्ञान तथा प्रविधिको महत्तम उपयोग गर्नु,
- विज्ञान शिक्षालाई व्यवहारिक बनाउँदै नवीनतम विज्ञान उन्नयन र उदीयमान प्रविधिहरूको अङ्गीकार गर्दै तिनलाई आधारभूत सेवा प्रवाहमा उपयोग गर्नु,
- उत्पादन वृद्धि तथा औद्योगिक विकासका लागि प्रकृति प्रदत्त स्रोत एवं परम्परागत प्रविधि तथा नवप्रवर्तनको उपयोग एवं विकास गर्नु।

१.४ रणनीतिः

- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने,
- अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने,
- विद्यालय शिक्षामा गुणस्तर, मापदण्ड र प्रत्यायन प्रणाली विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने,
- मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम मार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने,
- निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्ने,
- युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमको विस्तार गर्ने,
- सिकाइका सबै विधि र मार्गहरू खुला गर्दै राष्ट्रिय योग्यता प्रणालीको माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको गतिशीलता र पारगम्यताको सिद्धान्तको आधारमा शिक्षा, तालीम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने,
- उच्चस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रतिस्पर्धी एवं नतिजामुखी बनाउने,
- शिक्षण पेसामा दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालय अन्तर्गतका सङ्कायहरू तथा शिक्षण तालीम प्रदायक संस्थाको पुनसंरचना गर्ने,
- ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुर्‍याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोजगार प्रवर्द्धन गर्न नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न नतिजामा आधारित लगानी पद्धति विकास गर्ने,
- ज्ञानको स्थानान्तरण र विकासका लागि उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधियुक्त सिकाइ केन्द्रको रूपमा विकास गर्दै गुणस्तर सुनिश्चितता एवं प्रत्यायन प्रणालीलाई सुदृढ, सबल एवं अनिवार्य बनाउने,
- अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने,
- परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको सम्वर्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने,
- संरचना तथा कानूनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न शिक्षा र विज्ञान तथा प्रविधिसम्वद्ध सबै तह र निकायलाई तोकिएको कार्यसम्पादन र उपलब्धिप्रति जिम्मेवार बनाउने,

- समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्दै विज्ञानसम्मत विश्लेषण गर्ने संस्कारको विकास गर्ने,
- विज्ञान तथा प्रविधिका लाभ तथा उपलब्धिलाई आमजनमानसमा पु¥याई गुणस्तरीय जीवन हासिल गर्न सघाउने,
- उदीयमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै नवप्रवर्तनलाई दिगो विकासका लक्ष्यसँग तादाम्यता कायम गर्ने,
- देशमा उपलब्ध प्राकृतिक स्रोतको प्रयोग र अधिमूल्यनका लागि आवश्यक पूर्वाधार तथा प्राविधिक जनशक्ति तयार पार्ने,
- युवा पिँढीलाई वैज्ञानिक ज्ञान र प्राविधिक सीप हासिलमा प्रतिस्पर्धी बन्न उत्प्रेरणा दिँदै स्रोतको अधिकतम उपयोग र अनुसन्धानलाई परिणाममुखी बनाउन संस्थागत समन्वय कायम गर्ने,
- प्राज्ञिक क्षेत्रमा हुने अनुसन्धानलाई औद्योगिक उत्पादनसँग संयोजन गर्ने तथा औद्योगिक उत्पादन वृद्धिका लागि अनुसन्धान तथा विकासमा लगानी बढाउँदै वैज्ञानिक तथा प्राविधिक जनशक्तिमा उद्यमशीलताको विकास गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार | १८५ | १८१ | ४ | _ |
| २ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी | १०१ | ९२ | ९ | १ |
| ३ | शिक्षक सेवा आयोग, सानोठिमी | ४० | ३९ | १ | _ |
| ४ | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी | ५५ | ५३ | २ | १ |
| ५ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी | ३१ | ३० | १ | _ |
| ६ | नेपाल राष्ट्रिय पुस्तकालय, सानोठिमी | १५ | १२ | ३ | _ |
| ७ | केशर पुस्तकालय, केशरमहल | १५ | १४ | १ | _ |
| ८ | ७७ शिक्षा विकास तथा समन्वय इकाइ | ५४२ | ४९१ | ५१ | _ |
| ९ | राष्ट्रिय किताबखाना (शिक्षक) | ७३ | ७३ | ० | _ |
| १० | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | ९८ | ५० | ४८ | _ |
| ११ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | २३१ | ११३ | ११८ | _ |
| १२ | बीपी कोइराला प्लानेटेरियम र अब्जरभेटरी तथा विज्ञान सङ्ग्रहालय | ११ | १० | १ | _ |
| | **जम्मा** | **१३९७** | **११५८** | **२३९** | **२** |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९८ | गुणस्तरीय शिक्षामा आम नागरिकको पहुँच बढाई शिक्षित र मर्यादित समाजको विकास गरिनेछ। शिक्षालाई जीवनोपयोगी, आधुनिक, विज्ञान प्रविधिमा आधारित, व्यावसायिक र अनुसन्धानमुखी बनाइनेछ। प्राविधिक शिक्षामा लगानी र गुणस्तर अभिवृद्धि गरिनेछ। | • गुणस्तरीय शिक्षामा आम नागरिकको पहुँच बढाउन आधारभूत तह अनिवार्य र निःशुल्क तथा माध्यमिक तह निःशुल्क हुने कानूनी व्यवस्था कार्यान्वयनमा रहेको,<br>• विद्यालय तहको कक्षा १ देखि १२ सम्मका सबै कक्षामा नयाँ पाठ्यक्रम कार्यान्वयन चक्र शैक्षिक सत्र २०८० मा पूरा भएको,<br>• आधारभूत तह (१-८) र माध्यमिक तह (९-१२) को खुद भर्नादर क्रमशः ९५.१ र ५७.९ पुगेको,<br>• विद्यालय तह (९-१२) मा प्राविधिक धार सञ्चालन भएका ५३७ विद्यालयमा कार्यक्रम निरन्तर रहेको र त्यसका लागि ४४ करोड ५२ लाख बजेट स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| १९९ | आधारभूत तह प्रवेशको आधारको रूपमा रहेको बालबालिकालाई व्यवस्थित र पहुँचयोग्य बनाउन प्रारम्भिक बाल विकास केन्द्रको नक्साङ्कन गरी पुनर्वितरण गरिनेछ। | • प्रारम्भिक बालविकास तथा शिक्षा (नक्साङ्कन र मूल्याङ्कन) मापदण्ड, २०८० विकास गरी स्वीकृतिको क्रममा रहेको। |
| २०० | बालबालिकालाई विद्यालयमा "ल्याउने, सिकाउने र टिकाउने" कार्यक्रमलाई विस्तार गरी कृषिजन्य प्रयोगात्मक सिकाइ प्रदान गर्न बजेटको व्यवस्था गरिएको छ। दुर्गम तथा हिमाली क्षेत्रका छात्रछात्रालाई आवासीय छात्रवृत्तिको व्यवस्था गरिनेछ। मातृभाषामा आधारभूत शिक्षा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। | • दुर्गम तथा हिमाली क्षेत्रका छात्रछात्रा र अन्य विभिन्न किसिमका आवासीय छात्रवृत्तिका लागि १२ करोड १५ लाख २० हजार रकम कार्यक्रम कार्यान्वयन निर्देशिकासहित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको,<br>• मातृभाषामा आधारभूत शिक्षा प्रदान गर्ने कार्यक्रमका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २०१ | हाल प्रदान गरिँदै आएको विपन्न, दलित, सीमान्तकृत लगायतका विद्यार्थीलाई लक्षित | • कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीका लागि विपन्न लक्षित छात्रवृत्तिबापत ६९ |

| | | |
|---|---|---|
| | छात्रवृत्ति तथा मुलुकभरका छात्रालाई प्रदान गरिँदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु। विद्यालय तह, प्राविधिक तथा उच्च शिक्षामा गरी रु ३ अर्ब २ करोड विनियोजन गरेको छु। यसबाट आगामी वर्ष करिव २६ लाख छात्रछात्राहरू लाभान्वित हुनेछन्। मुसहर, डोम र चमार विद्यार्थीलाई चिकित्सा तर्फको उच्च शिक्षामा प्रदान गरिँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइएको छ। | करोड ४४ लाख ३४ हजार विपन्न लक्षित छात्रवृत्ति वितरण निर्देशिकासहित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको,<br>• कक्षा १-८ मा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति वितरणका लागि ५९ करोड ७८ लाख ८६ हजार रकम कार्यक्रम कार्यान्वयन पुस्तिकासहित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको,<br>• विभिन्न प्रकारका छात्रवृत्तिका लागि २ अर्ब ३६ करोड ७५ लाख ३९ हजार बजेट रहेकामा सोबाट ११ लाख ४३ हजार ६३१ जना विद्यार्थी लाभान्वित भएका,<br>• एमबिबिएस र बिइ अध्ययनका लागि १ करोड ४० लाख ६५ हजार बजेट व्यवस्था भएकामा विगतदेखि चिकित्सा शिक्षामा अध्ययनरत मुसहर, डोम र चमार विद्यार्थीलाई छात्रवृत्तिको किस्ता उपलब्ध गराइएको। |
| २०२ | सामुदायिक विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिन रु. ८ अर्ब ४५ करोड विनियोजन गरिएको। दिवा खाजामा जङ्क फुड दिन नपाइने व्यवस्था गरिनेछ। स्थानीय तथा रैथाने कृषि उपजबाट तयार गरिएको पौष्टिक आहार उपलब्ध गराइने व्यवस्था मिलाइनेछ। यसबाट करिव ३२ लाख विद्यार्थी लाभान्वित हुनेछन्। | • सार्वजनिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत ३० लाख ९ हजार ६ सय ४० विद्यार्थीहरूलाई दिवा खाजा कार्यक्रमका लागि ८ अर्ब ४५ करोड ८६ लाख रकम कार्यक्रम कार्यान्वयन पुस्तिकासहित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।<br>• दिवा खाजा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिमा जङ्कफुड निषेध गरी स्थानीय उपजको उपयोग गर्नुपर्ने व्यवस्था रहेको। |
| २०३ | विद्यालय तहका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिई रु. १ अर्ब ४२ करोड | • सार्वजनिक विद्यालयमा अध्ययरत करिब १२ लाख छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरणका लागि १ |

| | | |
|---|---|---|
| | विनियोजन गरिएको छ। यसबाट करिब १० लाख छात्रा लाभान्वित हुनेछन्। | अर्ब ४२ करोड ६७ लाख बजेट कार्यक्रम कार्यान्वयन पुस्तिका सहित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २०४ | औपचारिक शिक्षा प्रणालीमा आवद्ध नभएका गुरुकुल, मदरसा र गुम्बा लगायतका परम्परागत शिक्षालाई औपचारिक शिक्षा प्रणालीमा जोडिनेछ। साङ्केतिक भाषा र ब्रेल लिपिका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइनेछ। | • परम्परागत शिक्षा सञ्चालन गर्ने १ हजार ३१६ विद्यालयलाई वितरण गरिने अनुदानका लागि १ अर्ब ४ करोड ७ लाख रकम कार्यक्रम कार्यान्वयन पुस्तिका सहित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।<br>• परम्परागत विद्यालयमा अध्ययन गरेका विद्यार्थीले औपचारिक शिक्षा प्रणालीको कक्षा ६, कक्षा ८ र कक्षा ११ मा भर्ना हुन पाउने व्यवस्था कार्यान्वयन भएको।<br>• साङ्केतिक भाषा र ब्रेल लिपिका पाठ्यपुस्तक तयार गरी निःशुल्क उपलब्ध गराइएको। |
| २०५ | खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गर्न स्थानीय तहलाई प्रोत्साहित गरिनेछ। शैक्षिक गुणस्तरमा सुधारका लागि विद्यालय स्रोत केन्द्रलाई नयाँ स्वरूपमा पुनर्स्थापना गरी शिक्षण अवलोकन, नमूना शिक्षण, पुनर्ताजगी लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। | • शिक्षक पेसागत विकास प्रारुप, २०८० कार्यान्वयनमा ल्याइएको।<br>• शिक्षक मेन्टरिङ सञ्चालन कार्यविधि, २०८० जारी भई कार्यान्वयनमा ल्याइएको। |
| २०६ | शैक्षिक सत्र शुरू हुन अगावै सामुदायिक विद्यालयमा सबै विद्यार्थीका हातमा निःशुल्क पाठ्यपुस्तक र विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको विद्युतीय प्रति उपलब्ध गराइनेछ। | • शैक्षिक सत्र २०८१ को लागि ७७ जिल्लाका सबै सामुदायिक विद्यालयहरूमा चैत महिनाभित्रै सबै विद्यार्थीका हातमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने गरी आवश्यक व्यवस्थापन गरिएको। |
| २०८ | विषयगत र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरवन्दी पुनरावलोकन गरिनेछ। दरवन्दी नभएका माध्यमिक तथा आधारभूत विद्यालयमा अंग्रेजी, गणित र विज्ञान विषय शिक्षकको व्यवस्था गर्न रु. ३ अर्ब ६९ करोड विनियोजन गरिएको छ। | • शुन्य दरवन्दी रहेका विद्यालयहरूमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका ७ हजार ३३६ जना शिक्षकका लागि शिक्षण सिकाइ अनुदानबापत ३ अर्ब ६९ करोड २० लाख बजेट कार्यक्रम कार्यान्वयन पुस्तिकासहित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |

| | | |
|---|---|---|
| २०९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यार्थी, विद्यालय र शिक्षक सङ्ख्याको आधारमा विद्यालयको भौतिक पूर्वाधार विकासमा खर्च गर्न स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराइनेछ। विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्थिति लगायतका मापदण्डका आधारमा विद्यालय गाभ्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ। | • विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका २०८० जारी गरिएको। |
| २१० | काठमाडौंमा रहेको बुढानिलकण्ठ स्कूल र पोखरामा रहेको गण्डकी बोर्डिङ स्कूलको सञ्चालन मोडालिटी अवलम्बन गरी शैक्षिक गुठीमार्फत धनकुटा, बर्दिबास, तानसेन, सुर्खेत र डडेल्धुरामा एक एकवटा नमूना आवासीय सामुदायिक विद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन र पूर्व तयारीका कार्य अगाडि बढाइनेछ। | • सम्भाव्यता अध्ययन र पूर्वतयारीका सम्बन्धमा मन्त्रालयका उपसचिवको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरी प्रतिवेदन पेश गर्नका लागि जिम्मेवारी तोकिएको। |
| २११ | विद्यालय भवनको भूकम्प पछिको पुनर्निर्माणका बाँकी कार्य आगामी वर्ष सम्पन्न गरिनेछ। ऐतिहासिक त्रिचन्द्र कलेजको पुनर्निर्माण गर्न बजेट छुट्याइएको छ। महेन्द्र रत्न क्याम्पस लगायत भूकम्पबाट क्षतीग्रस्त ३८ वटा क्याम्पसहरूको पुनर्निर्माण प्रक्रिया अगाडि बढाइनेछ। | • यसै आर्थिक वर्षमा विद्यालय भवनको भूकम्प पछिको पुनर्निर्माणको बाँकी कार्य सम्पन्न गर्ने गरी कार्य भइरहेको। ७ हजार ५७७ वटा विद्यालय पुनर्निर्माण गर्ने लक्ष्य मध्ये ७ हजार ५४३ वटा विद्यालय निर्माण र १४३ वटा (लक्ष्यअनुसार सबै) विद्यालयको सबलीकरण सम्पन्न भएको। |
| २१२ | सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरू प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गरिनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई सीप परीक्षण, प्राविधिक शिक्षाको पाठ्यक्रम विकास, गुणस्तर र मापदण्ड निर्धारणका कार्यमा केन्द्रित गरिनेछ। | • बाँकी ७२ वटा स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच पुऱ्याउने कार्यका लागि माग सङ्कलन भइरहेको। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरू प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोगका माननीय सदस्यको अध्यक्षतामा समिति गठन भई प्रतिवेदन प्रस्तुत भएको। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सीप |

| | | |
|---|---|---|
| | | परीक्षण, प्राविधिक शिक्षाको पाठ्यक्रम विकास, गुणस्तर र मापदण्ड निर्धारणका कार्य भइरहेको। |
| २१३ | प्राविधिक विषयतर्फ छात्रवृत्तिमा उच्च शिक्षा हासिल गरेका विद्यार्थीलाई सामुदायिक शैक्षिक संस्था वा स्थानीय तहमा अनिवार्य रूपमा दुई वर्ष सेवा गर्ने गरी परिचालन गरिनेछ। | • लागत साझेदारी अन्तर्गत इन्जिनियरिङ विषयमा स्नातक तह पूरा गरेका ६५ जनालाई कक्षा ९-१२ का प्राविधिक धारका विद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का शिक्षालयमा २ वर्ष सेवा गर्ने गरी परिचालन गरिएको। |
| २१४ | स्वदेश तथा विदेशमा सीप सिकेको स्वघोषणा गरेको आधारमा जनशक्तिको सीप परीक्षण गरी प्रमाणिकरण गर्ने व्यवस्था मिलाइनेछ। प्राविधिक प्रशिक्षकहरूको दक्षता अभिवृद्धिका लागि प्राविधिक प्रशिक्षक अनुमतिपत्र प्रणाली कार्यान्वयनमा ल्याइनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् मार्फत आगामी आर्थिक वर्ष ५० हजार जनाको सीपको परीक्षण गरी प्रमाणिकरण गरिनेछ। | • प्राविधिक प्रशिक्षक अनुमतिपत्र प्रणालीको कार्यविधि तयार भई स्वीकृतिको क्रममा रहेको,<br>• यस आर्थिक वर्षमा हालसम्ममा ३१ हजार ५५० जनाको सीप परीक्षण कार्य सम्पन्न भएको। |
| २१५ | विश्वविद्यालय अनुदान आयोगको पुनर्संरचना एवं सुदृढीकरण गरी उच्च शिक्षाको नियमन, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, राष्ट्रिय योग्यता परीक्षण र मापदण्ड निर्धारण तथा शैक्षिक योग्यताको मान्यता एवं समकक्षतासम्बन्धी कार्यमा केन्द्रित गरिनेछ। शैक्षिक नतिजा, शिक्षण सिकाइ क्रियाकलाप, स्रोत साधनको परिचालन लगायतका मापदण्डको आधारमा विश्वविद्यालयलाई अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ। विश्वविद्यालय अनुदान आयोगबाट कडाईका साथ अनुगमन गरी विश्वविद्यालयको वार्षिक शैक्षिक क्यालेन्डर पालना गराइनेछ। | • उच्च शिक्षाको शैक्षिक क्यालेण्डर कार्यान्वयन प्रारम्भ भएको।<br>• यस आर्थिक वर्षको चैत मसान्तसम्ममा थप ११ वटा संस्थालाई गुणस्तर प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको। |
| २१६ | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय र योगमाया आयुर्वेदिक विश्वविद्यालय सञ्चालनमा ल्याइनेछ। नेपाल | • मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयमा सन् २०२३ डिसेम्बरबाट कक्षा सञ्चालन भएको, |

| | | |
|---|---|---|
| | विश्वविद्यालयसम्बन्धी कानून तर्जुमा प्रक्रिया अगाडि बढाइनेछ। | • नेपाल विश्वविद्यालयसम्बन्धी विधेयक सङ्घीय संसदमा पेश गरिएको,<br>• योगमाया विश्वविद्यालयको सञ्चालन परिषद् गठन भएको र जग्गा व्यवस्थापनको कार्य भइरहेको। |
| २१७ | लुम्बिनी प्रदेशको बुटवल, मधेश प्रदेशको बर्दिवास र कर्णाली प्रदेशको सुर्खेतमा मेडिकल कलेज निर्माण कार्य अगाडि बढाउन रकम विनियोजन गरिएको छ। सम्बन्धित प्रादेशिक अस्पतालको सहकार्यमा उक्त मेडिकल कलेजहरू सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाइनेछ। डडेल्धुरामा मेडिकल कलेज सञ्चालन गर्न आवश्यक बजेट छुट्टयाइएको छ। | • चिकित्सा शिक्षा आयोगबाट डडेलधुरा मेडिकल कलेजका लागि यसै शैक्षिक सत्रबाट B.Sc. MLT का लागि १० सिट निर्धारण भई सो विषयको पढाइ शरू भएको,<br>• बुटवल र सुर्खेत मेडिकल कलेजहरूको जग्गा प्राप्तिको कार्य प्रक्रियामा रहेको र बर्दिवास मेडिकल कलेजको जग्गा प्राप्तिको कार्य भई विस्तृत परियोजना प्रतिवेदन स्वीकृतिको क्रममा रहेको। |
| २१८ | केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको सुदृढीकरण तथा पुस्तकको डिजिटलाईजेशन गरिनेछ। सामुदायिक पुस्तकालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न प्रदेश र स्थानीय तहलाई प्रोत्साहित गरिनेछ। | • केशर पुस्तकालय र राष्ट्रिय पुस्तकालय पुस्तकालयको सुदृढीकरण तथा पुस्तकको डिजिटाईजेशन कार्य भइरहेको। |
| २१९ | उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सेडा, सेरिड र सिनास लगायतका अनुसन्धान र विकास संस्थाहरूको क्षमता विकासका लागि बजेट छुट्टयाइएको छ। | • सेडा, सेरिड र सिनास जस्ता अनुसन्धान तथा विकास संस्थाहरूलाई विश्वविद्यालय अनुदान आयोग मार्फत बजेट निकासा गरिएको। |
| २२० | संवैधानिक व्यवस्थाअनुरुप विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालीम तथा राष्ट्रिय योग्यता प्रारुपसम्बन्धी विषयहरूलाई व्यवस्थित बनाउन संघीय शिक्षा ऐन तर्जुमा गरिनेछ। | • विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसदमा दर्ता भएको,<br>• उच्च शिक्षासम्बन्धी विधेयकमा सुझाव सङ्कलनको कार्य भइरहेको। |
| २२१ | विज्ञान प्रविधि इन्जिनियरिङ्ग कला गणित लगायतका विषयमा विद्यालयस्तरदेखि नै अनुसन्धान र नवप्रवर्तनको सोच र | • STEAM शिक्षाका लागि विश्वविद्यालयका विद्यार्थीहरूबीच प्रतियोगितात्मक कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत भई |

| | | |
|---|---|---|
| | क्रियाशिलता विकास गरिनेछ। | विद्यालय/विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रममा ३० वटा समूह छनौट भएकामा ती समूहहरूले काम गरिरहेका। |
| २२२ | रेडियोधर्मी पदार्थको सुरक्षित प्रयोग, व्यवस्थापन, नियमन तथा अनुगमनको लागि नियमनकारी निकाय स्थापना गर्न आवश्यक तयारी गरिनेछ। रासायनिक पदार्थको सुरक्षित प्रयोग, नियमन तथा व्यवस्थापनका लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ। | • रासायनिक पदार्थको सुरक्षित प्रयोग नियमन तथा जोखिम व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयार गरी राय सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको,<br>• विकिरण सुरक्षा निर्देशिका, २०८० जारी गरिएको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १ | मदनभण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ | नयाँ तर्जुमा |
| २ | योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ | नयाँ तर्जुमा |
| ३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| ४ | वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| ६ | राष्ट्रिय विज्ञान दिवस पुरस्कार छनौट कार्यविधि,२०७९ | नयाँ तर्जुमा |
| ७ | वैज्ञानिक समाजलाई अनुदान सहयोग कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ८ | राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन पुरस्कार छनोट कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ९ | TEVET Sector Strategic Plan 2023-2032 | नयाँ तर्जुमा |
| १० | पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली,२०७९ | नयाँ तर्जुमा |
| ११ | विपन्न लक्षित गरिब छात्रवृत्तिसम्बन्धी मापदण्ड,२०८० | नयाँ तर्जुमा |
| १२ | सामुदायिक माध्यामिक विद्यालयका लागि भर्चुअल कक्षा सञ्चालन कार्यविधि कार्यादिश, २०७९ | नयाँ तर्जुमा |
| १३ | नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति गठन (पहिलो संशोधन) आदेश, २०८० | संशोधन |
| १४ | बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८० | नयाँ तर्जुमा |
| १५ | उच्च शिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन निर्देशिका,२०८० | नयाँ तर्जुमा |
| १६ | शैक्षिक पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० | नयाँ तर्जुमा |
| १७ | विश्वविद्यालय अनुदान आयोग लागत साझेदारी निर्देशिका, २०८० | नयाँ तर्जुमा |

| | | |
|---|---|---|
| १८ | वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी (पहिलो संशोधन) निर्देशिका,२०८० | नयाँ तर्जुमा |
| १९ | विशेष अवस्थाका शिक्षक व्यवस्थापन निर्देशिका, २०८० विशेष अवस्थाका शिक्षक व्यवस्थापन निर्देशिका, २०८० | नयाँ तर्जुमा |
| २० | विकिरण सुरक्षा निर्देशिका, २०८० | नयाँ तर्जुमा |
| २१ | विशेष कारणको अवस्थामा रहेका शिक्षकहरूको व्यवस्थापनसमबन्धी निर्देशिका, २०८० | नयाँ तर्जुमा |
| २२ | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८० | नयाँ तर्जुमा |
| २३ | दुई हजार भन्दा बढी विद्यार्थी भएका विद्यालयहरू भौतिक पूर्वाधार विकास व्यवस्थापन सञ्चालन कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| २४ | प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| २५ | विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग (STEM) कार्यविधि,२०८० | नयाँ तर्जुमा |
| २६ | वैज्ञानिक समाजहरूलाई अनुदान सहयोग कार्यविधि,२०८० | नयाँ तर्जुमा |
| २७ | व्यावसायिक संस्थालाई अनुदान सहयोग कार्यविधि,२०८० | नयाँ तर्जुमा |
| २८ | वैज्ञानिक सम्मेलन कार्यविधि,२०८० | नयाँ तर्जुमा |
| २९ | शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| ३० | त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य सिफारिशसम्बन्धी कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| ३१ | त्रिभुवन विश्वविद्यालय उपकुलपति सिफारिशसम्बन्धी कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| ३२ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायमा कर्मचारी पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड,२०८० | नयाँ तर्जुमा |
| ३३ | बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८० | नयाँ तर्जुमा |
| ३४ | रेडियोधर्मी पदार्थसम्बन्धी मापदण्ड, २०८० | नयाँ तर्जुमा |
| ३५ | शिक्षक पेशागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८० | संशोधन |
| ३६ | विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८० | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरूः

- विद्यालय शिक्षासम्बन्धी विधेयक र शहीद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयक सङ्घीय संसदमा पेश भएको,
- रासायनिक पदार्थको सुरक्षित प्रयोग, व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयकमा राय सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको,
- सोह्रौं योजनाको अवधारणापत्रको शिक्षा र विज्ञान प्रविधिसँग सम्बन्धित मस्यौदा प्रतिवेदन तयार पारी राष्ट्रिय योजना आयोगमा पठाइएको,

- योगमाया विश्वविद्यालयको विश्वविद्यालय परिषद् गठन भएको,
- विद्यालयमा छात्रवृत्तिको कोटा निर्धारण गरी विद्यार्थी भर्ना गर्ने गराउने व्यवस्था कार्यान्वयनका लागि सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूलाई अनुरोध गरिएको,
- पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपतिमा आवेदन गर्ने १६ जनाको भिजन पेपर र चार वर्षे व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र विज्ञद्वारा सोको मूल्याङ्कन भएको,
- त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य नियुक्तिका लागि दरखास्त आव्हान गरिएको,
- चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन, २०७४ सार्वजनिक गरी आवश्यक कारवाहीका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको,
- चीन सरकारद्वारा प्राप्त छात्रवृत्तिमा अण्डरग्राजुयट र पोष्टग्राजुयट तहमा गरी जम्मा २२ जनालाई पूर्वमनोनयन गरी पठाइएको,
- MBBS-22, BDS-2, BNS-8, BAMS-16 & BSC NURSING-2 गरी जम्मा ५० जनालाई काममा खटाउने प्रयोजनका लागि सम्बन्धित निकायमा लेखी पठाइएको,
- रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ मा नेपाल सरकारले पारमाणविक पदार्थसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने प्रयोजनका लागि पारमाणविक अनुसन्धान केन्द्र (Atomic Research Center) को स्थापना गर्ने व्यवस्था भएकोमा धुलिखेल नगरपालिकामा जग्गा प्राप्ति प्रक्रियाअनुसार मालपोत कार्यालयलाई पत्राचार गरिएको,
- US Department of Energy सँगको सहकार्यमा "Technical Workshop on Implementation of International Nuclear Safeguards in Nepal" कार्यक्रम विभिन्न सरोकारवाला निकायको उपस्थितिमा १८-२१ मार्च २०२४ मा आयोजना गरिएको,
- अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) को सहयोग र मन्त्रालयको समन्वयमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालमा सञ्चालनमा रहेका Technical Cooperation (TC) परियोजनाहरू NEP6003, NEP6006, NEP6008, NEP6010 र नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटारमा सञ्चालनमा रहेका Technical Cooperation (TC) परियोजनाहरू NEP5008, NEP5009, NEP5010 को स्थलगत अनुगमन/सुपरिवेक्षण गरिएको,
- Technical Cooperation परियोजना अन्तर्गत IAEA बाट विभिन्न निकायमा अनुदानमा प्राप्त हुने उपकरण/सामग्रीका लागि भन्सार छुट सिफारिशका कार्यहरू गरिएको,
- रेडियोधर्मी श्रोत, अभ्यास तथा क्रियाकलापको अनुगमन तथा तथ्याङ्क सङ्कलनमा एकरूपता ल्याउनका लागि "रेडियोधर्मी श्रोत, अभ्यास तथा क्रियाकलापको अनुगमन तथा तथ्याङ्क सङ्कलन फारम (स्वास्थ्य सेवासँग सम्बन्धित)" र TC Project र क्षेत्रीय सहयोग सम्झौता

(RCA) सँग सम्बन्धित परियोजनाको Monitoring का लागि तयार गरिएको "TC/RCA Project Monitoring Form" तयार गरी स्वीकृत गरिएको,

- STEAM शिक्षाका लागि विद्यालय तथा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत भई विश्वविद्यालयका विद्यार्थीहरूबीच प्रतिस्पर्धाको लागि आवेदन मूल्याङ्कन गरी निर्माण कार्य भइरहेको,
- मन्त्रालय र धुलिखेल नगरपालिका र गढीमाई नगरपालिकाबीच Maker Space स्थापनासम्बन्धी सम्झौता भएको,
- २ विषयभन्दा बढी विषयमा अनुत्तीर्ण भएका कक्षा ११ र १२ का विद्यार्थीले सम्बन्धित विषयको मात्र परीक्षा दिन पाउने व्यवस्था गरिएको,
- भूकम्पबाट प्रभावित १४ जिल्लामा DRSP बाट १४३ विद्यालयको सवलीकरण गर्ने लक्ष्य रहेकोमा १४३ वटै विद्यालयको सवलीकरण कार्य सम्पन्न भएको,
- भूकम्प पछिको पुनर्निर्माण कार्यअन्तर्गत ७ हजार ५७७ विद्यालयको पुनर्निर्माण गर्ने लक्ष्य रहेकोमा ७ हजार ५४३ विद्यालय निर्माण कार्य सम्पन्न गरिएको र त्रिविविको केन्द्रीय पुस्तकालय भवन पुननिर्माण कार्य सम्पन्न भएको,
- अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening) को लागि २५ वटा स्थानीय तहका अधिकृतहरूका लागि क्षमता विकास तालीम प्रदान गरिएको,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको राष्ट्रिय प्रारुप तयार गरिएको,
- अनौपचारिक शिक्षातर्फको तह ४ को पाठ्यक्रम तयार पारिएको,
- दृष्टिविहीन विद्यार्थीका लागि ब्रेल पाठ्यपुस्तक छपाई र वितरण गरिएको,
- विद्यालय सुधार योजना निर्माणका लागि सहजीकरण पुस्तिका, २०८० प्रकाशन गरिएको,
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन प्रकाशन गरिएको,
- अन्तर्राष्ट्रिय साक्षरता दिवस, पुस्तकालय दिवस, राष्ट्रिय शिक्षा दिवस र राष्ट्रिय विज्ञान दिवस मनाइएको र पुस्तकालय दिवस, विज्ञान दिवस र राष्ट्रिय शिक्षा दिवसका अवसरमा विभिन्न पुरस्कारहरू घोषणा गरिएको,
- माध्यमिक तहको सामान्य परीक्षाको ३६ हजार ४३० जना परीक्षार्थीको नतिजा प्रकाशन गरिएको,
- माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तह तृतीय श्रेणीको खुलातर्फ क्रमशः ७१८, १ हजार १६७ र ७ हजार १२३ जना शिक्षक नियुक्तिका लागि सिफारिश गरिएको,
- २५ प्रतिशत आन्तरिक बढुवातर्फ माध्यमिक प्रथममा १५ जना, माध्यमिक द्वितीय ४२ जना, निम्न माध्यमिक प्रथममा ४ जना, निम्न माध्यमिक द्वितीयमा ४४ जना, प्राथमिक प्रथममा ३३ जना र प्राथमिक द्वितीयमा १९७ जना शिक्षक सिफारिश गरिएको,

- विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित भई २६३ वटा श्रव्यदृष्य पाठहरू उत्पादन गरिएको,
- १५८ वटा रेडियो पाठहरू निर्माण तथा प्रसारण गरिएको,
- कक्षा १० र १२ को २ हजार ७१७ वटा प्रमाणपत्रलाई समकक्षता प्रदान गरिएको,
- कक्षा ११ र १२ को गणित विषय र कक्षा ११ को ऐच्छिक भौतिक विज्ञान, जीव विज्ञान र रसायन विज्ञान विषयको नमूना पाठ्यपुस्तक तयार गरिएको,
- प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ प्रिडिप्लोमा र डिप्लोमा तहको पाठ्यक्रम निर्माण तथा परिमार्जनको कार्यविधि निर्माण गरिएको,
- १७ वटा राष्ट्रिय दक्षता प्रमाणिका र १५ वटा सीप प्रमाणिका निर्माण गरिएको,
- ३१ हजार ५५० जना जनशक्तिको सीप परीक्षण गरिएको,
- व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि परियोजनाको अवधिभर तालीम प्राप्त प्रशिक्षार्थीको रोजगारीसम्बन्धी Tracer Study को प्रतिवेदन तयार गरिएको,
- दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको दोश्रो चरण अन्तर्गत २ हजार ३३५ जना युवा र २६४ उद्योग प्रतिनिधिहरूको सहभागितामा ३८ वटा Hire an Apprentice कार्यक्रमको आयोजना गरिएको ,
- चिकित्सा शिक्षा आयोगबाट चिकित्सा क्षेत्रका विभिन्न विषयमा स्नातक तहको परीक्षा सञ्चालन गरी ७ हजार ६०६ जना विद्यार्थी भर्नाका लागि सिफारिश गरिएको,
- उच्च शिक्षाको राष्ट्रिय शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याइएको,
- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयमा डिसेम्बरदेखि कक्षा सञ्चालन भएको,
- उच्च शैक्षिक संस्थाहरूमा Digitization कार्यक्रमको ढाँचा तयार भएको,
- यस आर्थिक वर्षमा ११ वटा उच्च शिक्षाका शैक्षिक संस्थालाई गुणस्तर प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको र हालसम्ममा यस्तो सङ्ख्या १०३ पुगेको छ,
- ८५ हजार ७४५ वटा वैदेशिक अध्ययन अनुमतिपत्र प्रदान,
- हेलो सरकारमा प्राप्त गुनासाहरूमध्ये ५१ प्रतिशत गुनासो फछर्यौट भएको,
- कक्षा १२ को परीक्षाको नतिजा प्रकाशन गरिएको,
- SEE २०८० को परीक्षा सञ्चालन गरिएको,
- SEE राजस्व बिलिङ प्रणालीलाई कम्प्युटराइज्ड गरिएको,
- विद्यालय तहमा लक्षित विपन्न लक्षित छात्रवृत्ति वितरणका लागि २ अर्ब ३६ करोड ७५ लाख ३९ हजार बजेट वित्तीय हस्तान्तरण गरिएको,
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना १५० वटा स्थानीय तहमा सघन रूपमा सञ्चालन गरिएको,

- प्लास्टिकबाट डिजेल र खेर गएको खाने तेलबाट बायोडिजेल तयार गर्ने अनुसन्धान सफल भएको,
- ३ वटा अनुसन्धान नतिजाका कृतिहरू अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशन गरिएको,
- ९० वटा Nanomaterial नमुनाहरूको Nano Particle Size तथा Zeta Potential मापन गरी प्रतिवेदन गरिएको,
- नेपाल टेलिभिजनबाट ३९ वटा र रेडियो कान्तिपुरबाट ३९ वटा विज्ञान तथा प्रविधिसम्बन्धी कार्यक्रम प्रसारण गरिएको,
- नेपाली विद्यार्थीले निर्माण गरेको मुनाल स्याटेलाईट प्रक्षेपणको लागि भारतको ISRO सँग Launch Service Agreement भएकोमा प्रक्षेपणका लागि ग्राउण्ड स्टेशन तयार भइरहेको।

## ६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्वपूर्ण कार्यहरूः

- आर्थिक वर्ष २०७९/८० देखि दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SESP २०२२-२०३०) कार्यान्वयनमा ल्याइएको,
- शिक्षाको सोंचपत्र, २०७९ सार्वजनिक गरिएको,
- प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ TVET Sector Strategic Plan (2023-2032) स्वीकृत भएको,
- शैक्षिक कार्यक्रमहरू प्रभावकारी सञ्चालन तथा समन्वयको लागि मन्त्रालय र नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघसँग नेपालसँग MoU गरिएको,
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत सामुदायिक विद्यालयमा कक्षाकोठा निर्माणतर्फ १००६ वटा विद्यालयमा ४ कोठे र १ हजार १६ वटा विद्यालयमा २ कोठे भवन निर्माण गरी जम्मा २०२२ वटा विद्यालयका लागि र आईटी व्यवस्थापन तर्फ १ हजार ४५५ गरी जम्मा ३ हजार ४७७ सामुदायिक विद्यालयका लागि अनुदान स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको,
- भूकम्पबाट क्षति भएका ७ हजार ५८३ ओटा विद्यालयमध्ये थप १४९ वटा विद्यालयको निर्माण कार्य सम्पन्न भई हालसम्म कुल ७ हजार ४२८ वटा विद्यालयको निर्माण कार्य सम्पन्न भएको,
- माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदको खुला प्रतियोगिताबाट सफल भएका क्रमशः १ हजार १८२, १ हजार ९५९ र १० हजार ३५३ उमेदवारहरूलाई स्थायी नियुक्तिका लागि सिफारिश गरिएको,
- माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदको खुला प्रतियोगिताको लागि क्रमशः ७१८, १ हजार १६७ र ७ हजार १२३ पदमा विज्ञापन, परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गरिएको,

- माध्यमिक तथा निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्रको नतिजा प्रकाशन गरी अध्यापन अनुमतिपत्र वितरण कार्य सम्पन्न भएको,
- स्थानीय तह भित्रै मिलान हुनु पर्ने सङ्ख्या मध्ये ८ हजार ५०० जना र जिल्लान्तर सरुवाबाट १ हजार ६३८ जना शिक्षकको दरवन्दी मिलान सम्पन्न भएको,
- न्यून रहेको शिक्षक दरवन्दी आपूर्तिका लागि माध्यमिक तहमा गणित, विज्ञान र अङ्ग्रेजी विषयका ४ हजार २३८ र आधारभूत तह कक्षा ६-८ मा २ हजार ८४६ शिक्षक व्यवस्थापनका लागि बजेट व्यवस्था गरिएको,
- परिमार्जित पाठ्यक्रमअनुसार कक्षा ५, ८ र १० को अनिवार्य विषयको पाठ्यपुस्तक बहुरङ्गमा विकास गरी शैक्षिक सत्रको शुरूमा नै कक्षा १ देखि १० का विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिएको,
- कक्षा ४, ७ र ९ को अनिवार्य विषयका १७ वटा शिक्षक निर्देशिकाको विकास गरिएको,
- निजी लेखक/प्रकाशकबाट विकास गरिएका ८३४ वटा थप पाठ्यसामग्री (डिजिटल सामग्री समेत) स्वीकृत गरिएको,
- प्राविधिक तथा व्यावसायिक धारका माध्यमिक तह कक्षा ९-१२ का विभिन्न विषयको पाठ्यक्रम विकास गरिएको,
- संस्कृत तथा गुरुकुलतर्फ कक्षा ८ तथा कक्षा १० का पाठ्यपुस्तक विकास भएको, साथै कक्षा ९ र १० का ऐच्छिक विषयतर्फ (दर्शनशास्त्र, वास्तुशास्त्र, इतिहासपुराण) पाठ्यक्रम विकास गरिएको,
- साधारण विद्यालयतर्फका कक्षा ५, ८ र १० का संस्कृत विषयका पाठ्यपुस्तक विकास गरिएको,
- कक्षा ९ र १० को ऐच्छिक विषयको पाठ्यक्रम परिमार्जन र विशिष्टीकरण तालिका विकास तथा नमूना पाठ्यपुस्तक विकास गरिएको,
- सिकाइ पोर्टलको विकास गरी श्रव्य तथा श्रव्यदृष्य पाठ उत्पादन कार्यलाई शिक्षा तथा मानवस्रोत विकास केन्द्र मार्फत निरन्तरता दिइएको,
- श्रव्यदृष्य पाठ NTV+ बाट तथा Dishhome, Max TV, Mero TV, NET TV र Clear TV को School Education च्यानलबाट र रेडियो नेपाल तथा देशभरका करिब २०१ वटा भन्दा बढी सामुदायिक रेडियोहरू मार्फत समेत श्रव्य पाठहरूको नियमित प्रशारण भएको,
- IEMIS Database सँग प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (CTEVT)/ राष्ट्रिय परीक्षा बोर्ड (NEB) लगायतका Database मिलानसम्बन्धी प्रदेश वा केन्द्रस्तरीय कार्यशाला सञ्चालन गरिएको,
- ६७ हजार ४८३ जना सीपयुक्त जनशक्तिको सीप परीक्षण गरिएको साथै ३२० जनाको लागि औद्योगिक तालीम प्रदान र २४ वटा विषयको सीप प्रमाणिका निर्माण गरिएको,

- आर्थिक वर्ष २०७९/८० मा कञ्चनपुर र डोटी जिल्ला साक्षर घोषणा भई साक्षर घोषणा भएका जिल्लाको संख्या ६३ पुगेको र गण्डकी, बागमती र कोशी प्रदेश पूर्णसाक्षर प्रदेश घोषणा गरिएको,
- उच्चस्तरीय कार्यटोली गठन भई उच्च शिक्षाको राष्ट्रिय शैक्षिक एकीकृत क्यालेन्डर निर्माणको काम शुरू गरिएको,
- आ.व. २०७९/८० मा थप २८ ओटासहित ९२ वटा उच्च शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरेको,
- उच्च शिक्षातर्फ विश्वविद्यालय अनुदान आयोगबाट अनुदान प्रदान गरिने अनुसन्धानात्मक क्रियाकलापलाई गुणस्तरीय बनाउन Research and Development Guideline संशोधन गरिएको,
- २२६ सामुदायिक क्याम्पसलाई भौतिक विकास अनुदान र ४७० सामुदायिक क्याम्पसहरूलाई नियमित अनुदान प्रदान गरिएको,
- १ हजार ९१२ जना विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति प्रदान गरिएको,
- त्रिविविलाई सेन्टर अफ एक्सलेन्स कार्यक्रम कार्यान्वयनका लागि २ करोड ७० लाख निकासा गरिएको,
- शैक्षिक बजेटको कार्यान्वयन प्रगति विवरण प्राप्त गर्नका लागि बजेट तथा अनुगमन प्रणाली विकास गरी संघ, प्रदेश र स्थानीय तहले प्रयोग गर्ने गरी कार्यान्वयनमा ल्याइएको,
- शैक्षिक सूचना सार्वजनिक गर्नका लागि मोबाइल एपको विकास गरिएको,
- ४ हजार २६ जना शिक्षकलाई अवकाश पछि पाउने निवृत्तिभरण सुविधा निर्धारण गरिएको,
- १४८ जना द्वन्द्व पीडित शिक्षकको सुविधा निर्धारण गरिएको,
- ४२० जना शिक्षकहरूको गोल्डेन ह्यान्डसेक बापतको सुविधा निर्धारण गरिएको,
- २०७९/०९/०१ देखि अनलाइनमार्फत कक्षा १० र १२ को समकक्षता प्रमाणपत्र प्रदान गर्न शुरू गर्नुका साथै २०८० जेठ १ गतेबाट वैदेशिक अध्ययन अनुमतिपत्र अनलाइन मार्फत वितरण गर्न शुरू गरिएको,
- १ लाख १० हजार २१७ जनालाई ७० देशमा अध्ययन गर्न वैदेशिक अध्ययन अनुमति पत्र (NOC) प्रदान गरिएको,
- नेपाल सरकार र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) बीच Country Programme Framework (CPF 2022-2026) मा सेप्टेम्बर २६, २०२२ मा हस्ताक्षर भएको,
- राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा १ हजार ७२ वटा केशका ४ हजार २९७ नमूना प्राप्त भएकोमा १ हजार ६४१ केशमा ४ हजार ५६९ नमूना परीक्षण गरिएको,

- डाँफे स्याटेलाईट निर्माण कार्य सम्पन्न भई थाइल्याण्डको किंग मोंगकुत विश्वविद्यालयसँग सहकार्यसहित प्रक्षेपणको तयारी गरेको साथै मुनाल नामक अर्को स्याटेलाईट निर्माण परीक्षणसहित प्रक्षेपणको अन्तिम तयारीमा रहेको,
- नेपाल टेलिभिजनबाट ५० वटा र रेडियो कान्तिपुरबाट ५२ वटा विज्ञान प्रविधि कार्यक्रम उत्पादन गरी साप्ताहिक प्रसारण गरिएको,
- १ हजार ४ वटा पानीका नमूना सङ्कलन गरी भौतिक, रासायानिक र सुक्ष्म जैविक परीक्षण गरिएको,
- ५२२ वटा विभिन्न प्रकारका नमूनाहरू (XRD- 306, IR- 31, GCMS- 46, AAS- 95, UV-18, Chemical - 26) को परीक्षण गरिएको,
- १३३ वटा TLD विकिरण सेवा परीक्षण र १२ वटा नमूनाहरूको DNA sequencing गरिएको,
- १५ वटा अनुसन्धान पत्रहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशन गरेको,
- १३ वटा प्रजाति (उन्यु ५, रैथाने वनस्पतिका प्रजाति ५, च्याउ १, CITES अनुसूचीमा सूचीकृत प्रजाति १ वटा) हरूको RBCL र ITS मार्कर प्रयोग गरी DNA Sequencing गरिएको,
- राष्ट्रिय वनस्पति उद्यान, गोदावरीमा हुर्काइएका नेपालका रैथाने वनस्पतिका ४ प्रजाति Begonia Nuwakotensis, Begonia Taligera, Hypericum Cordifolium र Thunbergia Kasajuana का Silica Gel भण्डारण गरेको,
- विशिष्टकृत अनुसन्धान केन्द्र स्थापना अन्तर्गत मधेश प्रदेशको बर्दिवासमा चुरे संरक्षण र विकास, बागमती प्रदेशको चितवनमा शहरी विकास तथा वातावरण, गण्डकी प्रदेशको पोखरामा पर्वतीय हरित अर्थतन्त्र, लुम्बिनी प्रदेशको दाङमा परम्परागत प्रविधि र सुदूरपश्चिम प्रदेशको महेन्द्रनगरमा जडिबुटी विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरिएको,
- ७७ वटै जिल्लाका कक्षा ६ सम्मका कुल ३१ लाख १३ हजार ६८४ जना बालबालिकाहरूलाई दिवा खाजा प्रदान गरिएको,
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालाई आवश्यकतानुसार निःशुल्क रूपमा स्यानिटरी प्याड वितरण गरिएको,
- तोकिएको आधारमा विद्यालयदेखि उच्च शिक्षा तहसम्मका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिएको,
- थप २४ स्थानीय तहमा प्राविधिक धारको शिक्षा विस्तार गरी कुल ६७९ वटा स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच स्थापित भएको,

- १५ औं पुस्तकालय दिवस, अन्तर्राष्ट्रिय साक्षरता दिवस, दशौं राष्ट्रिय विज्ञान दिवस, राष्ट्रिय योग दिवस र अन्तर्राष्ट्रिय योग दिवस विभिन्न कार्यक्रम सहित सम्पन्न गरिएको,
- कक्षा १० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सम्पन्न भएको,
- ३९५ सामुदायिक र ५० संस्थागत माध्यमिक विद्यालयको र ३१ जिल्लाका २८० बाल विकास केन्द्रको कार्यसम्पादन परीक्षण कार्य सम्पन्न भएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००० ११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १९०१२३८ | ५७२८२५ | ३०.१३ |
| ३५००००१२३ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | ३२३०० | ३०३६९ | ९४.०२ |
| ३५०००१०१३ | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | ४०८१०० | ३३२२३६ | ८१.४१ |
| ३५०००१०२३ | सबैका लागि शिक्षा-शिशु विकास कार्यक्रम | २६७०० | २००६३ | ७५.१४ |
| ३५०००१०३३ | व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो | २४२१९०० | २१४१८५० | ८८.४४ |
| ३५०००१०९३ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ५६४०५० | ३५६० | ०.६३ |
| ३५००१०११३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १२७२२४२ | ९६७२० | ७.६ |
| ३५००१०१३३ | शिक्षा विकास तथा समन्वय इकाइ | ८३३७८३ | ५१२०८५ | ६१.४२ |
| ३५००११०१३ | विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर) | ९३७८६८ | २७९४५१ | २९.८ |
| ३५००२०११३ | पाठ्यक्रम विकास केन्द्र | ६०३५४ | ५७८२१ | ९५.८ |
| ३५००३०११३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | २४३२९ | २३०३४ | ९४.६८ |
| ३५००४०११३ | विद्यालय शिक्षक किताबखाना | ३२२५५ | २८२९८ | ८७.७३ |
| ३५००४०१२३ | शिक्षक सेवा निवृत्त सुविधा | २२७६८३०० | २१९९०४४६ | ९६.५८ |
| ३५०२१०११३ | विश्वविद्यालय अनुदान आयोग | १८०७९७०० | १७०२१७०० | ९४.१५ |
| ३५०२१०१२३ | शिक्षक सेवा आयोग | १८१६१५ | १७८५७३ | ९८.३३ |
| ३५०२१०१३३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १८००० | १२८९५ | ७१.६४ |
| ३५०२१०१४३ | चिकित्सा शिक्षा आयोग | २३९३३०० | २३७७००३ | ९९.३२ |
| ३५०२११०२३ | उच्च शिक्षाको उत्कृष्टता प्रवर्द्धन कार्यक्रम | १४९०६०० | ७९१५३० | ५३.१ |
| ३५०३१०११३ | राष्ट्रिय परीक्षा बोर्ड | ३१२००० | २९२३९७ | ९३.७२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०४१०११३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (विशेष कार्यक्रम समेत) | १४०९६०० | ६०९८४९ | ४३.२६ |
| ३५०६१०११३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ३४०२३२ | १६४१८८ | ४८.२६ |
| | **जम्मा** | **५५५०८४६५** | **४७५३६८९३** | **८५.६४** |

पुंजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००० ११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ९४६७५२२ | ५०१३१२० | ५२.९५ |
| ३५००००१२४ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | १०२४०० | ३९३६ | ३.८४ |
| ३५०००१०१४ | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | ६०० | १०० | १६.६६ |
| ३५०००१०३४ | व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो | २०० | २०० | १०० |
| ३५०००१०९४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ३२०० | ८१८ | २५.५७ |
| ३५००११०१४ | विद्यालय क्षेत्र विकास कार्यक्रम-केन्द्रस्तर | १८००० | ६८२४ | ३७.९१ |
| ३५००१०११४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ३३०० | १२४७ | ३७.७९ |
| ३५००१०१३४ | शिक्षा विकास तथा समन्वय इकाइ | १५६०० | १३८९३ | ८९.०६ |
| ३५००२०११४ | पाठ्यक्रम विकास केन्द्र | ४२०० | ३९०३ | ९२.९२ |
| ३५००४०११४ | विद्यालय शिक्षक किताबखाना | २००० | १३४३ | ६७.१४ |
| ३५०२१०१२४ | शिक्षक सेवा आयोग | ३९०० | १४२६ | ३६.५६ |
| ३५०२१०१४४ | चिकित्सा शिक्षा आयोग | १५०० | ० | ० |
| ३५०६१०११४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ९९६०० | ५१८८९ | ५२.१ |
| | **जम्मा** | **९७२२०२२** | **५०९८६९९** | **५२.४४** |

## ८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००००११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ८६९५०० | ३७२३८६ | ४२.८३ |
| ३५००००१२३ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | ३०७०० | २०४२४ | ६६.५३ |
| ३५०००१०१३ | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | ४१४९३५ | १२४७९९ | ३०.०८ |
| ३५०००१०२३ | सबैका लागि शिक्षा-शिशु विकास कार्यक्रम | ३४७०० | २६१२ | ७.५३ |
| ३५०००१०३३ | व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो | १७६०० | १२६४३ | ७१.८४ |
| ३५०००१०९३ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १००६००० | ० | ० |
| ३५००१०११३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ८५३७०० | ७२०१५ | ८.४४ |
| ३५००१०१३३ | शिक्षा विकास तथा समन्वय इकाइ | ८२८९०० | ४४४३१९ | ५३.६ |
| ३५००११०१३ | विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्रस्तर) | १३७५७७२ | ११५५१२ | ८.४ |
| ३५००२०११३ | पाठ्यक्रम विकास केन्द्र | ६६२०० | ३८३५० | ५७.९३ |
| ३५००३०११३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | २९००० | १७४६७ | ६०.२३ |
| ३५००४०११३ | विद्यालय शिक्षक किताबखाना | ३५१०० | २१२९२ | ६०.६६ |
| ३५००४०१२३ | शिक्षक सेवा निवृत्त सुविधा | २४६००००० | १६३५०२७५ | ६६.४६ |
| ३५०२१०११३ | विश्वविद्यालय अनुदान आयोग | १९७८७१०० | १५८५८५९७ | ८०.१५ |
| ३५०२१०१२३ | शिक्षक सेवा आयोग | १७२३०० | १२१६६८ | ७०.६१ |
| ३५०२१०१३३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १९८०० | ११७५८ | ५९.३९ |
| ३५०२१०१४३ | चिकित्सा शिक्षा आयोग | ३३०४५०० | २६७६९२९ | ८१.०१ |
| ३५०२११०२३ | उच्च शिक्षाको उत्कृष्टता प्रवर्द्धन कार्यक्रम | २०५०००० | ५४९४७० | २६.८ |
| ३५०३१०११३ | राष्ट्रिय परीक्षा बोर्ड | ३३३००० | ३३२९९६ | १०० |
| ३५०४१०११३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (विशेष कार्यक्रम समेत) | १४०८८०० | ५९१९५६ | ४२.०२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०६१०११३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ३८३२०० | ११५६९६ | ३०.१९ |
| | **जम्मा** | **५७६२०८०७** | **३७८५११६४** | **६५.६९** |

**पूँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००००११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५०५४९०० | ११५६१७३ | २२.८७ |
| ३५००००१२४ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | ९६०० | ३६५१ | ३८.०३ |
| ३५०००१०१४ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | १३०० | ११३९ | ८७.५९ |
| ३५०००१०९४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १२०० | ० | ० |
| ३५००१०११४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १२०० | ४९६ | ४१.३५ |
| ३५००१०१३४ | शिक्षा विकास तथा समन्वय इकाई | १०२०० | ५३५० | ५२.४५ |
| ३५००११०१४ | विद्यालय शिक्षा क्षेत्र योजना- (केन्द्रस्तर) | ५४०० | २४७७ | ४५.८८ |
| ३५००२०११४ | पाठ्यक्रम विकास केन्द्र | १७०० | ९७३ | ५७.२३ |
| ३५००३०११४ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ६०० | ० | ० |
| ३५००४०११४ | विद्यालय शिक्षक किताबखाना | १४००० | ४९८९ | ३५.६४ |
| ३५०२१०१२४ | शिक्षक सेवा आयोग | ७३०० | ८४८ | ११.६१ |
| ३५०६१०११४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ५५२०० | ९९७० | १८.०६ |
| | **जम्मा** | **५१६२६००** | **११८६०६६** | **२२.९७** |

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

१. **संक्षिप्त परिचयः**

**१.१ पृष्ठभूमिः**

मुलुकभित्र मर्यादित श्रम (Decent Work) को लागि आन्तरिक रोजगारी प्रवर्द्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने, श्रमिकको हकहित एवं पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित कार्यवातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सम्पादन हुँदै आएको छ। मन्त्रालयको मुख्य कार्यक्षेत्र आन्तरिक रोजगार प्रवर्द्धन, वैदेशिक रोजगारी व्यवस्थापन, सीप विकास तथा तालीम, श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा र योगदानमा आधारित सामाजिक सुरक्षाका क्षेत्रमा राष्ट्रिय नीति, कानून, मापदण्ड, योजना र कार्यक्रमहरुको तर्जुमा कार्यान्वयन र व्यवस्थापन रहेको छ।

श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यले नेपालमा वि.सं. २०२८ सालमा उद्योग मन्त्रालय अन्तर्गत श्रम विभाग स्थापना भएको पाइन्छ। श्रम विभाग स्थापनाको एक दशकपछि वि.सं. २०३८ सालमा श्रम तथा समाज कल्याण मन्त्रालयको स्थापना भई यसै अन्तर्गत श्रम विभाग रहको थियो। वि.सं. २०५२ सालमा समाज कल्याण सम्बन्धी विषय अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं. २०५७ सालमा यातायात व्यवस्थापनको कार्य समेत थप गरी श्रम तथा यातायात मन्त्रालयको रूपमा कार्यसम्पादन गरेको पाइन्छ। वि.सं. २०६९ सालमा मन्त्रालयको कार्यक्षेत्र पुनः हेरफेर भई श्रम तथा रोजगार मन्त्रालय स्थापना गरियो। नेपालको संविधान अनुरुप राज्य पुनर्संरचना गरी संघीय व्यवस्था कार्यान्वयन गर्ने क्रममा प्रशासनिक संरचनामा फेरबदल हुँदा वि.सं. २०७४ चैत ३ मा मन्त्रालयको कार्यक्षेत्र पुनः परिमार्जन भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रूपान्तरित भएको छ।

**१.२ दीर्घकालीन सोचः**

मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षा सहितको समृद्धि,

१.३ उद्देश्यः

- उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्नु,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनु,

- श्रमिकको अधिकार सुनिश्चित गर्दै असल औद्योगिक श्रम सम्बन्ध कायम गर्नु,
- बालश्रम लगायत सबै प्रकारका श्रमशोषणको अन्त्य गर्नु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग बमोजिम सीपयुक्त श्रमशक्ति उत्पादन र त्यसको मर्यादित उपयोग गर्नु,
- एकीकृत सामाजिक सुरक्षा नीति अवलम्बन गरी आम नागरिकलाई सामाजिक सुरक्षाको दायरामा समेट्नु,
- सुशासन अभिवृद्धि गर्नु।

**१.४ रणनीतिः**

- न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने,
- उत्पादनशील रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित, सहज र उपलब्धिमूलक बनाउने,
- अन्तर्राष्ट्रिय श्रम बजारमा रहेका दक्षता आवश्यक पर्ने रोजगारीका अवसरहरुको पहिचान गरी वैदेशिक रोजगारीलाई अधिकतम् प्रतिफलयुक्त बनाउने,
- वैदेशिक रोजगारीबाट प्राप्त पुँजी ज्ञान, सीप, प्रविधि र अनुभवको सदुपयोग गर्ने,
- वैदेशिक रोजगारीमा जान चाहने र रहेका नेपाली महिलाको सुरक्षा र सम्मानको प्रत्याभूति गर्ने,
- वैदेशिक रोजगारीमा श्रम कूटनीतिको प्रभावकारिता अभिवृद्धि गर्ने,
- श्रम प्रशासनसँग सम्बन्धित कानूनहरूलाई समसामयिक बनाउने,
- श्रमको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- असल औद्योगिक सम्बन्ध कायम गर्ने,
- श्रम अभ्यासलाई मर्यादित (Decent Work) बनाउँदै श्रम शक्तिको विविधताको अधिकतम उपयोग गर्ने,
- बालश्रम निवारण गुरुयोजना (२०७५-२०८५) को कार्यान्वयन गर्ने,
- व्यावसायिक स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन गर्दै कार्यस्थलमा हुने जोखिमलाई न्यूनीकरण गर्ने,
- श्रम सम्बद्ध सेवाको विस्तार तथा सुदृढीकरण गर्ने,
- अनौपचारिक श्रमलाई क्रमशः औपचारिकीकरण गर्ने,
- राष्ट्रिय श्रम बजारको आवश्यकता बमोजिम दक्ष तथा अर्धदक्ष जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने,
- अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न योग्य जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने,

- व्यावसायिक तथा सीपमूलक तालीम सञ्चालन गर्न अन्तरतह र अन्तर निकायहरुबीच समन्वय कायम गर्ने,
- व्यावसायिक तथा सीपमूलक तालीममा नागरिकको सहज पहुँच स्थापित गर्नुका साथै तालीमलाई गुणस्तरीय र जीवनोपयोगी बनाउने,
- औपचारिक, अनौपचारिक तथा वैदेशिक रोजगारमा रहेका श्रमिक एवं स्वरोजगारमा रहेका व्यक्ति र कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने,
- सामाजिक सुरक्षा कोषको वित्तीय दिगोपना हासिल गर्ने,
- सामाजिक सुरक्षा कोषको संस्थागत सुदृढीकरण गर्ने,
- गैर योगदानमा आधारित सामाजिक संरक्षण प्रणाली (Non-Contributory Social Protection System) लाई योगदानमा आधारित सामाजिक सुरक्षामा रूपान्तरण गरी समष्टिगत कुशलता हासिल गर्ने,
- सुशासन प्रवर्द्धन गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ८८ | ८६ | २ | |
| २ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३१ | २६ | ५ | |
| ३ | वैदेशिक रोजगार विभाग | ७३ | ६९ | ४ | |
| ४ | वैदेशिक रोजगार बोर्डको सचिवालय | १८ | १८ | ० | |
| ५ | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटी | २१ | १९ | २ | |
| ६ | व्यावसायिक प्रशिक्षण केन्द्र, सुनसरी | १३ | १० | ३ | |
| ७ | व्यावसायिक प्रशिक्षण केन्द्र, रुपन्देही | १३ | १० | ३ | |
| ८ | वैदेशिक रोजगार कार्यालय, ताहाचल | ६० | ६० | ० | |
| ९ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, भैंसेपाटी | २० | १६ | ४ | |
| १० | श्रम तथा रोजगार कार्यलय, धनगढी | १५ | ११ | ४ | |
| ११ | श्रम तथा रोजगार कार्यालय, सुर्खेत | १४ | १२ | २ | |
| १२ | श्रम तथा रोजगार कार्यालय, बुटवल | १४ | १३ | १ | |
| १३ | श्रम तथा रोजगार कार्यालय, पोखरा | १३ | १२ | १ | |
| १४ | श्रम तथा रोजगार कार्यालय, काठमाडौं | १२ | १२ | ० | |
| १५ | श्रम तथा रोजगार कार्यालय, जनकपुर | १४ | ११ | ३ | |
| १६ | श्रम तथा रोजगार कार्यालय, विराटनगर | १४ | १३ | १ | |

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १७ | श्रम तथा रोजगार कार्यालय, वीरगञ्ज | ८ | ४ | ४ | |
| १८ | श्रम तथा रोजगार कार्यालय, हेटौंडा | ८ | ८ | ० | |
| १९ | श्रम तथा रोजगार कार्यालय, नेपालगञ्ज | ८ | ७ | १ | |
| २० | श्रम तथा रोजगार कार्यालय, झापा | ८ | ८ | ० | |
| | **जम्मा** | ४६५ | ४२५ | ४० | |

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १६९ | **श्रमको सम्मान राष्ट्रको अभियान** भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ। असल श्रम सम्बन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्नुका साथै उत्पादकत्व अभिवृद्धि गरिनेछ। वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाइनेछ। | • श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र मातहतका कार्यालयहरुबाट **श्रमको सम्मान राष्ट्रको अभियान** अन्तर्गत विभिन्न किसिमका कार्यक्रमहरू निरन्तर रुपमा सञ्चालन भइरहेको छ। जसअन्तर्गत २ हजार ८५७ प्रतिष्ठानहरूको श्रम अडिट प्रतिवेदन प्राप्त भएको छ भने २ हजार ६२९ प्रतिष्ठानहरूको एकीकृत श्रम निरीक्षण र २ हजार ६३३ प्रतिष्ठानहरुमा बालश्रम निरीक्षण गरी प्रतिवेदन प्राप्त भएको। |
| १७० | प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरिनेछ। उत्पादनशील रोजगारी सिर्जना गर्ने र श्रम बजारको नतिजामा सुधार गर्ने उद्देश्यसहित कार्यक्रम ढाँचामा परिमार्जन गरिनेछ। स्थानीय तहबाट कार्यान्वयन हुने श्रममूलक काममा यस कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारलाई कार्यस्थलमा आधारित तालीमसहितको न्यूनतम रोजगारी प्रदान गरिनेछ। स्थानीय तहबाट नै श्रम, सीप, उद्यमशीलता विकास लगायतका सेवा प्रदान गर्न सक्ने गरी रोजगार सेवा केन्द्रको स्तरोन्नति गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु ५ अर्ब ९४ करोड | • प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिवर्तनसम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको,<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी तथा श्रमिकको सामूहिक दुर्घटना बीमा नवीकरणका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग सम्झौता सम्पन्न भएको,<br>• २०८० चैत मसान्तसम्म २८ हजार ४०३ जनाले न्यूनतम ६३ दिनको रोजगारी प्राप्त गरेका छन्। जसअनुसार जम्मा रोजगारीको दिन १७ लाख ८९ हजार ३ सय ८९ हुन आउँछ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विनियोजन गरिएको। | |
| १७१ | श्रम बजारको मागअनुसारको सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ। मौजुदा तालीम प्रदायक संस्थाहरूको पुनसंरचना र एकीकरण गरी राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठान गठन गरिनेछ। निजी क्षेत्रहरूसँगको समन्वय र सहकार्यमा स्थानीय तहबाट व्यावसायिक सीपमूलक तालीम प्रदान गर्ने। | • राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिको गठन आदेश स्वीकृत भई मिति २०८०/०८/११ गते नेपाल राजपत्रमा सूचना प्रकाशन भएको,<br>• राष्ट्रिय व्यावसायिक सीप विकास तालीम नीतिको प्रारम्भिक मस्यौदा तयार भएको,<br>• राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, सामी परियोजना, वैदेशिक रोजगार बोर्ड र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट १ हजार ९ सय ९५ जनाले व्यावसायिक तथा सीप विकास तालीम प्राप्त गरेका छन्। |
| १७२ | श्रमिकको न्यायमा पहुँच स्थापित गर्न श्रम अदालतको सेवालाई विस्तार गरिनेछ। सरकारी र निजी प्रतिष्ठानहरूमा श्रम अडिट गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी बनाउने। | • विदेशी नागरिकलाई श्रम इजाजत, श्रमिक आपूर्तिकर्ता र ट्रेड युनियनसम्बन्धी उजुरी गुनासो सुनुवाई सेवा अनलाईन प्रणालीबाट सेवा प्रवाह भइरहेको,<br>• श्रमिकको न्यायमा पहुँच स्थापित गर्न श्रम अदालतको सेवालाई विस्तार गर्ने सम्बन्धमा आवश्यक तयारी भइरहेको। |
| १७३ | वैदेशिक रोजगारीको श्रम स्वीकृति र नवीकरण गर्न काठमाडौं धाउनुपर्ने विद्यमान अवस्थाको अन्त्य गरी स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र मार्फत नै श्रम स्वीकृति र नवीकरण सेवा लिन सक्ने व्यवस्था मिलाउने। | • श्रम स्वीकृतिसम्बन्धी जानकारी SMS मार्फत पठाउने व्यवस्था गरिएको,<br>• बुटवल, पोखरा, विराटनगर, जनकपुर, सुर्खेत र धनगढीस्थित श्रम तथा रोजगार कार्यालयबाट सबै प्रकारको श्रम स्वीकृति प्रदान गरिएको,<br>• वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणाली (FEMIS) को स्तरोन्नती गरी रोजगारी सम्बद्ध सेवाहरु अनलाइन प्रणाली मार्फत प्रदान गर्ने व्यवस्था मिलाइएको,<br>• श्रम स्वीकृति सम्बन्धी सेवालाई "फेस लेस", "क्यास लेस" र "पेपरलेस" गराई पूर्णरूपमा अनलाइन प्रणालीमा आवद्ध गरी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | बढीमा १ घण्टाभित्र श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको। |
| १७४ | नयाँ र आकस्मिक गन्तव्य मुलुकहरूमा वैदेशिक रोजगारीका अवसरहरूको पहिचान र उपयोग गरिनेछ। विभिन्न देशहरुसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गरी वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बीमा र तत्काल गुनासो सम्बोधन लगायतका विषयहरू थप व्यवस्थित गरिनेछ। गन्तव्य मुलुकको आवश्यकताबमोजिम श्रमिकलाई सीपयुक्त बनाई उच्च पारिश्रमिक प्राप्त गर्न सक्ने बनाइने। | • खाडी मुलुक र मलेसियामा केन्द्रित वैदेशिक रोजगारीलाई यूरोप लगायत आकर्षक गन्तव्यतर्फ दायरा विस्तार गर्दै रोमानिया र जर्मनीसँग द्विपक्षीय श्रम सम्झौता गरिएको,<br>• नेपालबाट बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति पठाउने सम्बन्धी श्रम समझदारीपत्र बमोजिम २०८० चैत मसान्तसम्म ४२ जना रोजगारीका लागि बेलायत गएका। |
| १७५ | **अबको जीवन स्वदेशमा** नै भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आवद्ध गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ। गरिबीको रेखामुनि रहेका र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लघु उद्यमीको रूपमा विकास गर्न स्थानीय तह मार्फत सीप विकास तालीम र व्यवसायिक परामर्श सेवा सञ्चालन गरिनेछ। | • राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिको गठन आदेश स्वीकृत भई मिति २०८०/०८/११ गते नेपाल राजपत्रमा सूचना प्रकाशन भएको,<br>• स्वीस सरकारको सहयोगमा वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूको लागि पुनःएकीकरण कार्यक्रम सञ्चालनको लागि ReMi परियोजना अन्तर्गत २० वटा स्थानीय तहमा कार्यक्रम सञ्चालनमा रहेको,<br>• KOICA को सहयोगमा दक्षिण कोरियामा काम गरी स्वदेश फर्केका व्यक्तिहरुको पुनःएकीकरणसम्बन्धी परियोजना सञ्चालनमा रहेको। |
| १७६ | वैदेशिक रोजगारको सिलसिलामा विदेशमा अलपत्र परेका नागरिकहरूको शीघ्र उद्धार गरिनेछ। वैदेशिक रोजगारीका क्रममा घाइते वा मृत्यू भएका श्रमिकको परिवारलाई प्रदान गरिने राहत, क्षतिपूर्ति लगायतका कल्याणकारी सेवा सम्बन्धित स्थानीय तहबाटै प्राप्त गर्न | • वैदेशिक रोजगारीमा गई अंगभंग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता र छात्रवृत्तिसम्बन्धी सेवालाई समेत अनलाईन मार्फत प्रदान गर्ने व्यवस्था गरिएको, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सक्ने व्यवस्था मिलाइनेछ। | • वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुलाई टेलिमेडिसिन सेवाप्रवाह गर्ने कार्यक्रम निरन्तर रुपमा सञ्चालनमा रहेको,<br>• वैदेशिक रोजगारीमा गई अंगभंग वा मृत्यु भएका कामदारका सन्ततिलाई छात्रवृत्ति दिने व्यवस्था कार्यान्वयनमा रहेको। |
| १७७ | योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै लगिनेछ। सामाजिक सुरक्षा कोषलाई दिगो र प्रतिफलमुखी बनाउन कोषको रकम उत्पादनमूलक तथा पूर्वाधार लगायतका क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाइनेछ। कोषको रकम कामदारको स्वास्थ्य उपचार, सन्ततिको शिक्षा तथा परिवारको बीमा, व्यवसाय सञ्चालन र व्यावसायिक सीपसम्बन्धी तालीम सञ्चालनमा उपयोग गरिनेछ। | • अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहेका व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ बमोजिम सूचीकृत गर्ने काम भइरहेको,<br>• वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्धता गर्न वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ बमोजिम सूचीकृत गर्ने काम भइरहेको। |
| २८५ | लोककल्याणकारी राज्यको उद्देश्य प्राप्तिका लागि **कोखदेखि शोकसम्म सामाजिक सुरक्षा** भन्ने नाराका साथ गर्भावस्थादेखि मृत्यु संस्कारसम्म जीवन चक्रका सबै चरणमा सामाजिक सुरक्षा प्रत्याभूत गरिनेछ। शिक्षा, स्वास्थ्य, प्राविधिक सीप, रोजगारीको अवसर र वृद्ध अवस्थामा गरिने संरक्षण समेत समेटी सामाजिक सुरक्षाको दायरा फराकिलो बनाउँदै लगिनेछ। | • शिक्षा, स्वास्थ्य, प्राविधिक सीप, रोजगारीको अवसर र वृद्ध अवस्थामा गरिने संरक्षण समेत समेटी सामाजिक सुरक्षाको दायरा फराकिलो बनाउने सम्बन्धमा आवश्यक तयारी भइरहेको। |
| २८७ | सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालनका | • सामाजिक सुरक्षाको सुविधा र दायरा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | लागि दिगो स्रोत व्यवस्थापनको नीति लिइनेछ। हाल सञ्चालित समाजिक सुरक्षाका कार्यक्रमलाई एकत्रित गरी दोहोरोपन हटाइने र लक्षित वर्गमा केन्द्रित गरी थप प्रभावकारी बनाउँदै लगिनेछ। स्रोतको विस्तारसँगै सामाजिक सुरक्षाको सुविधा र दायरा विस्तार गर्दै लगिनेछ। | विस्तार गरी हाल औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना सञ्चालनमा रहेका, |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयन आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १ | वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ | नयाँ जारी |
| २ | अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ | नयाँ जारी |
| ३ | वैदेशिक रोजगारमा मौसमी कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७९ | नयाँ जारी |
| ४ | वैदेशिक रोजगार व्यवसाय सञ्चालन को सम्बन्धी मापदण्ड, २०७९ | नयाँ जारी |
| ५ | एकीकृत श्रम र रोजगार (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०८० | नयाँ जारी |
| ६ | श्रम अदालत नियमावली, २०८० | नयाँ जारी |
| ७ | एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०८० | नयाँ जारी |
| ८ | श्रम अदालत नियमावली, २०८० | नयाँ जारी |
| ९ | वैदेशिक रोजगार ठगीका उजुरीको मेलमिलाप तथा सिफारिश गर्ने सम्बन्धी कार्यविधि, २०८० | नयाँ जारी |
| १० | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्तिसम्बन्धी कार्यविधि, २०८० | नयाँ जारी |
| ११ | वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि तालीम सञ्चालन गर्ने संस्थाको लागि आवश्यक न्यूनतम मापदण्डसम्बन्धी कार्यविधि, २०८० | नयाँ जारी |
| १२ | व्यवसाय र मानवअधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना (२०८०/८१-२०८४/८५) | नयाँ जारी |

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १३ | वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ | पाँचौ संशोधन २०८०/०८/१४ |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### क) आन्तरिक रोजगार प्रवर्द्धन (प्रधानमन्त्री रोजगार कार्यक्रम)

- एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयन भइरहेको,
- राष्ट्रिय बीमा कम्पनीसँग रोजगारीमा संलग्न हुने श्रमिक र संलग्न कर्मचारीको सामूहिक बीमा सम्पन्न भएको,
- प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिमार्जन सम्बन्धमा दस्तावेज तयार भई उक्त प्रारम्भिक दस्तावेजउपर अन्तर्क्रिया र छलफल मार्फत सुझाव सङ्कलन भइरहेको,
- आगामी आर्थिक वर्षदेखि “आन्तरिक रोजगारी प्रवर्द्धन अभियान दशक” सञ्चालन गर्ने तयारी भइरहेको र त्यसका लागि सम्बन्धित निकायहहरूबाट आवश्यक तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने कार्य भइरहेको,
- ८ लाख ८५ हजार १५४ जना बेरोजगारको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएको,
- २८ हजार ४०३ जना बेरोजगारलाई रोजगार उपलब्ध गराइएको।

### ख) वैदेशिक रोजगार

- “श्रम आप्रवासनका सवालहरू र कूटनीतिक नियोगको भूमिका” विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विभिन्न १२ वटा मुख्य श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगका महामहिम राजदूत, महावाणिज्यदूत र सम्बन्धित मन्त्रालयका सहसचिवज्यूहरू समेतको सहभागितामा दुई दिवसीय अन्तरक्रियात्मक बैठक सम्पन्न भएको,
- वैदेशिक रोजगार बोर्डबाट विदेशस्थित कूटनीतिक नियोगमा राहत उद्दार र अन्य कार्यका लागि निकासा तथा खर्च  गर्ने प्रक्रियालाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन यसैसाथ संलग्न वैदेशिक रोजगार बोर्डको सचिवालयबाट विदेशस्थित कूटनीतिक नियोगमा निकासा गरिने रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८० स्वीकृत भएको,
- वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने नेपाल सरकारको नीतिअनुरूप विभिन्न मित्रराष्ट्रहरूबीच द्विपक्षीय श्रम सम्झौता गर्ने कार्यलाई निरन्तरता दिन

मिति २०८० असोज १९ गते नेपाल सरकार र रोमानिया सरकारबीच द्विपक्षीय श्रम समझदारीपत्रमा हस्ताक्षर भएको,

- नेपाल सरकार र जर्मनी सरकारबीच मिति २०८० असोज २३ गतेका दिन जर्मनीको श्रम तथा सामाजिक मामिला मन्त्रालयमा दक्ष श्रम आप्रवासन तथा ज्ञान आदानप्रदानसम्बन्धी संयुक्त घोषणापत्र (Joint Declaration of Intent) मा हस्ताक्षर भएको,
- वैदेशिक रोजगारसम्बन्धी सेवालाई सरल, सहज, पहुँचयोग्य बनाई सेवा प्रवाहमा सुशासन कायम गर्न विद्यमान सूचना प्रविधि प्रणालीमा समसामयिक सुधार गरिएको,
- वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति दिने कार्य पूर्णरुपमा अनलाइन प्रणाली मार्फत शुरूवात गरी श्रम स्वीकृतिको अवधि २ वर्षबाट बढाएर Contract अवधिको आधारमा गर्ने कार्य शुरू भएको,
- आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा संस्थागत श्रम स्वीकृति, नयाँ व्यक्तिगत श्रम स्वीकृति र पुनःश्रम स्वीकृति गरी पुरुष ४ लाख ८० हजार १०६ जना र महिला ५८ हजार ९५९ जना गरी जम्मा ५ लाख ३९ हजार ६५ जनालाई श्रम स्वीकृति प्रदान गरिएको,
- वैदेशिक रोजगारसम्बन्धी गुनासो व्यवस्थापनलाई अनलाईन प्रणालीमा आवद्ध गरी विद्युतीय अभिलेखीकरण गर्ने सम्बन्धी विषयमा कर्मचारीहरूलाई तालीम प्रदान गरिएको,
- वैदेशिक रोजगार विभागद्वारा सञ्चालित ईजाजतपत्र प्राप्त अभिमुखीकरण संस्थाहरूले प्रयोग गर्ने Orientation प्रणालीको Iris प्रणाली भएको System विकास गरिएको,
- वैदेशिक रोजगार विभागद्वारा सञ्चालित FEIMS प्रणालीमा Monitoring Module विकास गर्ने कार्य भएको,
- द्विपक्षीय श्रम समझदारीपत्र (Model Bi-Lateral Agreement) का मूलभूत पक्षहरु आधारभूत रोजगार करारपत्र र न्यूनतम मापदण्ड निर्धारणसम्बन्धी मस्यौदा तयार भएको,
- रोजगारमैत्री स्थानीय शासन अवधारणा कार्यान्वयनका लागि मापदण्ड तथा सूचक निर्माणको काम भइरहेको,
- श्रम आप्रवासन तथा वैदेशिक रोजगारीका विषयमा नेपालस्थित गन्तव्य मुलुकका अवैतनिक दूतहरूसँग अन्तर्क्रिया/छलफल सम्पन्न भएको,
- जापान, बेलायत, इजरायलसँगको G to G कार्यक्रम/द्विपक्षीय श्रम समझदारीपत्र कार्यान्वयनका लागि इकाई व्यवस्थापन, परीक्षा सञ्चालन, बैठक व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन भएको,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउने उद्देश्यले सञ्चालित सुरक्षित आप्रवासन परियोजना अन्तर्गत वैदेशिक रोजगारीसम्बन्धी सूचना ३ लाख १६ हजार १०१

जना, मनोसामाजिक परामर्श सेवा ४ हजार ८१ जना र वित्तीय साक्षरता १५ हजार ४७० जना, सीपमूलक तालीम १ हजार ९९५ जनालाई प्रदान गरिएको।

**ग) सेवा प्रवाह**

- नेपालको श्रम प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन तथा संघीय संरचनाअनुरुप श्रम प्रशासनको प्रभावकारी कार्यान्वयनका लागि श्रम कानूनको परिपालना, मर्यादित श्रम, न्यूनतम पारिश्रमिक, व्यवसायजन्य सुरक्षा कार्यान्वयनको लागि प्रतिष्ठानहरूको अनुगमन निरीक्षण कार्य नियमित गरिएको, सातवटै प्रदेशस्थित श्रम तथा रोजगार कार्यालयहरूबाट समेत वैदेशिक रोजगारका लागि श्रम स्वीकृति प्रदान गर्ने कार्यको थालनी भएको छ भने पुनःश्रम स्वीकृतिको कार्य विदेशबाट नै अनलाईन प्रणालीको मार्फत लिनसक्ने व्यवस्था गरिएको,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र र हेलो सरकारमा प्राप्त भएका उजुरीहरूमध्ये ५२.०८ प्रतिशत उजुरीहरू फछ्र्यौट गरिएको,
- वैदेशिक रोजगार विभागबाट सञ्चालन हुने सेवाहरूलाई सरलीकरण गर्न कार्यसञ्चालन कार्यविधि तर्जुमा गरिएको, वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्सल टिम, शीघ्र प्रत्युत्तर टोली (Rapid Response Team) गठन तथा २४ घण्टा गुनासो सुन्ने गरी मन्त्रालयमा श्रम कल सेन्टर प्रभावकारी रुपमा सञ्चालन गरिएको।

**घ) अन्य**

- नेपाल सरकारले मिति २०८०/०४/०१ गतेबाट लागू हुने गरी श्रमिकको न्यूनतम पारिश्रमिक मासिक रु.१७ हजार ३०० निर्धारण गरेसँगै श्रमिकको न्यूनतम पारिश्रमिकमा वृद्धि भएको,
- मानवअधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाले तोकेबमोजिम तयार गरिएको व्यवसाय र मानवअधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना, (२०८०/८१-२०८४/८५) स्वीकृत गरी सार्वजनिक गरिएको,
- श्रम आप्रवासन नीतिको मस्यौदा उपर सबै तहका सरकार तथा सरोकारवाला एवं विज्ञहरुसँग छलफल कार्यक्रम प्रारम्भ भएको,
- अनौपचारिक क्षेत्र तथा अनौपचारिकता व्यवस्थापनसम्बन्धी योजना/कार्यविधि निर्माण कार्यको Action Plan स्वीकृत भई कार्यान्वयन भइरहेको,

- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का महासन्धीहरूलाई नेपालले अनुमोदन/सम्मिलन/स्वीकृति वा समर्थनसम्बन्धी विस्तृत कार्ययोजना तयार भई केन्द्रीय श्रम सल्लाहकार परिषद्को बैठकबाट स्वीकृति प्राप्त भएको।

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:**

**क) नीतिगत**

- मन्त्रालयको वार्षिक कार्यक्रम र आवधिक योजनाले परिलक्षित गरेका लक्ष्यहरुबीचमा तादत्म्यता स्थापना गरी विद्यमान समस्याहरूको उजागर र चुनौतीको आकलन गर्दै विगतदेखि वर्तमानसम्म मन्त्रालयले हासिल गरेका उपलब्धि, मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादन हुने सेवाको समयसापेक्ष रूपान्तरण गर्न र श्रम तथा रोजगारी क्षेत्रको दीर्घकालीन सोचसहितको रणनीति तय गर्न आवश्यक देखिएको तथा नीतिगत तथा कानूनी व्यवस्थालाई एकीकृत एवं प्रभावकारी रूपमा कार्यन्वयन गर्दै उत्पादनशील रोजगारीको विकास र उपयोग गर्नका लागि मन्त्रालयको पाँच वर्षे रणनीति योजना (5 Years Strategy Plan) स्वीकृत गरी कार्यान्वयन भइरहेको,
- सामाजिक सुरक्षाको दायरा विस्तार गर्न वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन भएका,
- योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारी र स्वरोजगार क्षेत्रमा रहनु भएका व्यक्तिहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गराउने कार्य शुरू भएको छ। त्यसैगरी स्वदेशमै अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहनुभएका व्यक्तिका लागि आगामी २०८० वैशाखदेखि योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन कार्यविधि स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। यसको कार्यान्वयनबाट स्वदेश र विदेशमा रहनुभएका श्रमिकहरूलाई सामजिक सुरक्षाको प्रत्याभूति प्रदान हुनेछ,
- स्वीटजरल्याण्ड सरकारको नगद अनुदानमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनःएकीकरण (ReMi) परियोजना सञ्चालन गर्नका लागि कोशी प्रदेश र मधेश प्रदेशबाट १०-१० गरी २० वटा स्थानीय तह छनौट भई कार्यक्रम कार्यान्यवनको शुरूवात गरिएको छ,
- वैदेशिक रोजगार नीति, २०६८, वैदेशिक रोजगार ऐन, २०६४ र श्रम ऐन, २०७४ लगायतका नीति तथा कानूनलाई समसामयिक परिमार्जन गर्ने कार्य भइरहेको।

**ख) क्षमता विकास**

- स्थानीय तहको रोजगार सेवा केन्द्रको क्षमता विकासका लागि प्रशिक्षण प्रशिक्षक तयार गरी २१ जिल्लाका सबै स्थानीय तहको रोजगार सेवा केन्द्रका ३६० जना कर्मचारीहरुलाई रोजगार सेवासम्बन्धी क्षमता विकास तालीम प्रदान गरिएको,
- श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सीपयुक्त र उत्पादनशील मानव संशाधनको विकासको लागि आधारभूत तालीमतर्फ ५ हजार ३०२ जना र उद्यमशीलता विकास तालीमतर्फ ३ हजार ७४० जना, ६७ हजार ६७० जनालाई निशुल्क सीपमूलक तालीम प्रदान गरिएको,
- वैदेशिक रोजगारीमा जान चाहने ३ लाख ५५ हजार ३८२ जनालाई सूचना तथा परामर्श सेवा, १ हजार २७२ जनालाई सीपमूलक तालीम, ३ हजार २९७ जनालाइ मनोसामाजिक परमर्श सेवा र १४ हजार ७७० जनालाई वित्तीय साक्षरतासम्बन्धी तालीम प्रदान गरिएको,
- वैदेशिक रोजगार बोर्डबाट सिटिइभिटिको सम्बन्धन प्राप्त निजी संस्थामार्फत ३ हजार २४० जनालाई निःशुल्क सीपमूलक तालीम प्रदान गरिएको र ६७ हजार ७६० जनालाई तालीम प्रदान गरिएको।

**ग) श्रम कूटनीति**

- वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको समस्याहरूलाई समयमा नै सुनुवाइ गरी समस्याको समाधानमा सहजीकरण गर्ने प्रयोजनका लागि विदेशस्थित सबै नियोगहरुमा श्रमसम्बन्धी छुट्टै Dedicated Focal Point तोकिएको।
- नेपाल सरकार र साउदी अरब सरकारबीच सम्पन्न हुने द्विपक्षीय श्रम सम्झौता अद्यावधिक गर्न मिति २०७९/१०/२७ मा परराष्ट्र मन्त्रालय मार्फत सम्झौताको मस्यौदा साउदी अरब सरकारसमक्ष पठाइएको।

**घ) सेवा प्रवाह**

- श्रम सम्बन्ध र व्यवसायजन्य सुरक्षाका सवालमा विभिन्न तालीम तथा अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन गरिएको छ। यस अवधिमा २ हजार ८ सय ९७ बाल श्रम निरीक्षण एवं २ हजार ८ सय ९१ प्रतिष्ठान निरीक्षण गरिएको छ भने ३ हजार ४ सय २३ श्रम अडिट प्राप्त भएको छ। गैर नेपाली नागरिकलाई नेपालमा कार्य गर्नका लागि १ हजार ३ सय ६९ जना विदेशी नागरिकलाई श्रम स्वीकृति प्रदान गरिएको र १ हजार ६ सय २५ जना गैर नेपाली नागरिकको श्रम स्वीकृति नवीकरण गरिएको छ। आ.व. २०७९/८० मा ४१ वटा संस्थालाई श्रम आपूर्तिकर्ता ईजाजतपत्र प्रदान गरिएको छ।

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को विधानको धारा १९ र धारा २२ बमोजिम प्रतिवेदन पेश गरिएको,

- आ.व. २०७९/८० मा संस्थागत श्रम स्वीकृति, नयाँ व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति गरी पुरुष ६ लाख ९९ हजार १९३ जना र महिला ७२ हजार १३४ जना गरी जम्मा ७ लाख ७१ हजार ३२७ जनालाई श्रम स्वीकृति प्रदान गरिएको,
- नेपालको श्रम प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन तथा संघीय संरचनाअनुरुप श्रम प्रशासनको प्रभावकारी कार्यान्वयनका लागि श्रम कानूनको परिपालना, मर्यादित श्रम, न्यूनतम पारिश्रमिक, व्यसायजन्य सुरक्षा कार्यान्वयनको लागि प्रतिष्ठानहरूको अनुगमन, निरीक्षण कार्य नियमित गरिएको,
- वैदेशिक रोजगार बोर्डको सचिवालयबाट उपलब्ध गराउने आर्थिक सहायता र छात्रवृत्तिसम्बन्धी सेवालाई समेत अनलाईन मार्फत प्रदान गर्ने कार्यलाई थप प्रभावकारी बनाइएको,
- स्वदेशमा रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रम र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण परियोजनाजस्ता विविध कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रभावकारी रुपमा सञ्चालनमा आएका,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र, हेलो सरकार र कल सेन्टरमा प्राप्त भएका उजुरीहरुमध्ये ९५ प्रतिशत उजुरीहरू फछ्र्यौट गरिएको,
- वैदेशिक रोजगारीसम्बन्धी कल्याणकारी कार्य अन्तर्गत १ हजार २०८ जना वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका कामदारका परिवारलाई आर्थिक सहायता प्रदान गरिएको, ३८९ जना अंगभंग वा गम्भीर बिरामी भएका कामदारलाई आर्थिक सहायता प्रदान, वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणले पीडित भएका व्यक्तिका छोराछोरीहरूमध्ये २ हजार ९५६ जनालाई रु. २ करोड ८२ लाख १० हजार छात्रवृत्ति सहायता रकम वितरण गरिएको, वैदेशिक रोजगारीसँग सम्बन्धित राहत, उद्धार तथा समन्वय शाखा, मुद्दा शाखा र प्रहरी शाखामा प्राप्त ४ हजार ४६४ वटा मुद्दामध्ये १ हजार ७५१ वटा मुद्दाको ५५ करोड ६१ लाख ३७ हजार ५०३ सहायता उपलब्ध गराइएको,
- वैदेशिक रोजगारीमा गएका कामदारहरूलाई कार्यस्थलमा आइपर्ने स्वास्थ्यसम्बन्धी समस्याहरू सम्बन्धमा परामर्श उपलब्ध गराउनका लागि टेलिमेडिसिन सेवा सञ्चालन गर्न वैदेशिक रोजगार बोर्डको सचिवालय र कोभिड-१९ युनिफाइड केन्द्रीय (वीर) अस्पतालबीच सम्झौता सम्पन्न भई मिति २०७९ चैत १५ बुधबार देखि टेलिमेडिसिन (Tele Medicine) सेवा सञ्चालन गरिएको,

- वैदेशिक रोजगारीको सन्दर्भमा हुने अनेकन ठगी लगायतका गुनासाहरू, कल सेन्टरमा प्राप्त भएका सबै प्रकारका गुनासा समेत समयमै सम्बोधन गर्न वैदेशिक रोजगार विभागका महानिर्देशकको संयोजकत्वमा विस्तृत कार्यशर्त सहितको Immediate Response Task Force (IRTF) गठन भई सोहीअनुरूप कामहरु भइरहेका,
- वैदेशिक रोजगार विभागबाट सञ्चालन हुने सेवाहरुलाई सरलीकरण गर्न कार्यसञ्चालन कार्यविधि तर्जुमा गरिएको, वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्सल टिम, शीघ्र प्रत्युत्तर टोली (Rapid Response Team) गठन तथा २४ घण्टा गुनासो सुन्ने गरी मन्त्रालयमा श्रम कल सेन्टर प्रभावकारी रूपमा सञ्चालन गरिएको,
- वैदेशिक रोजगारीलाई प्रभावकारी बनाउन म्यानपावर कम्पनी, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, श्रम तथा रोजगार कार्यालयहरूबाट प्रवाह हुने सेवालाई भरपर्दो र व्यवस्थित गराउन सेवा प्रवाहसँग सम्बन्धित कार्यमा प्रविधिलाई पूर्णरुपमा उपयोग गर्ने नीति लिइएको,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, पहुँचयोग्य बनाउने उद्देश्यले श्रम स्वीकृतिसम्बन्धी सेवा ७५३ वटै स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत हुने व्यवस्था गरिएको।

**श्रम सम्बन्धमा भएका आ.व. २०७९/८० का मुख्य उपलब्धिः**

| क्र.सं. | विवरण | एकाई | उपलब्धि |
|---|---|---|---|
| १ | बालश्रम निरीक्षण | प्रतिष्ठान संख्या | २,८९७ |
| २ | प्रतिष्ठान निरीक्षण | प्रतिष्ठान संख्या | २,८९१ |
| ३ | श्रम अडिट प्रतिवेदन | प्रतिवेदन संख्या | ३,४२३ |
| ४ | बाल श्रममुक्त स्थानीय तह घोषणा | स्थानीय तहको संख्या | ६ |
| ५ | गैर-नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान/नवीकरण | जना | १,३६९ (स्वीकृति)<br>१,६२५(नवीकरण) |
| ६ | ट्रेड युनियन महासंघ दर्ता/नवीकरण | वटा | २/२ |

**सामी कार्यक्रमको आ.व.२०७९/८० को प्रगति (रोजगार प्रवर्द्धन कार्यक्रम)**

| क्र.स. | विवरण | एकाई | वार्षिक लक्ष्य | वार्षिक उपलब्धी |
|---|---|---|---|---|
| १ | MRC मार्फत वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई सूचना प्रदान | जना | ११०००० | ४०१४२० |
| २ | मनोसामाजिक परामर्श (व्यक्तिगत) | जना | २५१९ | ३४०८ |
| ३ | वित्तीय साक्षरता तालीम | जना | १५६०० | १४७६१ |
| ४ | सीपमूलक तालीम | जना | १३०० | १५२८ |

| | | | | |
|---|---|---|---|---|
| ५ | कानूनी सहायताका लागि सहजीकरण (न्यायमा पहुँच) | जना | ३१०० | ६५०८ |

**ङ) सामाजिक सुरक्षा**

- सामाजिक सुरक्षा कोषको दायरालाई फराकिलो र प्रभावकारी बनाउन कोषको नीतिगत, कानूनी, संस्थागत र अन्य समग्र पक्षको अध्ययन गराइएको,
- अनौपचारिक क्षेत्र तथा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको दायरमा ल्याउने सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको।

**योगदानमा आधारित सुरक्षा कोषको आ.व. २०७९/८० को मुख्य उपलब्धिः**

| विवरण | वार्षिक लक्ष्य | उपलव्धि |
|---|---|---|
| प्रतिष्ठान सूचीकरण (संख्या) | ३०,००० | १८,०२२ |
| श्रमिक सूचीकरण (संख्या) | ५,००,००० | ६५०३१० |
| श्रमिकको उपचार गर्ने अस्पतालको संख्या (वटा) | १५० | १५३ |
| कुल योगदान रकम (रु.) | | ३८.५२ करोड |
| कुल दावी भुक्तानी (रु.) | | ५२७.३३ करोड |
| सामाजिक सुरक्षा योजनाको संख्या | | ४ |

**च) सीप विकास :**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागबमोजिमका तालीमहरू सञ्चालन गर्न आवासीय सुविधासहितको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिको स्थापना गर्न बनेको गठन आदेश मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको।

**व्यावसायिक सीप विकाससम्बन्धी आ.व. २०७९/८० को उपलब्धिः**

| तालीम प्रदायक निकाय | वार्षिक लक्ष्य (जना) | वार्षिक उपलब्धी |
|---|---|---|
| राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान तथा मातहतका निकायहरुबाट | १२,००० | १०,३४४ |
| वैदेशिक रोजगार बोर्ड | १०,००० | ९,९०५ |
| युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना | ८,००० | - |
| रोजगार प्रवर्द्धन कार्यक्रम (सामी परियोजना) | १,३०० | १,५२८ |
| **जम्मा** | **३१,३००** | **२१,७७७** |

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १८२९७८ | १२८१७२ | ७०.०५ |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | २४४०० | १९३१० | ७९.१४ |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३३०६०० | ३०२०४८ | ९१.३६ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २९२७६ | २७०८७ | ९२.५२ |
| ३७१००१०३३ | युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना | ४२७०५७ | ५२७५८ | १२.३५ |
| ३७१००१०४३ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि पुनःएकीकरण परियोजना पहिलो चरण | १४३३२३ | ५१९९३ | ३६.२८ |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ४१३०० | २६२१० | ६३.४६ |
| ३७१०१०१२३ | श्रम तथा रोजगार कार्यालयहरू | १४८४०२ | १११७१० | ७५.२८ |
| ३७१०११०२३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २६१०० | १८६०२ | ७१.२७ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १५३७७५ | १३४५२२ | ८७.४८ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालीम प्रतिष्ठान | २९५९८२ | १६३५५९ | ५५.२६ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | २०५४४ | १९०७९ | ९२.८७ |
| | **जम्मा** | **१८२३७३७** | **१०५५०५०** | **५७.८५** |

पुंजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ९६५० | ६२७६ | ६५.०४ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | १५०० | १३५८ | ९०.५४ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | २००० | १००७ | ५०.३३ |
| ३७१००१०२४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ० | ० |
| ३७१००१०३४ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | ५७३०० | ५२६९ | ९.१९ |
| ३७१००१०४४ | वैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुका लागि पुनःएकीकरण परियोजना पहिलो चरण | ७९६५ | ५९९१ | ७५.२१ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ९७०० | ५४६७ | ५६.३६ |
| ३७१०१०१२४ | श्रम तथा रोजगार कार्यालयहरू | २४०३० | १६१४३ | ६७.१८ |
| ३७१०११०२४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ३८०० | ३५७९ | ९४.१९ |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | १४८०० | १०९०३ | ७३.६७ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालीम प्रतिष्ठान | ८२०० | ६१४५ | ७४.९३ |
| ३७१३१०११४ | वैदेशिक रोजगार बोर्ड | ० | ० | ० |
| | जम्मा | १३८९४५ | ६२१३८ | ४४.७२ |

## ८. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १७८५७० | ८५७६६ | ४८.०३ |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | २५१०० | १६४०० | ६५.३४ |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३९९४०० | १६२०७१ | ४०.५८ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५४४०० | १३४४० | २४.७१ |
| ३७१००१०३३ | युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना | ३४०९८५ | २७१९० | ७.९७ |
| ३७१००१०४३ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि पुनःएकीकरण परियोजना पहिलो चरण | १३४५०० | २७८ | ०.२१ |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ४१२०० | १७१९० | ४१.७२ |
| ३७१०१०१२३ | श्रम तथा रोजगार कार्यालयहरू | १४६६०० | ८५४७६ | ५८.३१ |
| ३७१०११०२३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २५४०० | ११०१४ | ४३.३६ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १४४००० | ८७०६२ | ६०.४६ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालीम प्रतिष्ठान | २९१४०० | ४०४१४ | १३.८७ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | २०५०० | १३३९९ | ६५.३६ |
| | जम्मा | १८०२०५५ | ५५९७०० | ३१.०६ |

पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ५७०० | १७३५ | ३०.४४ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | ५०० | ३४२ | ६८.४५ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | १८०० | ५५३ | ३०.६९ |
| ३७१००१०२४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ० | ० |
| ३७१००१०३४ | युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना | २०००० | ५२९ | २.६४ |
| ३७१००१०४४ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुनःएकीकरण परियोजना पहिलो चरण | १५०० | २७२ | १८.१३ |
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ८१०० | ३९८ | ४.९१ |
| ३७१०१०१२४ | श्रम तथा रोजगार कार्यालयहरू | ३६४०० | १२११९ | ३३.२९ |
| ३७१०११०२४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ५०० | २७ | ५.४२ |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | ३२०० | २०४७ | ६३.९७ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालीम प्रतिष्ठान | १९०० | ८०९ | ४२.६० |
| ३७१३१०११४ | वैदेशिक रोजगार बोर्ड | ० | ० | ० |
| | जम्मा | ७९६०० | १८८३१ | २३.६६ |

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

प्रकृति र संस्कृतिको धनी नेपाल आकर्षक, सुरक्षित, मनोरम र साहसिक पर्यटकीय गन्तव्यका रूपमा विश्व पर्यटन बजारमा परिचित रहेको छ। नेपालको पर्यटन क्षेत्रले मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ। देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल स्थानीय जनतासम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ। पर्यटन क्षेत्रको विकास र विस्तारका निम्ति आन्तरिक र वाह्य हवाई यातायातलाई थप सुरक्षित, स्तरीय र भरपर्दो बनाउन यो मन्त्रालय क्रियाशील रहेको छ।

### १.२ दीर्घकालीन सोचः

मुलुकको आर्थिक समृद्धिको एक अग्रणी सम्वाहकको रूपमा संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रलाई स्थापित गर्ने।

### १.३ उद्देश्यः

- नेपाललाई गुणस्तरीय पर्यापर्यटन अनुकुल र सुरक्षित बनाई आकर्षक तथा प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने,
- पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधीकरण गरी पर्यटन संस्कृतिको विकास गर्ने,
- पर्यटकीय क्षेत्रबाट प्राप्त लाभको न्यायिक वितरण र उपयोग गर्दै स्थानीय जनस्तरमा पुऱ्याउने।

### १.४ रणनीतिः

- पर्यटनलाई सबै मौसममा चलायमान बनाउन प्रविधि तथा गतिविधिको विकास गर्ने,
- छिमेकी मुलुकहरू तथा प्रमुख पर्यटन बजारमा व्यापार प्रचारप्रसार र प्रवर्द्धन गरी गुणस्तरीय पर्यटक वृद्धि गर्ने,
- पर्यटकीय गतिविधिहरूलाई सुरक्षित, दिगो र गुणस्तरीय बनाउने,
- पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्रहरू समेटेर एकीकृत पर्यटन विकासमा जोड दिने,

- स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजानिक, निजी र सहकारी साझेदारीको अवधारणाअनुरूप पर्यटन पूर्वाधारहरूको विकास, बजारीकरण र प्रवर्द्धन गर्ने,
- तीनै तहका सरकारबीच समन्वय कायम गरी पर्टकीय गन्तव्यस्थलको एकीकृत विकास तथा विस्तार गर्ने,
- पर्यटकीय उपजको मुल्य श्रृङखलामा आबद्व गरी जनस्तरसम्म लाभ पुऱ्याउने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ८४ | ८२ | २ | ० |
| २. | पर्यटन विभाग | २४ | २३ | १ | ० |
| ३. | पुरातत्त्व विभाग र अन्तर्गत | ४५५ | ४१० | ४५ | ४ |
| ४. | राष्ट्रिय अभिलेखालय | ३० | २२ | ८ | ० |
| ५. | नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति | १९७ | ११७ | ८० | ० |
| ६. | नेपाल प्रतिलिपि अधिकार तथा रजिष्टारको कार्यालय | ११ | ११ | ० | ० |
| | **जम्मा** | ८०१ | ६६५ | १३६ | |

## ३. आर्थिक वर्ष २०८०/०८१ को वजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुदाँहरुको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४७ | प्रदेश तथा स्थानीय तहबाट सञ्चालन र व्यवस्थापन हुन उपयुक्त हुने विभिन्न पर्यटन प्रवर्द्धन विकास समितिहरु तत् तत् तहमा हस्तान्तरण गरिने। | • मन्त्रालय अन्तर्गतका पर्यटन प्रवर्द्धन विकास समितिहरू प्रदेश र सम्बन्धित स्थानीय तहहरूमा हस्तान्तरणको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/१०/२५ को निर्णयानुसार ५ वटा समिति प्रदेशमा र १ वटा स्थानीय तहमा हस्तान्तरण भएको,<br>• नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई नेपाल पर्यटन तथा होटल प्रतिष्ठानमा गाभ्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/१०/२५ को निर्णयानुसार एक आपसमा गाभ्ने निर्णय भई एकीकृत संगठनामक संरचना तथा व्यवस्थापकीय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | कार्य भइरहेको। |
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका सामानहरू छ महिनाभित्र लिलाम गरिने। | • पुराना र प्रयोगविहीन सवारी साधन लगायतका सामानहरू लिलामीको मूल्याङ्कन भई दोस्रो पटक सूचना प्रकाशन भएको। |
| १७९ | मुलुकलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। पर्यटन प्रवर्द्धन र पूर्वाधार विकास गरी राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गरिनेछ। साँस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ। हवाई यातायात सेवालाई सुरक्षित र गुणस्तरीय बनाइनेछ। | • तावा भन्ज्याङ्ग क्षेत्रलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न पर्यटकीय पूर्वाधार तथा ताल निर्माणको शुरूवात गर्ने (साकेला गा.पा. खोटाङ),<br>• सात प्रदेश अन्तर्गतका सन्दकपुर क्षेत्र ईलाम, देवीस्थान क्षेत्र सिरहा, सिम्रौनगढ क्षेत्र बारा, इन्द्रसरोवर क्षेत्र मकवानपुर, पंचासे क्षेत्र कास्की/पर्वत/स्याङ्जा, घोडाघोडी ताल क्षेत्र कैलालीमा पर्यटकीय पूर्वाधारको निर्माण कार्य जारी,<br>• लाकुरी भञ्ज्याङ, फुल्चोकी, गुर्दुमडाडा महाभारत ट्रेल ७० कि.मि. निर्माण कार्य जारी राखे (क्रमागत काभ्रे, सिन्धुली)<br>• स्वीजरल्याण्ड र रुवाण्डासँग नयाँ द्विपक्षीय हवाई सेवा सम्झौता । |
| १८० | नेपालको प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा लगायत पर्यटकीय स्थल र सेवाको अन्तर्राष्ट्रियस्तरमा सघन प्रचारप्रसार गरिनेछ। सन् २०२३-२०३२ लाई पर्यटन दशकका रूपमा मनाइनेछ। **अतिथि देवो भवः** भन्ने नेपाली संस्कृति अनुरूप पर्यटकीय सेवाको गुणस्तरमा सुधार गरिनेछ। सन् २०२३ मा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या १० लाख पुऱ्याइनेछ। | • हिमाल सरसफाइको ३ वर्षे रणनीतिक योजना मस्यौदा तयार भई कार्यान्वययनमा रहेको,<br>• सन् २०२३ मा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या १०.१४ लाख पुगेको। |
| १८१ | आन्तरिक पर्यटन प्रवर्द्धन गर्न **"नेपाल घुमौ, नेपाल चिनौ"** भन्ने नारासहित अभियान सञ्चालन गरिनेछ। स्थानीय जात्रा, संस्कृति, पर्व तथा पर्यटकीय गन्तव्यको प्रचारप्रसार गरिनेछ। अन्तर प्रदेश हवाई सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ। | • सम्पदा गाउँ पूर्वाधार निर्माण कार्य भइरहेको,<br>• साँस्कृतिक गाउँ पूर्वाधार (टयाम्के मयुङ, भोजपुर) निर्माण कार्यको DPR भइरहेको,<br>• नेपाल पर्यटन बोर्डबाट पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १८३ | पशुपति क्षेत्रको वृहत् गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ। लुम्बिनी गुरुयोजनाको बाँकी कार्यलाई निरन्तरता दिइनेछ। जनकपुरधाम, पशुपतिनाथ, स्वर्गद्वारी एवं मुक्तिनाथ लगायत धार्मिक स्थलहरू समेटेर हिन्दु साँस्कृतिक सर्किट तथा बुद्धको जन्मस्थल लुम्बिनी र अन्य महत्त्वपूर्ण बौद्ध धार्मिक स्थलहरू समेटेर बुद्ध सर्किट विकास गरिनेछ। लारुम्बा, मुन्धुम ट्रेल, हलेसी-तुवाचुङ, खुवालुङ लगायत स्थानहरू समेटेर किराँत साँस्कृतिक सर्किटको निर्माण गरिने । | • खुला साँस्कृतिक संग्रहालय र जीवन्त संग्रहालयको कार्यविधि/मापदण्ड तर्जुमा कार्य भइरहेको,<br>• ग्रेटर मुन्धुम ट्रेल (कोशी तिर बेलकादेखि सगरमाथा शिर) निर्माण कार्यको लागि सूचना प्रकाशन भई सम्झौताको क्रममा रहेको,<br>• तुवाचुङ ऐतिहासिक साँस्कृतिक क्षेत्र पूर्वाधार निर्माण कार्यको सम्झौता भई निर्माण कार्य भइरहेको,<br>• GHT अन्तर्गतका कन्चनजङ्गा/मकालु वरुण/मनास्लु/सगरमाथा हेरिटेज/खारे च्छो रोल्पा/टासी लाप्चापास/ रुविभ्याली गणेश हिमाल/दुधपोखरी/जुगल हिमाल/धौलागिरी आईसफल/डोल्पा शे-फोक्सुण्डो यार्सा/ भैरवकुण्ड पांचपोखरी/अपि सैपाल हिमाल/ माछापुच्छ्रे मार्दी हिमाल/ हेलम्बु ग्रेट ट्रेल क्षेत्रमा पदमार्ग तथा विश्रामस्थल निर्माण कार्य १०० कि.मि. सम्पन्न भएको। |
| १८४ | खोटाङको हलेसी तुवाचुङ क्षेत्र, मधेश प्रदेशको मिथिला क्षेत्र र बाजुराको बडिमालिका क्षेत्रलाई **"खुल्ला साँस्कृतिक सङ्ग्रहालय"** को रूपमा विकास गरिनेछ। गोरखा जिल्लामा जनजातिको संस्कृति र जीवनशैली झल्किने गरी जीवन्त सङ्ग्रहालय स्थापना गर्न प्रक्रिया अघि बढाइने | • खुल्ला साँस्कृतिक संग्रहालय र जीवन्त संग्रहालयको कार्यविधि/मापदण्ड तर्जुमा कार्य भइरहेको,<br>• थप ६ वटा गुम्बाहरूको डि.पि.आर तयारी कार्य मध्ये ४ वटा DPR सम्पन्न तथा २ वटाको अन्तिम चरणमा रहेको। |
| १८५ | ऐतिहासिक पुरातात्विक स्थलहरूको अन्वेषण, उत्खनन् र संरक्षण कार्यलाई निरन्तरता दिइनेछ। हिमाली क्षेत्रमा रहेका सय वर्षभन्दा पुराना साँस्कृतिक रूपमा महत्त्वपूर्ण गुम्बाहरू संरक्षण गर्ने हिमाली गुम्वा संरक्षण कार्यक्रम सञ्चालन गरिने। | • उकुका भग्नावशेषहरुको र मुस्ताङका गुफाहरुको अध्ययन गरी Inventory तयार गर्ने कार्य भइरहेको,<br>• कपिलवस्तुका पुरातात्विक क्षेत्र, देवदह, रामग्राम तथा सैनामैना क्षेत्रमा पुरातात्विक उत्खनन् तथा संरक्षण कार्य भइरहेको,<br>• तिलौराकोट पुरातात्विक क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न वैज्ञानिक अध्ययन गरी मनोनयन दस्तावेज तयार गरी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | Nomination Dossier युनेस्कोको सचिवालय पेरिसमा समेत पेश भएको, <br>• पशुपति क्षेत्रको विश्वरुपा मन्दिर पुनर्निर्माण कार्यको निर्धारित ७०% लक्ष्य सम्पन्न भएको, <br>• मोरङको भेडीआरी र झापाको किचकबध उत्खनन र संरक्षण कार्य भइरहेको। |
| १८६ | भूकम्पबाट क्षतिग्रस्त भएका भक्तपुर दरबार क्षेत्र, हनुमानढोका, नुवाकोटको सातताले दरबार लगायतका २५ वटा साँस्कृतिक सम्पदाहरूको पुनर्निर्माण सम्पन्न गरिनेछ। धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, दोलखा लगायतका जिल्लामा रहेका गुम्बा पुनर्निर्माण कार्यलाई निरन्तरता दिइने। | • धादिङ, रसुवा, सिन्धुपाल्चोक, दोलखा लगायतका जिल्लाहरूमा गत आ.व.मा सञ्चालित २४ वटा मध्ये ५ वटा गुम्बाको पुनर्निर्माण कार्य सम्पन्न भएको, <br>• पुरातात्विक स्थल संरक्षण आयोजना अन्तर्गत निरन्तर कार्य भइरहेका मध्ये आ.व. २०८०/८१ मा २० वटा सम्पदाहरुको संरक्षण कार्य मध्ये १६ वटा सम्पदा सम्पन्न भएको, <br>• भूकम्पबाट क्षति भएका २५ वटा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा पुननिर्माण कार्य मध्ये १२ वटा सम्पन्न भएको। |
| १८७ | पर्यटनको सम्भावना उच्च भएका धार्मिक, साँस्कतिक र ऐतिहासिक स्थलको विकास गरिने। कोशी प्रदेशको पाथीभरा, हलेसी, किराँतहरूको उद्‌गमस्थल तुवाचुङ र चतरा-बराहक्षेत्र, मधेश प्रदेशको गढीमाई र छिन्नमस्ता, बाग्मती प्रदेशको दोलखा भीमसेन र दुप्चेश्वर महादेव, गण्डकी प्रदेशको मुक्तिनाथ, देवघाट त्रिवेणीधाम र लुम्बिनी प्रदेशको स्वर्गद्वारी, रेसुङ्गा र थारु समुदायको ऐतिहासिकस्थल दंगीशरण क्षेत्र, कर्णाली प्रदेशको छत्रेश्वरी भगवती, चन्दननाथ र पञ्चकोशी क्षेत्र तथा सुदूरपश्चिमको बडिमालिका क्षेत्र घटाउथान, खप्सड र मणिका मन्दिरको संरक्षण तथा पूर्वाधार विकास एवं सौन्दर्यकरण गरिनेछ। | • धार्मिक, साँस्कृतिक र ऐतिहासिक स्थलको विकासतर्फ बराह क्षेत्र धार्मिक क्षेत्र पूर्वाधार विकास, कोशी, हलेसी धार्मिक पर्यटकीय क्षेत्र पूर्वाधार विकास, कोशी, मुक्तिनाध अन्नदान क्षेत्र अतिथि भवन पूर्वाधार विकास, यलम्बर पार्क (यलम्बर गाउँ) निर्माण सुन्तले भोजपुर नपा, मधेश प्रदेशको गढीमाई धार्मिक पर्यटकीय पूर्वाधार विकास, बाग्मती प्रदेशको दोलखा भीमसेन धार्मिक पर्यटकीय पूर्वाधार विकास, लुम्बिनी प्रदेशको रेसुङ्गा ऐतिहासिक क्षेत्र पूर्वाधार विकास, कर्णाली प्रदेशको चन्दननाथ धार्मिक पर्यटकीय पूर्वाधार विकास र सुदूरपश्चिम प्रदेशको बडिमालिका मन्दिर धार्मिक पर्यटन पूर्वाधार लगायतका २५ वटा पूर्वाधारहरू मध्ये १६ स्थानको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नयाँ पर्यटकीय गन्तव्यको पहिचान र पूर्वाधार विकास तथा अन्य पर्यटन पूर्वाधार निर्माण समेत गरी २ अर्ब १३ करोड विनियोजना भएको । | ठेक्का मुल्याङ्कनको क्रममा रहेको,<br>• ठेक्काको सूचना प्रकाशन भएको, १ स्थानको सूचना प्रकाशनको क्रममा रहेको र ४ स्थानको स्थानीय तहमा हस्तान्तरण भएको। |
| १८८ | सिन्धुलीगढी लगायत नेपालको एकीकरणसँग सम्बद्ध ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदा, गढी र स्थलहरूको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ। | • मकवानपुरगढी संरक्षण कार्य ५०% सम्पन्न भएको। |
| १८९ | साहसिक पर्यटन तथा चलचित्र पर्यटनको प्रवर्द्धन र विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। सीमाबाट नजिकै रहेका पहाडी शहरलाई हिल स्टेशनको रूपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्न आगामी आर्थिक वर्ष कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा एक-एक हिल स्टेशन विकास गरिनेछ। काठमाडौं उपत्यका लगायतका सम्भाव्य स्थानमा हाइकिङ तथा टाकुरा पर्यटन प्रवर्द्धन गरिनेछ। | • हिल स्टेशन पूर्वाधार निर्माण कार्य अर्घाखाँची नरपानीको निर्माण कार्य ९०% सम्पन्न तथा उदयपुरको सूचना प्रकाशनको तयारी भइरहेको,<br>• उपत्यका वरिपरीको प्रमुख Hiking Destination ककनी, सुर्यचौर, चिसापानी, चम्पादेवी, बानेश्वर, डाँडा मुलाबारी कोड्कु भन्ज्याङ्ग, दक्षिणकाली गोरखनाथ चम्पादेवी, भारदेव क्षेत्र, लेले, फुल्चोकी, बाडेगाउँ स्वेतवाराही तथा तारेभिर आदि जोड्ने कान्तिपुर पदमार्ग मध्ये १५ कि.मि. सम्पन्न भएको । |
| १९० | पर्या-पर्यटन प्रवर्द्धन गर्न पर्यटक विश्रामस्थल, हरियाली पार्क निर्माण तथा व्यवस्थापन, वन्यजन्तु अवलोकन मचान निर्माण तथा मर्मत लगायतका पूर्वाधार निर्माण गरिनेछ। संरक्षित क्षेत्रभित्र ६ सय २१ किलोमिटर पर्यटकीय मार्ग निर्माण तथा मर्मत सुधार गरिनेछ। पर्वत, म्याग्दी र बागलुङको उत्तरी भाग समेटी पर्या-पर्यटन र मगर संस्कृति पर्यटन क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहित गरिनेछ। | • मगर साँस्कृतिक संग्रहालय (बन्दिपुर)मा बन्दीपुर गा.पा.लाई बजेट हस्तान्तरण गरी आवश्यक प्रक्रिया भइरहेको।<br>• पर्यटन सम्बद्ध द्विपक्षीय सम्झौताको कार्यान्वयन/नेपाल आवद्ध अन्तर्राष्ट्रिय/ क्षेत्रीय संघ-संस्थाहरुको पर्यटनसम्बन्धी समितिहरूको BIMSTEC बैठक भएको। |
| १९२ | विराटनगर, भरतपुर, नेपालगञ्ज र धनगढी विमानस्थलहरूको स्तरोन्नती गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गरिनेछ। रुकुमको चौरजहारी, दाङको टरीगाउँ, | • दुर्गम क्षेत्र हवाई सेवा सञ्चालनसम्बन्धी कार्यविधि मस्यौदामा रायको लागि अर्थ मन्त्रालय पठाइएको,<br>• नेपालगञ्ज विमानस्थल स्तरोन्नति कार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | उदयपुरको सगरमाथा, जुम्लाको खलङ्गा लगायतका विमानस्थलको स्तरोन्नति गरिनेछ। दुर्गम क्षेत्रमा उडान भर्ने हवाई कम्पनीलाई सहुलियत दिई हवाई यातायात सुविधालाई सहज र सुलभ बनाइनेछ। | अन्तर्गत नयाँ कार्यालय भवन तथा नयाँ टावर निर्माण कार्यको डिजाइन तथा ल.ई. तयार भएको,<br>• नेपालगञ्ज विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माण कार्यको Structure सम्मको निर्माण कार्य ४०% सम्पन्न भएको,<br>• विराटनगर विमानस्थल स्तरोन्नति कार्य अन्तर्गत नयाँ कार्यालय भवन तथा नयाँ टावर निर्माण कार्यको डिजाइन तथा ल.ई. तयार भएको,<br>• विराटनगर विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माण कार्यको Structure सम्मको निर्माण कार्य ४०% सम्पन्न भएको,<br>• भरतपुर विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माण कार्यको Structure सम्मको निर्माण कार्य ३५% सम्पन्न भएको। |
| १९४ | गौतम बुद्ध र पोखरा विमानस्थलबाट नियमित रूपमा अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालन हुने व्यवस्था मिलाइनेछ। यी विमानस्थलमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई ग्राउण्ड ह्याण्डलिङ्ग शुल्कमा सहुलियत दिइनेछ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक संरचना र यात्रु सेवामा सुधार गरिनेछ। बौद्धमार्गीलाई लुम्बिनीसँग प्रत्यक्ष रूपमा जोड्न थाइल्याण्ड, श्रीलंका, चीन, भारत लगायतका राष्ट्रसँग गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सोझै उडान गर्ने व्यवस्था मिलाइनेछ। | • त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गर्ने (Parking Apron, Parallel Taxiway र Hangar Apron निर्माण) कार्य भइरहेको। |
| १९५ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन, बस्ती स्थानान्तरण, मुआब्जा वितरण, जग्गा संरक्षण लगायतका पूर्व तयारीका कार्यका लागि बजेट छुट्याएको। लगानी मोडालिटी तय गरी यस विमानस्थलको निर्माण कार्य | • नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति प्राप्त भई विमानस्थल निर्माणको लागि चार किल्ला निर्धारणको कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अघि बढाइनेछ। | |
| १९६ | नेपाल वायुसेवा निगमको पुनर्संरचना गरी व्यवस्थापकीय सुधारका कार्य अघि बढाइनेछ। हवाई सम्पर्कलाई विस्तार गर्न सम्भाव्य मुलुकहरूसँग हवाई सेवा सम्झौताको प्रक्रिया अघि बढाइनेछ। | • नेपाल वायुसेवा निगम व्यवस्थापकीय सुधारको प्रतिवेदन प्राप्त भई नेपाल वायुसेवा निगमको संरचनागत एवं व्यवस्थापकीय अध्ययन तथा सिफारिश समितिको प्रतिवेदन कार्यान्वयन सिफारिश समिति, २०८० गठन भएको। सो समितिको प्रथम प्रतिवेदन कार्यान्वयनका लागि नेपाल वायुसेवा निगममा लेखी पठाइएको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/०८१ को चैत मसान्तसम्म तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.स. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १. | नेपाल पर्वतारोहण संघलाई प्रदान गरिने बजेट खर्च सम्बन्धी कार्यविधि, २०८० | तर्जुमा | |
| २. | पर्यटक प्रवर्द्धकसम्बन्धी कार्यविधि, २०७९ | संशोधन | |
| ३. | Heritage Impact Assessment Format and Procedure | नयाँ तर्जुमा | |
| ४. | Integrated Management Framework: Lumbini the Birthplace of Gautam Buddha | नयाँ तर्जुमा | |
| ५. | हवाई सेवा संस्थाको दायित्व तथा बीमासम्बन्धी विधेयक | नयाँ तर्जुमा | |
| ६. | गैह्र सैनिक हवाई दुर्घटना जाँच नियमावली | नयाँ तर्जुमा | |
| ७. | हवाई सेवा व्यवस्थापन नियमावली | नयाँ तर्जुमा | |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- सङ्घीय संस्कृति नीतिको मस्यौदा तयार भएको,
- अभौतिक साँस्कृतिक सम्पदासम्बन्धी ऐनको मस्यौदा तयार भएको,
- अभौतिक साँस्कृतिक सम्पदासम्बन्धी निर्देशिकाको मस्यौदा तयार भएको,
- प्रतिलिपि अधिकार ऐन संशोधनको लागि मस्यौदा तयार भएको,
- राष्ट्रिय पुरस्कार वितरणसम्बन्धी एकीकृत कार्यविधिको मस्यौदा तयार भई अर्थ मन्त्रालयको राय सहमति प्राप्त भएको,
- नेपाल सरकार र चीन सरकारबीच Memorandum of Understanding between National Administration of Press and Publication of the People's Republic of China and Ministry

of Culture, Tourism and Civil Aviation of the Government of Nepal on the Translation and Publication of Classics विषयमा समझदारी पत्र नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई हस्ताक्षर भएको र कार्यान्वयनको क्रममा रहेको,

- नेपाल सरकार र कतार सरकारबीच साँस्कृतिक समझदारीपत्रमा हस्ताक्षर गर्ने प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०८/२८ को बैठकबाट स्वीकृत भई समझदारीपत्रमा नेपालको तर्फबाट संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई हस्ताक्षर गर्न कतार सरकारसँग समन्वय तथा सहजीकरण गर्न परराष्ट्र मन्त्रालयमा पत्राचार गरिएको,
- नेपाल तर्फबाट माराकेश सन्धिको पक्ष राष्ट्र हुनको लागि अर्थ मन्त्रालयको राय/सहमति प्राप्त भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय/सहमतिका लागि पठाइएको,
- BIMSTEC Expert Group on Cultural Cooperation सम्बन्धी दोस्रो बैठक मार्च ३१, २०२४ (२०८० चैत १८) मा ललितपुर, नेपालमा सम्पन्न भएको,
- २७ वटा हिमालहरूको व्यवस्थापन र प्रवर्द्धन गर्ने जिम्मेवारी ५(पाँच) वर्षको लागि नेपाल पर्वतारोहण संघबाट व्यवस्थापन गर्न दिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्)बाट २०८०/०७/२३ को निर्णय भई कार्यान्वयनका लागि नेपाल पर्वतारोहण संघलाई पठाइएको,
- Jilong-Rasuwa Cross-Border Tourism Cooperation Zone निर्माण गर्ने सम्बन्धमा मिति २०८०/०८/११ (माननीय मन्त्रीस्तर) निर्णय गरी कार्य अगाडि बढाउन सकारात्मक राय परराष्ट्र मन्त्रालयमा पठाइएको,
- पर्यटन ऐन २०८० को मस्यौदा तयार गरी मन्त्रालयमा पेश गरेको,
- नेपाल पर्यटन बोर्ड ऐन २०५३ तथा नियमावली २०५५ मा समसायिक संशोधन गर्न पर्यटन महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन भएको,
- विमस्टेक राष्ट्रहरूको Working Group on Tourism को बैठक काठमाडौंमा सम्पन्न तथा उक्त बैठकमा नेपालले तयार गरेको बिमस्टेक राष्ट्रहरूमा पर्यटन क्षेत्रको विकाससम्बन्धी कार्ययोजनालाई अन्तिम रूप दिई Senior Official Meeting मा पेश गर्ने निर्णय भएको,
- पर्वतारोहणसम्बन्धी नियमावली २०५९को संशोधन मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको,
- संघ, प्रदेश र स्थानीय (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिको बैठक सम्पन्न भएको,
- पर्यटन ऐन, २०८० को मस्यौदाका सम्बन्धमा प्रदेशका पर्यटन क्षेत्र हेर्ने माननीय मन्त्री र सचिवहरुसँग मन्त्रालयमा छलफल सम्पन्न भएको,

- नेपाल पर्वतारोहण संघलाई उपलब्ध गराउने बजेट खर्चसम्बन्धी कार्यविधि, २०८० को मस्यौदा तयार गरी राय/सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको,
- पोखरामा भएको यती एयरको 9N-ANC जहाज दुर्घटनाको जाँचबुझ गर्न गठित आयोगले आफ्नो अन्तिम प्रतिवेदन पेश गरेको,
- स्वीजरल्याण्ड र रुवाण्डासँग द्विपक्षीय हवाई सेवा सम्झौता सम्पन्न भएको। हाल द्विपक्षीय हवाई सम्झौता भएको मुलुक ४३ पुगेको,
- स्वीजरल्याण्डसँग हवाई सम्झौताको लागि फेब्रुअरीको पहिलो हप्ता गर्ने गरी सम्पूर्ण तयारी पूरा भएको,
- हवाई सेवा संस्थाको दायित्व तथा बीमासम्बन्धी विधेयक, गैह्र सैनिक हवाई दुर्घटना जाँच नियमावली र हवाई सेवा व्यवस्थापन नियमावलीको मस्यौदा तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,
- हवाई सेवासँग सम्बन्धित २ वटा संस्थालाई इजाजत पत्र प्रदान गरिएको,
- हवाई सेवासँग सम्बन्धित ३ वटा संस्थाको इजाजत पत्र नवीकरण गरिएको,
- संखुवासभा जिल्लामा सिम्रिक एयरको हेलिकप्टर दुर्घटनाको जाँचबुझ सम्पन्न भई प्रारम्भिक प्रतिवेदन सम्बन्धित मुलुक र निकायमा रायका लागि पठाइएको।

**६. आर्थिक वर्ष २०७९/०८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

- लुम्बिनी क्षेत्रमा गुरूयोजनाअनुरूप कार्य भए नभएको विषयका सम्बन्धमा अध्ययन गर्न समिति गठन गरी अध्ययन प्रतिवेदन समेत प्राप्त भएको,
- तिलौराकोट-कपिलवस्तु क्षेत्रलाई UNESCO को विश्व सम्पदा सूचीमा सूचीकृत गर्न प्रक्रिया अगाडि बढाइएको,
- पशुपति हिन्दु विश्वविद्यालय र रैथाने शिल्पकला तथा संस्कृति अध्ययन-अध्यापन गर्न विश्वविद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन समिति गठन र समितिबाट प्रतिवेदन पेश भई पुनः तयारी समिति गठन भएको,
- संस्कृति ऐनको मस्यौदा तयार गर्नका लागि नेपाल सरकारबाट सैद्धान्तिक सहमती प्राप्त भई मस्यौदा तयारीको क्रममा रहेको,
- नारायणहिटी दरबार संग्रहालय अवलोकन गर्न आउनु हुने महानुभावहरूलाई मिति २०७९/११/१५ देखि अनलाईन टिकटिङ्ग कार्य शुरू गरिएको,
- अभौतिक साँस्कृतिक सम्पदा सम्बन्धी राष्ट्रिय सूची (National Designated Intangible Cultural Heritage) सम्बन्धी निर्देशिकाको मस्यौदा तयार गरिएको,
- अभौतिक साँस्कृतिक सम्पदा सम्बन्धी साझेदार संस्थाहरूको सूचीकरणका लागि सूचना आव्हान भई हालसम्म ४५ वटा संस्थाहरू सूचीकृत हुन आएको,

- युनेस्को लगायत अभौतिक साँस्कृतिक सम्पदासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जम्मा तीन वटा संस्थाहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन सम्पन्न भएको,
- नेपाल पर्यटन पुनरुत्थान कार्ययोजना, २०७९ कार्यान्वयनमा रहेको,
- ४३ औं विश्व पर्यटन दिवस भव्यतापूर्वक मनाइएको,
- नेपाल पर्यटन बोर्डसँग सम्बन्धित कानून अध्ययन कार्यदल, २०७९ गठन गरिएको। कार्यदलको प्रतिवेदन नेपाल पर्यटन बोर्डमा रहेको,
- नेपाल भ्रमण दशक २०२३-२०३२ को सैद्धान्तिक स्वीकृति मन्त्रिपरिषद्‌बाट प्राप्त भई कार्य अघि बढेको,
- पर्वतारोहण संघले व्यवस्थापन गर्ने हिमालहरूको रोयल्टी सम्बन्धमा अर्थ मन्त्रालयमा रायको लागि पठाइएको,
- साझा यातायात र नेपाल पर्यटन बोर्डको सहकार्यमा काठमाडौं उपत्यकाका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरूमा Hop On Hop Off City Bus सेवा सञ्चालनमा ल्याइएको,
- UNWTO Regional Workshop on Measuring Tourism तीन दिने कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न गरिएको,
- सर्वोच्च अदालतको आदेशबमोजिम नेपालका हिमालहरूको सरसफाइ र लाश व्यवस्थापनसम्बन्धी तीन वर्षे रणनीतिक योजना तयार गरी सर्वोच्च अदालत समक्ष पेश गरिएको,
- पर्यटन प्रवर्द्धकसम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरी कार्यान्वयनमा रहेको,
- BIMSTEC को सहयोग क्षेत्र अन्तर्गत People-to-People Contact अन्तर्गत Tourism उपक्षेत्रको Plan of Action को मस्यौदा तयार गरी सदस्य राष्ट्रहरूमा सुझावको लागि पठाइएको,
- नयाँ सङ्घीय पर्यटन विधेयक तर्जुमाको लागि सैद्धान्तिक सहमति प्राप्त भई विधेयक तर्जुमाको कार्य अघि बढेको,
- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान गाभ्ने विषयमा अध्ययन समिति गठन भई कार्य अघि बढेको,
- पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ मा समसामयिक संशोधनको मस्यौदा तयार गरिएको,
- राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको मिति २०७९/९/१७ गते (१ जनवरी २०२३) देखि उद्‌घाटन भई सञ्चालनमा आएको,
- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बाट भरतपुर आन्तरिक विमानस्थलको सुविधा सम्पन्न टर्मिनल भवन निर्माण र विमानस्थल विस्तार कार्यको लागि मिति २०७९/१२/१६ मा शिलान्यास भएको,

- संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री माननीय सुदन किरातीज्यूबाट विराटनगर र नेपालगञ्ज विमानस्थलको टर्मिनल भवन निर्माण कार्यको शिलान्यास भएको,
- नेपाल वायुसेवा निगमले मिति २०७९/१०/२० देखि आन्तरिक र अन्तर्राष्ट्रिय हवाई टिकट अनलाइन प्रविधि मार्फत टिकट काट्न सकिने गरी अनलाइन टिकटिङ्ग सेवाको शुरूवात गरिएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको यात्रु आगमन कक्षतर्फ रहेको ट्रलि वेलाई सुविधाजनक बनाउन मर्मत सुधारको कार्यप्रारम्भ भएको,
- स्वीजरल्याण्ड, रूवाण्डा र इण्डोनेसियासँग द्विपक्षीय हवाई सेवा सम्झौताको अन्तिम चरणमा रहेको,
- हवाई यातायातसम्बन्धी दायित्व र बीमासम्बन्धी विधेयक, २०७९ को मस्यौदा तयार गरी स्वीकृतिका लागि प्रकृया अगाडि बढाइएको,
- माननीय मन्त्रीज्यूको नेतृत्वमा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको ४१औं महासभामा सहभागिता जनाइएको,
- विभिन्न आन्तरिक विमानस्थलहरु (जुम्ला, सिमिकोट, रुकुम)को स्तरोन्नतीको लागि जग्गा प्राप्तिको कार्य प्रारम्भ भएको,
- मुस्ताङ्ग जिल्लामा दुर्घटना भएको तारा एयरको 9N-AET विमानको जाँचबुझ कार्य सम्पन्न गरी मन्त्रालयमा अन्तिम प्रतिवेदन पेश भई सार्वजनिक गरिएको,
- पोखरा विमानस्थल नजिक दुर्घटना भएको यती एयरलाइन्सको 9N-ANC विमानको जाँचबुझ कार्यको प्रारम्भिक प्रतिवेदन पेश भई मस्यौदा अन्तिम प्रतिवेदन तयारी अन्तिम चरणमा रहेको,
- धौलागिरीमा भएको हेली एभरेष्टको हेलिकप्टर दुर्घटना, ह्याम्स हस्पिटलमा भएको एयर डाइनेस्टीको हेलिकप्टर र संखुवासभामा भएको सिम्रिक एयरको हेलिकप्टर दुर्घटनाको जाँचबुझ कार्य भइरहेको।
- सोलुखुम्बुमा भएको मनाङ्ग एयरको हेलिकप्टर दुर्घटना जाँचको लागि दुर्घटना जाँच आयोग गठन भई कार्य प्रारम्भ भएको।

## ७. आर्थिक वर्ष २०७९/०८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्याल | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १२३४३० | ९२८०३ | ७५.१९ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्याल | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | मन्त्रालय | | | |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ९४५२ | ६०२७ | ६३.७६ |
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०१२६६ | ७६२०७ | ७५.२५ |
| ३२५००१०५३ | साँस्कृतिक संस्थान | १६००० | १६००० | १०० |
| ३२५०१०११३ | पर्यटन विभाग | १७२७९८ | १६६७०६ | ९६.४७ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ६६८०० | ५०७६७ | ७६ |
| ३२५०२०११३ | पुरातत्व विभाग | ८५९८४ | ७२२१९ | ८३.९९ |
| ३२५०२०१२३ | राष्ट्रिय संग्राहालय (छाउनी) | ३०६०० | २६३०० | ८५.९५ |
| ३२५०२०१३३ | केन्द्रीय साँस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ७०० | ३०९ | ४४.०८ |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | १०३२५१ | १००००३ | ९६.८५ |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १६८२० | १४९९९ | ८९.१७ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरू | ७३०० | ५८०० | ७९.४५ |
| ३२५०२०१७३ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | २४८७० | २१७९० | ८७.६२ |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरू | ८१७०४ | ७४३०६ | ९०.९५ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १३३०० | ११३७० | ८५.४९ |
| ३२५०२१०१३ | पुरातात्विक स्थल संरक्षण आयोजना | १३०० | ११०३ | ८४.८४ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १००० | ६७४ | ६७.३९ |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २३४९७ | १८०८८ | ७६.९८ |
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १५३८४ | ११८३६ | ७६.९४ |
| ३२५२१०११३ | भाषा आयोग | ५३३६४ | ४७९४० | ८९.८४ |
| ३२५४१०११३ | वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् | ३४००० | ३०४०० | ८९.४१ |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | २४०००० | २१३६९६ | ८९.०४ |
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | १५५०००० | १५५०००० | १०० |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | २०००० | १७६८८ | ८८.४४ |
| ३२५६१०१२३ | नेपाल प्रज्ञा प्रतिष्ठान | १४२५५० | १४२५५० | १०० |
| ३२५६१०१३३ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ४७४७६ | ४७४७६ | १०० |
| ३२५६१०१४३ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ५४६०० | ५४६०० | १०० |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ७८५०० | ६४३७३ | ८२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्याल | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | ३११५९४५ | २९३६०३० | ९४.२३ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्याल | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ९६५० | ५९०८ | ६१.२२ |
| ३२५००१०१४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | २५०० | ० | ० |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०००० | ० | ० |
| ३२५००१०५४ | साँस्कृतिक संस्थान | ० | ० | |
| ३२५०१०११४ | पर्यटन विभाग | ६०० | ५४५ | ९०.८४ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | ११२६९०० | ८१२६६७ | ७२.१२ |
| ३२५०२०११४ | पुरातत्व विभाग | २११४३०० | ९५०६६६ | ४४.९६ |
| ३२५०२०१२४ | राष्ट्रिय संग्राहालय (छाउनी) | ५००० | २३९९ | ४७.९८ |
| ३२५०२०१३४ | केन्द्रीय साँस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २००० | १६९३ | ८४.६६ |
| ३२५०२०१४४ | नारायणहिटी दरबार संग्रहालय | ५००० | ० | ० |
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | ३४०० | २६९० | ७९.१ |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरू | ३८०० | ३३०४ | ८६.९६ |
| ३२५०२०१७४ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | ३५०० | ३०८६ | ८८.१८ |
| ३२५०२०१८४ | ऐतिहासिक दरबारहरू | ० | ० | |
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १९०० | १७७५ | ९३.४२ |
| ३२५०२१०१४ | पुरातात्विक स्थल संरक्षण आयोजना | ५००००० | २४९७५५ | ४९.९५ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ७००० | ४५१५ | ६४.५ |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | १३००० | १००४० | ७७.२३ |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १३०० | १११२ | ८५.५२ |
| ३२५२१०११४ | भाषा आयोग | १००० | ९४१ | ९४.१३ |
| ३२५४१०११४ | वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् | ० | ० | |
| ३२५५१०११४ | पशुपति क्षेत्र विकास कोष | ० | ० | |
| ३२५५१०१२४ | लुम्बिनी विकास कोष | ० | ० | |
| ३२५६१०११४ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ० | ० | |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्याल | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५६१०१२४ | नेपाल प्रज्ञा प्रतिष्ठान | ० | ० | |
| ३२५६१०१३४ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ० | ० | |
| ३२५६१०१४४ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ० | ० | |
| ३२५८१०११४ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ० | ० | |
| | जम्मा | ३८१०८५० | २०५१०९६ | ५३.८२ |

८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १२४०१४ | ६७५२३ | ५४.४५ |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ५७०० | २९८ | ५.२३ |
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ८३७२१ | १३८०२ | १६.४९ |
| ३२५००१०५३ | साँस्कृतिक संस्थान | १६००० | १४५०० | ९०.६३ |
| ३२५०१०११३ | पर्यटन विभाग | १५९३०० | १२४६४७ | ७८.२५ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ४८१७४ | १७३०१ | ३५.९१ |
| ३२५०२०११३ | पुरातत्व विभाग | ८३३०० | ४९८९८ | ५९.९ |
| ३२५०२०१२३ | राष्ट्रिय संग्राहालय (छाउनी) | ३७४०० | १९१७० | ५१.२६ |
| ३२५०२०१३३ | केन्द्रीय साँस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ७०० | ४७५ | ६७.८६ |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | ९४७०० | ७०१९१ | ७४.१२ |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १६७४६ | १०८३७ | ६४.७२ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरू | ७३०० | ४२९७ | ५८.८६ |
| ३२५०२०१७३ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | २६७९६ | १५७५० | ५८.७८ |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरू | ९११०० | ५८०८७ | ६३.७६ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १४००० | ८६३६ | ६१.६८ |
| ३२५०२१०१३ | पुरातात्विक स्थल संरक्षण आयोजना | १४०० | १७२ | १२.२७ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १००० | ३०० | ३० |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २४७०० | १५०३१ | ६०.८६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १५३०० | ८३३१ | ५४.४५ |
| ३२५२१०११३ | भाषा आयोग | ५१६०० | ३५०५४ | ६७.९३ |
| ३२५४१०११३ | वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् | १७२४६ | ४९९४ | २८.९६ |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | २१०००० | १८११८१ | ८६.२८ |
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | ४५०००० | ३३७५०० | ७५ |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | १५००० | ७०६६ | ४७.११ |
| ३२५६१०१२३ | नेपाल प्रज्ञा प्रतिष्ठान | १४२३०० | १०७४६१ | ७५.५२ |
| ३२५६१०१३३ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ४६००० | ३८६७७ | ८४.०८ |
| ३२५६१०१४३ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ५४६०० | ४१९८६ | ७६.९ |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ७२९०० | ३८०८६ | ५२.२४ |
| | **जम्मा** | **१९१०९९६** | **१२९१२५१** | **६७.५७** |

**पुँजीगत तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १६००० | ८६९ | ५.४३ |
| ३२५००१०१४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | १००० | ० | ० |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ४५०० | ० | ० |
| ३२५००१०५४ | साँस्कृतिक संस्थान | ० | ० | |
| ३२५०१०११४ | पर्यटन विभाग | ६०० | ११२ | १८.७२ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | २११५९०० | ६२७०८७ | २९.६४ |
| ३२५०२०११४ | पुरातत्व विभाग | ८०७९०० | १३१२४३ | १६.२४ |
| ३२५०२०१२४ | राष्ट्रिय संग्राहालय (छाउनी) | ७००० | २३२८ | ३३.२६ |
| ३२५०२०१३४ | केन्द्रीय साँस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | १००० | ९८३ | ९८.३४ |
| ३२५०२०१४४ | नारायणहिटी दरबार संग्रहालय | १५०० | ३८९ | २५.९ |
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | २०६० | २०५० | ९९.५३ |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरू | २००० | ० | ० |
| ३२५०२०१७४ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | ३५४४ | १०१५ | २८.६५ |
| ३२५०२०१८४ | ऐतिहासिक दरबारहरू | ३३०० | १४९२ | ४५.२२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | ४००० | २३८४ | ५९.६ |
| ३२५०२१०१४ | पुरातात्विक स्थल संरक्षण आयोजना | ४०६१०० | ८५४७२ | २१.०५ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | २००० | ० | ० |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | २०००० | ८५२२ | ४२.६१ |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १३०० | ११६८ | ८९.८८ |
| ३२५२१०११४ | भाषा आयोग | ११०० | ९८५ | ८९.५९ |
| ३२५४१०११४ | वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् | ० | ० | |
| ३२५५१०११४ | पशुपति क्षेत्र विकास कोष | ० | ० | |
| ३२५५१०१२४ | लुम्बिनी विकास कोष | ० | ० | |
| ३२५६१०११४ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ० | ० | |
| ३२५६१०१२४ | नेपाल प्रज्ञा प्रतिष्ठान | ० | ० | |
| ३२५६१०१३४ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ० | ० | |
| ३२५६१०१४४ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ० | ० | |
| ३२५८१०११४ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | १०८०० | ५३८५ | ४९.८६ |
| | **जम्मा** | ३४११६०४ | ८७१४८४ | २५.५४ |

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग पनि संविधान र कानूनको अधीनमा रही तीनै तहको सरकारले गर्ने व्यवस्था गरेको छ। नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीयताको व्यवस्थापन गर्ने सन्दर्भमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्ने केन्द्रीय निकायको रूपमा आफ्नो भूमिका निर्वाह गर्दछ। सङ्घीयता व्यवस्थापनको सन्दर्भमा यस मन्त्रालयले संघ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र सम्बन्धका विषयमा एवं स्थानीय पूर्वाधार निर्माणमा आवश्यक नीति, मापदण्ड, कानून निर्माणमा समन्वयकारी भूमिका निर्वाह गर्दछ। उल्लिखित कार्यभार पूरा गर्न मन्त्रालयले आफ्ना क्रियाकलापलाई वृहत् रूपमा सङ्घीयता कार्यान्वयनमा सहजीकरण, सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापन, स्थानीय पूर्वाधार विकासमा सहजीकरण तथा सेवा प्रवाह र सुशासन गरी चार आधार स्तम्भमा केन्द्रित रही कार्यान्वयन गर्दै आएको छ।

### १.२ दीर्घकालीन सोचः

सबल सङ्घीयता; सक्षम, सुदृढ र जनउत्तरदायी सार्वजनिक प्रशासन।

### १.३ उद्देश्यः

- **सङ्घीयता कार्यान्वयनमा सहजीकरणः** स्थानीय तहको संस्थागत क्षमता विकास तथा संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकार कार्यान्वयनमा सङ्घीय इकाइहरूबीच प्रभावकारी समन्वय र सहजीकरण गर्नु,
- **सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापनः** सार्वजनिक प्रशासनमा सदाचारी, व्यावसायिक एवं उत्तरदायी जनशक्तिको प्राप्ति, विकास र उपयोग सुनिश्चित गर्नु,
- **सेवप्रवाह र सुशासनः** सहज, सुलभ र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहका लागि नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्नु,
- **स्थानीय पूर्वाधार विकासमा सहजीकरणः** दिगो र सन्तुलित स्थानीय पूर्वाधार विकासका लागि सहजीकरण गर्नु।

### १.४ रणनीतिः

- संघ, प्रदेश र स्थानीय तहबीच प्रशासनिक अन्तरसम्बन्ध सुदृढ गर्ने,
- संघ र स्थानीय तह एवं प्रदेश र स्थानीय तहबीच प्रभावकारी अन्तरसम्बन्ध कायम गर्ने,
- स्थानीय तहको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्ने,

- स्थानीय तहले हासिल गरेको उपलब्धिलाई एकीकृत राष्ट्रिय उपलब्धिमा समावेश गर्ने,
- स्थानीय तहको अनुदान वितरणलाई कार्यसम्पादनसँग आवद्ध गर्ने,
- स्थानीय तहको दिगो र सन्तुलित आर्थिक तथा सामाजिक विकासका लागि समन्वय र सहजीकरण गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीअनुरूप जनशक्ति प्रक्षेपण गरी सार्वजनिक सेवामा प्रतिभावान् व्यक्तिहरूको आकर्षण अभिवृद्धि गर्ने,
- निजामती कर्मचारीहरूमा पेशागत आचरण र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने,
- वृत्तिपथ तथा सेवा सुविधा पुर्वानुमानयोग्य बनाई निजामती कर्मचारीलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउने,
- प्रशासन सुधारलाई संस्थागत गर्न निरन्तर सुधारलाई कार्य संस्कृतिको रूपमा विकास गर्ने,
- सार्वजनिक सेवालाई प्रभावकारी बनाउन प्राज्ञिक निकाय तथा विज्ञहरूसँगको सहकार्यमा अध्ययन अनुसन्धान गर्ने,
- दिगो स्थानीय पूर्वाधार विकासका लागि नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने,
- स्थानीय तहमा न्यूनतम आधारभूत पूर्वाधारहरू विकासका लागि समन्वय र सहजीकरण गर्ने,
- स्थानीय पूर्वाधार विकासमा सहलगानी तथा सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने,
- स्थानीय पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय विकास सहायतालाई एकीकृत रूपमा परिचालन गर्ने,
- विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्ने,
- सार्वजनिक सेवामा नागरिकको सरल, सहज र सुलभ पहुँच सुनिश्चित गर्ने,
- संघ, प्रदेश र स्थानीय तहबाट प्रवाह गरिने सार्वजनिक सेवामा गुणस्तरीयता कायम गर्न आवश्यक नीति, कानून तथा मापदण्ड तयार गरी लागू गर्ने,
- प्रशासकीय सुशासन कायम गर्न आवश्यक औजारहरूको विकास गरी कार्यान्वयन गर्ने,
- सार्वजनिक प्रशासनलाई पारदर्शी, सदाचारयुक्त र जनउत्तरदायी बनाउने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १७२ | १७२ | - | - |
| २ | राष्ट्रिय किताबखाना (निजामती) | ७१ | ६९ | २ | - |
| ३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ७३ | ६४ | ९ | १ |
| ४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | १३४ | ३९ | ९५ | - |
| ५ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ११ | ११ | - | - |
| ६ | निजामती कर्मचारी अस्पताल विकास समिति | ४६१ | ६४८* | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | तराई मधेश समृद्धि कार्यक्रम | १३ | १३ | - | - |
| ८ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५२ | ३० | २२ | - |

*अस्पतालको सेवा विस्तारका लागि आन्तरिक स्रोतबाट ज्यालादारीमा नियुक्त समेत।

## ३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५० | सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आर्थिक वर्ष नयाँ संरचना र दरबन्दी सिर्जना गरिने छैन। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरवन्दीको पुनरावलोकन गरी छरितो बनाइनेछ। सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिना भित्र संगठनन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गरिनेछ। | • मन्त्रालय / आयोग / सचिवालय / निकायलाई वजेट वक्तव्यमा उल्लिखित समयसीमा भित्रै संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी कार्य सम्पन्न गर्ने गरी कार्य अघि बढाउन पत्राचार गरिएको,<br>• २८ वटा मन्त्रालय/सचिवालय/आयोग/निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि गठित समितिमा यस मन्त्रालयबाट प्रतिनिधि पठाइएको,<br>• १२ वटा मन्त्रालय/सचिवालय/आयोग/निकायबाट प्राप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृतिको लागि मन्त्रिपरिषद् समक्ष पेश भएकोमा ११ वटाको स्वीकृत भई कार्यान्वयनको लागि पठाइएको,<br>• यस मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०८०/१२/२२ को निर्णयानुसार प्रशासन समितिमा छलफलका लागि पेश भएको। |
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोग विहीन सवारी साधन लगायतका सामानहरू छ महिनाभित्र लिलाम गरिनेछ। | • पुराना सवारी साधन लिलामीका लागि मूल्याङ्कन समिति गठन भएको। |
| २४१ | निजामती अस्पतालको स्तरोन्नति गरी सुपर स्पेशियालिटी सहितको अस्पतालको रूपमा विकास गरिने। प्रादेशिक अस्पतालको समन्वयमा प्रदेशस्तरमा निजामती अस्पतालको सेवा विस्तार गरी निजामती कर्मचारीहरूले सुलभ रूपमा उपचार सेवा प्राप्त गर्ने | • निजामती कर्मचारी अस्पतालबाट चालु आ.व.को प्रथम ८ महिनामा १ लाख ९४ हजार ९ सय ९१ जना विरामीलाई स्वास्थ्य सेवा प्रदान गरिएको,<br>• निजामती कर्मचारी अस्पतालको सेवालाई प्रदेशमा विस्तार गर्न प्रारम्भिक अवधारणापत्र तयार गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
| --- | --- | --- |
| | व्यवस्था मिलाइने छ। | |
| ३२९ | नेपाल सरकारको प्राविधिक सहयोग एवं प्रदेश र स्थानीय तहको साझेदारीमा फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गरिने। | • फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ अनुकूल हुने गरी फोहोरमैलासम्बन्धी कानून निर्माणको लागि विधेयकको मस्यौदा तयार गरी सरोकारवालाहरूसँग राय/परामर्श/ छलफलको क्रममा रहेकोमा नेपाल सरकार कार्यविभाजन नियमावलीमा संशोधन भई फोहोरमैला व्यवस्थापनसम्बन्धी विषय शहरी विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत कायम भएकोले यस मन्त्रालयबाट हालसम्म सम्पादन भएका कार्यहरू र विधेयकको मस्यौदा समेत सोही मन्त्रालयमा पठाइएको। |
| ३३७ | तराई मधेसका जिल्लाहरूमा सडक, ढल, खानेपानी, नदी नियन्त्रण, सामुदायिक भवन लगायतका स्थानीय पूर्वाधार विकास गर्ने उद्देश्यले सञ्चालित तराई मधेस समृद्धि कार्यक्रमलाई निरन्तरता दिई रु.७० करोड विनियोजन गरिएको। | • तराई मधेश सम्मृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० स्वीकृत भएको,<br>• तराई मधेश सम्मृद्धि कार्यक्रम सञ्चालन निर्देशिकाबमोजिम कार्यक्रम छनौट भई वित्तीय हस्तान्तरण मार्फत बजेट उपलब्ध गराइएका २६९ आयोजना/कार्यक्रम स्थानीय तह मार्फत सञ्चालन भइरहेको। |
| ४२५ | प्रदेश र स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने जिल्ला समन्वय समितिको क्षमता विकास गरी प्रदेश र स्थानीय तहमा सञ्चालित योजनाको अनुगमनलाई प्रभावकारी बनाइने। | • स्थानीय तहको प्रगति अनुगमन तथा प्रतिवेदन प्रणाली सम्बन्धी तालीम सम्पन्न भएको,<br>• सातै प्रदेशका IT and E-Governance Expert को उपस्थितिमा LISA, FRA प्रणाली सञ्चालनको Virtual रूपमा MToT प्रदान गरिएको। सोही अनुरूप प्रदेश सुशासन केन्द्र मार्फत स्थानीय तहहरूमा प्रशिक्षण कार्यहरू भइरहेको,<br>• जिल्ला समन्वय समितिको अनुगमन प्रणाली तयार गरी प्रदेशस्तरीय अभिमुखीकरण सञ्चालनको क्रममा रहेको,<br>• सातै प्रदेशका प्रदेश प्रतिनिधि तथा IT and E-Governance Expert को उपस्थितिमा प्रादेशिक जोखिम मूल्याङ्कन प्रणाली सञ्चालनको लागि तालीम प्रदान गरिएको। |
| ४२८ | वित्तीय संघीयता कार्यान्वयनको हालसम्मको अनुभवका आधारमा | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधन विधेयकको मस्यौदा तयार गरी राय सहमतिका लागि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तरसरकारी वित्त - व्यवस्थापन ऐन, २०७४ मा आवश्यक परिमार्जन गरिनेछ। | सम्बन्धित निकायहरूमा पठाइएको। |
| ४२९ | ढुङ्गा, गिट्टि, बालुवाको उत्खनन् र बिक्री वितरण लगायतका आय ठेक्कासम्बन्धी प्रक्रिया र कार्यविधि स्पष्ट गर्न कानून तर्जुमा गरिनेछ। | • निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० सङ्घीय संसदमा दर्ता गरिएको। |
| ४३८ | संघीय निजामती सेवा ऐन तर्जुमा गरी निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र व्यावसायिक बनाइनेछ। संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तथा व्यवस्थित गरिनेछ। सूचना प्रविधिको प्रयोग बढाई सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाइनेछ। उच्चस्तरीय तलब आयोगको सिफारिश क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। | • सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सङ्घीय संसदमा दर्ता भएको।<br>• नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान मार्फत सरकारी एवं सार्वजनिक निकायका १ हजार ८ सय ६५ जना अधिकृतस्तरका कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको,<br>• स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत स्थानीय तहका अधिकृत र सहायक तथा संघका राजपत्र अनङ्कित समेत गरी ५८५ जनालाई सेवाकालीन तालीम प्रदान गरिएको,<br>• स्थानीय तहका १ हजार २४ जना जनप्रतिनिधिलाई क्षमता विकास तालीम प्रदान गरिएको,<br>• नेपाल सरकारलाई नीति निर्माणमा सहयोगी हुने, सार्वजनिक नीति, शासकीय व्यवस्थापन र प्रशासनसम्बन्धी ११ वटा विषयमा अध्ययन/अनुसन्धानको लागि तथ्याङ्क सङ्कलन भई विश्लेषणको कार्य भइरहेको,<br>• सङ्घीय स्तरका २१ वटा मन्त्रालयको आ.व. २०७८/७९ को व्यवस्थापन परीक्षण गरी सोको एकीकृत प्रतिवेदन नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गरिएको। विभिन्न ८ वटा निकायको आ.व. २०७९/८० को व्यवस्थापन परीक्षण गरी प्रतिवेदन तयार भएको साथै, ७ वटा निकायको व्यवस्थापन परीक्षण भइरहेको,<br>• चालु आ.व.मा २१ वटै सङ्घीय मन्त्रालयहरूले आ.व. २०७९/८० मा स्वमूल्याङ्कन गर्ने कार्यक्रम रहेकोमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | गृह मन्त्रालय, रक्षा मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको स्वमूल्याङ्कन सम्पन्न भई प्रतिवेदन प्राप्त भएको,<br>• पाल्पा र नवलपरासी (वर्दघाट सुस्ता पूर्व), काभ्रेपलाञ्चोक, नुवाकोट र कैलाली जिल्लाका विभिन्न १४ वटा सङ्घीय कार्यालयमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको,<br>• प्रदेशमा कार्यरत कर्मचारीको अभिलेखलाई प्रविधिमैत्री बनाउने गरी प्रादेशिक PIS Portal ७ वटै प्रदेशमा हस्तान्तरण भएको,<br>• राष्ट्रिय किताबखाना (निजामती) मा सिटरोल प्रमाणित गर्ने प्रणालीलाई पूर्णतया अनलाईनमा आधारित बनाइएको,<br>• राष्ट्रिय किताबखाना र निवृत्तिभरण व्यवस्थापन कार्यालयबीच प्रणालीगत अन्तरआवद्धता कायम गरिएको। |
| ४३९ | सार्वजनिक प्रशासनलाई छरितो, मितव्ययी र परिणाममूखी बनाउन उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरी सो आयोगको सुझावलाई कार्यान्वयन गरिनेछ। नतिजामा आधारित कार्यसम्पादन प्रणाली विकास गरी सार्वजनिक प्रशासनलाई जवाफदेही र परिणाममूखी बनाइनेछ। | • सङ्घीय संसद्मा दर्ता गरिएको सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० मा उच्चस्तरीय प्रशासन सुधार आयोग गठनसम्बन्धी व्यवस्था प्रस्ताव गरिएको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा तथा २०८०/८१ को चैत मसान्त सम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | प्रतिभा डवली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| २ | निजामती कर्मचारीको सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ | संशोधन |
| ३ | निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९ | संशोधन |

| | | |
|---|---|---|
| ४ | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० | नयाँ तर्जुमा |
| ५ | तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० | संशोधन |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**सङ्घीयता कार्यान्वयन तथा सहजीकरणः**

- स्थानीय तहको आर्थिक वर्ष २०७९/८० को संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजाको विश्लेषण सम्पन्न भई गुणस्तर परीक्षणको कार्य भइरहेको,
- संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा कमजोर भएका स्थानीय तहको सहजीकरणको लागि ८ वटा कार्यक्रम सम्पन्न भएको,
- स्थानीय तहको न्यायिक समितिबाट भएका निर्णयको विश्लेषणबारे प्राप्त प्रतिवेदनअनुसार स्थानीय तहको न्यायिक समितिको अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिएको,
- स्थानीय तहको मध्यमकालिन खर्च संरचना दिग्दर्शन, २०७८ परिमार्जन गरी ८५ वटा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमामा सहजीकरण एवं पृष्ठपोषण प्रदान गरिएको,
- स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी उक्त कार्यविधिबमोजिम कार्यक्रम सञ्चालनका लागि विभिन्न १ सय ४ स्थानीय तहलाई बजेट बाँडफाँट गरिएको,
- १३ वटा स्थानीय तहमा स्थलगत रूपमा कार्यसम्पादन सहजीकरण भएको। सङ्घीयता कार्यान्वयनमा समन्वय र सहजीकरणसम्बन्धी १० वटा कार्यक्रम सम्पन्न भएको,
- कोशी, मधेश, गण्डकी, सुदूरपश्चिम, बाग्मती र लुम्बिनी प्रदेशमा असल अभ्यास आदानप्रदानसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको,
- विषयक्षेत्रगत मन्त्रालय र सङ्घीय शासन विज्ञ समेतको सहभागितामा सङ्घीयतासम्बन्धी ५ वटा सम्वाद श्रृखला कार्यक्रम सम्पन्न भएको,
- स्थानीय तहको स्रोत परिचालनसम्बन्धी २ वटा, आर्थिक विकास सूचांक सम्बन्धी ८ वटा र वित्तीय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धी १ वटा अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको,
- लैङ्गिक उत्तरदायी बजेट, सामाजिक समावेशीकरण तथा अपाङ्गतामैत्री स्थानीय शासन प्रवर्द्धनका लागि ३ वटा सहजीकरण/अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको,
- क्षमता विकासका सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने उद्देश्यका साथ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट सञ्चालित क्षमता विकास व्यवस्थापन प्रणाली Capacity Development MIS (CDMIS) लाई UNDP/ European Union Support to Inclusive Federalism (EUSIF) को प्राविधिक सहयोगमा परिष्कृत गरी सबै प्रदेशमा प्रदेशका सूचना प्रविधि तथा विद्युतीय शासन विज्ञलाई अभिमुखीकरण तालीम प्रदान गरिएको,

- सुरक्षित मर्यादित तथा समावेशी कार्यस्थल सम्बन्धमा विभिन्न सरोकारवालाहरूसँग कार्याशाला गोष्ठी सम्पन्न गरिएको।

**मानव संशाधन व्यवस्थापनः**

- संघ, प्रदेश र स्थानीय तहवीचको प्रशासनिक अन्तरसम्बन्ध विषयक २ वटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको,
- प्रशासन सुधारका सम्बन्धमा नेपाल सरकारका सहसचिवहरूसँग २ वटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको,
- संघ, प्रदेश र स्थानीय तहमा व्यवस्थापन परीक्षण सम्बन्धी ४ वटा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको,
- स्थानीय तहका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण नमूना कार्यविधिको मस्यौदा तयार गरिएको,
- कर्मचारीमा अन्तरनिहित प्रतिभाको प्रष्फुटनको अवसर प्रदान गर्न प्रतिभा डबली (Talant hunt) कार्यक्रमको जानकारीको लागि लुम्बिनी प्रदेशमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी प्रतिस्पर्धात्मक प्रतिभा डबली (Talent Forum) कार्यक्रम सञ्चालनको लागि आइडिया मागको सूचना प्रकाशन गरी प्राप्त आइडियाहरूको प्रथम चरणको मूल्याङ्कन सम्पन्न भई दोस्रो चरणको मूल्याङ्कन भइरहेको,
- प्रशासन पत्रिकाको १३८ औं अङ्क प्रकाशन भएको १३९ औं अङ्क प्रकाशनको तयारी भइरहेको,
- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट भौतिक र अनलाईन गरी ६०० जनालाई सरकारी सेवा प्रवेश (नायव सुब्बा र अधिकृत) पूर्व तयारीसम्बन्धी प्रशिक्षण भइरहेको।

**स्थानीय पूर्वाधार विकास र वैदेशिक सहायता परिचालनः**

- तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० बमोजिम आ.व. २०८१/८२ को लागि आयोजना प्रस्ताव माग गरिएकोमा यो कार्यक्रम लागू भएका स्थानीय तहबाट २ हजार २ सय ७१ आयोजना प्रस्ताव प्राप्त भई छनौटको चरणमा रहेको,
- साना विकास परियोजना अर्न्तगत विभिन्न स्थानीय तहमा ६ वटा आयोजना कार्यान्वयनको लागि मन्त्रालय, सम्बन्धित स्थानीय तह र भारतीय राजदुतावासबीच त्रिपक्षीय सम्झौता सम्पन्न भएको,
- KOICA र JICA मार्फत विभिन्न स्थानीय तहमा स्वयंसेवक परिचालनका सम्बन्धमा आवश्यक सहजीकरण र समन्वय गरिएको,
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को संरचनागत व्यवस्था गरी कार्यान्वयनको अवस्थामा रहेको।

**सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहः**

- स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी स्वीकृतिको चरणमा रहेको,
- स्थानीय तहको लागि जग्गा प्राप्ति सम्बन्धी र साविकका जिल्ला विकास समितिका सेवा निवृत्त कर्मचारीको सेवा सुविधा प्राप्ति सम्बन्धी SOP तयार गरिएको,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार लगायतका निकायबाट प्राप्त ४ सय ९ वटा उजुरी/गुनासो फछ्र्यौट गरिएको,
- आदिवासी जनजातिहरू मगर, राजवंशी, राजी, धिमाल, दनुवार, भोटे र राई समुदायको अमूर्त संस्कृतिसम्बन्धी अभिलेखिकरण तथा श्रव्यदृश्य सामग्री निर्माण कार्य सम्पन्न भएको,
- आदिवासी जनजातिहरूको १० वटा विविध पक्षहरूको खोज तथा अध्ययन अनुसन्धान कार्य कार्यन्वयन भइरहेको,
- आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, सीपमा आधारित पेशा व्यावसाय प्रवर्द्धनको लागि अल्लो, राडीपाखी, ढाका बुनाई, थारु गुरौं, डम्फु बाजा निर्माण लगायत ६ वटा तालीम सञ्चालन भइरहेको,
- मगर जातिको इतिहास, भाषा, संस्कृतिसम्बन्धी प्राज्ञिक सम्मेलन सम्पन्न भएको,
- ४ जिल्लाका स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतहरूलाई बहुक्षेत्रीय पोषण कार्यक्रम (MSNP) सम्बन्धी जिल्लास्तरीय अभिमुखीकरण सम्पन्न गरिएको,
- ३५ स्थानीय तहका उपप्रमुख/उपाध्यक्षहरूलाई पोषणमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा ६९ जना पोषण सहजकर्ताको लागि आधारभूत पोषण र पोषणमैत्री स्थानीय शासनसम्बन्धी तालीम सम्पन्न गरिएको,
- पोषणमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका परिमार्जन गरिएको,
- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको विस्तारित शैक्षिक कार्यक्रम अन्तर्गत निजामती कर्मचारी अस्पतालमा गत वर्षदेखि B.NS. कार्यक्रम तथा हाल B.SC. Nursing कार्यक्रम सञ्चालनमा आएको,
- मृगौलाका दीर्घरोगीहरूका लागि आवश्यक ११ वटा Dialysis सेवा सञ्चालनमा ल्याउन आवश्यक पूर्वाधार निर्माण अन्तिम चरणमा पुऱ्याइएको,
- निजामती कर्मचारी अस्पतालमा Tube for DR X-ray खरिद गरी सञ्चालन गरिनुका साथै, थप ६ वेडको NICU र ३ वेडको PICU समेत सञ्चालनमा आएको,

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**सङ्घीयता कार्यान्वयन तथा सहजीकरण**

- आ.व. २०७७/७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) नतिजाको गुणस्तर परीक्षण समेतको आधारमा विश्लेषण गरी कमजोर नतिजा आएका र गुणस्तर परीक्षणमा धेरै अङ्क भिन्नता देखिएका स्थानीय तहहरूलाई पृष्ठपोषण दिइएको। आ.व.

२०७८/७९ को नतिजाको विश्लेषण गरी प्रतिवेदन तयार भएको। नमूनाको रूपमा १० वटा स्थानीय तहको आ.व. ०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA ) को नतिजाको गुणस्तर परीक्षण कार्य सम्पन्न भएको,

- स्थानीय तहहरूको आन्तरिक आय, सङ्घीय तथा प्रदेश सरकारको अनुदान राजस्व/रोयल्टी बाँडफाँड र ऋणसहितको स्थिति विश्लेषण गरी स्थानीय तहको वित्तीय स्थिति विश्लेषण (आ.व.२०७६/७७ र २०७७/७८) तयार गरी प्रकाशन गरिएको,
- स्थानीय तहको आवधिक योजना तर्जुमा सम्बन्धी मुख्य प्रशिक्षक प्रशिक्षण (MToT) सम्पन्न भएको,
- अपी हिमाल गाउँपालिका लगायत ११ वटा स्थानीय तहको आवधिक योजनाको मस्यौदाउपर सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको,
- स्थानीय तहको वित्तीय सुशासन जोखिम मुल्याङ्कन प्रणाली लागू गरी ६ सय ५१ स्थानीय तहको नतिजा प्रणाली मार्फत प्रकाशित भएको,
- स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा आएको,
- १५ वटा स्थानीय तहमा स्थलगत रूपमा कार्यसम्पादन सहजीकरण सम्पन्न गरिएको,
- स्थानीय तहको लागि विभिन्न ५ वटा नमूना कानून तयार भएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधनको मस्यौदा सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,
- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को मस्यौदा तयार भई सहमतिको लागि अर्थ मन्त्रालयमा पठाइएकोमा आ.व.को अन्त्य २०८०/०३/२६ मा सुझावसहित फिर्ता भएको,
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत स्थानीय तहका ३ सय ७७ जना महिला जनप्रतिनिधिहरूलाई नेतृत्व सीप विकास प्रशिक्षण प्रदान गरिएको,
- कुस्मा नगरपालिका पर्वत समेत ३९ स्थानीय तहमा मध्यमकालीन खर्च संरचना (MTEF) सम्बन्धी परीक्षण तथा सहजीकरण कार्यक्रम सम्पन्न गरिएको,
- प्रदेश तथा स्थानीय तहका लागि सञ्चालन भएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता अध्ययन गरिएको,
- स्थानीय तहहरूले हासिल गरेका असल अभ्यासहरूको आदान-प्रदानका लागि मधेश प्रदेशमा अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- जिल्ला समन्वय समितिको अनुगमन प्रणाली स्थापना भएको,
- १० वटा स्थानीय तहको विद्यमान कानूनहरू प्रभावकारिता अध्ययन सम्पन्न भएको,
- अन्तर-सरकारी वित्त हस्तान्तरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको,
- तीनै तहका उच्च पदस्थ पदाधिकारीको उपस्थितिमा अन्तरसरकार सम्बन्ध सम्बन्धी कार्यशाला गरिएको,
- विधायन समितिका पदाधिकारीहरूको क्षमता विकासमा सहजीकरणका लागि स्रोत सामग्री तयार गरिएको,

- १० वटा स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण र सामाजिक समावेशीमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमका लागि सहजीकरण/अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको,
- ९ वटा स्थानीय तहमा रहेको सीमा विवाद एवं समस्या सहजीकरण सम्बन्धी कार्य सम्पन्न भएको,
- बाल मैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सामग्री निर्माण गरिएको,
- ५० स्थानीय तहको लागि सरकारी जग्गा उपयोगको लागि सम्बन्धित निकायमा सिफारिस तथा जग्गा प्राप्तिका लागि सहमति प्रदान गरिएको,
- १० वटा जिल्ला समन्वय समिति तथा उपत्यकाभित्रका स्थानीय तहलाई स्थानीय तहको अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको,
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट प्रभावकारी स्थानीय सरकार सञ्चालन तथा व्यवस्थापनसम्बन्धी १८ वटा स्थानीय तहमा अनुसन्धान कार्य सम्पन्न भएको,
- विभिन्न मन्त्रालय र प्रदेश तहमा कार्यरत Gender Equity and Social Inclusion (GESI) Focal Person हरूका लागि मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको,
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन कार्यविधि, २०७७ परिमार्जनको लागि सुझाव सहित प्रतिवेदन प्राप्त भएको।

**मानव संशाधन व्यवस्थापनः**

- Eastern Regional Organization for Public Administration (EROPA) को "Governance and public Administration in Covid-19 Pandemic: Learning, Innovations, and Reforms in Managing Global Changes" विषयक ६७ औं General Assembly and Conference भर्चुअल माध्यमबाट आयोजना गरिएको,
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सरकारी एवं सार्वजनिक निकायका २ हजार २ सय ४१ जना अधिकृत कर्मचारीलाई प्रशिक्षण प्रदान गरिएको,
- नेपाल सरकारलाई नीति निर्माणमा सहयोगी हुने, सार्वजनिक नीति, शासकीय व्यवस्थापन र प्रशासनसम्बन्धी २ वटा अनुसन्धान सम्पन्न भई प्रतिवेदन तयार भएको,
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट संघ वा अन्तर्गतका सहायक तथा प्रदेश र स्थानीय तहका अधिकृतस्तरका ३ सय ८५ जना कर्मचारीहरूलाई सेवाकालीन प्रशिक्षण प्रदान गरिएको,
- निजामती कर्मचारीको अन्तर्निहित प्रतिभा प्रस्फुटनको लागि प्रतिभा डबली कार्यक्रम सञ्चालन भई उत्कृष्ट आइडिया छनोट गरिएको,
- नीति अनुसन्धान प्रतिष्ठानबाट निजामती कर्मचारी राष्ट्रिय तालीम नीतिको मस्यौदाउपर सुझाव प्राप्त भएको,
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई सङ्घीय मामिला प्रशिक्षण प्रतिष्ठानमा रूपान्तरण गर्न सम्बन्धित विधेयकको मस्यौदा तयार गरिएको।

**स्थानीय पूर्वाधार विकास र वैदेशिक सहायता परिचालनः**

- केवुलकार निर्माण तथा सञ्चालनसम्बन्धी नमूना कार्यविधिको मस्यौदा तयार भएको। केवुलकार सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्डको मस्यौदा तयार गरी सरोकारवालाहरूसँग राय/परामर्श लिने क्रममा रहेको,
- तराई मधेश सम्मृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ बमोजिम आ.व. २०८०/८१ को लागि २१ जिल्लाका १ सय ६९ स्थानीय तहमा २ सय ७९ आयोजना सञ्चालनको लागि ६९ करोड ६५ लाख बजेट स्थानीय तहमा उपलब्ध गराइएको,
- सीमानाका वस्ती सडक पूर्वाधार गुरुयोजना, कृषिको आधुनिकीकरण उत्पादन वृद्धिका लागि विस्तृत गुरुयोजना र स्वरोजगारका लागि पूर्वाधार जनशक्ति परिचालन मार्फत समृद्धि विस्तृत योजना तयार भएको,
- नेपाल सरकार र बेलायत सरकारबीच LISP कार्यान्वयनसम्बन्धी समझदारी पत्र (MoU) १६ मार्च, २०२३ मा हस्ताक्षार भएको र LISP सञ्चालनका लागि नेपाल सरकार र बेलायत सरकारबीच छलफल Project Design Document (PDD) निर्माण गरिएको,
- साना विकास परियोजना अर्न्तगत स्थानीय तहमा सञ्चालन गरिने विभिन्न ९ वटा परियोजना कार्यान्वयनका लागि त्रिपक्षीय सम्झौता गरिएको,
- KOICA बाट नेपाल कोरियामैत्री अस्पताल सानोठिमीलाई दोश्रो चरण अन्तर्गत पूर्वाधार निर्माण तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि ९.५ मिलियन अमेरिकी डलर सहायतासम्बन्धी MoU सम्पन्न भएको।

**सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहः**

- निर्माणजन्य सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरिएको,
- सङ्घीय निजामती सेवासम्बन्धी विधेयकको मस्यौदामा राय परामर्शका लागि अर्थ र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,
- सङ्घीय सरकारका २१ वटै मन्त्रालयहरूको व्यवस्थापन परीक्षण सम्पन्न भएको,
- विभिन्न २५ वटा कार्यालयमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरिएको,
- सङ्घीय निजामती सेवाका ३६ हजार ३ सय १६ स्थायी कर्मचारीहरू रु.१० लाख बीमाङ्कको सामूहिक दुर्घटना बीमा गरिएको,
- निजामती कर्मचारीका ६ सय ८७ जना सन्ततीलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराइएको,
- फोहोरमैला व्यवस्थापन ऐनको मस्यौदा तयार गरी सो उपर सरोकारवाला मन्त्रालयहरूको राय/परामर्श लिने क्रममा रहेको,
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ परिमार्जन गरिएको,
- निजामती कर्मचारी अस्पतालमा MRI खरिद गरी सञ्चालनमा आएको, OT Renovation गरिएको साथै रेडियोथेरापी मेशिन जडान गरिएको,

- Provincial PIS Portal ५ वटा प्रदेशलाई हस्तान्तरण गरिएको,
- २४ वटा पोषण सहजकर्ताको तालीम, १५ जिल्लामा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनसम्बन्धी अभिमुखीकरण कार्यक्रम, २ वटा पोषण व्यवहार सम्बन्धी सूचना सामग्री तयारी, प्रकाशन र प्रशारण गरिएको,
- सार्वजनिक प्रशासनसँग सम्बन्धित समसामयिक विषयमा विश्वविद्यालय, अनुसन्धानमूलक निकाय, तालीम प्रदायक निकाय समेतको सहभागितामा नीति सम्वाद (Policy Dialogue) सम्पन्न भएको,
- राष्ट्रिय अन्तरार्ष्ट्रिय जर्नलको मापदण्डबमोजिम प्रशासन जर्नल प्रकाशनसम्बन्धी कार्यविधि तयार भई सोही बमोजिम NepJol (Nepalese Journal Online) मा आवद्ध तथा विषय विज्ञ समीक्षा (Peer Review) समेत गराई जर्नलको स्तरोन्नति सहित प्रकाशन गरिएको,
- ७ वटा स्थानीय तह (नगरपालिका) मा e-building Permit System (EBPS) लागू भएको। उक्त प्रणाली लागू भएका नगरपालिकाहरूमा दातृ निकायको सहकार्यमा सो सम्बन्धी तालीम सम्पन्न भएको,
- आदिवासी जनजातिहरूको भाषा साहित्य कला र संस्कृतिहरूको विविध पक्षहरूको ११ वटा खोज तथा अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरिएको,
- आदिवासी जनजाति मुगाल, माझी, नेवार, लिम्वु, मगर, राई, किराँती, थारु जातिहरूको भाषा, संस्कृति, संस्कार, जातिय चिनारी, शब्दकोश तथा लिपिसम्बन्धी पुस्तकहरू प्रकाशन भएको,
- २ सय जना आदिवासी जनजाती प्रशिक्षार्थीहरूलाई लोक सेवा पूर्वतयारी कक्षा प्रशिक्षण सम्पन्न भएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६८७१२ | ५०३५७१ | ६५.५१ |
| ३६५०००१२३ | अतिरिक्त समूह | १९३७८१ | १८४८६० | ९५.४ |
| ३६५००१०२३ | सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | २५०० | १८६५ | ७४.६२ |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरू | ११६४४१८ | ९९१७५० | ८५.१७ |
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ४८८१२ | ३२३९५ | ६६.३७ |
| ३६५००१०७३ | तराई मधेस समृद्धि कार्यक्रम | १३१२५ | १०७८४ | ८२.१७ |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४५२६५१ | ३३३४८२ | ७३.६७ |
| ३६५००१०९३ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | १७७७२३० | ० | ० |
| ३६५००११०३ | साना विकास परियोजना | ५००००० | ० | ० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५००१११३ | उच्च पहाडी एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ७९ | ७९ | १०० |
| ३६५००११३३ | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | २७६३२६७ | ० | ० |
| ३६५०१०११३ | स्थानीय पूर्वाधार विभाग | १८४७८ | १८४७८ | १०० |
| ३६५०११०१३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १८७ | १८७ | १०० |
| ३६५०११०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ७६३५ | ७६२६ | ९९.८८ |
| ३६५०११०३३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ४९५६ | ४९५६ | १०० |
| ३६५०११११३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ३८० | ३८० | १०० |
| ३६५०१११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | १५३८ | १५३८ | १०० |
| ३६५०२०११३ | निजामती किताबखाना | ६७८२७ | ६०९८८ | ८९.९२ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ७३५८९ | ६३०२५ | ८५.६४ |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २३५१०० | १६५३४३ | ७०.३३ |
| ३६५६१०१३३ | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६२९०० | ५२६३९ | ८३.६९ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | २६९६०० | ११०८०९ | ४१.१ |
| | **जम्मा** | **८४२६७६५** | **२५४४७५५** | **३०.२** |

**पुँजीगत तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८०० | ६२५२ | ६३.८ |
| ३६५००१०७४ | तराई मधेस समृद्धि कार्यक्रम | २०५०० | १३४२७ | ६५.५ |
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ७७१०० | ६८९६८ | ८९.४५ |
| ३६५०१०११४ | स्थानीय पूर्वाधार विभाग | १६१६६ | १६१६६ | १०० |
| ३६५०११०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ६५२९२ | ६५२९२ | १०० |
| ३६५०११०३४ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ५०९९९७ | ५०९९९७ | १०० |
| ३६५०११०६४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ३६६ | ३६६ | १०० |
| ३६५०११११४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार | २५४ | २५४ | १०० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | बिकास कार्यक्रम | | | |
| ३६५०२०११४ | निजामती किताबखाना | ३९०० | ३७३२ | ९५.७ |
| ३६५६१०१३४ | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५०० | ३९८ | ७९.६ |
| ३६५८१०११४ | निजामती कर्मचारी अस्पताल विकास समिति | ३०००० | १०३७६ | ३४.५९ |
| | जम्मा | ७३३८७५ | ६९५२२८ | ९४.७३ |

## ८. आर्थिक वर्ष २०८०/८१ को बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६८८०७५ | १४५५२६ | २१.१५ |
| ३६५०००१२३ | अतिरिक्त समूह | २९७३६६ | १४९५७० | ५०.३ |
| ३६५००१०२३ | सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | २५०० | ३०० | १२ |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरू | १२१५५९६ | ७१७०६८ | ५८.९९ |
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ४२७०० | २७७२ | ६.४९ |
| ३६५००१०७३ | तराई मधेस समृद्धि कार्यक्रम | १७१०० | ९६४६ | ५६.४१ |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४८०१०० | १५१३४० | ३१.५२ |
| ३६५००१०९३ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | ४९०००० | ० | ० |
| ३६५००११०३ | साना विकास परियोजना | ४८०००० | ० | ० |
| ३६५००११३३ | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | ८८५००० | ० | ० |
| ३६५०१११६३ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | ४३०००० | ० | ० |
| ३६५०२०११३ | निजामती किताबखाना | ७३३०० | ४४३४२ | ६०.४९ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ९०६४८ | ५१४६२ | ५६.७७ |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २०३१०० | ११७८४१ | ५८.०२ |
| ३६५६१०१३३ | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६७८५२ | ३४०७९ | ५०.२२ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | १८१००० | ५९८३६ | ३३.०६ |
| | जम्मा | ५६४४३३७ | १४८३७८२ | २६.२९ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६२०० | ५६२ | ९.०७ |
| ३६५००१०७४ | तराई मधेस समृद्धि कार्यक्रम | ३०० | २९५ | ९८.४३ |
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४०१०० | ३३५४ | ८.३६ |
| ३६५०११६४ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | १५४००० | ० | ० |
| ३६५०२०११४ | निजामती किताबखाना | २६०० | १८३४ | ७०.५४ |
| ३६५६१०११४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ७०० | ३८० | ५४.२६ |
| ३६५६१०१३४ | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५०० | ० | ० |
| ३६५८१०११४ | निजामती कर्मचारी अस्पताल विकास समिति | ३०००० | ६२७५ | २०.९२ |
| | **जम्मा** | २३४४०० | १२७०० | ५.४२ |

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि सञ्चार मन्त्रालयको स्थापना २०२८ साल साउन १ गते भएको थियो। यस अघिसम्म सूचना तथा सञ्चार क्षेत्रका विषयहरू हेर्ने जिम्मेवारी निर्माण, यातायात तथा सञ्चार मन्त्रालयलाई सुम्पिएको थियो। प्रशासन सुधार आयोग, २०४८ को सुझावअनुसार तत्कालीन सञ्चार मन्त्रालयलाई २०४९ सालदेखि सूचना तथा सञ्चार मन्त्रालय नामाकरण गरिएको थियो। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम साविक सूचना तथा सञ्चार मन्त्रालयमा सूचना प्रविधि क्षेत्र समेत थप गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कायम गरिएको छ।

नेपालको संविधानले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक, सूचनाको हक, गोपनीयताको हक लगायतका विभिन्न हकहरूको व्यवस्था गरेको छ। साथै, सञ्चार तथा सूचना प्रविधिसम्बन्धी क्षेत्राधिकार संघ, प्रदेश तथा स्थानीय तहमा रहेको छ। सोसँगै आम सञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक छ। सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट भएको लगानी र प्रयासबाट सूचना तथा सञ्चारमा जनताको पहुँच बढेको छ। सञ्चार र सूचना प्रविधिको क्षेत्रमा भएको द्रुततर विकास अनुकूल नयाँ प्रविधि ग्रहण गर्नुपर्ने आवश्यकता समेत देखिएको छ। सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग गर्दै मुलुकको सर्वाङ्गीण विकास गर्न सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित सेवाहरू प्रवाह गर्न/गराउन मन्त्रालयको अग्रणी भूमिका रहेको छ।

सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने मन्त्रालयको दीर्घकालीन सोच अन्तर्गत आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, सुरक्षण मुद्रण र चलचित्र जस्ता ६ वटा महत्वपूर्ण क्षेत्रगत सोचमा केन्द्रित रहेर मन्त्रालयले लक्ष्यहरू निर्धारण गरेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय सूचना आयोगको सम्पर्क मन्त्रालयको रूपमा रहेको छ। यस मन्त्रालय अन्तर्गत प्रेस काउन्सिल नेपाल, नेपाल दूरसञ्चार प्राधिकरण जस्ता नियामक निकायका साथै गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजन जस्ता सार्वजनिक सञ्चार माध्यमहरू समेत रहेका छन्। संवैधानिक व्यवस्था, नेपाल सरकारको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना र मन्त्रालयको दीर्घकालीन सोच, क्षेत्रगत सोच र कार्यक्षेत्रलाई आत्मसात् गर्दै विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ।

## १.२ दीर्घकालीन सोचः

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने।

**क्षेत्रगत सोच**

- **आमसञ्चारः** संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहुँच विस्तार गर्ने,
- **दूरसञ्चारः** दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम् प्रविधिको प्रयोग गरी देशभर सर्वसुलभ रूपमा भरपर्दो गुणस्तरीय सेवा उपलब्ध गराइ रोजगारी सृजना र उद्यमशीलता विकासमा जोड दिने,
- **सूचना प्रविधिः** सूचना प्रविधिको सर्वव्यापी पहुँच सुनिश्चित गरी समुन्नत र आर्थिक सम्मृद्धिमा योगदान गर्दै जाने,
- **हुलाक सेवाः** हुलाक सेवालाई व्यावसायिक, प्रतिस्पर्धी, विश्वसनीय र आत्मनिर्भर बनाउने,
- **चलचित्रः** नेपाली चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास गरी नेपालको राष्ट्रिय एकता प्रवर्द्धन र आर्थिक वृद्धिमा योगदान बढाउदै जाने,
- **सुरक्षण मुद्रणः** राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकर लगायतका सुरक्षण कागजातहरू देशभित्रै मुद्रण गर्न सुरक्षण मुद्रण स्थापना गरी सञ्चालन गर्ने।

## १.३ उद्देश्यः

सञ्चार तथा सूचना प्रविधिलाई नवीनतम्, भरपर्दो, सर्वसुलभ, विश्वसनीय, गुणस्तरीय र पहुँचयोग्य बनाई राष्ट्रको समष्टिगत विकासमा योगदान पुऱ्याउने।

## १.४ रणनीतिः

- सूचनामा सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गर्ने,
- दूरसञ्चार एवं ब्रोडब्याण्ड सेवाको पहुँच देशभर पुऱ्याउने,
- डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने,
- पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गर्दै आमसञ्चारमा सबै नागरिकको पहुँच विस्तार गर्ने,
- विज्ञापन बजार व्यवस्थित बनाउने,
- हुलाक सेवालाई संस्थागत पुनर्संरचना गरी स्वायत्त प्रतिस्पर्धी र व्यावसायिक बनाउने,
- चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने,
- सुरक्षण मुद्रणको व्यवस्था गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ८५ | ८३ | २ | | |
| २ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५९ | १९ | ४० | | अस्थायी दरबन्दी |
| ३ | एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) | ५९ | ६ | ५३ | | |
| ४ | मुद्रण विभाग | १०८ | ९४ | १५ | १ | |
| ५ | सूचना तथा प्रसारण विभाग | ४० | ३३ | ७ | - | करार- ७ |
| ६ | हुलाक सेवा विभाग | ३७ | ३८ | – | १ | टा.ना.सु. |
| ७ | हुलाक निर्देशनालयहरू | ३७६ | २६६ | ११० | | |
| ८ | गोश्वारा हुलाक कार्यालयहरू | ३६० | २९७ | ६३ | | |
| ९ | जिल्ला हुलाक कार्यालयहरू | ५४७५ | ३६६५ | १८१२ | २ | टा.ना.सु. |
| १० | हुलाक प्रशिक्षण केन्द्र | १० | १० | ० | | |
| ११ | सूचना प्रविधि विभाग | ३९ | ३० | ९ | | |
| १२ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १९ | ९ | ७ | - | करार-३ |
| १३ | राष्ट्रिय सूचना आयोग | ३७ | ३७ | ० | | |
| १४ | राष्ट्रिय साईवर सुरक्षा केन्द्र | १३ | ६ | ७ | - | |
| १५ | प्रेस काउन्सिल | २९ | २७ | २ | - | |
| १६ | राष्ट्रिय समाचार समिति | १६७ | १४९ | १८ | | |
| १७ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ४ | ४ | ० | - | |
| १८ | रेडियो प्रसार सेवा विकास समिति | ५५८ | ३४० | २१८ | | |
| १९ | सुरक्षण मुद्रण केन्द्र | ३३ | - | - | - | अस्थायी दरबन्दी |
| २० | विज्ञापन बोर्ड | २५ | १६ | ९ | - | अस्थायी दरबन्दी |
| २१ | गोरखापत्र संस्थान | ५४७ | २६७ | २८० | – | |

**३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५५ | मुलुकको आर्थिक रूपान्तरणका लागि डिजिटल अर्थतन्त्रलाई प्रवर्द्धन गरिनेछ। यसका लागि सञ्चार पूर्वाधारको विकास, डिजिटल बैंकको स्थापना, सूचना प्रविधि उद्योगको प्रवर्द्धन तथा आर्थिक क्रियाकलापमा इन्टरनेट, मोबाइल एप्लिकेशन र अन्य नेटवर्कको प्रयोगलाई बढावा दिइनेछ। यसबाट आर्थिक कारोवारको लागत घट्ने, समय बचत हुने, कार्यकुशलता वृद्धि हुने तथा पारदर्शिता र सुशासन प्रवर्द्धन भई प्रतिस्पर्धी क्षमताको विकास हुने अपेक्षा गरिएको। | • सूचना प्रविधि विषयमा स्नात्तकोत्तर, एमफिल र विद्यावारिधि गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन विश्वविद्यालय अनुदान आयोगसँगको समन्वयमा कार्यविधि निर्माणको चरणमा रहेको,<br>• सबै स्थानीय तहको केन्द्र र वडा कार्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार भएको। देशका ७५ जिल्लामा अप्टिकल फाइवरमा आधारित फाइबर टु द होम (FTTH) सेवा विस्तार भएको। |
| ४४० | कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिन नेपाल सरकारका सबै संघीय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइनेछ। सार्वजनिक सेवा बापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क क्यू आर कोड लगायतका विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्न सक्ने व्यवस्था मिलाइनेछ। | • सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सबै निकाय र सिंहदरबार भित्रका सबै मन्त्रालयहरूका प्रणाली व्यवस्थापक र ५५ वटा निकायहरूलाई एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालनसम्बन्धी तालीम प्रदान गरिएको। हालसम्म ८० वटा निकायहरू यस प्रणालीमा आवद्ध भई ५३ वटा निकायले प्रणाली मार्फत काम प्रारम्भ गरेका। |
| ४४१ | राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमति पत्र लगायतका सेवा सहज रूपमा उपलब्ध गराउन आवश्यकतानुसार दुई शिफ्टमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमति पत्र, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र अध्यागमन लगायतका सेवा प्रवाहका लागि | • नागरिक एपमा ६२ सेवाहरू आवद्ध भएका। सवारी चालक अनुमतिपत्रलाई नागरिक एप मार्फत कार्यान्वयनमा ल्याइएको,<br>• चालु आ.व. मा ४० वटा सरकारी निकायका ६३ वटा सूचना प्रणालीको Security Audit सम्पन्न भएको। हालसम्म २९४ वटा सरकारी निकायहरूको ४४० वटा प्रणालीहरूको Security Audit गरी सुझावसहित प्रतिवेदन दिइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सञ्चालित विद्युतीय प्रणालीहरूबीच अन्तरआवद्धता कायम गरी सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ। विभिन्न सरकारी सेवाहरूको सूचना प्रणालीलाई नागरिक एपसँग आवद्ध गरिनेछ। | |
| ३६९ | **आधुनिक जीवनको आधारःसूचना प्रविधि र सञ्चार**को मान्यतालाई आत्मसात गर्दै नागरिकका लागि सूचना प्रविधिको प्रयोगलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ। नागरिकको सुसूचित हुने हक सुनिश्चित गर्दै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिनेछ। | • मिडिया अन्तर्गत रहेका सामाजिक सञ्जाल (युट्यूब च्यानल) को व्यवस्थापन तथा सूचीकरणसम्बन्धी कार्यविधि, २०८० मस्यौदा तयार भई दोस्रो चरणको आचारसंहिता अभिमुखीकरण कार्यक्रम काठमाडौंमा सम्पन्न भएको,<br>• रेडियो नेपाल र गोरखापत्रका पुराना प्रसारण तथा प्रकाशनहरूको डिजिटल अर्काइभको कार्य भइरहेको। रेडियो नेपालको प्रसारण पहुँच ९३ प्रतिशत जनसंख्यामा पुगेको, रेडियो नेपालबाट २२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम उत्पादन तथा प्रसारण भइरहेको,<br>• राष्ट्रिय समाचार समितिबाट श्रव्यदृश्य सेवा सञ्चालन भइरहेको। |
| ३७१ | डिजिटल नेपाल फ्रेमवर्कलाई आवश्यक परिमार्जनसहित कार्यान्वयनमा लगिनेछ। डिजिटल साक्षरता बढाई नागरिक एपको प्रयोग र पहुँच विस्तार गरिनेछ। ललितपुरको खुमलटारमा सूचना प्रविधि ज्ञानपार्क स्थापना गर्ने कार्य अघि बढाइनेछ। | • डिजिटल नेपाल फ्रेमवर्कलाई आवश्यक परिमार्जनसहित कार्यान्वयन गर्न परिमार्जनका विषयमा विषयगत मन्त्रालयहरूसँग अलगअलग रूपमा छलफलमा भइरहेको,<br>• ज्ञानपार्क निर्माणको लागि जग्गा प्राप्तिको लागि पहल भइरहेको। |
| ३७० | उच्च क्षमताको अप्टिकल फाइबर मार्फत ईन्टरनेट ब्रोडब्याण्ड सेवा सबै स्थानीय तहका केन्द्र, सार्वजनिक विद्यालय एवं क्याम्पस र स्वास्थ्य संस्थामा पुऱ्याइनेछ। मुलुकभर द्रुत गतिको इन्टरनेटको पहुँच पुऱ्याउन | • उच्च क्षमताको इन्टरनेटको पहुँच पुऱ्याउन अप्टिकल फाइवर २५ हजार कि.मि. विस्तार भएको।<br>• अप्टिकल फाइवरमा आधारित फाइबर टु द होम (FTTH) सेवा हालसम्म जम्मा ७५ जिल्लामा पुगेको, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | फोरजी सेवा विस्तार गरिनेछ। | • चालु आ.व. को चैत मसान्तसम्म फिक्स ब्रोडव्याण्ड सेवा ४४ प्रतिशत, मोबाइल ब्रोडव्याण्ड सेवा ९७ प्रतिशत, मोबाइल टेलिफोनको ग्राहक ३४७ (जना लाख), इन्टरनेट ग्राहक (तारसहित, ताररहित र मोबाइल ब्रोडव्याण्डसमेत) को घनत्व १४० प्रतिशत र फोर.जी. (एल.टी.ई.) सेवा प्रयोगकर्ता १ प्रतिशत थप विस्तार भई ७० प्रतिशत पुगेको,<br>• सूचना तथा सञ्चारको पहुँच वृद्धि गर्न सबै स्थानीय तहको केन्द्र, वडा कार्यालय, स्वास्थ्य केन्द्र र सामुदायिक माध्यमिक विद्यालयमा इन्टरनेट सुविधा पुऱ्याउने उद्देश्यले शुरू गरिएको ब्रोडव्याण्ड इन्टरनेट सेवा २०८० पुस मसान्तसम्म सम्म सबै स्थानीय तहको केन्द्र, ६ हजार ७४३ वडा कार्यालय, १० हजार ७८४ सामुदायिक विद्यालय (माध्यमिक र आधारभूत समेत) र ४ हजार ७४९ स्वास्थ्य केन्द्रहरूमा जडान भएको। |
| ३७४ | हुलाक सेवालाई पुनर्संरचना गरी एक स्थानीय तह एक हुलाकको अवधारणा कार्यान्वयन गरिनेछ। अतिरिक्त हुलाकलाई खारेजी गरी कार्यरत कर्मचारीलाई सुविधासहित अवकाश दिइनेछ। हाल सञ्चालनमा रहेका हुलाक बचत बैंकका खातालाई "क" वर्गका सरकारी बैंकमा स्थानान्तरण गरी हुलाक बचत बैंक खारेज गरिनेछ। | • एक स्थानीय तह एक हुलाक हुने गरी हुलाक सेवा पुनर्संरचनासम्बन्धी कार्य अगाडि बढाउन O&M सर्भेको कार्य भइरहेको,<br>• अतिरिक्त हुलाकमा कार्यरत कर्मचारीलाई सुविधासहित अवकाश दिने व्यवस्था गर्न अतिरिक्त हुलाक नियमावली, २०३४ लाई संशोधन गरी राजपत्रमा प्रकाशन गरिएको,<br>• हुलाक बचत बैंकमा रहेको कर्जा र निक्षेप राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण भएको। |
| ३७३ | राष्ट्रिय साइबर सुरक्षा केन्द्र सञ्चालनमा ल्याइ साइबर सुरक्षाजन्य जोखिमलाई न्यूनीकरण गरिनेछ। सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्म र डिजिटल मिडिया प्रयोगलाई व्यवस्थित र मर्यादित | • राष्ट्रिय साइबर सुरक्षा केन्द्रको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई राष्ट्रिय किताबखाना (निजामती) मा पददर्ता भएको। केन्द्रमा कर्मचारी व्यवस्थापनको कार्य भइरहेको, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बनाइनेछ। सामाजिक सञ्जालमा आधारित सञ्चार माध्यमलाई औपचारिक दायरामा आउन प्रोत्साहन गर्नुका साथै नियमनका लागि कानूनी व्यवस्थामा सुधार गरिनेछ। | • राष्ट्रिय साइवर सुरक्षा नीति, २०८० र सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८० स्वीकृत भई कार्यान्वयनमा आएका। |
| ३७२ | विद्युतीय तथ्याङ्कहरूको सुरक्षा, भण्डारण र उपयोगलाई व्यवस्थित बनाउन विद्युतीय तथ्याङ्क सुरक्षा नीति तर्जुमा गरिनेछ। कोहलपुरमा डाटा सेन्टर र ललितपुरमा इन्टरनेट एक्सचेञ्ज सेन्टरको निर्माणलाई तीव्रता दिन बजेट व्यवस्था गरिएको। धरानमा डाटा सेन्टर र बुटवलमा इन्टरनेट एक्सचेञ्ज निर्माणको संभाव्यता अध्ययन गरिनेछ। | • Data Protection Policy तर्जुमाको कार्य अगाडि बढेको। कोहलपुरमा डाटा सेन्टर निर्माणको काम भइरहेको। |
| ३७६ | नेपाललाई चलचित्र पर्यटनको आकर्षक गन्तव्यको रूपमा विकास गरिनेछ। सार्वजनिक निजी साझेदारीमा दोलखा र बनेपामा फिल्म सिटी र इन्डोर स्टुडियो निर्माण प्रक्रिया अघि बढाइनेछ। | • नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट अत्याधुनिक चलचित्र छायाँङ्कन स्टुडियो निर्माण आयोजनाको लागि काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकामा सामुदायिक वनको जग्गा प्रयोग गर्न स्वीकृति प्राप्त भई जग्गा प्रयोगको लागि चलचित्र विकास वोर्ड र वन तथा भू-संरक्षण विभागबीच सम्झौता भएको। सार्वजनिक, निजी, साझेदारीमा दोलखा चलचित्र नगरी निर्माणको लागि प्रतिवेदन प्राप्त भएको। |
| ४३८ | संघीय निजामती सेवा ऐन तर्जुमा गरी निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र व्यावसायिक बनाइनेछ। संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तथा व्यवस्थित गरिनेछ। सूचना प्रविधिको प्रयोग बढाई सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाइनेछ। उच्चस्तरीय तलव आयोगको सिफारिश | • चलचित्र नीति, २०७१ को समीक्षा गरी समसामयिक परिमार्जन गर्नका लागि कार्यदल गठन भई नीतिको समीक्षा गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। | |
| ४३९ | सार्वजनिक प्रशासनलाई छरितो, मितव्ययी र परिणाममुखी बनाउन उच्चस्तरिय प्रशासन सुधार आयोग गठन गरी सो आयोगको सुझावलाई कार्यान्वयन गरिनेछ। नतिजामा आधारित कार्यसम्पादन प्रणाली विकास गरी सार्वजनिक प्रशासनलाई जवाफदेही र परिणाममुखी बनाइनेछ। | • सूचना प्रविधि विभाग, एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) र राष्ट्रिय साइबर सुरक्षा केन्द्रको संगठन तथा व्यवस्थापन सर्वेक्षण नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई राष्ट्रिय किताबखाना (निजामती) मा पद दर्ता भएको,<br>• मुद्रण विभाग र सुरक्षण मुद्रण केन्द्रको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य भइरहेको । |
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका सामानहरू छ महिनाभित्र लिलाम गरिनेछ। | • मन्त्रालयमा रहेका पुराना सामानहरू लिलाम गर्न जिन्सी निरीक्षण समिति गठन भई समितिद्वारा प्रतिवेदन प्राप्त भएको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा र २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | दूरसञ्चार सेवाको गुणस्तरसम्बन्धी विनियमावली, २०७९ | नयाँ तर्जुमा |
| २ | श्रव्यदृश्य सेवा सञ्चालन निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| ३ | विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ | नयाँ तर्जुमा |
| ४ | दूरसञ्चार सेवामा प्रयोग हुने Short Code र टोल फ्रि नम्बर व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९ | संशोधन |
| ५ | अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियमावली), २०८० | संशोधन |
| ६ | विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियमावली, २०८० | संशोधन |
| ७ | राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० | संशोधन |
| ८ | सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० | नयाँ तर्जुमा |
| ९ | अतिरिक्त हुलाक (पाँचौ संशोधन) नियमावली, २०८० | संशोधन |
| १० | विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services) सञ्चालन गर्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०८० | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### क) दूरसञ्चार

- ब्रोडव्याण्ड इन्टरनेट सेवा २०८० पुससम्म सबै स्थानीय तहको केन्द्र, ६ हजार ७४३ वडा कार्यालय, १० हजार ७८४ सामुदायिक विद्यालय (माध्यमिक र आधारभूत समेत) र ४ हजार ७४९ स्वास्थ्य केन्द्रहरूमा जडान कार्य सम्पन्न भएको,
- चालु आ.व. मा रुकुम पूर्व र डोल्पा जिल्लमा FTTH सेवा विस्तार भएपश्चात् हालसम्म ७५ जिल्लामा FTTH सेवा पुगेको,
- Highway Coverage विस्तारको लागि २१ थान High Gain Antenna जडान भएको,
- हालसम्म ७७ जिल्लाको ७४३ स्थानीय तहमा 4G/LTE सेवा विस्तार भएको,
- प्रत्येक प्रदेशका कम्तिमा २ जिल्लामा नमूनाको रूपमा पूर्ण दूरसञ्चार सेवा पुऱ्याउनको लागि कार्य प्रारम्भ भएको।

### ख) सूचना प्रविधि

- कागजरहित सरकारको अवधारणा प्रवर्द्धन गर्न एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मा हालसम्म ८० वटा निकायहरू आवद्ध भई ५३ वटा निकायले प्रणाली मार्फत काम प्रारम्भ गरिसकेका छन्। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सबै निकाय र सिंहदरबार भित्रका सबै मन्त्रालयहरूका प्रणाली व्यवस्थापकलाई र ५५ वटा निकायहरूलाई सो प्रणाली सञ्चालनसम्बन्धी तालीम प्रदान गरिएको,
- सबै सरकारी कार्यालयहरूको वेबसाइटमा एकरूपता कायम गर्न वेबसाइटको Common Template निर्माण भएको छ। हालसम्म यस प्रणालीमा २७७ वटा निकायहरू आवद्ध भई ६८ वटा निकायले Website लाइभ गरिसकेका,
- साझा पूर्वाधार मार्फत सरकारी निकायहरूलाई कम लागतमा तुरुन्त सर्भर, स्टोरेज र नेटवर्क उपलब्ध गराउँदै आएको सरकारी क्लाउडमा हालसम्म ३४० सरकारी निकायहरूका लागि उक्त निकायका सूचना प्रविधि प्रणाली सञ्चालन (Host) गर्न स्रोत (Resource) उपलब्ध गराइएको छ। जसमा ८४३ Virtual Machine हरू सञ्चालनमा रहेका,
- सबै सरकारी निकायहरूका सूचना प्रविधि प्रणालीहरूलाई थप भरपर्दो र एक आपसमा अन्तर आवद्ध हुने गरी निर्माण सञ्चालन गर्न Government Enterprise Architecture (GEA) मापदण्ड, Guideline, Artifacts हरू तयार गरिएको। चालु आ.व.मा १० वटा सरकारी निकायहरूको GEA Audit गर्न परामर्शदाताहरुसँग सम्झौता भई कार्यान्वयनको चरणमा रहेको,
- वेवमा आधारित केन्द्रीकृत ई-हाजिरी प्रणाली (Web Based Centralized E-attendance System) को उपकरण २३ हजार ७८ निकायहरूमा वितरण गरिएकोमा २०८० चैत

मसान्तसम्म ३ हजार ७१३ उपकरण सञ्चालनमा रहेका छन्। यस प्रणालीमा रजिष्टर्ड कर्मचारीको संख्या ५५ हजार ४३५ पुगेको,

- चालु आ.व.२०८०/८१ मा विभिन्न ४० वटा सरकारी निकायहरूका ६३ वटा सूचना प्रणालीहरूको Security Audit सम्पन्न भएको छ। हालसम्म २९४ वटा सरकारी निकायहरूको ४४० वटा प्रणालीहरूको Security Audit गरी सुरक्षित बनाउन आवश्यक सुझावसहित प्रतिवेदन दिइएको,
- हालसम्म नागरिक एपमा ६२ सेवाहरू आवद्ध भएका छन्। सवारी चालक अनुमतिपत्रलाई नागरिक एप मार्फत कार्यान्वयनमा ल्याइएको।

**ग) आमसञ्चार**

- तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगरमा ई-लाइब्रेरी स्थापना भएको,
- रेडियो नेपालको प्रसारण क्षमता विस्तारको लागि चालु आ.व. मा कर्णाली प्रदेशको जुम्ला, रूकुम पश्चिम र गण्डकी प्रदेशको मुस्ताङ (जोमसोम), रिले एफ.एम. स्टेशन स्थापना भएसँगै एफएम रिलेकेन्द्रको संख्या ३२ पुगेको छ भने रेडियो नेपालको प्रसारण पहुँच ९३ प्रतिशत जनसंख्यामा पुगेको,
- राज्यले अवलम्बन गरेको समावेशी नीतिअनुरूप रेडियो नेपालबाट विभिन्न २२ भाषामा समाचार तथा २१ भाषामा कार्यक्रमहरू प्रसारण हुँदै आएको,
- गोरखापत्र संस्थानमा डिजिटल अर्काइभ स्टुडियोको निर्माण गरी हालसम्म ६३ वर्षको गोरखापत्र दैनिक, ३८ वर्षको दि राइजिङ नेपाल, ४६ वर्षको मधुपर्क मासिक, ४७ वर्षको गोरखापत्र दैनिक शनिवारीय परिशिष्टाङ्कको सूचीकरण भई डिजिटाईजेशन कार्य सम्पन्न भएको,
- चालु आ.व.मा दुईवटा भाषा थप भई गोरखापत्र दैनिकमा ४१ भाषाहरूमा समावेशी लेख रचना प्रकाशन भइरहेको,
- नेपाल टेलिभिजन-राष्ट्रिय प्रसारण, एनटिभी प्लस, एनटिभी न्यूज, एनटिभी कोहलपुर, एनटिभी इटहरी गरी पाँचवटा च्यानल मार्फत नेपाल टेलिभिजनको प्रसारण पहुँच देशभित्र जनसंख्याको ७२ प्रतिशत र भौगोलिक रूपमा ५२ प्रतिशत पुगेको छ । नेपाल टेलिभिजनले स्याटेलाइटमार्फत विश्वका १४६ मुलुकमा प्रसारण पहुँच विस्तार गरेको,
- नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट विभिन्न १० तथा प्रादेशिक च्यानलहरूबाट ४ मातृ भाषाभाषीका साप्ताहिक कार्यक्रमहरू उत्पादन तथा प्रसारण भइरहेको,
- राष्ट्रिय समाचार समितिबाट श्रव्यदृश्य (भिडियो) सेवाको सुरूवात भएको छ। समितिले २०८० पुसदेखि अवधि भाषामा समाचार सेवा प्रारम्भ गरेको,

- चालु आ.व.मा ४१९ वटा अनलाइन सूचीकरण भई हालसम्म ४ हजार ४४८ अनलाइन सञ्चार माध्यम प्रेस काउन्सिलमा सूचीकरण भएका छन्। ३५ जना ग्राहकहरूलाई नियमित रूपमा प्रेस क्लिपिङ सेवा प्रवाह गरिएको,
- श्रमजीवी पत्रकार मिडिया अध्ययन प्रतिवेदन प्रकाशन भएको।

**घ) हुलाक सेवा**

- हुलाक बचत बैंकमा रहेको कर्जा र निक्षेप राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण भएका,
- एक स्थानीय तह एक हुलाकको अवधारणाबमोजिम हुलाक सेवाको पुनर्संरचनाको कार्य भइरहेको,
- नेपालमा नै हुलाक टिकट छपाई गर्ने कार्य जनक शिक्षा सामाग्री केन्द्र लि. मार्फत शुरूवात भएको।

**ङ) चलचित्र क्षेत्र**

- मौलिक चलचित्र निर्माणमा प्रोत्साहनका लागि स्टोरी बैंक सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत गत आ.व.मा छनौट भएका मध्ये २ वटा लघु चलचित्र निर्माणमा सहकार्यका लागि सम्झौता गरिएको,
- चलचित्र विकास बोर्डमा रहेको Central Cinema Management System बक्स अफिस प्रणालीको स्तरोन्नतिको कार्य भइरहेको छ।
- अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सातजना महिला चलिचत्रकर्मीलाई पुरस्कृत गरिएको,
- चलचित्र मार्फत शिक्षा, सन्देश र सामाजिक जागरण अभिवृद्धि गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेशका अछाम, डडेल्धुरा, डोटी, कैलाली जिल्लाका चलचित्र घरहरू नभएका स्थानहरूमा घुम्ती सिनेमा तथा सिनेमा साक्षरता कार्यक्रम सञ्चालन गरिएको।

**च) मुद्रण क्षेत्र**

- राजपत्रको छपाई महसूल परिमार्जन गरी लागू गरिएको,
- मुद्रण विभागबाट सवारी दर्ता प्रमाणपत्र छपाईको कार्य शुरू भएको।

**६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई 5G परीक्षणको अनुमति प्रदान गरिएको। बबरमहल, सुन्धारा, पोखरा तथा बीरगंजमा जडान तथा परीक्षण कार्य भएको,
- E-SIM वितरणको सुरूवात भएको,

- इन्टरनेट सेवाको गुणस्तरलाई थप प्रभावकारी बनाउन Minimum Requirement of CPE Devices (Home Based Router and ONT/ONU) सहितको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन दूरसञ्चार सेवा प्रदायकलाई निर्देशन दिइएको,
- Web Monitoring System को शुरूवात गरिएको,
- राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता केन्द्रको वेभसाइट सञ्चालनमा ल्याइएको,
- Radio Nepal Mobile App र Radio Nepal YouTube channel सञ्चालन गरिएको,
- कोशी प्रदेशको विराटनगरमा तारिणीप्रसाद कोइराला स्मृति सञ्चार ग्रामको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको,
- टेलिभिजन च्यानलहरूको सिग्नल वितरण गर्न इजाजत प्राप्त प्रसारण संस्थाहरूले उपभोक्ताबाट लिन पाउने शूल्कलाई वैज्ञानिक, व्यवस्थित र पारदर्शी बनाउन A' La Carte प्रणाली लागू भएको,
- आ.व.२०७९/८० को असार मसान्तसम्म राष्ट्रिय सूचना आयोगमा १ हजार ६८ वटा पुनरावेदन उजुरी प्राप्त भएकोमा १ हजार ६१ वटा फछर्यौट भएको,
- सबै सञ्चार माध्यम र होर्डिङ बोर्ड मार्फत मदिराको विज्ञापन गर्न पूर्णरूपमा रोक लगाइएको,
- आमसञ्चार माध्यमबाट हुने विज्ञापन तथा होर्डिङ बोर्ड मार्फत हुने विज्ञापन बजारको अध्ययन सम्पन्न गरिएको,
- १६ औं गणतन्त्र दिवस, २०८० को अवसरमा गणतन्त्र स्थापना पश्चात्का महत्त्वपूर्ण उपलब्धिहरू समेटिएको “गणतन्त्रका १५ वर्ष” नामक इन्फोग्राफिक्स प्रकाशन गरिएको,
- हुलाक सेवा विभाग र Online Shopping Site दराजसँग फिर्ता हुने सामानको ढुवानी सम्बन्धी सम्झौता भएको,
- विभिन्न विधाका ३३ प्रकारका हुलाक टिकट प्रकाशन गरी प्रचलनमा ल्याइएको,
- कतार एयरवेजसँग १६ देश र सिंगापुर एयरलाईन्ससँग १२ देशमा अन्तर्राष्ट्रिय डाँक ढुवानीका लागि सम्झौता भई डाँक ढुवानी कार्य भइरहेको,
- कोशी, गण्डकी र लुम्बिनी प्रदेशमा घुम्ती सिनेमा तथा सिनेमा साक्षरता कार्यक्रम सञ्चालन गरिएको,
- दाङको घोराहीमा प्रथम राष्ट्रिय बाल चलचित्र महोत्सव आयोजना गरिएको,
- नेपाललाई मौलिक संस्कृतिको प्रवर्द्धन एवं नेपाललाई चलचित्र छायाङ्कनका लागि आकर्षक स्थलको रूपमा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने उद्देश्यले United Arab Emirates (UAE) मा नेपाली फिल्म फेस्टा कार्यक्रम सम्पन्न भएको,
- नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनका लागि आकर्षक स्थलको रूपमा प्रचार गर्न गण्डकी प्रदेशका उत्कृष्ट स्थानहरू छानेर वृत्तचित्र निर्माण गरिएको,

- चलचित्रसम्बन्धी विषय अध्ययनका लागि स्नातक तहमा १० जना विद्यार्थीहरूलाई जनही रू.५० हजार र विद्यावारिधिको लागि एक जना शोधार्थीलाई रू.५० हजार छात्रवृत्ति प्रदान गरिएको,
- नेपाल राजपत्रको मूल्य मिति २०८० वैशाख १ गतेदेखि लागू हुने गरी पुनरावलोकन गरिएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४९१७२२ | ४३११२२ | ८७.६८ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १६१४०० | १३८१९२ | ८५.६२ |
| ३५८००१०२३ | डिजिटल नेपाल आयोजना | १००००० | ० | ० |
| ३५८०१०११३ | मुद्रण विभाग | ८८९४८ | ८४४४२ | ९४.९३ |
| ३५८०२०११३ | सूचना तथा प्रशारण विभाग | ३६६१५ | २९२१९ | ७९.८ |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | १३६८८५ | १०७५९० | ७८.६ |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २५३२०२ | २२४२०५ | ८८.५५ |
| ३५८०३०१३३ | गोश्वारा हुलाक | १९७५४५ | १८७१२७ | ९४.७३ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | ३३४०८४१ | २८६५५४५ | ८५.७७ |
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १६१८० | १३६०९ | ८४.११ |
| ३५८०३०१६३ | केन्द्रीय धनादेश कार्यालय | १२६०० | १०१७२ | ८०.७३ |
| ३५८०३०१७३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | २९७०८ | १२६१३ | ४२.४६ |
| ३५८०४०११३ | सुचना प्रविधि विभाग | ४३९४६ | ३८४२६ | ८७.४४ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १६९३४ | ९९९३ | ५९.०१ |
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ४७५१५ | ३८९०५ | ८१.८८ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ४६८०० | ४६८०० | १०० |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १४६३७७ | १४६३७७ | १०० |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ६६२४ | ६३२८ | ९५.५४ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | ३६०५०० | ३६०५०० | १०० |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | २९१०० | १२१७७ | ४१.८५ |
| | **जम्मा** | **५५६३४४१** | **४७६३३१८** | **८५.६२** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २२२०० | १३३०० | ५९.९१ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ८०९४०० | ६८८७७० | ८५.१ |
| ३५८००१०२४ | डिजिटल नेपाल आयोजना | ५००००० | ० | ० |
| ३५८०१०११४ | मुद्रण विभाग | ३७०० | २७९३ | ७५.४८ |
| ३५८०२०११४ | सूचना तथा प्रशारण विभाग | ७२०० | ६९५५ | ९६.५९ |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | २६०० | २२१३ | ८५.११ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | ३३५०० | २३३१९ | ६९.६१ |
| ३५८०३०१३४ | गोश्वारा हुलाक | १६००० | १०४२६ | ६५.१६ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ५६२२३ | ४३५२२ | ७७.४१ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | १००५०० | १९८३६ | १९.७४ |
| ३५८०३०१६४ | केन्द्रीय धनादेश कार्यालय | ३०० | २९९ | ९९.६७ |
| ३५८०३०१७४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४०० | ३२३ | ८०.८६ |
| ३५८०४०११४ | सुचना प्रविधि विभाग | १५७९०० | १३४८०५ | ८५.३७ |
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १४७७७ | ९७४४ | ६५.९४ |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | १४०० | ५०६ | ३६.१३ |
| ३५८४१०११४ | प्रेस काउन्सिल | ० | ० | |
| ३५८८१०११४ | राष्ट्रिय समाचार समिति | ० | ० | |
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | २०० | १८५ | ९२.२५ |
| ३५८८१०१३४ | रेडियो प्रसार सेवा विकास समिति | ० | ० | |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | १४७०००० | ८५५८५० | ५८.२२ |
| | **जम्मा** | **३१९६३००** | **१८१२८४६** | **५६.७२** |

## ८. आर्थिक वर्ष २०८०/८१ को बजेट तथा २०८० चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६००६३१ | २६८०४९ | ४४.६३ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १८४७२९ | ९३३३८ | ५०.५३ |
| ३५८००१०२३ | डिजिटल नेपाल आयोजना | ७६२५०० | ० | ० |
| ३५८०१०११३ | मुद्रण विभाग | ९३२९७ | ५८९५४ | ६३.१९ |
| ३५८०२०११३ | सूचना तथा प्रशारण विभाग | ४२२०० | २११९२ | ५०.२२ |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | २१३१५७ | ७९५५१ | ३७.३२ |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २५८१११ | १५६५४५ | ६०.६५ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०३०१३३ | गोश्वारा हुलाक | २२१५०० | १३९६९० | ६३.०७ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | ३३९००९५ | १७७१२५९ | ५२.२५ |
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १८१०० | ११६३८ | ६४.३ |
| ३५८०४०११३ | सुचना प्रविधि विभाग | ५०४०० | २१९९५ | ४३.६४ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | २१११५ | ८८२५ | ४१.७९ |
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ५०३०० | २९४२४ | ५८.५ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ४८४०० | ३९१२५ | ८०.८४ |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १५२६०० | ११४४६७ | ७५.०१ |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ६९७० | २९६८ | ४२.५८ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | २७६६०० | २०९६४९ | ७५.८ |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | १३९६५ | ५०५२ | ३६.१७ |
| | जम्मा | ६४०४६७० | ३०३१७२१ | ४७.३४ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५९७६७० | ६३ | ०.०१ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ४६४५०० | २६८५ | ०.५८ |
| ३५८००१०२४ | डिजिटल नेपाल आयोजना | ७३७५०० | ० | ० |
| ३५८०१०११४ | मुद्रण विभाग | ११२०० | २७३० | २४.३८ |
| ३५८०२०११४ | सूचना तथा प्रशारण विभाग | २०२०० | २३७३ | ११.७५ |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | ११६० | २६७ | २३.०४ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | ३७५०० | १७५०९ | ४६.६९ |
| ३५८०३०१३४ | गोश्वारा हुलाक | ६९०० | ३२२७ | ४६.७७ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ४२४०० | २८१३४ | ६६.३५ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | २४८४०० | ७१४०४ | २८.७५ |
| ३५८०४०११४ | सुचना प्रविधि विभाग | ११३९०० | ३४८० | ३.०५ |
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | २०५०० | ० | ० |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | २०० | १९८ | ९९.१९ |
| ३५८४१०११४ | प्रेस काउन्सिल | ० | ० | |
| ३५८८१०११४ | राष्ट्रिय समाचार समिति | ० | ० | |
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ० | ० | |
| ३५८८१०१३४ | रेडियो प्रसार सेवा विकास समिति | ० | ० | |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | ० | ० | |
| | जम्मा | २३०२०३० | १३२०७० | ५.७४ |

# शहरी विकास मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

आवास, शहरी विकास तथा भवन निर्माण (Housing, Urban Development and Building Construction-HUB) र खानेपानी तथा सरसफाइ कार्यक्षेत्र रहने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६९ साल जेठ ५ गतेको निर्णयबाट शहरी विकास मन्त्रालयको गठन भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को २०७२ पुस ९ गतेको निर्णयानुसार खानेपानी तथा सरसफाइ कार्यक्षेत्र हेर्ने गरी छुट्टै खानेपानी मन्त्रालय गठन भएको तथा मन्त्रिपरिषद्को २०७९ साउन १९ को निर्णयानुसार स्थानीय पूर्वाधार विभाग शहरी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको हुँदा तत्पश्चात यस मन्त्रालयको कार्यक्षेत्र आवास, शहरी विकास, भवन निर्माण तथा स्थानीय पूर्वाधार निर्माण रहन गएको छ।

पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा बस्तीहरू विकास गर्ने दीर्घकालीन सोंच रहेको यस मन्त्रालयले शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय पूर्वाधार विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय,अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति, राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र, नगर विकास कोष, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, राष्ट्रिय आवास कम्पनी लिमिटेड गरी समग्रमा ९ वटा निकायहरू मार्फत आफ्ना कार्यक्रम तथा गतिविधिहरू कार्यान्वयन गर्दै आएको छ।

### १.२ दीर्घकालीन सोचः

- पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा बस्तीहरू निर्माण गर्ने,
- सुरक्षित, किफायती, वातावरणमैत्री भवन निर्माण गर्ने।

### १.३ उद्देश्यः

- व्यवस्थित, सफा, सुविधायुक्त, पूर्वाधार सेवा सहितको सुन्दर सहर तथा बस्तीहरूको विकास गर्ने,
- सबै आय वर्गका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने,
- सुरक्षित, सुविधायुक्त र आकर्षक भवनहरू निर्माण, स्तरोन्नती तथा सुधार गर्ने।

### १.४ रणनीतिः

- शहरीकरणलाई व्यवस्थापन गर्न स्वीकृत भू-उपयोग नीतिमा आधारित एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने,
- आवास विकासमा सार्वजनिक, निजी साझेदारीको माध्यमद्वारा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आवश्यक स्रोत पहिचान तथा परिचालनमा सहजीकरण गर्ने,

- भौगोलिक रूपमा विकट, सेवा सुविधा पुऱ्याउन कठिन, अपायक तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका घरपरिवारहरूलाई एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने तथा नजिकको एकीकृत बस्तीमा स्थानान्तरण हुन प्रोत्साहन गर्ने।
- वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने,
- काठमाडौं उपत्यकाको शहरीकरणलाई व्यवस्थित गर्न जग्गा विकास, नयाँ वस्ती विकास, शहरी पुन: स्थापन कार्यक्रम, खुल्लाक्षेत्र व्यवस्थापन र सफा शहरको अवधारणालाई कार्यान्वयन गर्दै लैजाने।

## २. जनशक्ति विवरण

| क्र. सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | शहरी विकास मन्त्रालय | ७७ | ७७ | ० | ० |
| २ | शहरी विकास तथा भवन निर्माण विभाग | ९११ | ७०६ | २०५ | २ |
| ३ | स्थानीय पूर्वाधार विभाग | १६२ | १६२ | ० | ० |
| ४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १३६ | ५६ | ८० | ० |
| ५ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ५४ | ४१ | १३ | ३ |
| ६ | अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति | १२५ | ११६ | ९ | ० |
| ७ | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | १२ | १० | २ | ० |
| ८ | नगर विकास कोष | ३४ | २३ | ११ | ० |
| ९ | राष्ट्रिय आवास कम्पनी लिमिटेड | ७३ | ५७ | १६ | ० |

## ३. चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३१८ | वसन्तपुर, खुर्कोट, चौरजहारी, बैतडी-पाटन लगायतका नयाँ शहर आयोजनाको पूर्वाधार निर्माण कार्यका लागि रु. २ अर्ब १९ करोड विनियोजन गरिएको। सुर्खेत जिल्लाको भेरीगंगा उपत्यकाको एकीकृत शहरी विकासको गुरुयोजना तर्जुमा गरी निर्माण कार्य अगाडि बढाइनेछ। | • १० वटा शहरबाट शुरु भएको यस कार्यक्रममा हाल ४४ वटा शहर/बस्तीहरु थप भएपस्चात समग्रमा ५४ वटा नयां शहर पहिचान भई सम्बन्धित नयाँ शहरहरुमा विभिन्न अध्ययन, DPR तयारी तथा पूर्वाधार निर्माण कार्य क्रमागत रुपमा भइरहेको छन्,<br>• यस अवधिमा थप १५.१५ कि.मि सडक कालोपत्रे, १६.२३ कि.मि सडक ढलान, ८१.९१ कि.मि ढल/नाला निर्माण, १२१.८५ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | कि.मि. ट्र्याक खोल्ने/स्तरोन्नती/Graveled गर्ने कार्य, ३ वटा तरकारी/फलफुल/हाटबजार निर्माण, ३ वटा खानेपानी आयोजनासम्बन्धी निर्माण कार्यसम्पन्न भएको,<br>• सुर्खेत जिल्लाको भेरीगंगा उपत्यकाको नमूना आधुनिक शहरको गुरुयोजना तयारीसम्बन्धी अध्ययन कार्य गर्न परामर्शदाता छनौट गर्न हेतु EOI को सूचना प्रकाशित भई Shortlisting को मूल्याँकन अन्तिम चरणमा रहेको। |
| ३१९ | सघन शहरी विकास कार्यक्रम अन्तर्गत निर्माणाधीन शहरी पूर्वाधार आयोजना सम्पन्न गर्न रु. ८ अर्ब ४ करोड विनियोजन गरिएको। यस अन्तर्गत सघन वस्ती भएका नगर क्षेत्रमा सडक, ढल निर्माण लगायतका पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ। | • ५१ वटा नगरपालिकाहरुको शहरी पूर्वाधार निर्माण कार्य गर्न सम्झौता भई निर्माण कार्य शुरू भएको (समग्रमा २८४ कि.मि. सडक तथा नाला निर्माण कार्य साथै प्रत्येक न.पा.मा आवश्यकताअनुसार १५ वटा बसपार्क,२५ वटा पार्क/पोखरी, १४ वटा हाटबजार तथा केही बहुउद्देश्यीय भवन लगायत सामुदायिक पूर्वाधारहरू समेत निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म सो सम्बन्धी निर्माण कार्यहरूका समस्टिगत भौतिक प्रगति ७०% पुगेको)। *(विस्तृत विवरणः- यस आ.व.मा १७.७३६ कि.मि कालोपत्रे सडक, ८.७६१ कि.मि. ढलान सडक, ६०.८२१ कि.मि ग्राभेल सडक, ९७.३९७ कि.मि. नाला निर्माण कार्यसम्पन्न भएका छन्।)*,<br>• ३२ वटा नगरपालिकाहरुमा एकीकृत शहरी पूर्वाधार निर्माण कार्यको लागि लागत अनुमान स्वीकृत भएको,<br>• हालसम्म सघन शहरी विकास कार्यक्रम अन्तर्गत १४१०.४० सडक कालोपत्रे तथा नाला निर्माण कार्यसम्पन्न भएको, |
| ३२० | मुख्य पर्यटकीय शहरहरू पोखरा, जनकपुर र लुम्बिनी कोरिडोरमा रहेका नगरपालिकाहरूमा एकीकृत शहरी पूर्वाधार निर्माण गर्न रु. १ अर्ब १३ करोड विनियोजन भएको। चितवनको | • जनकपुर उप.न.पा मा सडक, नाला तथा फुटपाथ निर्माण तथा सुधार कार्य गर्न DPR अध्ययन कार्यसम्पन्न भई निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्नि चरणमा। साथै, Resettlement Plan तथा Environment |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सौराहा क्षेत्रमा साईकल लेन निर्माण गरिनेछ। | Management Plan तयारीको चरणमा रहेको,<br>• लुम्बिनी साँस्कृतिक न.पा.मा शहरी पूर्वाधार निर्माण कार्य गर्न DPR र Resettlement Plan तयारीको चरणमा रहेको तथा Environment Management Plan तयार भएको,<br>• सिद्धार्थनगर, देवदह, तिल्लोतम्मा न.पा हरूमा सडक, नाला तथा फुटपाथ निर्माण तथा सुधार कार्य गर्न DPR अध्ययन कार्यसम्पन्न भई निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्नि चरणमा र Resettlement Plan तयारीको चरणमा रहेको तथा Environment Management Plan तयार भएको। |
| ३२१ | जनता आवास कार्यक्रम अन्तर्गत अति विपन्न, दलित, लोपोन्मुख, सीमान्तकृत जनजाति र समुदायको लागि घर निर्माण गर्न रु. १ अर्ब २६ करोड विनियोजन गरिएको। सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत दश हजार आवासीय भवनको फुस, पराल र खरको छानालाई जस्तापाता वा अन्य स्थायी सामग्रीले विस्थापन गर्न रु. ७९ करोड बजेट विनियोजन गरिएको। | • आ.व. २०७४/७५ सम्म संघबाट निर्माण सम्पन्न भएका १७०३९ वटा जनता आवाससम्बन्धी कार्यक्रम आ.व. २०७५/७६ देखि प्रदेशबाट कार्यान्वयन हुने गरी हस्तान्तरण भएको। प्रदेशबाट निर्माण सम्पन्न भएको कुल २४११८ वटा जनता आवास गरी हालसम्म समग्रमा ४११५७ वटा जनता आवास निर्माण सम्पन्न भएको,<br>• करिब २ लाख घर परिवारलाई जस्तापाताले प्रतिस्थापन गरिने लक्ष्य लिइएकोमा हालसम्म जम्मा १ लाख ३५ हजार ३ सय २१ लाभग्राहीहरूसँग सम्झौता भएको, १ लाख २१ हजार ९३ लाभग्राहीहरूलाई पहिलो किस्ता वितरण, ७८ हजार ७ सय ३३ लाभग्राहीहरूलाई दोश्रो किस्ता वितरण भएको । यस आ.व.मा थप २७ हजार ९ सय ९१ गरी समग्रमा ८० हजार ९ सय २९ लाभग्राहीहरूको आवासीय भवनको फुस, पराल र खरको छानालाई जस्तापाता वा अन्य स्थायी सामग्रीले विस्थापन गरिएको। |
| ३२२ | सङ्घीय संसद् भवनको निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न | • सङ्घीय संसद् भवन अन्तर्गत ९ वटा block को Structure को कार्य ९९.५% भएको, ९ वटा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिनेछ। भवनको आन्तरिक पूर्वाधार लगायतका बाँकी काम सम्पन्न गर्न रु. १ अर्ब २२ करोड बजेट व्यवस्था गरिएको। | Block को Roof Truss को कार्यसम्पन्न भएको। ९ वटा Block को छाना छाउने कार्यसम्पन्न, Brick Work को कार्य ९६.५% र Plaster को कार्य ९५% सम्पन्न भएको। MEP को कार्य ३४% सम्पन्न भएको। Landscaping को कार्य ४२% सम्पन्न भएको। *(यस अवधिमा उक्त निर्माण कार्यको भौतिक प्रगति करिब १३.८% रहेको र समग्रमा भौतिक प्रगति ७९.८%),*<br>• सङ्घीय संसद् भवन-दोश्रो चरण अन्तर्गत सङ्घीय संसद भवनको Interior, Conferencing तथा Security System जडान गर्ने कार्य अन्तर्गत VVIP Block मा Wall paneling र False Ceiling को कार्य भइरहेको। Central Lobby मा False Ceiling को कार्य भइरहेको। Furniture को Sample Approval तथा Production को कार्य भइरहेको। Security र Conferencing System को Sample Presentation, Shop Drawing Submission र Sample Approval को कार्य भइरहेको । *(यस अवधिमा उक्त निर्माण कार्यको भौतिक प्रगति करिब १७% रहेको र समग्रमा पनि भौतिक प्रगति १७% रहेको)।* |
| ३२३ | लागत साझेदारीमा निर्माण भइरहेका स्थानीय तहको प्रशासकीय भवन सम्पन्न गर्न रु. ५८ करोड विनियोजन गरिएको। | • यस अवधिमा थप १० वटा क्रमागत स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्पन्न भएको, ५६ वटा नगरपालिका र गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न हुने चरणमा रहेका र ९२ वटा नगरपालिका र गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेका छन्। हालसम्म समग्रमा ३११ स्थानीय तहको प्रशासकीय भवनहरू सम्पन्न भएको। |
| ३२४ | बागमती नदीको शान, सभ्यताको उत्थान भन्ने सोचका साथ बागमती नदी सफाइ अभियानलाई निरन्तरता | • टुकुचा फोहोरपानी प्रशोधन केन्द्र (१७.३ MLD) को Baseline Design पश्चात् Liquid Component को Detail Design कार्यसम्पन्न |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | दिइनेछ। काठमाडौं उपत्यकाको जलाधार संरक्षण एवं सुख्खायाममा समेत बागमती नदीमा पानीको न्यूनतम बहाव सुनिश्चित गर्न शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रमा नागमती ड्यामको निर्माण कार्य शुरू गरिनेछ। स्थानीय तहसँगको समन्वयमा वास्तविक सुकुम्बासीको वैकल्पिक व्यवस्थापन गरी बागमती र विष्णुमती लगायत नदी किनारामा रहेका अनाधिकृत बसोबास हटाइनेछ। | भइसकेको तथा Testing Pile समेतको कार्यसम्पन्न भएको, हाल SBR को लागि Pile कार्य हुँदै गरेको,<br>• बागमती नदी तथा यसका सहायक नदी किनारामा पार्क तथा वातावरणीय सुधारसम्बन्धी निर्माण कार्य अन्तर्गत तीनकुनेदेखि मनोहरा दोभान, बालकुमारी पुलदेखि मनोहरा दोभानसम्म करीव ३ कि.मी.मा निर्माण कार्य भइरहेको *(भौतिक प्रगति-८०%)*,<br>• यस आ.व.मा बागमती लगायत सहायक नदीमा थप ३ कि.मि नदी नियन्त्रण कार्यसम्पन्न गर्ने लक्ष्य रहेकोमा यस अवधिमा २.५ कि.मी Section मा नदी नियन्त्रण कार्य भइरहेको तथा १ कि.मी नदी नियन्त्रण कार्य अन्तर्गत पर्खालको उचाई थप्ने कार्यसम्पन्न भएको। हालसम्म समग्रमा ७६.१ कि.मी नदी नियन्त्रण कार्यसम्पन्न भएको,<br>• यस आ.व.मा बागमती लगायत यसका सहायक नदीहरूमा थप १.५ कि.मि. इन्टरसेप्टर ढल निर्माण कार्य गर्ने लक्ष्य रहेकोमा यस अवधिमा १.० कि.मि. इन्टरसेप्टर ढल निर्माण कार्यसम्पन्न भई हालसम्म समग्रमा ८९.५९ कि.मी इन्टरसेप्टर ढल निर्माण कार्यसम्पन्न भएको,<br>• यस आ.व.मा बागमती लगायत यसका सहायक नदीहरूको कोरिडोरमा थप १.५ कि.मि. कोरिडोर सडक कालोपत्रे/अस्फाल्ट कंक्रिट गर्ने लक्ष्य रहेकोमा यस अवधीमा १.० कि.मी निर्माण कार्यसम्पन्न भई हालसम्म समग्रमा ३३.५६ कि.मि. कोरिडोर सडक कालोपत्रे/अस्फाल्ट कंक्रिट निर्माण कार्यसम्पन्न भएको,<br>• बागमती नदीमा ADB को सहायतामा सञ्चालन हुने वागमती नदीमा छुटेका ठाँउमा सौन्दर्यकरण कार्यको Survey कार्यसम्पन्न भई |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | Design कार्य भइरहेको। सो Design को Draft Report प्राप्त भएको,<br>• बागमती नदी किनारा अवस्थित तीनकुने र सिनामंगल पुलको अन्डरपास कार्यसम्पन्न भएको,<br>• बागमती लगायत सहायक नदीमा सरसफाइको कार्य निरन्तर रूपमा भइरहेको,<br>• निर्मित संरचनाको मर्मतसम्भार तथा सम्वर्द्धन कार्य र गोर्कणेश्वर २ नयाँपाटी बाग्मती किनाराको सार्वजनिक जाग्गा संरक्षण तथा घेरावार लगाउने कार्यको लागि निर्माण व्यवसायीसँग सम्झौता हुने प्रक्रियामा रहेको,<br>• नागमती ड्यामको निर्माण कार्यसम्बन्धी यस मन्त्रालय तथा अन्तर्गतका निकायहरूमा कार्यक्रममा नरहेको। |
| ३२५ | भूकम्पपछिको पुनर्निर्माणतर्फ सिंहदरबार पश्चिमी खण्ड, बबरमहल, केशरमहल लगायत दश वटा पुरातात्विक सम्पदाहरूको प्रवलीकरण कार्यसम्पन्न गरिनेछ। | • विभिन्न पुरातात्विक सम्पदाहरूको प्रवलीकरण कार्य निरन्तर रुपमा भई रहेको।<br>• सिंहदरबारको ग्यालरी बैठक भवनको रेट्रोफिटिङ्ग गर्ने कार्य *(आर्थिक प्रस्ताव स्वीकृतिको चरणमा)*, सिंहदरबार पश्चिम लङ्कको प्रवलीकरण कार्य *(भौतिक प्रगति ९८%)*, सिंहदरबार मुख्य प्रवेशद्वार प्रवलीकरण *(भौतिक प्रगति ४५%)*, धरहरा पुनर्निर्माण कार्य *(भौतिक प्रगति ९३%)*, महालेखा परीक्षकको कार्यालय र सडक विभाग कार्यालय रहेको बबरमहलस्थित बबरमहलको भवन प्रवलीकरण कार्य *(भौतिक प्रगति १००%)*, केशरमहल, लाजिम्पाटको भवन प्रवलीकरण कार्य *(भौतिक प्रगति ९५%)*, राष्ट्रपतिको कार्यालय शितलनिवास भवन प्रवलीकरण कार्य *(भौतिक प्रगति ६६%)*, घण्टाघर संगै जोडिएको त्रिचन्द्र कलेज भवन प्रवलीकरण कार्य *(भौतिक प्रगति ४०%)* तथा केन्द्रीय बालकल्याण नक्शाल काठमाण्डौको भवन प्रवलीकरण कार्य *(भौतिक प्रगति ६४%)*। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३२६ | गोरखा, नेपालगञ्ज लगायत नौं स्थानमा निर्माणाधीन सभाहलको निर्माण कार्यसम्पन्न गरिने छ। निर्माण सम्पन्न सभाहललाई स्थानीय तहबाटै सञ्चालन हुने गरी हस्तान्तरण गरिनेछ। | • यस आ.व. मा कुल ९ वटा सभाहलहरूको निर्माण कार्यसम्पन्न गर्नुपर्ने लक्ष्य रहेकोमा ३ सभाहलहरू (दमौली, सौराहा र महेन्द्रनारायण निधि साँस्कृतिक केन्द्र, धनुषा) को निर्माण कार्यसम्पन्न भएको तथा बाँकी ६ वटा सभाहलहरू निर्माणाधीन अवस्थामा रहेका छन्। *(समग्रमा भौतिक प्रगति ६०%),*<br>• हालसम्म समग्रमा १७ वटा सभाहलहरूको निर्माण कार्यसम्पन्न भएको। |
| ३२७ | सरकारी भवनको वास्तुकला, स्वरूप, संरचना र मापदण्डमा एकरूपता कायम गर्न सरकारी भवन निर्माण मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। स्वीकृत मापदण्ड विपरित डिजाइन गरिएका सरकारी भवन निर्माणका लागि बजेट विनियोजन गरिने छैन। नेपाल राष्ट्रिय भवन संहितालाई समयानुकूल परिमार्जन गरी तीनै तहको सरकारमा पूर्णरूपमा परिपालना गर्ने व्यवस्था मिलाइनेछ। | • विभिन्न भवन संहितालाई अध्यावधिक गर्ने कार्य भइरहेको,<br>o NBC 205:2023;<br>o NBC 105:2020 को Design Guideline र<br>o Revised Retrofitting Guideline जस्ता मापदण्ड निर्माण कार्यहरू तयार हुँदै गरेको। |
| ३२८ | काठमाडौं उपत्यकाको शहरी विकासका लागि वृहत गुरुयोजना तयार गरिनेछ। काठमाडौं उपत्यकाभित्र व्यवस्थित शहरीकरणका लागि ललितपुरको गोदावरी तथा सुनाकोठी, काठमाडौंको तारकेश्वर तथा इचङ्गुनारायण र चन्द्रागिरी नगरपालिकामा खुला क्षेत्र, हरियाली पार्क र व्यवस्थित पूर्वाधार सहितका आवासीय क्षेत्र विकास गरिनेछ। | • काठमाडौं उपत्यकाको वृहत्तर गुरुयोजना तयार गर्ने कार्य अन्तर्गत सेक्ट्रल प्लान तयार भई फाइनल मास्टर प्लान तयार हुने चरणमा रहेको।<br>• यस आ.व.मा काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत काठमाण्डौं उपत्यकाका विभिन्न शहरी सडक विस्तार, सुधार तथा स्तरोन्नती गर्ने कार्य अन्तर्गत ९५.२ कि.मि. सडक निर्माण/सुधार/स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा हाल ६२.२१ कि.मि. सडक खण्डमा सडक निर्माण/स्तरोन्नतिसम्बन्धी कार्य भइरहेको *(भौतिक प्रगति-६५%),*<br>• काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत काठमाडौं उपत्यका भित्रका सार्वजनिक जग्गा संरक्षण तथा विपद् व्यवस्थापन अन्तर्गत नमूना |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | पार्क निर्माण कार्य अन्तर्गत विभिन्न स्थानमा ६१ वटा पार्क निर्माण तथा सार्वजनिक जग्गा संरक्षण कार्य भइरहेको *(भौतिक प्रगति- ६५%),*<br>• काठमाडौं उपत्यकाको स्याटेलाईट शहरहरू र नयाँ शहर इशानकोण एक लाख रोपनी क्षेत्रफलको DPR स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको र बाँकी ३ वटा नयाँ शहर (हरित, टोखाः नैरत्य, ललितपुर, आग्नेय, भक्तपुर) १० हजार रोपनी क्षेत्रफलका योजनाहरुका DPR भौतिक विकास समितिमा पेश भएको। |
| ३२९ | नेपाल सरकारको प्राविधिक सहयोग एवं प्रदेश र स्थानीय तहको साझेदारीमा फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ। | • शुक्लाफाँटा र गोदावरी नगरपालिकामा फोहर मैला केन्द्रसम्बन्धी निर्माण कार्य भइरहेको *(भौतिक प्रगति - शुक्लाफाँटा न.पाः- ४५% र गोदावरी न.पाः- ७९%),*<br>• धनगढी नगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि वन मन्त्रालयबाट जग्गा तथा रुख कटानको स्वीकृति प्राप्त भई वन तथा भू-संरक्षण विभागसँग सम्झौताको चरणमा रहेको,<br>• सिंहदरबार केन्द्रीय प्रशासनिक क्षेत्रमा "शून्य फोहोर अवधारणा" अन्तर्गत फोहोर व्यवस्थापन प्रणाली स्थापना गर्न परामर्शदाताद्वारा अध्ययन कार्यसम्पन्न भएको।<br>• केन्द्रीयस्तरमा शहरी विकास मन्त्रालय अन्तर्गत फोहोरमैला व्यवस्थापन प्राविधिक सहायता केन्द्रको गठन गर्ने मन्त्रिपरिषद्को निर्णय पश्चात् हाल यस मन्त्रालयको संगठनात्मक संरचना (O&M) अद्यावधिक गर्ने प्रक्रियामा रहेको,<br>• बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइट निर्माण कार्य (Cell 1, Cell 2, बाँध निर्माण कार्य) सम्पन्न भई सोको स्तरोन्नती लगायत प्रभावित क्षेत्र विकास कार्य गर्ने हेतुले सो क्षेत्रमा १ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | वटा सडक (१.०६८ कि.मि.) निर्माण कार्यसम्पन्न भएको तथा दोश्रो सडक निर्माणसम्बन्धी Structure को कार्य भइरहेको (भौतिक प्रगतिः- ४०%)। |
| ३३० | शहरी क्षेत्रको पूर्वाधार निर्माणमा युटिलिटी कोरिडोरको अवधारणा कार्यान्वयन गरिनेछ। यसबाट तार, खम्बा लगायतका पूर्वाधार अव्यवस्थित रूपमा रहने समस्या समाधान हुनुका साथै खर्चको दोहोरोपन हटाउन मद्दत पुग्ने छ। | • Utility Corridor समेत समावेश गरी शहरी विकास विधयेकको मस्यौदा तयार भइरहेको,<br>• सिंहदरबार परिसरभित्र विद्युत, टेलिफोन, अप्टिकल फाइबर लगायतका संरचनाहरू भूमिगत गर्न युटिलिटी करिडोर निर्माण गर्न परामर्श सेवाका लागि RFP मूल्याङ्कन सम्पन्न भई हाल छनौट भएको परामर्शदातासँग सम्झौता भएको। हाल सो सम्बन्धी कार्यको DPR तयार हुँदै गरेको। |
| ३३१ | लुम्बिनी प्रदेशको राजधानीको पूर्वाधार विकास गर्न सहयोग गरिनेछ। नवलपुर र रुकुम पूर्वको जिल्ला सदरमुकामको प्रशासनिक केन्द्रमा एकीकृत कार्यालयहरू तथा शहरी पूर्वाधारको निर्माण कार्य शुरु गरिनेछ। | • नवलपुर नमूना सदरमुकाम सरकारी भवन निर्माणको लागि आवश्यक पूर्वतयारीसम्बन्धी कार्य हुँदै गरेको। हाल उक्त कार्यको DPR सम्पन्न भई निर्माण कार्यको लागि बोलपत्र आव्हान भएको,<br>• एकीकृत सरकारी कार्यालय भवन निर्माण रुकुम पूर्वको बोलपत्रको प्राविधिक प्रस्तावको मूल्याङ्कन सम्पन्न भई हाल आर्थिक प्रस्तावको मूल्याङ्कन भइरहेको। |
| ३३२ | नगर विकास कोषलाई संघ, प्रदेश र स्थानीय तह एवं वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गरी सञ्चालन गर्न कानुनी प्रबन्ध मिलाइनेछ। | • नगर विकास कोषलाई संघ, प्रदेश र स्थानीय तह एवं वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचनाका लागि प्रदेश सरकार, स्थानीय सरकार र सम्बद्ध सरोकार निकायहरुबाट राय सुझाव संकलन भई कोष सञ्चालक समितिबाट "नगर विकास कोषसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०" स्वीकृत भएको र विधयेक मस्यौदालाई नेपाल सरकारबाट स्वीकृत हुन आवश्यक तयारी हुँदै गरेको। |
| ३३४ | हालसम्म पक्की सडकबाट नजोडिएका स्थानीय तहको केन्द्रलाई आगामी तीन | • ग्रामीण भेगका जनताहरुको सेवा केन्द्रसम्मको पहुँचमा सहजता अभिवृद्धि गर्न स्थानीय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | वर्षभित्र सम्बन्धित प्रदेशको केन्द्र वा नजिकको राष्ट्रिय राजमार्गबाट पक्की सडकले जोडिनेछ। संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कार्यान्वयन हुने यस कार्यक्रमका लागि रु. २ अर्ब १५ करोड विनियोजन गरिएको। | सडकपुल निर्माण गर्ने कार्यक्रम अन्तर्गत यस अवधिमा ७६ वटा नयाँ सडक पुल निर्माण कार्यको डिपिआर तयार भइरहेको साथै १ वटा नयाँ मोडुलर सडक पुलको सम्झौता कार्यसम्पन्न भई निर्माण कार्य शुरू भएको तथा ८ वटा क्रमागत सडक पुल निर्माण सम्पन्न भई हालसम्म समग्रमा ६९३ वटा सडक पुलको निर्माण कार्यसम्पन्न भएको,<br>• सडक पुगेका गा.पा./न.पा. केन्द्रको संख्या हालसम्म ७३२ पुगेको,<br>• पक्की सडक पुगेका गा.पा./न.पा. केन्द्र संख्या हालसम्म ५३२ पुगेको। |
| ३३५ | दुर्गम क्षेत्रमा आवागमन सहजता एवं सम्भाव्यताका आधारमा झोलुङ्गेपुल निर्माण कार्यलाई अघि बढाइनेछ। आगामी आर्थिक वर्षमा थप छ सय वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरिनेछ। यसका लागि रु. ५ अर्ब ८३ करोड व्यवस्था गरिएको। | • मुलुकभर यस अवधिमा थप २१० वटा झोलुङ्गे पुलको निर्माण कार्यसम्पन्न भई हालसम्म समग्रमा १० हजार ७१८ वटा झोलुङ्गे पुल निर्माण कार्यसम्पन्न भएको। |
| ३३६ | स्थानीय तथा ग्रामीण सडक र वैकल्पिक राजमार्गहरू निर्माण तथा स्तरोन्नति गर्न रु. १ अर्ब ५० करोड व्यवस्था गरिएको | • ग्रामीण सडक सञ्जाल सुधार आयोजना अन्तर्गत यस अवधिमा १७.६३ कि.मी सडक कालोपत्रे गर्ने कार्यसम्पन्न भएको, हालसम्म समग्रमा स्थानीय पूर्वाधार विभाग मार्फत ४ हजार ८१३ कि.मि. सडक कालोपत्रे कार्यसम्पन्न भएको। साथै, ग्रामीण सडक सञ्जाल सुधार आयोजना-ए.एफ. अन्तर्गत १६४ कि.मि. सडक कालोपत्रेको लागि बोलपत्रको सूचना आव्हान भएको र ३२४ कि.मि. सडक कालोपत्रेको लागि सम्झौता कार्यसम्पन्न भएको। |
| ३३७ | तराई मधेशका जिल्लाहरुमा सडक, ढल, खानेपानी नदी नियन्त्रण, सामुदायिक भवन लगायतका स्थानीय पूर्वाधार विकास गर्ने उद्देश्यले सञ्चालित तराई मधेश समृद्धि | • तराई मधेश सडक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत मधेशका विभिन्न जिल्लाहरुमा कुल ४६ वटा योजनाहरु सञ्चालनको चरणमा रहेको। (केही निर्माणको चरणमा र केही मूल्याङ्कनको चरणमा रहेको) |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कार्यक्रमलाई निरन्तरता दिई रु.७० करोड विनियोजन गरिएको। | |
| ३३८ | उच्च पहाडी र कर्णाली क्षेत्रको आर्थिक तथा सामाजिक विकासलाई गति दिन तथा प्राकृतिक सम्भावनालाई पूर्णरूपमा उपयोग गर्न उच्च पहाडी एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रमलाई निरन्तरता दिएको। कर्णाली समृद्धि कार्यक्रमलाई निरन्तरता दिँदै रु ८७ करोड विनियोजन गरिएको । | • यस अवधिमा कर्णाली समृद्धि कार्यक्रम अन्तर्गत ८ कि.मि. कालोपत्रे तथा ढलान सडक निर्माण साथै ५ वटा क्रमागत भवन निर्माण (विद्यालय, स्वास्थ्य भवन, जडिबुटी अनुसन्धान केन्द्र भवन लगायत) कार्य भइरहेको। |

## ४. आर्थिक वर्ष २०७९/८० मा तथा २०८०/८१ को चैत मसान्तसम्ममा तर्जुमा/संसोधन भई कार्यान्वयनमा आएका नीति/कानून/निर्देशिका/मापदण्डहरूः

| सि.नं. | नीति/कानून/निर्देशिका/मापदण्डहरू | तर्जुमाको अवस्था |
|---|---|---|
| १ | आवासको अधिकार सम्बन्धी नियमवाली, २०७८ | राय सुझावको लागि अर्थ मन्त्रालयमा पेश भएको। |
| २ | वागमती सभ्यता संरक्षण तथा विकास परिषद् ऐन, २०७८ | कानून मन्त्रालयबाट सुझावसहित यस मन्त्रालयमा फिर्ता आएको। |
| ३ | महेन्द्रनारायण निधि मिथिला साँस्कृतिक गठन आदेश, २०७८ | अर्थ मन्त्रालयबाट सुझाव सहित यस मन्त्रालयमा फिर्ता आएको। |
| ४ | भवन ऐन | राय सुझाव संकलन हुँदै, छलफलको चरणमा रहेको। |
| ५ | शहरी विकास विधयेक | राय सुझाव संकलन हुँदै, छलफलको चरणमा रहेको। |
| ६ | शहरी पूर्वाधार विकास निगम ऐन, २०७८ | राय सुझाव संकलन हुँदै, छलफलको चरणमा रहेको। |
| ७ | राष्ट्रिय फोहोरमैला व्यवस्थापन कोष विकास समिति, २०८० | राय सुझाव संकलन हुँदै, छलफलको चरणमा रहेको। |
| ८ | नगर विकास कोषसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० | विधेयक मस्यौदा तयार भएको । |
| ९ | • NBC 205:2023;<br>• NBC 206:2023 | मस्यौदा तयार भएको। |

## ५. आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- **आवास व्यवस्था कार्यक्रम-** डुडवा गा.पा. तथा नरैनापुर गा.पा.मा इमर्जेन्जी सेल्टर निर्माण कार्यसम्पन्न भई हस्तान्तरण समेत भएको। यसैसाथ ९ वटा मध्ये समग्रमा ७ वटा इमर्जेन्जी सेल्टर निर्माण कार्यसम्पन्न भएको। बाँकी रहेको तिलाठी कोइलाडी इमर्जेन्जी

सेल्टरको पहिलो चरणको कार्यसम्पन्न भई दोश्रो चरण अन्तर्गतको निर्माण कार्य अन्तिम चरणमा रहेको (भौतिक प्रगति ९९%) तथा भजनी गा.पा.मा निर्माण हुने इमर्जेन्जी सेल्टरको Footing कार्यसम्पन्न भएको (भौतिक प्रगति १०%),

- **एकीकृत कार्यमूलक आयोजना अन्तर्गत** १४ वटा नगरपालिकाहरूको शहरी पूर्वाधार निर्माणका लागि DER/DED/DPR तयार गर्ने लक्ष्य रहेकोमा हाल ४ वटा नगरपालिकाहरूको DER/DED/DPR तयार गर्ने कार्य भइरहेको। आवास निर्माण तथा बस्ती विकाससँग सम्बन्धित १० वटा DER/DED/DPR तयार गर्ने लक्ष्य रहेकोमा २ वटा DER/DED/DPR तयार गर्ने कार्य भइरहेको। भवन निर्माण तथा प्रवलीकरणसँग सम्बन्धित १० वटा DER/DED/DPR तयार गर्ने लक्ष्य रहेकोमा २ वटा DER/DED/DPR तयार तयार गर्ने कार्य भइरहेको,
- **शहरी विकास कार्यक्रम-** क्षेत्रीय शहरी विकास आयोजना (RUDP) अन्तर्गत ६.९४ कि.मि. कालोपत्रे भई समग्रमा २०३.३६ कि.मि. कालोपत्रे (Asphalt Paving) कार्यसम्पन्न साथै ३.१५३ कि.मि. ड्रेन निर्माण/सुधार कार्य भई समग्रमा २६६ कि. मि. ड्रेन निर्माण/सुधार कार्यसम्पन्न भएको,
- **भवन निर्माण संहिता, सरकारी भवन निर्माण-** विभिन्न जिल्लामा ३८ वटा सरकारी कार्यालय भवन निर्माण कार्य हुँदै गरेको। दमक भ्यू टावरको निर्माण कार्यसम्पन्न भएको (*यस अवधिमा उक्त निर्माण कार्यको भौतिक प्रगति करिब १४% रहेको र समग्रमा भौतिक प्रगति १००% पुगेको),*
- **नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना अन्तर्गत** बीरगञ्ज र विराटनगरका जाँच चौकीहरूको निर्माण कार्यसम्पन्न भई विगतका वर्षहरूबाटै सञ्चालनमा आएको। नेपालगञ्जमा निर्माणाधीन जाँच चौकीको निर्माण कार्यसम्पन्न, सञ्चालनको तयारीमा रहेको (भौतिक प्रगति १००.००%)। साथै, भैरहवामा जाँच चौकीको निर्माण कार्य हुँदै गरेको (समष्टिगत प्रगति ३१%)। यस लगायत कञ्चनपुरको चाँदनी दोधारामा Dry Port को DPR अन्तिम चरणमा रहेको छ,
- **शहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत** आयोजना सञ्चालनको लागि १७ वटा नगरपालिकाहरूमा DSC परामर्शदातासँग समझौता भएको। विभिन्न ६ वटा नगरपालिकाहरूमा सडक खण्ड निर्माण भइरहेका- पोखरा महानगरपालिकामा तालचोक-बेगनास ताल सडक खण्ड-भौतिक प्रगति १५%, तिलोत्तमा नगरपालिकामा मङ्गलापुर-कान्छी बजार सडक निर्माण कार्य-भौतिक प्रगति ५५%, विर्तामोड नगरपालिकामा बुट्टाबारी-प्याकुरेल सडक खण्ड निर्माण कार्य-भौतिक प्रगति १६%, दमक नगरपालिकामा मदनडाङ्गी ताराबारी दिपु सडक खण्ड निर्माण कार्य-भौतिक प्रगति १२%, उर्लाबारी नगरपालिकामा कृष्णचोक-सामुदायिक वन कार्यालय जाने सडक खण्ड निर्माण कार्य-भौतिक प्रगति १२% तथा रामग्राम न.पा. पोखरापाली-पण्डितपुर सडक निर्माण कार्य-भौतिक प्रगति ७% रहेको। साथै १० वटा नगरपालिकाहरूमा (पोखरा, सुन्दरहरैचा, त्रियुगा, ईटहरी, व्यास, शुक्लागण्डकी, पुतलीबजार, तानसेन, मेचीनगर, धनकुटा) निर्माण कार्यको लागि ठेक्का आव्हान गरी हाल मूल्याङ्कनको चरणमा रहेको,

- **विशेष भवन निर्माण आयोजना अन्तर्गत** सङ्घीय मन्त्री आवास भवन निर्माण कार्यसम्पन्न भएको *(यस अवधिमा उक्त निर्माण कार्यको भौतिक प्रगति करिब ८% रहेको र समग्रमा पनि भौतिक प्रगति १००% रहेको)*। प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास भवन निर्माण कार्यसम्पन्न भएको *(समग्रमा भौतिक प्रगति १००%)*। चण्डीदल गणका लागि भवन निर्माण गर्ने कार्य अन्तर्गत दुई वटै Block (Jawan Line & JCO Line Block र Jawan Line with Central Mesh Block) को Structure, Brick Works र Plastering कार्यसम्पन्न भएको। Landscaping, Electrical, Sanitary र Fire fighting को कार्य भइरहेको -*(यस अवधिमा उक्त निर्माण कार्यको भौतिक प्रगति करिब २२% रहेको र समग्रमा पनि भौतिक प्रगति ८८% रहेको)*,
- **स्थानीय पूर्वाधार विभाग अन्तर्गत** थप ७६ कि.मी. सडक कालोपत्रे भएको (हालसम्म समग्रमा ४८१३ कि.मि. कालोपत्रे), थप २१० वटा झोलुङ्गे पुल (हालसम्म समग्रमा १० हजार ७१८ वटा), थप ८ वटा सडक पुल (हालसम्म समग्रमा ६९३ वटा), थप १० वटा क्रमागत स्थानीय तहको प्रशासकीय भवन (हालसम्म समग्रमा ३११ वटा) निर्माण सम्पन्न भएको,
- **बागमती सुधार आयोजना अन्तर्गत** थप १.५ कि.मि. कालोपत्रे सडक, थप १ कि.मि. इन्टरसेप्टर ढल, थप २.५ कि.मि. River Training सम्पन्न भएको।

## ६. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### क) शहरी विकास तर्फ

- सघन शहरी विकास कार्यक्रम अन्तर्गत तराई-मधेशका १८ वटा जिल्ला सदरमुकामका साथै भित्री मधेशका भरतपुर, दाङ्ग र सुर्खेत गरी २१ वटा नगरपालिकाहरूमा सो कार्यक्रम बढी केन्द्रित रही हाल शहरी पूर्वाधार निर्माण कार्यहरू अन्तर्गत यस आ.व.मा थप २ वटा बसपार्क (हालसम्म समग्रमा १९ वटा), १ वटा हाटबजार (हालसम्म समग्रमा १० वटा) र ५ वटा पार्क, उद्यान, पोखरी (हालसम्म समग्रमा १० वटा) आदिको निर्माण कार्यसम्पन्न भएको। साथै, उक्त नगरपालिकाहरुमा १३५.६५ शहरी सडक/नाला निर्माण (हालसम्म समग्रमा १३२० कि.मि.) सम्पन्न भएको,
- यस आ.व.मा थप ५१ वटा नगरपालिकामा विस्तार गरिने नेपाल सरकारको नीति रहेकोमा सो कार्यक्रमसम्बन्धी ५१ वटा नगरपालिकाको शहरी पूर्वाधार निर्माण गर्न लागत अनुमान स्वीकृत भई ४८ वटा नगरपालिकाहरुमा कार्यक्रम सम्झौता भई निर्माण कार्य शुरू भएको र बाँकी ३ वटा नगरपालिकामा बोलपत्रको प्राविधिक मूल्याङ्कन कार्य भइरहेको,
- सात प्रदेशका घनाबस्ती भएका १० ठूला शहरहरूमा उद्धार केन्द्रसहितको पार्क निर्माण गर्न कार्यक्रम रहेकोमा हालसम्म ३ वटा प्रदेशमा (गण्डकी, मधेश र कर्णाली प्रदेश) निर्माण कार्य भइरहेको र बाँकी ४ प्रदेशमा जग्गा प्राप्तिको प्रक्रियामा रहेको,

- तराई मधेशका सीमाना अवस्थित शहरी क्षेत्रलाई आर्थिक गतिविधिको केन्द्रका रूपमा विकास गर्न सीमा क्षेत्र शहरी विकास कार्यक्रम अन्तर्गत ६ सीमा क्षेत्रमा (गौर, सन्दकपुर, जलेश्वर, कोइलाबास, ठोरी र दोधारा चाँदनी) पूर्वाधार निर्माण कार्य शुरू भएको,
- १० वटा शहरबाट शुरू भएको यस कार्यक्रममा हाल ४४ वटा शहर/बस्तीहरु थप भएपश्चात् समग्रमा ५४ वटा नयाँ शहर पहिचान भई सम्बन्धित नयाँ शहरहरूमा विभिन्न अध्ययन, *DPR* तयारी तथा पूर्वाधार निर्माण कार्य क्रमागत रूपमा भइरहेको छन्। *(यस अवधिमा १४.८ कि.मि. सडक कालोपत्रे, १६.८ कि.मि. सडक ढलान, ३५.१ कि.मि. ढल/नाला निर्माण, ५७.४ कि.मि. ट्र्याक खोल्ने/ स्तरोन्नति/Graveled गर्ने कार्य, ७ वटा सरकारी भवन निर्माण, ४ वटा बसपार्क निर्माण, १ खेल मैदान, १ खानेपानी आयोजना साथै २ वटा* Land Fill Site *निर्माण कार्यसम्पन्न भएका छन् ),*
- क्षेत्रीय शहरी विकास आयोजना (RUDP) अन्तर्गत २०.५५ कि.मि. कालोपत्रे भई समग्रमा १९६.४२ कि. मि. कालोपत्रे (Asphalt Paving) कार्यसम्पन्न साथै १३ कि.मि. ड्रेन निर्माण/सुधार कार्य भई समग्रमा २६२.८४ कि.मि. ड्रेन निर्माण/सुधार कार्यसम्पन्न भएको। शुक्लाफाँटा र गोदावरी नगरपालिकामा फोहरमैला केन्द्र निर्माणका लागि निर्माण व्यवसायीसँग सम्झौता भई Boundary Wall, Office Building Construction को काम भइरहेको (शुक्लाफाँटा न.पा.- ५% र गोदावरी न.पा.- ९% भौतिक प्रगति) र बाँकी धनगढी नगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि वन मन्त्रालयबाट जग्गा तथा रूख कटानको स्वीकृति प्राप्त गर्ने चरणमा रहेको। त्यस्तै, गोदावरी र शुक्लाफाँटा नगरपालिकाहरुको कार्यालय भवनको भौतिक प्रगति ९९% रही सोको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

### ख) आवास तथा वस्ती विकास तर्फ

- मुगुको छाँयानाथ नगरपालिकामा ३४ परिवारको लागि आवास निर्माण कार्यसम्पन्न भएको,
- डडेल्धुराको परशुराम नगरपालिकामा ३५ परिवारको लागि आवास निर्माण कार्यको दोश्रो किस्ता उपलव्ध गराई निर्माण कार्य भइरहेको,
- तराई मधेशका दलित समुदाय (मुसहर, चमार र डोम) हरूका लागि आधारभूत पूर्वाधारसहितको आवास निर्माणको प्रारम्भिक चरणको विवरण संकलनको कार्य भएको छ भने लोपोन्मुख राउटे जातिका लागि आधारभूत पूर्वाधार सहितको आवास निर्माणको लागि डिजाइन र कार्यविधि तयार भएको,
- त्यस्तै, चालु आ.व. २०७९/८० को वार्षिक विकास कार्यक्रमबाट नेपालका ३६ वटा वस्तीहरुमा एकीकृत वस्ती विकास कार्यक्रमहरू सञ्चालन भएका र विद्यमान वस्तीहरुको स्तरोन्नति गर्न विभिन्न पूर्वाधार निर्माणका कार्यहरू अन्तर्गत ५३.९८ कि.मि. नाला

निर्माण; ४८.२५ कि.मि. कालोपत्र सडक निर्माण, १७.५८ कि.मि. ग्राभेल सडक, २४.४४ कि.मि. सडक स्तरोन्नति तथा ११.०२ कि.मि. ढलान निर्माण कार्यसम्पन्न भएको,

- सुरक्षित नागरिक आवास भवनतर्फ १ लाख ३२ हजार ७२८ लाभग्राहीको सुरक्षित नागरिक आवास भवन निर्माण मध्ये ५२ हजार ९ सय ३८ लाभग्राहीको निर्माण कार्यसम्पन्न भएको।

**ग) भवन निर्माण तथा प्रवलीकरण तर्फ**

- यस आ.व.सम्ममा कुल १३ वटा सभाहलहरू सम्पन्न भएका छन्, भने १६ वटा निर्माणाधीन अवस्थामा तथा ११ वटा सभाहल Design Phase को चरणमा रहेका,
- आ.व. ७९/८० मा सरकारी कार्यालय भवन निर्माण कार्यतर्फ ३७ वटा भवन निर्माण कार्य हुँदै गरेको,
- दमक भ्यू टावरको १८ औं तलासहित माथिको स्टिल ट्रस निर्माण कार्यसम्पन्न भएको। यस अवधिमा उक्त निर्माण कार्यको भौतिक प्रगति करिब १६% रहेको र समग्रमा भौतिक प्रगति ८६% पुगेको,
- सङ्घीय संसद भवनको सम्पूर्ण Block हरुको Structure कार्यसम्पन्न, Brick Work र Plaster को कार्य अन्तिम चरणमा, Roof Truss र MEP को कार्य हुँदै गरेको। (समग्रमा भौतिक प्रगति ६६%),
- सम्माननीय प्रधानमन्त्री आवास भवन निर्माण कार्यसम्पन्न(समग्रमा भौतिक प्रगति १००%),
- सङ्घीय मन्त्री आवास भवन निर्माण कार्य अन्तर्गत २७ वटै Block हरुको Structure र छाना छाउने कार्यसम्पन्न भएको। Floor Finishing, False Ceiling, Electrical र Plumbing को कार्य भइरहेको। (समग्रमा भौतिक प्रगति ९२%)।
- प्रदेश प्रमुख तथा मुख्य मन्त्री आवास भवन निर्माण कार्य अन्तर्गत ७ वटै Block हरुको Structure र छाना छाउने कार्यसम्पन्न भएको। Floor Finishing, False Ceiling, Electrical र Plumbing को कार्य भइरहेको। (समग्रमा भौतिक प्रगति ९५%),
- चितवन महानगरको सिटीहलमा सबै Block हरूको Structural कार्यसम्पन्न भई Electrification को कार्य हुँदै गरेको। यस अवाधिमा उक्त निर्माण कार्यको भौतिक प्रगति करिब २३% रहेको र समग्रमा भौतिक प्रगति ६५% पुगेको,
- पुनर्निमाण तथा प्रवलीकरणका कार्यहरुलाई निरन्तरता दिँदै हालसम्म ७ लाख ३९ हजार १२३ निजी आवास पुनर्निर्माण (प्रवलीकरणसहित), ४०३ वटा सार्वजनिक भवन पुनर्निर्माण, ८६७ वटा स्वास्थ्य केन्द्र पुनर्निर्माण, १ वटा पुरातात्विक सम्पदा पुनर्निर्माण तथा ९२ वटा जोखिमपूर्ण वस्तीका बासिन्दाको उपयुक्त स्थानमा स्थान्तरण गर्ने सम्बन्धी कार्यहरू सुसम्पन्न गरेको,

- सिंहदरबार पश्चिम लङ्गको प्रवलीकरण कार्य (भौतिक प्रगति ९१%), सिंहदरबार मुख्य प्रवेशद्वार प्रवलीकरण (भौतिक प्रगति १७%), धरहरा पुनर्निर्माण कार्य (भौतिक प्रगति ८३%), महालेखा परीक्षकको कार्यालय र सडक विभाग कार्यालय रहेको बबरमहलस्थित बबरमहलको भवन प्रवलीकरण कार्य (भौतिक प्रगति ९५%), केशरमहल, लाजिम्पाटको भवन प्रवलीकरण कार्य (भौतिक प्रगति ७५%), राष्ट्रपतिको कार्यालय शितलनिवास भवन प्रबलीकरण कार्य (भौतिक प्रगति २२%), घण्टाघरसँगै जोडिएको त्रिचन्द्र कलेज भवन प्रवलीकरण कार्य (भौतिक प्रगति १७%),
- **नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना-** बीरगञ्ज र विराटनगरका जाँच चौकीहरूको निर्माण कार्यसम्पन्न भई सञ्चालनमा आएको। नेपालगञ्जमा निर्माणाधीन जाँच चौकीको निर्माण कार्य हुँदै गरेको (भौतिक प्रगति ८५.००%)।साथै, भैरहवामा जाँच चौकी निर्माणको लागि निर्माण व्यवसायीसँग सम्झौता भई निर्माण कार्य प्रारम्भ भएको, site clearance finished - भौतिक प्रगति -१०%।

## घ) स्थानीय पूर्वाधार निर्माण तर्फ

- ग्रामीण सडक पहुँच कार्यक्रम अन्तर्गत २७९.४२ कि.मी सडक कालोपत्रे भएको। साथै, ग्रामीण सडक सञ्जाल सुधार आयोजना - Additional Financing अन्तर्गत कुल ३२३.३६ कि.मि. सडकको स्तरोन्नति (कालोपत्रे) गर्ने लक्ष्य सहित खरिद प्रक्रिया शुरू भएको जसमध्ये कोशी, बागमती, गण्डकी र कर्णालीका ३-३ वटा सडक र लुम्बिनीका २ वटा सडकको गरी जम्मा १९४.३६ कि.मि. लम्बाइ सडक (५ वटा सडकपुल सहित) को ठेक्का आव्हान भइसकेको,
- मुलुकभर ७४१ नयाँ झोलुङ्गे पुल निर्माण कार्यसम्पन्न भई हालसम्म समग्रमा १० हजार ५०८ वटा झोलुङ्गे पुल निर्माण कार्यसम्पन्न भएको,
- यस आ.व.मा ३२ वटा सडक पुल निर्माण कार्यसम्पन्न भएको,
- २७ वटा क्रमागत स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्पन्न भई हालसम्म समग्रमा ३०१ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्यसम्पन्न भएको,
- यस आ.व.मा ६८७ वटा क्रमागत साना सिँचाइ योजनाहरू निर्माण सम्पन्न भई थप १२ हजार ६८६ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको,
- प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत मधेश, सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा कार्यक्रम कार्यान्वयन अगाडि बढाउने गरी ६० कि.मि. सडकको DPR तयार भइरहेको,
- उच्च पहाडी एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम अन्तर्गत जम्मा ८७ वटा स्थानीय तहहरूलाई साना सडक स्तरोन्नती, सामुदायिक पूर्वाधार, कृषि विकास, खानेपानी तथा

सरसफाइ, सिँचाइ तथा नदी नियन्त्रण, ऊर्जा, विपद् जोखिम न्यूनीकरण पूर्वाधार र एकीकृत वस्ती विकास लगायतका क्षेत्रहरूमा विभिन्न योजना सञ्चालनका लागि सशर्त अनुदान उपलब्ध गराइएको,

- कर्णाली समृद्धि कार्यक्रम अन्तर्गत जगतिपुर कृषि तथा जडिबुटी अनुसन्धान केन्द्र, स्यार्पु दुग्ध प्रशोधन केन्द्र र १ वटा कृषि उपज संकलन केन्द्र गरी जम्मा ३ वटा भवन निर्माण कार्यसम्पन्न भएको छ भने २.२५ कि.मि. सडक समेत स्तरोन्नति भएको छ। साथै, कार्यक्रम अन्तर्गत १७.७० कि.मी. सडक कालोपत्रे, ४०.७५ कि.मी. सडक ग्राभेल र १९.०० कि.मि. नयाँ ट्र्याक खोल्ने कार्यको लागि ठेक्का व्यवस्थापन भई सडक निर्माण तथा सडक स्तरोन्नति कार्य प्रारम्भ भएको छ भने ४ वटा भवन निर्माणका लागि समेत ठेक्का व्यवस्थापन भई भवन निर्माण कार्य भइरहेको छ।

### ङ) सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

- विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको निर्माण कार्यसम्पन्न भएको,
- प्रधानमन्त्री निवास बालुवाटारमा हेलिप्याड निर्माण कार्यसम्पन्न भएको,
- नेपाल इन्जिनियरिङ परिषद्को भवन, काठमाडौंको निर्माण कार्यसम्पन्न भएको,
- सिंहदरबार परिषरको संशोधित गुरुयोजना तयार गर्ने कार्यसम्पन्न भएको।

### च) वाग्मती सुधार आयोजना

**धापड्याम**

- बागमती नदी वेसिन सुधार परियोजना अन्तर्गत बागमती नदिमा पानीको गुणस्तर सुधार र उच्च पानीको वहावलाई निरन्तरता दिने उदेश्यले धाप ड्यामको निर्माण कार्यसम्पन्न भई २०७९ फागुन ९ गते उद्घाटन भई ड्यामबाट बागमती नदीमा पानी प्रवाह हुन शुरू भएको।

**टुकुचा**

- टुकुचा फोहोर पानी प्रशोधन केन्द्र (१७.३ MLD) को Design/Drawing कार्यसम्पन्न भएको तथा निर्माण कार्य शुरू भई सोको भौतिक प्रगति हालसम्म ३०% रहेको।

**सौन्दर्यकरण कार्य**

- आयोजनाबाट नदी सौन्दर्यकरण कार्यक्रम अन्तर्गत ११ वटा स-साना बाँध निर्माण, साइकल ट्र्याक निर्माण, नदीको दुवै किनारामा पार्क निर्माण, वृक्षारोपण कार्यहरू सम्पन्न भइसकेका छन। बाग्मती सौन्दर्यकरण कार्य थापाथलीदेखि बल्खुसम्म, गुह्येशवरी, उत्तरगया, गोकर्ण (BRBIP-AF) अन्तरगत कार्यहरू सम्पन्न भइसकेको,

- बागमती नदीको थापाथलीदेखि टेकु दोभानसम्म रहेका र २०७२ को भूकम्पबाट क्षति भएका २८ वटा पुरातात्विक ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण कार्यसम्पन्न भएको।

**छ) नगर विकास कोष तर्फ**

- लगानी विनियमावली, २०७९ र ऋण असुली विनियमावली, २०७९ स्वीकृत भई कार्यान्वयनमा गएको,
- नेपाल सरकारबाट छनौट भएका २० वटा साना शहरहरुमा खानेपानी आपूर्ति आयोजना निर्माणका लागि जम्मा रु. ७०.३७ करोड मध्ये रु. ४४ करोड ऋण लगानी भइसकेको,
- शहरी पूर्वाधार विकास आयोजनाहरुको लागि आयमूलक, सामाजिक पूर्वाधार तथा आर्थिक विकासका पूर्वाधारमा जम्मा रु. ६१ करोड मध्ये रु. ४५ करोड ९८ लाख ऋण लगानी भइसकेको,
- नेपाल सरकार मन्त्रीस्तरीय बैठकको मिति २०८०/०१/२६ मा कोषको कार्यक्षेत्र विस्तृतीकरण र पूँजी पुनर्संरचनासम्बन्धी रणनीति पत्र, २०८० स्वीकृत भएको,
- काठमाण्डौं उपत्यकामा सार्वजनिक यातायात प्रणालीको रूपान्तरणकारी आयोजना विद्युतीय बस (Electrical Bus Rapid Transit) सञ्चालन गर्नेगरी अवधारणापत्र शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालयमा छलफल गरी अर्थ मन्त्रालय मार्फत हरित जलवायु कोषमा पेश भएको,
- दातृ संस्था ए.डि.बी.को सहयोगमा सञ्चालन हुने Urban Resilience and Livelihood Improvement Project (URLIP) आयोजना कोष समेतको सहभागितामा सञ्चालन हुने गरी नेपाल सरकार र एडिबीबीच सम्झौताको अन्तिम चरणमा रहेको।

**ज) काठमाडौं उपत्यका विकास प्राधिकरण**

- काठमाडौं उपत्यकाको वृहत्तर गुरुयोजनाको Sectoral Situation Review प्रतिवेदन तयार भएको क्ष
- काठमाडौं उपत्यकाका विभिन्न शहरी सडक विस्तार, सुधार तथा स्तरोन्नती गर्ने कार्य अन्तर्गत १२ कि.मि. (ललितपुरमा ३.५ कि.मि., भक्तपुरमा ३.५ कि.मि. तथा काठमाडौंमा ४ कि.मि.) शहरी सडक विस्तार कार्यसम्पन्न भएको। हालसम्म २२ कि.मि धोबीखोला कोरिडोर समेत गरी समग्रमा ६१२ कि.मि सडक स्तरोन्नति कार्यसम्पन्न,
- काठमाडौं उपत्यका भित्रका सार्वजनिक जग्गा संरक्षण तथा विपद् व्यवस्थापन अन्तर्गत नमूना पार्क निर्माण कार्य अन्तर्गत विभिन्न स्थानमा १२ वटा पार्क निर्माण तथा सार्वजनिक जग्गा संरक्षण कार्यसम्पन्न भएको,

- काठमाडौं उपत्यकाको स्याटेलाईट शहरहरू र नँया शहर इशानकोण एक लाख रोपनी क्षेत्रफलको डि.पी.आर स्वीकृतीका लागि मन्त्रीपरिषद्मा पेश भएको र बाँकी ३ वटा नयाँ शहर (हरित, टोखा, नैरत्य, ललितपुर, आग्नेय, भक्तपुर) १० हजार रोपनी क्षेत्रफलका योजनाहरुका डि.पी.आर भौतिक विकास समितिमा पेश भएको।

## ७. आर्थिक वर्ष २०७९/८० को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालुतर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | ९०६९९ | ७३१०६ | ८०.६ |
| ३४७०००१२३ | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | २३६०० | १४२४९ | ६०.३८ |
| ३४७००१०१३ | बागमती सुधार आयोजना | १२९६०९ | १००४२५ | ७७.४८ |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण विभाग | १५०२४७८ | ११२०३७५ | ७४.५७ |
| ३४७०१०१२३ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | १८८२०० | १७३२५४ | ९२.०६ |
| ३४७०१०१३३ | सङ्घीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | २१७६१९ | १५८७१२ | ७२.९३ |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | ३९३१८ | २६८४९ | ६८.२९ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १०० | ७६ | ७६.०७ |
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ७७८६२ | ५६२८७ | ७२.२९ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ८६८३४ | ५७१११ | ६५.७७ |
| ३४७०११०७३ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | १५७७ | १३९२ | ८८.२७ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २९५०० | १८४६९ | ६२.६१ |
| ३४७०१११०३ | नयाँ शहर आयोजना | १२९५७९ | १०१८३८ | ७८.५९ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ३५७५७९ | १३८७२६ | ३८.८ |
| ३४७०१११४३ | वस्ती विकास कार्यक्रम | ० | ० | |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | १८५२८ | १७५१५ | ९४.५३ |
| ३४७०१११८३ | शहरी कोरिडोर आयोजना | २४८३० | १२२३३ | ४९.२७ |
| ३४७०१११९३ | शहरी विकास आयोजना | ० | ० | |
| ३४७०२०११३ | स्थानीय पूर्वाधार विभाग | १९६४३५ | १०४९७१ | ५३.४४ |
| ३४७०२१०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ८८१७५ | ६७६६५ | ७६.७४ |
| ३४७०२१०३३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | २२९४४ | २१२०८ | ९२.४३ |
| ३४७०२१०४३ | ग्रामीण पहुँच कार्यक्रम | ३००० | १९३२ | ६४.४ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०२१०५३ | स्थानीयस्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना | १९०० | १३७२ | ७२.२१ |
| ३४७०२१०६३ | साना सिंचाई कार्यक्रम | २५२०० | १९०७ | ७.५७ |
| ३४७०२१०७३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ३३२० | २६४९ | ७९.७९ |
| ३४७०२१०८३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना-ए.एफ. | ० | ० | |
| ३४७०२१०९३ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | ० | ० | |
| ३४७०२११०३ | उच्च पहाडी एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम | २०५१९९ | ३४२३ | १.६७ |
| ३४७०२१११३ | कर्णाली समृद्धि कार्यक्रम | ० | ० | |
| ३४७०२११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | २४९६२ | १००४८ | ४०.२५ |
| ३४७५११०१३ | नगर विकास कोष | ५५००१ | ४३००० | ७८.१८ |
| ३४७७११०१३ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १०३६८१ | ८२७५५ | ७९.८२ |
| ३४७७११०२३ | धोबीखोला कोरिडोर सुधार आयोजना | ५७१९ | ३९६३ | ६९.३ |
| | **जम्मा** | **३६५३४४९** | **२४१५५१०** | **६६.१२** |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | १५२०० | ३७४८ | २४.६५ |
| ३४७०००१२४ | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | ३९१०० | १६४१५ | ४१.९८ |
| ३४७००१०१४ | बागमती सुधार आयोजना | २५७७२०० | १९२४५१९ | ७४.६७ |
| ३४७०१०११४ | शहरी विकास तथा भवन निर्माण विभाग | ७९७३१०० | ४००३५०६ | ५०.२१ |
| ३४७०१०१२४ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ४५०००० | ४३६५३७ | ९७.०१ |
| ३४७०१०१३४ | सङ्घीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | १५१३०० | १४३८०८ | ९५.०५ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | ७५००० | २९९०५ | ३९.८७ |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १४२८६५ | ८४३४२ | ५९.०४ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | १२०४२७६५ | ८१३४२३५ | ६७.५४ |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २९२२०६७ | १४५६४४७ | ४९.८४ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११०७४ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ९७०० | ६९८३ | ७१.९९ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २१४००० | १०४४२६ | ४८.८ |
| ३४७०१११०४ | नयाँ शहर आयोजना | ३१४४८५० | २०९४५८० | ६६.६ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २७०७४६२ | १३६२३४८ | ५०.३२ |
| ३४७०१११४४ | बस्ती विकास कार्यक्रम | ३८७७९०० | २११७०८६ | ५४.५९ |
| ३४७०१११७४ | विशेष भवन निर्माण आयोजना | २८५१५०० | १६९७९६२ | ५९.५५ |
| ३४७०१११८४ | शहरी कोरिडोर आयोजना | २९५९१ | ५४२९ | १८.३५ |
| ३४७०१११९४ | शहरी विकास आयोजना | ३३०००० | ० | ० |
| ३४७०२०११४ | स्थानीय पूर्वाधार विभाग | ६६४०३३ | ४५७९३३ | ६८.९६ |
| ३४७०२१०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ३३१५००८ | १५५५२०५ | ४६.९१ |
| ३४७०२१०३४ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ३६२३६०४ | २९९७२४८ | ८२.७१ |
| ३४७०२१०४४ | ग्रामीण पहुँच कार्यक्रम | ४१६००० | ० | ० |
| ३४७०२१०५४ | स्थानीयस्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ९३६८३४ | ६४१४७८ | ६८.४७ |
| ३४७०२१०६४ | साना सिंचाई कार्यक्रम | ११८९०० | ११८१०० | ९९.३३ |
| ३४७०२१०७४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १५७०६४६ | १३३८६०१ | ८५.२३ |
| ३४७०२१०८४ | ग्रमिण सडक सञ्जाल सुधार आयोजना-ए.एफ | २५१६०० | ० | ० |
| ३४७०२१०९४ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | ७६५००० | ० | ० |
| ३४७०२११०४ | उच्च पहाडी एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ९००० | ४०९ | ४.५५ |
| ३४७०२१११४ | कर्णाली समृद्धि कार्यक्रम | १००८४०० | ६५७३८६ | ६५.१९ |
| ३४७०२११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | २३१२९०० | ४४५८ | ०.१९ |
| ३४७५११०१४ | नगर विकास कोष | ० | ० | |
| ३४७७११०१४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १६८०००० | ११८३३८७ | ७०.४४ |
| ३४७७११०२४ | धोबीखोला कोरिडोर सुधार आयोजना | ९८००० | ३०२४३ | ३०.८६ |
| | **जम्मा** | **५६३२३५२५** | **३२६०६७२४** | **५७.८९** |

## ८. आर्थिक वर्ष २०८०/८१ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | १०७८०० | ४८२३२ | ४४.७४ |
| ३४७०००१२३ | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | ३१४१५ | १०६१३ | ३३.७८ |
| ३४७००१०१३ | बागमती सुधार आयोजना | १२८१०० | ६५६९७ | ५१.२९ |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण विभाग | १२९५५५० | ८८७९३१ | ६८.५४ |
| ३४७०१०१२३ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | १७३६४५ | ९१७१३ | ५२.८२ |
| ३४७०१०१३३ | सङ्घीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | २३६७०० | १२६५३१ | ५३.४६ |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | ४८१०० | ९६९४ | २०.१५ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १०० | ० | ० |
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ८५५०० | ३९९५८ | ४६.७३ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ९४२०० | ३१७०९ | ३३.६६ |
| ३४७०११०७३ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ४८०० | ११२९ | २३.५३ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २९७०० | १३९५३ | ४६.९८ |
| ३४७०१११०३ | नयाँ शहर आयोजना | १४५८०० | ७१८१७ | ४९.२६ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ११७३०० | २३६४० | २०.१५ |
| ३४७०१११४३ | बस्ती विकास कार्यक्रम | ० | ० | |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | २०१०० | १२८१० | ६३.७३ |
| ३४७०१११८३ | शहरी कोरिडोर आयोजना | ३०००० | ५७८५ | १९.२८ |
| ३४७०१११९३ | शहरी विकास आयोजना | ९९४१४० | ० | ० |
| ३४७०२०११३ | स्थानीय पूर्वाधार विभाग | २६६१०० | ११७६१३ | ४४.२ |
| ३४७०२१०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ९६१०० | ४७४१९ | ४९.३४ |
| ३४७०२१०३३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ३६९०० | २२९२६ | ६२.१३ |
| ३४७०२१०५३ | स्थानीयस्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | २७०० | १३५७ | ५०.२६ |
| ३४७०२१०६३ | साना सिंचाई कार्यक्रम | २३७०० | १४११ | ५.९५ |
| ३४७०२१०७३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४४०० | १४९५ | ३३.९८ |
| ३४७०२१०८३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना- | ७६०० | १०९५ | १४.४१ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | ए.एफ. | | | |
| ३४७०२११०३ | उच्च पहाडी एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम | २९५९०० | १८६१ | ०.६३ |
| ३४७०२१११३ | कर्णाली समृद्धि कार्यक्रम | ८७०० | ४२४५ | ४८.८ |
| ३४७०२११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | २०९०० | ८५७७ | ४१.०४ |
| ३४७०२११३३ | स्थानीय सडक पुल निर्माण | ० | ० | |
| ३४७०२११४३ | तराई मधेस सडक पूर्वाधार विकास कार्यक्रम | ० | ० | |
| ३४७०२११५३ | सडक पूर्वाधार विकास कार्यक्रम | ० | ० | |
| ३४७०२११६३ | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | ० | ० | |
| ३४७५११०१३ | नगर विकास कोष | १८६१०० | ७६२४५ | ४०.९७ |
| ३४७७११०१३ | काठमाण्डौ उपत्यका विकास प्राधिकरण | ११९५०० | ५२९०० | ४४.२७ |
| ३४७७११०२३ | धोबीखोला कोरिडोर सुधार आयोजना | ६४०० | २५४० | ३९.६९ |
| | जम्मा | ४६१७९४९ | १७८०८९६ | ३८.५६ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | ७१०० | ४०३ | ५.६८ |
| ३४७०००१२४ | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | ३३२०० | ६४७ | १.९५ |
| ३४७००१०१४ | बागमती सुधार आयोजना | २३७९४०० | २७६४२० | ११.६२ |
| ३४७०१०११४ | शहरी विकास तथा भवन निर्माण विभाग | ६१२६५०० | १७९९६५२ | २९.३७ |
| ३४७०१०१२४ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ३२६८०० | ९९४०१ | ३०.४२ |
| ३४७०१०१३४ | सङ्घीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | १७०९८५ | ५३९७८ | ३१.५७ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | ३७३१९० | ३३१५१ | ८.८८ |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १७४३०० | १७८६८ | १०.२५ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | ८०४०९३७ | ३१८४४९८ | ३९.६ |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | १७५९७४९ | ५०७७६५ | २८.८५ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११०७४ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ३९००० | १७२६४ | ४४.२७ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ३०१५०० | २७८२६ | ९.२३ |
| ३४७०१११०४ | नयाँ शहर आयोजना | २००४००० | ६३५८२७ | ३१.७३ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २०३५९०० | ७५४७२५ | ३७.०७ |
| ३४७०१११४४ | बस्ती विकास कार्यक्रम | ३१६२४९९ | ७५७९५० | २३.९७ |
| ३४७०१११७४ | विशेष भवन निर्माण आयोजना | २१३९२०० | ८३३५३१ | ३८.९६ |
| ३४७०१११८४ | शहरी कोरिडोर आयोजना | ३८३०० | १८२१ | ४.७५ |
| ३४७०१११९४ | शहरी विकास आयोजना | ६१३०० | ० | ० |
| ३४७०२०११४ | स्थानीय पूर्वाधार विभाग | १०११००० | १३२६५० | १३.१२ |
| ३४७०२१०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १२६०८०० | ३३८८७३ | २६.८८ |
| ३४७०२१०३४ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | २८१३९०० | ११३५१८२ | ४०.३४ |
| ३४७०२१०५४ | स्थानीयस्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | १०३०६०० | ९३५४३ | ९.०८ |
| ३४७०२१०६४ | साना सिँचाइ कार्यक्रम | १११३०० | ० | ० |
| ३४७०२१०७४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ५८०५०० | ० | ० |
| ३४७०२१०८४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना- ए.एफ. | २६४६०० | ० | ० |
| ३४७०२११०४ | उच्च पहाडी एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ६००० | ० | ० |
| ३४७०२१११४ | कर्णाली समृद्धि कार्यक्रम | ८६८५०० | १९४४५१ | २२.३९ |
| ३४७०२११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | १२८८०० | ८८ | ०.०७ |
| ३४७०२११३४ | स्थानीय सडक पुल निर्माण | ५१७९०० | ३३०३ | ०.६४ |
| ३४७०२११४४ | तराई मधेश सडक पूर्वाधार विकास कार्यक्रम | २४१००० | २२७७४ | ९.४५ |
| ३४७०२११५४ | सडक पूर्वाधार विकास कार्यक्रम | १७८९९४० | ११८५५८ | ६.६२ |
| ३४७०२११६४ | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | ७१५९६० | १९१०३ | २.६७ |
| ३४७५११०१४ | नगर विकास कोष | ० | ० | |
| ३४७७११०१४ | काठमाडौं उपत्यका विकास | १२३०६०० | ५३४०६८ | ४३.४ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | प्राधिकरण | | | |
| ३४७७११०२४ | धोबीखोला कोरिडोर सुधार आयोजना | ९४४०० | २५४३ | २.६९ |
| | जम्मा | ४१८३९६६० | ११५९७८६३ | २७.७२ |

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने मौलिक हकको व्यवस्था गरेको छ। देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्त्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। यसै सन्दर्भमा लोककल्याणकारी राज्यको अवधारणाअनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलक क्षेत्रबाट क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ। स्वास्थ्य क्षेत्रमा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमको परिणामस्वरूप मातृ मृत्यु अनुपात १५१ प्रतिलाख जीवित जन्म, नवजात शिशु मृत्युदर २१ प्रति हजार जीवित जन्म, पाँच वर्ष मुनिका बाल मृत्युदर ३३ प्रतिहजार जीवित जन्ममा झरेको र जन्म हुँदाको औसत आयु ७१.२ वर्ष पुगेको छ।

दिगो विकास लक्ष्यलाई विकास योजनामा आन्तरिकीकरण गर्ने क्रममा पन्ध्रौं योजनाका नतिजा सूचकका रुपमा दिगो विकास लक्ष्य सूचकलाई लिएको छ। नागरिकलाई स्वस्थ्य बनाउन आधुनिक, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा, स्वास्थ्य सुशासन र अनुसन्धान, विश्वभरिमा महामारी सङ्कटको रूपमा फैलिएको कोभिड-१९ जस्ता रोगहरूको पहिचान तथा नियन्त्रणको लागि निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम मार्फत गुणस्तरीय, समतामूलक र न्यायोचित स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराउन आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमबीच तादाम्यता कायम गरिएको छ।

### १.२ दीर्घकालीन सोचः

- स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक (स्वास्थ्य तथा पोषण)
- उत्पादनशील जनसाङ्ख्यिक स्रोत (जनसङ्ख्या तथा बसाइँसराइ)

### १.३ उद्देश्यः

- संघ, प्रदेश र स्थानीय तहमा सबै किसिमका स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्ने,
- सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको लागि सरकारको उत्तरदायित्व र प्रभावकारी नियमन अभिवृद्धि गर्दै नाफामूलक स्वास्थ्य क्षेत्रलाई सेवामूलक क्षेत्रको रूपमा क्रमशः रूपान्तरण गर्ने,

- बहुक्षेत्रीय समन्वय तथा साझेदारीसहित स्वास्थ सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउँदै स्वस्थ्य जीवनशैली प्रवर्द्धन गर्ने,
- सबै नागरिकलाई स्वास्थ्य, सबल र सक्रिय बनाई औषत आयुमा वृद्धि गर्ने,
- बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन र जनसाङ्ख्यिक लाभांशको सदुपयोग गर्ने,
- जनसङ्ख्यासम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्ने।

## १.४ रणनीतिः

### स्वास्थ्य तथा पोषण

- प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (Palliative Care) लगायतका आधारभूतदेखि विशिष्टिकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पँहुच सुनिश्चित गर्ने,
- आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरूको योजनावद्ध विकास र विस्तार गर्ने,
- जीवनपथको अवधारणाअनुरूप सबै उमेर समूहका नागरिकहरूको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार तथा विस्तार गर्ने,
- जनसङ्ख्याको वितरण, भौगोलिक अवस्थिति एवं आवश्यकताको आधारमा संघ, प्रदेश र स्थानीय तहमा अस्पताल र स्वास्थ्य संस्थाहरू तथा सीप-मिश्रित सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने दक्ष जनशक्तिको विकास तथा विस्तार गर्ने,
- स्वास्थ्यमा राष्ट्रिय लगानी वृद्धि गर्दै दिगो स्वास्थ्य वित्तीय प्रणालीको विकास गर्ने,
- स्वास्थ्य सेवामा सरकारको नेतृत्वदायी भूमिका सुनिश्चित गर्दै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई व्यवस्थापन तथा नियमन गर्ने,
- नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरुका साथै औषधि तथा औषधिजन्य सामाग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने।
- सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा जनस्वास्थ्य विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक स्वास्थ्य प्रणालीसहितको एकीकृत उपाय अवलम्बन गर्ने,
- स्वास्थ्य सूचना प्रणालीलाई थप व्यवस्थित, एकीकृत र प्रविधि मैत्री बनाउँदै सबै तहको स्वास्थ्य सूचनाको मागलाई यथोचित सम्बोधन गरी अनुगमन, मूल्याङ्कन, समीक्षा, नीति निर्माण तथा निर्णय प्रकियामा तथ्याङ्कको प्रयोग बढाउने,
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यक्षेत्रलाई समयानुकूल परिमार्जन गर्दै प्रदेशस्तरसम्म विकास र विस्तार गर्ने,
- आप्रवास प्रक्रियाबाट जनस्वास्थ्यमा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्था मिलाउने,

- बहुक्षेत्रीय पोषण योजनाको समन्वय र साझेदारी मार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- बहुक्षेत्रीय समन्वय मार्फत सबै नीतिमा स्वास्थ्यलाई समावेश गर्ने।

**जनसङ्ख्या तथा बसाइँसराइ**

- किशोरकिशोरी तथा युवाहरूको सुरक्षित यौन तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमूखी कार्यक्रमको रूपमा विकास गर्ने,
- जनसाङ्ख्यिक लाभांश सदुपयोग गर्न ज्ञान र सीपमा आधारित रोजगारीका अवसरहरू सिर्जना गर्ने,
- अधिकारमा आधारित लैंगिक समानता र समावेशीकरणको माध्यमबाट जनसङ्ख्या र विकासमा मूलप्रवाहीकरण गर्ने नीति लिंदै विद्यमान कानून तथा संस्थागत व्यवस्थामा सुधार गर्ने,
- ग्रामीण तथा दुर्गम क्षेत्रमा एकीकृत बस्ती विकासको माध्यमबाट आन्तरिक बसाइँसराइ र शहरीकरणलाई व्यवस्थित गर्ने,
- जनसङ्ख्या तथा बसाइँसराइसम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, प्रक्षेपण, विश्लेषण गरी जनसङ्ख्या सूचनालाई व्यवस्थित गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ | १०७ | ८७ | २० | |
| २ | स्वास्थ्य सेवा विभाग, टेकु | १२१ | १०१ | २० | |
| ३ | आयुर्वेद चिकित्सालय, नरदेवी | ९९ | ४१ | ५८ | |
| ४ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, टेकु | ३१ | २२ | ९ | |
| ५ | औषधि व्यवस्था विभाग, बिजुलीबजार | ४९ | ३८ | ११ | |
| ६ | औषधि व्यवस्था विभाग शाखा कार्यालय, नेपालगञ्ज | ८ | ६ | २ | |
| ७ | औषधि व्यवस्था विभाग शाखा कार्यालय, वीरगञ्ज | ९ | ४ | ५ | |
| ८ | औषधि व्यवस्था विभाग शाखा कार्यालय, वीराटनगर | ९ | ३ | ६ | |
| ९ | कान्ति बाल अस्पताल, महाराजगञ्ज | २६४ | १८३ | ८१ | |
| १० | किटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र, हेटौंडा | २३ | १० | १३ | |
| ११ | कोशी अस्पताल, विराटनगर | २४९ | १२३ | १२६ | |
| १२ | गजेन्द्रनारायण सिंह अस्पताल, राजविराज | १०१ | २० | ८१ | |

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १३ | चि.वि.रा.प्र. वीर अस्पताल नर्सिङ्ग क्याम्पस, काठमाडौं | २९ | २० | ९ | |
| १४ | चि.वि.रा.प्र. वीर अस्पताल, काठमाडौं | ६८७ | ३६३ | ३२४ | |
| १५ | चि.वि.रा.प्र. राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं | २६२ | २४२ | २० | |
| १६ | डडेलधुरा अस्पताल, डडेलधुरा | १०९ | ५२ | ५७ | |
| १७ | नारायणी अस्पताल, वीरगन्ज | १९१ | १०७ | ८४ | |
| १८ | परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली | ६८ | ५८ | १० | |
| १९ | पशुपति होमियोप्याथिक चिकित्सालय, ललितपुर | २० | १२ | ८ | |
| २० | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल अस्पताल, पोखरा | २६२ | २४४ | १८ | |
| २१ | भरतपुर अस्पताल, चितवन | १७५ | १७२ | ३ | |
| २२ | भेरी अस्पताल, नेपालगञ्ज | १४१ | ११३ | २८ | |
| २३ | मानसिक अस्पताल, ललितपुर | ७४ | ४७ | २७ | |
| २४ | राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु | १५ | १५ | ० | |
| २५ | राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजार | ४० | २१ | १९ | |
| २६ | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, भक्तपुर | ३३ | १७ | १६ | |
| २७ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु | ६४ | ४२ | २२ | |
| २८ | राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र, टेकु | १८ | १८ | ० | |
| २९ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, टेकु | १६ | १६ | ० | |
| ३० | शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल, टेकु | १६७ | ११८ | ४९ | |
| ३१ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (पुल दरबन्दी) | ८३१ | ५११ | ३२० | |
| | **जम्मा** | ४२७२ | २८२६ | १४४६ | |

**३. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०८० चैत मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४७ | सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले दिएका सुझावहरूलाई क्रमशः कार्यान्वयन गरिनेछ। सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा | • किटजन्य रोग अनुसन्धान तथा तालीम विकास समिति खारेज गरी स्वास्थ्य सेवा विभाग अन्तर्गत रहने गरी सुझाव पेश गर्न समिति गठन गरेको, अर्थ मन्त्रालयको सहमति प्राप्त भए पश्चात् मन्त्रिपरिषद्मा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आवश्यक नरहेका २० वटा संस्थाहरू खारेज गरिनेछ। उस्तै प्रकृतिका कार्यक्षेत्र रहेका निकायहरूलाई एक अर्कामा गाभिनेछ। क्षेत्राधिकारका आधारमा प्रदेश तथा स्थानीय तहबाट सञ्चालन र व्यवस्थापन हुन उपयुक्त हुने विभिन्न पर्यटन प्रवर्द्धन विकास समितिहरू तत् तत् तहमा हस्तान्तरण गरिनेछ। यसरी खारेज भएका निकायहरूको सम्पत्ति तथा दायित्व व्यवस्थापनको कार्य सम्बन्धित मन्त्रालयले मंसिर मसान्तभित्र सम्पन्न गर्नुपर्नेछ। | प्रस्ताव पेश गर्ने गरी तयारी अवस्थामा रहेको। |
| ५० | सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आर्थिक वर्ष नयाँ संरचना र दरबन्दी सिर्जना गरिने छैन। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाइनेछ। सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिनाभित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्नेछ। | • संगठन संरचनालाई पुनरावलोकन गर्न समिति गठन भई कार्य भइरहेको। |
| ५२ | सरकारी निकायमा रहेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका सामानहरु छ महिनाभित्र लिलाम गरिनेछ। | • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अन्तरगतका रहेका पुराना र प्रयोगविहिन सवारी साधन यस मन्त्रालयमा नरहेको केही मर्मत गरी सञ्चालनमा आउने सवारी साधनहरु विभागहरूलाई हस्तान्तरण गरिएको। |
| २२४ | गुणस्तरीय स्वास्थ्य उपचारः जनताको अधिकार भन्ने नाराका साथ आधारभूत | • स्वास्थ्य सेवाको पहुँचको लागि स्वास्थ्यका ५ वटा विभिन्न भवनहरूको निर्माण कार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइनेछ। विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाइनेछ। स्वास्थ्य शिक्षा र जनचेतनाको माध्यमबाट नागरिकको स्वस्थ जीवनशैली प्रवर्द्धन गरिनेछ। | सम्पन्न भएको र १३ वटा भवनहरु निर्माण कार्य भइरहेको। |
| २२५ | कोभिड-१९ लगायत सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचारलाई प्राथमिकतामा राखिएको। महामारी विरुद्ध जनचेतना अभिवृद्धि, स्वास्थ्य मापदण्डको परिपालना, खोप सेवाको सुनिश्चितता र उपचार सेवालाई समन्वयात्मक रुपमा कार्यान्वयन गर्न बजेटको व्यवस्था गरिएको। | • विभन्न संक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणको लागि रेडियो ३ वटा Public Service Announcement तयार गरी रेडियोबाट नियमित प्रशारण भएको। |
| २२६ | डेङ्गी रोग रोकथाम तथा नियन्त्रणका लागि पूर्व-मनसुन, मनसुन, र मनसुन पश्चात् "डेङ्गी रोग सार्ने लामखुट्टेको लार्भा र बासस्थान खोज र नष्ट गर अभियान" सञ्चालन गरिनेछ। डेङ्गी, औलो, कालाजार, हात्तीपाइले लगायतका अन्य मौसमी र किटजन्य रोगको रोकथाम गर्न आवश्यक रकम विनियोजन गरिएको। | • जनस्तरसम्म डेंगी रोग रोकथाम तथा नियन्त्रणको सचेतनाका लागि श्रीमान् महानिर्देशकज्यूको उपस्थितमा बहुनिकाय तथा बहुसहकार्य कार्यक्रम सम्पन्न भएको।<br>१२ जिल्लाका १२१ स्थानीय तहमा डेंगुको तयारी महामारी नियन्त्रण तथा पैरवी सम्पन्न गरिएको र बाँकी स्थानीय तहका लागि बजेटको अभाव रहेको बाहक (लामखुट्टे) को निश्चित ठाउँहरूमा नियमित एकीकृत निगरानी तथा प्रतिकार्य सर्भिलेन्स र हटस्पट नक्साङ्कन तथा पहिचान २ पटक गरिएको,<br>• बागमती, कोशी, लुम्बिनी, मधेश तथा काठमाडौंमा गरी पाँच चरणमा हालसम्म |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | प्रदेश तथा जिल्लास्तरका १५४ जना स्वास्थ्यकर्मीहरूलाई द्रुतकार्यसम्बन्धी तालीम प्रदान गरिएको। |
| २२७ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताललाई तीन सय शैयामा विस्तार गरिनेछ। पोखरा, सुर्खेत, डोटी र भरतपुरमा निर्माणाधीन प्रादेशिक सरुवा रोग अस्पताल आगामी वर्ष सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। सरुवा रोग अस्पताल निर्माण एवं विस्तारका लागि रु. ४६ करोड विनियोजन गरिएको। | • शुक्रराज ट्रपिकल अस्पताललाई ३०० शैय्यामा विस्तारको लागि लागत अनुमान स्वीकृत भई श्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा पठाइएको। |
